ने
का
प

२
०
७
३

म
ङ्
सि
र

अ
ङ्क

८

# नेपाल कानून पत्रिका

भाग - ५८ **२०७३ मङ्सिर** अङ्क - ८



प्रकाशक

## सर्वोच्च अदालत

**रामशाहपथ, काठमाडौं**

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ **Ext.**२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (विक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन | - सदस्य |
| अधिवक्ता श्री शैलेन्द्र दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

प्रकाशित सङ्ख्या : २५०० प्रति

नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

*नेकाप, २०७३... ... ... ... , नि.नं. ... , पृष्ठ ...*

*(साल)* *(महिना)*

**उदाहरणार्थ** : *नेकाप* २०७३, मङ्सिर, नि.नं.९६४६, पृष्ठ १४१९

सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

*सअ* बुलेटिन २०७३ ... ... ... १ वा २, पृष्ठ ...

*(साल)* *(महिना)*

**उदाहरणार्थ** : सअ बुलेटिन, २०७३, मङ्सिर – १, पृष्ठ १

नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन
अब हाम्रो वेभसाइटमा उपलब्ध छन्

ठेगाना

**www.supremecourt.gov.np**

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन**मा क्लिक गर्नुहोस् ।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढ्न र हाल निःशुल्क डाउनलोड गर्न सकिनेछ ।

नेपाल कानून आयोगको वेभसाइटमा संविधानसमेत हालसम्म प्रकाशित अधिकांश ऐन र नियमावलीहरू नेपाली तथा अङ्ग्रेजीमा र १९१० सालको मुलुकी ऐन, न्याय विकासिनी एवम् विभिन्न ऐतिहासिक दस्तावेजहरू निःशुल्क पढ्न र डाउनलोड गर्न सकिनेछ ।

ठेगाना

**www.lawcommission.gov.np**

मूल्य रू.३०।-

मुद्रक : सर्वोच्च अदालत छापाखाना

# विषय सूची



| क्र. स. | नि.नं./इजलास/ विवरण | पक्ष / विपक्ष | विषयको सारसङ्क्षेप | पृष्ठ |
|---|---|---|---|---|
| १. | ९६४६<br>पूर्ण<br>उत्प्रेषण | शोभनदेव पन्त<br>विरूद्ध<br>संगिता त्रिपाठी | ▪ जमानीको सिद्धान्तअनुसार मुख्य कारणीले तिर्नुपर्ने ऋण निजबाट असुलउपर नभएमा वा बहन गर्नुपर्ने दायित्व निजले पूरा गर्न नसकेमा जमानतकर्ताले कबुल गरेको रकम निजले लेखिदिएको सुरक्षणबाट असुलउपर गरी दायित्व बहन गराइन्छ । यसरी जमानतकर्ताको दायित्व असीमित हुने नभई जमानी बसेको अंकसम्म सीमित हुने हुन्छ । जमानीको दायित्व निजले कबुल गरेको रकमको हदसम्म मात्र सीमित हुने हुँदा जमानीकर्ताले आफूले कबुल गरेको रकम तिरे बुझाएमा सोबापत निजले सुरक्षणको रूपमा दिएको धितो फरफारक हुन सक्दैन भन्न मिल्दैन । जमानतसम्बन्धी करारअनुसार जमानीकर्ताको दायित्व पालना गराउने सन्दर्भमा जमानतको दायित्व पूरा गर्ने जानकारीको सूचनासहितको उचित मौका जमानकर्तालाई प्रदान गर्नुपर्ने हुन आउने । | १४१९ |
| २. | ९६४७<br>पूर्ण<br>अंश चलन | हेरामाया भन्ने माया महर्जनसमेत<br>विरूद्ध<br>उत्तमदेवी महर्जनसमेत | ▪ लिखत बदर मुद्दाको रोहमा दाबी खारेज भई प्रतिवादीले गरेको बिक्रीव्यवहार सदर ठहर भइसकेपछि सो सम्पत्तिको मूल्यबाट आएको नगद रकमबाट अंश दिलाई पाउँ भन्ने दाबी आफैँमा विरोधाभाषपूर्ण देखिई | १४३३ |

| | | | | |
|---|---|---|---|---|
| | | | कानूनसङ्गत देखिन आएन । जुन जग्गाको विषयमा प्रतिवादीहरूबाट पूर्वदाबी गरिएको हो सो दाबी नै खारेज भएको अवस्थामा सो जग्गा बिक्री गरी प्राप्त भएको रकमसमेत बन्डा हुनुपर्छ भनी पुनः अंश मुद्दाको रोहबाट प्रतिवादीहरूले लिएको दाबी पनि मनासिब देखिन नआउने । | |
| ३. | ९६४८<br>संयुक्त<br>उत्प्रेषण | किरण खेतान<br>विरूद्ध<br>नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालय, रत्नपार्कसमेत | ▪ कानूनले अन्य नियमित साधारण उपचार व्यवस्था गरेको तथा सामान्य नियमित उपचार अवलम्बन गर्नुपर्ने कुरा र अवस्थामा असाधारण क्षेत्रबाट उपचार खोज्नु तथा अवलम्बन गर्नु मनासिब र उपयुक्त हुँदैन । अन्य सामान्य तथा नियमित कानूनी उपचारको मार्ग नरहेको वा नभएको भन्ने नदेखिएको अवस्थामा रिट जारी हुन सक्ने अवस्था हुँदैन। | १४४२ |
| ४. | ९६४९<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | विष्णुप्रसाद पौडेलसमेत<br>विरूद्ध<br>नेपाल विद्युत् प्राधिकरण, केन्द्रीय कार्यालय, रत्नपार्कसमेत | ▪ प्रत्येक उपभोक्तालाई गुणस्तरीय सेवा प्राप्त गर्ने हक छ । राज्यले नागरिकलाई गुणस्तरीय सेवा उपलब्ध गराउनु उसको कर्तव्य हो । आधारभूत सेवामा सबै नागरिकको पहुँच सुनिश्चित हुनुपर्दछ । प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउनु उसको मौलिक अधिकार हो । सम्मानपूर्वक जिउन र बाँच्नका लागि न्यूनतम सुविधाहरू प्राप्त हुनुपर्दछ। नेपाल विद्युत् प्राधिकरण कानूनबमोजिम गठित राज्यको एक मात्र त्यस्तो संस्था हो जसले सर्वसाधारण जनतामा विद्युत् | १४४७ |

| | | | | |
|---|---|---|---|---|
| | | | लाइन उपलब्ध गराई आफ्नो सेवा विस्तार गर्ने कार्य गर्छ । सार्वजनिक निकायबाट प्रदान गरिने सेवा प्राप्त गर्ने अधिकारबाट नागरिकलाई वञ्चित गर्नु न्यायोचित नहुने । | |
| ५. | ९६५० संयुक्त उत्प्रेषण / परमादेश | अच्युतप्रसाद पौडेलसमेत विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गालसमेत | ▪ न्यायिक निकायबाट भएको फैसला वा प्रशासनिक निकायले अर्द्धन्यायिक क्षेत्राधिकार प्रयोग गरेर गरेको निर्णयउपर पुनरावेदन लाग्ने व्यवस्था कानूनमा नै उल्लेख भएको छ । त्यस्ता निकायहरूको फैसला वा निर्णयमा भएको त्रूटि सच्याउन वा सोको परीक्षण कानूनबमोजिम पुनरावेदन लाग्ने निकायबाट मात्र हुने देखिन्छ । यदि त्यस्तो निर्णयउपर पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्तो एउटा विशेष उद्देश्यमा केन्द्रित भएर गठन भएको संवैधानिक निकायको क्षेत्राधिकार आकर्षित हुने अर्थ लगाइयो भने यो कानूनको शासनको मूल्य मान्यताविपरीत भई न्यायिक स्वतन्त्रता नै कुन्ठित हुने अवस्था सिर्जना हुन जाने । | १४५४ |
| ६. | ९६५१ संयुक्त उत्प्रेषण / परमादेश | इन्द्रप्रसाद वाग्ले विरूद्ध गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ▪ नागरिकता जारी गर्ने विधि र प्रक्रिया कानूनबाट निर्धारण गरिने विषय हो । नागरिकता प्राप्त गर्नका लागि नियम कानूनले तय गरेको प्रक्रिया पुगेको देखिएमा सम्बन्धित अधिकारीले नागरिकता प्रदान गर्ने हो । के कसरी र कुन व्यहोराबाट के कस्ता प्रक्रिया र सिफारिसका आधारमा नागरिकताको | १४६५ |

| | | | | |
|---|---|---|---|---|
| | | | प्राप्ति भएको हो भन्ने विषय प्रस्तुत रिट निवेदनबाट टुङ्गो लगाउने वा त्यस्ता कागजहरूको सत्यता पहिचान गरी विवाद निरूपण गर्ने कार्य यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत समाहित हुने विषय हुन नहुने । | |
| ७. | ९६५२<br><br>संयुक्त<br><br>अंश चलन | सुमनकुमार प्रधानसमेत<br>विरूद्ध<br>सुरेन्द्रकुमार प्रधानसमेत | ▪ वस्तुतः बन्डा लाग्ने सम्पत्ति हो भनी जिकिर लिने व्यक्तिले त्यस्तो सम्पत्ति के कसरी प्राप्त गरेको हो, सो सम्पत्ति सगोलकै आय आर्जनबाट खरिद गरेको वा एकासगोलको खति उपतिबाट जोडेको हो भनी तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि हुनु आवश्यक हुन्छ । आफ्नो सिप र प्रयासबाट निजी तवरमा प्राप्त गरेको कुनै सम्पत्ति प्राप्त गर्नेको निजी नै मान्नुपर्ने हुँदा सोतर्फको वादी प्रतिवादीहरूको पुनरावेदन जिकिर मनासिब भएको भन्न मिल्ने नदेखिने । | १४७६ |
| ८. | ९६५३<br><br>संयुक्त<br><br>भवन र सडक निर्माणमा गरेको भ्रष्टाचार | नेपाल सरकार<br>विरूद्ध<br>विष्णुप्रसाद शर्मासमेत | ▪ प्रतिवादीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को समेत दाबी लिएको देखियो । उक्त दफा ११ हेर्दा सरकारी निकाय वा सार्वजनिक संस्थाको कागजातमा अनाधिकार वा गैरकानूनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गर्नेलाई सजाय हुने व्यवस्था गरेको देखिन्छ । कुनै पनि व्यक्तिले सरकारी निकाय वा सार्वजनिक संस्थामा रहेको कागजातमा गैरकानूनीरूपमा सच्याउने, केरमेट गर्ने, | १४८३ |

| | | | | |
|---|---|---|---|---|
| | | | थपघट गर्ने वा हेरफेर गरी किर्ते गरेको अवस्थामा मात्र दफा ११ बमोजिमको उपर्युक्त कानूनी व्यवस्था आकर्षित हुने हो । यी प्रतिवादी राजविन्द्र प्रताप सापकोटाले सरकारी निकाय वा सार्वजनिक संस्थामा रहेको कागजातमा उक्त दफा ११ मा उल्लेख भएबमोजिमको काम गरेको नभई छुट्टै किर्ते कागजातहरू तयार गरेको देखिएकोले उक्त दफा ११ यी प्रतिवादीका हकमा आकर्षित हुने नदेखिने। | |
| ९. | ९६५४<br><br>संयुक्त<br><br>सेवा प्रवेशका लागि झुठा शिक्षक अनुमतिपत्र पेस गरी भ्रष्टाचार गरेको | संजीवकुमार राय<br>विरूद्ध<br>नेपाल सरकार | ▪ कसैले झुट्टा अध्यापन अनुमतिपत्र पेस गरी लाभ हासिल गरिसकेपछि आफूबाट भएको गलत कार्य सार्वजनिक भएको कारणले सजायबाट बच्ने उद्देश्यले पहिला लाभ लिइसकेको पदलाई परित्याग गर्दैमा उसले पहिले गरेको गैरकानूनी कार्यको कसुरबाट उन्मुक्ति पाउन सक्दैन । झुट्टा अध्यापन अनुमतिपत्रका आधारमा नियुक्ति लिई लाभसमेत प्राप्त गरी कसुरबाट उम्कने उद्देश्यले पछि राजीनामा गरे पनि पहिले गरेको कसुरको दायित्व रही नै रहने | १५१७ |
| १०. | ९६५५<br><br>संयुक्त<br><br>कर्तव्य ज्यान | खड्कमान रानामगर<br>विरूद्ध<br>नेपाल सरकार | ▪ न्यायकर्ताले इन्साफको रोहमा हेर्दा सबुत प्रमाणबाट दोषी देखिएको व्यक्तिलाई कानूनबमोजिमको सजाय गर्दा सजाय चर्को पर्ने चित्तले देखेको अवस्थामा शुद्ध विवेक (Conscience) प्रयोग गर्न दिएको कानूनसम्मत अवस्था हो । कानूनको यो सुविधा मुद्दाका पक्षले माग गरेको | १५२३ |

| | | | | |
|---|---|---|---|---|
| | | | आधारमा दिने र माग नगरेको अवस्थामा नदिने भन्ने हुँदैन । कानूनले न्यायकर्तालाई गरेको यस प्रकारको विश्वासलाई सावधानीका साथ प्रयोग गर्नुपर्दछ । विवेक प्रयोग गर्ने प्रयाप्त आधार हुनुपर्छ । आधारबिना गरिएको विवेकले न्यायिक अराजकता ल्याउन सक्ने । | |
| ११. | ९६५६<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | मैया रञ्जितकार विरूद्ध पुनरावेदन अदालत, पाटनसमेत | ▪ अ.बं.१७ नं. को रोहमा पुनरावेदन अदालतले गरेको आदेश परिवर्तन गर्ने अधिकारक्षेत्र माथिल्लो अदालतले सैद्धान्तिक विचलन वा कानूनको घोर उल्लङ्घन भएको अवस्थामा बाहेक प्रयोग गर्नु उपयुक्त हुँदैन । वस्तुत: मातहत अदालतमा परेका मुद्दाको काम कारवाहीमा म्याद नाघेको वा बेरीत भएको वा कार्यविधि कानूनको त्रुटि गरी आदेश गरेको स्पष्ट देखिएमा अदालतले बदर गर्नसक्ने हो । न्यायिक मनको प्रयोग गरी गरेको आदेश बदर गर्दा कार्यान्वयनयोग्य फैसलामा पर्ने प्रभावलाई पनि अदालतले सदैव ध्यान राख्नु पर्ने हुन्छ । अदालतको अन्तिम फैसला कुनै पनि हालतमा कार्यान्वित हुनपर्दछ भन्ने कुरामा विवाद हुन नसक्ने । | १५२९ |
| १२. | ९६५७<br>संयुक्त<br>अदालतको अवहेलना | अधिवक्ता प्रकाशमणि शर्मासमेत विरूद्ध नेपाल सरकार | ▪ अदालतको अवहेलनाको विषय अदालत आफ्नो गरिमा तथा सम्मानलाई उँचो बनाउँदै नागरिकहरूको मौलिक अधिकार, मानवअधिकार कानूनको शासन, नागरिक स्वतन्त्रताको संरक्षण गर्न न्यायपालिकालाई सक्षम बनाउने महत्त्वपूर्ण कडी पनि हो । न्यायिक | १५३७ |

| | | | | |
|---|---|---|---|---|
| | | | गतिशीलता र न्यायिक सक्षमताका लागिसमेत यो अपरिहार्य हुन्छ । स्वभावैले अदालतको आदेश कुनै व्यक्ति वा निकायलाई दुष्पाच्य हुन सक्दछ । यद्यपी न्यायिक स्वतन्त्रता र सक्षमताका लागि यो अपरिहार्य हुन्छ । अदालतले कुनै व्यक्ति वा निकायको कार्यले यो असर पर्‍यो वा पर्न सक्छ भन्ने अनुमानका आधारमा यदि अवहेलनाजन्य कार्य कसैबाट हुन्छ भने दण्डित गर्ने कार्यबाट अदालत पन्छिन नसक्ने । | |
| १३. | ९६५८<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | अधिवक्ता श्रीकृष्ण सुवेदीसमेत<br>विरूद्ध<br>नेपाल सरकार | ▪ स्वास्थ्यसम्बन्धी हक व्यक्तिका जीवनलगायतका अनेकौं हकहरूको प्रचलनसँग पनि सम्बन्धित हुन्छ । यसले अन्य मौलिक हकहरूमा असर र प्रभावसमेत पार्दछ । यस क्रममा राज्यले विधायिकी अधिकारको प्रयोग गरी कानूनको निर्माण, कार्यान्वयन तथा आवश्यक नियम बनाई सोको कार्यान्वयन भए नभएको सम्बन्धमा सरकारी संयन्त्रमार्फत प्रभावकारी नियमन गर्नु राज्यको कर्तव्य हुन आउने । | १५५५ |
| १४. | ९६५९<br>संयुक्त<br>कर्तव्य ज्यान | प्रेम ढकाल कामी<br>विरूद्ध<br>नेपाल सरकार | ▪ भवितव्यलाई आकस्मिक घटना वा दुर्घटनाको रूपमा लिइन्छ । यसलाई दुर्घटनाको रूपमा लिइने हुँदा भवितव्य हुनलाई घट्न पुगेको घटना घटाउनेसम्मको कुनै कारण तथा रिसइवी नभएको देखिनु पर्ने, आफूले गरेको कामबाट कुनै दुष्परिणाम आउन सक्ने अवस्था तथा सम्भावना नरहेको देखिनु | १५६३ |

| | | | | |
|---|---|---|---|---|
| | | | पर्ने, त्यस्तो दुष्परिणामको ईच्छा तथा पूर्वज्ञानसमेत नभएको हुनुपर्ने साथै वैध काम वैध साधनको प्रयोग गरी प्रयाप्त सावधानी अपनाई गरेको पनि पुष्टि हुनुपर्दछ। उल्लिखित यी अवस्थाहरू एक अर्काको विकल्पको रूपमा रहेको नभई यी सबै अवस्थाहरूको संयोजन रहे भएको हुनुपर्दछ । यीमध्ये कुनै एउटाको अभाव भएमा त्यसलाई भवितव्य मान्न नसकिने। | |
| १५. | ९६६०<br>संयुक्त<br>उत्प्रेषण | दीपज्योति एजुकेसन फाउण्डेसन प्रा.लि.समेत<br>विरूद्ध<br>श्रम अदालत, अनामनगर, काठमाडौंसमेत | ▪ नागरिकलाई कानूनद्वारा प्रदान गरिएको हक हनन् भएको अवस्थामा सोको प्रचलनको लागि कानूनद्वारा नै हदम्यादको व्यवस्था गरिएको हुन्छ। हकमा असर पर्ने पक्षले आफ्नो हक स्थापित गराउन कानूनले निर्दिष्ट गरेको म्यादभित्र उपचार खोज्नु पर्ने हुन्छ । कानूनले तोकेको म्यादभित्र उपचारको लागि दाबी लिएन भने त्यस्तो हनन् भएको हक प्रचलन गर्ने हक समाप्त हुन्छ अर्थात् हदम्याद नाघी दायर भएको मुद्दामा अदालतबाट उपचार प्राप्त हुन नसक्ने। | १५७४ |
| १६. | ९६६१<br>संयुक्त<br>बन्दीप्रत्यक्षीकरण | तेन्जीङ शेर्पा<br>विरूद्ध<br>काठमाडौं जिल्ला अदालतसमेत | ▪ दण्ड सजायको ६१ नं. को व्यवस्था फैसला कार्यान्वयनको सिलसिलामा तहसिलदारको आदेशउपर न्यायाधीशसमक्ष उजुर गर्न सक्ने व्यवस्था हो। एउटा व्यक्तिको हकमा भएको फैसला अर्को व्यक्तिको हकमा कार्यान्वयन गरी व्यक्तिको स्वतन्त्रताको अतिक्रमण भएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको रिट | १५८० |

| | | | | |
|---|---|---|---|---|
| | | | निवेदन परेको अवस्था छ । यस्तो अवस्थामा सो दण्ड सजायको ६१ नं. को व्यवस्था प्रस्तुत रिट निवेदनको हकमा प्रासङ्गिक नै नदेखिने । | |
| १७. | ९६६२<br><br>संयुक्त<br><br>उत्प्रेषण / परमादेश | साँढे भन्ने कैलाशकुमार सिंह<br>विरूद्ध<br>कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत | ▪ फैसला कार्यान्वयन गर्ने अभिभारा र कर्तव्य भएका जिल्ला अदालतको आपसी समन्वयको अभाव र एउटै व्यक्तिका हकमा फरक फरक अदालतबाट दुईवटा कैदी पुर्जी जारी भएको अवस्थामा कानूनले निर्धारण गरेको सजायको ठूलो हद बीस वर्षभन्दा बढी कैदमा राख्न न्यायको रोहमा उपयुक्त देखिन आउँदैन । कानूनको शासनमा जस्तोसुकै अपराधीलाई पनि कानूनबमोजिम नै सजाय गर्ने र कानूनबमोजिम नै भएको कैद दण्ड जरिवाना असुल गर्नुपर्दछ । धेरै अपराध गरेको आधार र कारणबाट कानूनले तोकेको भन्दा बढी अवधि कैदमा रहने अवस्था सिर्जना हुनु न्यायोचित नहुने । | १५८६ |
| १८. | ९६६३<br><br>संयुक्त<br><br>उत्प्रेषण | अधिवक्ता सुषमा गौतमसमेत<br>विरूद्ध<br>श्री कार्यरथी विभाग, भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा, भद्रकालीसमेत | ▪ नागरिकहरूको हक र मानव अधिकारको संरक्षण गर्ने अभिभावक (**Gaurdian of the fundamental rights of the citizens**) भएकोले यो अदालत **CEDAW, ICCPR** तथा संविधानले महिलालाई दिएको हक अधिकारको बारेमा सचेत र सजग छ । तर महिलाको सशक्तिकरणको नाममा महिलाको जीवन र स्वतन्त्रता नै जोखिममा पार्ने कार्य | १५९५ |

| | | | | |
|---|---|---|---|---|
| | | | उपर्युक्त अन्तर्राष्ट्रिय दस्तावेजहरूको मनसाय होइन । सैनिक सेवाभित्र सबै कामहरू एकै प्रकृतिका नहुन सक्छन् । युद्धको समयमा अग्रीम मोर्चामा रही सैनिक कारवाहीमा सामेल हुने र अन्य व्यवस्थापकीय कार्यमा सघाउने कार्यमा पर्ने जोखिममा ठूलो अन्तर छ । यस जोखिमलाई विचार गरी उक्त जोखिमबाट सुरक्षा गर्नको लागि गरिएको यस व्यवस्थालाई महिलाविरूद्धको विभेद मान्न नमिल्ने । | |

यी सारसङ्क्षेप *ने.का.प.* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन् ।

– सम्पादक

## निर्णय नं. ९६४६

सर्वोच्च अदालत, पूर्ण इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
आदेश मिति : २०७२।०९।१६
०६७-NF-०००१

विषयः- उत्प्रेषण / परमादेश

पुनरावलोकन निवेदनकर्ता / विपक्षी : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १ दरबारमार्गस्थित कर्पोरेट कार्यालय रहेको लुम्बिनी बैंक लिमिटेडको अख्तियारप्राप्त प्रमुख कार्यकारी अधिकृत शोभनदेव पन्त

विरूद्ध

प्रत्यर्थी / निवेदक : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ५ बस्ने संगिता त्रिपाठी

- **जमानीको सिद्धान्तअनुसार मुख्य कारणीले तिर्नुपर्ने ऋण निजबाट असुलउपर नभएमा वा बहन गर्नुपर्ने दायित्व निजले पूरा गर्न नसकेमा जमानतकर्ताले कबुल गरेको रकम निजले लेखिदिएको सुरक्षणबाट असुलउपर गरी दायित्व बहन गराइन्छ । यसरी जमानतकर्ताको दायित्व असीमित हुने नभई जमानी बसेको अंकसम्म सीमित हुने हुन्छ । जमानीको दायित्व निजले कबुल गरेको रकमको हदसम्म मात्र सीमित हुने हुँदा जमानीकर्ताले आफूले कबुल गरेको रकम तिरे बुझाएमा सोबापत निजले सुरक्षणको रूपमा दिएको धितो फरफारक हुन सक्दैन भन्न मिल्दैन । जमानतसम्बन्धी करारअनुसार जमानीकर्ताको दायित्व पालना गराउने सन्दर्भमा जमानतको दायित्व पूरा गर्ने जानकारीको सूचनासहितको उचित मौका जमानकर्तालाई प्रदान गर्नुपर्ने हुन आउने ।**

(प्रकरण नं. ७)

- **बैंकले कानूनको अख्तियारी प्रयोग गरी लिलाम गर्दछ भने त्यो न्यायोचितरूपमा भएको देखिनुपर्छ । आफूले लिएको धितो अवमूल्यन गर्ने अनि आफैँ सकार गर्ने बैंक सञ्चालक समितिको कार्य स्वच्छ बैंकिङ अभ्यासभित्र पर्छ भन्न मिलेन । बैंकले धितो लिलाम सकार गरेपछि पनि आफूले सकारेको मूल्य तिरी जमानतकर्ताले तत्कालै आफ्नो सम्पत्ति फिर्ता लैजान चाहेमा सम्बन्धित धितोवालालाई सो अवसर दिनु न्यायोचित हुन्छ । धितो अवमूल्यन गर्ने अनि आफैँले छिटोछिटो सकार गर्ने प्रवृतिले ऋण असुल गर्नेभन्दा पनि धितोमा रहेको सम्पत्तिमा हस्तक्षेप गर्न खोजेको देखिन जान्छ । जसबाट बैंकले ऋणीप्रति गरेको व्यवहार न्यायोचित र स्वच्छ नभई शोषणजन्य हुन जाने हुन्छ । तसर्थ इजाजत प्राप्त संस्थाले प्रवाह गर्ने ऋण, लगानीकर्ता (investors), निक्षेपकर्ता (Depositors) समेतको रकममध्येबाटै हुने भएकाले त्यस्तो ऋणलाई डुब्न पनि दिनु हुँदैन र अनावश्यकरूपमा ऋणीलाई शोषणसमेत गर्न नहुने ।**

(प्रकरण नं. १२)

- **बैंकले घाटाको व्यापार गर्नुपर्छ भन्ने**

**होइन । तर बैंक र यसका ग्राहक ऋणीबीचको सम्बन्ध आ-आफ्नो हितको प्रतिस्पर्धा गर्ने नभई दुवैको हित र एकआपसको पारस्परिक र परिपूरक सहयोग गर्ने प्रकृतिको हुनुपर्छ । यस्तो सिद्धान्तबाट बैकिङ कारोबारहरू निर्देशित हुनु जरूरी हुन्छ । अन्यथा बैंकलाई लाभैलाभ हुने र ऋण लिन पर्ने बध्यताको फाइदा उठाई ऋणीलाई आर्थिक र कानूनी हिसाबले बोझपूर्ण सर्तहरू समावेश गरी लगानीकर्ताको अधिनस्थ पर्ने, पार्ने नियत राखेमा बैंक र यसका ग्राहकबीच सन्तुलित सम्बन्ध विकसित हुन सक्दैन् । जसले अर्थतन्त्रमा सकारात्मक योगदान दिनुको सट्टा नकारात्मक प्रभाव पार्न सक्छ । बैंकले ऋणी वा जमानत दिनेको सम्पत्ति लिलाम गराउनेतर्फ भन्दा ऋणको उद्देश्य कार्यान्वयन गरी लाभदायक स्थिति खडा गर्न सहयोग गर्नुपर्दछ । ऋणीको सम्पत्ति नै लिलाम गर्नुपर्ने अवस्था आइपर्छ भने या त ऋण लगानीको निर्णय नै गलत थियो वा ऋणीले ऋण दुरूपयोग गरेको हुनुपर्दछ । प्रस्तुत विवादमा बैंकको ऋण दुरूपयोग भएको छ भन्ने मिसिलबाट देखिन आएको देखिँदैन । बैंकको उद्देश्य यस्तो विषम स्थिति खडा गर्ने हुन सक्दैन । उत्पादनशील उद्यम गर्न सहयोग गर्ने उद्देश्य भएको हुनुपर्दछ । बैंकको सम्पर्कमा आउने ऋणी समाप्त हुने र ऋणीको सम्पत्तिबाट बैंकले अनुचित लाभ हासिल गर्ने दृष्टिकोण ग्राह्य वा न्यायसङ्गत हुन नसक्ने ।**

(प्रकरण नं. १५)

- **जमानत गरिदिने व्यक्तिले आफूले मन्जुर गरेको जमानतको रकम दाखिला गरेको खण्डमा निजले सुरक्षणको रूपमा दिएको सम्पत्ति पूर्ववत् जमानत सुरक्षणको रूपमा रोक्का राखिरहनु औचित्यपूर्ण नहुने ।**

(प्रकरण नं. १६)

- **जमानतको कागज गर्दा ऋण साधन नभएसम्म जमानीले दायित्व व्यहोर्नु पर्ने गरी अथवा जमानी दिनेको सम्पत्ति फुकुवा नहुने प्रकृतिको विवरण समावेश गरिएको छ भन्ने पनि तर्क गर्न सकिएला तर जमानीलाई ऋणीकै स्थानमा राख्ने गरी लिखत गर्ने गराउने अनावश्यक सर्त घुसाउनेजस्ता कार्य तथा व्यवहारहरू स्वच्छ र उचित मान्न सकिँदैन । यथार्थमा बैंकहरूले असल लगानीकर्ताको व्यवहार देखाउनुपर्छ । जमानीको सान्दर्भिक र वाञ्छित हदभन्दा बढी विस्तार गरी कागज गर्ने गराउने प्रवृत्ति सिद्धान्ततः उचित हुँदैन । त्यसैले त्यस्ता प्रयासहरू ठीक देखिँदैन । तसर्थ बैंकहरूले लिखत गराउँदाको ढाँचामा र शैलीमा परिवर्तन गर्नसमेत जरूरी देखिने ।**

(प्रकरण नं. १७)

पुनरावलोकन निवेदनकर्ता / विपक्षीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता पूर्णमान शाक्य र विद्वान् अधिवक्ताहरू ज्ञानरत्न शाक्य, शिव रिजाल र उत्तमराज पाठक

प्रत्यर्थी / निवेदकको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू शम्भु थापा, हरिहर दाहाल र विद्वान् अधिवक्ता उद्धव के.सी

अवलम्बित नजिर :

- *नेकाप* २०५८, अङ्क ३, नि.नं.६९८६, पृ.१३०९

सम्बद्ध कानून :

- बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३
- बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी नियमावली, २०५९

सर्वोच्च अदालत संयुक्त इजलासमा फैसला गर्ने :

माननीय न्यायाधीश श्री ताहिरअलि अन्सारी

माननीय न्यायाधीश श्री प्रकाश वस्ती

आदेश

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ :** यस अदालतको संयुक्त इजलासबाट भएको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(ख) बमोजिम मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान भई निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :

लुम्बिनी बैंक लिमिटेड, हेटौंडा शाखा कार्यालयबाट हारति वायर इण्डष्ट्रिज प्रा.लि. ले ऋण लिने प्रयोजनको लागि मेरो नाममा दर्ता स्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, साबिक वडा नं. २२(ढ) कि.नं.११३ को क्षेत्रफल ०-८-०-० जग्गा विपक्षी बैंकलाई मिति २०५७।११।४ मा र.नं. ७३६८ को बन्धकी लिखत पारित गरिदिएकी थिएँ। बैंकबाट हारति वायर इण्डष्ट्रिज प्रा.लि.ले लिने रू.२४,००,०००।- सम्मको ऋणको लागि जमानीको रूपमा उक्त जग्गा धितो बन्धकी पारित भएको हो, जुन लिखतमा सो बैंकले ठहर गरेको जग्गाको मूल्य भनी सोही अंक उल्लेख भएको छ। मेरो हक भोगको जग्गा लिलाम गर्नुअघि ऋणीले ऋण नबुझाएको अवस्थामा धितोको हदसम्म ऋण चुक्ता गर्न आउनु भनी मलाई सूचना दिनुपर्नेमा सो कुनै पनि जानकारी नगराई बैंक आफैँले मैले धितो दिएको जग्गा लिलाम सकार गरेको कार्य प्राकृतिक न्यायको सिद्धान्तविपरीत छ।

हारति वायर इण्डष्ट्रिज प्रा.लि का प्रोपाइटर भिष्ममान श्रेष्ठले बैंकलाई रूपैयाँ नबुझाएको कारणबाट मैले जेथा जमानी दिएको हदसम्मको ऋण तिर्न मन्जुर छु। जग्गा लिलाम नहोस् भनी बैंकका प्रबन्धकसित अनुरोध गर्दा प्रबन्धकले निवेदन दिनुहोस् भनेअनुसार सबै व्यहोरा उल्लेख गरी निवेदन गरेकी थिएँ। तर, धितोबन्धकलगायतको कागज दिन इन्कार गरेकोले मालपोत कार्यालयमा गई मिति २०६३।२।१५ मा नक्कल लिई हेर्दा मालपोत कार्यालयको मिति २०६२।७।९ को निर्णयले मेरो नाउँको साबिक कि.नं. ११३ हाल कि.नं. ११६ को जग्गा विपक्षी बैंकको नाउँमा दाखिल खारेज दर्ता गर्ने निर्णय भएको रहेछ। विपक्षी बैंकले म निवेदिकालाई रूपैयाँ तिर्ने निवेदन गर्न लगाई गुमराहमा राखी आफैँ लिलाम सकार गरेको कार्य पूर्णतः दूषित छ।

मिति २०५७।११।४ मा ५ वर्षको भाखा राखी विपक्षी बैंकले हारति वायर इण्डष्ट्रिज प्रा.लि.लाई ऋण दिएकोमा ऋणीले समयसमयमा किस्ता बुझाई रहेको ऋणको भाखा ननाघेको अवस्थामा धितो लिलाम गर्न विपक्षी बैंकलाई कुनै कानूनले अधिकार दिएको छैन। एकै पटक मिति २०६२।२।१६ मा लिलाम गरी बैंकले आफैँ सकार गरेको छ। जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(७) र बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०६२ को नियम २९(४) मा एकै पटकमा पञ्चकिर्ते मोलमा सकार गर्न पाउने कानूनी प्रावधान छैन। विपक्षी बैंकले बैंक तथा वित्तीयसम्बन्धी अध्यादेश, २०६२ को दफा ५७ विपरीत आफूखुसी ढङ्गले मेरो जग्गा आफैँ सकार गरेको रहेछ। बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ को दफा ५७(१) बमोजिम कर्जा सम्झौता पालन नगरेको, भाखा नाघेको, ऋण दुरूपयोग भएको अवस्था नपरी बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ को दफा ५७ (२) अनुरूप थप धितो नमागी कारबाही गरेको छ। उक्त अध्यादेश, २०६२ को दफा ५७(६) ले लिलाम गर्दा कसैले नसकारे तोकिएबमोजिम आफ्नो

स्वामित्वमा लिन सक्ने व्यवस्था गरेकोमा कानूनद्वारा निर्दिष्ट कार्यविधि कानूनी सिद्धान्त तथा मान्यतालाई बेवास्ता गरी सकार गर्ने निर्णय गरेको कार्यले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११, १२ र १७ द्वारा प्रदत्त मेरो मौलिक हक अधिकार हनन् हुन गएकोले अन्य बैंकल्पिक उपचारको अभावमा ऐ. धारा २३ तथा ८८ को आधारमा यो निवेदन गर्न आएकी छु । अतः मिति २०६२।२।१६ को मुचुल्का, मिति २०६२।३।२ को सञ्चालक समितिको निर्णय सोको आधरमा मिति २०६२।७।९ मा विपक्षी मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंबाट भएको दा.खा. दर्ता गर्ने निर्णयसमेतका सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरी म निवेदिका धितो जमानीसम्म दिने तेस्रो व्यक्ति भएकीले मैले र.नं. ७३६८ बाट मिति २०५७।११।४ मा गरिदिएको दृष्टि बन्धकसम्मको रूपैयाँ बुझाई उक्त जग्गा फुकुवासमेत गरिदिनु भनी परमादेशलगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो, यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र सम्बन्धित मिसिलसाथ राखी विपक्षी मलपोत कार्यालयको हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत अन्य विपक्षीका हकमा आफैँ वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनु भनी यो आदेश र रिट निवेदनको नक्कल साथै राखी विपक्षी लाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतको आदेश।

कम्पनी ऐन, २०५३ बमोजिम दर्ता कायम रहेको भीष्ममान श्रेष्ठ एकल सञ्चालक रहेको मकवानपुर जिल्ला, बसामाडी गा.वि.स., वडा नं. २ मा रजिष्ट्रार कार्यालय रहेको हारति वायर इण्डष्ट्रिज प्रा.लि.लाई निवेदिका संगिता त्रिपाठीले निजको नाममा दर्ता स्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.२२(ढ) कि.नं. ११३ को क्षेत्रफल ०-८-०-० जग्गा सुरक्षण दिई यस बैंकको हेटौंडा शाखा कार्यालयबाट कर्जाको कारोबार भएको थियो । कर्जाको साँवा ब्याज तथा अन्य रकमसमेत चुक्ता गर्न हारती वायर इण्डष्ट्रिज प्रा.लि. र निवेदिकालाई पटकपटक लिखित तथा मौखिक जानकारी गराउँदा कर्जा रकम चुक्ता गर्न अनुरोध गर्दा पनि बैंकलाई बुझाउनु पर्ने रकम नतिरी नबुझाई यस बैंकसँग भएको ऋण कर्जासम्बन्धी सर्त बन्देजहरू उल्लङ्घन गरी सूचनाको बेवास्ता गर्नु भएको हुँदा मिति २०६१।१२।११ को कान्तिपुर दैनिकमा साँवा ब्याज र अन्य रकम बुझाउन ३५ दिने सूचना प्रकाशित गरेको थियो । सो सूचनालाई बेवास्ता गरेको हुँदा मिति २०६२।२।१ मा गोरखापत्रमा धितोमा रहेको सम्पित्त लिलाम बिक्री गर्नेबारे सूचना प्रकाशित गरी बैंकको नाममा धितो बन्धक रहेको अचल सम्पत्ति मिति २०६२।२।१६ मा लिलाम डाँक बढाबढ हुने सूचना प्रकाशित भएकोमा लिलाम बढाबढमा कोही सहभागी हुन नआएकोले विभ कन्सल्टेन्सीले गरेको पुनः मूल्याङ्कन अनुसारको रकममा बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ को दफा ५७(१) ले दिएको अधिकार प्रयोग गरी धितो सुरक्षणमा रहेको सम्पत्ति बैंक आफैँले सकार गरी दा.खा.गर्ने निर्णयसमेत भइसकेको छ । बैंकको नाममा दा.खा.गर्ने गरी भएको मालपोत कार्यालयको निर्णयमा चित्त नबुझेमा लिलाम मुचुल्का बदर, लिखत दर्ता बदरमा जिल्ला अदलतमा उजुरी गर्नुपर्नेमा सो नगरी बैंकल्पिक उपचारको मार्ग अवलम्बन नगरी असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको विपक्षीको रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भन्ने लुम्बनी बैंक लिमिटेड प्रधान कार्यालय र लुम्बिनी बैंक लिमिटेड कर्पोरेट कार्यालयको संयुक्त लिखित जवाफ।

धातुका तार, तारजन्य वस्तुहरूको कारोबार

गर्ने मुख्य उद्देश्य राखी कम्पनी स्थापना भएको र कम्पनी सञ्चालन गर्नको लागि चालु पुँजी र स्थिर पुँजी आवश्यकता परी कम्पनीको नाउँकै मकवानपुर जिल्ला, बसामाडी गा.वि.स.वडा नं.२ को कि.नं.३२७ को क्षेत्रफल १-५-४ र सो जग्गामा भएको उद्योगलगायत जडान भएको मेसिनसमेत र निवेदिकाको नाउँको काठमाडौंको कि.नं.११३ को क्षेत्रफल ०-८-०-० जग्गासमेत धितो सुरक्षण राखी कर्जा लगानी भएको थियो । बैंकको तर्फबाट नियुक्त भएका मूल्याङ्कनकर्ताले कम्पनीको सम्पत्तिको मूल्याङ्कन रू.७,०६,००,०००।- गरेकोमा आफूखुसी पञ्चकिर्ते मूल्य रू.४,५४,००,०००।- मा बैंक आफैँले सकार गरेको कार्य बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ को दफा ५७ समेतको विपरीत छ । बैंकले हामीलाई समेत जानकारी नदिई बैंकबाट लिएको ऋण कर्जा चुक्ता गर्दागर्दै हाम्रो उद्योगको घरजग्गा नै लिलाम गरिदिएको निवेदकको जग्गासमेत लिलामी गरेको रहेछ । विपक्षी निवेदिकाको उद्योगमा कुनै संलग्नता नभएको र रू.२४,००,०००।–बराबरको धितो जमानतसम्म दिएको हुँदा सो रकम बुझी बैंकले धितो राखेको सो जग्गा फुकुवा गर्नुपर्ने हो। तसर्थ रिट निवेदन हाम्रो हकमा खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको हारति वायर इण्डष्ट्रिज प्रा.लि.को सञ्चालक समितिका अध्यक्ष भिष्ममान श्रेष्ठको लिखित जवाफ।

बैंक तथा वित्तीय संस्थाको कर्जा लागानी सम्बन्धमा मूल ऋणी र जमानीलाई एउटै धरातलमा राखेर हेर्न मिल्दैन । चौबीस लाखसम्मको सीमा राखी कर्जा दिन धितो राखेकोमा बैंक तथा वित्तीय संस्थाले योभन्दा बढी ऋण प्रवाह गर्दैन भने यो सीमाभन्दा बढी दायित्व जमानत दिनेले व्यहोर्नु पर्छ भन्नु कानूनसङ्गत हुँदैन। आफैँले व्यापारीक दर भनी सम्पत्तिको रू.४८,००,०००।- (अठ्चालीस लाख) मूल्याङकन गरेपछि सो सम्पत्ति अवमूल्याङकित गरी रू.३५,२०,०००।- (पैतीस लाख बीस हजार) मा लिलामी मुचुल्कासमेत खडा नगरी विपक्षी लुम्बिनी बैंकले आफैँ सकार गरेको र सम्पत्तिको अवमूल्याङकित गर्दा धितो राख्ने यी निवेदिकालाई सूचना दिएको नदेखिएको हुँदा उल्लेखित कार्यबाट निवेदकको संवैधानिक तथा कानूनी हक हनन् भएको देखिँदा निवेदकको सम्पत्ति लिलाम गरी लिने गैरकानूनी कार्यसँग सम्बन्धित मिति २०६२।३।२ को सञ्चालक समितिको निर्णयानुसार मिति २०६२।७।९ को मालपोत कार्यालय, काठमाडौंलाई लेखिएको पत्र तथा सोका आधारमा भएको दर्ता दाखिल खारेजसमेतका सम्पूर्ण काम कारबाही कायम रहन नसक्ने हुँदा ती सबै निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदिका र बैंकबीच मिति २०५७।११।४ मा भएको सुरक्षणबापत पारित भएको दृष्टिबन्धकी लिखतबमोजिमको रू.२४,००,०००।- निवेदिकाबाट दाखेल गर्न लगाई सो रकम बुझी साबिक काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२२(९) कि.नं.११३ हाल ऐ.ऐ. वडा नं.३ कि.नं.११६ को जग्गा फुकुवासमेत गरी दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ भन्ने मिति २०६६।०१।१४ मा यस अदालतको संयुक्त इजलासबाट भएको आदेश।

ऋणी कम्पनी र धितो सुरक्षण दिने संगिता त्रिपाठीलाई बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज र अन्य रकम चुक्ता गर्न बारम्बार लिखित र मौखिक जानकारी गराउँदासमेत कर्जा रकम नतिरेको हुँदा धितोमा रहेको जग्गा लिलाम बढाबढद्वारा बिक्री गर्न सूचना प्रकाशित गरेकोमा कसैले लिलाम सकार नगरेकोले बैंक आफैँले सकार गरेको हो । यसरी भएको लिलाम प्रक्रियामा विपक्षीको चित्त नबुझेको भए लिलाम बदरतर्फ वैकल्पिक उपचार हुँदाहुँदै रिट क्षेत्रबाट उपचार खोज्न मिल्दैन। हामी बैंक र हारति वायर इण्डष्ट्रिजका लागि कर्जा उपलब्ध गराउने संगिता त्रिपाठीबीच धितो लिने दिने सम्बन्धमा करारीय सम्झौता भएको छ। यसरी करारीय

दायित्वबाट सिर्जित हक अधिकारका सम्बन्धमा करार ऐन, २०५६ अनुसारको उपचारको मार्ग अवलम्बन गर्नुपर्नेमा रिट क्षेत्रमा प्रवेश गर्न मिल्दैन । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७(१) ले भाखाभित्र कर्जा चुक्ता नगरेमा धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गर्न सक्ने र लिलाम सकार नभए बैंकले सकार गर्न सक्ने स्पष्ट कानूनी व्यवस्था रहेकोमा सो विरूद्ध संयुक्त इजलासबाट फैसला भएको छ । साथै विपक्षीको धितो २४ लाखको सीमा (Limit) मा स्वीकृत भएको होइन । लिखतमा ऋणीको नाममा हाल स्वीकृत र पछि स्वीकृत हुने ऋण भनी स्पष्ट लेखिएको छ । साथै लिलाम गर्दा मूल्याङ्कन दरभन्दा कम दरमा सकार गरेको भन्ने निर्णयाधारमा उल्लेख भएकोमा पुनः धितो मूल्याङ्कन गर्दा पैंतीस लाख बीस हजार मूल्याङ्कन भई आएकोले सोही मूल्यमा बैंकले सकार गरेको हुँदा कम मूल्याङ्कनमा सकार गरेको भन्ने निर्णयाधार गलत हो । बैंक तथा वित्तीय संस्थाले आफूले दिएको कर्जाका लागि राखिएको धितोबन्धकबापतको सम्पत्ति लिलाम गर्न नसक्ने हो भने वा लिलाम बिक्री गरिसकेपछि पनि कालान्तरमा आएर धितो राख्दाको मूल्यमात्र तिरेर सम्पत्ति फिर्ता पाउने हो भने नेपालका सम्पूर्ण बैंकको कर्जा असुली असम्भव हुन्छ । यसबाट बैंक तथा वित्तीय संस्थाको कर्जा असुलीमा नकारात्मक असर पर्नुको साथै समग्र राष्ट्रको अर्थ व्यवस्थामा नै प्रतिकूल असर पर्ने गरी समन्यायको सिद्धान्तको मर्मविपरीत गरिएको त्रुटिपूर्ण फैसलाको पुनरावलोकन गरी हेरिपाउँ भन्नेसमेत लुम्बिनी बैंक लिमिटेडको अख्तियारप्राप्त प्रमुख कार्यकारी अधिकृत शोभनदेव पन्तको यस अदालतमा पर्न आएको निवेदन ।

हारति वायर इण्डष्ट्रिज प्रा.लि.ले लुम्बिनी बैंक लिमिटेड हेटौंडा शाखा कार्यालयबाट कर्जा लिनका लागि संगिता त्रिपाठीका नामको कि.नं.११३ (हाल कि.नं.११६) को क्षेत्रफल ०-८-०-० जग्गा मिति २०५७।११।४ मा धितो राखिएको देखिन्छ । त्यसरी कर्जा लिने हारति वायर इण्डष्ट्रिज प्रा.लि.ले कर्जाको साँवा ब्याज चुक्ता नगरेको कारण जनाई कर्जा चुक्ताका लागि मिति २०६१।११।११ मा कान्तिपुर दैनिकमा सूचना प्रकाशित गरिएको र सो सूचनाबमोजिम उपस्थित नभएपछि पुनः मिति २०६२।२।१ मा गोरखापत्र दैनिकमा धितो स्वरूप रहेको उक्त कि.नं.११६ को जग्गा लिलाम बिक्री गर्ने बारेको सूचनासमेत प्रकाशन भएको देखिन्छ । सोही आधारमा लिलाम बढाबढको क्रममा कोही पनि सहभागी नभएको भनी बैंक आफैँले लिलाम सकार गरी दा.खा. निर्णयसमेत भएकोमा संगिता त्रिपाठीका तर्फबाट आफूलाई सुनुवाइको मौकासमेत नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय भएको भनी रिट निवेदन दायर गरेको देखिन्छ । सो सम्बन्धमा यस अदालत संयुक्त इजलासबाट मिति २०६६।१।१४ मा निवेदिकालाई सूचनासमेत दिएको नदेखिएको भन्नेसमेतका आधारमा उक्त कि.नं. ११६ को जग्गा लिलाम गरी लिनेसमेतका निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी सुरक्षणबापत पारित भएको दृष्टिबन्धकी लिखतबमोजिमको रकम निवेदिकाबाट दाखिला गर्न लगाई सो रकम बुझी जग्गा फुकुवा गरी दिनु भनी परमादेशसमेत जारी भएको देखिन्छ । त्यसरी सुरक्षण राखिदिने व्यक्तिलाई सूचना दिने विषयमा यस अदालत संयुक्त इजलासबाट “ऋणीले उपस्थित गराई सुरक्षणको लिखत गरी दिन तेस्रो पक्षसँग वित्त कम्पनीले सारवान् सम्बन्ध राख्नु पर्ने अवस्था नरहने हुँदा त्यस्ता व्यक्तिलाई लिलामीको कारबाही बारेमा व्यक्तिगत जानकारी दिनु अनिवार्य नहुने” भनी सरस्वती कार्की विरूद्ध इन्टरनेशनल लिजिङ एण्ड फाइनान्स कम्पनी लि. भएको उत्प्रेषणसमेतको रिट निवेदनमा सिद्धान्त कायम भएको (न्यायमा सहज पहुँच र मानव अधिकारको संरक्षण सन्दर्भमा सर्वोच्च

अदालतका निर्णयहरू, २०६४, विशेषाङ्क, सर्वोच्च अदालत) परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा यस अदालतको संयुक्त इजलासबाट निवेदिकालाई सूचना नदिइएको भन्ने कुरालाई नै मुख्य आधार ग्रहण गरी रिट जारी गर्ने गरी भएको आदेश यस अदालतबाट प्रतिपादित उपर्युक्त सिद्धान्तसमेतको प्रतिकूल देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम प्रस्तुत मुद्दा पुनरावलोकन गरी हेर्ने अनुमति प्रदान गरिदिएको छ भन्ने यस अदालतबाट मिति २०६७।३।१८ मा भएको आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा लुम्बिनी बैंक लिमिटेडका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री पूर्णमान शाक्य र विद्वान् अधिवक्ताहरू श्री ज्ञानरत्न शाक्य, श्री शिव रिजाल र श्री उत्तमराज पाठकले ऋणी हारति वायर इन्डष्ट्रिज प्रा.लि.ले लुम्बिनी बैंकबाट लिने कर्जाको लागि रिट निवेदिका संगिता त्रिपाठीले दिएको धितोको हद रू.२४ लाखमात्र होइन। हारति वायरको लागि कर्जा दिने प्रयोजनमा धितो जमानत दिएकोले उक्त कर्जा असुली नभएसम्म जमानीकर्ताको दायित्व बाँकी रहन्छ। निवेदकले मूलरूपमा बैंकले गरेको लिलामी कार्य बदर माग गरेको हुँदा लिलाम बदर भए पनि त्यो सम्पत्ति पूर्ववत् अवस्था अर्थात् सुरक्षणकै रूपमा यथावत् रहने हुन्छ। बैंक र जमानीकर्ताबीच धितो जमानतसम्बन्धी भएको करारीय लिखतमा उल्लेख भएको कुरालाई अदालतले संशोधन हुने गरी आदेश गर्न सक्दैन। धितो सुरक्षण दिने करार भएपछि त्यसमा रहेका सर्त क्रियाशील हुने हुन्छ। जसअनुसार ऋणीको ऋण चुक्ता नभई सुरक्षण फिर्ता हुन सक्दैन। निवेदक लिलाम बदरतर्फ वैकल्पिक उपचारमा जानुपर्नेमा गएको अवस्था छैन। यस विषयमा वैकल्पिक उपचारको विद्यमानतामा रहेकोले रिट जारी हुन सक्दैन। करार ऐन, २०५६ अनुसार जमानीकर्ताको दायित्व ऋण खानेको सरह हुन्छ अर्थात् फरक अस्तित्व नहुने कानूनी व्यवस्था छ। तसर्थ बैंकको कर्जा असुली नभई सुरक्षणबापतको धितो फिर्ता दिने गरी भएको यस अदालत संयुक्त इजलासको फैसला त्रुटिपूर्ण हुनुका साथै सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तको समेत विपरीत हुँदा रिट निवेदन खारेज हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

प्रत्यर्थी निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शम्भु थापा, श्री हरिहर दाहाल र विद्वान् अधिवक्ता श्री उद्धव के.सी. ले निवेदिका बैंकको मूल ऋणी होइनन्। बैंकले हारति वायरलाई प्रदान गरेको ऋणमध्ये २४ लाख रकमको लागि निवेदिकाले उक्त रकमको जमानत स्वरूप आफ्नो नामको जग्गा सुरक्षण दिएकोले सोही २४ लाखको हकमा ऋणीले भुक्तान नगरेमा जमानीकर्ताको दायित्व हुने हो। सो जमानत रकमभन्दा बढी दायित्व जमानी गर्नेको हुँदैन। मूल ऋणीले रकम चुक्ता नगरेमा जमानतअनुसारको ऋण रकम चुक्ता गर्नु आउनु भनी जमानत दिनेलाई बैंकले जानकारी गराउनु पर्नेमा कुनै जानकारी नदिई भाखा अगावै प्राकृतिक न्यायको ठाडो उल्लङ्घन गरी निवेदिकाको नामको जग्गा लिलाम गरेको कार्य त्रुटिपूर्ण छ। ऋण प्रवाह गर्दा बैंक स्वयम्ले मूल्याङकन गरेको धितोलाई युक्तियुक्त कारण बेगर अवमूल्यन गरी लिलाम गर्न मिल्दैन। अवमूल्यन हुनुपर्ने वस्तुगत कारण देखिनुपर्छ। विना कारण आफूखुसी धितो अवमूल्यन गरी लिलाम गरेको कार्य कानून प्रतिकूल छ। पहिलो पटकको लिलाममै सिधै बैंकले सकार गर्न नमिल्नेमा गलत र बद्नियतपूर्णरूपमा बैंकले आफ्नो नाममा सकार गरी लिएको कार्य स्वच्छ प्रक्रियाअन्तर्गत पर्दैन। आफूले राखेको धितो अवमूल्याङकन गरी सकार गरेपछि पनि सो जमानतको मूल्य तिरी धितो फिर्ता लैजान जमानत दिनेसम्बन्धित पक्षलाई अवसर दिएको छैन। जमानतको धितो स्वरूप रहेको जग्गाको स्थानीय वडा प्रतिनिधि र सम्बन्धित

मालपोत कार्यालयका प्रतिनिधिसमेत नराखी बेइलाका हेटौंडामा लिलाम गरिएको कार्य बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमवली, २०५९ विपरीत छ । विपक्षी बैंकको कामकारवाहीबाट निवेदिकाको संविधान प्रदत्त सम्पत्तिसम्बन्धी हकमा ठाडो हस्तक्षेप भएको हुँदा रिट निवेदन मागबमोजिमको आदेश जारी गरेको यस अदालत संयुक्त इजलासको आदेश कानून र न्यायसम्मत् हुँदा सोही आदेश सदर हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो ।

उल्लिखित बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा यस अदालतको संयुक्त इजलासबाट भएको आदेश मिलेको छ छैन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा रिट निवेदिकाले प्रस्तुत रिट निवेदनमा ऋणी हारति वायर इन्डष्ट्रिज प्रा.लि.ले विपक्षी लुम्बिनी बैंकबाट लिने रू. चौबीस लाखसम्मको ऋणको जमानत स्वरूप निजको नाम दर्ताको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २२ढ साबिक कि.नं. ११३ हालको कि.नं. ११६ को क्षेत्रफल ०-८-०-० जग्गा विपक्षी बैंकलाई दृष्टिबन्धक गरी दिएकोमा ऋणीले ऋण रकम चुक्ता नगरेको भनी जमानत दिने निवेदिकालाई कुनै सूचना नदिई प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल गैरकानूनीरूपमा विना कारण धितोको अवमूल्यन गरी बैंक स्वयम्ले लिलाम सकार गरी लिएको लिमामी निर्णयसमेतका काम कारवाहीहरू उत्प्रेषणको आदेशले बदर गरी दृष्टिबन्धकको लिखतमा उल्लिखित रकम बुझिलिई जग्गा फुकुवा गरिदिनु भनी विपक्षी बैंकका नाममा परमादेशसमेत जारी गरिपाउँ भनी माग गरेको देखिन्छ ।

३. विपक्षी लुम्बिनी बैंकको तर्फबाट पेस भएको लिखित जवाफमा हारति वायर प्रा.लि. ले यस बैंकबाट लिएको कर्जा रकम चुक्ता गर्न ऋणीलाई एवं उक्त ऋणबापत जमानत गरिदिने निवेदिकालाई पटकपटक लिखित एवं मौखिक जानकारी गराउँदासमेत सम्पर्क राख्न नआएको हुँदा बैंकले प्रवाह गरेको कर्जा रकम असुलीको प्रयोजनका लागि धितो लिलाम बिक्रीको सूचना प्रकाशित भएकोमा सो म्यादभित्र साँवा ब्याज बुझाउन नआएकोले प्राविधिकबाट धितोको मूल्याङ्कन गरिएको र धितोको डाक लिलाम बढाबढमा कोही सहभागी हुन नआएकाले कानूनबमोजिम बैंक आफैँले सकार गरेको हुँदा विपक्षीको निवेदन खारेज गरिपाउँ भनी उल्लेख गरेको पाइन्छ ।

४. यस अदालत संयुक्त इजलासबाट निवेदिकाले धितो दिएको भन्दा बढी दायित्व बहन गर्नुपर्ने गरी धितोमा रहेको सम्पत्ति अवमूल्याङ्कित गरी बैंक स्वयंले लिलाम सकार गरेको कार्य उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर गरी दृष्टिबन्धक लिखतबमोजिमको रकम निवेदिकाबाट दाखिल गराई जग्गा फुकुवा गराइदिनु भनी विपक्षी लुम्बिनी बैंकका नाममा परमादेशको आदेश जारी भएको देखिन्छ । संयुक्त इजलासको उक्त आदेशउपर विपक्षी लुम्बिनी बैंक लि.का तर्फबाट मुद्दा पुनरावलोकनको लागि दायर भएको निवेदनमा "सुरक्षणको लिखत गरी दिने तेस्रो पक्षसँग वित्त कम्पनीले सारवान् सम्बन्ध राख्नु पर्ने अवस्था नरहने हुँदा त्यस्ता व्यक्तिलाई लिलामीको कारबाही बारेमा व्यक्तिगत जानकारी दिनु अनिवार्य नहुने" भनी यस अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकूल फैसला भएको भन्ने आधारमा न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) को खण्ड (ख) बमोजिम पुनरावलोकनको निस्सा प्रदान भएको हुँदा उक्त पुनरावलोकन निस्सामा उल्लिखित आधार तथा सीमामा रही यस अदालत संयुक्त इजलासको फैसला कानूनसङ्गत भए नभएको विचार गर्नुपर्ने देखिएको छ ।

५. प्रस्तुत विवादमा लुम्बिनी बैंक लिमिटेडबाट हारति वायर इण्डष्ट्रिज प्रा.लि.ले लिने कर्जा रकममध्ये रू.२४,००,०००।- का हकमा जमानत स्वरूप निवेदिका संगिता त्रिपाठीले निजको

आफ्नो नाम दर्ताको काठमाडौं महानगरपालिका, वडा नं.२२(ढ) साबिक कि.नं.११३ हाल कि.नं. ११६ को क्षेत्रफल ०-८-०-० जग्गा मिति २०५७।११।४ मा दृष्टिबन्धक लिखत पारित गरिदिएको देखिन्छ । मूल ऋणी हारति वायर इण्डष्ट्रिज प्रा.लि. देखिन्छ भने निवेदिका संगिता त्रिपाठी रू.२४,००,०००।- ऋणको हकमा जमानत गरिदिने व्यक्ति भएको पाइन्छ । बैंकले ऋणी हारति वायर इण्डष्ट्रिज प्रा.लि. लाई प्रवाह गरेको ऋणको सावाँ ब्याज चुक्ता नगरेको भनी धितो लिलाम प्रक्रिया अगाडि बढाई मिति २०६२।२।१६ मा निवेदिकाको कि.नं. ११३ को ०-८-०-० जग्गा लिलाम गरी बैंक आफैँले सकार गरेको देखिन्छ ।

६. करार ऐन, २०५६ को दफा ३५ मा कुनै व्यक्तिले कसैलाई ऋण दिँदा त्यस्तो ऋणको सुरक्षणबापत धितो लिएकोमा वा कुनैकाम गराउँदा सो काम पूरा गर्ने ग्यारेन्टीको लागि कुनै धनमाल धरौटी लिएकोमा धितो वा धरौटसम्बन्धी करार भएको मानिने छ भन्ने व्यवस्था रहेको पाइन्छ । ऋण लिनु र जमानत दिनु फरकफरक कार्य हो र फरकफरक सम्बन्ध पनि हो । जसअनुसार ऋणको सुरक्षणबापत धितो लिए दिएकोमा धितो जमानतसम्बन्धी छुट्टै करार सिर्जना हुने भई धितो जमानत दिने पनि करारको पक्षको रूपमा रहने देखिन्छ । निवेदिकाले रू २४,००,०००।- को धितो जमानत गरिदिएको तथ्य सम्बन्धित लिखतबाट देखिन्छ । बैंकबाट लिएको ऋणको सावाँ ब्याज भुक्तानी गर्ने प्रथम दायित्वसम्बन्धित ऋणीमा रहने हुन्छ । ऋणीबाट ऋण असुलउपर हुन नसकेमा जमानतको लिखतमा उल्लिखित रकमको हकमा जमानत गरिदिने व्यक्तिमा दायित्व सर्ने हुन्छ । प्रस्तुत विवादमा ऋणी हारति वायर इण्डष्ट्रिज प्रा.लि.ले कर्जाको साँवा ब्याज चुक्ता नगरेपछि जमानतको अंक बराबरको रकम तिर्ने दायित्व निवेदिकामा सर्न आउने हुँदा जमानतअनुसार आफूले कबुल गरेको रकम तिर्न आउनु भनी निवेदिकालाई उचित मौका तथा सूचना दिनुपर्नेमा कुनै सूचना दिएको देखिँदैन । हारति वायर इण्डष्ट्रिज प्रा. लि.लाई कर्जा चुक्ता गर्न आउनु भनी दैनिक पत्रिकामा प्रकाशित गरेको सूचनाले यी निवेदिकालाई समेत समेट्छ भन्न मिल्दैन ।

७. जमानीको सिद्धान्तअनुसार मुख्य कारणीले तिर्नुपर्ने ऋण निजबाट असुलउपर नभएमा वा बहन गर्नुपर्ने दायित्व निजले पूरा गर्न नसकेमा जमानतकर्ताले कबुल गरेको रकम निजले लेखिदिएको सुरक्षणबाट असुलउपर गरी दायित्व बहन गराइन्छ । यसरी जमानतकर्ताको दायित्व असीमित हुने नभई जमानी बसेको अंकसम्म सीमित हुने हुन्छ । जमानीको दायित्व निजले कबुल गरेको रकमको हदसम्म मात्र सीमित हुने हुँदा जमानीकर्ताले आफूले कबुल गरेको रकम तिरे बुझाएमा सोबापत निजले सुरक्षणको रूपमा दिएको धितो फरफारक हुन सक्दैन भन्न मिल्दैन । जमानतसम्बन्धी करारअनुसार जमानीकर्ताको दायित्व पालना गराउने सन्दर्भमा जमानतको दायित्व पूरा गर्ने जानकारीको सूचनासहितको उचित मौका जमानत कर्तालाई प्रदान गर्नुपर्ने हुन्छ । सोअनुरूप निवेदिकाले जमानतको सुरक्षण स्वरूप राखेको सम्पत्ति लिलाम गर्नुपूर्व जमानतबापतको रकम दाखिल गर्ने सूचनासहितको जानकारी निजले पाउनु पर्ने देखिन्छ । तर निवेदिकाले गरी दिएको सुरक्षणको धितो लिलाम एवं मूल्याङकनका कुनै चरणमा निवेदिकालाई जानकारी गराएको देखिएन । कुनै व्यक्तिले आफ्नो हकभोगको सम्पत्ति धितो जमानत लेखी दिएको भन्दैमा उक्त सम्पत्तिमाथि कुनै अधिकारै राख्दैन भनी अर्थ गर्नु मनासिब हुँदैन । जमानतकर्ताले कबुल गरेको रकम बराबरको ऋण तिर्नु भनी जमानत दिनेलाई सूचना नदिनुका साथै जमानीको दायित्व पूरा गर्ने अवसरसमेत नदिई आफैँले लिलाम सकार गरेको विपक्षी बैंकको काम कारवाही कानूनसम्मत देखिएन ।

८. निवेदिकाले राखेको धितोको सीमा रू. २४,००,०००।- मात्र नभई ऋणी हारति वायर प्रा.

लि. को अन्य ऋणसमेतको लागि हो भनी लुम्बिनी बैंकले लिएको जिकिरका सम्बन्धमा विचार गर्दा, ऋण प्रवाह गर्ने प्रयोजनको लागि निवेदिकाले जमानत सुरक्षणमा दिएको जग्गा रू.४८,००,०००।- व्यापारिक मूल्याङ्कन भएको तथ्यलाई विपक्षीले अन्यथा भन्न सकेको देखिँदैन । निवेदिकाले जमानतको धितोमा राखेको जग्गाको रू.४८,००,०००।- मूल्याङ्कन भए पनि रू.२४,००,०००।- सम्मको जमानत सीमा स्वीकार गरी बैंकले ऋण प्रवाह गरेको देखिन्छ। यसरी जमानतकर्ताले स्वीकारेको सीमाभन्दा बढी रकमको दायित्व जमानतकर्ताले बहन गर्नुपर्ने गरी ऋणीलाई बैंकले ऋण प्रवाह गर्न सक्ने देखिँदैन। बैंकलाई दिएको जमानत अङ्कभन्दा बढी असीमित ऋण प्रवाह गरिन्छ भने जमानतसम्बन्धी करारमा अन्यथा लेखिएको अवस्थामा बाहेक त्यसको जवाफदेहिता जमानीकर्तामा रहन्छ भन्नु न्यायोचित हुँदैन । सामान्यतः जमानी कर्ता (Surety) र ऋणी (Principal Debtor) को दायित्व फरक हुने हुँदा ऋणीको असीमित दायित्व जमानीकर्ताले व्यहोर्नुपर्छ भन्नु तर्कसङ्गत हुँदैन । त्यसो गर्ने हो भने ऋणी र जमानतकर्ताको हैसियत र दायित्व फरक हुन्छ भनी छुट्याउनु पर्ने आवश्यकता पनि पर्दैन। ऋणी हारति वायरको जायजेथा लिलाम गरेपछि पनि बैंकको लेना रकम असुलउपर नभएको भनी नपुग बाँकी रकमका लागि मुख्य जवाफदेही ठहर गरी हारति वायर र यसका सञ्चालकउपर ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरेकोमा निवेदिका संगीता त्रिपाठीलाई विपक्षी नबनाइएको बैंकको आचरण व्यवहारबाट पनि निवेदिकालाई बाँकी ऋणका लागि जवाफदेही बनाएको देखिँदैन । उक्त तथ्यबाट समेत निवेदिकाको जमानत दायित्व रू.२४,००,०००।- सम्म मात्र सीमित होइन भनी विपक्षीतर्फबाट लिएको जिकिर खण्डित भएको छ। आफूले प्रवाह गरेको ऋण उठेन भन्दैमा जमानीकर्तालाई निजले जमानतको करारबमोजिम स्वीकार गरेको अंकभन्दा बढी अंकको हकमा जमानतको करारको सर्त र भावनाविपरीत दायित्व बहन गराई मूल ऋणीसरह व्यवहार गर्नु न्यायसङ्गत हुँदैन।

९. बैंकले आफूले प्रवाह गरेको ऋण असुलउपर गर्ने सन्दर्भमा धितो लिलामसम्बन्धी कारवाही प्रचलित कानूनको परिधिभित्र रही गर्नुपर्ने कुरामा विवाद भएन। निवेदिकाले जमानत स्वरूप सुरक्षणको रूपमा राखेको जग्गाको लिलाम गर्दा प्रचलित कानूनद्वारा निर्धारित विधि र प्रक्रिया पूरा भएको छ छैन भनी हेर्दा विवादित जग्गा लिलाम हुँदाको अवस्थामा वहाल रहेको बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ को दफा ५७(६) मा "यस दफाबमोजिम इजाजत पत्र प्राप्त संस्थाले धितो सुरक्षणमा रहेको चलअचल सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा त्यस्तो सम्पत्ति त्यस्तो संस्थाले तोकिएबमोजिम आफ्नो स्वामित्वमा लिनेछ" भन्ने व्यवस्था रहेको देखिन्छ। उक्त अध्यादेशलाई प्रतिस्थापन गरी आएको हालको बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७(६) मा सोही प्रावधान यथावत् रहेको देखिन्छ। मिति २०६२।२।१६ गते बैंकबाट सम्पन्न लिलाम मुचुल्का हेर्दा कर्जाको बाँकी साँवा ब्याज तथा अन्य दैदस्तुरमा बैंक आफैँले सकार गर्नुपर्ने देखिएकोले भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ। बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७(६) को कानूनी व्यवस्थाले धितो सुरक्षणमा रहेको सम्पत्ति प्रथम पटक प्रकाशित लिलाम बिक्रीको सूचनाबमोजिम कसैको बोलकबोल नपरे सोही पहिलो सूचनामा नै स्वयम् बैंकले सकार गर्न पाउने अवस्था देखिन्न। प्रस्तुत विवादमा प्रथम पटकमा नै बैंक आफैँले धितो सकार गरेको र सो गर्नुपर्नाको औचित्य मिसिलबाट खुलेको पाइँदैन। प्रथम पटकमा नै बैंक आफैँले धितो सकार गरेको कार्य उक्त दफा ५७(६) को व्यवस्थाको प्रतिकूल देखिन्छ। कानूनी प्रावधानको गलत अर्थ गरी धितो लिलामको लागि प्रथम पटक प्रकाशित सूचनाको

मितिमा नै इजाजत प्राप्त संस्थाले धितो सुरक्षणमा रहेको जग्गा आफैँ सकार गर्ने र रकम दाखिला गरी धितो फिर्ता लिने मौकासमेत प्रदान नगर्ने कार्यबाट व्यक्तिको साम्पत्तिक अधिकारको अतिक्रमण हुन जान्छ। कुनै पनि कानूनी व्यक्तिले कानूनले गर्नु भनेको कार्य कानूनको परिधिभित्र रही गर्नुपर्ने हुन्छ। कानूनले नदिएको अधिकार आफूखुसी प्रयोग गर्न मिल्दैन। गरेमा कानूनविपरीत हुन गई मान्यता नपाउने हुन्छ।

१०. बैंकले विवादित जग्गाको डाँक लिलाम गर्दा कति पञ्चकिर्ते मूल्य कायम गरेको हो, त्यो लिखत बैंकबाट अदालतसमक्ष पेस हुन सकेको देखिँदैन। बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी नियमावली, २०५९ को नियम २९ (३) मा धितो मूल्याङ्कनसम्बन्धी व्यवस्था रहेको छ। उक्त नियममा चल अचल सम्पत्ति लिलाम बिक्री गर्नुअघि स्थानीय प्रशासनको प्रतिनिधि, जिल्ला मालपोत कार्यालयको प्रतिनिधि र स्थानीय निकायको प्रतिनिधिको रोहबरमा ऋण असुली अधिकृतले त्यस्तो चल अचल सम्पत्तिको प्रचलित बजार मूल्यलाई समेत ध्यानमा राखी मूल्य कायम गर्नु पर्नेछ। त्यसरी चल अचल सम्पत्तिको मूल्य कायम गर्दा सम्बन्धित विशेषज्ञसमेतको राय लिन सकिनेछ भन्ने कानूनी व्यवस्था रहेको छ। उक्त व्यवस्थासमेतबाट इजाजत प्राप्त संस्थाले कर्जा प्रवाह गर्दा धितोको छुट्टाछुट्टैरूपमा मूल्याङ्कन गरिने हुँदा यदि उक्त धितो लिलाम गर्नुपर्ने अवस्था आएमा लिलाम हुने धितोको मालपोत कार्यालयबाट निर्धारित मूल्य, पञ्चकिर्ते मूल्य र प्राविधिकबाट निर्धारित मूल्यसमेतलाई आधार लिई न्यूनतम मूल्य निर्धारण गरी तत्पश्चात डाँक बढाबढ गर्नु न्यायपूर्ण हुन्छ। लिलाम हुने वस्तुको सर्वप्रथम न्युनतम मूल्य तोकी तत्पश्चात डाँक बढाबढ हुने भएकोले न्युनतम मूल्य कायम नगरी भएका लिलामसम्बन्धी काम कारवाहीलाई कानूनसङ्गत भन्न मिल्दैन। साथै धितो मूल्याङ्कन मिति २०६२।४।१३ मा गरिएकोमा सोअगावै बैंकले मिति २०६२।२।१६ मा लिलाम सकार गरेको देखिन्छ। यसरी धितो सुरक्षणमा रहेको सम्पत्ति पहिला लिलाम सकार गर्ने अनि पछि मूल्याङ्कन गर्ने विपक्षीको कार्य बैंकिङ सुशासन विपरीतसमेत देखिन्छ। यस्तो खराब प्रवृत्तिलाई प्रत्यक्ष वा परोक्षरूपमा बढवा दिन उचित हुँदैन।

११. यसै गरी बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी नियमावली २०५९ को २९ को उपनियम (४) र (५) मा चलअचल सम्पत्ति लिलाम बिक्री गर्नु अघि त्यसको प्रचलित बजार मूल्यलाई समेत ध्यानमा राखी मूल्य कायम गर्नुपर्ने र डाँक लिलाम बढाबढ गर्दा यसरी कायम भएको मूल्यभन्दा घटी मूल्य पर्न आएमा पुनः लिलामको सूचना प्रकाशन गर्नुपर्ने र तेस्रो पटकसम्म पनि निर्धारित मूल्यभन्दा कम मूल्य प्राप्त हुनआई लिलाम हुन नसकेमा मात्र सम्बन्धित बैंक वा वित्तीय संस्थाले निर्धारित मूल्यमा लिलाम सकार गर्न पाउने भन्ने कानूनी व्यवस्था रहेको छ। बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी नियमावली, २०५९ विशेषतः बैंक तथा वित्तीय संस्थाको ऋण असुलीको सन्दर्भमा ऋण असुली न्यायाधिकरणबाट धितो लिलामसम्बन्धी प्रक्रियागत कानूनी व्यवस्था हो। बैंक स्वयम्ले गर्ने लिलामसम्बन्धी विषयमा छुट्टै नियमावलीको अभाव रहेको सन्दर्भमा प्रस्तुत निवेदनको लिलामसम्बन्धी कारवाहीलाई कानूनी र न्यायपूर्ण बनाउन उल्लिखित प्रक्रियागत कानूनी व्यवस्थाको अवलम्बन गर्नु उपयुक्त हुने हुन्छ।

१२. विवादित जग्गा जमानत लिँदाको अवस्थामा बैंकले रू.४८,००,०००।- मूल्याङ्कन गरी रू.२४,००,०००।- को जमानत सीमा तोकी ऋण प्रवाह गरेको तथ्य मिसिलबाट देखिन्छ। उक्त धितो लिलामको अवस्थामा रू.३५,२०,०००।- व्यापारिक दरमा मूल्याङ्कन गरी त्यतिमै विपक्षी बैंकले सकार गरेको देखिन्छ। धितो जमानत दिएको र लिलाम हुँदाको समयको अन्तरालमा अचल सम्पत्तिको

स्वाभाविकरूपमा मूल्य घट्ने हुँदैन । त्यसविपरीत पहिला आफैँले मूल्याङ्कन स्वीकार गरेको रू.४८,००,०००।- भन्दा घटी मूल्याङकन गरेको देखियो । आफूले ऋण लगानी गर्दाको अवस्थाभन्दा हाल जग्गाको मूल्याङ्कन घट्न जानुपर्ने युक्तिसङ्गत आधार तथा कारण बैंकले उल्लेख गर्न सकेको देखिँदैन । अर्कोतर्फ धितो अवमूल्याङ्कित गर्दा असर पर्ने पक्ष निवेदिकालाई सहभागी गराएको पनि देखिँदैन । बैंकले कानूनको अख्तियारी प्रयोग गरी लिलाम गर्दछ भने त्यो न्यायोचितरूपमा भएको देखिनुपर्छ । आफूले लिएको धितो अवमूल्यन गर्ने अनि आफैँ सकार गर्ने बैंक सञ्चालक समितिको कार्य स्वच्छ बैंकिङ अभ्यासभित्र पर्छ भन्न मिलेन । बैंकले धितो लिलाम सकार गरेपछि पनि आफूले सकारेको मूल्य तिरी जमानतकर्ताले तत्कालै आफ्नो सम्पत्ति फिर्ता लैजान चाहेमा सम्बन्धित धितोवालालाई सो अवसर दिनु न्यायोचित हुन्छ । धितो अवमूल्यन गर्ने अनि आफैँले छिटोछिटो सकार गर्ने प्रवृतिले ऋण असुल गर्नेभन्दा पनि धितोमा रहेको सम्पत्तिमा हस्तक्षेप गर्न खोजेको देखिन जान्छ । जसबाट बैंकले ऋणीप्रति गरेको व्यवहार न्यायोचित र स्वच्छ नभई शोषणजन्य हुन जाने हुन्छ । तसर्थ इजाजत प्राप्त संस्थाले प्रवाह गर्ने ऋण, लगानीकर्ता (investors), निक्षेपकर्ता (Depositors) समेतको रकममध्येबाटै हुने भएकाले त्यस्तो ऋणलाई डुब्न पनि दिनु हुँदैन र अनावश्यकरूपमा ऋणीलाई शोषणसमेत गर्न हुँदैन ।

१३. धितो रहेको सम्पत्ति अवमूल्याङ्कित गरी जमानतकर्तालाई सूचना नदिई आफैँ सकार गरेको भन्ने यस्तै प्रकृतिको विवाद रहेको केशव किसी विरूद्ध इन्टरनेशनल लिजिङ एण्ड फाइनान्स कम्पनी लि. भएको उत्प्रेषणसमेतको रिट निवेदनमा "सम्पत्तिको अवमूल्याङकित गर्दा सूचनासमेत नदिएको र लिलामी प्रक्रियामा कोही नआएको भनी मुचुल्कासमेत नगराई कम्पनी आफैँले लिलाम सकार गरी निवेदकको घरजग्गा आफ्नै नाउँमा सकार गरेको कामकारवाही र सो आधारमा मालपोत कार्यालय, भक्तपुरबाट दाखिल खारेज नामसारी गरेको कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने" भनी *ने.का.प.* २०५८, अंक ३, नि.न. ६९८६, पृष्ठ १३९ मा यस अदालतको पूर्ण इजलासबाट सिद्धान्त प्रतिपादन भएको देखिन्छ । उल्लिखित रिट निवेदनमा प्रतिपादित सिद्धान्तअनुसार पनि उचित कारण र कानूनी आधार बिना बैंकले आफूसमक्ष रहेको धितो अवमूल्याङकित गरी पहिलो लिलामी सूचनामा आफैँ सकार गर्नु त्रुटिपूर्ण हुने देखिन्छ ।

१४. यस अदालतबाट पुनरावलोकनको अनुमति प्रदान गर्दा "सुरक्षणको लिखत गरी दिने तेस्रो पक्षसँग वित्त कम्पनीले सारवान् सम्बन्ध राख्नु पर्ने अवस्था नरहने हुँदा त्यस्ता व्यक्तिलाई लिलामीको कारबाही बारेमा व्यक्तिगत जानकारी दिनु अनिवार्य नहुने" भनी सरस्वती कार्की विरूद्ध इन्टरनेशनल लिजिङ एण्ड फाइनान्स कम्पनी लि. भएको उत्प्रेषणसमेतको रिट निवेदनमा प्रतिपादित सिद्धान्तविपरीत संयुक्त इजलासबाट फैसला भएको भन्ने आधार लिएको देखिन्छ । उक्त मुद्दामा फाइनान्स कम्पनीले धितो सकार गरिसकेपछि पनि धितो लिलाम सकार भएको सूचनासहित कम्पनीले सकारेको मूल्य तिरी आफ्नो सम्पत्ति फिर्ता लैजाने अवसर जमानतकर्तालाई दिएकोमा सो अवसरको उपभोग नगरी असाधारण अधिकारक्षेत्रअन्तर्गत उपचारका लागि अदालत प्रवेश गरेको देखिन्छ । प्रस्तुत विवादमा बैंकले सकारेको मूल्य तिरी आफ्नो सम्पत्ति फिर्ता लैजाने सूचना र अवसर जमानतकर्तालाई दिएको अवस्था नहुँदा उक्त मुद्दाको तथ्य र प्रस्तुत निवेदनको तथ्य फरक रहेको देखिँदा उल्लेखित नजिर सिद्धान्त प्रस्तुत विवादमा आकर्षित हुने भन्न मिलेन ।

१५. बैंकले घाटाको व्यापार गर्नुपर्छ भन्ने होइन । तर बैंक र यसका ग्राहक ऋणीबीचको सम्बन्ध

आ-आफ्नो हितको प्रतिस्पर्धा गर्ने नभई दुवैको हित र एकआपसको पारस्परिक र परिपूरक सहयोग गर्ने प्रकृतिको हुनुपर्छ । यस्तो सिद्धान्तबाट बैकिङ कारोबारहरू निर्देशित हुनु जरूरी हुन्छ । अन्यथा बैंकलाई लाभैलाभ हुने र ऋण लिन पर्ने बाध्यताको फाइदा उठाई ऋणीलाई आर्थिक र कानूनी हिसाबले बोझपूर्ण सर्तहरू समावेश गरी लगानीकर्ताको अधिनस्थ पर्ने, पार्ने नियत राखेमा बैंक र यसका ग्राहकबीच सन्तुलित सम्बन्ध विकसित हुन सक्दैन् । जसले अर्थतन्त्रमा सकारात्मक योगदान दिनुको सट्टा नकारात्मक प्रभाव पार्न सक्छ । बैंकले ऋणी वा जमानत दिनेको सम्पत्ति लिलाम गराउनेतर्फ भन्दा ऋणको उद्देश्य कार्यान्वयन गरी लाभदायक स्थिति खडा गर्न सहयोग गर्नुपर्दछ । ऋणीको सम्पत्ति नै लिलाम गर्नुपर्ने अवस्था आइपर्छ भने या त ऋण लगानीको निर्णय नै गलत थियो वा ऋणीले ऋण दुरूपयोग गरेको हुनुपर्दछ। प्रस्तुत विवादमा बैंकको ऋण दुरूपयोग भएको छ भन्ने मिसिलबाट देखिन आएको देखिँदैन । बैंकको उद्देश्य यस्तो विषम स्थिति खडा गर्ने हुन सक्दैन । बैंकको उद्देश्य उत्पादनशील उद्यम गर्न सहयोग गर्ने हुनुपर्दछ र सोही अनुकूलको व्यवहार पनि देखिनुपर्छ । बैंकले ऋणीलाई समाप्त गर्ने र ऋणीको सम्पत्तिबाट अनुचित लाभ हासिल गर्ने दृष्टिकोण राखी व्यवहार गरेमा सो ग्राह्य वा न्यायसङ्गत हुन सक्दैन ।

१६. लुम्बिनी बैंकको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले बहसको क्रममा निवेदिकाले गरिदिएको जमानतको धितो जग्गाको लिलाम यस अदालत संयुक्त इजलासबाट बदर गरेपश्चात् उक्त धितो पूर्ववत्‌रूपमा जमानतको अवस्थामा नै कायम रहनु पर्नेमा फुकुवासमेत गर्ने गरी भएको आदेश कानून प्रतिकूल भएको भनी गर्नुभएको बहसका सम्बन्धमा विचार गर्दा माथि विभिन्न प्रकरणहरूमा गरिएको विवेचनाअनुसार निवेदिका संगिता त्रिपाठीले रू.२४,००,०००।- सीमा तोकी सोही अंकमा मात्र जमानत बसी आफ्नो नामको जग्गा धितो सुरक्षणमा राखेको देखियो । आफूले मन्जुर गरेको जमानतको रकम बैंकलाई दाखिला गर्ने कानूनी दायित्व निवेदिकामा रहेको र सो दायित्व पूरा गर्न निज निवेदिका तयार रहेको मिसिल संलग्न निवेदनसमेतबाट देखिएको छ । यस अदालत संयुक्त इजलासबाट लिलाम बदर गरी निवेदिकाले बैंकसमक्ष मन्जुर गरेको जमानतको रकम रू.२४,००,०००।- (चौबीस लाख) बैंकलाई दाखिला गर्ने दायित्वबाट उन्मुक्ति दिएको नभई सो रकम दाखिला भएपछि मात्र जग्गा फुकुवा गरिदिनु भनी आदेश भएको देखिन्छ । जमानत गरिदिने व्यक्तिले आफूले मन्जुर गरेको जमानतको रकम दाखिला गरेको खण्डमा निजले सुरक्षणको रूपमा दिएको सम्पत्ति पूर्ववत् जमानत सुरक्षणको रूपमा रोक्का राखिरहनु औचित्यपूर्ण हुँदैन ।

१७. जमानतको कागज गर्दा ऋण साधन नभएसम्म जमानीले दायित्व व्यहोर्नु पर्ने गरी अथवा जमानी दिनेको सम्पत्ति फुकुवा नहुने प्रकृतिको विवरण समावेश गरिएको छ भन्ने पनि तर्क गर्न सकिएला तर जमानीलाई ऋणीकै स्थानमा राख्ने गरी लिखत गर्ने गराउने अनावश्यक सर्त घुसाउनेजस्ता कार्य तथा व्यवहारहरू स्वच्छ र उचित मान्न सकिँदैन । यथार्थमा बैंकहरूले असल लगानीकर्ताको व्यवहार देखाउनु पर्छ । जमानीको सान्दर्भिक र वाञ्छित हदभन्दा बढी विस्तार गरी कागज गर्ने गराउने प्रवृत्ति सिद्धान्ततः उचित हुँदैन । त्यसैले त्यस्तो प्रयासहरू ठीक देखिँदैन । तसर्थ बैंकहरूले लिखत गराउँदाको ढाँचामा र शैलीमा परिवर्तन गर्नसमेत जरूरी देखिन्छ ।

१८. तसर्थ, लुम्बिनी बैंक लिमिटेडले निवेदिका संगीता त्रिपाठीले जमानत धितो स्वरूप राखेको जग्गाको मिति २०६२।२।१६ मा गरेको लिलाम मुचुल्का, मिति २०६२।३।२ को सञ्चालक समितिको निर्णय र सोका आधारमा गरेको मालपोत कार्यालय, काठमाडौंको मिति २०६२।७।९ को निर्णय

एवं दाखेल खारेजसम्बन्धी सम्पूर्ण काम कारवाहीलाई उत्प्रेषणको आदेशले बदर गरी निवेदिका र बैंकबीच मिति २०५७।११।४ मा भएको सुरक्षणबापत पारित दृष्टिबन्धक लिखतबमोजिमको रू.२४,००,०००।- निवेदिकाबाट दाखिल गर्न लगाई सो रकम बुझी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, साबिक वडा नं. २२(ढ) कि.नं. ११३ हाल वडा नं. ३ कि.नं. ११६ को जग्गा फुकुवासमेत गरी दिन परमादेशसमेत जारी गरेको यस अदालत संयुक्त इजलासको मिति २०६६।१।१४ को आदेश कानूनसम्मत देखिँदा सदर हुने ठहर्छ । मुद्दा पुनरावलोकनका लागि निवेदन गर्ने लुम्बिनी बैंक लिमिटेडको जिकिर एवं यस अदालतबाट पुनरावलोकनको अनुमति प्रदान गर्दा लिएको आधारसँग सहमत हुन सकिएन।

१९. प्रस्तुत विवादमा बैंक र ऋणीबीच हुने ऋणसम्बन्धी कारोबारमा निश्चित रकमको सीमा तोकी सो बराबरको रकमको जमानत बसी त्यसबापत आफ्नो नामको सम्पत्ति धितो स्वरूप सुरक्षणमा राखेकोमा बैंक र जमानतकर्ताबीच गरिने जमानतसम्बन्धी कागजको व्यहोरा, जमानतकर्ताको दायित्वको सीमा, जमानतकर्ताको दायित्व सिर्जना हुने अवस्था आदिका सम्बन्धमा स्पष्ट व्यवस्था हुनु आवश्यक देखिएको छ। त्यसैले बैंक तथा वित्तीय संस्थाहरूले लिने जेथा जमानत एवं लिलामसम्बन्धमा सबै बैंक तथा वित्तीय संस्थाहरूका नाममा निम्नानुसारको निर्देशन जारी गरिदिएको छ।

१. धितो सुरक्षणबापत जमानतकर्ताले ऋणीले लिने कति ऋण रकमको हकमा जमानतको कागज गरेको हो सो जमानतको अंकको सीमा तोकी सोही सीमा हदमा सीमित रही जमानतकर्ताको दायित्व स्पष्ट हुने गरी जमानतकर्ताको छुट्टै कागज गराउने।
२. ऋणी तथा बैंकबीच वा जमानीकर्ता र बैंकबीच ऋण तथा जमानीसम्बन्धमा गरिएका लिखतहरूमा लेखिएका व्यहोरा र सर्तहरू सहजरूपमा पढ्न नसक्ने ढाँचामा लेखिने गरेको सन्दर्भमा त्यस्ता लिखतमा लेखिएका व्यहोरा एवं सर्तहरू सहजरूपमा पढ्न सकिने ढाँचामा तयार गर्ने गराउने।
३. जमानतकर्ताले कबुल गरेकोभन्दा बढी अंकको दायित्व व्यहोर्नु पर्ने गरी प्रत्यक्ष वा परोक्षरूपमा कागज नगराउने।
४. जमानतकर्ताले कबुल गरेको दायित्वबमोजिमको रकम सर्वप्रथम सम्बन्धित ऋणीबाट नै असुलउपर गर्ने, सम्बन्धित ऋणीबाट असुलउपर हुन नसकेमा जमानतकर्ताले कबुल गरेको सीमा हदसम्मको रकम निज जमानतकर्ताले दिएको सुरक्षण धितोबाट कानूनबमोजिम लिलाम गरी असुल गर्न सकिने भनी जमानतको सर्तनामामा उल्लेख गर्ने।
५. जमानतकर्ताले देखाएको सम्पत्ति धितो सुरक्षणको रूपमा स्वीकार गर्नुपूर्व कानूनी प्रक्रिया पूरा गरी कच्चा सम्पत्ति हो वा पक्का हो, त्यसको मूल्य के कति पर्ने हो, यथार्थ मूल्य खुल्ने गरी मूल्याङ्कन गर्नुपर्ने।
६. जमानतकर्ताले कबुल गरेको रकमबाहेक ऋणीको अन्य दायित्व सम्बन्धमा जमानतकर्ताको सम्पत्तिबाट असुलउपर नगर्ने।
७. जमानतकर्ताले कबुल गरेको दायित्वको रकम सम्बन्धित ऋणीबाट असुलउपर हुन नसकेमा मात्र जमानतकर्ताले दिएको सुरक्षणबाट असुलीको प्रक्रिया अगाडि बढाउने।
८. जमानतकर्ताले कबुल गरेको जमानतको रकम जुनसुकै समयमा दाखिला गर्न ल्याएमा बुझिलिई जमानत सुरक्षणको रूपमा राखेको सम्पत्ति फुकुवा गरिदिने।
९. ऋणीले लिएको ऋणबापत जमानतको अंकको रकम जमानतकर्ताले दिएको धितो सुरक्षणबाट असुलउपर गर्नुपर्ने भएमा त्यस्तो सम्पत्तिको मूल्य

निर्धारण गर्दा स्थानीय व्यक्तिहरूबाट गराएको पञ्चकिर्ते मूल्याङ्कन, प्राविधिकको मूल्याङ्कन, प्रचलित बजार मूल्य मालपोत कार्यालयबाट निर्धारित मूल्य, धितो सुरक्षण स्वीकार गर्दा निर्धारित मूल्यसमेतलाई मध्यनजर गरी मूल्य निर्धारण गर्ने गराउने गरी मापदण्ड बनाई लागू गर्ने।

१०. वास्तविक र स्पष्ट आधार तथा कारण बेगर धितोको अवमूल्याङ्कित गरी मूल्य कायम नगर्ने।

११. जमानतकर्ताले धितो सुरक्षणमा दिएको सम्पत्ति लिलाम गर्नुपर्ने भएमा सो लिलाम गर्नुपूर्व जमानतकर्तालाई निजले स्वीकार गरेको अंकहदको रकम दाखिला गर्नको लागि समय किटान गरी सूचना दिने।

१२. जमानतकर्ताले तोकिएको सूचनाको समय सीमाभित्र जमानतपत्रमा आफूले मन्जुर गरेको रकम दाखिला गर्न नल्याएमा धितो सुरक्षणको सम्पत्ति लिलामको सूचना प्रकाशित गरी सोको सूचना जमानतकर्तालाई समेत प्रदान गर्ने।

१३. बैंकले जमानत सुरक्षणमा रहेको सम्पत्ति लिलाम गर्दा अपनाउनु पर्ने प्रक्रिया तथा कार्यविधिका सम्बन्धमा छुट्टै नियमावली वा कार्यविधि वा निर्देशिका तयार गरी अनिवार्यरूपमा लागू गर्ने।

१४. जमानत सुरक्षणको सम्पत्ति लिलाम मितिभन्दा अगाडि वा लिलामपश्चात् निश्चित समय सीमाभित्र जमानतकर्ताले जमानतपत्रको दायित्वबमोजिमको रकम दाखिला गर्न ल्याएमा बुझिलिई धितो फुकुवा गरी दिने।

यो निर्देशन कार्यान्वयनको लागि सबै इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई जानकारी दिई निर्देशनबमोजिम भए नभएको अनुगमन गर्नु भनी नेपाल राष्ट्र बैंकलाई यो आदेशको प्रतिलिपिसमेत साथै राखी लेखी पठाई दिनू। फैसला कार्यान्वयन निर्देशनालयलाई यो आदेशको प्रतिलिपि पठाई प्रस्तुत रिटको दायरीको लगत कट्टागरी मिसिल अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा हामी सहमत छौं।
न्या. सुशीला कार्की
न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इजलास अधिकृत: सुरेशराज खनाल
इति संवत् २०७२ साल पुस १६ मा रोज ५ शुभम्।

## निर्णय नं. ९६४७

सर्वोच्च अदालत, पूर्ण इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
फैसला मिति : २०७३।११।१३
०६८-DF-००१९

मुद्दा - अंश चलन

पुनरावेदक / प्रतिवादी : ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका, वडा नं. ५ बस्ने हेरामाया भन्ने माया महर्जनसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : ऐ. ऐ. घर भई हाल ऐ. वडा नं. १ बस्ने उत्तमदेवी महर्जनसमेत

- **लिखत बदर मुद्दाको रोहमा दाबी खारेज भई प्रतिवादीले गरेको बिक्रीव्यवहार सदर ठहर भइसकेपछि सो सम्पत्तिको मूल्यबाट**

**आएको नगद रकमबाट अंश दिलाई पाउँ भन्ने दाबी आफैँमा विरोधाभाषपूर्ण देखिई कानूनसङ्गत देखिन आएन। जुन जग्गाको विषयमा प्रतिवादीहरूबाट पूर्वदाबी गरिएको हो सो दाबी नै खारेज भएको अवस्थामा सो जग्गा बिक्री गरी प्राप्त भएको रकमसमेत बन्डा हुनुपर्छ भनी पुनः अंश मुद्दाको रोहबाट प्रतिवादीहरूले लिएको दाबी पनि मनासिब देखिन नआउने ।**

(प्रकरण नं. १०)

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता शम्भु थापा, विद्वान् अधिवक्ताहरू ईश्वरीप्रसाद भट्टराई र मंगल महर्जन

वादीको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता हरिहर दाहाल, विद्वान् अधिवक्ताहरू रक्षबहादुर क्षेत्री र हरिशरण महर्जन

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू ललितपुर जिल्ला अदालतमा फैसला गर्ने:

मा.जि.न्या.श्री जनार्दनबहादुर खड्का

पुनरावेदन अदालत, पाटनमा फैसला गर्ने :-

मा.न्या.श्री कृष्णप्रसाद बस्याल

मा.न्या.श्री बुद्धिप्रसाद रेग्मी

सर्वोच्च अदालत संयुक्त इजलासमा फैसला गर्ने:

मा.न्या.श्री रामकुमार प्रसाद शाह

मा.न्या.श्री भरतराज उप्रेती

फैसला

**न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ :** सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः-

विपक्षीमध्येका राम महर्जन तथा माया महर्जन हामी फिरादीका ससुरा बाजे तथा सासु बज्यै हुनुहुन्छ । साथै विपक्षी नरेन्द्र महर्जन देवर तथा काका नाता पर्दछन् । विपक्षी राम महर्जन तथा माया महर्जनको कोखबाट जायजन्म भएको छोराहरूमा हामी फिरादीका पति, पिता नरराम महर्जन र विपक्षी नरेन्द्र महर्जन हुन् । छोरीहरूमा रामप्यारी महर्जन र रामकुमारी महर्जन गरी २ छोरीहरूको जन्म भएकोमा सबैको विवाह भइसकेको छ। मिति २०५२।४।३१ मा हामीहरूका पति तथा पिता नरराम महर्जन परलोक हुनुभयो। विपक्षीहरूले हाम्रो हक मार्ने कुनियत राखी २०५२ सालमा पनि जग्गा बिक्री गरिसक्नुभएको र फेरि पनि बिक्री गर्ने भनी बैनासमेत लिइसकेको अवस्था हुँदा हाम्रोसमेत अंश हक लाग्ने जग्गा बिक्री गरेमा हामीलाई अंश नै नहुने हुँदा रोक्काको लागि छुट्टै निवेदन गर्ने नै छौं। हामी फिरादीहरूको अंश हक लाग्ने सम्पूर्ण सम्पत्ति विपक्षीहरूकै जिम्मा रहे भएकोले विपक्षीहरूबाट तायदाती फाँटवारी माग गरी सम्पूर्ण श्रीसम्पत्तिको ४ भागको १ भाग हामी फिरादीहरूलाई अंश भाग छुट्याई अड्डैबाट चलनसमेत चलाई पाउँ भन्नेसमेत व्यहोराको वादीहरूको फिराद दाबी।

विपक्षीहरूको फिराद दाबी झुठा हो । छोरा नरराम महर्जनसँग घरसारमा सल्लाह हुँदा परिवार संख्या वृद्धि भई एकै घरमा बस्न ठाउँ अभावका कारण बसोबासको निम्ति ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. १(क) कि.नं. ३०२ को जग्गा खरिद गरी दिई छुट्टै घर बनाइदिएको थिएँ। पछि निज छोराले म माया महर्जनको एकलौटी नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता रहेको ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. १ कि.नं. १७७ को क्षे.फ. ०-१५-३-० जग्गा कित्ता र ऐ. ऐ. कि.नं. १७९ क्षे.फ. २-४-१-० जग्गा कित्ता १ समेत २ कित्ता जग्गा निजको नाममा हक हस्तान्तरण गरिदिएमा कुनै सम्पत्तिमा दाबी नगर्ने भनी सहमति भएबमोजिम म माया महर्जनले उक्त

२ कित्ता जग्गा निज छोरा नरराम महर्जनलाई मिति २०४५।४।३ मा हक हस्तान्तरण गरिदिएको थिएँ। उक्त २ कित्ता जग्गाहरूमा पछि हामीहरूका बहिनी तथा फुपू तुयु महर्जनले हामीउपर यसै अदालतमा लिखत दर्ता बदर हक कायम खिचोलासमेत मुद्दा दायर गरेकोमा सो मुद्दामा आपसी सहमतिबाट २ कित्ता जग्गाको जम्मा क्षे.फ. ३-४-०-० मध्ये उत्तरतर्फबाट क्षे.फ. १-८-०-० जग्गा छोरा नरराम महर्जनको मु.स. गर्ने यिनै विपक्षी उत्तम देवी महर्जनलाई र दक्षिणतर्फको क्षे.फ. १-१२-०-० जग्गा तुयु महर्जनलाई पारी मिलापत्र भएको थियो। म राम महर्जन आफ्नो मेहनत परिश्रमले आर्जन गरेको अन्य अंशियारलाई बन्डा गर्न कर नलाग्ने सम्पत्ति र म माया महर्जनले निजी तवरमा बकस पाएको मेरो आफुखुस गर्न पाउने जग्गासमेत दाबी गरी दायर गरेको हकदैयाविहीन फिराद खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरूको संयुक्त प्रतिउत्तर जिकिर।

अदालतका आदेशानुसार वादी प्रतिवादीहरूको साक्षीको बकपत्र हुँदा वादीको साक्षीले वादीको फिरादपत्र मिलानको र प्रतिवादीको साक्षीले प्रतिवादीको प्रतिउत्तरपत्र मिलानको बकपत्र गरेका।

अदालतका आदेशानुसार वादी प्रतिवादीहरूबाट पेस भएको आफू जिम्माको तायदाती फाँटवारी, जग्गा दर्ताको उतार, लिखतका प्रतिलिपि, प्रमाण मिसिल तथा लगाउको अन्य मुद्दाहरू मिसिलसाथ रहेको।

वादी प्रतिवादीको नातामा विवाद नदेखिएको, वादीले रीतपूर्वक अंश बुझिसकेको कुनै प्रमाण प्रतिवादीले पेस गर्न नसकेकोबाट सगोलकै अंशियार वादीहरूले प्रतिवादीहरूबाट अंश पाउनुपर्ने नै देखियो। कि.नं. २३४ को जग्गाको हकमा लगाउको लिखत दर्ता बदर मुद्दाबाट विचार हुने हुँदा यस मुद्दामा केही बोलिरहन परेन। तायदातीमा राम महर्जनका नामको केही जग्गा निजी आर्जनको भनी जिकिर लिए तापनि कुनै प्रमाण पेस हुन नआएकोले सगोलको भएको देखियो। ऋणको हकमा साहुको उजुर परेका बखत कानूनबमोजिम हुने हुँदा केही बोलिरहन परेन। तायदातीमा देखिएको मोटरसाइकल अंश मुद्दा परेपछि खरिद गरेको देखिएकोले बन्डा गर्न मिलेन। कि.नं. ३०२ को घरमा रहेको खुद्रा पसल सगोलको भने तापनि भरपर्दो प्रमाण नदेखिँदा उक्त पसल बन्डा गर्न मिलेन। वादी उत्तम देवी महर्जनको नाममा बचत खातामा रहेको भनिएको वादीका पिता नरराम महर्जनले कि.नं. १७७ र १७९ को जग्गा हा.ब. बाट प्राप्त गरी बिक्री गरी बैङ्कमा सञ्चित रहेको देखिँदा उक्त सम्पत्तिको बन्डा नलाग्ने सो कि.नं. ३०२ को जग्गाको सम्बन्धमा जालसाज मुद्दाबाट विचार हुने हुँदा केही गरिरहन परेन सोबाहेक तायदाती फाँटवारीबाट दर्ता भएको जग्गाबाट ४ भागको १ भाग अंश वादीले प्रतिवादीहरूबाट पाउने ठहर्छ भन्नेसमेत ललितपुर जिल्ला अदालतबाट मिति २०६२।०२।२७ मा भएको फैसला।

विपक्षी उत्तम देवी हामीहरूको बुहारी एवम् भाउजू नाताको अंशियार हुन्। विपक्षीका पति नरराम महर्जनले घर सल्लाह गरी नरम करम मिलाई छुट्टिई भिन्न बसी आएको अवस्था थियो। छोरा तथा दाई जीवित रहुन्जेल कुनै विवाद थिएन। निजको मृत्युपछि विपक्षी बुहारी तथा भाउजूले नररामको नाममा रहेको हरिसिद्धि वडा नं. १ कि.नं. ३४७ र ३७९ वडा नं. १(क) कि.नं. ३०२ को घर जग्गा नामसारी गरी कि.नं. ३४७ र ३७९ को जग्गा मिति २०६०।७।२७ मा एक्काइस लाखमा बिक्री गरेको र सोही दिन कि.नं. ३०२ को घर जग्गासमेत आफ्नी बहिनी नन्द देवीलाई राजीनामा गरी आफ्नो जिम्मा कुनै सम्पत्ति नराखी ठूलो धनराशी हात पारिसकेपछि हामी जिम्माको सम्पत्ति पुनः हात पार्ने दूषित मनसायले जग्गा बिक्री गरेको छैठौं दिन मिति २०६०।८।२ मा हामीउपर अंश मुद्दा दर्ता गरी विचाराधीन रहेको अवस्थामा आफ्नो

नामबाट हक हस्तान्तरण गरेको कि.नं. ३०२ को घर जग्गा विपक्षी स्वयम्ले हालैको बकसपत्र गरी लिएको अवस्थामा विपक्षीको जिम्मामा रहेको माथि उल्लिखित चल अचल सम्पत्ति कुनै पनि बन्डा नलाग्ने गरी भएको सुरू ललितपुर जिल्ला अदालतको फैसला बदर गरी तायदाती फाँटवारीमा उल्लेख भएको विपक्षीहरूको जिम्माको सम्पत्तिबाट समेत अंशियारबीच बन्डा लाग्ने गरी इन्साफ पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर।

कि.नं. ३०२ को घर जग्गा बहिनी नाताकी नन्द देवीलाई राजीनामा गरी पुनः आफ्नो नाममा नामसारी गरी लिई अशबन्डाको ३० नं. बमोजिम दर्ता बिक्री व्यवहार गरिसकेपछि अंश पाउँ भनी दिएको फिरादबाट बन्डा लाग्ने ठहर्‍याएको सुरू फैसला नमिली फरक पर्न सक्ने देखिँदा अ.वं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई पेस गर्नु भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०६३।११।१ को आदेश।

ललितपुर जिल्ला अदालतबाट तायदाती माग्ने आदेश हुँदा वादी प्रतिवादीले बकसपत्र पाएको सम्पत्तिबाहेक फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी तायदाती माग्नु भन्ने आदेश विपक्षीले स्वीकारेको अवस्था हुँदा कि.नं. ३०२ घरजग्गा बन्डा लाग्ने होइन । हामीले अंश मुद्दा गरी विपक्षी हेरामाया महर्जनको नाममा रहेको ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. १(क) कि.नं. २१२, २१३, २१४, २१५ समेतको जग्गा रोक्का रहेकोमा फुकुवा गरी मिति २०६०।१२।९ मा एक्काइस लाखमा बिक्री गरी हाम्रो अंश हक मारेको अवस्था छ । हामीले कि.नं. १७७, १७९ को जग्गा आफ्नो नाममा ल्याई बिक्री गरिसक्यो भन्ने विपक्षीले प्रमाणको अभावमा दाबी लिँदैमा हुने होइन। ललितपुर जिल्ला अदालतको फैसला सदर हुने गरी इन्साफ पाउँ भन्ने उत्तम देवी महर्जनसमेत जना ३ को संयुक्त लिखित प्रतिवाद।

प्रत्यर्थी वादीहरू र पुनरावेदक प्रतिवादीहरूबीच अंशियारमा कुनै विवाद नभएकोले कानूनअनुसारको बन्डापत्र लिखतको अभावमा कि.नं. ३०२ को जग्गा, कि.नं. ३७९ र ३४७ को जग्गा बिक्रीबाट प्राप्त रकम, मोटरसाइकल र चार लाख बराबरको खुद्रा पसल बन्डा नगर्ने र अन्य सम्पत्तिबाट प्रत्यर्थी वादीहरूले वादी दाबीबमोजिम ४ भागको १ भाग अंश पुनरावेदक प्रतिवादीहरूबाट पाउने गरेको सुरू ललितपुर जिल्ला अदालतको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत पुनरावेदन अदालत, पाटनको मिति २०६४।२।१५ गतेको फैसला।

वादीका नाउँमा बाँकी रहेको सगोलको सम्पत्ति कि.नं. ३७९, ३४७ को जग्गा बिक्री गरी प्राप्त रकम, कि.नं. ३०२ को घर जग्गा, चार लाख मूल्य बराबरको खुद्रा पसलसमेत बन्डा नलाग्ने तर हाम्रो नाममा रहेको निजी सम्पत्तिसमेत बन्डा गर्ने गरी भएको फैसलामा मिसिल संलग्न प्रमाणको मूल्याङकनसम्बन्धी त्रुटि विद्यमान रहनुको साथै अ.वं.१८४क,१८५ नं., प्रमाण ऐन २०३१ को दफा ६क. समेतको व्याख्यासम्बन्धी गम्भीर कानूनी त्रुटि विद्यमान रहेकोले निवेदकलाई हराई भएको पुनरावेदन अदालत, पाटनको फैसलामा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) र (ख) को अवस्था विद्यमान हुँदा मुद्दा दोहोर्‍याई हेरी वादी दाबीबाट अलग फुर्सद गरिपाउँ भन्नेसमेत प्रतिवादी नरेन्द्र महर्जनसमेतको यस अदालतमा पर्न आएको मुद्दा दोहोर्‍याई पाउँ भन्ने निवेदन पत्र।

यसमा विवादको ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. १(क) स्थित कि.नं. ३०२ को जग्गामा बनेको घरमा जडान भएको बत्ती बाजे ससुरा राम महर्जनको नाममा रहेकोबाट घर पछि बनेको स्थितिमा बकसपत्रबाट प्राप्त भएको भनी तथा ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. १ स्थित कि.नं. १७७ र १७९ कित्ताकाटपछि कायम हुन आएको कि.नं. ३७९ र ३४७ जग्गा बिक्रीबाट

आएको एक्काइस लाखसमेत अंश नलाग्ने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६४।२।१५ को फैसलामा अंशबन्डाको १ र १८ नं. को त्रुटि हुनुको साथै भरतराज जोशी विरूद्ध ज्ञानु बाबा जोशी भएको अंश चलन मुद्दा (*ने.का.प.* २०५७ अंक २ नि.नं. ६८५४ पृ.१०७) मा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको व्याख्यात्मक त्रुटि विद्यमान रहेको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) र (ख) अनुसार मुद्दा दोहोर्‍याई हेर्ने अनुमति प्रदान गरिदिएको छ । प्रस्तुत निवेदनलाई पुनरावेदनको लगतमा दर्ता गरी विपक्षीसमेत झिकाई नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतबाट मिति २०६६।१०।८ मा भएको आदेश।

जग्गा बिक्रीबाट आएको रू.एक्काइस लाख, कि.नं. ३०२ को घर जग्गा, पसल, मोटरसाइकलसमेत भाग बन्डा लाग्छ भन्ने विपक्षीको दाबी खारेज गरी सुरू एवम् पुनरावेदन अदालतको फैसला कायम राखी पाउँ भन्ने वादीको लिखित प्रतिवाद।

कि.नं. ३०२ को जग्गा मिति २०४९।९।७ मा वादीका पति पिता नरराम महर्जनले आफ्नो जेठी सासू जमुना महर्जनबाट हालैको बकसपत्रबाट प्राप्त गरेको देखिएको हुँदा सगोलको सम्पत्तिबाट आर्जन वा खरिद गरी लिएको भन्न नमिल्ने हुँदा सो जग्गामा प्रतिवादीहरूलाई अंश नदिलाउने ठहराएको पुनरावेदन अदालतको फैसला मनासिब देखिन्छ। कि.नं. ३०२ जग्गामा बनेको घर प्रतिवादीसमेतको सगोलको रकमबाट बनेको भनी देखिने तथ्ययुक्त आधार प्रमाण यी प्रतिवादीले दिन गुजार्न सकेको नदेखिँदा वादीका पति पिताले निजी तवरबाट बकसपत्रबाट प्राप्त गरेको सो कि.नं. ३०२ को जग्गामा बनेको घर अन्य अंशियारको अंश हक नलाग्ने हुँदा सो घरबाट अंश नदिलाएको समेत फैसलामा त्रुटि देखिन आएन।

कि.नं. ३४७ र ३७९ को जग्गा राहुल विल्डवेललाई एक्काइस लाखमा बिक्री गरेकोले सो रकममा अंश दिलाई पाउँ भन्ने प्रतिवादीको अर्को जिकिरको सम्बन्धमा विचार गर्दा कि.नं. ३४७ र ३७९ को जग्गा मिति २०६०।७।२७ मा विल्डवेल प्रा.लि. लाई बिक्री गरेकोमा यी प्रतिवादीहरूले सो राजीनामा लिखत बदर गरिपाउँ भनी मुद्दा दिएकोमा सो मुद्दा ललितपुर जिल्ला अदालतबाट हदम्याद नाघी फिराद परेको भनी मिति २०६३।१२।२५ मा फिराद खारेज हुने ठहरेको भन्ने ललितपुर जिल्ला अदालतको २०६२ सालको दे.नं. ३९८/७९० को लिखत बदर मुद्दाको फैसलासमेतबाट देखिएको हुँदा लिखत बदर मुद्दाको रोहमा सम्पत्ति फिर्ता पाउँ भन्ने दाबी खारेज भई सम्पत्ति फिर्ता पाउने नठहरेपछि सो सम्पत्तिको मूल्यबाट अंश दिलाई पाउँ भन्ने दाबी कानूनसङ्गत नहुँदा रकमका सम्बन्धमा लिएको दाबी पुग्न नसक्ने ठहराएको पनि मनासिब देखिन आयो। खुद्रा पसल र मोटरसाइकल मानो छुट्टिएको मितिपछि वादीले खरिद गरेको हुँदा प्रतिवादीको अंश लाग्ने सगोलको सम्पत्ति नदेखिँदा उक्त सम्पत्तिबाहेक अन्य सम्पत्तिमा वादीले प्रतिवादीहरूबाट चार भागको एक भाग अंश पाउने ठहराएको पुनरावेदन अदालत, पाटनको मिति २०६४।०२।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। सहयोगी माननीय न्यायाधीशको फरक राय भएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ (१)(क) बमोजिम पूर्ण इजलासमा पेस गर्नु भन्ने माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाहको राय।

मोटरसाइकल थान एक र चार लाख मूल्य बराबरको खुद्रा पसल सगोलको सम्पत्तिबाट खरिद गरी लिएको भन्ने प्रमाणको अभाव हुँदा सो सम्पत्ति बन्डा नलाग्ने ठहराएको पुनरावेदन अदालत, पाटनको फैसला सदर गरेको सहयोगी माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाहको राय मनासिब हुँदा सो हदसम्म उक्त रायमा मेरो सहमति भई त्यसतर्फ कुनै विवेचना गरिरहन परेन। कि.नं. ३०२ को जग्गा जमुना

महर्जनबाट नरराम महर्जनले मिति २०४९।०९।०७ मा बकसपत्रको माध्यमबाट प्राप्त गरेको देखिए पनि हाल अंशियारभित्रकै व्यक्तिको नाममा कायम भइरहेको हुँदा सगोलमा रहेको सम्पत्ति बन्डा नलाग्ने भन्न मिलेन । सगोलको सम्पत्तिबाट खरिद गरेको जग्गामा बनाएको घर वादीले निजी आर्जनबाट निर्माण गरेको पुष्टि गर्न नसकेको अवस्थामा त्यस्तो घर बन्डा नगर्ने ठहर्‍याएकोसमेत पुनरावेदन अदालतको फैसला मनासिब देखिएन । कि.नं. ३४७ र ३७९ को जग्गा वादीका पति नररामले आमा माया महर्जनबाट प्राप्त गरेको र सो जग्गा यी वादीले आफ्ना नाममा नामसारी गरी मिति २०६०।०७।२७ मा राहुल विल्डवेल प्रा.लि. लाई रू.२१,००,०००।- मा बिक्री गरेको हुँदा बिक्री नहुँदा बन्डा लाग्ने तर बिक्रीबाट प्राप्त भएको रकम भने बन्डा नलाग्ने भनी तर्क गर्न न्यायसङ्गत नहुने हुँदा उक्त जग्गा वादीले बिक्री गरी प्राप्त गरेको रकमसमेत बन्डा लाग्ने देखिएकोले कि.नं. ३०२ को जग्गा र सोमा बनेको घर, कि.नं. ३७९ र ३४७ को जग्गा बिक्री गरी बैङ्कमा जम्मा गरेको रकमसमेत सगोलको सम्पत्ति देखिँदा सोसमेत बन्डा गर्ने ठहर गर्नुपर्नेमा सो सम्पत्ति बन्डा नगर्ने ठहराएको हदसम्म पुनरावेदन अदालतको फैसला नमिलेकोले केही उल्टी हुने ठहर्छ । सहयोगी माननीय न्यायाधीशको फरक राय रहेकोले प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेस गर्नु भन्ने माननीय न्यायाधीश श्री भरतराज उप्रेतीको राय ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनसमेतको मिसिल अध्ययन गरी पुनरावेदक तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा, विद्वान् अधिवक्ताहरू श्री ईश्वरीप्रसाद भट्टराई र श्री मंगल महर्जनले कि.नं. ३०२ को जग्गा र त्यहाँ निर्माण भएको घरसमेत सगोलकै सम्पत्तिबाट खरिद एवम् निर्माण भएको हो । त्यस्तै कि.नं. १७७ र १७९ का कित्ता जग्गाहरू सगोलमै भएको अवस्थामा विपक्षीका पिता, पति नररामको नाममा हस्तान्तरण भएकोमा उक्त जग्गाको हाल कायमी कि.नं. ३४७ र ३७९ को बिक्रीबाट आएको रकम रू. २१,००,०००।- (एक्काइस लाख) समेत बन्डा हुने सगोलको सम्पत्ति हो । त्यस्तै विपक्षी जिम्माको चार लाख रूपैयाँ बराबरको पसल तथा मोटरसाइकलसमेत सगोलकै सम्पत्तिबाट जोडेको हुँदा उक्त सम्पत्तिहरूसमेत बन्डा लगाउन पर्नेमा सो सम्पत्ति विपक्षीको निजी आर्जन ठहराई बन्डा नगरेको पुनरावेदन अदालतको फैसला मिलेको छैन । सगोलको सम्पत्ति अंश लुकाउने हिसाबले अन्यत्र दिई पुन: फिर्ता आएको हुँदा यो बन्डा लाग्ने सम्पत्ति हो । पहिले केही जग्गा बिक्री गरी बैङ्कमा रकम राख्ने र केही जग्गा पहिले बिक्री गरी पछि अंश मुद्दा दिएपछि आफ्ना नाममा नामसारी गराउने कार्यबाट वादीको व्यवहार दूषित देखिन आएको हुँदा माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाहको राय बदर गरी माननीय न्यायाधीश श्री भरतराज उप्रेतीको राय सदर कायम हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

प्रत्यर्थी उत्तम देवी महर्जनसमेतका तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल, विद्वान् अधिवक्ताहरू श्री रक्षबहादुर क्षेत्री र श्री हरिशरण महर्जनले दाबीको कि.नं. ३०२ मा बनेको घर सगोलको सम्पत्तिबाट बनाएको होइन । विपक्षीहरूसँग २०३९ सालदेखि अलग बसी आएको हुनाले उक्त सम्पत्ति बन्डा लाग्ने होइन । कि.नं. ३०२ को जग्गाको स्रोत नै अंशियारबाहेक अन्य व्यक्ति भएकाले बन्डा हुने प्रश्न नै आउँदैन । कि.नं. ३७९ र ३४७ को जग्गा बिक्री गरेउपर लिखत बदर मुद्दा परी लिखत बदर नहुने ठहरी फैसला भएको छ । लिखत बदरमा दाबी नपुगेपछि सो बिक्रीबाट आएको सम्पत्ति बन्डा हुने प्रश्न हुँदैन । तायदाती माग्ने आदेशमा नै वादी प्रतिवादीले हालैको बकसपत्रबाट प्राप्त गरे बाहेकको सम्पत्ति मात्र तायदाती माग गरेको छ । आफ्नो निजी ज्ञान, श्रम सीपबाट

आर्जन गरेको घर जग्गा बन्डा नहुने हुँदा दाबीको घर, जग्गा, पसल, मोटरसाइकलसमेत बन्डा नलाग्ने ठहराएको पुनरावेदन अदालतको फैसला सदर गर्नु भएको माननीय न्यायाधीश रामकुमार प्रसाद शाहको राय सदर कायम हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

पुनरावेदक तथा प्रत्यर्थी दुवैतर्फका विद्वान् अधिवक्ताहरूको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीहरूबाट ४ भागको १ भाग अंश पाउँ भन्ने वादी दाबी भएकोमा तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमध्ये वादीको नाममा दर्ता रहेको कि.नं. ३०२ को जग्गा र सोमा बनेको घर, कि.नं. ३७९ र ३४७ को जग्गा राहुल विल्डेवल प्रा.लि. लाई बिक्री गरी प्राप्त गरेको रू. २१ लाख तथा चार लाख मूल्य बराबरको खुद्रा पसल र मोटरसाइकल वादीको निजी ठहरी बन्डा नलाग्ने र अरू सम्पत्तिमा वादीले प्रतिवादीहरूबाट ४ भागको १ भाग अंश पाउने ठहर गरेको सुरू ललितपुर जिल्ला अदालतको फैसला सदर गरी पुनरावेदन अदालत, पाटनबाट फैसला भएको देखिन्छ। पुनरावेदन अदालत, पाटनको उक्त फैसलाउपर प्रतिवादीहरूको तर्फबाट मुद्दा दोहोर्‍याई पाउँ भनी परेको निवेदनमा मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान भई निर्णयार्थ संयुक्त इजलासमा पेस भएकोमा यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीशबीच रायमा मतैक्य नभई फरक फरक राय व्यक्त भई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलाससमक्ष निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा देहायका विवादित विषयमा निरूपण गर्नुपर्ने देखिन आयो।

(१) वादी र प्रतिवादीहरू सगोलका अंशियारहरू हुन् होइनन् ?

(२) कि.नं. ३०२ को जग्गा र सोमा बनेको घर, कि.नं. ३७९ र ३४७ को जग्गा बिक्री गरी प्राप्त गरेको रू. २१ लाख तथा चार लाख मूल्य बराबरको खुद्रा पसल र मोटरसाइकल वादीको निजी ठहरी बन्डा नलाग्ने भन्ने माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाहको राय वा कि.नं. ३०२ को जग्गा र सो मा बनेको घर, कि.नं. ३७९ र ३४७ को जग्गा बिक्री गरी प्राप्त गरेको रू. २१ लाख सगोलको सम्पत्ति ठहर गरी वादी प्रतिवादीमा अंशभाग लाग्ने भन्ने माननीय न्यायाधीश श्री भरतराज उप्रेतीबाट व्यक्त भएको रायमध्ये कुन राय कायम हुनु पर्ने हो ?

२. पहिलो प्रश्नतर्फ विचार गर्दा मूल पुरूष राम महर्जन र निजको पत्नी माया महर्जनबाट जन्मेका सन्ततीहरूमा जेठो छोरा नरराम महर्जन, कान्छो छोरा नरेन्द्र महर्जन र छोरीहरूमा रामप्यारी महर्जन र रामकुमारी महर्जन भएकोमा छोरीहरूको विवाह भइसकेको र जेठो छोरा नरराम महर्जनको पत्नी वादी उत्तमदेवी र निजहरूबाट जन्मेका दुई छोराहरूमा नरहरी र कृष्णहरि भई वादी प्रतिवादीहरूमा नातामा दुवै पक्षबीच मुख मिली विवाद रहेको देखिँदैन। नरराम महर्जनको मृत्यु भएकोले निजले प्राप्त गर्ने ४ भागको १ भाग अंश माग गरी नरराम महर्जनको पत्नी तथा छोराहरूले दाबी गरेको देखिन्छ वादीहरूका पति पिता नररामलाई अंशबापत कि.नं. १७७ र कि.नं. १७९ को जग्गा आमा माया महर्जनबाट हक हस्तान्तरण गरिसकेको हुँदा अरू सम्पत्ति बन्डा गर्न कर नलाग्ने भनी प्रतिवादीहरूले अंश दिनबाट इन्कार गरी प्रतिवाद गरेको देखियो।

३. प्रतिवादीहरूले सुरूमा प्रतिवाद गर्दा वादीहरूलाई अंश दिन इन्कार गरेको देखिएपनि सुरू जिल्ला अदालत र पुनरावेदन अदालतबाट वादीहरूले प्रतिवादीहरूबाट ४ भागको १ भाग अंश पाउने ठहरी फैसला भएकोमा भागतर्फ प्रतिवादीहरूको कुनै चुनौती रहेको देखिँदैन। कि.नं. ३०२ को जग्गा र सोमा बनेको

घर, तथा कि.नं. १७७ , कि.नं. १७९ कित्ताकाट भई कायम हुन आएको कि.नं. ३७९ र ३४७ को जग्गा बिक्री गरी प्राप्त गरेको रू. २१ लाख तथा चार लाख मूल्य बराबरको खुद्रा पसल र मोटरसाइकल वादीको निजी ठहरी बन्डा नलाग्ने ठहरेकोमा सोमा प्रतिवादीहरूले चुनौती दिई उक्त सम्पत्ति वादीको मात्र एकलौटी हुने होइन भनी जिकिर लिएबाट वादी प्रतिवादीहरू सगोलको अंशियार भएको तथ्यमा प्रतिवादीहरूले पुनरावेदनको रोहमा स्वीकार गरेको हुँदा सगोलको अंशियारामा अब कुनै विवाद नहुँदा विवाद नभएको कुरामा थप विवेचना गरिरहन परेन।

४. अब माथि उल्लिखित दोस्रो प्रश्नतर्फ विचार गर्दा वादीको नाममा दर्ता रहेको कि.नं. ३०२ को जग्गा र सोमा बनेको घर, कि.नं. ३७९ र ३४७ को जग्गा राहुल बिल्डेवल प्रा.लि. लाई बिक्री गरी प्राप्त गरेको रू. २१ लाख, चार लाख मूल्य बराबरको खुद्रा पसल, मोटरसाइकलसमेत वादीको निजी ठहर गरी बन्डा नलाग्ने ठहर्‍याएको सुरू तथा पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएकोले पुनरावेदन अदालतको फैसला सो हदसम्म बदर गरी उक्त सम्पत्तिसमेत बन्डा हुनुपर्ने भनी प्रतिवादीहरूको पुनरावेदन जिकिर रहेको छ।

५. वादीको जिम्मा रहेको चार लाख मूल्य बराबरको खुद्रा पसल र मोटरसाइकलसमेत सगोलकै सम्पत्तिबाट खरिद गरेको हो भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर रहेकोमा त्यसलाई सप्रमाण पुष्टि गर्न सकेको देखिँदैन । सगोलको सम्पत्ति हो भनी जिकिर लिने पक्षमाथि सो कुराको प्रमाण पुर्‍याउनु पर्ने दायित्वसमेत निहित रहने हुन्छ। उक्त खुद्रा पसल र मोटरसाइकल सगोलको सम्पत्तिबाट खरिद गरेको भन्ने नदेखिएकोले उक्त सम्पत्ति सगोलको भन्न नमिल्ने हुँदा सो सम्पत्तिमा प्रतिवादीहरूको अंश हक नलाग्ने भनी ठहर गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको नै देखिएको र तत् सम्बन्धमा संयुक्त इजलासका माननीय न्यायाधीशहरू बीचमा पुनरावेदन अदालतको फैसला सदर हुने भनी सो हदसम्म रायमा मतैक्य भएकोसमेत देखिँदा मतैक्य भएको विषयमा यस इजलासबाट थप कुनै विवेचना गरिरहन परेन।

६. कि.नं. ३०२ को जग्गा र सोमा बनेको घर तथा कि.नं. ३७९ र ३४७ को जग्गा बिक्री गरी प्राप्त गरेको रू. २१ लाख वादीको निजी आर्जन हुँदा उक्त सम्पत्तिमा प्रतिवादीहरूको अंशभाग नलाग्ने भन्ने माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाहको राय रहेको र उक्त विवादित सम्पत्ति सगोलको ठहर गरी वादी प्रतिवादीबीच अंशभाग लाग्ने भन्ने माननीय न्यायाधीश भरतराज उप्रेतीबाट राय व्यक्त भएको सन्दर्भमा बन्डा गर्नुपर्ने सम्पत्तिमा रायमा मतैक्य हुन सकेको नदेखिँदा माथि उल्लिखित विवादित सम्पत्ति वादीहरूको निजी आर्जन भई बन्डा नलाग्ने हो वा सगोलको सम्पत्ति भई वादी प्रतिवादीहरूमा अंशभाग लाग्ने हो भन्ने प्रश्न विचारणीय हुन आएको छ।

७. कि.नं. ३०२ को ज.रो.०-३-२ जग्गा र सोमा बनेको घरका हकमा विचार गर्दा कि.नं. ३०२ जग्गा मिति २०४९।९।७ मा वादीहरूका पति पिता नरराम महर्जनले आफ्नो जेठी सासू जमुना महर्जनबाट हालैदेखिको बकसपत्रद्वारा प्राप्त गरेको देखिन्छ। २०५२ सालमा नरराम महर्जनको मृत्युपश्चात् निजकी पत्नी वादी उत्तमदेवीले आफ्नो नाममा नामसारी गराई लिएको पाइयो। सोही जग्गा उत्तमदेवी महर्जनले नन्ददेवी महर्जनलाई मिति २०६०।७।२७ मा राजीनामा गरी दिई हक हस्तान्तरण गरेको देखिन्छ। नन्ददेवीको नामको सम्पत्ति पुनः निजबाट वादी उत्तमदेवी महर्जनले मानो छुट्टिएको मितिपश्चात् बकसपत्रबाट मिति २०६०।९।२३ गते प्राप्त गरी लिएको राजीनामा तथा बकसपत्रको लिखतसमेतबाट देखिन आएको छ।

८. वस्तुतः वादीका पति पिता नरराम महर्जनले प्राप्त गरेको कि.नं. ३०२ को हकको स्रोत

भनेको मिति २०४९।९।७ को निजको जेठी सासू जमुना महर्जनबाट प्राप्त हालैदेखिको बकसपत्र रहेको कुरामा विवाद छैन। यसरी कि.नं. ३०२ को जग्गा वादी उत्तमदेवीका पति नररामले आफ्नो जेठी सासूबाट बकसपत्रबाट प्राप्त गरेको देखिएको हुँदा उक्त सम्पत्ति वादीहरूका पति पिताको निजी आर्जनको सम्पत्ति रहेको देखियो। नरराम महर्जनको मृत्युपश्चात् निजकी पत्नी वादी उत्तमदेवीले आफ्नो नाममा उक्त जग्गा नामसारी गराई लिएको देखिँदा सो जग्गा पैतृक सम्पत्ति वा सगोलको सम्पत्तिबाट आर्जन वा खरिद गरी लिएको भन्न मिलेन। उक्त कि.नं. ३०२ को जग्गा अंशबन्डाको १८ नं. समेतले यी वादीको निजी हकको भई अन्य अंशियारको अंश हक नलाग्ने हुँदा सो जग्गाबाट प्रतिवादीहरूको अंश भाग नलाग्ने देखियो।

९. अब सो जग्गामा बनेको घर सगोलकै आर्जनको रकमबाट बनाएकोले घर बन्डा हुनुपर्छ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा विवादित जग्गा नै वादीले निजी तवरबाट बकसपत्रको माध्यमबाट प्राप्त गरेको देखिएको अवस्थामा सो जग्गामा बनेको घर प्रतिवादीसमेतको सगोलको रकमबाट वा सगोलमा हुँदा बनाएको भन्ने तथ्युक्त आधार प्रमाण यी पुनरावेदकहरूले गुजार्न सकेको अवस्था छैन । वादीले उक्त घरमा तला थप गर्न लाग्दा उक्त निर्माण कार्य रोकी पाउन यिनै प्रतिवादीहरूले ललितपुर जिल्ला अदालतमा मिति २०६१।२।२७ मा निवेदन गरेकोसमेत सुरू मिसिलबाट देखिएको छ । प्रतिवादीहरूको आर्जनबाट समेत घर निर्माण भएको हो भने वादी विरूद्ध सो निर्माण कार्य रोकी पाउन प्रतिवादीहरूले निवेदन दिनुपर्ने अवस्था सिर्जना हुँदैनथ्यो। यसकारण वादीले निजी तवरबाट बकसपत्रद्वारा प्राप्त गरेको सो कि.नं. ३०२ को जग्गामा बनेको घर सगोलको आयआर्जनबाट निर्माण भएको हो भन्ने आधार प्रमाण पुनरावेदक प्रतिवादीबाट पेस हुनसकेको नदेखिँदा उक्त घरमा निजहरूको अंश हक लाग्ने देखिएन।

१०. कि.नं. ३४७ र ३७९ को जग्गा वादीले राहुल विल्डवेललाई एक्काइस लाखमा बिक्री गरेकोले सो रकममा अंश दिलाई पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर रहेको हुँदा सो सम्बन्धमा विचार गर्दा कि.नं. ३४७ र ३७९ को जग्गा मिति २०६०।०७।२७ मा वादीहरूले राहुल विल्डवेल प्रा.लि.लाई बिक्री गरेको देखिन्छ । वादीहरूले गरेको सो जग्गा बिक्री गरेउपर यी प्रतिवादीहरूले राजीनामा लिखत बदर गरिपाउँ भनी २०६२ सालको दे.नं. ३९८/७९० को लिखत बदर मुद्दा दायर गरेकोमा हदम्याद नाघी फिराद परेको भन्ने आधारमा ललितपुर जिल्ला अदालतबाट मिति २०६३।१२।२५ मा फिराद खारेज हुने ठहरी भएको फैसला अन्तिम भएर रहेको देखिएको छ । उक्त तथ्यलाई प्रतिवादीहरूले अन्यथा भन्न सकेको देखिँदैन। यसरी लिखत बदर मुद्दाको रोहमा दाबी खारेज भई प्रतिवादीले गरेको बिक्रीव्यवहार सदर ठहर भइसकेपछि सो सम्पत्तिको मूल्यबाट आएको नगद रकमबाट अंश दिलाई पाउँ भन्ने दाबी आफैँमा विरोधाभाषपूर्ण देखिई कानूनसङ्गत देखिन आएन। जुन जग्गाको विषयमा प्रतिवादीहरूबाट पूर्वदाबी गरिएको हो सो दाबी नै खारेज भएको अवस्थामा सो जग्गा बिक्री गरी प्राप्त भएको रकमसमेत बन्डा हुनुपर्छ भनी पुनः अंश मुद्दाको रोहबाट प्रतिवादीहरूले लिएको दाबी पनि मनासिब देखिन आएन।

११. तसर्थ उल्लिखित आधार कारणसमेत बाट कि.नं. ३०२ को जग्गा र सोमा बनेको घर, कि.नं. ३७९ र ३४७ को जग्गा बिक्री गरी प्राप्त गरेको रू. २१ लाख सगोलको ठहर गरी वादी प्रतिवादीमा अंश भाग लाग्ने भन्ने माननीय न्यायाधीश श्री भरतराज उप्रेतीबाट व्यक्त भएको राय मनासिब नहुँदा उक्त रायसँग सहमत हुन सकिएन। कि.नं. ३०२ को क्षेत्रफल ०-३-२-० जग्गा वादीको पति नररामले बकसपत्रबाट प्राप्त गरेको निजी आर्जनको जग्गा भएको देखिएको र सो

जग्गामा बनेको घर सगोलको आर्जनबाट बनेको देखिने आधारभूत प्रमाण प्रतिवादीहरूले प्रस्तुत गर्न नसकेको हुँदा अन्य अंशियारको अंश हक लाग्ने नभएको, कि.नं. ३७९ र ३४७ को जग्गा बिक्रीका सम्बन्धमा परेको लिखत बदर मुद्दा खारेज हुने ठहरेकोले सो जग्गा बिक्रीबाट प्राप्त रकममा प्रतिवादीले दाबी गर्न मिल्ने नदेखिएको तथा मोटरसाइकल र वादीले सञ्चालन गरेको चार लाख बराबरको खुद्रा पसलसमेतको सम्पत्ति सगोल सम्पत्ति नदेखिँदा सो सम्पत्तिबाहेक अन्य सम्पत्तिमा वादी दाबीबमोजिम चार भागको एक भाग अंश पुनरावेदक प्रतिवादीहरूबाट वादीले पाउने ठहऱ्याएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०६२।२।२७ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६४।२।१५ को फैसला सदर हुने गरी माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाहबाट व्यक्त भएको राय मनासिब हुँदा उक्त राय सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा हामी सहमत छौं।
स.प्र.न्या.कल्याण श्रेष्ठ
न्या. जगदीश शर्मा पौडेल

इजलास अधिकृतः सुरेशराज खनाल
इति संवत् २०७२ साल फागुन १३ गते रोज ५ शुभम् ।

# निर्णय नं. ९६४८

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय का.मु.प्रधानन्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री दीपकराज जोशी
आदेश मिति : २०७३।३।२०।२
०६९-WO-०२००

विषय : उत्प्रेषण

निवेदक : काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं.१० बानेश्वरस्थित के.के.डेभलपर्स प्रा.लि.को अधिकार प्राप्त ऐ.ऐ. बस्ने किरण खेतान

विरूद्ध

विपक्षी : नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालय, रत्नपार्क, काठमाडौंसमेत

- **कानूनले अन्य नियमित साधारण उपचार व्यवस्था गरेको तथा सामान्य नियमित उपचार अवलम्बन गर्नुपर्ने कुरा र अवस्थामा असाधारण क्षेत्रबाट उपचार खोज्नु तथा अवलम्बन गर्नु मनासिब र उपयुक्त हुँदैन। अन्य सामान्य तथा नियमित कानूनी उपचारको मार्ग नरहेको वा नभएको भन्ने नदेखिएको अवस्थामा रिट जारी हुन सक्ने अवस्था हुँदैन।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता बालकृष्ण न्यौपाने
विपक्षीका तर्फबाट : विद्वान् अधिवक्ता राजकुमार पोखेल
अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

**स.का.मु.प्र.न्या.सुशीला कार्की :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छ :

निवेदक के.के.डेभलपर्स प्रा.लि. कम्पनी ऐनबमोजिम घरजग्गाको कारोबार गर्ने कम्पनी हो । यो कम्पनीले जग्गा खरिद गरी जग्गामा बाटो, ढल, पानीको व्यवस्था गरी बसोबास गर्न योग्य बनाई कुनै ठाउँमा जग्गा नै र कुनै ठाउँमा घर बनाई बिक्री गर्ने गरेको छ । यसै कामको लागि अल्पना हाडा प्रधानसँग मिति २०६५।११।२८ को पारित लिखतबमोजिम का.म.न.पा.वडा नं.३५को कि.नं.१४२ को ९५४ वर्ग मिटर सविना हाडासँग सोही दिन कि.नं.२२८ को ३५० वर्ग मिटर कि.नं.२३० को ६०० वर्ग मिटर मिति २०६५।११।२९ मा कल्पना राजभण्डारी हाडाबाट कि.नं.२२९ को ८६६ वर्ग मिटर र कि.नं.१४१ को १३९१ वर्ग मिटर जग्गा खरिद गरी घर बनाई बिक्री गर्दा एन.वि.ट्रेनिङ नरेफाँट, काठमाडौंको विद्युत् मिटर नं.०७७-०५-३००१ र कृष्ण ब्याग उद्योग नरेफाँटको मिटर नं.७७-१२-५२४ को विद्युत् महसुल तिर्न उद्योगले बाँकी राखेका छन् । तपाईले किनेको जग्गामा मिटर जोड्न मिल्दैन ती उद्योगले महसुल तिरेपछि मात्र विद्युत् जोड्न मिल्छ । हामी असुल गर्न कारबाही गर्दछौ । असुल नभएसम्मको लागि रकम धरौटी राखी विद्युत् लाइन जोड्नुहोस् र ती उद्योगबाट असुल भएपछि तपाईको रकम फिर्ता गर्छौं भनी भनेकोले तत्काल विद्युत् नजोडेमा घरजग्गा किन्ने व्यक्तिलाई असर पर्ने भएको हुँदा मिति २०६९।१।३ मा रू.३,५२,६४९।७० र मिति २०६९।२।३ मा ३,३३,५४० धरौटी राखेकोमा उद्योगसँग पैसा असुल गरी निवेदक कम्पनीले राखेको धरौटी फिर्ता दिनुहोस् भनी बारम्बार भन्दा पनि मेरो रकम फिर्ता नदिएको र विद्युत् महसुल तिर्नपर्ने उद्योगबाट नकिनेको अर्को व्यक्तिबाट जग्गा किनेकोमा सो रकम निवेदकलाई तिर्नु नपर्नेमा आजसम्म उद्योगबाट रकम असुल नगर्ने म निवेदकको रकम धरौटीमा राख्ने कार्य बदर गर्ने कुनै प्रभावकारी कानूनी उपचार विद्यमान नभएकोले सम्मानित अदालतको असाधारण अधिकारक्षेत्र गुहार्न आएको छु ।

विद्युत् वितरण विनियमावली २०५५ को नियम १८()(ख) मा घर खरिद बिक्री वा अंशबन्डा भई स्वामित्व परिवर्तन भए तापनि साबिकको घरधनीले समयमै विद्युत् महसुल र अन्य रकम नतिरेमा, बाँकी रहेमा विद्युत् लाइन काटिने कानूनी व्यवस्था छ । म निवेदकले एन.बि.ट्रेडिङ र कृष्ण ब्याग उद्योगसँग जग्गा किनेको होइन विद्युत् महसुल बाँकी वाला मानिससँग जग्गा नकिनी अन्य व्यक्तिसँग जग्गा किनेकोमा उद्योगको विद्युत् महसुलको बाँकी रकम के.के.डेभलपर्स प्रा. लि.सँग निवेदकसँग धरौटी लिन मिल्दैन । धरौटी लिए पनि उद्योगसँग असुल गरी रकम फिर्ता गर्नुपर्नेमा सो गरिएको छैन । विपक्षी निकायको कार्यले म निवेदकको कानूनी हक र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(१) धारा १९ को हक हनन् भएकोले धारा ३२ र १०७(२) बमोजिम निवेदकबाट धरौटीबापत एन.बि.ट्रेडिङको महसुल मिति २०६९।१।३ मा लिएको रू.३,५२,६५०।- र मिति २०६९।२।३ मा कृष्ण ब्याग उद्योगको धरौटीबापत रू ३,३३,५४० रकम र रकम धरौटीमा लिने निर्णय र सोसँग सम्बन्धित सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशले बदर गरी निवेदकले राखेको उक्त धरौटी रकम र सोको बैंकबाट ऋण लिँदा लिने अधिकतम् ब्याजसमेत लगाई फिर्ता दिनु भन्ने परमादेशको आदेश वा अन्य जो चाहिने आज्ञा आदेश पुर्जी जारी गरिपाउँ भन्ने व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको

मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? जारी हुनु नपर्ने भए यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी पठाई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने मिति २०६९।५।१८ को यस अदालतको आदेश।

घरेलु तथा साना उद्योग कार्यालय, काठमाडौंको प्रा.प.नं. १७४१४/८१४ मिति २०५८।१।३ मा प्रो.कृष्णप्रसाद ओलीका नाममा कृष्ण ब्याग उद्योग र वाणिज्य विभाग प्रा.प.नं.४८८३०/०५५/५६ मिति २०५५।१२।२ मा प्रविण पन्तका नाममा एन.बि.ट्रेनिङ दर्ता भई प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । जग्गाधनी अनिल हाडाका नाममा दर्ता रही निजकै हक भोग चलनमा रहेको साबिक का.म.न.पा.वडा नं.३५ स्थित कि.नं.१२५ को क्षेत्रफल १२७६०.०० वर्ग फिट जग्गामा कृष्ण ब्याग उद्योग र एन.बि.ट्रेनिङ ऐ.कि.नं. १२५, १३९ को १५५०० वर्ग मिटर घरजग्गामा उद्योग संस्थापित गरी सो सञ्चालनका लागि चाहिने विद्युत् शक्ति जडान गरी दिन हुन भनी निज जग्गाधनीले जग्गाधनी दर्ता प्रमाण पुर्जा पेस गरी मिति २०५६।६।१५ गते विद्युत् वितरण विनियमावली, २०५५ विनियम ३ को उप विनियम १(ङ) बमोजिमको मन्जुरनामा गरी लिई सोअनुसार कार्यालयले सम्पूर्ण कानूनी रीत पुर्‍याई कृष्ण ब्याग उद्योगका नाममा मिटर नं.७७-१२-५२४ र एन.बि. ट्रेनिङका नाममा मिटर नं.०७७-५५-३००१ जडान गरी सोबाट विद्युत् शक्ति खपत गरी उद्योग सञ्चालन गर्दै आएका अवस्थामा विद्युत् महसुल नतिरेका कारणले विद्युत् लाइन काटी ऐ.विनियमावली, २०५५ को विनियम ३३ को उप-विनियम (४) अनुसूची २३(क) बमोजिम कालो सूचीमा सूचीकृत गरिएको अवस्था भएकाले कालोसूची फुकुवा नभएसम्म कालो सूची कित्ता जग्गामा पुनः विद्युत् लाइन जडान गर्न नमिल्ने कानूनी व्यवस्था रहेको छ।

विद्युत् महसुल असुलउपरका लागि कारवाही चलिरहेको अवस्थामा निज जग्गाधनीले मिति २०६२।११।२३ मा निवेदनबाट समयावधि माग गरी सविना हाडा र कल्पना राजभण्डारीका नाममा मिति २०६३।३।२६ मा लिखत पारित गरिदिई निजहरूले हा.सा. गरी के.के. डेभलपर्सलाई लिखत पारित गरिदिएका रहेछन्। उद्योगले तिर्नु बुझाउनु पर्ने बाँकी बक्यौता रकम नतिरेसम्म उक्त कित्तामा विद्युत् लाइन जडान गर्न नमिल्ने भएपछि के.के डेभलपर्स प्रा.लि. ले मिति २०६९।१।३ मा एन.बि.ट्रेडिङको बाँकी बक्यौता महसुल रकम रू.३,५२,६४९।७० र मिति २०६९।२।३ मा कृष्ण ब्याग उद्योगको बाँकी बक्यौता रकम रू.३,३३,५३९।८८ धरौटी जम्मा गरी एन.बि.ट्रेनिङ र निज अनिल हाडासँग वा को-को सँग विद्युत् महसुल असुलउपर गर्नुपर्ने हो सो तुरून्त असुलउपर गरी असुलउपर भएपश्चात् धरौट रकम फिर्ता पाउने व्यहोरा उल्लेख गरी निवेदन दिई धरौटी रकम जम्मा गरेको हुँदा कालो सूचीबाट फुकुवा गरी उल्लिखित कित्ता जग्गाहरूमा विद्युत् लाइन जडान गरिएको सम्मानित अदालतसमक्ष अनुरोध गर्दछौं । यसरी धरौटी रकम जम्मा गरी कालोसूचीकृत कित्ता जग्गाहरूमा विद्युत् लाइन जडान गर्ने र विद्यतु लाइन जडान गरेपश्चात् धरौटी रकम फिर्ता पाउँ भनी विपक्षी सफा हात लिई सम्मानित अदालतसमक्ष प्रवेश नगरेको साथै उल्लिखित बाँकी बक्यौता विद्युत् महसुल असुलउपर नभएसम्म धरौटी रकम फिर्ता माग गर्ने कानूनी हकअधिकार विपक्षीलाई नभएको हुँदा सो निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालयको लिखित जवाफ।

काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.३५ नरेफाँट काठमाडौंस्थित कृष्ण ब्याग उद्योग र काठमाडौं ऐ.ऐ. वडा नं.३५ स्थित एन.वि. ट्रेडिङका नाउको

हाजिर हुन आउनेसम्बन्धी सर्वोच्च अदालतबाट मिति २०७०।१।२३ गतेको गोरखापत्रमा प्रकाशित सूचना।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा रिट निवेदकको तर्फबाट विद्वान् अधिवक्ता श्री बालकृष्ण न्यौपानेले कृष्ण ब्याग उद्योग र एन.बि.ट्रेनिङले तिर्नुपर्ने विद्युत् महसुल के.के. डेभलपर्सले तिर्नुपर्छ भन्न मिल्दैन । अन्य उद्योगले प्रयोग गरेको विद्युत् महसुल निवेदकबाट धरौटीमा राख्न लगाउन नहुने हो । केही समयको लागि रकम धरौटीमा राखे तापनि असुलउपर गरी के.के. डेभलपर्स प्रा.लि. लाई फिर्ता गर्नुपर्ने हो । विपक्षी प्राधिकरणबाट धरौटीबापत लिएको रकम र धरौटीमा लिने निर्णय र सोसम्बन्धी सम्पूर्ण कामकारवाही बदर गरी उक्त धरौटी रकम र ब्याजसमेत फिर्ता दिनेगरी रिट निवेदन जारी होस् भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो । त्यसैगरी विपक्षी नेपाल विद्युत् प्राधिकरणको तर्फबाट विद्वान् अधिवक्ता श्री राजकुमार पोखरेलले धरौटी रकम जम्मा गरी कालोसूचीकृत कित्ता जग्गाहरूमा विद्युत् लाइन जडान गर्ने र विद्युत् जडानपश्चात् धरौटी रकम फिर्ता माग्ने हक अधिकार विपक्षीलाई छैन । विपक्षीको रिट निवेदन खारेज होस् भनी बहस गर्नुभयो ।

विद्वान् अधिवक्ताहरूले गर्नुभएको उल्लिखित बहससमेत सुनी सम्बन्धित रिट निवेदनसहितको मिसिल अध्ययन गरी हेर्दा रिट निवेदकको मागबमोजिम रिट जारी हुनुपर्ने हो होइन ? सो विषयमा निर्णय गर्नुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा निवेदक के.के डेभलपर्स प्रा.लि.ले जग्गा खरिद गरी घर बनाई बिक्री गर्दा नरेफाँट काठमाडौंको विद्युत् मिटर नं. ०७७-०५-३००१ र कृष्ण ब्याग उद्योग नरेफाँटको मिटर नं. ७७-१२-५२४ को विद्युत् महसुल तिर्न बाँकी रही कालो सूचीमा रहेको जग्गामा मिति २०६९।१।३ मा रू.३,५२,६४९।७० र मिति २०६९।२।३ मा रू.३,३३,३४० धरौट राखी लाइन जडान गरेको र सो राखेको धरौटी लिने निर्णय र सोसँग सम्बन्धित काम कारवाही बदर गरी उल्लिखित धरौटी रकम र अधिकतम ब्याजसमेत फिर्ता पाउँ भन्ने मागदाबी रहेको देखिन्छ ।

३. अनिल हाडाका नाममा दर्ता रहेको जग्गामा कृष्ण ब्याग उद्योग र एन.बि.ट्रेनिङ स्थापना भई जग्गाधनीको मन्जुरनामा लिई उद्योगको नाममा मिटर जडान गरी उद्योग सञ्चालन गरेको अवस्थामा विद्युत् महसुल नतिरेको कारण विद्युत् लाइन काटी कालो सूचीमा सूचीकृत गरिएको र सो जग्गा के.के डेभलपर्स प्रा.लि. ले खरिद गरेपश्चात् उद्योगले तिर्न बुझाउन बाँकी बक्यौता महसुल रकम नतिरेसम्म उक्त जग्गामा लाइन जडान गर्न नमिल्ने भएपछि निवेदक कम्पनीले कृष्ण ब्याग उद्योग र एन.बि.ट्रेनिङको बाँकी बक्यौता धरौट जम्मा गरी कालोसूचीकृत कित्ताहरूमा विद्युत् लाइन जडान गर्ने र लाइन जडानपश्चात् बाँकी बक्यौता विद्युत् महसुल असुलउपर नभएसम्म धरौटी रकम फिर्ता माग गर्ने कानूनी अधिकार विपक्षीलाई नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ परेको देखियो ।

४. के.के. डेभलपर्स प्रा.लि.का तर्फबाट किरण खेतानले मिति २०६९।२।३ गतेको निवेदनमार्फत रू.३,३३,५४०।- र मिति २०६९।१।३ को निवेदनमार्फत रू.३,५२,६५०।- रूपैयाँ कृष्ण ब्याग उद्योग ग्रा.न. ७७-१२-५२४ र एन.बि.ट्रेडिङ को ०७७-०५-३००१ बाट धरौटीबापत लिई कालोसूचीबाट हटाई विद्युत् जडान गरिदिनु हुन र अनिल हाडालगायतसँग असुलउपर गरी फिर्ता पाउन भनी स्वयम् निवेदन दिई सोहीबमोजिम विद्युत् प्राधिकरणले विद्युत् लाइन जडान गरिदिएको कार्य मिसिल संलग्न कागजातबाट देखिन्छ । यसरी स्वयम् विद्युत् बक्यौता असुलउपर नभएसम्म भनी रकम धरौटीमा राख्ने र असुलउपर नहुँदै उक्त धरौटी रकम माग गर्ने कार्य विशुद्ध देवानी र अदालतको साधारण

क्षेत्राधिकारको विषय भएको र निवेदकले रिट निवेदनमा उल्लेख गरेझैँ नेपालको आन्तरिम संविधान, २०६३ मा उल्लिखित समानताको हक र सम्पत्तिको हक हनन् भएको अवस्था देखिएन।

५. संविधानले नै अदालतलाई विशेष अवस्थामा प्रयोग गर्ने गरी प्रदान गरिएको अधिकार असाधारण क्षेत्राधिकार हो । रिट उपचार असाधारण उपचार हो । संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएपनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको वा अन्य कुनै कानूनी हकको प्रचलनको लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई भएको देखिन्छ । कानूनले अन्य नियमित साधारण उपचार व्यवस्था गरेको तथा सामान्य नियमित उपचार अवलम्बन गर्नुपर्ने कुरा र अवस्थामा असाधारण क्षेत्रबाट उपचार खोज्नु तथा अवलम्बन गर्नु मनासिब र उपयुक्त हुँदैन। अन्य सामान्य तथा नियमित कानूनी उपचारको मार्ग नरहेको वा नभएको भन्ने नदेखिएको अवस्थामा रिट जारी हुनसक्ने अवस्था हुँदैन । प्रस्तुत निवेदनको प्रकृति हेर्दा द्विपक्षीय सहमतिमा कृष्ण ब्याग उद्योग र एन.वि. ट्रेडिङ कम्पनी लि. बाट बक्यौता विद्युत् महसुलको रकम असुलउपर भएपश्चात् फिर्ता पाउने गरी सो कुरामा सहमति जनाई निवेदकको तर्फबाट धरौटी रकम राखेको देखिएकोले सो कार्य कुनै पनि काम गर्ने वा नगर्ने गरी दायित्व सिर्जना गर्ने सामान्य करारजन्य प्रकृतिको कार्य भएको देखिँदा यस्तो विषयमा असाधारण प्रकृतिको रिटको उपचार आकर्षित हुन सक्ने अवस्था हुँदैन।

६. अत: निवेदकको दाताहरूले नै स्वयम् साबिक आफूले जग्गा, घर भाडामा दिएका व्यक्तिहरू एन.वि. ट्रेडिङ र कृष्ण ब्याग उद्योगसमेतले विद्युत् महसुल चुक्ता नगरेबापत कालोसूचीमा राख्दा निवेदकका दाताले कालोसूचीमा नराखियोस्, रकम चुक्ता गर्न समय पाउँ भनी निवेदन दिएको अवस्थामा कालोसूचीबाट हटाई यी निवेदकले स्वयम् आफैँले विपक्षी नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालयसमक्ष निवेदन दिई हाललाई धरौटी राखी पछि चुक्ता भएमा मात्र फिर्ता गर्ने गरी सर्त राखी जग्गा खरिद गरी अन्यलाई बिक्री गरेपछि त्यस्तो कुरा आफैँ स्वीकार गरेको र साबिकको उक्त विपक्षी एन.वि. ट्रेडिङ र कृष्ण ब्याग उद्योगको रकम ऐन मौकामा जिम्मा लिई स्वयम् तिरेको हुँदा र कालोसूचीबाट मुक्त भएको हुँदा त्यस्तोमा रकम उठाउने, विद्युत्लाई तिराउने र निजको रकम फुकुवा गराउने जस्तो कार्य यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत रिट निवेदनबाट नहुने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.दीपकराज जोशी

इजलास अधिकृत : यज्ञप्रसाद भट्टराई
इति संवत् २०७३ साल असार २० गते रोज २ शुभम्।

## निर्णय नं. ९६४९

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय का.मु.प्रधानन्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री दीपकराज जोशी
आदेश मिति : २०७३।३।२०।२
०६९-WO-०५१०

विषय : उत्प्रेषण / परमादेश

निवेदक : काभ्रेपलाञ्चोक जिल्ला, मेथीनकोट गा.वि.स. वडा नं.४ बस्ने विष्णुप्रसाद पौडेलसमेत

विरूद्ध

विपक्षी : नेपाल विद्युत् प्राधिकरण, केन्द्रीय कार्यालय, रत्नपार्कसमेत

- **प्रत्येक नागरिकलाई नेपालको कुनै पनि भागमा बसोबास गर्ने, पेसा, रोजगार गर्ने र उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता नेपालको संविधानको धारा १७ ले दिएको छ । त्यसैगरी सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने भन्ने संवैधानिक प्रावधान रहेको छ । समानता भनेको समानहरूको बीच समान व्यवहार गर्नु हो । समानसरहका कुनै व्यक्तिलाई विद्युत् लाइन जोडिदिने र कुनै व्यक्तिलाई नजोडिदिने गरी असमान व्यवहार गर्नु समानताको हकविपरीत हुन जाने ।**
- **प्रत्येक उपभोक्तालाई गुणस्तरीय सेवा प्राप्त गर्ने हक छ । राज्यले नागरिकलाई गुणस्तरीय सेवा उपलब्ध गराउनु उसको कर्तव्य हो । आधारभूत सेवामा सबै नागरिकको पहुँच सुनिश्चित हुनुपर्दछ । प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउनु उसको मौलिक अधिकार हो । सम्मानपूर्वक जिउन र बाँच्नका लागि न्यूनतम सुविधाहरू प्राप्त हुनुपर्दछ । नेपाल विद्युत् प्राधिकरण कानूनबमोजिम गठित राज्यको एक मात्र त्यस्तो संस्था हो जसले सर्वसाधारण जनतामा विद्युत् लाइन उपलब्ध गराई आफ्नो सेवा विस्तार गर्ने कार्य गर्छ । सार्वजनिक निकायबाट प्रदान गरिने सेवा प्राप्त गर्ने अधिकारबाट नागरिकलाई वञ्चित गर्नु न्यायोचित नहुने ।**

(प्रकरण नं.५)

- **सम्मानपूर्वक बाँच्न पाउने अधिकार मानिसको प्राथमिक अधिकार भएको तथा नागरिक सार्वभौम हुँदा आफूले चाहेको ठाउँमा बसोबास गर्ने र आफू बसोबास गरेको स्थानमा आफ्ना अधिकारहरू सम्मानपूर्वक प्रयोग गर्न पाउने उनीहरूको मौलिक अधिकार हो । यसर्थ नागरिकको आवास रहेको स्थानमा खानेपानी सरसफाई, बत्ती तथा प्रकाशको व्यवस्थालगायत प्राकृतिक स्रोतसमेतको दिगो उपलब्धता र प्राप्ति अत्यावश्यक अधिकार हो। यस अधिकारलाई नागरिकले सम्मानपूर्वक उपभोग गर्न उपयुक्त वातावरण बनाउनको लागि राज्यको सकारात्मक क्रियाशीलताको अपेक्षा गरिएको हुन्छ । गुणस्तरीय र दिगोरूपमा भौतिक पूर्वाधारको विकास गर्ने तथा आधारभूत वस्तु तथा सेवामा नागरिकको समान पहुँच सुनिश्चित गर्ने राज्यको नीति**

**भएकोले वितरण प्रणालीलाई प्रभावकारी बनाई विद्युत्को पहुँच सर्वसुलभ बनाउने दायित्व पनि राज्यको हो । नागरिकको विकासका लागि मानवअधिकारमुखी पद्धतिको दृष्टिकोणसमेतबाट विकासको प्रतिफल उपभोग गर्न पाउने अधिकार (Right to enjoy) नागरिकको भएको हुँदा यसतर्फ राज्यको ध्यान पुग्नुपर्ने ।**
(प्रकरण नं.७)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता बालकृष्ण न्यौपाने
विपक्षीका तर्फबाट : विद्वान् अधिवक्ता शुशील विक्रम थापा
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- करार ऐन, २०५६
- विद्युत् वितरण विनियमावली, २०५५

आदेश

**स.का.मु.प्र.न्या.सुशीला कार्की:** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः-

निवेदकमध्येकी म सविना थापाका नाममा का.जि.का.म.न.पा.वडा नं.३५ को ५२५ को ८१.८४ वर्ग मिटर जग्गामा का.म.न.पा.बाट मिति २०६९।२।११ मा नक्सा पास गरी घर निर्माण गरेकी छु। निवेदकमध्येकी म देवीमाया कार्कीका नाममा कि.नं.३१२ को ०-३-० जग्गामा का.म.न.पा.बाट मिति २०६९।६।२९ मा नक्सा पास गरेकी छु । निवेदकमध्येकी म बबिता लक्ष्मी वाइबाका नाममा का.जि.का.म.न.पा.वडा नं.३५ को कि.नं.२९१ को ९५.९३ वर्ग मिटर जग्गा का.म.न.पा.बाट मिति २०६९।६।५ मा घर बनाउन नक्सा पास गरेकी छु । निवेदकमध्येकी म दिपा वाइबाका नाममा ऐ.ऐ. को कि.नं. २९३ को ७९.४९ वर्गमिटर जग्गामा मिति २०६९।६।२६ मा घर बनाउन नक्सा पास गरेको छु ।

हामी निवेदक सबैले घर बनाइसकेपछि उक्त घरमा बिजुली जडान गर्न सबै प्रमाण राखी निवेदन दिएकोमा निवेदकमध्येकी म सविना थापालाई यस वितरण केन्द्रअन्तर्गत का.म.न.पा.वडा नं.३५ नरेफाँटको तत्कालीन ग्राहक नं.०७७-०५-३००१ र ०७७-१२-५२४ को विद्युत् महसुल बाँकी भई कालोपाटीमा परेकोमा श्री के.के. डेभल्पर्सले उक्त कालोपाटीको बक्यौता रकम भुक्तानी गरेको तर हाल उक्त डेभल्पर्सले भुक्तानी गरेको रकम फिर्ता पाउन सम्मानित सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेको हुँदा हाल सर्वोच्च अदालतमा विचाराधीन उक्त सम्बन्धित मुद्दा फिर्ता लिएमा वा अन्तिम किनारा भई नेपाल विद्युत् प्राधिकरणले रकम असुलउपर गरेपछि मात्र नयाँ विद्युत् लाइन दिन मिल्ने साथै बाँकी बक्यौता रहेकै अवस्थामा सोही स्थानमा नयाँ विद्युत् लाइन दिन नमिल्ने हुँदा सोही व्यहोरा जानकारी गराइन्छ भनी मिति २०६९।७।२१ मा लाइन जडान सम्बन्धमा भनी एक पत्र दिइयो । सविना थापाबाहेकका अरू निवेदकको हकमा पनि सविना थापाकै व्यहोरा लागू हुने भनी थप पत्र नदिएकोले हामी निवेदकले सार्वजनिक उपयोगको विद्युत् लाइन नपाई अँध्यारोमा बस्नुपर्ने अवस्थाको सिर्जना भएकोले विपक्षी निकायको कार्य बदर गराउने कुनै प्रभावकारी कानूनी उपचार विद्यमान नभएकोले सम्मानित अदालतको असाधारण अधिकारक्षेत्र गुहार्न आएका छौं । विपक्षी निकायको काम कारवाही तथ्य र कानूनको विपरीत भई बदरभागी छ ।

विपक्षी निकायको कार्यले हामी निवेदकको कानूनी हक र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१)(३)(ङ)(च), १३(१), १९ को हक हनन्

भएकोले धारा ३२ र १०७(२) बमोजिम उत्प्रेषणको आदेश जारी गरी विपक्षी निकायको २०६९।७।२१ को पत्र र सो पत्रमा उल्लेख भएको राय बदर गरी निवेदकको घरमा अविलम्ब विद्युत् लाइन जोड्नु भन्ने परमादेशको आदेश वा अन्य जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरिपाऊँ। साथै हामीले राज्यबाट पाएको सार्वजनिक उपयोगको सुविधा विद्युत् प्रयोग गर्नबाट वञ्चित हुनु परेको र अँध्यारोमा बस्नुपर्ने अवस्था भएकोले हामी निवेदकहरूलाई अपूरणीय क्षति पुग्न गएकोले हामी निवेदकहरूको घरमा विद्युत् लाइन जोडिदिनु भनी विपक्षीका नाममा आन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने निवेदन पत्र।

यसमा निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पठाउनु भनी  यो आदेश र रिट निवेदनको एकप्रति नक्कलसमेत साथै राखी विपक्षीहरूलाई सूचना दिई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम गरी पेस गर्नू। साथै अन्तरिम आदेशको माग सम्बन्धमा विचार गर्दा निवेदकहरूको हकमा कानूनी प्रक्रिया पूरा भएको भएपछि ठहरेबमोजिम हुनेगरी हाललाई विद्युत् लाइन जडान गरी दिनु भनी विपक्षीका नाममा आन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको सूचना विपक्षीहरूलाई दिई नियमबमोजिम गर्नु भन्ने यस अदालतको मिति २०६९।७।२७ को आदेश।

के.के. डेभल्पर्सबाट प्लटिङ भएका घडेरी जग्गाहरू तत्कालीन ग्राहक एन.बि.ट्रेडिङ (अनिल हाडा) को ग्राहक नं. ०७७-०५-३००१ को रू.३,५२,६४९।७० र कृष्ण ब्याग उद्योगको ग्राहक नं.०६६-१२-०५२४ को रू.३,३३,५३९।८८ प्राधिकरणलाई तिर्न बुझाउन बक्यौता बाँकी रही निज ग्राहक तथा उक्त जग्गाको एरियालाई कालोसूचीमा राखिएको हो । उक्त कालोसूची विद्युत् वितरण विनियमावली, २०५५ को विनियम ३३(४) मा भएको कानूनी व्यवस्थाअनुसार राखिएको हो। कालोसूचीमा परेको घरजग्गामा कानूनतः बाँकी बक्यौता रकम नबुझाएसम्म विद्युत् लाइन जोड्न जोडाउन मिल्दैन भनी विपक्षीलाई जानकारी गराएको हो । निवेदकमध्येकी सविना थापा का.जि.का.म.न.पा. वडा नं.३४ को ५२४ को ८१-८४, देवीमाया कार्की नामको का.जि.का.म.न.पा.वडा नं. ३५ को ३१२ को ०-३-१, बबिता लक्ष्मी वाइबाको नामको ऐ.ऐ. कि.नं.२९१ को ९५.९३, दिया वाइबा नामको ऐ.ऐ. कि.नं.२९३ को ७९.४९ का जग्गाहरू साबिक कालोसूचीमा परेको साबिक कोटेश्वर ५(ख) कि.नं. १४७, १५८, १३७, १५९, १९३, १९०८, १३९ र १२५ को जग्गाहरू हो । सो जग्गा राखी आवेदन गरी विद्युत् लाइन लिने ग्राहक विद्युत् महसुल बाँकी बक्यौता नतिरी कालोसूचीमा परेको जग्गा कल्पना हाडाबाट के.के. डेभल्पर्सले खरिद गरी लिई निज कम्पनीबाट कित्ताकाट गरी विपक्षीहरूलाई बिक्री गरेको हो।

विपक्षीको संवैधानिक तथा कानूनी हक अधिकारमा प्राधिकरणले असर पुर्‍याएको छैन। करार ऐन, २०५६ को दफा १३(घ) बमोजिमको कानूनी व्यवस्थाको उल्लङ्घन प्राधिकरणबाट गरिएको छैन। विद्युत् वितरण विनियमावली, २०५५ को नियम ३ को अवस्था पूरा हुँदैमा विद्युत् लाइन जडान हुने होइन। नियम ३ को साथसाथै विनियम १३ मा उल्लिखित कानूनी व्यवस्थासमेत त्यस्तो ग्राहकउपर पूरा भएको हुनुपर्दछ। सर्वोच्च अदालतबाट मिति २०६९ सालको ०६७-CI-०५२२ आदेश मिति २०६९।३।२१ नेपाल विद्युत् प्राधिकरण विरूद्ध अनितादेवी जैसवाल भएको मुद्दामा तथा सर्वोच्च अदालत बुलेटिन २०६८, पृष्ठ १६, पूर्णाङ्क ४७१ मा प्रतिपादित सिद्धान्त तथा विद्युत् वितरण विनियमावलीको विनियम १३(२)(३) तथा १८(१)(ख) को प्रतिकूल रिट दायर गरिएको

हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालय, वितरण तथा ग्राहक सेवा पूर्व बानेश्वर वितरण केन्द्र र नेपाल विद्युत् प्राधिकरण कानून विभागको लिखित जवाफ।

नेपाल विद्युत् प्राधिकरण कानूनबमोजिम गठित Instrumentality of the State हो । तसर्थ प्राधिकरणको काम, कर्तव्य र अधिकारलगायत गर्न पाउने जति सम्पूर्ण कुराहरू कानूनमा तोकिएको अवस्थामा प्राधिकरणले गरेको काम कारवाहीमा अदालतले आदेश जारी गर्न उपयुक्त मानिँदैन । साथै सम्मानित अदालतबाट अन्तरिम आदेश जारी गर्दा जहिले पनि माग गर्नेको के कस्तो हक हो सो तथा जारी गर्दा अर्को पक्षलाई हुने Irreparable loss र जारी नगर्दा माग गर्ने पक्षलाई हुने loss र दुवै पक्षको Balance of Convenience लाई ध्यान दिनुपर्ने हुन्छ । एकपक्षीय कुरा सुनेर अन्तरिम आदेश जारी गर्दा ठूलो असर पर्ने भनी *ने.का.प.*२०६४ अंक ८ पृष्ठ १०३४ नि.नं.७८७२ र *ने.का.प.*२०६४ नि.नं.७९०३ मा सिद्धान्त प्रतिपादत भइरहेको अवस्था छ । यस्तो प्रतिपादित सिद्धान्तविपरीत भएको मिति २०६९।७।२७ मा एकल इजलासबाट एकपक्षीयरूपमा सुनुवाई भई गलत तथ्य कानूनको भ्रमबाट जारी भएको अन्तरिम आदेश खारेजभागी हुँदा खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालय, वितरण तथा ग्राहक सेवा पूर्व बानेश्वर वितरण केन्द्र र नेपाल विद्युत् प्राधिकरण कानून विभागको निवेदन।

यसमा अन्तरिम आदेश खारेज सम्बन्धमा छलफलको लागि विपक्षी रिट निवेदकहरूलाई उपस्थित हुनु भनी मिति २०६९।९।१६ को तारेख तोकी सूचना पठाई नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतको मिति २०६९।९।३ को संयुक्त इजलासको आदेश।

विपक्षी नेपाल विद्युत् प्राधिकरणले अन्तरिम आदेश खारेज गरिपाउँ भनी दिएको निवेदनमा छलफलका लागि रिट निवेदकहरूलाई पेसीको सूचना दिई पेस गर्नु भन्ने यस अदालतको पूर्वादेशअनुसार जारी गरिएको सूचना सबै विपक्षीहरूले प्राप्त गरेको देखिन आएन । रिट निवेदकहरूका वारेसले रिट निवेदनमा मिति २०६९।९।२५ गतेको तारेख लिएको देखिँदा अन्तरिम आदेश खारेज गरिपाउँ भनी परेको प्रस्तुत निवेदनमा छलफल हुने मिति तोकी उक्त तारेखका दिन निजमार्फत रिट निवेदकहरूलाई सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६९।९।२३ को संयुक्त इजलासको आदेश।

अन्तरिम आदेश खारेज हुने नहुने सम्बन्धमा विचार गर्दा के.के.डेभलपर्स प्रा.लि.का तर्फबाट किरण खेतानले नेपाल विद्युत् प्राधिकरण, बत्तीसपुतली काठमाडौंमा थप धरौटी जम्मा गरी कालोसूची हटाई पाउँ भनी मिति २०६९।२।३ मा दिएको निवेदनमा कालोसूचीका ग्राहक किरण खेतान (७७-१२-५२४) को विद्युत् महसुल तथा थप दस्तुरसमेत रू.३,३३,५३९।८८ हाल धरौटी हिसाबमा राखी कालोसूचीबाट हटाई उक्त स्थानमा अन्य जडानसम्बन्धी कार्य गर्ने आदेश भई सोअनुसारको रकमसमेत विद्युत् प्राधिकरणमा बुझाएको देखियो । यसरी विद्युत् प्राधिकरण आफैँले रकम बुझ्ने तोक आदेश गरी धरौटी रकमसमेत बुझिसकेको देखिएकोले यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०६९।७।२७ मा निवेदकहरूको हकमा कानूनी प्रक्रिया पूरा भएको भएपछि ठहरेबमोजिम हुने गरी हाललाई विद्युत् जडान गरिदिनु भनी भएको अन्तरिम आदेश बदर हुने अवस्था देखिएन । कानूनबमोजिम गर्नु भन्ने यस अदालतको मिति २०६९।१०।७ को आदेश।

का.म.न.पा.वडा नं.३३ नरेफाँटको तत्कालीन ग्राहक नं.०७७-०५-३००१ र ०७७-१२-५२४ को

विद्युत् महसुल बाँकी भई कालोपाटीमा परेकोमा के.के. डेभलपर्सले उक्त कालोपाटीको बक्यौता रकम भुक्तानी गरेको तर हाल उक्त डेभलपर्सले भुक्तानी गरेको रकम फिर्ता पाउन सम्मानित अदालतमा मुद्दा दर्ता गरेको हुँदा उल्लिखित कालोपाटीको ग्राहकहरूले लाइन जडानको क्रममा पेस गरेको जग्गाहरूमा लाइन जडान गर्न मिल्ने नमिल्ने बारेमा नेपाल विद्युत् प्राधिकरण कानून विभागसँग राय माग गर्दा कानून विभागको रायअनुसार हाल सम्मानित सर्वोच्च अदालतमा विचाराधीन उक्त मुद्दा सम्बन्धितले फिर्ता लिएमा वा अन्तिम किनारा भई नेपाल विद्युत् प्राधिकरणले रकम असुलउपर गरेपछि मात्र नयाँ विद्युत् लाइन दिन मिल्ने साथै बाँकी बक्यौता रहेकै अवस्थामा सोही स्थानमा नयाँ विद्युत् लाइन दिन नमिल्ने राय प्राप्त भएको हुँदा सोही व्यहोरा जानकारी गराइन्छ भन्ने नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा पूर्व बानेश्वर वितरण केन्द्रको च.नं.३१८ मिति २०६९।७।२१ को लाइन जडान सम्बन्धमा विषयक पत्र देखिएको।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत निवेदनमा रिट निवेदकको तर्फबाट विद्वान् अधिवक्ता श्री बालकृष्ण न्यौपानेले नेपाल विद्युत् प्राधिकरणले आफ्ना ग्राहक खोजी बाँकी बक्यौता रकम असुल गर्नुपर्नेमा विद्युत् लाइन जोड्ने दबाबमा असम्बन्धित पक्षसँग विद्युत् बाँकी बक्यौता रकम असुल गर्ने विपक्षी निकायको बद्नियतपूर्ण कार्य हो। विद्युत् वितरण नियमावली, २०५५ को नियम ३ को अवस्था पूरा भएपछि लाइन जोडदिन भनी भन्न पाउने अवस्था छैन । सोही नियमावलीको नियम १३(१) (ख) बमोजिम पनि निवेदकसँग असम्बन्धित मुद्दा फिर्ता लिएपछि मात्र लाइन जोड्ने भनी भन्न मिल्दैन । त्यसैले निवेदकको मागबमोजिम रिट जारी हुनुपर्छ भनी बहस गर्नुभयो । त्यसैगरी नेपाल विद्युत् प्राधिकरणको तर्फबाट विद्वान् अधिवक्ता श्री शुशील विक्रम थापाले के.के.डेभलपर्सबाट प्लटिङ गरिएका घडेरी जग्गाहरूमा तत्कालीन ग्राहक एन.वी.ट्रेडिङ र कृष्ण ब्याग उद्योगले विद्युत् प्राधिकरणलाई विद्युत् महसुल बाँकी बक्यौता रकम तिर्न बुझाउन बाँकी रही निज ग्राहक तथा उक्त एरियाको जग्गालाई कालो सूचीमा राखिएको हो। यसरी कालो सूचीमा राखिएको घर जग्गामा बक्यौता बाँकी रकम नबुझाएसम्म विद्युत् लाइन जडान गर्न र कालोसूचीमा परेका ग्राहकको मिटर ठाँउसारी नामसारीसमेत गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज होस् भन्नेसमेतको बहस प्रस्तुत गर्नुभयो।

उल्लिखित बहससमेत सुनी रिट निवेदनसहितको मिसिल अध्ययन गरी हेर्दा निवेदकको मागबमोजिम रिट जारी हुनुपर्ने हो होइन ? सो विषयमा निर्णय गर्नुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा निवेदकहरूले घरजग्गाको कारोबार गर्ने के.के.डेभलपर्स कम्पनीबाट घडेरी खरिद गरी नक्सा पास गरी घर बनाइसकेपछि घरमा बिजुली जडान गर्न विद्युत् प्राधिकरणमा सबै प्रमाण राखी निवेदन दिएपश्चात् नेपाल विद्युत् प्राधिकरणले मिति २०६९।७।२१ मा दिएको पत्रमा यस वितरण केन्द्रअन्तर्गतका काठमाडौं महानगरपालिका वडा नं.३५ नरेफाँटको तत्कालीन ग्राहक एन.बि. ट्रेडिङ नं.०७७-०५-३००१को रू.३,५२,६४९।७० र कृष्ण ब्याग उद्योगको ग्राहक नं.०७७-११-०५२४ को रू.३,३३,५३९।८८ को विद्युत् महसुल नेपाल विद्युत् प्राधिकरणलाई तिर्न बुझाउन बाँकी रही निज ग्राहक र उक्त जग्गाको एरियालाई कालोसूचीमा राखिएको हो। के.के. डेभलपर्सले उक्त बक्यौता रकम भुक्तानी गरेको तर हाल उक्त कम्पनीले भुक्तानी गरेको रकम फिर्ता पाउन सम्मानित अदालतमा मुद्दा दर्ता गरेको र उक्त मुद्दा के.के. डेभलपर्स कम्पनीले फिर्ता लिएमा वा अन्तिम किनारा भई नेपाल विद्युत् प्राधिकरणले रकम असुल गरेपछि मात्र नयाँ विद्युत् लाइन दिन मिल्ने साथै बाँकी बक्यौता रहेकै अवस्थामा सोही स्थानमा

नयाँ विद्युत् लाइन दिन नमिल्ने भन्ने व्यहोरा भएको देखिन्छ । निवेदकले सार्वजनिक उपयोगको विद्युत् लाइन नपाई अँध्यारोमा बस्नुपर्ने अवस्थाको सिर्जना भएकोले निवेदकहरूको संवैधानिक र कानूनी हक हनन् भएको हुँदा विपक्षी निकायको मिति २०६९।७।२१ को पत्र र सो पत्रमा उल्लिखित राय बदर गरी निवेदकको घरमा अविलम्ब विद्युत् लाइन जोड्नु भन्ने परमादेशलगायत अन्य जो चाहिने आदेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन मागदाबी रहेको देखियो।

३. के.के. डेभलपर्सबाट प्लटिङ भएका घडेरी जग्गाहरू तत्कालीन ग्राहक एन.बि ट्रेडिङको ग्राहक नं.०७७-५-३००१ को रू.३,५२,६४९।७० र कृष्ण ब्याग उद्योगको ग्राहक नं.०७७-१२-०५२४ को रू.३,३३,५३९।८८ प्राधिकरणलाई तिर्न बुझाउन बक्यौता बाँकी रही निज ग्राहक तथा उक्त जग्गाको एरियालाई कालोसूचीमा राखिएको हो । कालोसूचीमा परेको घरजग्गामा कानूनतः विद्युत् लाइन रकम बाँकी बक्यौता नबुझाएसम्म जोड्न जोडाउन मिल्दैन । प्राधिकरणमा के.के.डेभलपर्सले मिति २०६९।१।३ र मिति २०६९।२।३ मा राखेको धरौटी रकम विद्युत् महसुल एन.बि.ट्रेडिङ र कृष्ण ब्याग उद्योगसँग विद्युत् महसुल बाँकी बक्यौता नआएसम्म धरौटीमा मात्र राखेको हो । लाइन जडान गर्ने हो भने उक्त जग्गाधनी र घरधनीहरूले बाँकी बक्यौता रकम प्राधिकरणलाई तिर्नु बुझाउनुपर्छ । विद्युत् वितरण विनियमावली, २०५५ को नियम ३ को अवस्था पूरा छँदैमा विद्युत् लाइन जडान हुने होइन । उक्त विनियमावलीको नियम १३ मा उल्लिखित कानूनी व्यवस्थासमेत ग्राहकउपर पूरा भएको हुनुपर्छ । तसर्थ विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको देखिन्छ।

४. के.के.डेभलपर्स प्रा.लि.का तर्फबाट किरण खेतानले नेपाल विद्युत् प्राधिकरण, बत्तीसपुतली काठमाडौंमा थप धरौटी जम्मा गरी कालोसूची हटाई पाउँ भनी मिति २०६९।२।३ मा दिएको निवेदनमा कालोसूचीका ग्राहक किरण खेतान (७७-१२-५२४) को विद्युत् महसुल तथा थप दस्तुरसमेत रू.३,३३,५३९।८८ हाल धरौटी हिसाबमा राखी कालोसूचीबाट हटाई उक्त स्थानमा अन्य जडानसम्बन्धी कार्य गर्ने आदेश भई सोअनुसारको रकमसमेत विद्युत् प्राधिकरणमा बुझाएको मिसिल संलग्न कागजबाट देखिन्छ।

५. प्रत्येक नागरिकलाई नेपालको कुनै पनि भागमा बसोबास गर्ने, पेसा, रोजगार गर्ने र उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता नेपालको संविधानको धारा १७ ले दिएको छ । त्यसैगरी सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने भन्ने संवैधानिक प्रावधान रहेको छ। समानता भनेको समानहरूको बीच समान व्यवहार गर्नु हो । समानसरहका कुनै व्यक्तिलाई विद्युत् लाइन जोडिदिने र कुनै व्यक्तिलाई नजोडिदिने गरी असमान व्यवहार गर्नु समानताको हकविपरीत हुन जान्छ । प्रत्येक उपभोक्तालाई गुणस्तरीय सेवा प्राप्त गर्ने हक छ । राज्यले नागरिकलाई गुणस्तरीय सेवा उपलब्ध गराउनु उसको कर्तव्य हो । आधारभूत सेवामा सबै नागरिकको पहुँच सुनिश्चित हुनुपर्दछ। प्रत्येक व्याक्तिको सम्मानपूर्वक बाँच्न पाउनु उसको मौलिक अधिकार हो । सम्मानपूर्वक जिउन र बाँच्नका लागि न्यूनतम सुविधाहरू प्राप्त हुनुपर्दछ । नेपाल विद्युत् प्राधिकरण कानूनबमोजिम गठित राज्यको एक मात्र त्यस्तो संस्था हो जसले सर्वसाधारण जनतामा विद्युत् लाइन उपलब्ध गराई आफ्नो सेवा विस्तार गर्ने कार्य गर्छ। सार्वजनिक निकायबाट प्रदान गरिने सेवा प्राप्त गर्ने अधिकारबाट नागरिकलाई वञ्चित गर्नु न्यायोचित हुँदैन।

६. प्रस्तुत सन्दर्भमा करार ऐन, २०५६ को दफा १३ को (घ) को व्यवस्था हेर्नु सान्दर्भिक देखिन आयो। उक्त ऐनको दफा १३ (घ) मा "कसैले पाएको

कानूनी अधिकार कुनै अड्डा अदालतबाट प्रचलन गराई पाउनबाट रोक लगाइएको करार बदर हुने करार हो" भन्ने व्यवस्था रहेको देखिन्छ । त्यसैगरी विपक्षी नेपाल विद्युत् प्राधिकरणसमेतको लिखित जवाफमा विद्युत् वितरण विनियमावली, २०५५ को विनियम १३ (२) र (३) अनुसार कालोसूचीमा परेका ग्राहकले बाँकी बक्यौता रकम नबुझाएसम्म त्यस्तो ग्राहकलाई विद्युत् लाइन जडान गर्न मिल्दैन भनी जिकिर लिएको देखिन्छ । यस सम्बन्धमा सोसम्बन्धी कानूनी व्यवस्था हेर्नुपर्ने देखियो । विद्युत् वितरण विनियमावली, २०५५ को (२) मा "विद्युत् महसुल वा अन्य रकम बाँकी रहेको अथवा विद्युत् शक्तिको अनाधिकार उपभोग वा विद्युत् चोरी गरी महसुल, दस्तुर, जरिवाना वा अन्य कुनै तिर्नुपर्ने रकम नबुझाएको घरजग्गामा वा त्यस्तो घरले चर्चेको कम्पाउन्डभित्र निजको स्वामित्वमा रहेको अन्य कुनै पनि घरमा सो बाँकी बक्यौता फछ्र्यौट नगरेसम्म नयाँ विद्युत् लाइन जडान गरिने छैन । बाँकी बक्यौता राख्ने व्यक्ति वा निजको परिवार वा संस्थाको नाममा बाँकी बक्यौता असुलउपर नभएसम्म अन्यत्र कहिँपनि विद्युत् लाइन जडान गरिने छैन" भन्ने प्रावधान रहेको छ । साथै सोही विनियमावलीको विनियम १३(३) ले "रकम बक्यौता रहेको घर बिक्री भएमा वा अंश बन्डा गरेमा पनि उक्त बक्यौता रकम नबुझाएसम्म सो घरमा पुनः लाइन जोडिने वा नयाँ विद्युत् जडान गरिने छैन र त्यस्तो व्यक्ति वा संस्थाको घरमा वा नाममा ठाउँसारी वा नामसारी पनि गरिने छैन" भन्ने व्यवस्था छ । सोही विनियमावलीको विनियम १८(१)(ख) मा "घर खरिद बिक्री वा अंश बन्डा भई स्वामित्व परिवर्तन भएपनि साबिकको घरधनीको समयको विद्युत् महसुल र अन्य रकम नतिरी बाँकी रहेमा" विद्युत् लाइन काटन सकिने अवस्था रहेको देखिन्छ ।

७. मिसिल संलग्न कागजात र तथ्य हेर्दा निवेदकहरूले एन.बि.ट्रेडिङ र कृष्ण ब्याग उद्योगको नाउँको जग्गा खरिद गरेको देखिँदैन । कल्पना हाडाबाट के.के. डेभलपर्सले खरिद गरी लिएको जग्गा निवेदकहरूले खरिद गरेको अवस्था देखिन्छ । त्यसैगरी नेपाल विद्युत् प्राधिकरणले के.के.डेभलपर्स प्रा.लि. का तर्फबाट राखिएको धरौटी रकम बुझी कालोसूचीबाट हटाई सो स्थानमा विद्युत् जडानसम्बन्धी कार्य गरिदिन आदेशसमेत दिएको देखिन्छ । यसरी निवेदकहरूले विद्युत् वितरण विनियमावली, २०५५ को विनियम ३ को प्रक्रिया पूरा गरी विद्युत् लाइन जोडेपश्चात् सार्वजनिक उपयोगको विद्युत् लाइन जोडन मिल्दैन भनी भन्न मिल्ने अवस्था रहँदैन । त्यसैगरी के.के. डेभलपर्स कम्पनीले अदालतमा दायर गरेको विचाराधीन मुद्दा देखाई निवेदकहरूसँग असम्बन्धित मुद्दा फिर्ता लिएपछि लाइन जोडिदिन्छु भन्ने कुरा करार ऐन, २०५६ को दफा १३(घ) अनुकूल देखिँदैन । सम्मानपूर्वक बाँच्न पाउने अधिकार मानिसको प्राथमिक अधिकार भएको तथा नागरिक सार्वभौम हुँदा आफूले चाहेको ठाउँमा बसोबास गर्ने र आफू बसोबास गरेको स्थानमा आफ्ना अधिकारहरू सम्मानपूर्वक प्रयोग गर्न पाउने उनीहरूको मौलिक अधिकार हो । यसर्थ नागरिकको आवास रहेको स्थानमा खानेपानी सरसफाई, बत्ती तथा प्रकाशको व्यवस्थालगायत प्राकृतिक स्रोतसमेतको दिगो उपलब्धता र प्राप्ति अत्यावश्यक अधिकार हो । यस अधिकारलाई नागरिकले सम्मानपूर्वक उपभोग गर्न उपयुक्त वातावरण बनाउनको लागि राज्यको सकारात्मक क्रियाशीलताको अपेक्षा गरिएको हुन्छ । गुणस्तरीय र दिगोरूपमा भौतिक पूर्वाधारको विकास गर्ने तथा आधारभूत वस्तु तथा सेवामा नागरिकको समान पहुँच सुनिश्चित गर्ने राज्यको नीति भएकोले वितरण प्रणालीलाई प्रभावकारी बनाई विद्युत्‌को पहुँच सर्वसुलभ बनाउने दायित्व पनि राज्यको हो । नागरिकको विकासका लागि मानवअधिकारमुखी पद्धतिको दृष्टिकोणसमेतबाट विकासको प्रतिफल उपभोग गर्न पाउने अधिकार (Right to enjoy)

नागरिकको भएको हुँदा यसतर्फ राज्यको ध्यान पुग्नुपर्ने नै हुन्छ ।

८. अत: उल्लिखित तथ्य, कानूनी व्यवस्था र विवेचनासमेतको आधारमा हाल निवेदकहरूले उपभोग गरिआएको विद्युत् लाइनको सुबिधा पाउनु पर्ने नै हुँदा र विद्युत् लाइन जडान भइसकेको देखिँदा निवेदकहरूको मागअनुसार नेपाल विद्युत् प्राधिकरण, वितरण तथा ग्राहक सेवा पूर्व बानेश्वर वितरण केन्द्रको मिति २०६९।७।२१ को पत्र र सो पत्रमा उल्लिखित राय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकको घरमा अविलम्ब विद्युत् लाइन जडान गरिदिनु भनी नेपाल विद्युत् प्राधिकरणको नाममा परमादेश जारी हुने ठहर्छ । सोको जानकारी विपक्षीहरूलाई दिई प्रस्तुत रिटको दायरी लगत कट्टा गरी मिसिल नियमाअनुसार बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.दीपकराज जोशी

इजलास अधिकृत : यज्ञप्रसाद भट्टराई
इति संवत् २०७३ साल असार २० गते रोज २ शुभम् ।

## निर्णय नं. ९६५०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री गोपाल पराजुली
फैसला मिति : २०७२।११।१०
०६६-WO-०४६६

विषयः- उत्प्रेषण / परमादेश ।

निवेदक: काठमाडौं जिल्ला सुन्ताखान बालुवा गा.वि.स. वडा नं. ९ बस्ने अच्युतप्रसाद पौडेलसमेत

विरूद्ध

विपक्षी: अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंसमेत

- **अदालतसमक्ष आएका विवादहरूमा सो अदालतको क्षेत्राधिकार छ वा छैन भन्ने कुराको निर्क्यौल गर्ने अधिकार पनि सम्बन्धित अदालतमा मात्र निहित रहेको हुन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई प्रस्तुत सन्दर्भमा जिल्ला अदालतबाट भएको फैसलालाई क्षेत्राधिकारबाहिर रहेको भनी प्रश्न उठाउन कानूनत: मिल्ने नदेखिने ।**
- **अदालतको फैसला क्षेत्राधिकारबाहिर भएको भन्दैमा त्यस्तो फैसलाको औचित्यतामा प्रवेश गरी सच्याउने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई कुनै कानूनले प्रदान गरेको देखिँदैन । स्वतन्त्र न्यायपालिकाको मूल्य र मान्यताअनुसार प्रचलित संविधानले नै अदालत वा न्यायिक निकायको**

फैसलाउपर पुनरावेदन सुन्ने अदालतको व्यवस्था गरेको देखिन्छ । सोहीअनुसार जिल्ला अदालतबाट भएको फैसलाउपर पुनरावेदन सुन्ने प्रयोजनको लागि पुनरावेदन अदालतको स्थापना भएको हो । अदालतबाट भएका काम कारवाहीहरू आयोगको क्षेत्राधिकारबाहिर पर्ने भएकोले त्यस्तो फैसलाबाट कुनै दुष्परिणाम नै निस्किन्छ भन्नेसमेत त्यसलाई सच्याउन सम्बन्धित पुनरावेदन अदालत मात्र कानूनीरूपमा सक्षम रहेको पाइने ।

(प्रकरण नं. ५)

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा ३५ग ले निश्चित निर्णयमा विशेष अदालतमा पुनरावेदन गर्ने अधिकार प्रदान गरेको भए तापनि आयोगको सबै निर्णयमा विशेष अदालतमा पुनरावेदन नलाग्ने भई आयोगले कारवाही गरी जरिवाना वा कुनै रकम असुलउपर गर्न दिएको आदेश वा अन्य कुनै आदेशउपर पुनरावेदन लाग्ने गरी पुनरावेदनको मार्ग सीमित गरेको अवस्थामा निवेदकहरूले रिट क्षेत्रबाट उपचार माग गर्न न्यायको रोहमा अनुचित नहुने ।

(प्रकरण नं. ६)

- न्यायिक निकायबाट भएको फैसला वा प्रशासनिक निकायले अर्द्धन्यायिक क्षेत्राधिकार प्रयोग गरेर गरेको निर्णयउपर पुनरावेदन लाग्ने व्यवस्था कानूनमा नै उल्लेख भएको छ । त्यस्ता निकायहरूको फैसला वा निर्णयमा भएको त्रुटि सच्याउन वा सोको परीक्षण कानूनबमोजिम पुनरावेदन लाग्ने निकायबाट मात्र हुने देखिन्छ । यदि त्यस्तो निर्णयउपर पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्तो एउटा विशेष उद्देश्यमा केन्द्रित भएर गठन भएको संवैधानिक निकायको क्षेत्राधिकार आकर्षित हुने अर्थ लगाइयो भने यो कानूनको शासनको मूल्य मान्यताविपरीत भई न्यायिक स्वतन्त्रता नै कुन्ठित हुने अवस्था सिर्जना हुन जाने ।

(प्रकरण नं. ८)

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग र अदालत दुवैका क्षेत्राधिकार र सीमा संविधान एवं कानूनमा नै स्पष्ट उल्लेख भएको छ । यी दुवै निकायहरू संविधान र कानूनले तोकेको सीमाभित्र रही आफ्नो अधिकार प्रयोग गर्नुपर्ने कुरामा दुई मत हुन सक्दैन । यसबाट मात्र कानूनको शासनको प्रत्याभुति हुन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग कानूनको व्याख्याता नभई अक्षरश: पालना गर्ने निकाय हो । जिल्ला अदालतबाट भएको फैसला अन्तिम भएर रहेको अवस्थामा सो फैसलालाई प्रतिकूल असर गर्ने गरी निर्णय गर्न नपाउने कुरा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) बाट प्रस्ट हुन्छ । अदालतबाट एक पटक फैसला भई अन्तिम भएर बसेको फैसला निर्णय अन्तिमताको सिद्धान्तअनुसार अन्तिम नै हुन्छ । तत्कालीन नेपालको अन्तरिम संविधानको धारा ११६ ले मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले मान्नुपर्ने दायित्व निर्धारण गरेको र सोही व्यवस्थालाई वर्तमान नेपालको संविधानको धारा १२६ ले पनि निरन्तरता दिएको देखिन्छ । उक्त संवैधानिक

**दायित्वबाट विपक्षी आयोगलाई उन्मुक्ति प्रदान नगरेको अवस्थामा अदालतबाट भएको फैसलाको विषयवस्तुभित्र प्रवेश गरी त्यसलाई क्षेत्राधिकारविहीन रहेकोले कायम रहन नसक्ने भनी आयोगबाट भएको निर्णय विधिको शासन, संविधानवाद एवम् स्वतन्त्र न्यायपालिकाको सिद्धान्तअनुकूल रहेको भन्न नमिल्ने ।**

(प्रकरण नं. ९)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता शम्भु थापा तथा अधिवक्ता कृष्ण थापा

विपक्षीको तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता रमा देवी पराजुली, विद्वान् अधिवक्ता ज्ञानेन्द्र पोख्रेल र लक्ष्मी शर्मा देवकोटा

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपालको संविधान, २०७२
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८

फैसला

**न्या.श्री सुशीला कार्की :** तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः-

काठमाडौं जिल्ला सुन्ताखान बालुवा गा.वि.स. वडा नं. ९(ख) कि.नं. १७० को क्षे.रो. १-११-० र ऐ. वडा नं. ९(घ) कि.नं. ११ को क्षे. रो. ०-१४-० जग्गा विष्णुमती पुल झाडु बडारू राज गुठीका जग्गाहरू हुन् । उक्त जग्गाहरूको मोही जगन्नाथ उपाध्याय पौडेल रहनु भएकोमा सर्भे नापीको समयमा प्रत्यर्थी बच्चु दमाईका पिता काले दमाईले मोही महलमा आफ्नो नाम लेखाउनुभएको रहेछ । काले दमाई उक्त जग्गाहरूको मोही नभएकोले निजको नाम बदर भई मेरो नाम कायम हुनुपर्ने हो भनी मोही जगन्नाथ उपाध्याय पौडेलले तत्कालीन गुठी रकमी किताब दर्ता अड्डामा निवेदन दिई कारवाही चलाउनु भएकोमा सो अड्डाको मिति २०२३।३।२३ को पत्रबाट गुठी संस्थानको मिति २०२२।१०।२९ को निर्णयको मिति २०२२।११।१२ मा भएको सर्कुलरअनुसार गर्नु गराउनु हुन लेखी पठाइएको भनी सूचना दिइएको छ । जग्गाधनीको हकमा गुठी संस्थान नै र मोहीमा आजसम्म जसका नाउँमा दर्ता भई जसले तिरो तिरान गरी राखेको छ, उसै व्यक्तिको नाउँमा दर्ता गरिदिने भनी निर्णयमा उल्लेख भएको र सोही व्यहोराको परिपत्र गरिएको रहेछ । उक्त निर्णय एवं परिपत्रअनुसार तत्काल स्रेस्ता संशोधन गरी प्रत्यर्थीका पिता काले दमाईको नाम कट्टा गरी जगन्नाथ उपाध्याय पौडलको नाम कायम गर्नुपर्ने सोबमोजिम नगरी काले दमाईको नाम नै यथावत् कायम रहेको जानकारी भएकोले जगन्नाथ पौडेलले मिति २०३१।१।६ मा गुठी रकमी किताब दर्ता कार्यालय कालमोचनमा निवेदन दिएकोमा उक्त कार्यालयबाट भूमि प्रशासन कार्यालय, डिल्लीबजारलाई "जोताहा हक बदर भएकोमा कार्यान्वयन गर्ने" भन्ने व्यहोराको पत्र प्रेषित गरेको छ ।

साबिकदेखि नै जगन्नाथ उपाध्याय पौडेल तथा निज हकवाला छोराहरूले जग्गा भोग चलन गरी आएकोले जग्गाधनी प्रमाणपुर्जा पाउँ भनी निवेदक हरिहर शर्मा पौड्यालले २०४०।६।१२ मा गुठी लगत तथा तहसिल कार्यालयमा निवेदन दिएकोमा सम्बन्धित खान्गिदारसमेतलाई बुझी काले दमाईको जोत बदर गरी जगन्नाथका हकदार हरिहर शर्मा र माधवप्रसादको नाउमा मोही कायम गरी पुर्जा बनाउन मालपोत कार्यालयमा लेखी पठाउने भनी मिति २०४३।८।२५ मा निर्णय भएको छ ।

जगन्नाथ उपाध्याय पौडेलका जेठा छोरा

हरिहर पौडेलले जगन्नाथ उपाध्याय पौडेल र माधवप्रसाद पौडेललाई विपक्षी बनाई काठमाडौं जिल्ला अदालतमा दायर गरेको अंश मुद्दामा कि.नं. १७० र ११ समेतका जग्गाहरूबाट हरिहर शर्माले २ भागको १ भाग अंश पाउने ठहरी मिति २०३५।११।१८ मा भएको फैसलाबमोजिम स्रेस्ता कायम भई जग्गाधनी प्रमाण पुर्जा बनेको छ। साबिक कि. नं. १७० कित्ता काट भई कि.नं. २७८ हरिहर शर्मा पौडेलको र कि.नं. २७९ माधवप्रसाद पौडेलको नाममा कायम भएको हो। हरिहर शर्मा पौडेलले आफ्नो नामको कि.नं. २७८ निवेदक शारदा न्यौपानेलाई मिति २०५०।१०।२८ मा हालैको बकस पत्रको लिखतबाट पारित गरिदिएका हुन् भने माधवप्रसाद पौडेलको नामको कि. नं. २७९ कित्ता काट भई कायम भएको कि.नं. २९२ निवेदक केशवप्रसाद पौडेल र कि नं २९३ निवेदक अच्युतप्रसाद पौडेलको नाममा आएको हो। त्यस्तै साबिक कि.नं. ११ बदर भई कायम कि.नं. २१६ निवेदक इन्दिरा पराजुलीको नाममा मिति २०५०।१०।२८ मा हालैको बकस पत्र पारित भएको हो भने कि.नं. २१७ निवेदक रामप्रसाद पौडेलका नाममा मिति २०५०।११।१५ मा पारित भएको हो। उल्लिखित जग्गाहरू निवेदकहरूको निर्विवाद हक भएका जग्गाहरू हुन्।

जगन्नाथ उपाध्याय पौडेललाई जग्गाको मोही कायम गर्ने गुठी लगत तथा तहबिल कार्यालय भद्रकालीको मिति २०४३।८।२५ र २०४३।९।१८ को निर्णयहरू बदर गर्न दिएको निर्णय बदर मुद्दा र निवेदकहरूको नाममा पारित हालैको बकस पत्र तथा अंश बन्डाका लिखतहरू बदर गर्न र जालसाजी घोषित गर्न बच्चु दमाईले दिएको मुद्दामा निजले तारेख गुजारेकोले मिति २०५४।५।२३ मा डिसमिस फैसला भएको रहेछ। त्यस्तै हरिहर पौडेल वादी तथा जगन्नाथ उपाध्याय पौडेलसमेत प्रतिवादी भई चलेको अंशबन्डा मुद्दामा काठमाडौं जिल्ला अदालतबाट भएको फैसला बदर गरी पाउन दिएको मुद्दामा मिति २०५४।११।२० फिराद दाबी खारेज हुने फैसला भई अन्तिम भएर बसेको अवस्था छ।

उपर्युक्त जग्गाहरूको भोग चलनमा विपक्षी बच्चु दमाईले बाधा व्यवधान उत्पन्न गर्न खोज्दा पुनरावेदन अदालत, पाटनमा निषेधाज्ञाको निवेदन दिँदा बच्चु दमाईले भोगचलनमा अवरोध नगरेको भनी हामी निवेदकहरूको स्वामित्वलाई स्वीकार गरी लिखित जवाफ पेस गरेकोले मिति २०६५।८।४ मा निवेदन खारेज भएको हो। उक्त निवेदन अदालतमा विचाराधीन रहेको अवस्थामा नै सुन्तखान बालुवा गा.वि.स.का सचिव तेजप्रसाद पन्तले आफ्नो पदीय हैसियतको दुरूपयोग गरी हाम्रो विरूद्धमा प्रमाण सिर्जना गर्न खोजेकाले विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिएका थियौं। तर अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट काठमाडौं जिल्ला बालुवा गा.वि.स. वडा नं. ९(ख) कि.नं. १७० र ऐ. वडा नं. ९(घ) कि.नं. ११ का कित्ताबाट कित्ता काट भई हाल कायम भएका सम्पूर्ण कि.नं. का जग्गाहरूमा ३ महिनाभित्रमा साबिकको जोताहा मोही काले दमाईको नाम कायम गरी सोको जानकारी आयोगलाई समेत गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम भूमिसुधार कार्यालय, काठमाडौंलाई निर्देशन दिई सोहीअनुसार आ-आफ्नो स्रेस्ता सुधार गर्न गुठी संस्थान र मालपोत कार्यालयलाई समेत निर्देशन दिई मिसिल तामेलीमा राख्ने भनी मिति २०६६।७।२५ मा निर्णय भएको कुरा जानकारी हुन आयो।

यसरी अदालतबाट कि.नं. १७० र ११ का जग्गाहरूको सन्दर्भमा भएको फैसला अन्तिम भई बसेको अवस्थामा सो फैसलाहरूलाई शून्य र निरर्थक पार्ने गरी भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको उक्त निर्णयबाट अदालतको क्षेत्राधिकारमा हस्तक्षेप गरी विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले क्षेत्राधिकार ग्रहण गर्न सक्दैन। त्यसैगरी

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा ४ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) ले पनि न्यायिक आदेश वा निर्णयमा अनुसन्धान तहकिकात गर्न नपाउने सीमा तोकेको अतिरिक्त नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११६ ले अदालतबाट भएका फैसला सबैले पालना गर्नुपर्ने व्यवस्था गरेको छ।

अतएवः विपक्षी आयोगको उपर्युक्त काम कारवाही र निर्णयले निवेदकहरूको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३, १९ समेतद्वारा प्रदत्त हक आघातित भएकोले विपक्षी आयोगबाट मिति २०६६।७।२५ मा भएको निर्णय, निर्णयको कार्यान्वयन गर्न लेखिएका पत्रहरूलगायत सो सम्बन्धमा भए गरिएका टिप्पणी, आदेशलगायत सम्पूर्ण काम कारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी कानूनबमोजिम क्षेत्राधिकार सम्पन्न निकायबाट भएको निर्णय, पारित लिखत तथा अदालतबाट भएका फैसलाहरू समेतबाट निर्विवाद हक स्थापित भएका जग्गाहरूमा अनाधिकृत र गैरकानूनीरूपबाट निवेदकहरूको हक भोग र स्वामित्वमा प्रतिकूल असर पर्ने गरी कुनै कार्य नगर्नु नगराउनु तथा निवेदकहरूको हक भोग र स्वामित्व यथावत् कायम गर्नु गर्न लगाउनु भनी परमादेशको आदेशलगायत अन्य जो चाहिने उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरिपाउँ भन्नेसमेत व्यहोराको मिति २०६६।८।२१ को रिट निवेदन।

निवेदकको मागबमोजिमको आदेश जारी गर्न नपर्ने कानूनबमोजिमको कारण भए सूचना प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नू। अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६६।७।२५ मा भएको निर्णय प्रथम दृष्टिमा नै अधिकारविहीन देखिँदा त्यस्तो अधिकारविहीन निर्णय कार्यान्वयन भए निवेदकलाई अपूरणीय क्षति पुग्न जाने सम्भावना देखिँदा प्रस्तुत रिट निवेदनको टुङ्गो नलागेसम्म उक्त निर्णय कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०६६।८।३० को आदेश।

मोहीसम्बन्धी विषयमा बुझी इन्साफ दिन भूमिसम्बन्धी ऐन, २०२१ ले भूमि सुधार अधिकारीलाई मात्र तोकेको छ। यसरी कानूनले नै स्पष्टरूपमा मुद्दा हेर्ने अधिकारी तोकेको अवस्थामा अधिकारक्षेत्रभन्दा बाहिर गई काठमाडौं जिल्ला अदालतले गरेको फैसला मुलुकी ऐन अदालती बन्दोबस्तको ३५ नं. बमोजिम त्रुटिपूर्ण हुने अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख ले आयोगलाई प्रदान गरेको अधिकारभित्र रही आयोगबाट भएको उक्त निर्णयलाई अन्यथा भन्न मिल्दैन। अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५(ग) ले आयोगको निर्णयमा चित्त नबुझ्ने पक्षले विशेष अदालतसमक्ष पुनरावेदन गर्न सक्ने नियमित कानूनी उपचारको व्यवस्था रहेकोमा विपक्षी सिधै रिट क्षेत्रमा प्रवेश गरेकोले प्रस्तुत निवेदन खारेजभागी छ भन्नेसमेत व्यहोराको विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६६।१०।५ को लिखित जवाफ।

विवादित कि.नं. ११ र १७० को सम्बन्धमा यस संस्थानबाट पहिले नै गरेको निर्णयअनुसार नै कार्यान्वयन गरी काले दमाईको जोत बदर गरी पुर्जा बनाउन मालपोत कार्यालयमा लेखी पठाउन टिप्पणी पेस भएको र सो टिप्पणी मिति २०४३।८।२५ मा सदर निर्णय भएको हो। सोसम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अनुसन्धान र छानबिन भई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम काले दमाईको नाममा कायम गर्न मिति २०६६।७।२५ मा निर्णय भई यस संस्थानलाई समेत जानकारी हुन आएको हो। गुठी संस्थानको यसअघिको निर्णयबाट हरिहर शर्मा र

माधवप्रसाद पौडेलको नाममा मोही कायम भएको हो। रिट निवेदकको विपक्षमा कुनै निर्णय यस संस्थानबाट नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी गुठी संस्थान केन्द्रीय कार्यालय, गुठी लगत तथा तहविल कार्यालय र गुठी संस्थान तहसिल शाखा कार्यलयको मिति २०६६।१०।१० को संयुक्त लिखित जवाफ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६६।८।७ को पत्रले बालुवा गा.वि.स. वडा नं. ९ख कि.नं. १७० ऐ. वडा नं. ९घ कि.नं. ११ कि.का. भई कायम सम्पूर्ण कित्ताको जग्गाको मोही काले दमाईको नाममा कायम गरी सोको जानकारी यस आयोगलाई दिनु भनी लेखी आएको हो। तर आयोगको पत्रानुसार जग्गा बदर भएको छैन। तसर्थ निवेदकको रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी भूमि सुधार कार्यालय, काठमाडौंको मिति २०६६।१०।१५ को लिखित जवाफ।

दाबीका जग्गा विष्णुमती झाडु बडारू राज गुठीको भई मिति २०२२।११।१२ भन्दाअघि देखि नै सो जग्गाको मोही जगन्नाथ उपाध्याय पौडेल नै हो भनी प्रमाण पुर्‍याउन सक्नु भएको छैन। सो जग्गा विष्णुमतीको पुल झाडु बडारू राज गुठीको जग्गा हुन् र सो विष्णुमती पुल वरपरको सरसफाई गरेबापत कमाई गरी खानको लागि मेरो बाबु काले दमाईको नाममा जोताहा दर्ता भई कमाई खाई आएका जग्गा हुन्। मेरो बाबुले सो जग्गा कमाई आएको आयस्ताको कूत जगन्नाथ उपाध्याय पौडेललाई वर्षेनी बुझाउँदै आएकोमा मेरो बाबु काले दमाईलाई केही थाहा जानकारी नै नदिई गुठी संस्थान जग्गाधनी र जोताहाको महलमा जगन्नाथ उपाध्याय पौडेलको नाम कायम गराई मिति २०४३।७।२५ मा विपक्षीहरूले निर्णय गराउनु भएको रहेछ। तर विपक्षीहरूले रिट निवेदनमा विवाद देखाइएका जग्गाहरू २०२२ सालको नापीमा सो जग्गाहरूको जग्गाधनी गुठी संस्थान र मोही जोताहाको महलमा मेरो बाबु काले दमाईको नाम जनाइएको छ र सो जग्गा मेरो बाबुले जीवनकालसम्म आफूले नै भोगचलन गरी आउनुभएको र बाबुको मृत्युपश्चात् उक्त कित्ता जग्गाहरूमध्ये केही जग्गा मैले भोगचलन गरी आएको छु। त्यसमा विपक्षीहरूले अन्यथा भन्न पाउने अवस्था छैन। अन्यथा भनेमा पनि त्यसले कानूनी मान्यता नपाउने प्रस्ट छ। सो जग्गा मेरो बाबु काले दमाईको हकभोगको जग्गा हो। यो श्री ५ को सरकारको गुठी जग्गा हो। मैले गोकर्ण गाम्चा बस्ने जगन्नाथलाई तिरो तिरी खाएको छु भन्ने व्यहोरा उल्लेख भई दुवै कित्ता जग्गाको भूमि सुधार कार्यालयबाट मेरो बुबा काले दमाईले मोही हकको प्रमाणपत्रसमेत पाइसकेको अवस्थामा गुठी संस्थानबाट मेरा बाबु काले दमाईको जोत बदर गरी जगन्नाथको हकदार छोरा हरिहर शर्मा र माधवप्रसादका नाममा मोही कायम गर्ने गरी गरेको निर्णय गुठी संस्थान ऐन, २०३३ को दफा २६(१) विपरीत भई गुठी जग्गामा खास जोताहा किसानले मात्र मोहीयानी हक प्राप्त गर्ने कानूनी व्यवस्था भएकोमा सोबमोजिम मेरो बाबुको नाउँमा भएको जोत बदर गर्ने गरी गुठी संस्थानबाट मिति २०४३।८।२५ मा भएको निर्णय अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६६।७।२५ मा बदर गरेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको बच्चु दमाईको मिति २०६६।१०।२० को लिखित जवाफ।

विपक्षीले बालुवा गा.वि.स. वडा नं. ९ख कि.नं. १७० र ऐ. वडा नं. ९घ कि.नं. ११ को गुठी जग्गामा मोही कायम गरेको सम्बन्धमा मुख्य दाबी लिनुभएको रहेछ। गुठी जग्गाको विषयमा विवाद नभएको र सो जग्गामा मोही कायम गर्ने कार्य यस कार्यालयको नभई सम्बन्धित गुठी कार्यालयले नै कायम गर्नुपर्ने कानूनी व्यवस्था भएकोले गुठी कार्यालयको निर्णयसम्म यस कार्यालयलबाट कार्यान्वयन भएको हुँदा यस कार्यालयलाई विपक्षी बनाउनु पर्ने कुनै ठोस कानूनी आधार प्रमाण नभएबाट रिट निवेदन खारेज गरिपाउँ

भन्ने व्यहोराको विपक्षी मालपोत कार्यालय, चाबहिल काठमाडौंको लिखित जवाफ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६६।७।२५ मा भएको निर्णयसहितको फायल झिकाउनु भनी यस अदालतबाट मिति २०६८।६।३० मा भएको आदेश ।

विवादित जग्गाको मोही कायम गर्ने सम्बन्धमा गुठी लगत तथा तहबिल कार्यालय, भद्रकालीबाट मिति २०४३।८।२५ मा भएको निर्णय तथा वादी बच्चु दमाई विरूद्ध हरिहर शर्मा पौडेलसमेत प्रतिवादी भएको २०५४/५५ को दे.नं. ४५०० को फैसला बदर र दे.नं. १३५४।३६०६ को लिखत बदर दर्ता बदर गुठी कायमसमेत मुद्दाको मिसिल झिकाउनु भनी यस अदालतबाट मिति २०६९।६।१० मा यस अदालतबाट भएको आदेश ।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिलसमेतका सम्पूर्ण कागजात अध्ययन गरियो । निवेदक तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा तथा अधिवक्ता श्री कृष्ण थापाले विवादको कि.नं. १७० र ११ का जग्गाहरू झाडु बढारू गुठीको जग्गा भएको र सोको मोही जगन्नाथ उपाध्याय पौडेल भएकोमा निजको मृत्युपश्चात् यी निवेदकहरूका नाममा हक हस्तान्तरण हुँदै आएको हो । उक्त जग्गाको विषयमा यी निवेदकहरू तथा विपक्षी बच्चु दमाईबीच काठमाडौं जिल्ला अदालतमा चलेको लिखत बदर दर्ता बदर गुठी दर्ता कायममेतका ५ थान मुद्दामा बच्चु दमाईले तारेख गुजारेकोले डिसमिस फैसला भएको छ भने अंश मुद्दामा वादी दाबीअनुसार १/१ भाग हरिहर र माधवप्रसादको हक कायम भई भएको फैसला अन्तिम भएर बसेको छ । अहिले गा.वि.स. सचिवले सो जग्गाहरूको सन्दर्भमा अनावश्यक कागज सिर्जना गर्ने प्रयास गरेकोले निज विरूद्ध विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी दिँदा विपक्षी आयोगले उजुरीभन्दा बाहिर गई उक्त जग्गाहरूको मोहीमा बच्चु दमाईको नाम लेखी सोहीअनुसारको लगत कायम गर्न निर्देशन दिएको कारण विवाद उत्पन्न भएको हो । विपक्षी आयोगलाई कुनै जग्गाको मोही को हो भन्ने निर्णय गर्ने क्षेत्राधिकार प्रचलित संविधान एवं कानूनले प्रदान गरेको छैन । अरूले गरेको निर्णयलाई क्षेत्राधिकारबाहिरको भन्ने आयोगले आफू पनि संविधान र कानूनले तोकेको सीमामा रहनुपर्दछ । काठमाडौं जिल्ला अदालतबाट भएको फैसला अन्तिम भएर बसेको अवस्थामा सो फैसलालाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बदर गर्न सक्दैन । बदर गर्न गराउन कानूनको व्यवस्था देखाउनुपर्दछ । विपक्षी गुठी संस्थानले मोही कायम गर्ने गरी गरेको निर्णय र काठमाडौं जिल्ला अदालतले अंश बन्डा गर्ने गरी गरेको फैसला कही कतैबाट बदर नभएको अवस्थामा त्यो निर्णय एवं फैसला तत्काल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११६ र हाल प्रचलित नेपालको संविधानको धारा १२६(२), १२८(४) बमोजिम आयोगले पनि पालना गर्नुपर्ने हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६६।७।२५ को निर्णय र सोबमोजिम भएका पत्राचारहरूलाई उत्प्रेषणको आदेशले बदर गरी निवेदकहरूको हक भोग र स्वामित्वमा प्रतिकूल असर पर्ने गरी कुनै कार्य नगर्नु नगराउनु तथा निवेदकहरूको हक भोग र स्वामित्व यथावत कायम राख्नु भन्ने परमादेशको आदेश जारी होस् भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी गुठी संस्थान केन्द्रीय कार्यालयसमेतका तर्फबाट विद्वान् अधिवक्ता श्री ज्ञानेन्द्र पोख्रेलले गुठी संस्थानले हरिहर शर्मा र माधवप्रसाद पौडेलको नाममा मोही कायम गरेको हो । तर सोही सम्बन्धमा अख्तियारमा उजुरी परी त्यहाँबाट बच्चु दमाईको नाममा मोही लगत कायम गर्न पत्राचार भएको हो । मिति २०६६।७।२५ को निर्णय गराउन यस संस्थान तथा मातहतका कार्यालयहरूको

कुनै भूमिका नभएको र यस संस्थान तथा मातहतका कार्यालयहरूको काम कारवाहीबाट निवेदकहरूको कुनै हक अधिकार हनन् नभएकोले यस संस्थान तथा मातहतका कार्यालयको हकमा रिट निवेदन खारेज हुनुपर्दछ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

विपक्षी भूमि सुधार कार्यालय, काठमाडौंसमेतको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री रमा देवी पराजुलीले मोहियानी हकसम्बन्धमा निर्णय गर्ने अधिकार भूमि सुधार अधिकारीको हो । तर विवादित जग्गाको सम्बन्धमा जिल्ला अदालतमा मुद्दा चलेको छ । कानूनविपरीत गरेको निर्णयबाट उत्पन्न दुष्परिणामलाई सच्याउन अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६६।७।२५ मा गरेको निर्णय कानूनसम्मत हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

विपक्षी बच्चु दमाईका तर्फबाट विद्वान् अधिवक्ता श्री लक्ष्मी शर्मा देवकोटाले विष्णुमतीको पुल झाडु बडारू राज गुठीका जग्गा विष्णुमती पुल वरपरको सरसफाई गरेबापत कमाई गरी खानको लागि काले दमाईको नाममा जोताहा दर्ता भई कमाई खाई आएका जग्गा हुन्। मोहियानीसम्बन्धी मुद्दा जिल्ला अदालतमा लाग्ने होइन, भूमि सुधार अधिकारीको क्षेत्राधिकार हो। काठमाडौं जिल्ला अदालतबाट भएको फैसला अन्तिम भएर बसेकोले पालना गर्नुपर्दछ भन्ने निवेदन जिकिर भए तापनि त्यो फैसलामा क्षेत्राधिकारको अभाव छ। वास्तविक मोही बच्चु दमाईका बाबु काले दमाई भएकोले अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णय कानूनसम्मत नै हुँदा बदर हुनुपर्ने होइन। रिट निवेदन खारेज हुनुपर्दछ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्त बमोजिमको तथ्य एवं बहस जिकिर रहेको प्रस्तुत रिट निवेदनमा निवेदन माग दाबीबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. यसमा निवेदकहरूले विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६६।७।२५ मा कि.नं. १७० र ११ का जग्गाहरूमा निवेदकहरूको निर्विवाद मोही हकबाट वञ्चित गर्ने गरी भएको निर्णय र सोको आधारमा लेखिएका पत्रहरूबाट हाम्रो नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३, १९ समेतद्वारा प्रदत्त हक आघातित भएकोले सो निर्णय, निर्णयको कार्यान्वयन गर्न लेखिएका पत्रहरू, सो सम्बन्धमा भए गरिएका टिप्पणी, आदेशलगायत सम्पूर्ण काम कारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी कानूनबमोजिम क्षेत्राधिकार सम्पन्न निकायबाट भएको निर्णय र फैसलाहरू समेतबाट निर्विवाद हक स्थापित भएका जग्गाहरूमा अनाधिकृत र गैरकानूनीरूपबाट निवेदकहरूको हक भोग र स्वामित्वमा प्रतिकूल असर पर्ने गरी कुनै कार्य नगर्नु नगराउनु तथा निवेदकहरूको हक भोग र स्वामित्व यथावत् कायम गर्नु, गर्न लगाउनु भन्ने परमादेश जारी गरिपाउँ भन्ने निवेदन माग रहेको देखिन्छ । विपक्षीहरूको लिखित जवाफमा कि.नं. १७० र ११ का जग्गाहरूमा बच्चु दमाईलाई मोही कायम गर्नु भनी गरेको मिति २०६६।७।२५ को अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय सरकारी निकायबाट भएको निर्णयबाट उत्पन्न दुष्कृति सच्याउनको लागि निर्देशन दिएको हो । उक्त निर्णय कानूनसम्मत नै हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भन्ने उल्लेख भएको देखिन्छ।

३. यससम्बन्धमा प्रस्तुत रिट निवेदनको मिसिल संलग्न अख्तियार दुरूपयोग अनुसन्धान आयोग (यसपछि 'आयोग' भनिनेछ) को मिति २०६६।७।२५ को बैठकको निर्णय उतार हेर्दा, काठमाडौं जिल्ला बालुवा गा.वि.स. वडा नं. ९(ख) को साबिक कि.नं. १७० र ऐ. वडा नं. ९(घ) को साबिक कि.नं. ११ को जग्गाहरू किता काट भई कायम भएका सम्पूर्ण कि.नं.का जग्गाहरूमा ३ (तीन) महिनाभित्रमा

साबिकको जोताहा मोही काले दमाईको नाम कायम गरी सोको जानकारी आयोगलाई समेत गराउन अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम भूमिसुधार कार्यालय, काठमाडौंलाई निर्देशन दिई सोहीअनुसार आ-आफ्नो स्रेस्ता सुधार गर्न गुठी संस्थान र मालपोत कार्यालयलाई समेत निर्देशन दिने निर्णय भएको छ।

४. आयोगले विवादित जग्गाको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम निर्णय गरेको उल्लेख भएको देखिन्छ। सो कानूनी व्यवस्था हेर्दा "सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम प्रचलित कानूनबमोजिम सच्याउनका लागि आयोगले सम्बन्धित अधिकारी वा निकायलाई लेखी पठाउन सक्ने छ" भन्ने उल्लेख छ। सोको प्रतिबन्धात्मक वाक्यांशमा "तर सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको निर्णयउपर प्रचलित कानूनबमोजिम पुनरावेदन लाग्ने व्यवस्था रहेछ भने आयोगले त्यस्तो निर्णय लेखी पठाउने छैन" भन्ने व्यवस्था रहेको छ।

५. उपर्युक्त कानूनी व्यवस्थाबाट पुनरावेदन नलाग्ने प्रकृतिको अर्थात् प्रशासकीय निर्णयउपर मात्र उक्त दफा १२ख बमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार सिर्जना हुने देखिन्छ। आयोगले आफ्नो लिखित जवाफमा काठमाडौं जिल्ला अदालतबाट भएको डिसमिस फैसला क्षेत्राधिकार बाहिर देखिएको भन्ने वाक्यांश प्रयोग गरेको देखिन्छ। अदालतसमक्ष आएका विवादहरूमा सो अदालतको क्षेत्राधिकार छ वा छैन भन्ने कुराको निर्क्यौल गर्ने अधिकार पनि सम्बन्धित अदालतमा मात्र निहित रहेको हुन्छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई प्रस्तुत सन्दर्भमा जिल्ला अदालतबाट भएको फैसलालाई क्षेत्राधिकारबाहिर रहेको भनी प्रश्न उठाउन कानूनत: मिल्ने देखिँदैन। अदालतको फैसला क्षेत्राधिकारबाहिर भएको भन्दैमा त्यस्तो फैसलाको औचित्यतामा प्रवेश गरी सच्याउने अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई कुनै कानूनले प्रदान गरेको देखिँदैन। स्वतन्त्र न्यायपालिकाको मूल्य र मान्यताअनुसार प्रचलित संविधानले नै अदालत वा न्यायिक निकायको फैसलाउपर पुनरावेदन सुन्ने अदालतको व्यस्था गरेको देखिन्छ। सोहीअनुसार जिल्ला अदालतबाट भएको फैसलाउपर पुनरावेदन सुन्ने प्रयोजनको लागि पुनरावेदन अदालतको स्थापना भएको हो। अदालतबाट भएका काम कारवाहीहरू आयोगको क्षेत्राधिकारबाहिर पर्ने भएकोले त्यस्तो फैसलाबाट कुनै दुष्परिणाम नै निस्किन्छ भनेसमेत त्यसलाई सच्याउन सम्बन्धित पुनरावेदन अदालत मात्र कानूनीरूपमा सक्षम रहेको हुन्छ। त्यसमा पनि उक्त दफा १२ख को प्रयोग सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित प्रशासकीय कार्यबाट उत्पन्न दुष्परिणामलाई मात्र सच्याउन प्रयोग गर्न पाइने विधायिकी मनसाय रहेको देखियो। प्रशासनिक निर्णयबाहेक न्यायिक क्षेत्राधिकार प्रयोग गरी भएको निर्णयमा दफा १२ख को प्रयोग गरी निर्देशन दिन आयोगलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले अधिकार प्रदान गरेको देखिएन।

६. जहाँसम्म आयोगको मिति २०६६।७।२५ को निर्णयउपर विशेष अदालतमा पुनरावेदन गर्नुपर्नेमा सो नगरी यस अदालतको असाधारण क्षेत्राधिकार गुहारेको भन्ने जिकिर छ, त्यसतर्फ विचार गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा ३५ग ले निश्चित निर्णयमा विशेष अदालतमा पुनरावेदन गर्ने अधिकार प्रदान गरेको भए तापनि आयोगको सबै निर्णयमा विशेष अदालतमा पुनरावेदन नलाग्ने भई आयोगले कारवाही गरी जरिवाना वा कुनै रकम असुलउपर गर्न दिएको आदेश वा अन्य कुनै आदेशउपर पुनरावेदन लाग्ने गरी पुनरावेदनको मार्ग सीमित गरेको अवस्थामा निवेदकहरूले रिट क्षेत्रबाट

उपचार माग गर्न न्यायको रोहमा अनुचित हुँदैन।

७. यस विवादमा विवादित जग्गाको विषयलाई लिएर विपक्षी बच्चु दमाई वादी भई विभिन्न ५ थान मुद्दा दायर भएको देखिन्छ। ती ५ वटै मुद्दामा वादी विपक्षी बच्चु दमाईले तारिख गुजारी मुद्दा डिसमिस भएको कुरा प्रमाणमा आएका कागजातबाट देखिन्छ। कि.नं. १७० र ११ का जग्गा मिति २०४३।८।२५ मा विपक्षी गुठी संस्थान गुठी लगत तथा तहविल कार्यालयबाट माधवप्रसाद पौडेल र हरिहर शर्मा पौडेलको नाममा मोही कायम भएको देखिन्छ भने काठमाडौं जिल्ला अदालतको मिति २०३५।११।१८ को फैसलाबाट पनि हरिहर शर्मा पौडेल र माधवप्रसाद पौडेलको आधा आधा अंश भाग कायम भएको देखिन्छ। उक्त फैसला बदर गरी पाउन विपक्षी बच्चु दमाईले दायर गरेको मुद्दामा काठमाडौं जिल्ला अदालतबाट फिराद खारेज भएको देखिन्छ।

८. जिल्ला अदालतको फैसलाउपर पुनरावेदन सुन्न पुनरावेदन अदालतको स्थापना भएको र पुनरावेदन अदालतले मात्र जिल्ला अदालतको फैसला न्यायको रोहमा परीक्षण गर्न सक्दछ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई यस्तो अधिकार रहेको देखिँदैन। अख्तियार दुरूपयोग अनुसन्धान आयोगको स्थापना नै भष्ट्राचारसम्बन्धी मुद्दा मामिलामा अनुसन्धान गरी मुद्दा अभियोजन गर्न र अन्य प्रक्रिया अवलम्बन गर्नको लागि सिफारिस गर्न भएको देखिन्छ। उक्त दफा १२ख को प्रतिबन्धात्मक वाक्यांशसमेतले सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको निर्णयउपर प्रचलित कानूनबमोजिम पुनरावेदन लाग्ने रहेछ भने आयोगले त्यस्तो निर्णयको दुष्परिणाम सच्याउन सम्बन्धित अधिकारी वा निकायलाई लेखी पठाउने छैन भन्ने व्यवस्था गरेको पाइन्छ। न्यायिक निकायबाट भएको फैसला वा प्रशासनिक निकायले अर्द्धन्यायिक क्षेत्राधिकार प्रयोग गरेर गरेको निर्णयउपर पुनरावेदन लाग्ने व्यवस्था कानूनमा नै उल्लेख भएको छ। त्यस्ता निकायहरूको फैसला वा निर्णयमा भएको त्रुटि सच्याउन वा सोको परीक्षण कानूनबमोजिम पुनरावेदन लाग्ने निकायबाट मात्र हुने देखिन्छ। यदि त्यस्तो निर्णयउपर पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्तो एउटा विशेष उद्देश्यमा केन्द्रित भएर गठन भएको संवैधानिक निकायको क्षेत्राधिकार आकर्षित हुने अर्थ लगाइयो भने यो कानूनको शासनको मूल्य मान्यताविपरीत भई न्यायिक स्वतन्त्रता नै कुन्ठित हुन जाने अवस्था सिर्जना हुन जान्छ।

९. अख्तियार दुरूपयोग अनुसन्धान आयोग र अदालत दुवैका क्षेत्राधिकार र सीमा संविधान एवं कानूनमा नै स्पष्ट उल्लेख भएको छ। यी दुवै निकायहरू संविधान र कानूनले तोकेको सीमाभित्र रही आफ्नो अधिकार प्रयोग गर्नुपर्ने कुरामा दुई मत हुन सक्दैन। यसबाट मात्र कानूनको शासनको प्रत्याभुति हुन्छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोग कानूनको ब्याख्याता नभई अक्षरश: पालना गर्ने निकाय हो। जिल्ला अदालतबाट भएको फैसला अन्तिम भएर रहेको अवस्थामा सो फैसलालाई प्रतिकूल असर गर्ने गरी निर्णय गर्न नपाउने कुरा अख्तियार दुरपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) बाट प्रस्ट हुन्छ। अदालतबाट एक पटक फैसला भई अन्तिम भएर बसेको फैसला निर्णय अन्तिमताको सिद्धान्तअनुसार अन्तिम नै हुन्छ। तत्कालीन नेपालको अन्तरिम संविधानको धारा ११६ ले मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले मान्नुपर्ने दायित्व निर्धारण गरेको र सोही व्यवस्थालाई वर्तमान नेपालको संविधानको धारा १२६ ले पनि निरन्तरता दिएको देखिन्छ। उक्त संवैधानिक दायित्वबाट विपक्षी आयोगलाई उन्मुक्ति प्रदान नगरेको अवस्थामा अदालतबाट भएको फैसलाको विषयवस्तुभित्र प्रवेश गरी त्यसलाई क्षेत्राधिकार विहीन रहेकोले कायम रहन

नसक्ने भनी आयोगबाट भएको उक्त निर्णय विधिको शासन, संविधानवाद एवम् स्वतन्त्र न्यायपालिकाको सिद्धान्तअनुकूल रहेको भन्न मिलेन ।

१०. प्रस्तुत रिट निवेदनको सन्दर्भमा हेर्दा काठमाडौं जिल्ला बालुवा गा.वि.स. वडा नं. ९(ख) को साबिक कि.नं. १७० र ऐ. वडा नं. ९(घ) को साबिक कि.नं. ११ को जग्गाहरू किताकाट भई कायम भएका सम्पूर्ण कि.नं.का जग्गाहरूमा ३ (तीन) महिनाभित्रमा साबिकको जोताहा मोही काले दमाईको नाम कायम गरी सोको जानकारी आयोगलाई गराउने भनी निर्णय भएको कुरा मिसिल संलग्न आयोगको मिति २०६६।७।२५ को बैठकको निर्णय उतारबाट देखिन्छ । विपक्षी आयोगले यस रिट निवेदनमा लिखित जवाफ फिराउँदा पनि काठमाडौं जिल्ला अदालतबाट मिति २०५४।५।२३ मा भएको डिसमिस फैसला क्षेत्राधिकार बाहिर भएकोले कायम रहन नसक्ने भनी उल्लिखित जग्गाहरूमा काले दमाईलाई मोही कायम गर्न भूमिसुधार कार्यालय, काठमाडौंलाई निर्देशन दिने गरी निर्णय गरेको देखिएको छ । माथिका प्रकरणहरूमा गरिएको विवेचनाका आधारमा विपक्षी आयोगको उक्त काम कारवाही अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) र दफा १२ख को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित व्यवस्थासमेतको आधारमा कानूनसम्मत देखिएन ।

११. अतः उल्लिखित तथ्य, कानून एवं विवेचनासमेतको आधारमा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६६।७।२५ मा निवेदकहरूको नामको जग्गा विपक्षी बच्चु दमाईको नाममा मोही कायम गर्न लेखी पठाउने गरी भएको निर्णय अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) र दफा १२ख को प्रतिबन्धात्मक वाक्यांशको विपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब निवेदक र विपक्षी बच्चु दमाईका बीचमा मोहीसम्बन्धी विवाद रहिरहेको र विवादको जग्गा गुठीको भएकोले उक्त जग्गाको मोहीको सम्बन्धमा निर्णय गर्ने साधिकार निकाय गुठी संस्थान रहेको देखिँदा विवादित जग्गाको फिल्ड बुक र साबिकको स्रेस्ता तथा निवेदक र विपक्षीहरूको मोहीको प्रमाण पत्रसमेतका आधारमा कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी गुठी संस्थान केन्द्रीय कार्यालय काठमाडौं एवं भूमिसुधार कार्यालय, काठमाडौंसमेतको नाममा परमादेश जारी हुने ठहर्छ । प्रस्तुत आदेश कार्यान्वयनको लागि यसको जानकारी विपक्षीहरूलाई दिई रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. गोपाल पराजुली

शाखा अधिकृतः रामु शर्मा
इति संवत् २०७२ साल फागुन १० गते रोज २ शुभम् ।

## निर्णय नं. ९६५१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री गोपाल पराजुली
आदेश मिति : २०७२।१०।२१।५
०६९-WO-१३७२

विषयः उत्प्रेषण / परमादेश

निवेदक : तत्काल काठमाडौं जिल्ला, गोठाटार गा.वि.स.वडा नं.८ खड्काटोल हाल का.जि. का.म. न.पा.वडा नं.१३ ताहाचल बस्ने इन्द्रप्रसाद वाग्ले

विरूद्ध

विपक्षी : गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत

- **नागरिकता जारी गर्ने विधि र प्रक्रिया कानूनबाट निर्धारण गरिने विषय हो । नागरिकता प्राप्त गर्नका लागि नियम कानूनले तय गरेको प्रक्रिया पुगेको देखिएमा सम्बन्धित अधिकारीले नागरिकता प्रदान गर्ने हो । के कसरी र कुन व्यहोराबाट के कस्ता प्रक्रिया र सिफारिसका आधारमा नागरिकताको प्राप्ति भएको हो भन्ने विषय प्रस्तुत रिट निवेदनबाट टुङ्गो लगाउने वा त्यस्ता कागजहरूको सत्यता पहिचान गरी विवाद निरूपण गर्ने कार्य यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत समाहित हुने विषय हुन नहुने ।**

(प्रकरण नं.७)

- **करकापमा परी कुनै व्यक्तिलाई कुनै कागजमा सहिछाप गर्न लगाइएको अवस्थामा आफू जुलुमीको पञ्जाबाट मुक्त भएपछि त्यसप्रकारका कार्य विरूद्ध सक्षम निकायमा कानूनले निर्धारण गरेको म्यादभित्र प्रवेश गर्न सक्ने कानूनी अधिकारको स्वयम् त्यस्तो पीडित व्यक्तिले भरपुर उपयोग गरेको देखिनु पर्ने ।**

(प्रकरण नं.९)

- **पेस भएका कागजको वैधानिकता परीक्षणबाट कुनै नेपाली नागरिकले झुट्टो विवरण दिई नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित हुन आएमा तोकिएको अधिकारीले त्यस्तो नागरिकताको प्रमाणपत्र रद्द गर्ने छ भनी नेपाल नागरिकता ऐन, २०६३ को दफा १२ मा उल्लेख भएको देखिन्छ । त्यसरी जारी भएको नागरिकताको प्रमाणपत्र रद्द वा बदर गर्ने कानूनी मार्ग उक्त ऐनले प्रसस्त गरेको अवस्थामा उपचारको वैकल्पिक व्यवस्था नभएको भन्न मिल्दैन । नागरिकता बदर गर्ने छुट्टै विधि, प्रक्रिया र व्यवस्था रहेको अवस्थामा रिट अधिकारको प्रयोगबाट अदालतले प्रस्तुत विवादमा प्रवेश गर्न मिल्ने नदेखिने ।**

(प्रकरण नं.१२)

- **गा.वि.स.को सिफारिस सर्जमिन मुचुल्कासमेतका कागज प्रमाणको आधारमा सम्बन्धित अधिकारीबाट जारी भएको नागरिकताको वैधानिकता परीक्षण गर्ने कार्य यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत पर्छ भन्न मिल्दैन । नागरिकता प्राप्त गर्नु कुनै पनि व्यक्तिको नैसर्गिक अधिकार हो । भलै प्राप्त गर्ने प्रक्रिया र कार्यविधि फरकफरक हुन सक्छ । के कस्तो प्रक्रियाबाट नागरिकता प्राप्त गरेको हो र उक्त नागरिकताको**

**अधिकारिकता प्रमाणीकरण गर्ने संयन्त्र कुन हो भन्ने सम्बन्धमा नियमन गर्ने निकाय राज्यले नै निश्चित गरेको हुन्छ । यस्तो संयन्त्र कायम रहिरहेको एवं कुनै कानूनी हकको प्रचलनका लागि उपयुक्त र प्रभावकारी उपचारको माध्यम रहँदारहँदै सो संयन्त्र र उपचारको मार्ग अवलम्बन नगरी सरल र सहज मार्ग ठानी यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गतको उपचारको माग गरिएको प्रस्तुत रिट निवेदनअनुसारको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको देखिन नआउने ।**

(प्रकरण नं.१४)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू शम्भु थापा र प्रकाश रावत, अधिवक्ताहरू दामोदरप्रसाद जोशी र शोषित अकेला बानियाँ

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता बालकृष्ण वाग्ले, विद्वान् वैतनिक अधिवक्ता नारायण देवकोटा

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३
- नेपाल नागरिकता ऐन, २०६३

आदेश

**न्या.सुशीला कार्की :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ :

प्रहरी बिट गोठाटार, काठमाडौंबाट मिति २०६९।१२।२० गते बिहान ८.३० बजे म निवेदकलाई फोन गरी सो बिटमा बोलाएकोले तत्कालै सो बिटमा गई सोधपुछ गर्दा सो बिटले महानगरीय प्रहरी वृत्त, नयाँ बानेश्वरमा बोलाए छ भनी प्रहरी भ्यानमा मलाई राखी महानगरीय प्रहरी वृत्त, नयाँ बानेश्वरमा लगी सो वृत्तबाट मलाई सोही मितिमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा पुर्‍यायो । जिल्ला प्रशासन कार्यालयमा पहिले नै लेखी राखेको कागजपत्रहरूमा मलाई गैरकानूनी ल्याप्चे सहिछाप गर्न लगाई जिल्ला प्रशासन कार्यालयबाट मलाई महानगरीय प्रहरी परिसर हनुमानढोकामा लगी प्रहरी हिरासतमा राखी मिति २०६९।१२।२१ गते पुनः सो जिल्ला प्रशासन कार्यालयमा ल्याई टाइप गरी राखेको नेपाली कागजमा गैरकानूनी किसिमले मलाई ल्याप्चे र दस्तखत गर्न लगाइयो । मिति २०६९।१२।२१ गतेदेखि २०६९।१२।२६ गतेसम्म सोही हिरासतमा राखी मिति २०६९।१२।२६ गते पुनः जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा लगी मलाई उपस्थित गराई सो जिल्ला प्रशासन कार्यालयमा राखी विभिन्न पहिले नै लेखी राखेका कागजहरूमा मलाई ल्याप्चे र दस्तखत गर्न लगाए । मलाई गैरकानूनीरूपले हिरासतमा राखेकोले मिति २०६९।१२।२२ गतेका दिन रिट नं.३९-०६९-०००८ को बन्दीप्रत्यक्षीकरण रिट दर्ता गराई सो निवेदनमा काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।१२।२२ गते नै विपक्षीहरूका नाममा कारण देखाउ आदेश जारी भई सो बन्दीप्रत्यक्षीकरण रिट निवेदनको लिखित जवाफमा विपक्षीहरूले मलाई उपर्युक्त उल्लेख गरेबमोजिमको स्वीकार गरी लिखित जवाफ फिराएको थियो ।

मिति २०६९।१२।२६ गतेको साँझ ५ बजे उक्त प्रहरी हिरासतबाट मलाई छाडेपछि मैले विपक्षी महानगरीय प्रहरी परिसर हनुमानढोका, काठमाडौंसमेतका नाममा २०६९ सालको रिट नं.०८४६ को निषेधाज्ञा र उत्प्रेषणयुक्त परमादेशका रिट निवेदन पुनरावेदन अदालत, पाटनमा दायर

गराई पुनरावेदन अदालत, पाटनबाट विपक्षीहरूका नाममा कारण देखाउ आदेश हुनुको साथै निवेदकलाई पक्राउ गर्ने, थुन्ने, नाता कायमसम्बन्धी गैरकानूनी कागज गराउने जस्ता कुनै पनि किसिमका कार्य नगर्नु नगराउनु भनी अन्तरिम आदेशसमेत भएको थियो । मिति २०७०।२।७ का दिन सरस्वती वाग्ले भनिएकी सरस्वती लम्साल र सुलभ वाग्ले भनिएको सुलभ लम्सालले सम्बन्ध विच्छेद भइसकेकी तत्कालीन श्रीमती सुन्तली वाग्ले-१, छोरी मिना वाग्ले-१, छोरा कृष्ण वाग्ले-१, छोरी अनिता वाग्ले-१ समेतका नाममा काठमाडौं जिल्ला अदालतमा अंश चलन मुद्दाको फिरादपत्र दर्ता गरेको रहेछ सो फिराद पत्रसाथ सुलभ वाग्ले भनिएको सुलभ लम्सालसमेतले मिति २०६९।१२।२६ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट सुलभ वाग्ले भनिएको सुलभ लम्सालले म इन्द्रप्रसाद वाग्लेलाई पिता बनाई झुट्टा विवरण दिई निज सुलभ वाग्लेका नामको नेपाली नागरिकताको प्रमाणपत्र बनाएका रहेछन् भन्ने कुरा काठमाडौं जिल्ला अदालतबाट उक्त अंश चलन मुद्दाको ३० दिने इतलायनामाको म्याद सो म्यादसाथ संलग्न रहेको नागरिकताको प्रमाणपत्रको फोटोकपीसमेत मिति २०७०।२।१९ गते मेरा नाममा तामेली भई मैले प्राप्त गरेपछि विपक्षीहरूले मलाई पक्राउ गरी गराई प्रहरी हिरासतमा समेत राखी राख्न लगाई सुलभ वाग्लेका नामको उक्त नेपाली नागरिकताका प्रमाणपत्र झुट्टा विवरण पेस गरी गराई बनाएका, बनाउन लगाएका रहेछन् भन्ने कुरा मलाई थाहा जानकारी भयो ।

विपक्षी सरस्वती वाग्ले भनिएकी सरस्वती लम्साल मेरो श्रीमती होइनन् । विपक्षी सुलभ वाग्ले भनिएका सुलभ लम्साल मेरो छोरा होइनन् । म मेरो नागरिकताको प्रमाणपत्र बनाउने अवस्थामा का.जि. गोठाटार गा.वि.स.वडा नं.८ मा बस्दथेँ । हाल म का.म.न.पा.वडा नं.१३ ताहाचलमा बस्दछु । निज सरस्वती र मेरो विवाह दर्ता नै नभएको, हाल म सो स्थान वडा नं.८ मा नबसेको अवस्थामा विपक्षीहरूले गा.वि.स.को सिफारिस, सर्जमिन बनाई मलाई प्रहरी हिरासतमा राखी मिति २०६९।१२।२६ गते उक्त गैरकानूनी तरिकाको नागरिकताको प्रमाणपत्र बनाउन लगाएका रहेछन् । निज विपक्षी सुलभले मलाई पिता भनी उक्त नागरिकताको प्रमाणपत्र बनाउन मिल्ने होइन । नेपाल नागरिकता ऐन, २०६३ को दफा ८(१), नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(१) क, ख, ग, नियम ४(३) क, ख विपरीत सुलभलाई नागरिकता प्रदान गरे गराएको गैरकानूनी तथा असंवैधानिक छ ।

उक्त नागरिकताको आधार बनाई विपक्षी सरस्वती र सुलभले मेरा नामको सम्पत्ति, छोरा कृष्ण वाग्ले, छोरीहरू मिना वाग्ले, अमिता वाग्लेका नामको सम्पत्तिमा समेत नोक्सान पुर्‍याउने भन्ने कुरा विपक्षी सरस्वती र सुलभले काठमाडौं जिल्ला अदालतमा उक्त अंश चलन मुद्दा दायर गरेबाट पुष्टि भएको छ । विपक्षीहरूले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(२) को वैयक्तिक स्वतन्त्रताको हक, ऐ. संविधानको धारा १९(१) बमोजिम सम्पत्तिको हक, ऐ. संविधानको धारा २४(१)(२)(३)४(५)(६)(८), धारा २६ (१)(२) र धारा २७ बमोजिमको हकसमेतको विपक्षीहरूले हनन् गरेका छ ।

विपक्षीहरूले मलाई सुलभको नागरिकता पिता बनाई सुलभलाई दिएको उक्त नागरिकताबाट मेरो सम्पत्तिसम्बन्धी हक, स्वतन्त्रताको हक, उक्त कानूनी व्यवस्थासमेतमा आघात पुर्‍याई मलाई अपूरणीय क्षतिसमेत पुर्‍याउने भएकाले यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म सुलभले मिति २०६९।१२।२६ गते झुट्टा विवरण पेस गरी पक्राउ गरी रिट निवेदकलाई पिता भनी बनाएको उक्त नागरिकताको आधारमा रिट निवेदक र उक्त अंश चलन मुद्दामा प्रतिवादी बनाइएका कृष्ण वाग्ले, मिना वाग्ले, अनिता वाग्लेको सम्पत्ति र स्वतन्त्रतामा समेत कुनै असर नपार्नु, असर नपुर्‍याउनु

उक्त नागरिकताको प्रमाणपत्रको आधारबाट कुनै पनि काम नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश साथै उत्प्रेषणयुक्त परमादेशको उपयुक्त आज्ञा आदेशसमेत जारी गरिपाउँ भन्ने व्यहोराको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? जारी हुनु नपर्ने भए यो आदेशप्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षी नं.१, २, ३, ४, ५, ६, ७, १०, ११, १२ र १३ लाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिनू। विपक्षी नं.८, ९, १४, र १५ का हकमा आफैँ वा कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी सूचना पठाई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

साथै अन्तरिम आदेशको माग सम्बन्धमा विचार गर्दा सुलभ वाग्लेले मिति २०६९।१२।२६ मा लिएको नागरिकताको आधारमा यी निवेदकउपर काठमाडौं जिल्ला अदालतमा दिएको अंश मुद्दामा सम्पत्तिसम्बन्धी हकमा प्रतिकूल असर पुग्ने गरी कार्य हुन पुगेमा यी निवेदकलाई अपूरणीय क्षति पुग्न जाने हुँदा यो रिट निवेदनको अन्तिम निर्णय नहुन्जेलसम्म सुविधा सन्तुलनको दृष्टिकोणबाट मिति २०६९।१२।२६ को विवादित नागरिकताको आधारमा निवेदकविरूद्ध कुनै काम नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिदिएको छ। सोको सूचना विपक्षीहरूलाई दिई नियमानुसार गर्नु भन्ने यस अदालतको मिति २०७०।३।२३ को आदेश।

का.जि. गोठाटार गा.वि.स. वडा नं.८ मा स्थायी बसोबास भएको सरस्वती वाग्लेले मिति २०६९।१२।२३ गते यस गा.वि.स. कार्यालयमा २०५० सालमा निवेदक इन्द्रप्रसाद वाग्लेसँग विवाह भई २०५२ सालमा छोराको जन्म भएको र बाबुले वास्ता नगरेकाले सर्जमिन गरी सर्जमिनका आधारमा नागरिकता प्रमाणपत्र बनाउने सिफारिस पाउँ भनी निवेदन गरेको र स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम आफ्नो गा.वि.स. क्षेत्रभित्रको व्यक्तिले गरेको सिफारिस माग गरी गरेको निवेदनउपर स्थानीय व्यक्तिसमेतलाई बुझी सत्य तथ्य पत्ता लगाई सिफारिस दिने नदिने अधिकार यस गा.वि.स. लाई रहेकाले सोही आधारमा मिति २०६९।१२।२३ मा गा.वि.स. कर्मचारी भिमसेन सन्जेलले स्थानीय सर्जमिन गराई ल्याएको सर्जमिन मुचुल्काबमोजिम सुलभ वाग्ले इन्द्रप्रसाद वाग्लेको छोरा हो भनी बोलेकाले सोही सर्जमिनका आधारमा नागरिकता दिन मिल्ने भए आवश्यक कारबाही गरी दिनु भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा सिफारिस भएको हो।

नागरिकताका लागि यस गा.वि.स. मा सिफारिस माग भएबमोजिम स्थानीयस्तरमा गाउँ टोलका भद्र भलाद्मीको सर्जमिन मुचुल्का, विपक्षीको श्रीमतीको निवेदनबमोजिमको सर्जमिनमा स्थानीय बासिन्दा जना ७ ले किटानी गरी सुलभ वाग्ले इन्द्रप्रसाद वाग्लेको छोरा हो भनी लेखाई दिएको तथा निज सुलभ वाग्लेको चारित्रिक प्रमाणपत्रमा पनि विपक्षीले रिट निवेदनमा दाबी गरे जस्तो थर लम्साल नभई वाग्ले नै रहेकाले सोही प्रमाण र सर्जमिनका आधारमा गरिएको सिफारिस र सोही सिफारिसका आधारमा बनेको नागरिकता बदर हुने अवस्थाको होइन। गा.वि.स.ले सर्जमिन गरी सिफारिस गरेको कार्य कानूनबमोजिमकै रहेको तथा अन्य कानूनी उपचारको बाटो हुँदाहुँदै रिटमा आएको अवस्थाको प्रस्तुत रिट निवेदन तथा यस अदालतबाट मिति २०७०।३।२३ गते जारी भएको अन्तरिम आदेशसमेत बदर गरिपाउँ

भन्नेसमेत व्यहोराको गोठाटार गा.वि.स. कार्यालय र ऐ. गा.वि.स.का सचिव लेखनाथ भट्टराईको लिखित जवाफ।

हामी विपक्षीको पत्नी तथा छोरा नाताको व्यक्ति भएकोमा कुनै विवाद छैन । स्थलगतरूपमा साक्षी सर्जमिन गर्दा पनि सो कुरा प्रस्ट हुन्छ। विपक्षीले हामीप्रतिको दायित्व निर्वाह नगरी हामीलाई अलपत्र पारी हाल आएर हामीलाई आफ्नो नैसर्गिक हकबाट समेत वञ्चित गर्न प्रस्तुत झुट्टा निवेदन दिएको हुनाले विपक्षीको रिट निवेदन खारेजभागी छ। आफ्नो पत्नी, छोराको पालन, पोषण, शिक्षा दिक्षाको व्यवस्था गर्नुपर्ने, नगरे अंश दिनुपर्ने कानूनी व्यवस्थाबाट विपक्षी कुनै पनि बहानामा पन्छिन मिल्ने होइन। सोहीबमोजिम हामीले विपक्षीहरूउपर काठमाडौं जिल्ला अदालतमा अंश चलन मुद्दा दायर गरेकोमा हाल यस सम्मानित अदालतको आदेश र विपक्षीको निवेदनबमोजिम उक्त मुद्दा मुल्तबीमा रहेको छ।

विपक्षीको निवेदन यस सम्मानित अदालतको असाधारण अधिकारक्षेत्रभित्र पर्ने होइन। विपक्षीको मूल दाबी भनेको म सुलभ वाग्लेले प्राप्त गरेको नागरिकता बदर गराउने नै हो। सो नागरिकता ऐन कानूनविपरीत भए बदर गराउनको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा नै निवेदन दिन सक्ने र सार्वजनिक मुद्दामा चित्त नबुझे पुनरावेदन अदालतमा पुनरावेदन दर्ता गर्न सक्ने साधारण कार्यविधिगत अधिकारक्षेत्र रहेको र नाता सम्बन्धमा विवाद भएमा काठमाडौं जिल्ला अदालतमा दायर भएको अंश मुद्दाबाट त्यसको निराकरण हुने अवस्था रहेकै छ । यस्तो साधारण कार्यविधिगत अवस्था रहेकै अवस्थामा असाधारण क्षेत्राधिकारको प्रयोग भएको विपक्षीको निवेदन रिटको सिद्धान्तविपरीत भएकोले खारेज गरिपाउँ भन्ने सरस्वती र सुलभ वाग्लेको लिखित जवाफ।

नागरिकता सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट निज इन्द्रप्रसाद वाग्लेलाई सोधपुछ गर्दा सरस्वती लम्साललाई मैले २०५० सालमा घरमा भित्र्याएर छोडेर गएको १६ वर्ष भयो, छोराको न्वारान गरेको तर विवादमा गरेको हो, उनले मलाई छोडेर २०५३ सालमा गएकी हुन्, उनले नछाडी परिबन्दमा परेकीले घरमा भित्र्याएको हुँ, मेरो पहिलो विवाह २०३९ सालमा भएको, जेठी श्रीमतीसँग एउटा छोरा र तीन जना छोरी छन् । मेरो सरस्वती लम्साललसँग पहिलो भेट ठमेलमा भएको थियो, नागरिकता बनाई दिने सम्बन्धमा कानूनबमोजिम गर्न तयार छु भनी बयान गरेको छ। नेपाली नागरिकताको प्रमाणपत्र पाउँ भन्ने अनुसूची फारममा सुलभ वाग्लेले बाबुको नाम इन्द्रप्रसाद वाग्ले र आमाको नाम सरस्वती वाग्ले उल्लेख गरी निवेदन गरेको र गोठाटार गा.वि.स. को मिति २०६९।१२।२३ मो पत्र तथा स्थलगत सर्जमिन मुचुल्का एवं इन्द्रप्रसाद वाग्लेको सनाखत, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, आमाको नागरिकता प्रमाणपत्रको प्रतिलिपिसमेतका आधारमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट सुलभ वाग्लेलाई नागरिकतासम्बन्धी प्रचलित कानून, निर्देशिका, नागरिकता ऐन, नियमबमोजिम नागरिकता प्रदान गरिएको र कुनै पनि गैरकानूनी कार्य मबाट नभएको हुँदा मेरो हकमा रिट निवेदन खारेज गरिपाउँ भन्ने जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रशासकीय अधिकृतको लिखित जवाफ।

रिट निवेदकले आफूलाई जबरजस्ती प्रहरी कार्यालय / प्रहरी वृत्त, नयाँबानेश्वरबाट पक्राउ गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा ल्याई कागजातहरूमा गैरकानूनी तरिकाले सहिछाप गराएको भन्ने विषयमा यस मन्त्रालयलाई कुनै जानकारी छैन। सो विषयमा उक्त कार्य गरेको भनी रिट निवेदकले आरोप लगाएका सम्बन्धित कार्यालयहरूको लिखित जवाफबाटै प्रस्ट हुनेछ। कुनै पनि नागरिकलाई त्यस किसिमबाट जबरजस्ती तरिकाले कागजातमा सहिछाप गराउने वा कागज गराउने भन्ने कुरा नितान्त गलत हो।

त्यस्तो कार्य नेपाल सरकारका कुनै पनि सुरक्षा निकाय एवं प्रशासनिक निकायले गरेको भन्ने कुरा विश्वासयोग्य छैन। त्यस्तो गैरकानूनी कार्य यस मन्त्रालयको तर्फबाट भएको छैन । मन्त्रालयले रिट निवेदन व्यहोरामा लेखिएबमोजिमको कुनै पनि गैरकानूनी क्रियाकलाप गर्न कुनै पनि मातहतका निकायलाई निर्देशन नगरिएको व्यहोरा अनुरोध छ । निज रिट निवेदकले के कसरी को कसलाई सनाखत गरी नागरिकता बनाई छोरा वा श्रीमती तुल्याए सो विषयमा यस मन्त्रालयलाई जानकारी हुने विषय होइन । रिट निवेदकले आफ्नो रिटमा खुलाई दाबी गरेका कुनै पनि विषयवस्तु प्रत्यक्षरूपमा यस मन्त्रालयसँग सम्बन्धित नभएको, कानूनबमोजिम कुनै पनि विषयमा मन्त्रालयमा निवेदन दर्ता गर्न आएका नागरिकलाई दर्ता गर्न मिल्दैन भनी फर्काइने गरेको छैन, कारबाही हुने नहुने भन्ने विषय निवेदन दर्ता भएपछि विचारणीय कुरा भएकोले निवेदन नै दर्ता गर्न नमानेको भनी लेखिएको रिट निवेदन व्यहोरा झुट्टा हो । अतः निवेदकको कुनै पनि मौलिक हक हनन् हुने कार्य यस मन्त्रालयबाट नभएको हुँदा यस मन्त्रालयको हकमा रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत नेपाल सरकारका गृहमन्त्री र ऐ. मन्त्रालयका सचिवसमेतको लिखित जवाफ।

का.जि. गोठाटार गा.वि.स. वडा नं.८ बस्ने इन्द्रप्रसाद वाग्ले विरूद्धमा परेको उजुरीका सम्बन्धमा निजलाई उपस्थित गराई दिनु हुन भन्ने जिल्ला प्रशासन कार्यालयको मौखिक आदेशबमोजिम यस कार्यालयको नं.३२८४ मिति २०६९।१२।२० गते निजलाई जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंमा उपस्थित गराइएको हो । सोपश्चात् निजलाई जिल्ला प्रशासन कार्यालयबाट के कस्तो कारवाही भयो, छुटे वा हिरासतमा राख्न पठाए, निवेदक को हो, एक आपसमा मिलापत्र भयो वा भएन, के कुन मुद्दा, उजुरीमा उपस्थित गराउन भनिएको हो यस कार्यालयमा कुनै जानकारी नभएको, के कहाँबाट नागरिकता लिएका छन् यस कार्यालयमा कुनै जानकारी नभएको सोसम्बन्धमा मजकुर महानगरीय प्रहरी परिसर तथा जिल्ला प्रशासन कार्यालयको लिखित जवाफसमेतबाट प्रस्टै हुनेछ। गैरकानूनीरूपमा थुनामा राखेको छैन, नागरिकता तथा अंशसम्बन्धी काम कारवाही यस कार्यालयको क्षेत्राधिकारभित्र नपर्ने हुँदा रिट निवेदकलाई पक्राउ गरी थुनामा राख्नुपर्ने कारण नै छैन, सोही विषयलाई लिएर पटकपटक सम्मानित अदालतहरूमा कपोलकल्पित एवं सम्मानित अदालतसमेतलाई झुक्यानमा पारी झन्झट दिने उद्देश्यले दायर गरेको रिट निवेदन खारेज गरिपाउन सादर अनुरोध गर्दछु भन्नेसमेत महानगरीय प्रहरी वृत्त, नयाँबानेश्वर र महानगरीय प्रहरी अस्थायी प्रहरी बिट, काँडाघारीको लिखित जवाफ।

रिट निवेदकको विरूद्धमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट केही सार्वजनिक अपराधअन्तर्गत आवश्यक कारवाही गर्न परेकोले पक्राउ तथा थुनुवा पुर्जी दिई स.मु.स.ऐन, २०४९ को दफा १५(२) बमोजिम जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा उपस्थित गराई प्रहरी हिरासतमा राख्न अनुमति माग गरी उक्त कार्यालयबाट प्रहरी हिरासतमा राख्न अनुमति प्रदान भई आएपश्चात् निजलाई यस परिसरको हिरासतमा राखी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमा उपस्थित गराई स्वतन्त्रपूर्वक बयान गराई सम्पूर्ण अनुसन्धान कार्य पूरा गरी यस परिसरको रायसाथ मिति २०६९।१२।२६ गते जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमा प्रस्तुत गरिएकोमा सोही दिन नै जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको अभियोग पत्रसाथ जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा प्रस्तुत हुँदा उक्त कार्यालयबाट रू.३,०००।- धरौटी लिई छाडेको हो । निज विपक्षीले लिएको जिकिरअनुसार रिट निवेदकलाई गैरकानूनीरूपमा पक्राउ गरी थुनामा राखी शारीरिक तथा मानसिक यातना दिने, सहिछाप गराउने जस्ता कार्य यस परिसरबाट नगरिएको नभएको हुँदा रिट

निवेदन बदरभागी छ, खारेज गरिपाउँ भन्ने महानगरीय प्रहरी परिसर, काठमाडौंको लिखित जवाफ।

छोराको लागि नागरिकता दिलाउन अनुरोध गर्दा मलाई धम्क्याउने गरेकोले निजबाट असुरक्षाको महसुस भएको हुँदा मलाई शान्ति सुरक्षा दिलाउनसमेत अनुरोध गर्दछु । साथै निज इन्द्रप्रसाद वाग्लेबाट जन्मिएको मेरो छोरा सुलभ वाग्लेको लागि निज इन्द्रप्रसाद वाग्लेले बाबुको रूपमा सनाखत गराई दिने व्यवस्थाको लागिसमेत अनुरोध छ, भनी गोठाटार-८, काठमाडौंकी सरस्वती वाग्ले (लम्साल) को निवेदन परेकोमा इन्द्रप्रसाद वाग्लेलाई यस कार्यालयमा झिकाई यस कार्यालयमा दुवै पक्षबीच छलफल गराउँदा इन्द्रप्रसाद वाग्लेले कार्यालयकै परिसरमा निवेदक सरस्वती वाग्ले (लम्साल) लाई गाली गलौज र हातपातसमेत गरेकोमा आवश्यक कारवाही गरिपाउँ भनी सरस्वती वाग्ले (लम्साल) ले निवेदन दिएको हुँदा आवश्यक कारवाहीको लागि महानगरीय प्रहरी परिसर हनुमानढोकामा पठाइएको र केही सार्वजनिक अपराध मुद्दामा अनुसन्धान भई अभियोगपत्र पेस भएको देखिन्छ । नागरिकता सम्बन्धमा यस कार्यालयबाट निज इन्द्रप्रसाद वाग्लेलाई सोधपुछ गर्दा सरस्वती लम्साललाई मैले २०५० सालमा घरमा भित्र्याएँ, छोडेर गएको १६ वर्ष भयो, अहिले कोही पनि होइनन्, छोराको न्वारान गरेको हो तर विवादमा गरेको हो, मेरो सरस्वती लम्साससँग पहिलो भेट ठमेलमा भएको थियो, नागरिकता बनाई दिने सम्बन्धमा कानूनबमोजिम गर्न तयार छु भनी इन्द्रप्रसाद वाग्लेले बयान गरेको देखिन्छ । नेपाली नागरिकताको प्रमाणपत्र पाउँ भन्ने अनुसूची फाराममा सुलभ वाग्लेले बाबुको नाम इन्द्रप्रसाद वाग्ले र आमाको नाम सरस्वती वाग्ले उल्लेख गरी निवेदन गरेको र गोठाटार गा.वि.स.को मिति २०६९।१२।२३ को पत्र तथा स्थलगत सर्जमिन मुचुल्का एवं इन्द्रप्रसाद वाग्लेको सनाखत, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, आमाको नागरिकता प्रमाणपत्रको प्रतिलिपिसमेतका आधारमा यस कार्यालयबाट सुलभ वाग्लेलाई नागरिकता ऐन, नियमबमोजिम नागरिकता प्रदान गरिएको अवस्था हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको जिल्ला प्रशासन कार्यालय, काठमाडौं र ऐ.का प्रमुख जिल्ला अधिकारीको लिखित जवाफ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९, नेपालको नागरिकता प्राप्ति, समाप्ति तत्सम्बन्धी अन्य कुराको व्यवस्था गर्नका बनेको नेपाल नागरिकता ऐन, २०६३ ले समेत नागरिकतासम्बन्धी विषयवस्तु हेर्ने जिम्मा गृह मन्त्रालयलाई दिएको देखिन्छ । जुनसुकै नेपालीले नेपाली नागरिकता लिएर मतदाता नामावलीमा नाम समावेश गर्न आग्रह गरेमा आयोगले सोअनुसार नियमावलीमा नाम समावेश गर्नुपर्ने संवैधानिक तथा कानूनी व्यवस्था रहेको हुँदा विपक्षीले कसरी नागरिकता प्राप्त गर्नुभयो, कुन कार्यविधि अपनाउनुभयो जस्ता विषयवस्तु हेर्ने कार्यको जिम्मेवारी आयोग र ऐ.का प्रमुख आयुक्तलाई नभएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको निर्वाचन आयोग र प्रमुख निर्वाचन आयुक्तको लिखित जवाफ।

यसमा प्रस्तुत निवेदनको विषयसँग सम्बन्धित यस अदलतमा विचाराधीन ०७०-CI-०८६, ०८६३ समेतका मुद्दाहरूसमेत साथै पेस गरिपाउँ भनी निवेदकको तर्फबाट विद्वान् कानून व्यवसायीले बहसको क्रममा इजलाससमक्ष व्यक्त गर्नुभएकोले उक्त मुद्दाहरूसमेत एकैसाथ पेसीमा चढाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतबाट भएको मिति २०७१।७।२० गते आदेश।

यसमा वादी नेपाल सरकार प्रतिवादी इन्द्रप्रसाद वाग्ले भएको संवत् २०६९/७० सालको मि.नं.१६७६ को सार्वजनिक अपराध मुद्दा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट र निवेदक इन्द्रप्रसाद वाग्ले विपक्षी जिल्ला प्रशासन कार्यालय, बबरमहल,

काठमाडौंसमेत भएको संवत् २०६८ सालको रिट नं.०००८ को बन्दीप्रत्यक्षीकरणको मुद्दाको मिसिल काठमाडौं जिल्ला अदालतबाट झिकाई आएपछि लगाउको रिट नं.७००-WO-०११२ तथा ०७०-CI-०८६२ र ०७०-CI-०८६३ समेतका मुद्दाहरू साथै राखी नियमानुसार पेस गर्नु भन्ने यस अदालतबाट भएको मिति २०७२।५।१७ गते आदेश।

नियमानुसार पेसी सूचीमा चढी इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दाको मिसिल सामेल कागज अध्ययन गरी निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शम्भु थापा र प्रकाश रावत अधिवक्ताहरू श्री दामोदरप्रसाद जोशी र श्री शोषित अकेला बानियाँले निवेदकलाई विपक्षीहरूले गैरकानूनीरूपले प्रहरी हिरासतमा राखी जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा पहिलेदेखि तयार गरी राखेका कागजमा ल्याप्चे सहिछाप गर्न लगाई, नागरिकता बनाउने प्रयोजनका लागि विपक्षीमध्येको सुलभ लम्साल निवेदक इन्द्रप्रसाद वाग्लेको छोरा भनी तयार गरेका सम्पूर्ण कागजहरू गैरकानूनी तरिकाबाट निर्माण भएका रहेछन् । निवेदकको सहमतिविपरीत खडा गरेका कागजहरूबाट विपक्षी सुलभ लम्सालले निवेदकको नामबाट नागरिकता बनाउने जस्ता कार्य विधिसम्मत एवं प्रक्रियागत नभएकोले निवेदक पिता भनी निजको नामबाट लिएको नागरिकता र नागरिकता बनाउन खडा गरिएका गा.वि.स.को सर्जमिनसमेतका सम्पूर्ण कागजहरू उत्प्रेषणको आदेशबाट बदर हुन पर्ने भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो । त्यसैगरी विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेतको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री बालकृष्ण वाग्ले र विपक्षी सरस्वती वाग्ले र सुलभ वाग्लेको तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ता श्री नारायण देवकोटाले निवेदकलाई गैरकानूनीरूपमा करकापमा पारी कुनै पनि कागजमा ल्याप्चे सहिछाप गर्न लगाएको अवस्था होइन । विपक्षी विरूद्ध चलेको केही सार्वजनिक अपराध मुद्दामा आवश्यक कारवाहीको लागि हिरासतमा राखेको स्थिति हो । झुट्टा विवरण तयार गरी नागरिकता लिएको भए अर्थात् करकापबाट कुनै कागजमा सहिछाप गर्ने गराउने कार्य भएको भए त्यसको कानूनी उपचारको बाटो अवलम्बन गर्नुपर्नेमा रिट क्षेत्रको प्रयोगबाट अदालत प्रवेश गरेकोले निवेदकको मागबमोजिम रिट जारी हुने अवस्था छैन। निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

उपर्युक्तानुसारको बहससमेत सुनी निर्णयतर्फ विचार गर्दा निवेदकको निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन सोही विषयमा निर्णय गर्नुपर्ने देखियो।

२. यसमा रिट निवेदकले मूलतः विपक्षी सुलभ वाग्ले भनिएका सुलभ लम्सालले इन्द्रबहादुर वाग्लेलाई पिता देखाई गा.वि.स.बाट बाबु नाता पर्ने किसिमले सर्जमिन तथा सिफारिस बनाउन लगाई प्रहरी हिरासतमा राख्न लगाई जिल्ला प्रशासन कार्यालयले गैरकानूनीरूपले मलाई पहिलेदेखि नै तयार पारिएका कागजहरूमा ल्याप्चे सहिछाप गर्न बाध्य पारी जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेकोले झुट्टा विवरण तयार पारी प्राप्त गरेको नागरिकता, सो नागरिकता बनाउन तयार पारिएका सम्पूर्ण कागज र नागरिकताको प्रमाणपत्रबाट गरिएका काम कारवाहीसमेत उत्प्रेषणको आदेशले बदर गरी परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्ने मुख्य निवेदन दाबी लिएको देखियो।

३. का.जि. गोठाटार गा.वि.स. वडा नं.८ स्थायी बसोबास भएको सरस्वती वाग्लेले मिति २०६९।१२।२३ मा यस गा.वि.स. कार्यालयमा २०५० सालमा निवेदक इन्द्रप्रसाद वाग्लेसँग विवाह भएको र २०५२ सालमा छोरा सुलभको जन्म भएको र बाबुले वास्ता नगरेकोले सर्जमिन गरी नागरिकता प्रमाणपत्र बनाउने सिफारिस गरिपाउँ भनी निवेदन

गरेको हुँदा स्थानीय बासिन्दा जना ७ ले किटानी गरी सुलभ वाग्ले इन्द्रप्रसादको छोरा हो भनी लेखाई दिएको सर्जमिनका आधारमा नागरिकता दिन मिल्ने भए आवश्यक कारवाही गरी दिनु भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा यस गा.वि.स.बाट सिफारिस भएको हो भन्ने गोठाटार गा.वि.स.कार्यालयको लिखित जवाफ रहेको छ । विपक्षी रिट निवेदक इन्द्रप्रसाद वाग्लेको श्रीमती सरस्वती वाग्लेले नागरिकता बनाउने विषयमा जिल्ला प्रशासन कार्यालय परिसरभित्र गाली गलौज र हातपातसमेत गरेकोले आवश्यक कारवाही गरिपाउँ भनी दिएको निवेदनअनुसार रिट निवेदकलाई केही सार्वजनिक अपराध मुद्दामा अनुसन्धानका लागि महानगरीय प्रहरी परिसर, हनुमानढोकामा पठाइएको हो । नागरिकताको प्रमाणपत्र पाउँ भन्ने अनुसूची फाराममा सुलभ वाग्लेले बाबुको नाम इन्द्रप्रसाद वाग्ले र आमाको नाम सरस्वती वाग्ले भनी निवेदन गरेको र गोठाटार गा.वि.स.को स्थलगत सर्जमिन मुचुल्का एवं इन्द्रप्रसाद वाग्लेको सनाखतसमेतका आधारमा यस कार्यालयबाट सुलभ वाग्लेलाई ऐन कानूनबमोजिम नागरिकता प्रदान गरिएको हो रिट खारेज गरिपाउँ भन्ने तत्कालीन जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारीको लिखित जवाफ रहेको देखिन्छ । साथै रिट निवेदकसँग कायम रहेको पति / पिताको नाताबाट हामीलाई बेदखल गर्न प्रस्तुत रिट दर्ता भएको हो । हामी बसोबास गरी आएको गोठाटार गा.वि.स.बाट छोरा सुलभ वाग्लेको नागरिकताको प्रमाणपत्र बनाउन भएको स्थानीय सर्जमिन मुचुल्का र गा.वि.स.को सिफारिसबाट समेत हामी विपक्षीहरू निजको छोरा र श्रीमती भएको तथ्य पुष्टि हुन्छ । विपक्षीले हामीलाई आफ्नो नैसर्गिक हकबाट वञ्चित गर्न प्रस्तुत झुट्टा रिट निवेदन दिएकोले खारेज गरिपाउँ भन्ने विपक्षीमध्येका सरस्वती वाग्ले र सुलभ वाग्लेको लिखित जवाफ रहेको देखियो ।

४. उपर्युक्त तथ्य रहेको प्रस्तुत रिट निवेदनमा निवेदक इन्द्रबहादुर वाग्ले काठमाडौं जिल्ला, गोठाटार गा.वि.स. वडा नं.८ मा बसोबास गरी हाल का.म.पा.वडा नं.१३ ताहाचलमा स्थायीरूपमा बसी रहेका नेपाली नागरिक भएको तथ्य रिट निवेदन र विपक्षीहरूको लिखित जवाफबाट स्पष्ट भएको देखिन्छ । काठमाडौं जिल्ला, गोठाटार गा.वि.स.को सिफारिस र ऐ गा.वि.स.वडा नं.८ को सर्जमिन मुचुल्कासमेतका आवश्यक कागजातहरूका आधारमा विपक्षीमध्येका सुलभ वाग्लेले जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिन्छ । नागरिकता व्यक्तिको राष्ट्रियता पहिचान गर्ने साधन हो । हरेक व्यक्तिलाई सम्बन्धित राष्ट्रको नागरिक भएको हैसियतले नागरिकता प्राप्त गर्ने, राज्यबाट नि:सृत सेवा सुविधा उपभोग गर्न पाउने र नागरिकको हैसियतबाट आफ्नो हक अधिकार सुरक्षाको प्रत्याभूति पाउने अधिकार रहन्छ । नागरिकताप्राप्त गर्ने प्रक्रिया राज्यले विधायिक कानूनबाट निर्धारण गरेको हुन्छ भने नागरिकता प्राप्त गर्ने अधिकार संवैधानिक कानूनले सुरक्षित गरेको हुन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ ले कुनै व्यक्तिको जन्म हुँदाको बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने हकको प्रत्याभूति गरेको पाइन्छ ।

५. त्यसैगरी नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ ले वंशजको नाताले नेपालको नागरिक हुने र दफा ८ ले वंशजको नाताबाट नागरिकताको प्रमाणपत्र लिन पुर्‍याउनु पर्ने प्रक्रियाका बारेमा कानूनी व्यवस्था गरेको देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार जन्मस्थान र नाता खुल्ने गरी गाउँ विकास समिति वा नगरपालिकाले गरिदिएको सिफारिस, जन्मको आधारमा नागरिकता लिनु पर्दा नेपालमा स्थायीरूपमा बसोबास गर्दै आएको व्यहोरा खुल्ने गरी सम्बन्धित

गाउँ विकास वा नगरपालिकाको सिफारिस, निजको वा निजको आमा वा बुबाको नाम समावेश भएको प्रमाण पेस गरी सम्बन्धित निकायमा निवेदन दिन सक्ने देखिन्छ। यस्ता आधारभूत कागजात एवं प्रमाण पेस गर्न नसकेको अवस्थामा पनि स्थलगत सर्जमिन र निजलाई चिन्ने सोही वडाको नेपाली नागरिकले गरिदिएको सनाखतको आधारमा नागरिकताको प्राप्ती हुने प्रक्रिया र व्यवस्था रहेको देखिन्छ।

६. विपक्षी सुलभ वाग्लेले मिति २०६९।१२।२६ मा का.जि. गोठाटार गा.वि.स.वडा नं.८ को सिफारिस र सर्जमिनसमेतका आधारमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखियो । गा.वि.स.को सिफारिसबमोजिम र गाउँ वडाको सर्जमिन मुचुल्काका आधारमा नागरिकताको फारममा पिता इन्द्रप्रसाद वाग्ले र आमा सरस्वती वाग्लेको नाम समावेश भएको, इन्द्रप्रसाद वाग्लेको सनाखतसमेतका कागजका आधारमा नागरिकता जारी गर्ने अधिकारप्राप्त कार्यालयबाट नेपाली नागरिकता जारी गरेको भन्ने जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखित जवाफसमेतबाट देखियो । नेपाली नागरिकता प्राप्ति पश्चात् बुबासमेतबाट अंश पाउँ भनी विपक्षी सुलभ र आमा सरस्वतीले काठमाडौं जिल्ला अदालतमा अंश मुद्दा (३९-०६९-०६२५०-४२५) दर्ता गरी उक्त मुद्दा विचाराधीन रहेको अवस्थामा प्रस्तुत रिट निवेदन यस अदालतमा दर्ता भएपछि काठमाडौं जिल्ला अदालतमा चलेको अंश मुद्दा मुल्तवीमा रहेको भन्ने निवेदककै रिट निवेदनबाट देखिन आउँछ भने रिट निवेदकले विपक्षीहरू सुलभ र सरस्वती आफ्नो छोरा श्रीमती नभएको भन्ने जिकिर लिएको देखिन्छ। अंश मुद्दामा नाता सम्बन्धमा विवाद सिर्जना भएमा विचाराधीन अंश मुद्दाबाट विवाद निरूपण गर्नुपर्ने स्थिति एकातर्फ रहेको देखिन्छ भने अर्कोतर्फ नागरिकता एवं नागरिकता तयार गर्न खडा गरिएका कागजहरू बदरको माग राखी निवेदक यस अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत अदालत प्रवेश गरेको देखिन्छ। विपक्षी सुलभ वाग्ले निजको छोरा हो होइन भनी नातामा विवाद देखिएमा सो विवादको सत्यता प्रमाणीकरणको लागि डि.एन.ए. परीक्षण जस्ता वैज्ञानिक प्रविधिको माध्यमबाट निष्कर्षमा पुग्नुपर्ने स्थिति बरकरार रहेको अवस्थामा प्रमाण बुझी सोको मूल्याङ्कन गर्नुपर्ने प्रकृतिको प्रस्तुत विवादमा रिट क्षेत्राधिकारमा प्रवेश गरी उपचार माग गर्नु सान्दर्भिक देखिन आएन।

७. नागरिकता जारी गर्ने विधि र प्रक्रिया कानूनबाट निर्धारण गरिने विषय हो । नागरिकता प्राप्त गर्नका लागि नियम कानूनले तय गरेको प्रक्रिया पुगेको देखिएमा सम्बन्धित अधिकारीले नागरिकता प्रदान गर्ने हो। के कसरी र कुन व्यहोराबाट के कस्ता प्रक्रिया र सिफारिसका आधारमा नागरिकताको प्राप्ति भएको हो भन्ने विषय प्रस्तुत रिट निवेदनबाट टुङ्गो लगाउने वा त्यस्ता कागजहरूको सत्यता पहिचान गरी विवाद निरूपण गर्ने कार्य यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत समाहित हुने विषय होइन।

८. निवेदकले मिति २०६९।१२।२१ गतेदेखि ऐ.२६ गतेसम्म प्रहरी हिरासतमा राखी पहिलेदेखि नै तयार गरिएका कागजमा गैरकानूनीरूपमा ल्याप्चे सहिछाप गराई नागरिकता बनाएको भनी निवेदनमा उल्लेख गरेको र यहि विषयमा निवेदकले उत्प्रेषण, निषेधाज्ञाको आदेश जारी गरिपाउँ भनी पुनरावेदन अदालत, पाटनमा दिएका निवेदनहरू खारेज हुने ठहरी फैसला भएको तथ्य मिसिलबाट देखिन्छ । प्रहरी हिरासत विरूद्ध निवेदकले दायर गरेको बन्दीप्रत्यक्षीकरणको निवेदनमा काठमाडौं जिल्ला अदालतबाट निवेदन जारी नहुने गरी फैसला भएको देखिन आयो । निवेदक केही सार्वजनिक अपराध मुद्दाबाट माग भएको धरौटी रकम बुझाई मिति २०६९।१२।२६ मा हिरासत मुक्त भएको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिन आउँछ।

९. करकापमा परी कुनै व्यक्तिलाई कुनै कागजमा सहिछाप गर्न लगाइएको अवस्थामा आफू जुलुमीको पञ्जाबाट मुक्त भएपछि त्यस प्रकारका कार्य विरूद्ध सक्षम निकायमा कानूनले निर्धारण गरेको म्यादभित्र प्रवेश गर्न सक्ने कानूनी अधिकारको स्वयम् त्यस्तो पीडित व्यक्तिले भरपुर उपयोग गरेको देखिनु पर्छ। निवेदक मिति २०६९।१२।२६ मा प्रहरी हिरासतबाट मुक्त भएपछि लामो समयपश्चात् वैकल्पिक उपचारको बाटो अवलम्बन नगरी मिति २०७०।३।१९ मा रिट निवेदन लिई यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत प्रवेश गरेको देखिन आएकोले वैकल्पिक उपचारको उपभोग नगरी असाधारण क्षेत्राधिकारमा प्रवेश गर्न मिल्दैन।

१०. तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा २ को अवलोकन गर्दा संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि अपर्याप्त र प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई भएको देखिन्छ।

११. निवेदकले उठाएको विवादको मुख्य विषय नै विपक्षीमध्येका सुलभ वाग्ले भनिएका सुलभ लम्सालले झुट्टा विवरण तयार गरी मलाई पिता बनाई नागरिकता लिएकोले सो नागरिकता एवं नागरिकता बनाउन खडा गरिएका झुट्टा कागज बदर गरी उक्त नागरिकताको आधारले रिट निवेदकसमेतलाई कुनै असर नपुर्‍याउनु भन्ने उपयुक्त आदेश जारी गरिपाउँ भन्ने नै रहेको देखिन्छ। नागरिकता बदर गराउन नेपाल नागरिकता ऐन, २०६३ ले छुट्टै व्यवस्था गरेको छ।

१२. पेस भएका कागजको वैधानिकता परीक्षणबाट कुनै नेपाली नागरिकले झुट्टो विवरण दिई नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित हुन आएमा तोकिएको अधिकारीले त्यस्तो नागरिकताको प्रमाणपत्र रद्द गर्ने छ भनी नेपाल नागरिकता ऐन, २०६३ को दफा १२ मा उल्लेख भएको देखिन्छ। त्यसरी जारी भएको नागरिकताको प्रमाणपत्र रद्द वा बदर गर्ने कानूनी मार्ग उक्त ऐनले प्रसस्त गरेको अवस्थामा उपचारको वैकल्पिक व्यवस्था नभएको भन्न मिल्दैन। नागरिकता बदर गर्ने छुट्टै विधि, प्रक्रिया र व्यवस्था रहेको अवस्थामा रिट अधिकारको प्रयोगबाट यस अदालतले प्रस्तुत विवादमा प्रवेश गर्न मिल्ने देखिएन।

१३. यद्यपि रिट निवेदकले विपक्षी सरस्वती र सुलभ आफ्नो श्रीमती र छोरा होइन भनी जिकिर लिएको देखिन्छ तर यिनै रिट निवेदक प्रतिवादी बनाई विपक्षी सरस्वती र सुलभले मिति २०७०।२।७ मा काठमाडौं जिल्ला अदालतमा अंश मुद्दा दायर गरी हाल उक्त मुद्दा मुल्तबीमा रहेको देखिँदा नाता सम्बन्धमा विवाद निरूपण गर्ने क्षेत्राधिकार कानूनतः जिल्ला अदालतलाई प्रदान गरेको पाइन्छ। त्यस्तो विषयमा अदालतको अधिकारक्षेत्र अतिक्रमण हुने गरी रिट निवेदकको मागबमोजिम यस अदालतको असाधारण क्षेत्राधिकार आकर्षित हुने देखिएन।

१४. विपक्षी सुलभ वाग्लेले मिति २०६९।१२।२६ मा निवेदक इन्द्रबहादुर वाग्लेको नाउँबाट नागरिकता प्राप्त गरेपछि मिति २०७०।२।७ मा काठमाडौं जिल्ला अदालतमा अंश मुद्दा दर्ता गरेको देखियो। अंश मुद्दा परेपछि मात्र निवेदकले रिट निवेदन दर्ता गराएको देखिन्छ। मिति २०६९।१२।२६ मा नागरिकता प्राप्त गरेपछि लामो समयसम्म विपक्षीले मर्का परेको अधिकार प्रचलनका लागि कहिँकतै उजुरबाजुर गरेको मिसिलबाट देखिन आउँदैन। गोठाटार गा.वि.स.को सिफारिस सर्जमिन मुचुल्कासमेतका कागज प्रमाणको आधारमा सम्बन्धित अधिकारीबाट जारी भएको नागरिकताको वैधानिकता परीक्षण गर्ने कार्य यस अदालतको असाधारण

अधिकारक्षेत्रअन्तर्गत पर्छ भन्न मिल्दैन । नागरिकता प्राप्त गर्नु कुनै पनि व्यक्तिको नैसर्गिक अधिकार हो । भलै प्राप्त गर्ने प्रक्रिया र कार्यविधि फरकफरक हुन सक्छ । के कस्तो प्रक्रियाबाट नागरिकता प्राप्त गरेको हो र उक्त नागरिकताको अधिकारिकता प्रमाणीकरण गर्ने संयन्त्र कुन हो भन्ने सम्बन्धमा नियमन गर्ने निकाय राज्यले नै निश्चित गरेको हुन्छ । यस्तो संयन्त्र कायम रहिरहेको एवं कुनै कानूनी हकको प्रचलनका लागि उपयुक्त र प्रभावकारी उपचारको माध्यम रहँदारहँदै सो संयन्त्र र उपचारको मार्ग अवलम्बन नगरी सरल र सहज मार्ग ठानी यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गतको उपचारको माग गरिएको प्रस्तुत रिट निवेदनअनुसारको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको देखिन आएन ।

१५. अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था एवं विवेचनासमेतको आधारमा वैकल्पिक उपचारको अवलम्बन नै नगरी अदालतमा विचाराधीन रहेको मुद्दामा प्रमाणको मूल्याङ्कन गरी निरूपण गर्नुपर्ने विषयमा यस अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत रिट निवेदन खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०७०।३।२३ मा जारी भएको अन्तरिम आदेश स्वतः निष्क्रिय हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.गोपाल पराजुली

इजलास अधिकृत : दिलीपराज पन्त
इति संवत् २०७२ साल माघ २१ गते रोज ५ शुभम् ।

## निर्णय नं. ९६५२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
फैसला मिति : २०७२।९।२२।४

मुद्दाः अंश चलन

०६९-CI-०३९४

पुनरावेदक / वादी : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.२१ ज्यावहाल बस्ने सुमनकुमार प्रधान

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.२१ ज्यावहाल बस्ने सुरेन्द्रकुमार प्रधानसमेत

०६९-CI-०३९३

पुनरावेदक / प्रतिवादी : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.२१ ज्यावहाल बस्ने सुवर्णकेशरी प्रधान

विरूद्ध

प्रत्यर्थी / वादी : काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं.२१ ज्यावहाल बस्ने सुमनकुमार प्रधान

०६९-CI-०३९२

पुनरावेदक / प्रतिवादी : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.२१ ज्यावहाल बस्ने सुरेन्द्रकुमार प्रधान

विरूद्ध

प्रत्यर्थी / वादी : काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं.२१ ज्यावहाल बस्ने सुमनकुमार प्रधान

- **सगोलमा छँदा प्राप्त आम्दानीको स्पष्ट विवरण र सो कुरा प्रमाणित हुने खालका**

**प्रमाणको अभावमा ट्याक्सी टेम्पोको दैनिक आम्दानी यति नै हो भनी अनुमान गर्नु न्यायसङ्गत नहुने ।**

(प्रकरण नं.५)

- **वस्तुतः बन्डा लाग्ने सम्पत्ति हो भनी जिकिर लिने व्यक्तिले त्यस्तो सम्पत्ति के कसरी प्राप्त गरेको हो, सो सम्पत्ति सगोलकै आय आर्जनबाट खरिद गरेको वा एकासगोलको खति उपतिबाट जोडेको हो भनी तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि हुनु आवश्यक हुन्छ । आफ्नो सिप र प्रयासबाट निजी तवरमा प्राप्त गरेको कुनै सम्पत्ति प्राप्त गर्नेको निजी नै मान्नुपर्ने हुँदा सोतर्फको वादी प्रतिवादीहरूको पुनरावेदन जिकिर मनासिब भएको भन्न मिल्ने नदेखिने ।**

(प्रकरण नं.६)

वादीका तर्फबाट : विद्वान् अधिवक्ता चन्द्रमणी पौडेल
प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता सुरेश प्रधान
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू फैसला गर्ने :
मा. जि. न्यायाधीश श्री सुदर्शन राज पाण्डे
पुनरावेदन तहमा फैसला गर्ने :
माननीय न्यायाधीश श्री डा.कुलरत्न भुर्तेल
माननीय न्यायाधीश श्री हरिकुमार पोखरेल

फैसला

**न्या.सुशीला कार्की :** न्याय प्रशासन ऐन, २०४८ को धारा ९(१) बमोजिम दर्ता भई पेस हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :

बाजे हरेन्द्रकुमारको छोरा सुवर्णकुमार प्रधान मेरो बुबा र आमा सुवर्णकेशरी प्रधानको तर्फबाट दुई दाजुभाइ र दुई दिदीबहिनी जन्म भएका जेठो सुरेन्द्रकुमार प्रधानको विवाह भइसकेको छ । कान्छो म फिरादी हुँ मेरो विवाह भएको छैन । दिदीबहिनीहरूमा जेठी राजेश्वरीको विवाह भएको छ । कान्छी सुनिता प्रधानको विवाह भएको छैन । मैले बुबा तथा दाजुसँग अंश माग्दा म अंश पनि दिन्न बन्डापत्र पनि गर्दिन भनेकोले घर व्यवहार चलाउन पनि समस्या परेको र बाबुआमाले पनि मलाई राम्रोसँग खान लाउन नदिएकोले बाध्य भई यो फिराद दिन आएको छु । मिति २०६३।११।२९ मा मेरो चित्त बुझाउन बुबाआमाले अंश बुझेको भरपाई गरिदिएका भए पनि उक्त भरपाई विपक्षी दाजु र कान्छी दिदीको सहमति बिना गरेको र उक्त भरपाई कागजमा मैले पाउनु पर्ने अंश के कति पाउने सम्बन्धमा स्पष्ट उल्लेख नगरेको हुँदा उक्त अंश बुझेको भरपाई कागज बदर गरी फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी अंशबन्डाको १, २, २०, २१, २२ र २३ नं. बमोजिम प्रतिवादीहरूबाट सम्पूर्ण चल अचल पैत्रिक तथा सगोलका सम्पत्तिको तायदाती फाँटवारी मागी सबै सम्पत्तिको ५ भागको १ भाग मैले पाउन अंश छुट्टाई चलनसमेत चलाई पाउँ भन्नेसमेत व्यहोराको फिरादपत्र ।

वादीलाई खान नदिई घरबाट निकाला गरेको होइन । जेठो छोराको सधैं झैझगडा गर्ने व्यवहारले गर्दा वादीले बन्डापत्र गरौं भनेर सधैं भनी रहेकाले निजको चित्त बुझाउनका लागि मिति २०६३।१।२९ मा एउटा अंश भरपाईको कागज गरी दिएकोसम्म हो । अंश भरपाई बदर गरेर अंशबन्डा गर्न हाम्रो सहमति नै छ । जेठा छोराले हाम्रो वास्ता नै नगरेकाले निजको अंश भाग छुट्याई पाऊँ । हामी बाबुआमालाई यिनै वादीले पालन पोषण गर्ने हुँदा निजको अंश हक छुट्टिए पनि हामी निजसँगै नै बस्न चाहन्छौं । हाम्रो अंश हक जिउनी सम्पूर्ण हाम्रो शेषपछि निजले उपभोग गरेमा हाम्रो मन्जुर छ । सम्पत्ति बन्डा गर्दा हामी बाबुआमाले

कमाएको मात्र नभई प्रतिवादीमध्येका जेठा छोरा सुरेन्द्र प्रधानले आर्जन गरेको चल अचल सम्पत्ति र निजको श्रीमतीका नाममा सगोलको सम्पत्तिबाट खरिद गरेको ३ वटा ट्याक्सीहरू पनि बन्डा लगाई पाऊँ । निजले ट्याक्सीहरू बेचबिखन गरी अरूलाई हक हस्तान्तरण गरेको भए सोहीबमोजिमको हामीले पाउने जति रकम जेठो छोराले पाउने अंश भागबाट कट्टा हुने गरी हाम्रो हकमा बन्डा छुट्याई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी सुवर्ण केशरी, सुमिता, सुवर्णकुमार प्रधानसमेतको संयुक्त प्रतिउत्तर पत्र ।

हामी अंशियार एकासगोलमा बसी आएकोमा बयोवृद्ध बाबुआमाको कुनै आयस्रोत नभएकाले वा आमा, भाइ, बहिनीलाई १६ वर्षको उमेरदेखि विभिन्न पसल, होटल, कम्पनी तथा कार्यालयहरूमा नोकरी गरी पालन पोषण गरी आएको थिएँ । मेरो विवाह भइसकेपछि हाम्रो दयनीय अवस्था देखेर ससुरालीले व्यापार व्यवसाय गर्न आर्थिक सहयोग गरी व्यापार व्यवसाय गरी निजहरूलाई पालन पोषण गरी आएको हो । भाइ सुमनकुमार प्रधानले मेरोसमेत समान अंश हक लाग्ने पिताको नाममा दर्ता कायम रहेको कि.नं.१७२७ को जग्गा आफ्नो भाग पर्नेभन्दा बढी लिई रजिष्ट्रेसन पारित गरी लिएको हुँदा मिति २०६३।११।२० र नं.३९४५(क) को अंश बुझको भरपाई बदर गरी उक्त घरजग्गामध्ये नरम गरम मिलाई ५ भागको १ ग विपक्षीले पाउनु पर्ने ठहर गरी इन्साफ पाउँ भन्ने सुरेन्द्रकुमार प्रधानको प्रतिउत्तर पत्र ।

प्रतिवादीहरू सगोलमा रहँदा निजहरूसँग रहेको मिटरवाला टेम्पो बिक्री गरी खरिद गरिएका ट्याक्सी बिक्री गरी आएको रकम रू.८,५०,०००।- र विवादित कि.नं.१७२७ को घरजग्गासमेतबाट २ अंशियारहरूको विवाह खर्च परसारी बाँकी सम्पत्तिबाट ५ भागको १ भाग अंश वादीले पाउने ठहर्छ । प्रतिवादी सुरेन्द्रकुमारबाट निजको श्रीमतीको नाममा गएको सेयर तथा निजको नाममा रहेका बैंक खाताको रकम निजहरूको निजी आर्जनको भएकोले उक्त चल सम्पत्तिसमेत बन्डा हुनुपर्छ भन्ने हदसम्म वादी दाबी पुग्न सक्दैन । तायदाती फाँटवारीमा ऋण भनी देखाएको रकमका सम्बन्धमा पछि साहुको उजुर पर्दा ठहरेबमोजिम निर्णय हुने नै हुँदा प्रस्तुत मुद्दामा त्यस सम्बन्धमा निर्णय गर्न मिलेन भन्नेसमेत व्यहोराको सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।४।३१ मा भएको फैसला ।

विपक्षीको जिम्माको सम्पूर्ण नगद रकम सेयरसमेत चल अचल सम्पत्ति बन्डा गरिनु पर्नेमा बन्डा गर्नुपर्ने सम्पत्ति बन्डा नगरी मोहनबहादुर श्रेष्ठले बयानमा देखाएको ८ लाख ५० हजार मात्र बन्डा हुने ठहर गरेको फैसला सो हदसम्म उल्टी गरी सम्पूर्ण चल अचल सम्पत्ति बन्डा गरिपाउँ भन्ने सुवर्णकुमार प्रधानसमेतको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र ।

विपक्षी दाजु भाउजू जिम्माको सम्पूर्ण नगद रकम सेयरसमेत चल अचल सम्पत्ति बन्डा गरिनु पर्नेमा नगरेको हदसम्मको सुरूको फैसला बदर गरी विपक्षीसँग रहेको उल्लिखित सम्पूर्ण चल सम्पत्ति र सम्पूर्ण नगद रकम बन्डा गर्नुपर्नेमा केवल मोहनप्रसादको बयानमा देखिएको ८ लाख ५० हजार मात्र बन्डा गरेको फैसला सो हदसम्म उल्टी गरी चल अचल सम्पत्ति बन्डा गरिपाउँ भन्ने वादी सुमनकुमार प्रधानको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र ।

काठमाडौं जिल्ला अदालतबाट मैले उठान गरेको विषयवस्तुहरूलाई नजरअन्दाज गरी मलाई हराई विपक्षी पिता र माताको जिम्मा रहेको चल अचल सम्पत्ति सम्पूर्ण बन्डा नगरेको तथा निज विपक्षी कानूनतः मिति २०६३।११।२९ को लिखतले भिन्न भइसकेको व्यक्तिले श्रीमतीको दाइजो पेवा र निजी आर्जनको सम्पत्ति बिक्री गरी आएको रकम एकासगोलका पिता सुवर्णकुमारले नै बुझी लिएकोमा सगोलको सम्पत्ति मानी हामीले नै रू.८,५०,०००।-

बुझी लिएको अनुमान गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी मेरो प्रतिउत्तर जिकिर साथै यस पुनरावेदन जिकिरबमोजिम इन्साफ पाउँ भन्ने प्रतिवादी सुरेन्द्रकुमार प्रधानको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र।

यसमा एकासगोलका प्रतिवादी सुरेन्द्रकुमार प्रधानको श्रीमतीको नाउँको सेयर र बैंक खाताको रकम बन्डा नगरेको र दुवै पक्षको पुनरावेदन परेकाले सुरू फैसला फरक पर्न सक्ने हुँदा अ.बं.२०२ नं. र पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम छलफलका लागि दुवै पक्षहरूलाई पुनरावेदनहरू परस्पर सुनाई ६० दिनको समय दिई मेलमिलापको लागि लगाउको मुद्दाहरूसमेत मेलमिलाप केन्द्रमा पठाई दिनु भन्ने पुनरावेदन अदालतबाट भएको आदेश।

तायदाती फाँटवारीमा उल्लिखित कि.नं.१७२७ को घरजग्गाबाट अविवाहित दुई जना अंशियारको विवाह खर्च परसारी ५ खण्डको १ खण्ड अंश वादीले पाउने ठहर गरेको हदसम्म काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।४।३१ मा भएको फैसला मिलेको देखिँदा सो हदस्मम सदर हुने र ट्याक्सी बिक्री गरी प्राप्त रू.८,५०,०००।- प्रतिवादी सुरेन्द्रकुमार प्रधान जिम्मा भएको मिसिलबाट देखिँदा निजबाट ५ भागको १ भाग छुट्याई चलन चलाई दिनुपर्नेमा सम्पूर्ण प्रतिवादीबाट त्यति खण्ड छुट्याई चलन चलाई दिने ठहर गरेको हदसम्म सो फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी हुने ठहर्छ भन्ने व्यहोराको पुनरावेदन अदालत, पाटनको फैसला।

हामी ५ जना अंशियार रहेको कुरामा मुख मिलेकै छ। छोरी सुमिता र सुमनकुमार अविवाहित अंशियार हुन् भने अन्य हामी ३ जना विवाहित अंशियार भएको हुनाले विवाह खर्च पर सारी बाँकी सम्पत्ति बन्डा गरी ५ भागको १-१ भाग सबै अंशियारलाई दिलाउनु पर्नेमा ५ भागको १-१ भाग सम्पत्ति पाउने गरी फैसला गरेकोमा हाम्रो चित्त बुझेकै छ। हाम्रो परिवारमा आम्दानीको मुख्य स्रोत भनेको साबिकमा टेम्पोको आम्दानी र पछि ट्याक्सीको आम्दानी नै हो। हाल ती गाडी बिक्रीको रकम नै विवादमा परेको अवस्था छ। यस्तो अवस्थामा म आमा सुवर्ण केशरीले आफ्नो माइती दाजुबाट प्राप्त गरेको कि.नं.१७२७ र १६२० को घरजग्गासमेत बिक्री गरी छोराकै लागि लगानी गरी छोरालाई आफ्ना खुट्टामा उभिन सक्ने बनाई सकेपछि त्यहि छोराले नै हामी वृद्धवृद्धालाई र सानै उमेरका भाइबहिनीलाई अंश नै नदिने सम्पत्तिबाट नै विमुख पार्ने उद्देश्यले सम्पूर्ण सम्पत्ति आफ्नो कब्जामा लिई आफ्ना श्रीमतीको कुरामात्र सुनी ससुरालीतर्फ लगी हस्तान्तरण गर्ने काम गरेको कुरा मिसिलबाट प्रस्ट देखिएको अवस्थामा अत्यन्त न्यून रकमलाई मात्र बन्डायोग्य रकम मानी बन्डा गरेको कुरा नमिलेको हुँदा टेम्पोबाट प्राप्त रकम रू.४८,६०,०००।- र ट्याक्सी बिक्रीबाट प्राप्त रू.१३,५०,०००।- सुन र सुनका गहना र विपक्षीको नाउँमा रहेको सेयरसमेत बन्डायोग्य सम्पत्ति भएको हुँदा उक्त सम्पत्तिसमेत बन्डा लगाई पाउँ भन्ने व्यहोराको प्रतिवादी सुवर्णकुमार प्रधानसमेतको यस अदालतमा परेको पुनरावेदन।

मेरो नाउँमा पहिले पुरानो १ टेम्पो खरिद गरी सोलाई डेण्टपेण्ट गरी नयाँ बनाई केहि नाफा लिई बिक्री गरी सो रकमले अर्को टेम्पो खरिद गरेको, मसँग एकै पटक ६ वटा टेम्पो हुँदै नभएको र मेरो नाउँमा साबिकदेखि हाल तक कुनै पनि ट्याक्सी छैन। मेरो श्रीमती रीतादेवीको नाउँमा निजको पिताले खरिद गरी दिएको ट्याक्सी चल्नै नसक्ने गरी बिग्री ग्यारेजमा थन्की रहेको अवस्थामा मेरी श्रीमतीले आफ्नो पिताको नाउँमा नामसारी गरी ससुराले मर्मत गरी उक्त ट्याक्सी बिक्री गरी आएको रकममा मर्मत गर्न लागेको रकम कटाई बाँकी रकमसमेत मेरो पितालाई बुझाएकोले सोको मूल्याङ्कनबिना मिसिल संलग्न तथ्य प्रमाणको विरूद्ध फिराद दाबीभन्दा बाहिर गई

पुनरावेदक सुरेन्द्रको नाउँको ट्याक्सी मबाट मेरो श्रीमती र मेरो श्रीमतीबाट निजको पिताको नाउँमा नामसारी गरेको भनी काठमाडौं जिल्ला अदालतले गरेको त्रुटिपूर्ण फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत, पाटनको फैसला बदर गरी आमाको नाउँमा खरिद गरेको टेम्पो बिक्रीबाट प्राप्त रकम तथा टेम्पो सञ्चालनबाट प्राप्त आमाको नाउँमा बैंकमा बचत गरेको रकम आमाले खरिद गरेको विभिन्न बैंक तथा वित्तिय संस्थाको सेयरबाट समेत मैले अंश पाउने ठहर गरिपाउँ भन्ने व्यहोराको प्रतिवादी सुरेन्द्रकुमार प्रधानको यस अदालतमा पर्न आएको पुनरावेदन।

पिता माताले सगोलमा छँदा किनी दिएको टेम्पोहरू प्रतिस्थापन नहुँदासम्म टेम्पोको दैनिक आम्दानी कम्तिमा रू.१,५००।- हुने त्यसअनुसारले महिनाको रू.४५,०००।- हुने र वर्षको रू.५,४०,०००।- हुने देखिन्छ। यसरी ९ वर्ष सञ्चालन गरेको रकम रू.४८,६०,०००।- हुन आउँछ । यसरी आम्दानी भइरहेकोमा सो कुनै पनि आम्दानी हामीले पाउन सकेका छैनौं सम्पूर्ण आम्दानी जति प्रतिवादी सुरेन्द्रकुमारले आफ्ना ससुरालीमा लगी राखी दिने र आफैँले विभिन्न बैंकमा आफ्ना खाता खोली गोप्यरूपमा राखी हामीलाई जानकारी नदिने गरेको हो । यसरी टेम्पोको आम्दानी मात्र रू.४८,६०,०००।- देखिन गएकोमा फैसलाबाट हामीले मात्र रू.८,५०,०००।-को बन्डा पाउने गरी भएको फैसलामा मेरो चित्त बुझेको छैन र न्याय पर्नसमेत सकेको छैन साथै प्रतिवादी सुरेन्द्र र निजका छोरीका नाममा लिएका विभिन्न कम्पनीका सेयर कित्ताहरूसमेत बन्डा लगाउनु पर्नेमा त्यसतर्फ बोल्दै नबोली भएको फैसला मिलेको छैन। टेम्पोको आम्दानी रू.४८,६०,०००।- र प्रतिवादी र निजकी छोरीका नाउँमा रहेका सेयरसमेत बन्डा गरी सोहीबमोजिम म वादीले १ भाग अंश पाउने ठहर इन्साफ गरिपाउँ भन्ने वादी सुमनकुमार प्रधानको यस अदालतमा परेको पुनरावेदन।

नियमानुसार पेसी सूचीमा चढी इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दाको पुनरावेदनसहित मिसिल सामेल कागज अध्ययन गरी पुनरावेदक वादी सुमनकुमार प्रधानको तर्फबाट विद्वान् अधिवक्ता श्री चन्द्रमणी पौडेलले प्रतिवादी सुरेन्द्र प्रधान जिम्मा भएको ट्याक्सीको वास्तविक मूल्यभन्दा कम मूल्यमा मात्र अंश भाग लाग्ने र निजका छोरीहरूको नाउँमा कायम रहेका विभिन्न कम्पनीका सेयरहरू बन्डा नलाग्ने ठहर गरेको फैसला मिलेको छैन भनी बहस प्रस्तुत गर्नुभयो । त्यसैगरी पुनरावेदक प्रतिवादी सुरेन्द्रकुमार प्रधानको तर्फबाट विद्वान् अधिवक्ता श्री सुरेश प्रधानले मेरो पक्षको नाममा कुनै पनि ट्याक्सी नरहेको र उक्त ट्याक्सीहरू मेरो पक्षको श्रीमतीको बाबुले खरिद गरी दिएको हो । त्यसलाई समेत सगोलको सम्पत्ति भनी बन्डा लाग्ने गरी भएको फैसला नमिलेकोले उल्टी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्त बहस जिकिर सुनी निर्णयतर्फ विचार गर्दा पुनरावेदन अदालत, पाटनको फैसला मिलेको छ वा छैन र पुनरावेदक वादी प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन सो सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

२. यसमा विपक्षीहरूबाट ५ खण्डको १ खण्ड अंश दिलाई पाउँ भन्ने पुनरावेदक वादीको फिराद दाबी र मेरो समान अंश हक लाग्ने पिताका नाम दर्ता रहेको कि.नं.१७२७ को घरजग्गामा वादीले आफ्नो अंश भागभन्दा बढी पर्ने गरी अंश बुझेकोले सो अंश बुझेको भरपाई बदर गरी उक्त घरजग्गाबाट ५ भागको १ भाग मात्र वादीले अंश पाउनु पर्ने भन्ने प्रतिउत्तर जिकिर रहेकोमा तायदातीमा उल्लिखित कि.नं.१७२७ को घरजग्गा र ट्याक्सी बिक्रीबाट प्राप्त रू.८,५०,०००।-बाट अविवाहित अंशियारको विवाह खर्च पर सारी बाँकी हुन आउने सम्पत्तिबाट ५ भागको १ भाग सम्पत्ति वादीले अंश पाउने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट फैसला भएको देखियो। उक्त फैसलाउपर

वादी प्रतिवादीहरूको पुनरावेदन अदालतमा पुनरावेदन परी पुनरावेदन अदालत, पाटनबाट कि.नं.१७२७ को घरजग्गाको हकमा सुरू सदर हुने र रू.८,५०,०००।- को हकमा प्रतिवादी सुरेन्द्र प्रधानबाट ५ भागको १ भाग वादीले पाउने ठहर गरेको फैसलामा चित्त नबुझी वादी प्रतिवादीहरूको यस अदालतसमक्ष पुनरावेदन परी निर्णयार्थ पेस भएको देखियो।

३. बुबा सुवर्णकुमार प्रधान र आमा सुवर्णकेशरी प्रधानको तर्फबाट दुई दाजुभाइ सुरेन्द्रकुमार प्रधान र सुमनकुमार प्रधान, दुई दिदीबहिनीमा राजेश्वरी र सुमिता प्रधान भएकोमा जेठी छोरी राजेश्वरीको विवाह भई ५ जना अंशियारमध्ये सुमनकुमार प्रधान र सुमिता प्रधानको विवाह हुन बाँकी रही अंशियारहरूका बीच विधिवत् अंशबन्डा हुन बाँकी रहेको तथ्यमा वादी प्रतिवादीहरूको मुख मिली विवाद रहेको देखिँदैन । कि.नं.१७२७ को घरजग्गा बन्डा लाग्ने ठहर गरेउपर पनि सुरू र पुनरावेदन अदालतको फैसला दुवै पक्षले स्वीकार गरी त्यसउपर कुनै प्रतिवाद गरेको देखिएन।

४. प्रतिवादी सुरेन्द्रकुमार प्रधानको जिम्मामा रहेको ट्याक्सी बिक्री गरेबापतको रकम रू.८,५०,०००।- नभई रू.१३,५०,०००।– हो । ट्याक्सी सञ्चालन गरेर प्राप्त रकम र ट्याक्सी बिक्री गरी प्राप्त रकमका साथै प्रतिवादीका नाउँमा रहेको बैंक ब्यालेन्स, निज र निजको छोरीको नाममा रहेको विभिन्न कम्पनीका सेयरहरूसमेत बन्डा लाग्ने सम्पत्ति हो। सो सबै सम्पत्ति बन्डा लाग्ने गरी फैसला भएको छैन भन्ने पुनरावेदक वादीको र प्रतिवादीमध्येका आमाको नाममा बैंकमा बचत भएको रकम, आमाले खरिद गरेका विभिन्न कम्पनीका सेयरसमेतबाट अंश भाग हुनुपर्नेमा मेरो नाउँमा हुँदै नभएको ट्याक्सी बिक्री गरी प्राप्त गरेको भनिएको रकम बन्डा गर्ने गरी भएको फैसला बदर भागी छ भन्ने पुनरावेदक प्रतिवादीको भनाई रहेको पाइयो।

५. वादी प्रतिवादीहरूले पेस गरेको तायदाती फाँटवारीमा उल्लिखित अचल सम्पत्ति कि.नं.१७२७ को घरजग्गासम्म सगोलको अंश लाग्ने सम्पत्ति भएको पुष्टि भई सुरू र पुनरावेदन अदालतबाट भएको फैसलातर्फ दुवै पक्षको कुनै जिकिर नरहेको र ट्याक्सी बिक्री गरी प्राप्त गरेको रकम सम्बन्धमा वादी प्रतिवादीको भिन्दाभिन्दै जिकिर रहेको सन्दर्भमा वादी प्रतिवादीहरू एकासगोलमा छँदाको अवस्थामा घर व्यवहार चलाउन ६ वटा टेम्पो खरिद गरेको भन्ने वादी प्रतिवादीहरूकै फिराद र प्रतिउत्तर लेखबाट खुल्न आएको देखियो। उक्त टेम्पोहरू प्रतिस्थापन भएपछि भाडावाल ट्याक्सी खरिद गरी प्रतिवादी सुरेन्द्रकुमार प्रधान जिम्माबाट निजको श्रीमती रीता श्रेष्ठका नाउँमा र निजबाट मोहनबहादुर श्रेष्ठको नाउँमा नामसारी भई मोहनबहादुर श्रेष्ठले अन्य व्यक्तिलाई बिक्री गरेको भन्ने मिसिल प्रमाणबाट देखिन आयो। सगोलमा छँदा किनी दिएका टेम्पोहरू प्रतिस्थापन गरी ट्याक्सी ल्याएको र उल्लिखित ट्याक्सीहरू २०६० सालदेखि सञ्चालनमा आई दैनिक रू.९००।- का दरले भएको आम्दानीसमेत बन्डा लाग्ने सम्पत्ति हो भन्ने वादी र प्रतिवादीमध्येका सुवर्णकुमार, सुवर्णकेशरी र सुमिता प्रधानको जिकिर रहेको देखिन्छ। सगोलमा छँदा कुन मितिमा के कति मूल्यमा टेम्पोहरू खरिद गरिएको हो ति टेम्पोहरूबाट दैनिक के कति आम्दानी हुने गरेको थियो भन्ने आधार प्रमाण मिसिल कागजबाट देखिँदैन । यसका साथै पुनरावेदक वादीले ट्याक्सी सञ्चालनबाट हुने दैनिक आम्दानीको विवरण आफ्नो पुनरावेदन जिकिरमा उल्लेख गरेबाहेक सो कुरा पुष्टि हुने किसिमका अन्य तथ्य प्रमाण पेस गरेकोसमेत देखिँदैन। यसरी सगोलमा छँदा प्राप्त आम्दानीको स्पष्ट विवरण र सो कुरा प्रमाणित हुने खालका प्रमाणको अभावमा ट्याक्सी टेम्पोको दैनिक आम्दानी यति नै हो भनी अनुमान गर्नु न्यायसङ्गत हुँदैन । यसका अतिरिक्त मोहनबहादुर श्रेष्ठले अदालतमा उपस्थित भई गरेको कागजमा रीता देवीको नामबाट आफ्नो नाममा नामसारी गरेका बा. १ ज ५४३१, ५४१३ र ४४०२

नं. का ट्याक्सीहरू सुनिता श्रेष्ठसमेतको नाममा जम्मा रू.८,५०,०००।- मा नामसारी बिक्री गरेको हुँ भनी कागज गरेको देखिन्छ । सोबाहेक ट्याक्सी बिक्रीबापत प्राप्त रकम यति नै हो भनी यकिन हुने आधार खुलेको पाइँदैन । यसरी विवादित ट्याक्सीहरू पुनरावेदक प्रतिवादी सुरेन्द्रकुमारबाट तहतह हुँदै निजको श्रीमती र ससुराको नाउँमा हक हस्तान्तरण भएको र निजले मुद्दा पर्दापर्दैको अवस्थामा रू.८,५०,०००।- मा बिक्री गरेको भनी कागज गरेको देखिँदा अन्तत सगोलका ट्याक्सी बिक्रीबापतको रकम रू.८,५०,०००।- भएको र उक्त सम्पत्ति सगोलकै रहेको मान्नुपर्ने देखियो ।

६. वादी प्रतिवादीहरूका नाउँमा रहेको सेयर बैंक ब्यालेन्स सबै विवरणहरू निजहरूले तायदाती फाँटवारी पेस गर्दा खुलाउन सकेको देखिँदैन । तायदाती विवरण सुनी पाएपछि एक अर्को पक्षको नाउँमा रहेको भनिएका सेयर र बैंक ब्यालेन्स उल्लेख भए पनि उक्त सम्पत्ति सगोलको बन्डा गर्नुपर्ने सम्पत्ति भएको तथ्य मिसिल प्रमाणबाट पुष्टि हुन सकेको देखिन आउँदैन । वस्तुतः बन्डा लाग्ने सम्पत्ति हो भनी जिकिर लिने व्यक्तिले त्यस्तो सम्पत्ति के कसरी प्राप्त गरेको हो, सो सम्पत्ति सगोलकै आय आर्जनबाट खरिद गरेको वा एकासगोलको खति उपतिबाट जोडेको हो भनी तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि हुनु आवश्यक हुन्छ । आफ्नो सिप र प्रयासबाट निजी तवरमा प्राप्त गरेको कुनै सम्पत्ति प्राप्त गर्नेको निजी नै मान्नुपर्ने हुँदा सोतर्फको वादी प्रतिवादीहरूको पुनरावेदन जिकिर मनासिब भएको भन्न मिल्ने देखिएन ।

७. यसरी तायदातीमा उल्लिखित कि.नं.१७२७ को घरजग्गा सगोलको सम्पत्ति देखिएको, सगोलको अवस्थामा खरिद गरेका टेम्पोहरू प्रतिस्थापन भई खरिद गरेका ट्याक्सीहरू सुरेन्द्रकुमार प्रधानका जिम्माबाट तहतह हुँदै मोहनबहादुर श्रेष्ठका नाममा नामसारी भई निजले समेत सुनिता श्रेष्ठलाई रू.८,५०,०००।- मा बिक्री गरेको भन्ने देखिएको र वादी प्रतिवादीहरूका नाममा भनिएका अन्य चल सम्पत्ति सगोलको बन्डा लाग्ने भन्ने पुष्टि हुन नआएकोले पुनरावेदन अदालत, पाटनको फैसला मनासिब देखिँदा वादी प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

८. अत: उल्लिखित तथ्य, विवेचना र आधार प्रमाणबाट सुरूको फैसला केही उल्टी गरी कि.नं.१७२७ को घरजग्गाबाट अविवाहित २ जना अंशियारको विवाह खर्च परसारी बाँकी रहन जाने घरजग्गाबाट पुनरावेदक वादी सुमनकुमार प्रधानले प्रतिवादीहरूबाट ५ भागको १ भाग अंश पाउने र पुनरावेदक प्रतिवादी सुरेन्द्रकुमार प्रधानको जिम्मामा रहेको ट्याक्सी बिक्री गरी आएको रू.८,५०,०००।– मध्ये सुरेन्द्र प्रधानबाट वादी सुमनकुमार प्रधानले ५ भागको १ भाग अंशबापत भराई पाउने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।८।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी प्रतिवादीहरूको पुनरावेदन निवेदन जिकिर पुग्न सक्दैन । अरू तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि ठहर खण्डमा उल्लेख भएबमोजिम वादी सुमनकुमार प्रधानले ५ खण्डको १ खण्ड अंश पाउने ठहरी फैसला भएकोले निजले राख्नुपर्ने कोर्ट फी सुविधा पाई पुनरावेदन दर्ता गरेको देखिँदा कोर्ट फी रू.५,८५८।- र सोको १५ प्रतिशतले हुने रू.८७८।७० बन्डा छुट्याउँदा निजबाट असुलउपर गर्नु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लगत दिनू ------------१

प्रतिवादी सुरेन्द्रकुमार प्रधानले कोर्ट फी रू.५,५८५।- को १५ प्रतिशतले हुने रू.८७८।७० पुनरावेदन अदालत र यस अदालतमा पुनरावेदन गर्दा कोर्ट फी सुविधा पाई पुनरावेदन दर्ता गरेको देखिँदा उक्त दुवै रकम रू.१,७५७।४० निजबाट असुल गर्नु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लगत दिनू ------------२

प्रतिवादीहरू सुवर्णकेशरी प्रधान, सुवर्णकुमार प्रधान

र सुनिता प्रधानले कोर्ट फी रू.५,५८५।- को १५ प्रतिशतले हुने रू.८७८।७० सुविधा पाई पुनरावेदन दर्ता गरेको देखिएकोले उक्त कोर्ट फी रकम निजहरूबाट असुल गर्नु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लेखी पठाई दिनू -------------------------------------३

यसै लगाउको ०६९-RI-०३३० को अंश चलन मुद्दामा मुद्दा दोहोर्‍याई पाउँ भनी निवेदन दिँदा कोर्ट फी रू.११,४१७।३४ र सोको १५ प्रतिशतले लाग्ने रकम सुविधा पाई वादी सुवर्णकुमार प्रधान, सुवर्णकेशरी प्रधान र सुमिता प्रधानले निवेदन दर्ता गराई निस्सा नपाउने ठहरी फैसला भएकोले सोकोर्ट फी रकम निजहरूबाट असुलउपर गर्नु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लगत दिनू -----------------------४

यसै लगाउको ०६७-RI-०३२४ को अंश चलन मुद्दामा मुद्दा दोहोर्‍याई पाउँ भनी निवेदन दिँदा कोर्ट फी रू.११,५४१।- को १५ प्रतिशतले हुने रू.१,७३१।१५ कोर्ट फी सुविधा पाई प्रतिवादीहरू रीता देवी श्रेष्ठ प्रधान र सुरेन्द्र प्रधानले निवेदन दर्ता गराई निस्सा नपाउने ठहरी फैसला भएकोले उक्त कोर्ट फी रकम रू.१,७३१।१५ निजहरूबाट असुलउपर गर्नु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लगत दिनू -------५

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ---------------------------------------------------६

उक्त रायमा सहमत छु।
न्या.जगदीश शर्मा पौडेल

इजलास अधिकृत : दिलीपराज पन्त
इति संवत् २०७२ साल पुस २२ गते रोज ४ शुभम्।

# निर्णय नं. ९६५३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री दीपकराज जोशी
फैसला मिति : २०७२।११।१८।३
०६९-CR-०७८४

मुद्दा : भवन र सडक निर्माणमा गरेको भ्रष्टाचार

पुनरावेदक / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत हेमराज भट्टराईको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला कास्की सल्यान गा.वि.स. वडा नं.६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला धापासी गा.वि.स. वडा नं. ६ बस्ने सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, सुर्खेतका तत्कालीन निमित्त डिभिजन प्रमुख विष्णुप्रसाद शर्मासमेत

- **सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ मा बोलपत्र आह्वानको व्यवस्था गरिएको छ। दफा १४ हेर्दा बोलपत्र पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचना राष्ट्रिय स्तरको दैनिक समाचार पत्रमा प्रकाशन गर्नुपर्ने कानूनी व्यवस्था भएको देखिन्छ। त्यसैगरी बोलपत्र आह्वान भएपछि परेका बोलपत्रहरूमध्ये सबैभन्दा न्यून बोल कबोल गरेको बोलपत्रलाई दफा २५ बमोजिम मूल्याङ्कन गरी तोकिएको सर्तहरू पूरा भएको देखिए, त्यस्तो न्यूनतम कबोल भएको बोलपत्रलाई**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम बोलपत्र स्वीकृति गर्नुपर्ने कानूनी प्रावधानहरू रहेको देखिने।

(प्रकरण नं.१२)

- ठेकेदार भनिएको प्रतिवादी राजविन्द्र प्रताप सापकोटासमेतसँग मिलेमतो गरी नक्कली र काल्पनिक कागजातहरू तयार गरी जे.भी. को सम्झौता अख्तियारनामा कम्पनी प्रोफाइल र सोमा भएको दस्तखत छापलगायतका कागजातहरू अध्ययन नै नगरी ठेकेदारसँग हुनुपर्ने मानव स्रोत साधन, औजार, मेसिन, ढुवानी साधन आवश्यक मात्रामा नभएपनि **Substantially Responsive** भनी लेखी सिफारिस स्वीकृत गरेका छन्। अनाधिकृत व्यक्तिलाई पेस्की माथि पेस्कीसमेत दिएका छन् भन्ने दाबी रहेको छ। मानव स्रोत साधन आवश्यक मात्रामा नभएको भन्ने सम्बन्धमा इन्जिनियरहरूको नेपाल इन्जिनियरिङ काउन्सिलको प्रमाण पत्र पेस गरेको र मेकानिकल इन्जिनियरबाट सवारी साधन र उपकरणहरू प्रमाणित गर्नुपर्ने भन्ने कानूनी प्रावधान हाल वहाल रहेको सार्वजनिक खरिद ऐन, २०६३ र नियमावलीले व्यवस्था गरेको देखिँदैन। लिजमा लिएका ट्रकलगायतका सवारी साधनको म्याद समाप्त भए पुनः थप हुन सक्ने अवस्था देखिन्छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ अनुसार गठित बोलपत्र मूल्याङ्कन समितिले आवश्यक छानबिन र मूल्याङ्कन गरेको र सो समितिले अयोग्य नठहराई स्वीकृतिका लागि सिफारिस गरेको मिसिलबाट देखिन्छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सबैभन्दा कम अंक कबोल गरेको बोलपत्रदातालाई सिफारिस गरिएको देखिँदा प्रतिवादीहरूले दाबीअनुसारको मिलेमतो गरेको भन्ने नदेखिने।

(प्रकरण नं.१३)

- लिखतहरू बोलपत्रसाथ पेस हुने कागजातहरू हुन्। मैनाचुली/सुरूची जे.भी.का पदाधिकारीले के कस्तो सहिछाप गर्छन् र प्रेषित कागजातमा भएको सहिछाप आधिकारिक व्यक्तिको हो होइन ? निजहरूको सहिछापसँग मिल्छ मिल्दैन वा भिड्छ भिड्दैन भनी कसैको उजुरी नै नपरी बोलपत्रका साथ प्रेषित कागजातहरू मूल्याङ्कन एवं स्वीकृतकर्ताले शङ्का गर्ने अवस्था रहँदैन। साथै सबै प्रेषित कागजातहरू नक्कली वा किर्ते हुन् भनी छानबिन गर्नुपर्ने कानूनी व्यवस्था रहे भएको देखिँदैन। प्रेषित कागजातहरू नक्कली हुन् भन्ने तथ्य बोलपत्र मूल्याङ्कन एवं स्वीकृतकर्तालाई तत्काले थाहा जानकारी हुने अवस्थासमेत रहन सक्दैन। भुक्तानीका हकमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले परफरमेन्स वण्ड रोक्का राख्न बैंकलाई पत्र लेखेको देखिन्छ। निर्माण सम्पन्न भएको कामको मात्र नापजाँच गरी भुक्तानी दिनुपर्ने जति रकम भुक्तानी दिएको भन्ने तथ्य प्रतिवादी विष्णुप्रसाद शर्माको बयानबाट देखिन्छ। निर्माण सम्पन्न नगराई रकम भुक्तानी दिएको भन्ने अभियोग दाबी रहेको देखिँदैन। यसरी निर्माण कार्य सम्पन्न नै नभई रकम भुक्तानी गरेको तथा गुणस्तरहीन काम गराई रकम दिएको भन्ने मिसिल प्रमाणबाट नदेखिँदा नेपाल

**सरकारलाई गैरकानूनी हानि नोक्सानी क्षति र प्रतिवादीहरूले गैरकानूनी लाभ लिएको भन्ने देखिन नआउने।**

(प्रकरण नं.१४)

- **E-Bid द्वारा पेस भएको कागजातहरू र बोलपत्र सार्वजनिक खरिद ऐनअनुसार गठित बोलपत्र मूल्याङ्कन समितिले आवश्यक मूल्याङ्कन गरी उपयुक्त ठहर्‍याएको बोलपत्र स्वीकृतिका लागि पेस गरेको देखिन्छ। सो मूल्याङ्कन समितिले प्रेषित कागजातहरूमा लागेको छाप तथा दस्तखत किर्ते जालसाज हुन् भनी ठहर गरेको देखिँदैन। उक्त मूल्याङ्कन समितिले मूल्याङ्कन गरी आवश्यक कागजातहरू पूरा भएको देखि सिफारिस गरेको बोलपत्रलाई अधिकारप्राप्त अधिकारीले स्वीकृत गर्ने आशयपत्र राजधानी दैनिकमा प्रकाशित भएकोमा कसैको उजुरीसमेत नपरी ठेक्का स्वीकृत भएको मिसिलबाट देखिन्छ । ठेक्काबमोजिमको काम नै नभएको वा गुणस्तरहीन काम भएको भन्ने अभियोग पत्रमा दाबी लिएको छैन। ठेक्काअनुरूपको कार्य सम्पन्न भइसकेको भन्ने मिसिलबाट देखिन्छ । यसरी प्रतिवादीहरूको लापरवाही वा बद्नियतले नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी र प्रतिवादीहरूलाई गैरकानूनी लाभ पुगेको भन्ने नदेखिने।**

(प्रकरण नं.१५)

- **प्रतिवादीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को समेत दाबी लिएको देखियो । उक्त दफा ११ हेर्दा सरकारी निकाय वा सार्वजनिक संस्थाको कागजातमा अनाधिकार वा गैरकानूनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गर्नेलाई सजाय हुने व्यवस्था गरेको देखिन्छ। कुनै पनि व्यक्तिले सरकारी निकाय वा सार्वजनिक संस्थामा रहेको कागजातमा गैरकानूनीरूपमा सच्याउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गरी किर्ते गरेको अवस्थामा मात्र दफा ११ बमोजिमको उपर्युक्त कानूनी व्यवस्था आकर्षित हुने हो। यी प्रतिवादी राजविन्द्र प्रताप सापकोटाले सरकारी निकाय वा सार्वजनिक संस्थामा रहेको कागजातमा उक्त दफा ११ मा उल्लेख भएबमोजिमको काम गरेको नभई छुट्टै किर्ते कागजातहरू तयार गरेको देखिएकोले उक्त दफा ११ यी प्रतिवादीका हकमा आकर्षित हुने नदेखिने।**

(प्रकरण नं.१७)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता हरिशंकर ज्ञवाली

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने :

सदस्य मा.न्या. श्री ओमप्रकाश मिश्र

सदस्य मा.न्या. श्री केदारप्रसाद चालिसे

फैसला

**न्या.बैद्यनाथ उपाध्याय :** विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ :

सहरी विकास तथा भवन निर्माण विभाग,

डिभिजन कार्यालय, सुर्खेतअन्तर्गतको ठेक्का नं. १०/०६६/०६७ का सम्बन्धमा आ.व.०६६।६७ मा जाजरकोट जिल्लाको सिमाराक्मामा प्रसुती भवन निर्माणको लागि मूल्य अभिवृद्धि करबाहेक रू.५४,६०,८६८।६९ को लागत अनुमान स्वीकृत गरी मिति २०६६।१२।२० को राजधानी दैनिकमा बोलपत्र आह्वान गरिएको।

बोलपत्रसम्बन्धी कागजात खरिद गर्न प्रमाणित प्रतिलिपि कागजातहरू पेस गर्नुपर्ने सर्त रहेको र मिति २०६७।१।१९ सम्म बोलपत्र खरिद गरी सक्नु पर्ने र मिति २०६७।१।२० गते दिनको १२:३० बजेसम्म दर्ता गरी सोही दिन २:०० बजे खोल्नु पर्ने सूचनामा उल्लेख भएको।

बोलपत्र खरिद गर्न मैनाचुली / सुरूची जे.भी. का तर्फबाट नवराज सापकोटाले मैनाचुली निर्माण सेवा प्रा.लि.र सुरूची कन्स्ट्रक्सनको पान दर्ता, इजाजत पत्र, प्रा.लि.दर्ता र कर चुक्ता गरेको कागजको फोटोकपी कागजात पेस गरी निवेदन दिएको देखिन्छ। निवेदनमा निम्नानुसारको व्यहोरा उल्लेख भएको छ।

"This is the reference to the Department of Urban Development and Building Construction, Division Office Surkhet has invites eligible registered contractors to construct of Bids of Building construction work, as we are much interested to work for the same, we would like to request you to issue us the Bid documents of the bellow maintain side works. We Represent MR NABRAJ SHAPKOTA of Surkhet district to purchasing, signing the bid document. We are presenting all the required documents with this application."

नेपाल बन्द भएको कारण जनाई बोलपत्र खरिद र दर्ता गर्ने म्याद ७ दिन थप गरेको देखिन्छ।

मैनाचुली / सुरूची जे.भी. को बोलपत्रको Bill of Quantities मा दररेट उल्लेख गर्दा सि.नं. १ को बुँदा नं.१८ को ४२ मा अंक केरमेट गरी रू.६०,०००।– बनाई अक्षरमा समेत उल्लेख गरेको र अन्य महलमा अक्षरमा भने उल्लेख गरेको देखिँदैन। सोही व्यहोरा मुचुल्कामा पनि उल्लेख भएको देखिन्छ।

Invitation to Bids को minimum work experience of similar nature मा at least one number of building construction project of Rs. ५४,६०,८६८.६९ without VAT भन्ने उल्लेख भएको छ भने स्वीकृत लागत अनुमानको रकम पनि त्यति नै भएको देखिन्छ। यसरी अनुभवको लागि चाहिने न्यूनतम कार्यको रकम र स्वीकृत लागत इष्टिमेटको अंक एउटै हुनुले लागत अनुमान गोप्य राख्नु पर्ने भन्ने प्रावधानको उल्लङ्घन भएको पुष्टि हुन आएको छ।

Bid document मा "यो विडिङ डकुमेन्ट मैले दस्तखत गरी पेस गरेको हुँ" भनी नवराज सापकोटाले मिति २०६७।१०।१० मा र "यो विड डकुमेन्टमा दस्तखत गरी पेस गर्न मैनाचुली–सुरूची जे.भी. ले कसैलाई पनि अख्तियारी दिएको छैन" भनी सुरूची कन्स्ट्रक्सनका प्रो.रणधीर तुम्बाले मिति २०६८।१२।७ मा आयोगमा उपस्थित भई लेखी दस्तखत गरिदिनु भएको छ।

बोलपत्र मूल्याङ्कन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ (१) बमोजिम तत्कालीन डिभिजन प्रमुख श्री रविरत्न शाक्य – संयोजक, लेखा अधिकृत श्री तुलाराम तिवारी – सदस्य, ना.सु. श्री लक्ष्मीप्रसाद भट्टराई – सदस्य, सम्बन्धित योजनाको प्राविधिक कर्मचारी – सदस्य, खरिद इकाई प्रमुख श्री मनोज नकर्मी – सदस्य सचिव रहेको बोलपत्र मूल्याङ्कन समिति गठन भएको छ। सोही मितिमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(३) बमोजिम इन्जिनियर श्री लिला खतिवडा–

संयोजक, ना.सु. श्री लक्ष्मीप्रसाद भट्टराई – सदस्य, श्री पूर्णबहादुर थापा – सदस्य रहेको समिति गठन भएको।

कबोल अंक स्वीकृत लागत अनुमान रू.५४,६०,८६८।६९ (मु.अ.करबाहेक) भन्दा ०.४४ प्रतिशत घटी भएको र प्राविधिक पक्षसमेत सारभूतरूपमा योग्य भएको भनी उक्त जे.भी. को बोलपत्र मिति २०६७।३।१ मा स्वीकृत गरी मिति २०६७।३।९ मा सो बोलपत्र स्वीकृत गर्ने आशय पत्र सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, सुर्खेतले जारी गरेको।

कार्य सम्पादन जमानी पत्रसाथ ७ दिनभित्र सम्झौता गर्न आउन कार्यालयबाट श्री मैनाचुली / सुरूची जे.भी., सब कन्ट्राक्टर मजदुर कन्स्ट्रक्सन (प्रतिनिधि श्री नवराज सापकोटा), वीरेन्द्रनगर–६, सुर्खेतका नाममा मिति २०६७।३।९ मा पत्र लेखेको छ। जबकी मैनाचुली / सुरूची जे.भी. को बोलपत्र स्वीकृत गरेकोमा सो जे.भी. लाई सम्झौता गर्न आह्वान गर्नुपर्नेमा सब कन्ट्राक्टर मजदुर कन्स्ट्रक्सनका प्रतिनिधि नवराज सापकोटाको नाममा पत्र जारी भएको देखिएको।

मिति २०६७।३।१ मा बसेको बोलपत्र मूल्याङ्कन समितिबाट आ.व.०६६।०६७ को ठेक्का नं.१० (प्रसुती भवन निर्माण सिमाराक्मा जाजरकोट) निर्माणको लागि निम्न तालिकाअनुरूप निर्माण गरेको पाइयो।

| सि. नं. | बोलपत्र दाताको नाम ठेगाना | कार्यालयको ल.ई. रकम (मु. अ. कर बाहेक) | ठेकेदारको बोल रकम (मु.अ. कर बाहेक) | धरौटी रकम | सरकारी ल.ई. को तुलनामा घटी / बढी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मैनाचुली / सुरूची जे.भी. | ५४,६०,८६८।६९ | ५४,३६,६१२।२० | २,००,०००।– | –०.४४% | प्रथम |
| २ | लुम्बिनी विल्डर्स प्रदीप जे.भी. | ५४,६०,८६८।६९ | ६५,५२,०६१।०२ | १,५६,०००।– | +१९.५८ | अस्वीकृत |

माथि उल्लिखित तालिकाअनुसार लुम्बिनी विल्डर्स प्रदीप जे.भी.को बोल रकम ल.ई. भन्दा १९.५८ प्रतिशत बढी भएकोले स्वत: अस्वीकृत भएको र मैनाचुली / सुरूची जे.भी.को बोल रकम रू. ५४,३६,६१२।२० कार्यालयको भन्दा ०.४४ प्रतिशत घटी भएकोले सोको प्राविधिक पक्षको समेत अध्ययनबाट सारभूतरूपमा योग्य भएकोले स्वीकृतिका लागि सिफारिस गर्ने निर्माण गरियो।

मजदुर कन्स्ट्रक्सनका प्रोप्राईटर राजविन्द्र प्रताप सापकोटाले सब कन्ट्राक्टरको सम्झौता पेस गरे तापनि नवराज सापकोटासँग सम्झौता गरी पेस्की रकम लिन मिति २०६७।३।१६ मा नवराज सापकोटाले निवेदन पेस गरेको छ। "लेखा / नियमानुसार पेस्की दिने" भनी नि.डिभिजन प्रमुखबाट आदेश भई सोही दिन रू.५,४३,५००।– मोबिलाइजेसन पेस्की (पहिलो किस्ता) निज नवराज सापकोटाले बुझिलिएको।

मिति ०६७।३।१८ को नवराज सापकोटाको निवेदनअनुसार सोही दिन रू.५,४३,५००।– मोबिलाइजेसन पेस्की (दोस्रो किस्ता) निज नवराज सापकोटाले नै बुझिलिएको देखिन्छ। तर नवराज सापकोटाले

मैनाचुली / सुरूची जे.भी. र मजदुर कन्स्ट्रक्सनबाट कुनै पनि अख्तियारीनामा प्राप्त गरेको देखिँदैन।

भवन निर्माण कार्य भइरहेको हुँदा नाँपजाँच गरी पहिलो रनिङ बिलबापतको रकम भुक्तानी दिन भनी सब कन्ट्राक्टरका तर्फबाट नवराज सापकोटाले मिति २०६८।१।१३ मा निवेदन पेस गरेको र सोमा नाँपजाँच गरी बिल पेस गर्न नि.डिभिजन प्रमुखबाट आदेश भई जम्मा रू. ५,४७,०१६।– (मु.अ.करबाहेक) को ठेक्का बिल पेस हुन आएको देखिन्छ। यस ठेक्काको फायल अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट माग भएअनुसार तहाँ पठाइएको देखियो । कार्यालयबाट मिति २०६८।१।२ मा पुनः सोधनी गरिएकोमा जवाफ प्राप्त नभएको र निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि कम भएकोले निर्माण कार्य रोक्न नसकिएको हो। निर्माण कार्य रोक्दा म्याद नाघेमा हर्जाना लाग्ने भएकोले कार्य नरोकी चालु राखिएको र सो निर्माण कार्यको प्राविधिक मूल्याङ्कनबाट पेस भएको बिल भुक्तानी हुने गरी सदर भनी मिति २०६८।२।१८ मा रू.६,१८,१०२।०८ (मु.अ.करसहित) को प्रथम रनिङ्ग बिल निमित्त डिभिजन प्रमुख विष्णुप्रसाद शर्माले स्वीकृत गरेको देखिएको।

सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, सुर्खेतअन्तर्गतको ठे.नं. १२/०६६/०६७ का सम्बन्धमा आ.व. ०६६।६७ मा सुर्खेत जिल्लाको गुटु गा.वि.स. मा स्वास्थ्य चौकी भवन निर्माणको लागि मु.अ.करबाहेक कुल रू.१,४४,४८,६७५।०४ को लागत अनुमान मिति २०६६।१२।१५ मा स्वीकृत गरी मिति २०६६।१२।२० को राजधानी दैनिकमा बोलपत्र आह्वान गरेको देखिन्छ।

ठेक्का नं.१२।०६६।६७ को बोलपत्र खरिद गर्न मैनाचुली / सुरूची जे.भी.का तर्फबाट नवराज सापकोटाले मैनाचुली निर्माण सेवा प्रा.लि. र सुरूची कन्स्ट्रक्सनको पान दर्ता, इजाजत पत्र, प्रा.लि. दर्ता र कर चुक्ता गरेको कागजको फोटोकपी पेस गरी निवेदन दिएको र निवेदनमा निम्नानुसारको व्यहोरा उल्लेख भएको देखिन्छ :

"This is the reference to the Department of Urban Development and Building Construction, Division Office Surkhet has invites eligible registered contractors to construct of Bids of Building construction work, as we are much interested to work for the same, we would like to request you to issue us the Bid documents of the bellow maintain side works. We Represent MR NABRAJ SHAPKOTA of Surkhet district to purchasing, Signing the bid document. We are presenting all the required documents with this application."

उक्त बोलपत्रहरू मिति २०६७।१।१९ सम्म बिक्री गरिने र २०६७।१।२० गते अपराह्न १२.०० बजेसम्म दर्ता गरिने साथै २.०० बजे खोलिने कार्यक्रम रहेको देखियो।

नेपाल बन्दको कारण जनाई खरिद र दर्ता गर्ने म्याद एकहप्ता थप गरेकोमा तोकिएको म्यादभित्र मैनाचुली / सुरूची जे.भी.को एकमात्र बोलपत्र दर्ता भएको।

Bill of Quantities मा दररेट उल्लेख गर्दा सि.नं. १ को बुँदा नं. ५.१, ५.२, ११, १९.२.३ मा अंक केरमेट गरी क्रमश १०,०००।–, १०,०००।– ७,०००।–, ४००।– बनाई अक्षरमा समेत उल्लेख गरेको र अन्य महलमा अक्षरमा उल्लेख गरेको देखिँदैन । सोही व्यहोरा मुचुल्कामा पनि उल्लेख भएको।

सुरूची / मैनाचुली निर्माण सेवा प्रा.लि.को कम्पनी प्रोफाइल पनि नोटरी पब्लिक ठेकेन्द्र राज जोशीकै नामबाट प्रमाणित भएको देखिन्छ । यस

सम्बन्धमा "संकेतः थ" लेखिएको पानामा "यस प्रोफाइलमा लगाइएको नोटरी पब्लिकको छाप मेरो होइन र मैले प्रमाणित गरेको पनि होइन भनी कागज गरी दिएको।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७(१) बमोजिम डिभिजन प्रमुख श्री रविरत्न शाक्य-संयोजक, लेखा अधिकृत श्री तुलाराम तिवारी- सदस्य, ना.सु. श्री लक्ष्मीप्रसाद भट्टराई-सदस्य, सम्बन्धित योजनाको प्राविधिक कर्मचारी-सदस्य, खरिद इकाई प्रमुख श्री मनोज नकर्मी-सदस्य सचिव रहेको बोलपत्र मूल्याङ्कन समिति र सोही मितिमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(३) बमोजिम इन्जिनियर श्री लिला खतिवडा -संयोजक, ना.सु. श्री लक्ष्मीप्रसाद भट्टराई-सदस्य र का.स. श्री पूर्णबहादुर थापा-सदस्य रहेको समिति गठन भएको देखिन्छ।

मिति २०६७।२।२९ मा बसेको बोलपत्र मूल्याङ्कन समितिको बैंठकको निर्णयबाट तुलनात्मक तालिका र प्राविधिक पक्षको समेत मूल्याङ्कन विवरण तयार पारी बैठकसमक्ष पेस गर्ने जिम्मेवारी सम्बन्धित प्राविधिकलाई तोकिएको पाइयो।

| **सि. नं.** | **बोलपत्र दाताको नाम / ठेगाना** | **कार्यालयको ल.ई. रकम (मु.अ. करबाहेक)** | **ठेकेदारको बोल रकम (मु.अ. करबाहेक)** | **धरौटी रकम** | **सरकारी ल.ई. को तुलनामा घटी / बढी** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | मैनाचुली / सुरूची जे.भी. | १,४४,४८,६७५।०४ | १,४४,२२,००२।१४ | ४,१०,०००।– | ०.१८% घटी | |

माथि उल्लिखित तालिका अध्ययन गर्दा श्री मैनाचुली / सुरूची जे.भी. को बोल कबोल रकम रू.१,४४,२२,००२।१४ कार्यालयको लागत इष्टिमेटभन्दा ०.१८ प्रतिशत घटी भएको र प्राविधिक पक्षसमेत सारभूतरूपमा योग्य भएकोले यस निर्माण सेवाको बोलपत्र स्वीकृतिका लागि सिफारिस गर्ने निर्माण गरी मिति २०६७।३।९ मा सो बोलपत्र स्वीकृत गर्ने आशय पत्र जारी गरेको देखिन्छ।

नवराज सापकोटाले सम्झौता गरिपाउँ भनी मिति २०६७।३।१६ मा दिएको निवेदनसाथ सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, सुर्खेतका डिभिजन प्रमुखलाई सम्बोधन गरी Agreement for sub contractor विषयमा लेखिएको पत्रमा निम्नानुसारको व्यहोरा उल्लेख भएको छ।

"This is the agreement in between MAINACHULI / SURUCHI JV. Birendranagar-६ Surkhet as a Contractor and Sub Contractor Majdoor Construction, Birendranagar, Surkhet. So, we agreed to give the Construction work except the SANITARY WORKS of Contract No. १२/०६६/०६७ Sub Contractor is also empowered to deal with Office, all bank, open accounts operating by its single signature or to authorize and other person to operate on behalf of this authorization to mortgage and release properties as necessary and to authorize any or other persons to represent on behalf of this authorization with in Nepal and abroad. All the action taken by sub contractor will be response to the contractor. This agreement

will be active up to final of Construction. These undersigned shall acknowledge the legal effects of the signature of the said attorney holder after the signing and sealing of this agreement." उल्लेख गरी सब कन्ट्र्याक्टर मजदुर कन्स्ट्रक्सनका तर्फबाट सो कन्स्ट्रक्सनका प्रो. राजविन्द्र प्रताप सापकोटा र ठेकेदार मैनाचुली / सुरूची जे.भी.का तर्फबाट नवराज सापकोटाले दस्तखत गरेको । सम्झौता गरिपाउँ भनी प्र.नवराज सापकोटाले दिएको निवेदनमा नि.डिभिजन प्रमुखले "लेखा / नियमानुसार सम्झौता गराउने" भनी आदेश गरेको देखिन्छ । मैनाचुली / सुरूची जे.भी., सब कन्ट्र्याक्टर मजदुर कन्स्ट्रक्सनको ठेक्का सदर भई सम्झौतासमेत भइसकेको हुँदा पेस्की रकमको लागि बैंक जमानतसहित मिति २०६७।३।१६ मा नवराज सापकोटाले निवेदन पेस गरेकोमा "लेखा / नियमानुसार पेस्की दिने" भनी नि. डिभिजन प्रमुखबाट आदेश भई सोही दिन रू.१४,४२,०००।– मोबिलाइजेसन पेस्की (पहिलो किस्ता) निज नवराज सापकोटाले बुझी लिएको र यसरी प्रथम पटक मोबिलाइजेसनबापत पेस्की लिएको लगतै मिति २०६७।३।१८ मा अर्थात् २ दिनपछि पुनः नवराज सापकोटाको निवेदनअनुसार सोही दिन रू.१४,४२,०००।– मोबिलाइजेसन पेस्की (दोस्रो किस्ता) बुझिलिएको । यसरी २ दिनको अन्तरालमा २ पटक पेस्की लिनु दिनु गरेको देखिएको ।

नेपाल बंगलादेश बैंक लि. शाखा कार्यालय, नेपालगन्जद्वारा मैनाचुली / सुरूची जे.भी. (सब कन्ट्र्याक्टर मजदुर कन्स्ट्रक्सन, सुर्खेत) का तर्फबाट जारी भएको ठे.नं.१२/०६६/०६७ को परफरमेन्स बण्डबापत रू.८,१५,०००।– को जमानत विशेष कारणवस रोक्का राख्नुपर्ने भएकोले यस कार्यालयले मागेका बखत उपलब्ध हुने गरी रोक्का राखी दिन मिति २०६७।८।७ मा डिभिजन कार्यालयबाट सो बैंकलाई पत्र लेखेको र बैंकले बैंक ग्यारेन्टीबापतको दाबी रकम भुक्तानी गर्न बैंक ग्यारेन्टीको सर्तअनुरूप यस शाखामा रहेको खाता नं.०७२३७१ "सी" मा जम्मा हुनुपर्नेमा हालसम्म जम्मा हुन नआएको भनी मिति २०६७।९।२ मा डिभिजन कार्यालयलाई जवाफ पठाएको देखिन्छ ।

हाल उक्त निर्माण सेवाले पूर्व कार्यादेशअनुसार निर्माण कार्य आरम्भ गरी DPC सम्मको निर्माण कार्यको बिल पेस गर्ने तयारीमा रहेकोले उक्त कार्यको नियमानुसार पेस्की फछ्र्यौट गरी बाँकी रकम भुक्तानी गर्न बाधा पुग्ने नपुग्ने आवश्यक निर्देशन पाउन अनुरोध गरी मिति २०६८।१।२ मा आयोगमा लेखी आएको देखिन्छ । प्रतिवादी निमित्त डिभिजन प्रमुख विष्णुप्रसाद शर्माको प्रस्तुत भ्रष्टाचारजन्य कार्यमा संलग्नता नभएको भए परफरमेन्स बण्डबापतको रकम रोक्का राख्न बैंकलाई पत्राचार नै गर्ने थिएनन् । साथै मिति २०६७।३।१६ र ऐ. १८ मा जम्मा रू.२८,८४,०००।– पेस्की लिई सकेकोमा मिति २०६७।९।२ मा कुनै पनि भौतिक प्रगति नहुनु तर सो पछि हतार हतार डि.पि.सी. सम्म गरी गराई बाँकी रकम दिन बाधा पुग्छ पुग्दैन भनी आयोगमा सोधनी गर्नुले विपक्षीहरूको एक आपसमा पूर्ण मिलेमतो देखिएको ।

MHH/MWS/४-२६/२०६६/०६७ जाजरकोट / दैलेख जिल्लाको Dasera-Marpin-Bestada sector, ७७+२४०-८२+५९० खण्डको निर्माण कार्यको बोलपत्र मिति २०६६।१२।२४ मा प्रकाशित भएकोमा सो कार्यको कुल रू.२,८०,०२,२३४।३८ को लागत अनुमान स्वीकृत भएको ।

मैनाचुली/सुरूची/मजदुर जे.भी. ले मिति २०६७।२।१८ मा राजविन्द्र प्रताप सापकोटाको नामबाट Hard Copy पेस गरेको तर सो पेस गर्दाको निवेदनमा भएको दस्तखत मेरो होइन भनी निज सापकोटाले सो निवेदनमा नै मिति २०६७।९।४ मा आयोगमा उपस्थित भई लेखी दिनुभएको छ ।

E Bid साथ Joint venture agreement, JV Power of Attorney, इन्द्रराज अधिकारी र पि.पि. उपाध्यायको Bio data, ३ वटै फर्मको कर चुक्ताको प्रमाण पत्र, स्थायी लेखा नं. दर्ताको प्रमाण पत्र, Work Schedule, General Construction experience, Annual Turnover सम्बन्धी विवरण, इजाजत पत्र, Bill of Quantities, Sample Forms of Bid समेत Scanning गरी पेस गरेको देखिन्छ। JV Power of Attorney मा निम्नानुसारको व्यहोरा उल्लेख भएको छ :

"We legally authorized signatories of the under mentioned firms, hereby confirm that Mr. Lakpa Sherpa and having specimen signature as given below has been authorized for all necessary official works for Construction of Road Way Excavation with Miscellaneous Road Structure Contract No.MHH/MWS/४-२३/२०६६/०६७, MHH/MWS/४-२४/२०६६/०६७, MHH/MWS/४-२५/२०६६/०६७, MHH/MWS/४-२६/२०६६/०६७, MHH/MWS/४-२७/२०६६/०६७, ..."

सो पत्रबमोजिम लाक्पा शेर्पालाई अख्तियारीनामा दिएको भन्ने देखिन्छ भने सो पत्रमा मैनाचुली निर्माण सेवाका तर्फबाट चन्द्रप्रसाद अधिकारी, सुरूची कन्स्ट्रक्सनका तर्फबाट रणधीर तुम्बा र मजदुर कन्स्ट्रक्सनका तर्फबाट राजविन्द्र प्रताप सापकोटाको नामबाट दस्तखत भएको भनिएकोमा सुरूचीका प्रो.रणधीर तुम्बा आफूले दस्तखत नगरेको र छाप पनि सुरूचीको होइन भनी सो अख्तियारीनामामै मिति २०६७।९।४ मा आयोगमा उपस्थित भई लेखी दस्तखतसमेत गरिदिनु भएको छ। अख्तियारीनामा पाउने भनिएका लाक्पा शेर्पाले भने सो कागजमा दस्तखत गरेको हो भनी आयोगमा उपस्थित भई मिति २०६८।२।२ मा लेखी दस्तखतसमेत गरी दिनु भएको छ।

स्वीकृत लागत अनुमान रू.१,९५,८४,२६५।२७ (मु.अ. करबाहेक) भन्दा ५७.२१ प्रतिशत घटी हुने गरी जम्मा रू.८३,८०,८०८।६० कबोल गर्ने मैनाचुली / सुरूची / मजदुर जे.भी. को कबोल अंक सबैभन्दा कम भएको।

सुरूचीको कम्पनी प्रोफाइलमा Form PER-१: Proposed Personnel अन्तर्गत १६ जना कर्मचारीको नाम, पद र Full Time / Part time खुलाई विवरण पेस गरेको देखिन्छ। सो विवरणका सम्बन्धमा सुरूचीका प्रोप्राइटरको बयान लिँदा निजले यसमा उल्लेख भएका कर्मचारीहरू सुरूची कन्स्ट्रक्सनमा कार्यरत छैनन्। यसअघि पनि कार्यरत थिएनन् भनी मिति २०६८।१२।८ मा सो कागजमै उल्लेख गरी दस्तखतसमेत गरी दिनुभएको छ।

मैनाचुलीले पेस गरेको Hard Copy मा बा १ क ४७०६ नं.को एस्काभेटर आफ्नो स्वामित्वमा भएको अवस्थालाई मान्दा पनि २०६४।७।२४ भन्दापछिको लागि नवीकरण भएको देखिँदैन। सन् १९९९ मा सो बनेको भन्ने हुँदा चालु अवस्थाको हो होइन भन्ने सम्बन्धमा मेकानिकल इन्जिनियर वा अधिकारप्राप्त अन्य निकायबाट हालको अवस्थाका बारेमा कुनै व्यहोरा प्रमाणित गरिदिएको देखिँदैन। यस्तो अवस्थाको Blue book को फोटोकपीकै आधारमा मात्र अंक दिन मिल्ने देखिँदैन। सोही कारण कञ्चनजङ्घा कन्स्ट्रक्सन क.प्रा.लि.बाट Excavator लिजमा लिने गरी E-Bid साथ कागज पेस गरेको देखिन्छ। तर सो कागजको सक्कलप्रति Hard Copy पेस नभएकोले सोलाई पनि आधारमानी अंक दिन मिल्ने अवस्था देखिँदैन। Information form (७), Equipment capabilities सम्बन्धी फाराम भरेको पनि देखिँदैन।

मैनाचुली निर्माण सेवाले पेस गरेको

भनिएको कम्पनी प्रोफाइलको विषय सूची, Power of attorney, form ELI-२, इजाजतपत्र, फर्म दर्ता प्रमाणपत्र, PAN दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, Turnover data sheet र General Experience विवरणबाहेक कुनै पनि कागजमा सहिछाप लगाएको छैन । यसरी कम्पनी आफैँले Ownership नलिएको कागजातलाई आधारमानी मूल्याङ्कन गर्न मिल्ने देखिँदैन ।

त्यस्तै गरी मजदुर कन्स्ट्रक्सनका प्रो. राजविन्द प्रताप सापकोटा आयोगमा उपस्थित भई यसमा भएको नोटरी पब्लिकको छाप म आफैँले बनाई दस्तखतसमेत म आफैँले गरेको हो भनी मिति २०६७।९।७ मा सोही कागजमा उल्लेख गरी दस्तखतसमेत गरी दिनुभएको छ ।

मेकानिकल इन्जिनियर र सुरूचीका प्रो. रणधीर तुम्बा दुवैले दस्तखत गरेको छैन । निज रणधीर तुम्बा आयोगमा उपस्थित भई सो फारामको सिरमा मिति २०६८।१२।८ मा "यसमा उल्लेख भएका उपकरणहरू मसँग छैन" भनी उल्लेख गरी दिनुभएको छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२)(ङ) बमोजिमको declaration फाराम कम्पनी प्रोफाइलको पहिलो पेजमै राखिएको छ । तर सोमा Ranadhir Tumba, Proprietor, Suruchi Construction भन्ने उल्लेख भएको छ । तर दस्तखत र छाप छैन । सो declaration फारामको सीरमा "यो सुरूची कन्स्ट्रक्सनको कम्पनी प्रोफाइल हो" भन्ने व्यहोरा लेखी प्रो.रणधीर तुम्बाले मिति २०६८।१२।८ मा आयोगमा उपस्थित भई दस्तखत गरी दिनुभएको छ ।

प्रोफाइलको पाना नं.–१ Bidder's Qualification अन्तर्गतको १.१ General Information, पाना नं. २५ को १.४ Major Items of equipment proposed for carrying out the works, पाना नं. ३१ को १.५ Qualification & experience of contract manager proposed for administration execution of the contract लगायतका कागजहरू प्रमाणित गर्नुपर्ने नै होइनन् । बोलपत्रदाताले दस्तखत गरी पेस गर्नुपर्नेमा बोलपत्र दाताको दस्तखत छैन र Notary Public बाट प्रमाणित गरेको देखाइएको छ ।

मजदुर कन्स्ट्रक्सनको प्रोफाइलको पाना नं.१ मा नोटरी पब्लिक किरण शाह ठकुरीले मिति २०६८।८।१६ मा आयोगमा उपस्थित भई "यस मजदुर कन्स्ट्रक्सनको प्रोफाइलको सबै पानाहरूमा लागेको नोटरीको छाप र दस्तखत मेरो होइन । नोटरीको छाप सँगसँगै Verify वा Attested को लागि अनुसूची १२ मा उल्लेख गरेबमोजिम फरमेटमा आफ्नो नाम र विवरण उल्लेख भएको छाप लगाउनु पर्छ । सोबिना मैले कुनै पनि डकुमेन्ट Verify वा Attested गरेको छैन" भन्ने व्यहोरा उल्लेख गरी दस्तखत गरी दिनुभएको छ ।

पुष्पलाल (मध्य पहाडी) लोकमार्ग आयोजनाअन्तर्गतको ठेक्का नं. MHH/MWS/४-२६/२०६६-६७ को बोलपत्र मूल्याङ्कन समितिको निर्माण निम्नानुसार भएको देखिन्छ ।

पुष्पलाल (मध्य पहाडी) लोकमार्ग योजनाबाट मिति २०६६।१२।२४ गते नयाँ पत्रिका दैनिकमा प्रथम पटक प्रकाशित सूचनाअनुसार ठे.नं. MHH/MWS/४-२६/२०६६-६७ मा रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरूलाई खोली मूल्याङ्कनका लागि यस समितिमा पेस हुन आएकोमा मूल्याङ्कन गरी यसै प्रतिवेदनसहित संलग्न राखी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ को उपनियम ८ बमोजिम विभागीय लागत अनुमानको तुलनामा सबैभन्दा घटी ५७.२१ प्रतिशत अंक रू.८३,८०,८०८।६० (त्रियासी लाख असी हजार आठ सय आठ र पैसा साठी) कबोल गर्ने निर्माण व्यवसायी ठे. श्री मैनाचुली / सुरूची / मजदुर जे.भी.

को बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम न्यूनतम मूल्याङ्कित र सारभूतरूपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि सिफारिस गर्ने निर्माण गरिएको।

मिति ०६७।२।२१ मा ठे.मैनाचुली/सुरूची/ मजदुर जे.भी. को बोलपत्र स्वीकृत गर्ने आशयको सूचना मिति २०६७।२।२२ को राजधानी दैनिकमा समेत प्रकाशित भएको छ।

मिति २०६७।३।१० मा उक्त जे.भी. को रू.८३,८०,८०८।६० को बोलपत्र स्वीकृत गरी सोही दिन आयोजनाले जे.भी. का तर्फबाट राजविन्द्र प्रताप सापकोटा र लाक्पा शेर्पासँग सम्झौता गरेको।

मिति २०६७।३।२१ मा गो.भा.नं. ५८७ बाट मैनाचुली / सुरूची / मजदुर जे.भी. लाई रू.१६,७६,०००।– मोबिलाइजेसन पेस्की उपलब्ध गराएको र सो रकम चेक नं.१७९८०४७ बाट लाक्पा शेर्पालाई बुझाएको भएपनि सो बुझी लिनेको महलमा भएको दस्तखत निज लाक्पा शेर्पाको होइन भनी निजले सो गोश्वारा भौचरमा नै लेखी दिनु भएको। मिति २०६८।३।२९ मा लाक्पा शेर्पाले प्रथम रनिङ्ग बिल रकम रू.२२,८१,४३९।२६ मध्ये नियमानुसार कट्टा गर्नु पर्ने रकम कटाई रू.१८,७२,१८६।२६ र मिति २०६८।३।२९ मा दोस्रो रनिङ्ग बिल रकम ७५,१६,९७३।७१ मध्ये नियमानुसार कट्टी गर्नुपर्ने रकम कटाई रू.५६,७७,९२७।७१ बुझी लिएको देखिन्छ।

सम्झौतापूर्व नै मिति २०६७।२।२६ मा अस्थायी लेखा नं. दर्ता प्रमाण पत्र प्राप्त गरी सकेको, Tender Bid गर्दा पेस गर्दाको JV Agreement पाना १ को भएकोमा बैंकमा पाना २ को agreement पेस गरेको र सोमा उल्लेख भएको व्यहोरासमेत फरक फरक देखिन्छ।

बैंकमा पेस भएको Power of Attorney मा मिति २०६७।२।२० उल्लेख भएको छ। अख्तियारी राजविन्द्र प्रताप सापकोटालाई दिइएको छ। मैनाचुली निर्माण सेवा प्रा.लि.का तर्फबाट प्रबन्ध निर्देशक रामप्रसाद मैनालीका नामबाट दस्तखत भएको देखिन्छ। Bid गर्दाको JV agreement र Power of Attorney मा गोलो छाप लगाएको र बैंकमा पेस गरेकोमा मैनाचुली र सुरूचीको र मजदुरको पनि छुट्टै छाप लगाएको नाँगो आँखाले देखिन्छ।

मैनाचुली / सुरूची जे.भी.सव कन्ट्रेक्टर मजदुर कन्स्ट्रक्सनलाई बैंकिङ कारोबार गर्न आधिकारिक व्यक्ति राजविन्द्र प्रताप सापकोटाका नाम तथा दस्तखतबाट सञ्चालन हुने गरी बैंक खाता खोल्न छुट्टै निवेदन नेपाल बंगलादेश बैंक लि. नेपालगञ्ज शाखामा मिति २०६७।२।२० मा दिएको।

बोलपत्र Responsive हुनको लागि VAT Registration, कर तिरेको प्रमाण, कम्पनीमा रजिष्टर, लाइसेन्स र त्यसको म्याद, राजश्व तिरेको भौचर आदि सबुद हुनुपर्ने हुन्छ। उल्लिखित JV को पनि ती सबै कागजपत्र र म्यादभित्रको देखिएकोले Responsive भएको देखियो। JV Agreement र Power of Attorney पनि भएको तर सहिछापको चेक जाँच नभएको सन्दर्भमा हामीले कुन ठेकेदार वा व्यक्तिको के कस्तो किसिमको सही हुन्छ अथवा आधिकारिक छाप कस्तो हो भन्ने प्रमाणहरू (नमूनाहरू) बैंक अथवा अरू संस्थामा जस्तो राख्ने चलन छैन। JV ठेकेदार पनि एउटा संस्था जस्तो भएको र उसले जारी गरेको पत्रहरू सक्कली र आधिकारिक हुन् भन्ने विश्वासले गर्दा सहिछापहरू सक्कली वा नक्कली के हुन् भनेर जाँच नगरिएको साँचो हो। फेरी ती कागज पत्रहरूमा Notary Public भनी प्रमाणित गरिएको देखिएकोले पनि त्यस्तो कुराहरूमा ध्यान दिन सकिएन। Lowest र Responsiveness देखिएपछि यसको (JV को) Hard Copy हरू माग गरिन्छ। जुन कपिहरू सम्बन्धित ठेकेदारले कार्यालयमा बुझाएको हुन्छ। सम्बन्धित JV को Turnover, बैंक ग्यारेन्टी तथा

काम गर्न सक्ने हैसियतका Machine equipment र Man power हरूको E-bid मा पेस गरेको List सँग प्रमाण पेस गरेको मिल्छ / मिल्दैन वा Turnover (काम गर्ने आर्थिक हैसियत) पुग्छ पुग्दैन भनेर जाँच गरिसकेपछि ती सबै कुरा पुग्ने भए उक्त ठेकेदार पास हुन्छ । Lowest Bidder Responsive भएको भनी सिफारिस गरिन्छ । उक्त ठेक्काको कामको प्रकृति ढुङ्गा माटो काटी ट्र्याक खोल्ने काम भएकोले पनि Special Work जस्तो विशेष दक्षता चाहिने थिएन । मेसिन औजार भएको र हैसियत भएको भए पुग्ने थियो । JV Agreement र Power of Attorney मा छाप र सही सक्कली र नक्कली के हो ? हामीले शङ्का गर्न सकेनौं । किनकि त्यस्ता पत्रहरूमा नक्कली Signature र छाप पनि हुन्छ भन्ने हामी कसैलाई थाहा थिएन । यहाँ Evaluation को प्रोसेसमा सबैभन्दा कम दररेट पेस गरेको, Turnover पुगेको, आन्तरिक राजश्व कार्यालयमा कर तिरेको र म्याद थप भएको, Bid bond को Validity र रकम पुगेको, Experience भएको लाइसेन्स नविकरण गरेको, JV Agreement र Power of Attorney भएको आदि कुराहरू पुगेको ठेकेदारलाई Substantially Responsive मानिएको हो । CV मा सही नभएको अथवा Equipment को ब्लु बुक फेला नपरेकोले मात्र २nd lowest मा जानु पर्छ भन्ने हामीलाई थाहा नभएको । यहाँ त्रुटि भएका कुराहरू मानवीय त्रुटिहरू हुन् । जहाँसम्म छाप र सिग्नेचरहरू भिडाएर नहेरेको सवालमा हामीहरू कसैले कुनै शङ्का नगरेको हुनाले चेक जाँच नगरेको हो । त्यसकारण जसले गलत (फर्जी) Document पेस गर्‍यो उसैमाथि कारवाही होस् । हामी कुनै लोभ लालचमा परेर त्यसो गरेका छैनौ भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्णबहादुर भण्डारीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मूल्याङ्कन गर्ने प्रक्रियामा E-bidding मार्फत परेका ठेक्काहरूमा Hard copy माग गरिन्छ । सो प्राप्त भएपछि मात्र मूल्याङ्कनको प्रक्रिया सुरु गरिन्छ । Technical Man Power को सन्दर्भमा निज व्यक्तिहरू Engineer, Oversear हो होइन भन्नका लागि उनीहरूको Certificate तथा भए NEA/Council को Certificate तथा Character Certificate हेरिन्छ । तसर्थ, Bio data मा Signature नभए पनि मूल्याङ्कनमा समावेश गरिएको हो । पेस भएका Certificate हरू हेर्दा काम गर्न इच्छुक हुन् भन्ने देखाउँछ र मूल्याङ्कन गर्दा मूल्याङ्कन कर्ताले Each Document मा पेस भएका Engineer र Oversear र अन्य जनशक्तिको इच्छा हो होइन भनी यकिन गर्न साह्रै कठिन हुने, सो गर्न सम्बन्धित व्यक्तिहरूसँग सम्पर्क गर्न पनि कठिनाई हुने र ठेक्का व्यवस्थापन समयमा नै गर्न नसकिने भई यसले कार्य प्रगतिमा पनि असर पर्छ । निर्माण व्यवसायीहरूले पेस गरेको आ-आफ्नो Company Profile मा उल्लेख भएको जनशक्तिलाई आधारमानी मूल्याङ्कन गरियो । CV दस्तखत गराउनु पर्ने जिम्मा र Engineer र Oversear तथा अन्य जनशक्तिको जिम्मा पनि उनीहरूको दायित्वभित्र पर्ने हुँदा, Company Profile मा पेस भएका Engineer, Oversear र अन्य जनशक्तिको हकमा सम्पूर्ण जिम्मेवारी बहन निज निर्माण व्यवसायीहरूले लिनुपर्दछ । मूल्याङ्कन गर्दा Certificate हरू पेस भएपछि नकार्न मिल्ने अवस्था आउँदैन । कम्पनी Profile का Document को पानामा Company हरूको नाममा Audit Report छन् । जसमा नोटरी पब्लिकको छाप पनि छ । Experience अर्थात Work experience का कागजातहरूमा सम्बन्धित कार्यालयहरूले निज कम्पनीहरूको नाममा Certificate Issue गरेका छन् र त्यसलाई पनि नोटरी पब्लिकबाट प्रमाणित गरिएको छ । तसर्थ ठेक्का पाएको निर्माण व्यवसायी Mainachuli/Suruchi/Majdoor construction JV Partner मध्ये कसैले पनि विरोध अथवा उजुरी गर्न आएनन् र अन्य निर्माण व्यवसायी पनि उजुरी गर्न नआएको हुँदा पेस भएका कागजातहरूमा

सहिछाप नभए पनि निर्माण व्यवसायीहरूको नाममा जारी भएको Audit Report, Work Experience, Certificate, Equipment हरूको List को Photo copy जुन नोटरी पब्लिकबाट प्रमाणित छ । निर्माण व्यवसायीहरूले पेस गरेको JV Agreement लाई आधिकारिकता पुष्टि गर्न निजहरूले गरेको दस्तखतको नमूना कार्यालयसँग नरहने, र निर्माण व्यवसायीहरूले पनि Document मा फरकफरक दस्तखत गर्ने प्रचलन रहेको हुँदा निजहरूको दस्तखतको पुस्ट्याईं अर्थात् आधिकारिकताको पुस्ट्याईं नगरिएको हो । पेस गरेको कागजात Bid document सँगै आउने हुँदा ठेक्का कसलाई पर्छ भनेर कसैलाई पनि थाहा हुन नसक्ने अवस्थामा सुरूकै Agreement (JV Agreement) मा शङ्का नगरिएको हो । तसर्थ Power of Attorney लाक्पा शेर्पालाई नै आधिकारीक व्यक्तिहरूले दस्तखत गरिदिएको हो होइन भनी यकिन गर्न नसकिएको हो । मजदुर कन्स्ट्रक्सनको दुवै छापमध्ये कुन सक्कली हो भनेर छुट्टाउने आधार भएन भन्नेसमेत व्यहोराको प्रतिवादी भानु जोशीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

सुरूची कन्स्ट्रक्सनको तर्फबाट र मैनाचुली निर्माण सेवा प्रा.लि.को तर्फबाट मैले नै दस्तखत गरेको हो । रणधीर तुम्बाले दुवैको छाप बनाउनु भनी मन्जुरी दिएकोले मैले नैं छाप बनाएको हो । मैनाचुली/सुरूची/ मजदुर जे.भी. को अख्तियारी प्राप्त व्यक्ति म राजविन्द्र प्रताप सापकोटा हुँ । सो अख्तियारीनामा ठे.नं.४-२६ मा प्रोफाइलसाथ पेस गरेको छु । उक्त ३ वटा फर्मको जे.भी. सम्झौता म आफैँले तयार गरी ३ वटै दस्तखत म आफैँले गरेको हो । छाप पनि म आफैँले बनाउन लगाएको हो । मैनाचुली निर्माण सेवा प्रा.लि.का प्रबन्ध निर्देशक मदन अधिकारी हुनुपर्नेमा चन्द्र अधिकारी हुन गएको हो । मलाई मैनाचुली निर्माण सेवा प्रा.लि.र सुरूची कन्स्ट्रक्सनको प्रोफाइल रणधीर तुम्बाले उपलब्ध गराई दिएको हो । सम्पूर्ण कम्पनी प्रोफाइलहरूमा नोटरी पब्लिकको छाप म आफैँले बनाएर लगाएको हो र दस्तखत पनि म आफैँले गरेको हो । मध्य पहाडी लोकमार्ग योजनाको ठेक्का नं.४–२६/०६६।६७ मा मिति २०६७।२।१८ मा जे.भी. का तर्फबाट मैले नै Hard copy पेस गरेको हो । लाक्पा शेर्पालाई हार्डकपी पेस गर्ने निवेदनमा मेरो दस्तखत गरिदिनु भनेको थिएँ । E-Bidding लाक्पा शेर्पाले नै गरेका हुन् । मध्य पहाडी लोकमार्ग योजनामा मजदुर कन्स्ट्रक्सनले पेस गरेको कम्पनी प्रोफाइलमा समावेश भएका कागजातमध्ये आयकर, पान दर्ता र घरेलु दर्ता प्रमाणपत्रबाहेक अरू कागजातको सक्कल मसँग छैन । उक्त कागजातबाहेक अन्य कागज एवं विवरण झुट्ठा हो । मैनाचुली निर्माण सेवा प्रा.लि. र सुरूचु कन्स्ट्रक्सन पावर अफ अटोर्नी मेरो नाममा आएको हो । जे.भी. एग्रीमेन्टमा दस्तखत गर्ने मैनाचुलीका तर्फबाट अर्का भाई विनोद अधिकारीसँग मौखिक र सुरूचु कन्स्ट्रक्सनको रणधीर तुम्बाको सहमतिबाट तयार गरिएको हो । मैनाचुली निर्माण सेवा प्रा.लि.को प्रबन्ध निर्देशक मदन अधिकारी हुनुपर्नेमा रामप्रसाद मैनाली हुन गएको हो । मैनाचुली निर्माण सेवा प्रा.लि.र सुरूची कन्स्ट्रक्सनको छाप पनि सबैको मौखिक सहमतिले बनाएको हो । मैनाचुली निर्माण सेवा प्रा.लि.र सुरूची कन्स्ट्रक्सन जे.भी.को एग्रीमेन्टमा म राजविन्द्र प्रताप सापकोटालाई दुवै फर्मको अख्तियारी दिएको हो । Power of attorney सोही मितिमा टेन्डर खरिद गर्न र टेन्डर दर्ता गर्न सम्पूर्ण आर्थिक कारोबार गर्न नवराज सापकोटालाई दिनुपर्ने भएकोले बाध्यताले गर्दा Power of attorney दिएको हो । पावर अफ अटनीको पत्र तयार गरी दुईवटा फर्महरूका तर्फबाट म आफैँले दस्तखत गरी नवराज सापकोटालाई दिएको हो । मैनाचुली / सुरूची जे.भी. र मजदुर कन्स्ट्रक्सन दुवैको प्रतिनिधि तथा उक्त ठेक्काहरूमा बोलपत्र पेस गर्ने र ठेक्का सम्झौता गर्ने व्यक्ति नवराज सापकोटा नै हुन् । डिभिजन कार्यालयबाट प्राप्त रकम बागेश्वरी विकास बैंक, सुर्खेतमा राष्ट्रिय वाणिज्य बैंकको

चेकबाट कलेक्सन गरी मजदुर कन्स्ट्रक्सनको नाममा जम्मा गरिएको र दुईवटा मेसिन Back hoe को लागि हिमालय ट्रेडलाई सरिया सिमेन्ट खरिदको लागि पेस्की रू.२५,००,०००।–, ईट्टावालालाई गाडी भाडासहित ७,००,०००।- दिएको हो। डिभिजन भवन कार्यालय, सुर्खेतअन्तर्गतको ठेक्का नं.१० र १२/०६६।६७ मा नवराज सापकोटाका नाममा अख्तियारी दिएकोमा बैंकमा खाता खोल्नको लागि नेपालगञ्ज जानुपर्ने भएकोले मेरो नामबाट खाता खोल्न मेरो नाममा Power of attorney बनाएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी राजविन्द्र प्रताप सापकोटाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

ठेक्का नं.४–२६/०६६।६७ मा मैनाचुली/सुरूची/मजदुर जे.भी. का तर्फबाट पेस भएको कागजातमध्ये मिति २०६७।२।४ मा मेरो नाममा दिएको अख्तियारीनामामा मात्र मेरो दस्तखत भएको हो। राजविन्द्र प्रताप सापकोटाले ३ तीन वटै फारमको कम्पनी प्रोफाइल र ई विड गर्दाको हार्डकपीहरू मलाई दिनुभएको र मैले सो कागजहरू योजना कार्यालयमा दर्ता गराई दिएको हो। ई विड कसले गरेको भन्ने विषय मलाई कुनै जानकारी नभएको। हार्डकपीको निवेदनमा राजविन्द्र प्रताप सापकोटाको नाउँ भए तापनि सो निवेदन र प्रोफाइलहरू मैले नै दर्ता गराएको हो। तर निवेदनमा दस्तखत मैले गरेको होइन। दस्तखत कसले गरेको हो थाहा भएन। सो ठेक्का मैले नैं दर्ता गरिदिएको हो। मध्य पहाडी पुष्पलाल ठे.नं.४–२६/०६६।६७ को ठेक्कामा म लाक्पा शेर्पालाई राजविन्द्र प्रताप सापकोटाले ठेक्का हाल्नु भनी Power of attorney पठाएकोले गर्दा हाल चेक बुझी दिनुपर्ने भएको हो। मेरो कुनै संलग्नता नभएको र केही लिनादिना पनि छैन। उक्त ठेक्काका सम्बन्धमा अरू कुरा केही थाहा छैन। Power of attorney मा ३ वटा फर्मका तर्फबाट क–कसले दस्तखत गरेको हो, मलाई थाहा छैन। निज सापकोटाले उपलब्ध गराएको कागज पेस गरेको हो। मध्य पहाडीको ठेक्का नं.४–२६/०६६।६७ को ठेक्कामा सम्पूर्ण अधिकार म लाक्पा शेर्पाको नाउँमा रहेको तर अङ्ग्रेजी पढ्न नआउने भएकोले मलाई थाहा भएन। मेरो नाउँमा अधिकार भएकोले मध्य पहाडी पुष्पलाल लोकमार्ग सडक योजनामा ठेक्का नम्बर ४–२६/ २०६६।६७ मा जाजरकोटको ढुङ्गा माटो खन्ने कामको लागि त्यस योजनामा टेन्डर वा बोलपत्र दाखिला गर्दा मैनाचुली/सुरूची/मजदुर कन्स्ट्रक्सन जे.भी.ले ठेक्का हाली दिनु भनी टेन्डर डकुमेन्ट पठाएकोमा बोलपत्र दर्ता गर्दा त्यस योजनाको नाउँबाट सबै आर्थिक कारोबार अंग्रेजीबाट लेखेकोले म लाक्पा शेर्पालाइ केही थाहा नभएको र अहिले आएर थाहा भयो। उक्त कागजमा मलाई सहिछाप, सम्झौता, पैसा लिनेसमेत भएकोले अहिले सम्पूर्ण कार्य म आफूले स्वीकार गर्नुपर्ने देखियो। राजविन्द्र प्रताप सापकोटा र मेरो चिनाजानी सुर्खेतमा भएको र मेरो यो ठेक्कामा मात्र संलग्नता भएको हो। अरू लेनदेन केही नभएको भन्नेसमेत व्यहोराको प्रतिवादी लाक्पा शेर्पाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

बोलपत्र मूल्याङ्कन समितिको बैंठकमा ठे.नं. १० र १२ बाहेक अन्य ठेक्कासमेतमा मलाई तोकिएको साइडको योजनासम्बन्धी आवश्यक प्राविधिक मूल्याङ्कनमा समेत सहयोग गर्ने गरेको आधारमा सो बैठकमा उपस्थित भएको हुँ। बोलपत्र आह्वान भएका ठेक्काहरू सबैको एकमुष्ट बोलपत्र मूल्याङ्कन समितिमा पेस हुन आएको र आर्थिक प्रस्ताव, प्राविधिक प्रस्तावहरू सारभूतरूपमा निर्णयार्थ पेस गर्नका लागि पेस हुन आएका प्रतिवेदनका आधारमा सिफारिस गरिएको हो। प्रतिवेदन तयार हुँदाका बखतमा पेस हुन आएका कागजातहरूको अध्ययन के कसरी भयो त्यो बैठकमा जानकारी हुन नआएको कारण त्यसो भएको हुन सक्दछ। यसबारे मलाई जानकारी भएन। Notary Public बाट प्रमाणित भएका कागजातहरूलाई आधारमानी प्राविधिक प्रस्तावको

Report तयारकर्ताबाट हेरी सही भए नभएको बारे बैठकमा जानकारी हुन नसकेको हो । निर्माणकर्ताबाट पनि चेक गर्न समयाभावका कारण कार्यव्यस्तताबाट छुट हुन गई सम्झौता हुन गएको हुन सक्दछ । कार्यालय प्रमुखलाई सम्बन्धित प्राविधिक टोलीबाट पेस गरेको Technical Evaluation Sheet मा स्पष्ट उल्लेख भए तापनि मैनाचुली / सुरूचीले तोकेको प्रतिनिधिले यसपूर्व पनि काम सन्तोषजनक गरेको, समयमै सम्पन्न गरेको, फेरी अर्को पटक टेन्डर गर्ने समयाभावका कारण योजना नै नबन्ने हुँदा स्थानीय जनता / प्रतिनिधिको चर्को विरोध हुने गरेको, सोही फर्मबाट अन्य कार्यालयमा काम पाउने, यस कार्यालयमा कसरी नपाउने भनी ठेकेदारको प्रतिनिधिबाट समेत दबाब आएको आदि कारणले कार्यालय प्रमुखको मनोभावना र आशयलाई मध्य नजर गरी सिफारिस गरिएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी निरखबहादुर हमालले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, सुर्खेतअन्तर्गत ठेक्का नं.१०/०६६।६७ र १२/०६६।६७ को बोलपत्र मूल्याङ्कन प्रतिवेदनमा म मनोजकुमार यादवको दस्तखत भएको र बोलपत्र मूल्याङ्कन क्राइटेरिया र ऐ. मूल्याङ्कन समिति गठन भएको छ । पहिलादेखि नै गर्दै आएको प्रक्रियाअनुरूप मूल्याङ्कन गर्दै आएकोले सार्वजनिक खरिद ऐनअनुसार नै भएको भन्ने बुझिन्छ । उक्त Technical Evaluation Sheet मा सम्पूर्ण कागजात पेस हुनुपर्ने हो । मैनाचुली निर्माण सेवा प्रा.लि. र सुरूची कन्स्ट्रक्सनको Company Profile मा सम्बन्धित फर्मको पदाधिकारीले दस्तखत गरेको र छाप लगाएको कागजातका आधारमा नोटरी पब्लिकबाट Attestted भएर आएकोले ठीकै होला भन्ने अनुमान गरियो । Power of Attorney को दस्तखत यकिन गर्ने सम्बन्धमा अफिसलाई शङ्का नलागेर हो, शङ्का भएको खण्डमा कार्यालयबाट सम्बन्धित फर्मलाई टेलिफोनमार्फत या पत्र लेखिएको भए हुन्थ्यो । सहिछाप गरेको Notary Public नक्कली रहेछ । Technical Evaluation Sheet को स.२१ को सन्दर्भमा नभएको document को बारेमा Comment लेखी कार्यालय प्रमुखसहितको प्राविधिक टोलीमा छलफल गर्दा मैनाचुली/सुरूची फर्म काम गर्ने हो भनी मूल्याङ्कन गरेको हुँ । Major Deviations भइसकेपछि Substantially Responsive हुने गरी मूल्याङ्कन गर्न विभिन्न कार्यालयको निर्माणसम्बन्धी काम र कागजातहरूको आधारमा मूल्याङ्कन भएको हो । वास्तवमा मलाई व्यक्तिगतरूपमा थाहा नभएर र पुराना साथीहरूले गरेको ठीकै होला भनी गरेको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी मनोजकुमार यादवले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

Blue book सहित Equipment को उपलब्धताका आधारमा हामीले मूल्याङ्कन गरेका हौं । यदि Audit Report हरू, Bid Security Document, Credit line document सहित अन्य Document हरू झुठो बनाइएको रहेछ भने सम्बन्धित कृत्रिम Document बनाउने पक्षलाई नै कारवाही हुनुपर्ने हो । योजनाको लेखा अधिकृतको सामुन्नेमा लाक्पा शेर्पाले दस्तखत गरी सम्झौता गरेको चेक बुझेका छन् । सोही दस्तखत अहिले मेरो होइन भनिएको छ । यदि धेरै कृत्रिम कागजात छन् भने Notary Public बाट कसरी प्रमाणित (नक्कल) गरिएको हो । हामीले विश्वास गर्ने पक्ष बैंक, अडिटर, कर कार्यालय, Notary Public सबै नै कृत्रिम भएको खण्डमा हामीबाट केही हुनै सक्दैन । हामीले त इमान्दारीपूर्वक न्यूनतम मूल्याङ्कितलाई उपलब्ध कागजातको आधारमा नेपाल सरकारलाई न्यूनतम आर्थिक भार पर्ने गरी मूल्याङ्कन गरी सिफारिस गरेको हुँदा मउपर कुनै पनि प्रकारको कारवाही हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी प्रकाश भक्त उपाध्यायले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मूल्याङ्कन समितिका सबै सदस्यहरू र योजना प्रमुखसमेतले आपसी छलफल गरी बोलपत्रहरू मूल्याङ्कन भएको हो । निज लाक्पा शेर्पालाई अन्य फर्महरूले Power of Attorney दिएको र सोही आधारमा निजले बोलपत्र सही गरी दाखिला गरेको हो । निर्माण कार्य गरी रनिङ बिल भुक्तानी लिँदा गोश्वारा भौचरमा सहिछाप गरेको हो । यदि निज लाक्पा शेर्पाको सहिछाप नभएको भए उसले अरू कसैले चेक भुक्तानी लिँदा सम्झौता गर्दा योजनाको कार्यालयमा तुरुन्त उजुरी वा खबर गर्नुपर्ने थियो । तर यसले आफैँ चेक बुझी लिएको र सोको भुक्तानी प्राप्त गरिसकेको अवस्थापछि केरकार हुँदा आफू निर्दोष हुने मनसायबाट मैले सहिछाप गरेको होइन भनी इन्कार गरेको बुझिन्छ । बोलपत्र कागजातहरूमा कुन फर्म कुन निर्माण व्यवसायीको कस्तो दस्तखत हुन्छ भनी (Signature verify) सहिछाप जाँच गर्ने व्यवस्था छैन । बैंकको खाता सञ्चालनमा दस्तखत नमूना कार्ड हेरेर जाँच बुझ गरी यकिन गरिन्छ । ठेक्का बन्दोबस्तमा निर्माण व्यवसायीले पेस गरेको कागजमा सहिछाप गरिसकेपछि विश्वसनीयताको आधारमा मूल्याङ्कन गरिने हुन्छ । त्यसैले निजले गरेको दस्तखतमाथि शङ्का नै नगरी विश्वसनीयताको आधारमा निजको दस्तखत हो होइन भन्नेतर्फ छानबिन नगरी मूल्याङ्कन गरिएको हो । अतः सम्बन्धित निर्माण व्यवसायीले नोटरी पब्लिकबाट प्रमाणित गराई पेस गरेको कागजातको आधारमा बोलपत्र मूल्याङ्कन गरी प्रचलित कानूनबमोजिम स्वीकृतिको लागि सिफारिस गरेको हुँदा मलाई यस कार्यको सम्बन्धमा प्रचलित कानूनबमोजिम सजायको भागी नबनाइयोस् भन्नेसमेत व्यहोराको प्रतिवादी केशरबहादुर साउदले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मलाई देखाइएका सुरुची कन्स्ट्रक्सन र मैनाचुली निर्माण सेवा प्रा.लि.को प्रोफाइलहरू मैले प्रमाणित गरेको होइन । त्यसमा भएको छाप दस्तखत कुनै पनि मेरो होइन भन्नेसमेत व्यहोराको नोटरी पब्लिक ठेकेन्द्रराज जोशीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मजदुर कन्स्ट्रक्सन, सुरुची कन्स्ट्रक्सन र मैनाचुली निर्माण सेवा प्रा.लि. को प्रोफाइलमा भएको नोटरीको छाप र दस्तखतसमेत मेरो होइन । मेरो छाप र दस्तखतसँग मेल खाँदैन । मैले ती सबै प्रोफाइलहरूमा नोटरीको छाप लगाएको छैन । मैले कुनै दस्तखत पनि गरेको छैन भन्नेसमेत व्यहोराको नोटरी पब्लिक किरण शाह ठकुरीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मैनाचुली निर्माण सेवा प्रा.लि.को कम्पनी प्रोफाइल कुन स्रोतबाट नवराज सापकोटा भन्ने व्यक्तिको हातमा पुग्यो । पावर अफ एटर्नी दिइएको भनिएका व्यक्ति नवराज सापकोटा र उक्त कागजात प्रमाणित गरिदिने नोटरी पब्लिक दुवैलाई म चिन्दिन । मैनाचुली / सुरुची जे.भी.ले दिएको भनिएको पावर अफ एटर्नीमा नवराज सापकोटालाई अख्तियारी दिएको उल्लेख छ । सँगै पेस भएको ज्वाइन्ट भेन्चर एग्रीमेन्टमा फेरी राजविन्द्र प्रताप सापकोटालाई अख्तियारी दिएको भन्ने उल्लेख छ । ती दुवै व्यक्ति नवराज सापकोटा र राजविन्द्र प्रताप सापकोटालाई म चिन्दिन । निजहरूलाई कुनै किसिमको अख्तियारी दिएको पनि छैन । मैनाचुली निर्माण सेवा प्रा.लि.को कम्पनी प्रोफाइल सम्बन्धित कम्पनीका अन्य पदाधिकारीले कुनै पनि निकायबाट बोलपत्र आह्वान गरिसकेपछि कम्पनीले कुन बोलपत्रमा प्रतिस्पर्धा गर्ने वा नगर्ने, कुन बोलपत्रमा एकल प्रतिस्पर्धा गर्ने क्षमता आफ्नो कम्पनीमा छ वा छैन, कुनै अर्को कम्पनीसँग संयुक्त उपक्रममा जाने भन्ने निर्माण कम्पनीको बोर्ड अफ डाइरेक्टरले गर्छ र सोहीअनुसारको निर्देशन मातहतका कर्मचारीहरूलाई दिने गरिन्छ । आजसम्म हाम्रो कम्पनी यही प्रक्रियाअनुसार चली आएको छ । मैनाचुली निर्माण सेवा प्रा.लि.ले सुरुची

कन्स्ट्रक्सनसँग गरेको जे.भी.सम्झौता र Power of Attorney लगायतका कागजातहरूमा प्रयोग भएको छाप यस मैनाचुली निर्माण सेवा प्रा.लि.ले प्रयोग गर्ने छाप होइन । मैनाचुली निर्माण सेवा प्रा.लि.ले प्रयोग गर्ने छाप गोलाकारमा अंग्रेजी अक्षरमा मैनाचुली निर्माण सेवा प्रा.लि. भनी लेखिएको छ । छुट्टै कागजमा मैनाचुली निर्माण सेवा प्रा.लि.ले प्रयोग गर्ने छापको नमूना उपलब्ध गराएको छु । मैनाचुली निर्माण सेवा प्रा.लि.सँग सम्बन्धित सञ्चालक सेयर होल्डर र कर्मचारीसमेत कसैले पनि निजसँग कागजात प्रमाणित गराएको छैन । मैनाचुली निर्माण सेवा प्रा.लि.को कम्पनी प्रोफाइल नोटरी पब्लिकबाट प्रमाणित गराई राजविन्द्र प्रताप सापकोटालाई उपलब्ध गराएको छैन । नोटरी पब्लिकले प्रमाणित गरेका कतिपय कागजातहरू के विषयका हुन् ? केही बुझिँदैन । नबुझिने कागजातहरू कसरी प्रमाणित गरियो थाहा भएन । राजविन्द्र प्रताप सापकोटालाई आजका दिनसम्म मैले चिनेको छैन । चिन्दै नचिनेको व्यक्तिलाई मलगायत मेरो कम्पनीसँग सम्बन्धित व्यक्तिले कम्पनी प्रोफाइल दिने कुरै आउँदैन भन्नेसमेत व्यहोराको प्रतिवादी मदनकुमार अधिकारीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मैनाचुली / सुरूची जे.भी. का तर्फबाट १९ अप्रिल २०१० मा चारवटा बोलपत्र उपलब्ध गराई दिन उक्त जे.भी. को तर्फबाट पेस भएको कागजातमा मैले दस्तखत गरेको हुँ । Bid Bond र line of credit सम्बन्धी कागजातहरू राजविन्द्र प्रताप सापकोटाले तयार गरिदिएको हो । बोलपत्रमा राजविन्द्र प्रताप सापकोटाले दररेट भरेको र गुण्डा केटाहरूले ज्यान लिने धम्की दिएको हुँदा ३ वटा बोलपत्र फिर्ता लिएको हुँ । BOQ मा दररेट म आफैँले भरी Bidding document मा पनि म आफैँले दस्तखत गरेको हुँ । मैले बोलपत्र पेस गर्दा प्रोफाइल प्रमाणित गरिसकेको अवस्थामा थियो । सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, सुर्खेतअन्तर्गत ठे.नं.१०/०६६।०६७ र १२/०६६।०६७ अन्तर्गतको काममा मैले मजदुर कन्स्ट्रक्सनका प्रोप्राइटर श्री राजविन्द्र प्रताप सापकोटाले दिएको कागजातअनुसार उक्त ठेक्काको सम्झौता गरी पेस्की झिकेर मजदुर कन्स्ट्रक्सनको फर्मको खातामा जम्मा गराई दिएको थिएँ । उक्त ठेक्का टेन्डर फर्म किन्ने र टेन्डर फर्म दर्ता गर्ने कार्य पनि म आफैँले मजदुर कन्स्ट्रक्सनका प्रो. श्री राजविन्द्र प्रताप सापकोटाको आदेशबमोजिम मैले गरेको हुँ । मैनाचुली / सुरूची जे.भी.का तर्फबाट दिएको Power of Attorney लगायतका दुवै ठेक्कासँग सम्बन्धित कागजातमा भएको दस्तखत मेरो हो । दुईवटै ठेक्काको सब कन्ट्राक्टरका रूपमा मजदुर कन्ट्रक्सनसँग गरेको सम्झौतापत्र मजदुर कन्ट्रक्सनका प्रो.श्री राजविन्द्र प्रताप सापकोटाले तयार पारी मजदुर कन्स्ट्रक्सनका तर्फबाट आएकोले मलाई दस्तखत गरी सम्बन्धित कार्यालयमा उक्त कागजात पेस गर्न भनेको हुँदा सब कन्ट्राक्टर नियुक्त गर्दा के कस्ता सर्त छन् भन्नेबारे केही थाहा भएन भन्ने व्यहोराको प्रतिवादी नवराज सापकोटाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

सुरूची कन्स्ट्रक्सनका तर्फबाट सुर्खेतस्थित मध्यपश्चिमाञ्चल सिँचाई योजनाहरूको लागि मेरो फर्मको डकुमेन्ट मात्र जिल्ला सुर्खेत बस्ने राजविन्द्र प्रताप सापकोटालाई दिएको हो । मेरो फर्ममा भएको प्रमाण–पत्रको प्रतिलिपि अडिट गरेको प्रतिलिपिहरू, कर चुक्ता प्रतिलिपि, भ्याट दर्ता प्रमाण पत्र, इजाजतपत्र र घरेलुमा दर्ता गरेको प्रमाण पत्रहरूको प्रतिलिपिलगायत सुरूची कन्स्ट्रक्सनको प्रोफाइल राजविन्द्र प्रताप सापकोटालाई दिएको हो । मैनाचुली निर्माण सेवासँग जे.भी.गरेर बोलपत्र खरिद, दर्ता गर्न र स्वीकृत भएमा सम्पूर्ण कार्य गर्नका लागि राजविन्द्र प्रताप सापकोटालाई मौखिक स्वीकृति दिएको हो । सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, सुर्खेतअन्तर्गत गुटु गा.वि.स.मा निर्माण

हुने स्वास्थ्य चौकी भवन र जाजरकोटस्थित निर्माण हुने प्रसुती गृह भवन निर्माण र मध्यपहाडी सडक (पुष्पलाल लोकमार्ग) आयोजनाअन्तर्गत जाजरकोट सडक खण्ड निर्माण कार्यहरूको जे.भी.(संयुक्त उपक्रम) मा मैले सही नगरेको तर राजविन्द्र प्रताप सापकोटालाई मैले मौखिकरूपले सही गरी बोलपत्र खरिददेखि दर्ता गर्नका साथै काम परेमा निर्माण कार्य सम्पन्न गर्नसमेतको लागि मन्जुरी दिएको हो । बोलपत्र खरिद तथा दर्ता अन्तिममा हुने भएकोले त्यस समयमा म काम विशेषले अन्यत्रै भएको हुनाले जे.भी. सम्झौता र अख्तियारीनामामा दस्तखत गर्न चाहिँ नभ्याएको हो । मैनाचुली / सुरूची जे.भी. ले सम्झौता गरी उक्त निर्माण कार्य गर्न र मजदुर कन्स्ट्रक्सनलाई सब कन्ट्रक्टर नियुक्ति गर्न मैले दस्तखत गरी अख्तियारीनामा दिएको छैन । सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, सुर्खेत र पुष्पलाल (मध्य पहाडी) लोकमार्ग योजनाअन्तर्गत ठेक्का प्राप्त गरी पेस्की रकम मैले लिएको छैन । पुष्पलाल (मध्य पहाडी) लोकमार्ग योजनाको ठेक्का नं.MHH/MWS/४-२६/२००६-६७ को ठेक्कामा जे.भी. सम्झौतामा मेरो सुरूची कन्स्ट्रक्सनको ३० प्रतिशत सेयर देखिए तापनि त्यसमा मेरो राजविन्द्र प्रताप सापकोटासँग केही कारोबार भएको छैन । सो ठेक्काको सम्पूर्ण आर्थिक कारोवार निज राजविन्द्र प्रताप सापकोटाले नै गरिरहेको छ । मैनाचुली / सुरूची जे.भी.का तर्फबाट सब कन्ट्राक्टरका रूपमा मजदुर कन्स्ट्रक्सनलाई नियुक्त गरेको छैन र बैंक खाता खोल्नसमेत कुनै अख्तियारी दिएको छैन । सम्पूर्ण काम मजदुर कन्स्ट्रक्सनका प्रो.राजविन्द्र प्रताप सापकोटाले नै गरेको हो । मैनाचुली / सुरूची / मजदुर जे.भी. का तर्फबाट आन्तरिक राजश्व कार्यालयमा दर्ता गर्न कुनै अख्तियारीनामा राजविन्द्र प्रताप सापकोटालाई दिएको छैन । डिभिजन भवन कार्यालय, सुर्खेतअन्तर्गतको Bid document खरिदको लागि आ.व.०६६।६७ मा मैनाचुली / सुरूची जे.भी. का तर्फबाट कुनै अख्तियारीनामा नवराज सापकोटालाई दिएको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी रणधीर तुम्बाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मैनाचुली / सुरूची / मजदुर जे.भी.को टेन्डर मूल्याङ्कन समितिबाट सबैभन्दा घटी बोलकबोल भएको भनी सिफारिस भई आएको हुँदा सबैभन्दा घटी बोलकबोल गर्ने ठेकेदार मैनाचुली / सुरूची / मजदुरको टेन्डर लेखा अधिकृतसमेतको थप सिफारिसमा सदर गरेको हो । E-Bid प्रक्रियाद्वारा भएको E-Bidding मा पेस भएको कागजातहरू Check गरी सबैभन्दा घटी बोलकबोल गर्ने ठेकेदार श्री मैनाचुली/सुरूची/ मजदुरको ठेक्का स्वीकृति गर्ने मनसाय आशयपत्र राजधानी दैनिकमा प्रकाशित गरिएकोमा कसैको उजुर कार्यालयमा दर्ता नभएको हुँदा टेन्डर सदर गरेको व्यहोरा अनुरोध छ । स्वीकृत लागत अनुमानभन्दा ५७.२१ प्रतिशत घटीमा ठेक्का स्वीकृत गरिएको र लागत अनुमान ठीक भएको हो । Hard copy मा भएको CV मा Signature नभएको भनी मूल्याङ्कन समितिबाट जानकारी तथा उल्लेख नभएको, E-Bid गर्दा पेस भएका कागजातमा जे.भी. का तर्फबाट ठेकेदार श्री लाक्पा शेर्पाले सम्झौता मेरो अगाडि र प्राविधिक अधिकृत, लेखा अधिकृतको रोहवरमा सही गरेको हो । E-Bidding गर्दा Power of Attorney मा भएको सही र निजले अन्य E-Bidding कागजातमा सही गरेको कागजात एकै पटक E-Bidding मा प्राप्त भएको हुँदा निजको Short cut सही मानिएको हो । मैनाचुली/ सुरूची/मजदुर जे.भी. को सम्झौता र Power of Attorney का आधिकारिक पदाधिकारीहरूको सही हो होइन भनी यस कार्यालयबाट मिति ५ जुन २०१० मा राजधानी दैनिकमा सूचना प्रकाशित भएकोमा कसैबाट उजुर नपरेको हुँदा उक्त कागजातलाई मान्यता दिएको हो । सम्झौतामा सही गर्ने व्यक्ति अधिकारप्राप्त लाक्पा शेर्पा, मजदुर Construction Company का

प्रोप्राईटर श्री राजविन्द्र प्रताप सापकोटा भएको व्यहोरा अनुरोध छ। सम्झौता गरिपाउँ भनी मिति २०६७।३।३ मा राजविन्द्र प्रताप सापकोटाले दिएको निवेदनमा अधिकारप्राप्त लाक्पा शेर्पाले समेत मेरो रोहवरमा सही गरेको हो । मिति २०६७।३।२१ मा मोबिलाइजेसन पेस्कीबापतको रू.१६,७६,०००।– मैनाचुली सुरूची मजदुर जे.भी. का अधिकारप्राप्त व्यक्ति लाक्पा शेर्पाले लेखा अधिकृत सि.डि.ई श्री कृष्ण भण्डारी, श्री प्रकाश उपाध्यायको रोहवरमा चेक बुझी लिएको हो । ठेक्का सदर गर्नुभन्दा अगावै ठेक्का सदर गर्ने आशय राखी पत्रिकामा आशय पत्रको सूचना प्रकाशित गर्दा कुनै पनि उजुर बाजुर निर्धारित समयभित्र पर्न नआएको र निजको ठेक्का सदर गर्दा नेपाल सरकारलाई फाइदा पुग्ने देखी निर्णय गरिएको हो। ममाथि कारवाही हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी दिनेश प्रकाश बस्नेतले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

उल्लिखित फर्म मैनाचुली सुरूची जे.भी. को प्राविधिक प्रस्ताव रीतपूर्वक योग्य देखिएको र प्रस्ताव अध्ययन गर्दा सबैभन्दा न्यूनतम बोल कबुल भएकोले उक्त फर्मको नाममा आशय पत्र जारी गरिएको, कागजातको सम्बन्धमा यस कार्यालयमा पेस भएका कागजात मूल्याङ्कन समितिसमक्ष पेस हुँदा रीतपूर्वक ठानी कारवाही अगाडि बढाइएको हो। आ.प्र. नियमअनुसार बोलपत्र स्वीकृत भएको हुँदा मिलेमतो भएको छैन । यस कार्यालयमा निर्माण व्यवसायीले पेस गरेको document र नोटरी पब्लिकबाट प्रमाणित गरिएको कागज पेस गरेको हुँदा सक्कलसरह मानिएको हो। उक्त जे.भी. ले यस कार्यालयअन्तर्गतको सिमाराक्मा प्रसुती कक्ष जाजरकोट र हेल्थपोष्ट भवन निर्माण गुटु गा.वि.स. सुर्खेतको लागि जे.भी. सम्झौता गर्दा पेस गरेको पत्रमा गरिएको हस्ताक्षरलाई आधिकारिक ठानी बोलपत्र खरिद गर्न दिई बोलपत्रसम्बन्धी प्रक्रिया अगाडि बढाइएको हो। ठेक्का पट्टाका विभिन्न चरणमा कतै कुनै निकायबाट प्रश्न खडा नभएकोले आफूले गरेको कार्यलाई नियमसङ्गत छ भनी सम्झौतासम्मको कार्यवाही अगाडि बडेको हो । उक्त जे.भी.बाट Power of Attorney पाएका सुर्खेत निवासी नवराज सापकोटाले निर्माण कार्य अगाडि बढाएको हो। ठेक्का नं.१० र १२/०६६।६७ को बोलपत्रहरूमा आयोजनाको Site को आधारमा चाहिने प्राविधिक प्रस्तावका मूलभूत आधारहरू जस्तै Manpower, Turnover र Equipment Bank को Credit line आदि पुगेको देखिएको र योजनाहरू सञ्चालन गर्ने सुर्खेत र जाजरकोट जिल्लाको अति दुर्गम स्थानमा रहेको, पुनः टेन्डर गरी उक्त आ.व.मा सञ्चालन गर्न नसकिने हुनाले स्वीकृत कार्यक्रम Cancel नगरौं भनी नियमानुसार समयभित्र पर्न आएका बोलपत्रलाई सारभूतरूपमा योग्यमानी स्वीकृति गरी निर्माण प्रक्रिया सुरू गर्नेतर्फ कार्यवाही अगाडि बढाइएको हो । सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावलीबमोजिम मूल्याङ्कन समिति तत्कालीन निमित्त डिभिजन प्रमुख रविरत्न शाक्यद्वारा गठन गरेको समितिबाट मूल्याङ्कन गरेको थियो । अब उप्रान्त हरेक आ.व.मा नयाँ मूल्याकन समिति गठन गरी मूल्याङ्कन गरिने व्यहोरा अनुरोध छ । Technical Evaluation Sheet मा उल्लेख भएका बुँदाहरूले सम्पूर्ण प्राविधिक कुराहरू समेट्ने हुँदा यसलाई नै मूल्याङ्कन प्रतिवेदन मानी छुट्टै प्रतिवेदन नबनाइएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी विष्णुप्रसाद शर्माले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

उक्त ठे.नं.१० र १२।०६६।६७ का ठेक्काहरूको तुलनात्मक तालिका तयार पारी हेरिएको र सोअनुसार ठेकेदारको बोल रकम हेरी यसको प्राविधिक प्रतिवेदन तयार पारी मूल्याङ्कन गरिएको हो। उक्त दुवै ठेक्कामा ठेकेदारको बोल रकम कार्यालयको ल.ई. भन्दा कम देखिएकोले आर्थिक पक्षबाट योग्य देखिएको र यसको प्राविधिक पक्ष (Technical Report) को मूल्याङ्कन गर्दा सारभूतरूपमा योग्य

देखिएको हुँदा स्वीकृत गर्न मनासिब भनी बोलपत्र मूल्याङ्कन समितिबाट समेत निर्माण भएको थियो। सो बोलपत्र डिभिजन प्रमुखबाट स्वीकृत भएको हो। यसैगरी Equipment Capability मा Equipment list condition data sheet मा मेकानिकल इन्जिनियरले प्रमाणित नगरेको कसरी Substantially Responsive भयो भनिएको सन्दर्भमा म प्रशासनिक पदको हुँदा Technical Part मा ज्ञान नभएको र मागेको विवरणमध्ये अधिकांश बुँदाहरू पूरा भएकोले केही बुँदाको विवरणमा केही अपुग भएपनि पूर्णयोग्य नभई सारभूतरूपमा योग्य (Substantially Responsive) गर्न उपयुक्त हुने भनी सामूहिकरूपमा (मूल्याङ्कन समिति) निर्णय भएको हो। कार्यालयमा प्राप्त कागजात झुट्ठा कागजात भन्ने आधार हुँदैन। नक्कली र झुट्ठा भन्ने जाँच गर्ने सम्बन्धित निकायमा छानबिन गर्दा मात्र जानकारी हुने हो। सम्झौता गराई सकेपछि प्राप्त बैंक जमानतका आधारमा बढीमा २० प्रतिशत रकम पेस्की दिन सकिने व्यवस्थाअनुसार नै पेस्की गएको हो। जहाँसम्म निर्माण कार्यको भुक्तानी दिने सम्बन्धमा कार्यालयबाट कार्यादेश भएको आधारमा निर्माण कार्य जारी राखी बिल पेस भई कार्यालयका प्राविधिकबाट चेकजाँच भई कार्यालय प्रमुखबाट स्वीकृत भई भुक्तानीका लागि लेखामा आउने व्यवस्था हुन्छ। बिल भुक्तानी दिन कुनै बाधा छ, छैन भनी कार्यालयबाट आयोगमा सोधनीसमेत भएको र लामो समयसम्म जवाफ नआएकोले लेखा शाखाले कार्यालय प्रमुखसँग टिप्पणी पेस गरी आदेश प्राप्त गरी भुक्तानी दिएको हुँदा मैले विवेकले भ्याएसम्म जानीजानी कुनै गल्ती गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी तुलाराम तिवारीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, सुर्खेतअन्तर्गतका ठेक्का नं.१० र १२।०६६।६७ को बोलपत्र मूल्याङ्कन प्रतिवेदनमा भएको दस्तखत मेरो हो। म नितान्त प्रशासनिक कर्मचारी हुँ। ठेक्काका कागजात सम्बन्धमा प्राविधिकहरूसँग बुझ्दा ठीक छ भन्ने जवाफ दिनु भएकोले उहाँहरूकै विश्वासमा दस्तखत गरी दिएको हुँ। सम्बन्धित फर्मका आधिकारिक पदाधिकारीहरूबाट दस्तखत नै नभएको बोलपत्र कागजात, जे.भी. सम्झौता अख्तियारीनामा आदि कागजातहरू मैले मेरो नोकरी कार्य प्रकृतिअनुसार स्पष्टसँग बुझ्न सम्भव नभएको, मेरा उपल्ला सरहरू श्रीमान् डिभिजन प्रमुख इन्जिनियर सरहरू लगायतबाट सबै ठीक छ दस्तखत गर्दा हुन्छ भन्ने सुझाव भएको हुँदा मूल्याङ्कन बोलपत्र स्वीकृतिका लागि दस्तखत गरेको हुँ। त्यससम्बन्धमा मलाई अरू केही पनि थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादी लक्ष्मीप्रसाद भट्टराईले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

प्रतिवादी विष्णुप्रसाद शर्माले ठेक्का नं.१०/०६६/०६७ र ठेक्का नं.१२/०६६/०६७ का सम्बन्धमा कथित ठेकेदार भनिएका प्रतिवादी राजविन्द्रप्रसाद सापकोटासमेत सँग मिलेमतो गरी नक्कली र काल्पनिक कागजात तयार गरी पेस गरेको JV को सम्झौता, अख्तियारीनामा, कम्पनी प्रोफाइल सोमा भएको दस्तखत, छापलगायतको कागजातहरूको अध्ययन नै नगरी, आफू मूल्याङ्कन समितिमा बसी सार्वजनिक खरिद ऐन र नियमावलीले अनिवार्यरूपमा निर्दिष्ट गरेको प्रावधानहरूलाई पालना गरेको देखिएन। ठेकेदारहरूसँग हुनुपर्ने मानवस्रोत, साधन, औजार, मेसिन र ढुवानी साधन आदिसमेत आवश्यक मात्रामा नभएको र सोही व्यहोरा मूल्याङ्कन प्रतिवेदनमा उल्लेख हुँदाहुँदै पनि Result मा Substantially Responsive भनी लेखी आफूले दस्तखत गरी सोहीबमोजिम बोलपत्र स्वीकृत सम्झौता गरी, प्रत्येक ठेक्कामा २ दिनको समय फरक पारी २ पटक ठेकेदारलाई पेस्की दिएको, प्रतिवादीहरू मनोज नकर्मी, तुलाराम तिवारी, लक्ष्मीप्रसाद भट्टराई, निरखबहादुर हमाल र मनोज कुमार यादवले ठेक्का

नं.१० र १२/०६६।०६७ का सम्बन्धमा विपक्षीहरूले बोलपत्र मूल्याङ्कन समितिमा रही मूल्याङ्कन गरेको, प्रतिवादीहरू राजविन्द्र प्रताप सापकोटासमेतसँग मिलेमतो गरी सम्बन्धित कम्पनी / फर्मले सहिछाप नै नगरेको कागजातलाई आधारमानी मूल्याङ्कन गरेको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२)(ङ) बमोजिम बोलपत्रमा भाग लिन अयोग्य भएको भनी घोषणा नगरेको, प्रस्तावित जनशक्तिको शैक्षिक योग्यता, अनुभव पुष्टि गर्ने कागजात, नियुक्ती पत्र र CV मा दस्तखतसमेत नभएकोलाई पनि स्वीकार गरी मूल्याङ्कन गरेको Equipment हरू Mechenical Engineer बाट चालु हालतमा भएको भनी प्रमाणित नभएको, Work Schedule पेस नगरेको, भवन निर्माणका लागि नभई नहुने Wooden Form Work र Metal Props जस्ता सामानहरू समेत नभएको मैनाचुली / सुरूची / जे.भी. को प्रस्ताव स्वीकृतिका लागि सिफारिस गरेको र प्रतिवेदनको अन्तिम पृष्ठको Result मा Substantially Responsive भनी सो मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरेको, प्रतिवादी दिनेश प्रकाश बस्नेतले पुष्पलाल (मध्य पहाडी) लोकमार्ग योजनाका प्रमुखका रूपमा कार्यरत रहँदा ठेक्का नं. MHH/MWS/४-२६/२०६६/६७ जाजरकोट र दैलेख जिल्लाको Dasera Bastada Sector ७७+२४० - ८२+५६० खण्डको सडक निर्माणका सम्बन्धमा मिलेमतो गरी सम्पूर्ण बनावटी / नक्कली कागजातलाई स्वीकार गरी, बोलपत्र उपलब्ध गराउनेलगायत मूल्याङ्कन गर्ने, बोलपत्र स्वीकृत गर्ने ठेक्का सम्झौता गर्ने र पेस्की दिनेसमेतको कार्य गरेको, प्रतिवादी कृष्णप्रसाद भण्डारी, प्रकाश भक्त उपाध्याय, भानु जोशी र केशरबहादुर साउदसमेतले प्रतिवादीहरूले पुष्पलाल (मध्य पहाडी) लोकमार्ग योजनाअन्तर्गतको ठेक्का नं. MHH/MWS/४-२६/२०६६/६७ जाजरकोट र दैलेख जिल्लाको Dasera Bastada Sector ७७+२४० - ८२+५६० खण्डको सडक निर्माणका सम्बन्धमा बोलपत्र मूल्याङ्कन गर्दा हुनुपर्ने मानवस्रोत साधन, उपकरण औजार, ढुवानी साधनहरू नहुँदानहुँदै पनि त्यस्तो फर्मलाई स्वीकार गरी अधिकांश कागजातहरूमा कम्पनी / फर्मको छाप नै नलगाई दस्तखतसमेत नगरेको नक्कली कागजातलाई स्वीकार गरी मूल्याङ्कन गर्ने, बोलपत्र स्वीकृत गर्ने, ठेक्का सम्झौता गर्ने र पेस्की दिनेसमेतका कार्य गरेको, मजदुर कन्स्ट्रक्सन र सो कन्स्ट्रक्सनका प्रोप्राइटर राजविन्द्र प्रताप सापकोटाले आफूलाई मजदुर कन्स्ट्रक्सनको प्रोप्राइटर हुँ भनी सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, सुर्खेतअन्तर्गत ठेक्का नं.१०,१२/०६६।०६७ र पुष्पलाल (मध्य पहाडी) लोकमार्ग योजनाअन्तर्गतको ठे.नं. ४–२६/०६६/०६७ समेत ३ वटै ठेक्काको निमित्त कम्पनी प्रोफाइल, नोटरी पब्लिकको छाप दस्तखत किर्ते गरी झुट्ठा कागजातहरू कार्यालयमा पेस गरेको, PNA नं. दर्ता गर्ने, बैंकमा खाता खोल्न झुट्ठा सम्झौता पत्र बनाउने, झुट्ठा नक्कली कागजातहरू तैयार गर्ने र सोही आधारमा बैंकमा खाता खोल्ने, त्यसैगरी ठेकेदारसँग नभएका औजार, उपकरण, सामग्री, ढुवानी साधन, र मानवस्रोत छ भनी कम्पनी प्रोफाइल तैयार गरी ठेकेदारको तर्फबाट दस्तखत नै नगरी नोटरी पब्लिकको किर्ते छाप लगाएको, सुरूची कन्स्ट्रक्सन र सो कन्स्ट्रक्सनका प्रोप्राइटर रणधीर तुम्बाले सुरूचीका तर्फबाट भएको दस्तखत आफ्नो होइन भनेको तर मैले राजविन्द्र प्रताप सापकोटालाई मैनाचुली निर्माण सेवा प्रा.लि.र सुरूची कन्स्ट्रक्सनको कागजात र कम्पनी प्रोफाइल दिएको हुँ भनी स्वीकार गरेको अवस्था छ । यसरी आफ्नो तथा अरूको स्वामित्वका कन्स्ट्रक्सनका कागजातहरू उनाउ व्यक्तिलाई ठेक्का प्रयोजनका लागि दिनु नै गैरकानूनी कार्य गरेको, मैनाचुली निर्माण सेवा प्रा.लि. र सोका सञ्चालक मदनकुमार अधिकारीले प्रतिवादी राजविन्द्र प्रताप सापकोटासमेतसँग मिलेमतो गरी ठेक्का नं.१०

र १२/०६६।०६७ र ४–२६०६६।६७ (सडक निर्माण) का निमित्त आफ्नोसमेत नामको मैनाचुली निर्माण सेवा प्रा.लि.का कागजातहरू उपलब्ध गराई सो ठेक्काहरूको आशय पत्र सार्वजनिक सूचना प्रकाशित हुँदा जानकारी भएको अवस्था छ। प्रतिवादी लाक्पा शेर्पाले पुष्पलाल (मध्यपहाडी) लोकमार्ग सडक योजनाबाट आह्वान गरेको सडक निर्माण कार्यमा बद्नियतसाथ कथित मैनाचुली / सुरूची / मजदुर जे.भी. खडा गरी E-Bid द्वारा बोलपत्र पेस गरी पछि Hard copy पेस गरेको । Hard copy पेस गर्दा राजविन्द्र प्रताप सापकोटाको नामबाट निज लाक्पा शेर्पाले नै दस्तखत गरिदिएको कुरा राजविन्द्र प्रताप सापकोटाको बयानबाट खुल्न आएको छ । साथै विपक्षी राजविन्द्र प्रताप सापकोटासँग मिलेमतो गरी सो बोलपत्रहरूमा आवश्यक पर्ने सम्पूर्ण कागजातहरू झुट्ठा र नक्कली तैयार गरी जे.भी.को छाप र दस्तखतसमेत नक्कली र किर्ते बनाई कार्यालयमा कर्मचारीहरूसँग मिलेमतो गरी आफूले पेस गरेको कथित जे.भी. को बोलपत्र स्वीकृत गरे गराएको, प्रतिवादी नवराज सापकोटाले ठेक्का नं. १०, १२/०६६।६७ का सम्बन्धमा प्रतिवादीहरू राजविन्द्र प्रताप सापकोटासमेतसँग र सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, सुर्खेतका कार्यालय प्रमुख र बोलपत्र मूल्याङ्कन समितिका पदाधिकारीहरूसँग मिलेमतो गरी उक्त ठेक्काहरूको बोलपत्र खरिद गर्न कथित मैनाचुली / सुरूची जे.भी.खडा गरी सो जे.भी. को तर्फबाट आफूले बोलपत्र खरिद गरी किर्ते नक्कली अख्तियारीनामा खडा गरी ठेक्का सम्झौता गरिपाउँ भनी कार्यालयमा निवेदन दिई ठेक्का सम्झौता गरेको र पेस्की रकमसमेत बुझी लिएको अवस्था छ । सो कुरा आयोगमा निजले दिएको बयानमा स्वीकार गरेका छन् । यसरी बद्नियतसाथ उनाउ व्यक्तिका नाममा रहेको कम्पनी / फर्मका वनावटी र किर्ते कागजात खडा गरी त्यसैको आधारमा बोलपत्र लिई, बोलपत्र पेस गरी, बोलपत्र स्वीकृत गरी गराई, सम्झौता गरी, रकम समेत भुक्तानी लिएको देखिँदा नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी र प्रतिवादीहरूलाई लाभ पुर्‍याउने कार्य गरेको देखियो । प्रतिवादीहरूले ठेक्का नं.१०/०६६।६७ को रू.५४,३६,६१२।२० (मु.अ.करबाहेक) र ठेक्का नं.१२/०६६।६७ कोरू.१,४४,२२,००२।१४ (मु.अ.कर बाहेक) समेत जम्मा रू.१,९८,५८,६१४।३४ (मु.अ.कर बाहेक) र मु.अ.कर रू. २५,८१,६१९।८६ समेत गरी कुल रू. २,२४,४०,२३४।२० को बोलपत्र स्वीकृत गरी पेस्की र बिल भुक्तानीसमेत गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को खण्ड (झ) ऐ. ऐनको दफा ८, ११ र १७ को परिभाषाभित्रको भ्रष्टाचारजन्य कसुर भएको हुँदा निजहरूलाई ऐ. ऐनको दफा ३(१)(झ), ८, १७ बमोजिम बिगो भराई बिगोबमोजिम जरिवाना र कैद सजायसमेत गरिपाउँ भन्ने अभियोग दाबी।

कुनै पनि कागजातहरूमा मैले अरू कसैको दस्तखत गरेको छैन। सबै सम्बन्धित कम्पनी / फर्मका आधिकारिक व्यक्तिहरूले नै दस्तखत गर्नुभएको हो। मेरो फर्म मजदुर कन्स्ट्रक्सनका तर्फबाट गर्नुपर्ने कागजातहरूमा मात्र मैले दस्तखत गरेको हो। मैले अरू कुनै कम्पनी वा फर्मको कागजातहरू तयार गर्ने तथा सोमा दस्तखत गर्ने कार्य गरेको छैन। आरोपपत्र गलत छ। नोटरी पब्लिकको छाप दस्तखत मैले किर्ते गरेको छैन । मैले कुनै झुट्ठा विवरण पेस गरेको छैन । उक्त निर्माण कार्यहरू ज्यादै दुर्गममा भएकोले निर्माण कार्य ज्यादै गाह्रो भए तापनि मैले इमान्दारीपूर्वक निर्माण कार्य समयमा नै सम्पन्न गर्ने लक्ष्यका साथ गरेको छु। यसरी मैले नेपाल सरकारलाई कर तिरेर ईमान्दारीपूर्वक गरेको कार्य भ्रष्टाचारजन्य कार्य होइन। मैले कुनै कर्मचारीसँग मिलेमतो गरेको छैन। आरोपपत्रबाट पूर्णरूपमा सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी राजविन्द्र प्रताप सापकोटाले विशेष अदालतमा गरेको बयान।

आरोपित कसुरमा प्रतिवादी यस अदालतमा

इन्कारी रही बयान गरेपनि अधिकारप्राप्त अधिकारीसमक्ष भने उनाउ व्यक्तिको नाममा दर्ता भएको प्रा.लि. / फर्मका प्रोप्राइटर सञ्चालकको किर्ते दस्तखत गरी विभिन्न कागजात तयार पारेको तथ्यलाई स्वीकार गरी बयान गरेको देखिन्छ । ४-२६/०६६।०६७ को ठेक्काबमोजिमको काम सञ्चालन भई अन्तिम भुक्तानी भइसकेको र ठेक्का नं. १०,१२ ०६६।०६७ को भुक्तानी भएको रकमअनुसार काम सम्पन्न नभएको वा गुणस्तरयुक्त काम नभएको जिकिर आरोपपत्रमा लिन सकेको नपाइएको भएपनि नक्कली छाप, सही दस्तखत किर्ते गरी कागजात बनाई पेस गर्ने कार्यमा यी प्रतिवादीको संलग्नता रहे भएको कुरा तत्काल प्राप्त प्रमाणबाट पुष्टि भइरहेकोले बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल प्रतिवादीको जिम्मेवारी र काममा रहेको संलग्नतासमेतको आधारमा विशेष अदालत ऐन, २०५९ को दफा ७(घ) बमोजिम प्रतिवादी राजविन्द्र प्रताप सापकोटाबाट रू.१५,००,०००।– (पन्ध्र लाख) धरौट माग गरिएको छ । सो धरौट नगदै वा सो रकम खाम्ने जेथा वा बैंक ग्यारेन्टी दिए तारेखमा राख्नु र नदिए थुनुवा पुर्जी दिई थुनामा पठाई दिनु भन्ने विशेष अदालतको आदेश र सो आदेशबमोजिमको धरौटबापत जेथा जमानत राखी प्रतिवादी तारेखमा रहेको ।

सुरूची कन्स्ट्रक्सनको तर्फबाट जे.भी. सम्झौतामा मैले दस्तखत गरेको छैन । उक्त ठेक्काहरूको लागि पावर अफ अर्टनी र बैंक खाता सञ्चालन गर्न कसैलाई अख्तियारी दिएको छैन । सिँचाई डिभिजन कार्यालय, सुर्खेतमा टेन्डर खुलेकोले सोको लागि सुरूची कन्स्ट्रक्सनको कम्पनी प्रोफाइल मात्र मेरा कर्मचारीमार्फत राजविन्द्र प्रताप सापकोटालाई उपलब्ध गराएको हुँ । मैनाचुली कम्पनीको प्रोफाइल मैले कसैलाई उपलब्ध गराएको छैन । यसमा मेरो कोही कसैसँग मिलेमतो छैन । मैले केही कसैसँग पनि आर्थिक लाभ लिएको छैन । उक्त ठेक्काहरूमा बोलपत्र पेस गर्नेदेखि स्वीकृत गर्ने गराउने, भुक्तानीसमेत लिने कुनै पनि कार्यमा मेरो संलग्नता छैन । आरोपपत्र गलत छ । झुट्टा आरोपबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी रणधीर तुम्बाले विशेष अदालतमा गरेको बयान ।

मैले पाएको Power of attorney मा सम्बन्धित फर्म/कम्पनीका आधिकारिक व्यक्तिहरूले नै दस्तखत गरी पठाएको हो । मैले लिएको भुक्तानी राजविन्द्र प्रताप सापकोटालाई बुझाएको थिएँ । राजविन्द्र प्रताप सापकोटा तथा कार्यालयका कर्मचारीहरू कसैसँग पनि मिलेमतो गरी कुनै पनि कागजात, छाप, दस्तखत नक्कली तथा किर्ते बनाएको छैन । मलाई जे जस्ता कागजातहरू प्राप्त भए सोही कागजातहरू कार्यालयमा पेस गरेको हुँ । म त लाए अह्राएको काम गर्ने व्यक्ति मात्र हुँ । मैले व्यक्तिगत लाभ लिने कुनै काम गरेको छैन । तसर्थ आरोपबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी लाक्पा शेर्पाले विशेष अदालतमा गरेको बयान ।

आरोपित कसुरमा अधिकारप्राप्त अधिकारी र यस अदालतमा समेत इन्कारी रही बयान गरे पनि अख्तियारीनामामा भएको दस्तखत आफ्नो हो भनी स्वीकार गर्नुका साथै रनिङ्ग बिलबापतको रकम बुझिलिएको, E-bid द्वारा बोलपत्र पेस गर्ने क्रममा Hard Copy प्रस्तुत गर्दा प्रतिवादी राजविन्द्र प्रताप सापकोटाको नामबाट यीनै प्रतिवादीले दस्तखत गरेको कुरा तत्काल प्राप्त प्रमाणबाट देखिन आएको छ । अतः प्रतिवादीहरूले आरोपित कसुर गरेको होइन भनी मान्न सकिने अवस्था नभएपनि बोलपत्रअनुसार कार्य सम्पन्न भइसकेको र भएको कार्य गुणस्तरहीन हो भनी वादी पक्षले लिन सकेको नदेखिँदा प्रतिवादी लाक्पा शेर्पाले र रणधीर तुम्बाबाट जनही रू. ३,००,०००।– (तीन लाख) नगदै वा सो रकम खाम्ने जेथा वा बैंक ग्यारेन्टी दिनसके लिई तारेखमा राखी र सो दिन नसकेमा मुलुकी ऐन, २०२० को अदालती बन्दोबस्तको महलको १२१ नं. अनुसारको थुनुवा

पुर्जी दिई थुनामा राख्नु भन्ने विशेष अदालतको आदेश र सो आदेशबमोजिमको धरौट रकम विशेष अदालतमा दाखिला गरी प्रतिवादीहरू तारेखमा रहेको।

पुष्पलाल (मध्य पहाडी) लोकमार्ग योजना दैलेख र जाजरकोट जिल्लाको Easera-Basteda खण्डको सडकमार्ग ठेक्कामा बोलपत्र मूल्याङ्कन गरी निर्दिष्ट कानून (सार्वजनिक खरिद ऐन, नियमावलीबमोजिम) र विडिङ्ग डकुमेन्टबमोजिम परीक्षण गरी स्वीकृतिको लागि सिफारिससम्म गरेको हो। प्रस्तुत ठेक्काको भुक्तानीलगायत निर्माण कार्यमा मेरो कुनै संलग्नता छैन। सार्वजनिक खरिद ऐन, नियमावलीबमोजिम बोलपत्र मूल्याङ्कनको क्रममा निर्माण व्यवसायीहरूले पेस गरेको कागजातहरू कानूनबमोजिम योग्य भए, नभएको हेरियो। Bidding document को Criteria बमोजिम जनशक्ति Work experience, मेसिन औजार, Turn over लगायत जाँच गरी तोकिएबमोजिम भए नभएको हेरियो। त्यसपछि सार्वजनिकरूपमा राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना पनि जारी गरियो। सोमा कुनै दाबी विरोध पनि परेन। कसैको उजुरी नपरी पेस भएको कागजातहरू नक्कली वा किर्ते हुन् भन्ने शङ्का गर्ने अवस्था रहेन। तसर्थ ऐन कानूनबमोजिम निर्दिष्ट प्रक्रिया पुर्‍याई ठेक्का स्वीकृतिका लागि सिफारिस गरिएको हो। पछि अनुसन्धानको क्रममा किर्ते भएको अवस्थामा ती कागजातहरू पेस गर्ने सम्बन्धित निर्माण व्यवसायी, व्यक्तिहरू नै कानूनीरूपमा जिम्मेवार रहने भएकोले सोको दायित्व पनि उनीहरूले नै लिनुपर्दछ। प्रस्तुत ठेक्का E-Bidding प्रक्रियाबाट आएकोले मिलेमतो भयो भन्नु सरासर गलत छ। प्रस्तुत कार्यमा मैले आफूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी क्षति पुर्‍याइएको छैन। कुनै रकम हिनामिना गरेको छैन। मउपर लगाइएको आरोप कुनै पनि तथ्य एवं प्रमाणहरूले पुष्टि नगरेकोले सफाइ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी भानु जोशीले विशेष अदालतमा गरेको बयान।

ठेक्का मूल्याङ्कन समितिको सदस्यको हैसियतले प्रस्तुत ठेक्काको बोलपत्र मूल्याङ्कन कार्यमा मात्र म संलग्न भएको हुँ। ठेक्काअन्तर्गतको कुनै पनि भुक्तानीमा मेरो संलग्नता छैन। बोलपत्रदाता वा निजका आधिकारिक प्रतिनिधिले निर्दिष्ट गरेको ठाउँमा सहिछाप गरेको छ, छैन हेरियो। बोलपत्र दाताका दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, JV सम्झौता, भ्याट दर्ता प्रमाणपत्र, Power of Attorney पेस भए, नभएको हेरियो। त्यसपछि योग्य भएमा न्यूनतम मूल्याङ्कितको आर्थिक अनुभव र क्षमता (मेसिन, औजार, जनशक्ति) हेरियो। यी सबै कागजातहरू सारभूतरूपमा प्रभावग्राही नै देखिएकोले स्वीकृतिको लागि सिफारिस गरिएको हो। यो ठेक्का E-bidding प्रक्रियाबाट भएकोले यसमा मिलेमतो गरे भन्नु प्रविधिप्रतिको अनभिज्ञता हो। दाबी विरोधको सूचना राजधानी दैनिकमा प्रकाशित गरिएकोमा उक्त सूचनाउपर कसैको दाबी विरोध प्राप्त भएन। बोलपत्र मूल्याङ्कन गर्ने क्रममा कुनै पनि दाबी विरोध नपरेकोले पेस भएका कागजातहरू नक्कली हुन् भन्ने आधार भएन। स्वीकृत लागत अनुमानभन्दा ५७.२१ प्रतिशत कममा ठेक्का सम्झौता भएकोले यसबाट नेपाल सरकारलाई कुनै हानि, नोक्सानी नभएको र मैले आफूलाई गैरकानूनी लाभ पुर्‍याएको छैन। तसर्थ मैले आरोपित कसुरबाट सफाई पाउनु पर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी प्रकाशभक्त उपाध्यायले विशेष अदालतमा गरेको बयान।

प्रस्तुत ठेक्कामा मेरो संलग्नता बोलपत्र मूल्याङ्कन समितिको सदस्यको रूपमा मात्र रहेकोले ठेक्काको भुक्तानीलगायतका अन्य कार्यहरूमा मेरो कुनै संलग्नता छैन। बोलपत्रहरू सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली तथा दिइएको स्वीकृत Biding document को आधारमा बोलपत्रहरूको मूल्याङ्कन गरिएको हो। बोलपत्र मूल्याङ्कन गर्दा सर्वप्रथम बोलपत्रहरूको सम्पूर्णता परीक्षण गरियो।

बोलपत्र पेस गर्ने निर्माण व्यवसायी योग्य भए, नभएको हेरियो, सबैभन्दा कम अंक कबोल गर्ने ठेकेदारको Turn over, experience, Man power, काम गर्ने क्षमता, Equipment हरू Detail रूपमा हेरियो। यसरी बोलपत्र मूल्याङ्कन गरिसकेपछि सम्झौतापूर्व दाबी विरोधको लागि राजधानी दैनिकमा आशयपत्र प्रकाशित गरियो। सोउपर कसैको दाबी विरोध नपरेकोले न्यूनतम मूल्याङ्कितलाई बोलपत्र स्वीकृतिको लागि सिफारिस गरिएको हो। Bid document को Clause अनुसार ठेकेदारले पेस गरेको कागजहरूका सम्बन्धमा निज स्वयम् नै जिम्मेवार रहने प्रावधान छ। कागजपत्रहरूमा नोटरी पब्लिकले प्रमाणित गरेको हुनाले कागजातउपर शङ्का गर्ने ठाउँ भएन। सहिछाप सम्बन्धमा कसको कस्तो सहिछाप हुन्छ भन्ने कुरा नमूना राखेर भिडाउने चलन तथा ऐनमा समेत व्यवस्था नभएको हुँदा उक्त दस्तखत तथा छापहरू सक्कली वा नक्कली के हुन् भन्ने सम्बन्धमा शङ्का भएन। मिलोमतोको आरोप गलत छ। पूर्वाग्रही भई आरोप पेस भएको छ। तसर्थ आरोपित कसुरबाट पूर्णरूपमा मैले सफाई पाउनुपर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्णप्रसाद भण्डारीले विशेष अदालतमा गरेको बयान।

म लेखा अधिकृत भएकोले पेस भएको दररेट Comperative Chart मा उल्लेख भएका दररेटहरू मुचुल्काको दररेटसँग, E-Bid को दररेटसँग Hard copy को दररेट भिडाउने कार्य गरेको थिए। उक्त ठेक्काको भुक्तानीमा मेरो कुनै भूमिका र संलग्नता छैन। बोलपत्र मूल्याङ्कनपछि दाबी विरोधको सूचना प्रकाशित गर्दा पनि कुनै उजुरी परेको थिएन। कसैको पनि दाबी विरोध उजुरी नपरेपछि छाप, दस्तखत तथा कागजातहरू नक्कली हुन् भन्ने थाहा हुने कुरा भएन। कागजातहरूका सम्बन्धमा पेस गर्ने व्यक्ति वा संस्थाकै दायित्व वा जिम्मेवारी रहन्छ। मिलेमतोको आरोप गलत छ। लगत इष्टिमेटभन्दा ५७.२१ प्रतिशतले घटी बोलपत्रदाताको ठेक्का सिफारिस गर्दा सरकारलाई हानि नोक्सानी हैन फाइदा भएको छ। आरोप पत्रबमोजिमको कुनै पनि भ्रष्टाचारजन्य कसुर मैले गरेको छैन। मैले सफाई पाउनु पर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी केशरबहादुर साउदले विशेष अदालतमा गरेको बयान।

नियमानुसार गठित बोलपत्र मूल्याङ्कन समितिले मूल्याङ्कन गरी पेस गरेको कागजातहरू Check गर्दा पहिचानमूलक त्रुटि नभेटिएको हुँदा ठेक्का सदर गर्ने आशयपत्र राजधानी दैनिक पत्रिकामा प्रकाशित गरियो। सबैभन्दा घटी बोलकबोल (५७.२१ प्रतिशत घटी) गर्ने बोलपत्र स्वीकृत गर्ने आशयपत्र प्रकाशन भएपछि निर्धारित अवधिमा कुनै पनि दाबी विरोध नपरेकोले नेपाल सरकारलाई फाइदा हुने गरी टेन्डर सदर गरियो। कुनै पनि दाबी विरोध नपरेकोले सम्पूर्ण कागजातहरू सक्कली हुन् भन्ने आधारमा ठेक्का स्वीकृत भएको हो। नक्कली वा सक्कली भन्ने कुरा उजुरी परेमा विशेषज्ञबाट जाँच गराउँदा मात्र थाहा हुने कुरो हो। Biding document को दफा ३३ अनुसार बोलपत्रदाताले पेस गरेका कागजातहरूको जिम्मेवारी निजकै हुन्छ। E-Bid बाट प्राप्त लगत इष्टिमेटभन्दा ५७.२१ प्रतिशत घटी बोलकबोल गर्ने ठेकेदारलाई Moblilization भुक्तानी गर्दा कुनै पनि मिलेमतो हुन नसक्ने हुँदा यसमा कुनै मिलेमतो भएको छैन। मिलेमतोको आरोप गलत छ। मैले नेपाल सरकारलाई हानि नोक्सानी पुर्‍याउने र मैले कुनै फाइदा, लाभ लिएको छैन। अन्य कसैलाई फाइदा पुर्‍याउने कार्य गरेको छैन। तसर्थ आरोपबाट मैले सफाई पाउनु पर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी दिनेशप्रकाश बस्नेतले विशेष अदालतमा गरेको बयान।

Bid document पेस भइसकेपछि मूल्याङ्कन समितिले (Substantially Responsive) सारभूतरूपमा प्रभावग्राही छ भनी म कहाँ पेस भएपछि पुन: सम्पूर्ण document हरू चेक गर्दा सम्बन्धित बोलपत्रदाताको प्रोफाइलमा Bid

document मा उल्लेख भएको कुराहरू सारभूतरूपमा पूरा भएको पाएँ । प्रस्तुत ठेक्कामा बद्नियतपूर्वक कुनै लिनुदिनु गरेको होइन । ठेकेदारले ठेक्कापट्टा प्राप्त गर्ने उद्धेश्यले नक्कली कागजात पेस गरेको प्रमाणित भएमा ठेकेदारबाट रकम असुलउपर गर्नुपर्ने हो । ममाथिको आरोपदाबी पूर्वाग्रही छ । आरोपपत्रमा उल्लेख भएअनुसार मैले कुनै पनि भ्रष्टाचारजन्य कार्य गरेको छैन । तसर्थ मैले प्रस्तुत आरोपबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी विष्णुप्रसाद शर्माले विशेष अदालतमा गरेको बयान ।

आरोपित कसुर गरेमा इन्कारी भई प्रतिवादीहरूले अधिकारीप्राप्त अधिकारी र यस अदालतमा बयान गरेपनि बोलपत्रको साथ पेस भएको कागजातमध्ये बायोडाटामा दस्तखत भएको नदेखिएको, आवश्यक मानव स्रोत साधन उपकरण बोलपत्र दातासित नभएको, नोटरी पब्लिकको छाप दस्तखत किर्ते भएको भएपनि प्रतिवादीसमेतबाट सो बोलपत्र स्वीकृतिको लागि सिफारिस भएको तथ्य तत्काल प्राप्त प्रमाणबाट देखिएकोले आरोपित कसुरमा प्रतिवादीहरूको संलग्नता तत्काल प्राप्त प्रमाणबाट देखिए पनि न्यूनतम अंकवालाको बोलपत्र स्वीकृत भएको साथै काम सम्पन्न भई भुक्तानीसमेत भइसकेको तथ्य मिसिलबाट स्पष्ट भइरहेको कुरालाई दृष्टिगत गर्दा हाल प्रतिवादीहरूले जनही रू.२,००,०००।– (दुई लाख) नगदै वा सो रकम खाम्ने जेथा वा बैंक ग्यारेन्टी दिनसके लिई तारेखमा राख्ने मुलुकी ऐन, २०२० को अदालती बन्दोबस्तको महलको १२१ नं. अनुसारको थुनुवा पुर्जी दिई थुनामा राख्नु भन्नेसमेतको विशेष अदालतको आदेश र सो आदेशबमोजिमको धरौट रकम दाखिला गरी प्रतिवादीहरू तारेखमा रहेको ।

मेरो कोही कसैसँग मिलेमतो छैन । सानातिना कागजात नभएको सम्बन्धमा व्यहोरा टिप्पणीसहित बोलपत्र मूल्याङ्कन गरी स्वीकृतिको लागि पेस गरेको हो । बोलपत्रको लागि आवश्यक पर्ने कागजात पूरा भएको थियो । बोलपत्र मूल्याङ्कन गर्दा सारभूतरूपमा योग्य देखिएकोले स्वीकृतिको लागि सिफारिस गरिएको हो । पेस भएका कागजातहरू किर्ते वा नक्कली भएको कुराको उजुरी, दाबी, विरोध पेस भएको थिएन । यदि उजुर परेको भए छानबिन हुने थियो । बद्नियतसाथ बोलपत्र मूल्याङ्कन गरी सिफारिस गरेको होइन । आरोपपत्रमा लगाइएका आरोपहरू पूर्णतया पूर्वाग्रही भएका छन् । तसर्थ प्रस्तुत झुट्ठा आरोपबमोजिम मलाई सजाय हुनुपर्ने होइन । आरोपबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी मनोज नकर्मीले विशेष अदालतमा गरेको बयान ।

आरोपित कसुर मैले गरेको होइन, मूल्याङ्कन समितिमा रही दस्तखतसम्म गरेको हुँ भनी आरोपित कसुरमा इन्कारी भई प्रतिवादीले अदालतमा बयान गरेपनि निजसमेत भएको मूल्याङ्कन समितिले बोलपत्र स्वीकृत गर्न सिफारिस गरेकोमा विवाद छैन । बोलपत्रसाथ पेस भएको कागजातमा भएको दस्तखतहरू शङ्कास्पद भएको ठेकेदारसँग हुनुपर्ने मानवस्रोत साधन, उपकरणको अभाव भएको स्थिति तत्काल प्राप्त प्रमाणबाट देखिएकोले प्रतिवादीको संलग्नता, पदीय अवस्थासमेतलाई दृष्टिगत गर्दा हाल प्रतिवादीबाट रू. ५००००।– (पचास हजार) नगदै वा सो रकम खाम्ने जेथा वा बैंक ग्यारेन्टी दिनसके लिई तारेखमा राखी र सो दिन नसकेमा नियमानुसार सिधा खुवाई मुलुकी ऐन,२०२० को अदालती बन्दोबस्तको महलको १२१ नं. अनुसारको थुनुवा पुर्जी दिई थुनामा राख्नु भन्नेसमेतको विशेष अदालतको आदेश र सो आदेशबमोजिमको धरौटी रकम यस अदालतमा दाखिला गरी प्रतिवादी तारेखमा रहेको ।

उक्त समयमा म प्रशासनको ना.सु. स्तरको कर्मचारी भएको तथा मैले उक्त ठेक्काहरूको बोलपत्र मूल्याङ्कन समितिमा रही कुनै पनि कार्य नगरेको, आफूभन्दा माथिल्ला सरहरूको निर्देशन मानेर विश्वासमा परी माइन्युटमा दस्तखत गरेको हुँ । बोलपत्र

मूल्याङ्कनमा मेरो कुनै पनि भूमिका नरहेको तथा म प्राविधिक तथा लेखा शाखामा काम गर्ने कर्मचारी पनि नभएकोले मैले आरोपपत्रमा उल्लेख भएबमोजिमको कुनै पनि कसुर गरेको छैन। मउपरको आरोप पूर्णतया गलत तथा काल्पनिक छ। मैले नगरेको कामको जिम्मा मउपर पनि लगाउने प्रयास भएको छ। तसर्थ मलाई कुनै सजाय हुनुपर्ने होइन, सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी लक्ष्मीप्रसाद भट्टराईले विशेष अदालतमा गरेको बयान।

बोलपत्रहरू मूल्याङ्कन गर्दा Lowest Bidder लाई सार्वजनिक खरिद ऐन, २०६३ नियमावली र दिइएको Bidding document को आधारमा मूल्याङ्कन समितिले स्वीकृतिको लागि सिफारिस गरेको हो। कागजातमा किर्ते वा नक्कली भनी कहीँ कतैबाट उजुरी परेको थिएन। साथै कागजातहरू Notary Public ले प्रमाणित गरेकोले बोलपत्रहरू मूल्याङ्कन भएको हो। म भर्खर मात्र जागिरमा प्रवेश गरेकोले ठेक्कासँग सम्बन्धित ज्ञान, अनुभव मसँग कम भएकोले मूल्याङ्कन गर्नुपर्ने सम्पूर्ण कुराहरूको ज्ञान मलाई थिएन। मभन्दा माथिल्ला सरहरूसमेत सम्मिलित समितिले गरेको काम ठीकै होला भनी दस्तखत गरेको हुँ। यसमा मेरो कुनै बद्नियत वा मिलेमतो छैन। मउपरको आरोप गलत तथा पूर्वाग्रही छ। मैले पूर्णरूपमा सफाई पाउनु पर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी मनोजकुमार यादवले विशेष अदालतमा गरेको बयान।

मेरो जिम्मेवारी तथा संलग्नता उक्त ठे.नं.१०।०६६।०६७ र ठे.नं.१२।०६६।६७ मा छैन। मलाई जिम्मेवारी तोकिएको ठे.नं.१३ र १५ को प्रतिवेदन पेस गर्ने सिलसिलामा मात्र मूल्याङ्कन समितिको बैठकमा उपस्थित भएको हुँ। तसर्थ उक्त ठे.नं.१० र १२ मा मेरो कुनै संलग्नता तथा जिम्मेवारी नभएकोले आरोपपत्रमा उल्लेख भएबमोजिमको कुनै पनि भ्रष्टाचारजन्य कसुर मैले गरेको छैन। आरोपपत्र गलत छ। तसर्थ आरोप पत्रबमोजिम मलाई सजाय हुनुपर्ने होइन, आरोपित कसुरबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी निरखबहादुर हमालले विशेष अदालतमा गरेको बयान।

बोलपत्र मूल्याङ्कन कार्य नितान्त प्राविधिक कार्य हो। बोलपत्र मूल्याङ्कनको क्रममा प्राविधिक प्रतिवेदन प्राविधिकबाटै तयार हुन्छ। म लेखाको कर्मचारी भएकोले प्राविधिक प्रस्तावमा समेत लेखाको प्रतिनिधिको हैसियतले सहीसम्म गरेको हो। मलाई प्राविधिक विषयमा जानकारी पनि छैन। प्राप्त बिल भरपाई, आदेश र निर्माणअनुसार मात्र भुक्तानीको कार्य भएको छ। नक्कली छाप दस्तखत किर्ते सम्बन्धमा हालमात्र थाहा जानकारी हुन आएकोले त्यस्तो किर्ते काम गर्ने निर्माण व्यवसायीलाई कारवाही हुनुपर्दछ। मबाट कुनै व्यक्तिगत लाभ लिने कोही कसैसँग मिलेमतो गर्ने र सरकारी सम्पत्तिको हानि नोक्सानी पुर्‍याउने कार्य भएको छैन। मउपरको आरोप दाबी सरासर झुट्टा र निराधार हो। मैले सफाई पाउनुपर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी तुलाराम तिवारीले विशेष अदालतमा गरेको बयान।

प्रतिवादीहरूले आरोपित कसुर मैले गरेको होइन, मूल्याङ्कन समितिमा रही दस्तखतसम्म गरेको हुँ भनी आरोपित कसुरमा इन्कारी भई अदालतमा बयान गरेपनि निजहरूसमेत भएको मूल्याङ्कन समितिले बोलपत्र स्वीकृत गर्न सिफारिस गरेको र प्रतिवादी लेखापाल तुलाराम तिवारीले प्राप्त सिफारिसको आधारमा रकम भुक्तानी दिएकोमा विवाद छैन। बोलपत्रको साथ पेस भएको कागजातमा भएको दस्तखतहरू शङ्कास्पद भएको ठेकेदारसँग हुनुपर्ने मानव स्रोत साधन, उपकरणको अभाव भएको स्थिति तत्काल प्राप्त प्रमाणबाट देखिएकोले र प्रतिवादीहरूको संलग्नतासमेतलाई दृष्टिगत गर्दा हाल प्रतिवादीहरूबाट जनही रू.२५०००।–(पच्चीस हजार) नगदै वा सो रकम खाम्ने जेथा वा बैंक ग्यारेन्टी दिन सके लिई

तारेखमा राखी र सो दिन नसकेमा मुलुकी ऐन, २०२० को अदालती बन्दोबस्तको महलको १२१ नं. अनुसारको थुनुवा पुर्जी दिई थुनामा राख्नु भन्ने विशेष अदालतको आदेश र सो आदेशबमोजिमको धरौट रकम अदालतमा दाखिला गरी प्रतिवादीहरू तारेखमा रहेको।

म आवद्ध कम्पनी मैनाचुली निर्माण सेवा प्रा. लि.ले उल्लिखित ३ वटै ठेक्काहरूमा बोलपत्र खरिद गर्ने, दर्ता गर्ने तथा बिल भुक्तानी लिने कुनै कार्य मैले गरेको छैन । राजविन्द्र प्रताप सापकोटा, नवराज सापकोटालाई म चिन्दिन । मैले मेरो कम्पनीको कागजातहरू उल्लिखित ठेक्काको कामको लागि दिएको छैन । कुन स्रोत वा कसरी ती कागजातहरू फेला पारे मलाई थाहा भएन । JV सम्झौता भएको होइन । मैनाचुलीका तर्फबाट कोही कसैले आधिकारिक दस्तखत गरेको छैन । मैले गर्दै नगरेको निराधार आरोपका आधारमा मलाई सजाय हुनुपर्ने होइन । प्रस्तुत मुद्दाबाट सफाई पाउनुपर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी मदनकुमार अधिकारीले विशेष अदालतमा गरेको बयान।

मैले कर्मचारीको हैसियतले राजविन्द्र प्रताप सापकोटाले लाए अह्राएअनुसारको डकुमेन्टहरू लगेर दर्ता गरिदिनेलगायतका कामहरू गरेको हुँ । मैले कुनै किर्ते नक्कली अख्तियारनामालगायतका कागजात खडा गरेको छैन । पेस्की रकम बुझेर फर्म मजदुर कन्ट्रक्सनका नाममा जम्मा गरेको हुँ । कुनै मिलेमतोबाट बद्नियतसाथ काम मबाट भएको छैन । तसर्थ मैले आरोपदाबीबाट सफाई पाउनु पर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी नवराज सापकोटाले विशेष अदालतमा गरेको बयान।

मैनाचुली निर्माण सेवा प्रा.लि. का कागजात कोही कसैलाई उपलब्ध नगराएको, बोलपत्र पेस नगरेको, पावर अफ अर्टनी नदिएको, पावर अफ अर्टनीप्राप्त व्यक्ति नवराज सापकोटा, उक्त कागज प्रमाणित गरिदिने नोटरी पब्लिक, राजविन्द्र प्रताप सापकोटासमेत कसैलाई नचिनेको, मैनाचुली निर्माण सेवा प्रा.लि.को कम्पनी प्रोफाइल नोटरी पब्लिकबाट प्रमाणित गराई राजविन्द्र प्रताप सापकोटालाई उपलब्ध नगराएको, ठेक्कासम्बन्धी सूचना राजधानी र नयाँ पत्रिकामा प्रकाशित भएपनि ठेक्कामा आफ्नो संलग्नता र सहभागिता नभएकोले तत्सम्बन्धमा जानकारी लिने अवस्था नै नभएको, रकम भुक्तानी पनि नलिएको भनी प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारी र अदालतमा आरोपित कसुरमा इन्कार रही बयान गरेका छन् । आरोपित कसुरमा यी प्रतिवादीहरूको संलग्नता रहेको देखिने तथ्ययुक्त प्रमाण मिसिल संलग्न रहेको नदेखिएकोले बुझ्दै जाँदा प्रमाणबाट ठहरेबमोजिम हुने गरी हाललाई विशेष अदालत ऐन, २०५९ को दफा ७(ग) अनुसार प्रतिवादी नवराज सापकोटा र मदनकुमार अधिकारीलाई साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने विशेष अदालतको आदेश र सो आदेशबमोजिम प्रतिवादीहरू तारेखमा रहेका।

वादी नेपाल सरकारतर्फका साक्षी किरण शाह ठकुरी र ठेकेन्द्रराज जोशी तथा प्रतिवादी मनोजकुमार यादवका साक्षी विकाशकुमार यादव, प्रतिवादी मदनकुमार अधिकारीका साक्षी पिताम्बर बडु, प्रतिवादी निरखबहादुर हमालका साक्षी सुनिता शाह, प्रतिवादी तुलाराम तिवारीका साक्षी हरिप्रसाद शर्मा तथा प्रतिवादी राजविन्द्रप्रताप सापकोटाका साक्षी गोरे तामाङले बकपत्र गरेको मिसिल संलग्न रहेको।

ठेक्का नं. १० र १२ को बोलपत्रको मूल्याङ्कन गर्दा ठेकेदार भनिएका राजविन्द्र प्रताप सापकोटासमेतसँग मिलेमतो गरी अनधिकृत व्यक्तिलाई पेस्की दिई आरोपित कसुर गरेको भन्ने दाबी लिएको पाइन्छ । मानव स्रोततर्फ इन्जिनियरहरू नेपाल इन्जिनियरिङ काउन्सिलको प्रमाणपत्र पेस भएको र मेकानिकल इन्जिनियरबाट प्रमाणित गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद ऐन र नियम लागू भएपछि

हटिसकेकोले तीन वर्षको टर्नओभरको कागजात पेस भएको, लिजमा लिएको ट्रकको लिज अवधि थप हुन सक्नेसमेतका आधारमा सारभूतरूपमा योग्य भएको भनी सबभन्दा कम ठेक अंकको बोलपत्रलाई सिफारिस गरेको देखिन्छ । पेस भएका कागजात र नोटरी पब्लिकका छाप दस्तखतसमेत किर्ते र नक्कली हुन् भन्ने कुराको जानकारी बोलपत्र मूल्याङ्कन एवं स्वीकृतकर्तालाई तत्कालै हुने अवस्था देखिँदैन । भुक्तानीका हकका अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट परफरमेन्स बन्डा रोक्का राख्न बैंकलाई लेखेको देखिन्छ । निर्माण सम्पन्न भएको कामको मात्र नाप जाँच गरी भुक्तानी दिएको जिकिर प्रतिवादी विष्णुप्रसादले लिएको देखिन्छ । यसरी काम नै नभई भुक्तानी गरेको वा गुणस्तरहीन काम गराई रकम दिएको नदेखिँदा नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी र प्रतिवादीहरूले गैरकानूनी लाभ लिएको भन्ने देखिन आएन । ठेक्का नं. ४/२६ पुष्पलाल लोकमार्गको हकमा विचार गर्दा E-Bid मार्फत बोलपत्र पेस भएको र बोलपत्र स्वीकृत गर्ने आशय पत्र राजधानी दैनिकमा प्रकाशित भएपछि कसैको उजुरीसमेत नपरेकोले ठेक्काबमोजिमको काम नै नभएको वा गुणस्तरहीन काम भएको भन्ने दाबी आरोपपत्रमा लिएको देखिँदैन । यसबाट प्रतिवादीहरूको लापरवाही वा बद्नियतले नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी पुर्‍याएको र प्रतिवादीलाई लाभ पुगेको देखिएन । काम सन्तोषजनक भएको हुँदा आफ्नो अधिकार प्रयोग गरी प्रतिवादी आयोजना प्रमुखले थप गरेको म्याद बद्नियतपूर्वक रहेछ भनी मान्न मिलेन । प्रतिवादी राजविन्द्र प्रताप सापकोटाको हकमा निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अन्तर्गतको कसुर गरेको दाबी रहेको पाइन्छ । यी प्रतिवादीले सरकारी निकाय वा सार्वजनिक संस्थामा रहेको कागजमा उक्त दफा ११ मा उल्लेख भएबमोजिमको काम गरेको नभई छुट्टै किर्ते कागजहरू खडा गरेको देखिएकाले उक्त दफा ११ निजका हकमा आकर्षित हुने देखिएन । उपर्युक्त आधार र कारणसमेतबाट प्रतिवादी विष्णुप्रसाद शर्मा, मनोज नकर्मी, तुलाराम तिवारी, लक्ष्मीप्रसाद भट्टराई, निरखबहादुर हमाल, मनोजकुमार यादव, दिनेशप्रकाश बस्नेत, कृष्णप्रसाद भण्डारी, प्रकाशभक्त उपाध्याय, भानु जोशी, केशरबहादुर साउद, राजविन्द्र प्रताप सापकोटा, रणधीर तुम्बा, मदनकुमार अधिकारी, लाक्पा शेर्पा र नवराज सापकोटासमेतले आफूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानि पुर्‍याउने कार्य गरेको वा नेपाल सरकारको सम्पत्तिको लापरवाही वा बद्नियत गरी हिनामिना हानि नोक्सानी वा दुरूपयोग गरेको भन्ने नदेखिएकोले आरोपित कसुर गरेको ठहराउन न्यायसङ्गत नभएकोले वादी नेपाल सरकारको दाबी पुग्न सक्दैन । प्रतिवादीहरूले आरोपित अभियोग दाबीबाट सफाई पाउने ठहर्छ भन्ने विशेष अदालत, काठमाडौंको मिति २०६९।९।२० को फैसला ।

विशेष अदालत, काठमाडौंको उक्त फैसलामा चित्त बुझेन बोलपत्रदाताले बोलपत्रसाथ पेस गरेको लिखतहरू नक्कली तयार गरी पेस गरेको, कागजातको छायाँप्रति प्रमाणित गर्न प्रयोग गरेको नोटरी पब्लिकको छाप र दस्तखत नक्कली गरेको, JV को छाप नक्कली भएको, Power of Attorney को छाप र दस्तखत नक्कली लगाएको, बैंकमा खाता खोल्न पेस गरेको कागजात किर्ते गरेको भन्ने कुरा प्रतिवादीहरूले आयोगमा गरेको बयान र विधि विज्ञान प्रयोगशालाबाट भएको परीक्षणबाट पुष्टि भएको छ । तर, सो कुराको जानकारी बोलपत्र मूल्याङ्कनकर्ता एवं स्वीकृतकर्तालाई हुने अवस्था नदेखिएको भनी मनोगतरूपमा फैसला गरिएको छ । बोलपत्र स्वीकृत गर्ने आशयपत्र राजधानी दैनिकमा प्रकाशित भए तापनि कसैको उजुरी नपरेको भन्ने सम्बन्धमा बोलपत्र पेस गर्दा के कस्ता कागजातहरू पेस गरिएका छन् । नोटरी

पब्लिकको छाप र दस्तखत किर्ते गरेको हो, होइन, JV को छाप नक्कली हो, होइन, बैंक खाता खोल्न पेस गरेको कागजात किर्ते हुन्, होइनन् भन्ने कुरा आम जनतालाई थाहा जानकारी हुने कुरा होइन। सो कुरा त सम्बन्धित बोलपत्र दाता, मूल्याङ्कनकर्ता र स्वीकृतकर्तालाई मात्र थाहा जानकारी हुने कुरा हो। विशेष अदालतले मिसिल संलग्न प्रमाणहरूको समुचित मूल्याङ्कन नगरी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाई दिने ठहर्‍याएको त्रुटिपूर्ण फैसला उल्टी गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीका तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीले बोलपत्रसाथ पेस भएका लिखतहरू नक्कली रहेको, प्रेषित कागजातका प्रतिलिपिहरू प्रमाणित गरेको भनिएका नोटरी पब्लिकको छाप र दस्तखतसमेत किर्ते भएको, बैंकमा खाता खोल्न नक्कली कागजात तयार गरी पेस गरेको तथ्य प्रतिवादीहरूले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा गरेको बयानमा स्वीकृत गरेका छन्। यस्तो अवस्थामा विशेष अदालतले मिसिलसंलग्न प्रमाणहरूको समुचित मूल्याङ्कन नगरी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाई दिने ठहर्‍याएको त्रुटिपूर्ण फैसला उल्टी गर्न प्रत्यर्थी झिकाई पाउँ भनी बहस गर्नुभयो।

विद्वान् उपन्यायाधिवक्ताको उपर्युक्तबमोजिमको बहस सुनी विशेष अदालत, काठमाडौंको फैसला मिलेको छ, छैन पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन सो सम्बन्धमा निर्माण गर्नुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा बोलपत्रसाथ प्रेषित लिखतहरू नोटरी पब्लिकबाट प्रमाणित भएका छाप, दस्तखत, JV को छाप, Power of Attorney को छाप दस्तखत तथा बैंकमा खाता खोल्न पेस गरेको कागजातहरू नक्कली किर्ते भएको पुष्टि भएको अवस्थामा प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाई दिने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको त्रुटिपूर्ण फैसला उल्टी गरी प्रतिवादीहरूलाई दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादीको पुनरावेदन जिकिर रहेको देखियो।

३. सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, सुर्खेतअन्तर्गत जाजरकोट जिल्लाको सिमाराक्मा प्रसुति भवन निर्माणको लागि ठेक्का नं. १०।०६६।०६७, सुर्खेतको गुटु हेल्थ पोष्ट भवन निर्माणका लागि ठेक्का नं. १२।०६६।०६७ र पुष्पलाल (मध्य पहाडी) लोकमार्ग योजनाअन्तर्गत चेनेज ७७-२४० देखि ८२-५९० सम्म जाजरकोट र दैलेख जिल्लाको दसेरा-बास्ताडा खण्डको सडक निर्माणको लागि ठेक्का नं. MHH/HWS/४-२६/२०६६/०६७ ठेक्कामा प्रतिवादीहरूले मिलेमतोमा किर्ते कागजात पेस गरेको, आवश्यक कागजातको अभावमा मूल्याङ्कन कर्ताबाट मूल्याङ्कन गराई बोलपत्र स्वीकृत गर्न र भुक्तानी दिनेसमेतको कार्यबाट नेपाल सरकारलाई गैरकानूनीरूपमा हानि नोक्सानी र प्रतिवादीहरूलाई गैरकानूनीरूपमा लाभ हुने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(झ) ८,११ र १७ परिभाषित कसुर गरेकोले निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) (झ) ८, १७ र २२ अनुसार सजाय गरिपाउँ भन्ने प्रतिवादीहरूउपरको अभियोग मागदाबी रहेको देखियो। प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारी र अदालतमा समेत सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली तथा दिइएको स्वीकृत Biding document को आधारमा बोलपत्रहरूको मूल्याङ्कन गरिएको हो। बोलपत्र मूल्याङ्कन गर्दा सर्वप्रथम बोलपत्रहरूको सम्पूर्णता परीक्षण गरियो। बोलपत्र

पेस गर्ने निर्माण व्यवसायी योग्य भए, नभएको हेरियो, सबैभन्दा कम अंक कबोल गर्ने ठेकेदारको Turn over, experience, Man power, काम गर्ने क्षमता, Equipment हरू Detail रूपमा हेरियो । यसरी बोलपत्र मूल्याङ्कन गरिसकेपछि सम्झौतापूर्व दाबी विरोधको लागि राजधानी दैनिकमा आशयपत्र प्रकाशित गरियो । सोउपर कसैको दाबी विरोध नपरेकोले न्यूनतम मूल्याङ्कितलाई बोलपत्र स्वीकृतिको लागि सिफारिस गरिएको हो । Bid document को Clause अनुसार ठेकेदारले पेस गरेको कागजहरूको सम्बन्धमा निज स्वयम् नै जिम्मेवार रहने प्रावधान छ । कागजपत्रहरूमा नोटरी पब्लिकले प्रमाणित गरेको हुनाले कागजातउपर शङ्का गर्ने ठाउँ भएन । सहिछाप सम्बन्धमा कस्को कस्तो सहिछाप हुन्छ भन्ने कुरा नमूना राखेर भिडाउने चलन तथा ऐनमा समेत व्यवस्था नभएको हुँदा उक्त दस्तखत तथा छापहरू सक्कली वा नक्कली के हुन् भन्ने सम्बन्धमा शङ्का भएन । मिलोमतोको आरोप गलत छ । पूर्वाग्रही भई आरोप पेस भएको छ । तसर्थ आरोपित कसुरबाट पूर्णरूपमा सफाई पाउनु पर्दछ भन्नेसमेतको बयान गरेको देखियो ।

४. प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदाफा १ को खण्ड (झ) ऐ. ऐनको दफा ८, ११ र १७ को परिभाषाभित्रको भ्रष्टाचारजन्य कसुर गरेकोले सजाय गरिपाउँ भन्ने अभियोग दाबी रहेको देखिँदा उक्त कानूनी व्यवस्थातर्फ दृष्टि दिनु प्रासङ्गिक देखियो ।

५. भ्रष्टाचार निवारण ऐन, २०५९ को ३(१) मा रिसवत् लिने दिनेलाई सजायको व्यवस्था भएको देखिन्छ । दफा ३ हेर्दा "राष्ट्रसेवक वा राष्ट्रसेवक हुन लागेको कुनै व्यक्तिले आफ्नो ओहदा वा सोसम्बन्धी कुनै काम गर्न वा गरिदिएबापत वा नगर्न वा नगरिदिएबापत वा आफ्नो ओहोदा वा सोसम्बन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलाहिजा वा अनिष्ट गर्न वा गराइदिएबापत वा नगर्न वा नगराइदिएबापत आफ्नो वा अरू कसैको निमित्त रिसवत् लिएमा वा लिन मन्जुर गरेमा देहायबमोजिमको रिसवत् लिनेलाई वा लिन मन्जुर गर्नेलाई कसुरको मात्राअनुसार देहायबमोजिम कैद र बिगोबमोजिम जरिवाना हुनेछ" भन्ने र दफा ३(१) (झ) मा एक करोड रूपैयाँभन्दा बढी जतिसुकै भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद हुने व्यवस्था भएको देखिन्छ ।

६. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ मा गैरकानूनी लाभ वा हानि पुर्‍याउने बद्नियतले काम गर्नेलाई सजायको व्यवस्था गरेको देखिन्छ । दफा ८(१) मा "कुनै राष्ट्र सेवकले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुर्‍याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुर्‍याउने बद्नियतले कुनै काम गरेमा कसुरको मात्राअनुसार कैद र बिगोबमोजिम जरिवाना हुनेछ" भन्ने व्यवस्था भएको देखिन्छ ।

७. उक्त ऐनको दफा ११ हेर्दा "सरकारी निकाय वा सार्वजनिक संस्थाको कागजातमा अनाधिकार वा गैरकानूनी तरिकाले सच्चाउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गर्ने राष्ट्रसेवक वा अन्य व्यक्तिलाई कसुरको मात्राअनुसार ३ महिनादेखि २ वर्ष कैद र रू.५०,०००।- सम्म जरिवाना हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । दफा १७ हेर्दा "कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सोसम्बन्धी कर्तव्य पालना गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही वा बद्नियत गरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्राअनुसार सजाय हुने" व्यवस्था गरेको पाइन्छ ।

८. ठेक्का नं. १०/०६६।०६७ का सन्दर्भमा विचार गर्दा सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, सुर्खेतअन्तर्गत जाजरकोट जिल्लाको "सिमाराक्मा प्रसुती भवन निर्माण गर्न मूल्य अभिवृद्धि करबाहेक रू. ५४,६०,८६८।६९ को

लगत अनुमान स्वीकृत गरी मिति २०६६।१२।२० मा राजधानी दैनिकमा बोलपत्र आह्वान गरेको देखिन्छ । सो सूचनाअनुसारको म्यादभित्र मैनाचुली / सुरूची जे.भी. र लुम्बिनी विल्डर्स प्रदीप कन्ट्रक्सन जेभीको मात्र बोलपत्र दर्ता भएको देखिएको छ। प्रस्तुती भवन निर्माणका लागि रू.५४,६०,८६८।६९ लगत इष्टिमेट भएकोमा मैनाचुली जे.भी. ले मूल्य अभिवृद्धि करबाहेक बोल रकम रू.५४,३६,६१२।२० र लुम्बिनी विल्डर्स प्रदीप कन्ट्रक्सनले रू.६५,५२,०६१।०२ को रकम कबोल गरेको देखिन्छ।

९. ठेकेदारले कबोल गरेको रकमको तुलना गर्दा मैनाचुली / सुरूची जे.भी. ले सरकारी लगत इष्टिमेटको तुलनामा ०.४४ प्रतिशत घटी र लुम्बिनी विल्डर्स प्रदीप जे.भी. ले १९.५८ प्रतिशत बढी कबोल गरेको देखिन्छ । यसरी दुईवटा बोलपत्र दाताको बोलपत्रमध्ये सबैभन्दा कम रकमको बोल मैनाचुली / सुरूची जे.भी. को देखिएकोले सो बोलपत्र स्वीकृत गरी ठेक्का दिएको देखिन्छ।

१०. त्यसैगरी ठेक्का नं. १२/ ०६६।०६७ सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, सुर्खेतअन्तर्गतको गुटु हेल्थपोष्ट भवन निर्माणको लागि मूल्य अभिवृद्धि करबाहेक रू.१,४४,४८,६७५।०४ को लगत अनुमान स्वीकृत भई राजधानी दैनिकमा मिति २०६६।१२।२० मा बोलपत्र आह्वान भएको देखिन्छ। तोकिएको म्यादभित्र मैनाचुली / सुरूची जे.भी. को एकमात्र बोलपत्र दर्ता भई उक्त बोलपत्र दाताले मूल्य अभिवृद्धि करबाहेक रू. १,४४,२२,००२।१४ कबोल गरेको देखियो। उक्त रकम लगत इष्टिमेटका आधारमा ०.१८ प्रतिशत घटी भएको देखिएको र प्राविधिक पक्षसमेत सारभूतरूपमा योग्य भएको भनी उक्त मैनाचुली / सुरूची जे.भी. को बोलपत्र मिति २०६७।३।१ मा स्वीकृत भएको देखिन्छ।

११. त्यसैगरी ठेक्का नं. MHH/HWS/४-२६/२०६६/०६७ को पुष्पलाल (मध्य पहाडी) लोक मार्ग योजनाअन्तर्गत जाजरकोट दैलेख जिल्लाको दसेरा वास्ताडा (Dasera-Bastada) खण्डको सडक निर्माण खण्डको ७७-२४-८२-५९० को सडक निर्माण गर्न मूल्य अभिवृद्धि करबाहेक रू.१,९५,८४,२६५।२७ अनुमानित लागत स्वीकृत गरी आह्वान गरिएको सूचनाअनुसार मैनाचुली / सुरूची / मजदुर जे.भी. ले रू.८३,८०,७०७।६० कबोल गरी लगत इष्टिमेटभन्दा ५७.२१ प्रतिशत घटी बोल कबोल गरेको देखिँदा मिति २०६७।३।१० मा सो बोलपत्र स्वीकृत गरेको मिसिलबाट देखिन्छ।

१२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ मा बोलपत्र आह्वानको व्यवस्था गरिएको छ । दफा १४ हेर्दा बोलपत्र पूर्वयोग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचना राष्ट्रिय स्तरको दैनिक समाचार पत्रमा प्रकाशन गर्नुपर्ने कानूनी व्यवस्था भएको देखिन्छ । त्यसैगरी बोलपत्र आह्वान भएपछि परेका बोलपत्रहरूमध्ये सबैभन्दा न्यून बोल कबोल गरेको बोलपत्रलाई दफा २५ बमोजिम मूल्याङ्कन गरी तोकिएको सर्तहरू पूरा भएको देखिए, त्यस्तो न्यूनतम कबोल भएको बोलपत्रलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम बोलपत्र स्वीकृति गर्नुपर्ने कानूनी प्रावधानहरू रहेको देखियो।

१३. ठेक्का नं. १० र १२ का सम्बन्धमा विचार गर्दा ठेकेदार भनिएको प्रतिवादी राजविन्द्र प्रताप सापकोटासमेतसँग मिलेमतो गरी नक्कली र काल्पनिक कागजातहरू तयार गरी जे.भी. को सम्झौता अख्तियारनामा कम्पनी प्रोफाइल र सोमा भएको दस्तखत छापलगायतका कागजातहरू अध्ययन नै नगरी ठेकेदारसँग हुनुपर्ने मानव स्रोत साधन, औजार, मेसिन, ढुवानी साधन आवश्यक मात्रामा नभएपनि Substantially Responsive भनी लेखी सिफारिस स्वीकृत गरेका छन्। अनाधिकृत व्यक्तिलाई पेस्कीमाथि पेस्कीसमेत दिएका छन् भन्ने दाबी रहेको छ। मानव

स्रोत साधन आवश्यक मात्रामा नभएको भन्ने सम्बन्धमा इन्जिनियरहरूको नेपाल इन्जिनियरिङ काउन्सिलको प्रमाण पत्र पेस गरेको र मेकानिकल इन्जिनियरबाट सवारी साधन र उपकरणहरू प्रमाणित गर्नुपर्ने भन्ने कानूनी प्रावधान हाल वहाल रहेको सार्वजनिक खरिद ऐन, २०६३ र नियमावलीले व्यवस्था गरेको देखिँदैन । लिजमा लिएका ट्रकलगायतका सवारी साधनको म्याद समाप्त भए पुनः थप हुनसक्ने अवस्था देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ अनुसार गठित बोलपत्र मूल्याङ्कन सीमितले आवश्यक छानबिन र मूल्याङ्कन गरेको र सो समितिले अयोग्य नठहराई स्वीकृतिका लागि सिफारिस गरेको मिसिलबाट देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सबैभन्दा कम अंक कबोल गरेको बोलपत्रदातालाई सिफारिस गरिएको देखिँदा प्रतिवादीहरूले दाबीअनुसारको मिलेमतो गरेको भन्ने देखिएन ।

१४. मैनाचुली / सुरूची जे.भी.का प्रो. रामप्रसाद मैनाली र रणविर तुम्बाले नवराज सापकोटालाई दिएको भनिएको Power of Attorney नोटरी पब्लिकको छाप दस्तखतसमेत किर्ते नक्कली हुन् भन्ने दाबीका सम्बन्धमा हेर्दा उक्त लिखतहरू बोलपत्रसाथ पेस हुने कागजातहरू हुन् । मैनाचुली/ सुरूची जे.भी.का पदाधिकारीले के कस्तो सहिछाप गर्छन् र प्रेषित कागजातमा भएको सहिछाप आधिकारिक व्यक्तिको हो होइन ? निजहरूको सहिछापसँग मिल्छ मिल्दैन वा भिड्छ भिड्दैन भनी कसैको उजुरी नै नपरी बोलपत्रका साथ प्रेषित कागजातहरू मूल्याङ्कन एवं स्वीकृतकर्ताले शङ्का गर्ने अवस्था रहँदैन । साथै सबै प्रेषित कागजातहरू नक्कली वा किर्ते हुन् भनी छानबिन गर्नुपर्ने कानूनी व्यवस्था रहे भएको देखिँदैन । प्रेषित कागजातहरू नक्कली हुन् भन्ने तथ्य बोलपत्र मूल्याङ्कन एवं स्वीकृतकर्तालाई तत्कालै थाहा जानकारी हुने अवस्थासमेत रहन सक्दैन । भुक्तानीका हकमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले परफरमेन्स वण्ड रोक्का राख्न बैंकलाई पत्र लेखेको देखिन्छ । निर्माण सम्पन्न भएको कामको मात्र नापजाँच गरी भुक्तानी दिनुपर्ने जति रकम भुक्तानी दिएको भन्ने तथ्य प्रतिवादी विष्णुप्रसाद शेर्पाको बयानबाट देखिन्छ । निर्माण सम्पन्न नगराई रकम भुक्तानी दिएको भन्ने अभियोग दाबी रहेको देखिँदैन । यसरी निर्माण कार्य सम्पन्न नै नभई रकम भुक्तानी गरेको तथा गुणस्तरहीन काम गराई रकम दिएको भन्ने मिसिल प्रमाणबाट नदेखिँदा नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी क्षति र प्रतिवादीहरूले गैरकानूनी लाभ लिएको भन्ने देखिन आएन ।

१५. पुष्पलाल (मध्यपहाडी) लोकमार्ग योजनाको हकमा विचार गर्दा इ-विडिङद्वारा बोलपत्र पेस गर्ने व्यवस्था भएअनुरूप बोलपत्रसाथ पेस भएका कागजातहरू फर्मको छापको स्पेलिङ अशुद्ध भएको, नोटरी पब्लिकको छाप दस्तखत किर्ते भएको भन्नेसमेतको दाबी वादी पक्षले लिएको देखिन्छ । E-Bid द्वारा पेस भएको कागजातहरू र बोलपत्र सार्वजनिक खरिद ऐनअनुसार गठित बोलपत्र मूल्याङ्कन समितिले आवश्यक मूल्याङ्कन गरी उपयुक्त ठहर्‍याएको बोलपत्र स्वीकृतिका लागि पेस गरेको देखिन्छ । सो मूल्याङ्कन समितिले प्रेषित कागजातहरूमा लागेको छाप तथा दस्तखत किर्ते जालसाज हुन् भनी ठहर गरेको देखिँदैन । उक्त मूल्याङ्कन समितिले मूल्याङ्कन गरी आवश्यक कागजातहरू पूरा भएको देखी सिफारिस गरेको बोलपत्रलाई अधिकारप्राप्त अधिकारीले स्वीकृत गर्ने आशयपत्र राजधानी दैनिकमा प्रकाशित भएकोमा कसैको उजुरीसमेत नपरी ठेक्का स्वीकृत भएको मिसिलबाट देखिन्छ । ठेक्काबमोजिमको काम नै नभएको वा गुणस्तरहीन काम भएको भन्ने अभियोग पत्रमा दाबी लिएको छैन । ठेक्काअनुरूपको कार्य सम्पन्न भइसकेको भन्ने मिसिलबाट

देखिन्छ । यसरी प्रतिवादीहरूको लापरवाही वा बद्नियतले नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी र प्रतिवादीहरूलाई गैरकानूनी लाभ पुगेको भन्ने देखिएन।

१६. अब प्रतिवादीहरू राजविन्द्र प्रताप सापकोटा, रणविर तुम्बा, मदनकुमार अधिकारी, लाक्पा शेर्पा, नवराज सापकोटासमेतका हकमा विचार गर्दा निजहरूले सकार गरेको ठेक्काको निर्माण कार्य सम्पन्न भएको कामको मात्र रकम भुक्तानी लिएको देखिएको र सोभन्दा बढी भुक्तानी लिएको देखिँदैन । निजहरूबाट गुणस्तरहीन कार्य भएको भन्ने दाबी वादी नेपाल सरकारले लिन सकेको देखिँदैन। यसबाट यी प्रतिवादीहरूको कार्यबाट नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी क्षति पुगेको र प्रतिवादीहरूलाई गैरकानूनी लाभ भएको भन्ने देखिँदैन। प्रतिवादी राजविन्द्र प्रताप सापकोटाबाहेकका अन्य प्रतिवादीहरूउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ र १७ अनुसारको दाबी लिएको देखिन्छ। उक्त ऐनको दफाले राष्ट्रसेवकले सार्वजनिक सम्पत्ति लापरवाही वा बद्नियत गरी हानि नोक्सानी गरेको अवस्थामा आकर्षित हुने देखिन्छ। तर प्रतिवादीहरूको उक्त कार्यबाट सार्वजनिक संस्थालाई गैरकानूनी हानि नोक्सानी र प्रतिवादीहरूले गैरकानूनी लाभ प्राप्त गरेको नदेखिँदा प्रतिवादीहरूले उक्त दफामा उल्लेख भएअनुसारको कसुर गरेको देखिएन।

१७. प्रतिवादी राजविन्द्र प्रताप सापकोटाको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को समेत दाबी लिएको देखियो। उक्त दफा ११ हेर्दा सरकारी निकाय वा सार्वजनिक संस्थाको कागजातमा अनाधिकार वा गैरकानूनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गर्नेलाई सजाय हुने व्यवस्था गरेको देखिन्छ। कुनै पनि व्यक्तिले सरकारी निकाय वा सार्वजनिक संस्थामा रहेको कागजातमा गैरकानूनीरूपमा सच्याउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गरी किर्ते गरेको अवस्थामा मात्र दफा ११ बमोजिमको उपर्युक्त कानूनी व्यवस्था आकर्षित हुने हो। यी प्रतिवादी राजविन्द्र प्रताप सापकोटाले सरकारी निकाय वा सार्वजनिक संस्थामा रहेको कागजातमा उक्त दफा ११ मा उल्लेख भएबमोजिमको काम गरेको नभई छुट्टै किर्ते कागजातहरू तयार गरेको देखिएकोले उक्त दफा ११ यी प्रतिवादीका हकमा आकर्षित हुने देखिएन।

१८. अतः माथि विवेचित आधार र कारणसमेतबाट प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाई दिने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०६९।९।२० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरीबाट प्रस्तुत मुद्दाको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.दीपकराज जोशी

इजलास अधिकृत : प्रेमप्रसाद न्यौपाने
इति संवत् २०७२ साल फागुन १८ गते रोज ३ शुभम्।

## निर्णय नं. ९६५४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
फैसला मिति : २०७२।१०।१०
०६९-CR-०६६४

मुद्दाः सेवा प्रवेशका लागि झुट्टा शिक्षक अनुमतिपत्र पेस गरी भ्रष्टाचार गरेको

पुनरावेदक / प्रतिवादी : सर्लाही जिल्ला कविलासी गा.वि.स. वडा नं.१ स्थायी ठेगाना भई श्री जनता मा.वि., अगर्वामा प्रा.वि. तृतीय तहमा कार्यरत संजीवकुमार राय

विरूद्ध

विपक्षी / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत महेश थापाको प्रतिवेदनले नेपाल सरकार

- **झुट्टा योग्यता, झुट्टा प्रमाणपत्र पेस गरी लाभ लिने कुरा भ्रष्टाचार निवारण ऐनअन्तर्गतका कसुर भई भ्रष्टाचार निवारण ऐनअनुसार कारवाही हुने विषय हुन् । निवेदकको नियुक्तिको वैद्यतामा कुनै व्यक्ति विशेषले नालेस गर्नु र नक्कली व्यहोराको लिखत पेस गरी लाभ प्राप्त गर्‍यो भन्ने विषय, यसमा मुद्दा चलाउनु पर्ने अधिकारी वा व्यक्ति र मुद्दाको कारवाहीको प्रक्रिया नै छुट्टाछुट्टै हुन्छ । नियुक्ति दिने क्रममा अख्तियारप्राप्त निकायले प्रचलित कानूनले तोकेको प्रक्रिया नपुर्‍याई गैरकानूनीरूपमा नियुक्त गरेमा नियुक्ति कानूनबमोजिम छ, छैन भनी रिट निवेदनको रोहमा यस अदालतले जाँच्ने हेर्ने गर्दछ । यस्ता नियुक्ति प्रक्रियाका बारेमा परेको निवेदनले कानूनले भष्ट्राचारको कसुर हुने भनी निर्धारण गरेका झुट्टा प्रमाणपत्रको अनुसन्धान गर्ने विषयलाई प्रभाव पार्न सक्दैन । आफूले हासिल गरेको शिक्षण अध्यापन अनुमतिपत्र आधिकारिक निकायबाट जारी भएको सद्दे साँचो हो भनी प्रमाणित गर्ने दायित्व सरकारी सेवामा लाभ लिने उद्देश्यले पेस गर्ने व्यक्तिमा नै निहित हुन्छ । प्रमाणको परीक्षण गरी सद्दे वा झुट्टा के हो भनी निर्णय गर्ने विषय रिट निवेदनबाट उपचार प्रदान गर्ने विषयवस्तु हुन सक्दैन । झुट्टा प्रमाणपत्रको विषय राज्य र समाजलाई असर पार्ने गम्भिर प्रकृतिको सरकारवादी अपराध हुने हुँदा शिक्षक छनौट सम्बन्धमा अनियमितता भयो भनी पहिले निवेदन दर्ता गरेको विषयले झुट्टा अध्यापन अनुमतिपत्र पेस गरी लाभ लिएको सम्बन्धमा अनुसन्धान गरी कानूनबमोजिम मुद्दा चलाउने अधिकारलाई असर पार्छ भनी अर्थ गर्न न्यायोचित नहुने हुँदा दोहोरो मुद्दा चलाइयो भन्ने प्रतिवादीको पुनरावेदन जिकिर उचित रहेको नदेखिने ।**

(प्रकरण नं. ३)

- **भ्रष्टाचारको कसुरमा जुनसुकै व्यक्ति वा निकायलाई सूचना उजुरी दिने अधिकार कानूनले प्रदान गरेको अवस्थामा नक्कली अध्यापन अनुमतिपत्रको आशङ्कामा अनुसन्धान गर्न राष्ट्रिय सतर्कता केन्द्रले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई पत्राचार गरेसम्मको कार्यलाई**

**अनुसन्धान गरी कारवाही चलाएको संज्ञा दिन नमिल्ने हुँदा गैरकानूनी निकायले अनुसन्धान गरेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर उपयुक्त नदेखिने।**

(प्रकरण नं. ४)

- **कानूनले आफूले हासिल नगरेको योग्यता हासिल गरे भनी कसैले गलत झुट्टा प्रमाणपत्र पेस गरी लाभको पद हासिल गर्छ भने त्यो भ्रष्टाचारको कसुर हुने भनी सजायसमेतको व्यवस्था गरेको देखिन्छ। कसैले झुट्टा अध्यापन अनुमतिपत्र पेस गरी लाभ हासिल गरिसकेपछि आफूबाट भएको गलत कार्य सार्वजनिक भएको कारणले सजायबाट बच्ने उद्देश्यले पहिला लाभ लिइसकेको पदलाई परित्याग गर्दैमा उसले पहिले गरेको गैरकानूनी कार्यको कसुरबाट उन्मुक्ति पाउन सक्दैन। झुट्टा अध्यापन अनुमतिपत्रका आधारमा नियुक्ति लिई लाभसमेत प्राप्त गरी कसुरबाट उम्कने उद्देश्यले पछि राजीनामा गरे पनि पहिले गरेको कसुरको दायित्व रही नै रहने हुँदा राजीनामा गरेकै आधारमा कसुरबाट उन्मुक्ति पाउनुपर्छ भन्ने पुनरावेदन जिकिरसमेत न्यायोचित रहेको नपाइने।**

(प्रकरण नं. ५)

पुनरावेदक का तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता हरिहर दाहाल तथा विद्वान् अधिवक्ता महादेव पण्डित

विपक्षीको तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- भ्रष्टाचार निवारण ऐन, २०५९

सुरू तहमा फैसला गर्ने:

अ.मा.न्या. श्री गौरीबहादुर कार्की
स.मा.न्या. श्री ओमप्रकाश मिश्र
स.मा.न्या. श्री केदारप्रसाद चालिसे
विशेष अदालत, काठमाडौं

फैसला

**न्या. बैद्यनाथ उपाध्याय :** विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम विशेष अदालत, काठमाडौंको मिति २०६९।८।१३ को फैसलाउपर प्रतिवादी संजीवकुमार रायका तर्फबाट पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः-

संजीवकुमार रायसमेतले नक्कली अध्यापन अनुमतिपत्र बनाई जनता मा.वि., अगर्वा, सर्लाहीमा नि.मा.वि. शिक्षक तृतीय पदमा नियुक्त भई कार्य गरेको सम्बन्धमा कारवाही गरिपाउँ भन्ने उजुरी राष्ट्रिय सतर्कता केन्द्रमार्फत अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा प्राप्त भई मिसिल संलग्न रहेको।

श्री जनता मा.वि., अगर्वा सर्लाहीका शिक्षक संजीवकुमार रायको अध्यापन अनुमतिपत्र ठीक हुन् होइनन् भन्ने सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रले प्रारम्भिक अनुसन्धानका लागि शिक्षक सेवा आयोगमा प्रमाणीकरणको लागि पठाउँदा यस आयोगको अभिलेखमा उल्लेख नभएको भनी च.नं.४९० मिति २०६८।५।८ को पत्रबाट जानकारी प्राप्त भई राष्ट्रिय सतर्कता केन्द्रको प.सं. ४/०६८/६९ च.नं. १४० मिति २०६८।०७।०७ को पत्रसाथ अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाई मिसिल संलग्न रहेको।

मैले मिति २०६६।७।२७ मा श्री जनता मा.वि., अगर्वाको नि.मा.वि. तृतीय तहको शिक्षक पदमा प्रवेश गरी २०६७।६।२७ राजीनामा दिई पुनः सोही विद्यालयमा सोही पदमा कार्यरत छु, मैले एस.एल. सी. सम्म नेपालबाट पास गरेको हुँ र राजीनामा

दिनुको कारण अध्ययन गर्ने इच्छाले हो, मैले धनुषा जिल्लाबाट २०६४ सालमा निम्न माध्यामिक तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको थिएँ। सक्कल हराएकोले पेस गर्न सकिन। देखाएको कागज शैक्षिक योग्यताका प्रमाणपत्र हेरेँ। मैले नै उक्त विद्यालयमा सेवा प्रवेशमा पेस गरेको हुँदा सनाखत गरी दिए, पछि अर्को अध्यापन अनुमतिपत्र आइ.एड. पास गरेर लिएको हो। पहिलेको अध्यापन अनुमतिपत्र लिएको धेरै दिन बितेको हुँदा परीक्षा दस्तुर र परीक्षाफल मिति थाहा भएन। पहिलेको अध्यापन अनुमतिपत्र धनुषा जिल्लाबाट परीक्षा दिएर लिएको हुँ, ठीक बेठीक केही थाहा भएन। सही या गलत छुट्याउन सक्दिन। गाउँ घरमा मेरो प्रमाणपत्र गलत हो भन्ने बुझी मैले राजीनामा दिएको हो। प्रमाणपत्र सही वा गलत छुट्टाउने काम सम्बन्धित कार्यालयको हो। सो नै जानोस् भन्नेसमेत व्यहोराको संजीवकुमार रायले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

संजीवकुमार रायले पेस गरेको स्थायी अध्यापन अनुमतिपत्र (प्र.प.नं. २३०५६ मिति २०६४।८।१०) को राष्ट्रिय सतर्कता केन्द्रले प्रारम्भिक अनुसन्धानका लागि शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरमा प्रमाणीकरणमा पठाई उक्त आयोगबाट "जि. शि.का. सर्लाहीबाट २०६२ सालमा माध्यामिक तह रो.नं.००८२ बाट तरूणकुमार सिंह उत्तीर्ण भएको र अन्यको हकमा यस आयोगको अभिलेखमा उल्लेख नभएको" भनी प.सं.०६८।६९, च.नं.४९०, मिति २०६८।५।२८ को पत्र राष्ट्रिय सतर्कता केन्द्रको प.सं.४/०६८/६९, च.नं.१४०, मिति २०६८।७।७ को पत्रसाथ लेखी आएकोले निजको प्रमाणपत्र झुट्टा देखिन आयो र सोही अध्यापन अनुमतिपत्र पेस गरी जिल्ला शिक्षा कार्यालयअन्तर्गत श्री जनता मा.वि., अगर्वाको नि.मा.वि., तृतीय श्रेणी, शिक्षक पदमा प्रवेश गरेको देखिएबाट निजको त्यस्तो कार्य साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर देखिन आएको हुँदा निज प्रतिवादी संजीवकुमार रायलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन माग दाबी लिइएको छ भन्नेसमेत व्यहोराको मिति २०६९।२।१ को आरोपपत्र।

प्रतिवादी संजीवकुमार रायको नाममा आरोपपत्रमा उल्लिखित ठेगानामा विशेष अदालत ऐन, २०५९ को दफा १०(१) बमोजिम समह्वान जारी गरी म्यादभित्र प्रतिवादी हाजिर भए वा अवधि व्यतीत भएपछि नियमानुसार गरी पेस गर्नु भन्ने मिति २०६९।२।३ को विशेष अदालत काठमाडौंको आदेश।

म श्री जनता मा.वि., अगर्वा सर्लाहीमा प्रा. शि., तृतीय श्रेणीको अस्थायी शिक्षक पदमा मिति २०६६।७।२७ मा प्रवेश गरी मिति २०६७।६।२७ मा राजीनामा दिई मिति २०६७।८।२२ गतेदेखि पुनः सोही विद्यालयमा सोही पदमा अर्को नियुक्तिपत्र लिई कार्यरत छु। मैले प्र.प.नं.२३०५६ मिति २०६४।८।१० को अध्यापन अनुमतिपत्र पेस गरेको हुँ। तर, त्यो अध्यापन अनुमतिपत्र कुन किसिमको हो मलाई थाहा छैन। तर, उक्त अनुमतिपत्र मैले जाँच दिएर नै प्राप्त गरेको हुँ। जाँच दिई पास गरेर लिएको उक्त अध्यापन अनुमतिपत्र भएकोले आरोपपत्रमा दाबी लिएबमोजिमको कसुर मबाट भएको छैन। सजाय हुनु पर्ने होइन, सफाइ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी संजीवकुमार रायले अदालतमा गरेको बयान।

प्रतिवादी संजीवकुमार रायले पेस गरेको स्थायी अध्यापन अनुमतिपत्र झुठा देखिन आएकोले प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा १ को कसुर गरेको ठहर्छ। सो ठहर्नाले निजलाई सोही ऐनको दफा १६ को उपदफा १ बमोजिम ६(छ) महिना कैद र रू.१०,०००।- (दश हजार) जरिवाना हुने ठहर्छ भन्ने विशेष अदालत,

काठमाडौंबाट मिति २०६९।८।१३ मा भएको फैसला।

मसमेतले पेस गरेको अध्यापन अनुमतिपत्रमा प्रश्न उठाई यसै अदालतमा उत्प्रेषणसमेतको निवेदन परी कारवाहीयुक्त अवस्थामा रहेको हुँदा एउटै विषयमा प्रस्तुत भष्ट्राचारको मुद्दा चल्न सक्दैन । भ्रष्टाचार मुद्दामा राष्ट्रिय सतर्कता केन्द्रले अनुसन्धान गरेको कार्य पनि गैरकानूनी छ । त्यसै जिल्ला शिक्षा कार्यालय, धनुषाबाट मैले पाएको शिक्षण अनुमति प्रमाणपत्रको आधारमा मैले नियुक्ति पाएको शिक्षक पदबाट राजीनामा गरी मेरो राजीनामा स्वीकृत भएपछि प्रमाणपत्रको अस्तित्व नै समाप्त भइसकेको स्थितिमा उक्त प्रमाणपत्रलाई नक्कली र झुट्टा भनी लगाइएको आरोप नै कानूनी छैन । त्यसैगरी मैले पहिले पाएको शिक्षण अनुमतिपत्रको अभिलेख राख्ने निकाय शिक्षक सेवा आयोगले अभिलेख दुरूस्त नराखेको कारण मैले हसिल गरेको प्रमाणपत्र नभिडेको हो । अधिकारप्राप्त निकायले दुरूस्त अभिलेख नराख्दाको परिणाम स्वरूप मैले पछि प्राप्त गरेको शिक्षक अध्यापन अनुमतिपत्रका आधारमा सेवारत रहेको सेवासमेतबाट निलम्बन गरिएको कार्य गैरकानूनी रहेकोमा भ्रष्टाचारको कसुरदार कायम गरी विशेष अदालतबाट भएको फैसला नमिलेको हुँदा उल्टी गरिपाउँ भन्ने प्रतिवादी संजीवकुमार रायले यस अदालतको पुनरावेदनमा लिएको जिकिर।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस भएको प्रस्तुत पुनरावेदन संलग्न मिसिल अध्ययन गरी पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल र विद्वान् अधिवक्ता महादेव पण्डितले उजुरीकर्ताको तर्फबाट पुनरावेदकले नक्कली अध्यापन अनुमतिपत्रका आधारमा निम्न माध्यामिक विद्यालय शिक्षक तृतीय श्रेणीको अस्थायी नियुक्ति लिएको भनी यसै अदालतमा रिट निवेदन परी उक्त निवेदन तामेलीमा गइसकेको अवस्थामा पुनः त्यही कसुरमा प्रस्तुत भ्रष्टाचार मुद्दा लाग्न सक्दैन। राष्ट्रिय सतर्कता केन्द्रले गरेको अनुसन्धानका आधारमा भ्रष्टाचार मुद्दा चलाएको पनि मिलेको छैन । पुनरावेदकले पहिलेको अध्यापन अनुमतिपत्रका आधारमा बहालमा रहेको शिक्षक पदबाट राजीनामा गरी स्वीकृत भई जागिर नै सकिएपछि प्रस्तुत मुद्दा चलाई कारवाही गरेको औचित्यपूर्ण नहुँदा भ्रष्टाचारको कसुर ठहर गरेको विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा उल्टी हुनुपर्दछ भनी गर्नुभएको बहससमेत सुनियो।

प्रतिवादी संजीवकुमार रायले जिल्ला शिक्षा कार्यालय, सर्लाहीअन्तर्गत श्री जनता मा.वि. अगर्वाको नि.मा.वि. तृतीय शिक्षक पदमा झुट्टा अध्यापन अनुमतिपत्र पेस गरी प्रवेश गरेको हुँदा पुनरावेदक प्रतिवादीलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुरमा क्रमशः ऐ. ऐनको दफा १२ र दफा १६(१) बमोजिम सजाय गरिपाउँ भनी आरोपपत्रमा दाबी लिएको देखिन आउँछ । प्रतिवादीले अस्थायी शिक्षक पदमा नियुक्ति लिन मिति २०६४।८।१० मा पेस गरेको प्र.प.नं.२३०५६ को अध्यापन अनुमतिपत्र शिक्षक सेवा आयोग सानोठिमी भक्तपुरको अभिलेखमा नदेखिई झुट्टा अध्यापन अनुमतिपत्र पेस गरी भ्रष्टाचारको कसुर गरेको भनी विशेष अदालतबाट प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम ६ महिना कैद र रू.१०,०००।- जरिवाना हुने फैसला भए उपर प्रतिवादीका तर्फबाट यसै विषयमा सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भई तामेलीमा गएको, राष्ट्रिय सतर्कता केन्द्रले अनुसन्धान गरी भ्रष्टाचारमा कारवाही चलाएको र नक्कली अध्यापन अनुमतिपत्रका आधारमा पाएको शिक्षक पदको नियुक्तिबाट राजीनामा गरी स्वीकृत भएको अवस्थामा झुट्टा अनुमति प्रमाणपत्रको औचित्य नै समाप्त भएबाट विशेष अदालतले कसुरदार कायम गरी सजाय गरेको फैसला नमिलेको हुँदा उल्टी गरिपाउँ भनी पुनरावेदनमा जिकिर लिएको पाइन्छ।

पुनरावेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरूले गर्नुभएको बहस र पुनरावेदन जिकिरसमेतलाई दृष्टिगत गरी विशेष अदालतबाट भएको फैसला मिलेको छ, छैन र पुनरावेदन जिकिरबमोजिम हुनुपर्ने हो, होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने हुन आयो।

२. यसमा निर्णयतर्फ विचार गर्दा, अध्यापन अनुमतिपत्र नं.२३०५६ को अनुमतिपत्र पेस गरी श्री जनता मा.वि. अगर्वा सर्लाहीमा नि.मा.वि. शिक्षक तृतीय श्रेणीको शिक्षक पदमा अस्थायी नियुक्ति लिएको तथ्यलाई प्रतिवादीले अनुसन्धान अधिकारी र विशेष अदालतमा समेत बयान गर्दा स्वीकार गर्दै सक्कली प्रमाणपत्र हो भनी जिकिर लिएको देखिन्छ । उक्त अध्यापन अनुमतिपत्र जारी गर्ने निकाय शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुरमा रहेको अभिलेखसँग मिल्छ, मिल्दैन र आधिकारिक हो, होइन भन्ने सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पत्राचार गर्दा पुनरावेदकले पेस गरेको उक्त नं. को प्रमाणपत्रको अभिलेख नरहेको भनी शिक्षक सेवा आयोगबाट जवाफ प्राप्त भएको देखिएको छ। शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुरबाट प्राप्त जवाफले अध्यापन अनुमतिपत्र सक्कली नै हो भन्ने प्रतिवादीको जिकिर पुष्टि भएको पाइँदैन।

३. पुनरावेदकले गैरकानूनीरूपमा शिक्षक पदमा नियुक्ति लिएको भनी उजुरीकर्ता ब्रह्मदेव यादवले यसै अदालतमा रिट निवेदन दिएको हुँदा भ्रष्टाचारमा मुद्दा चलाउन मिल्ने होइन भनी पुनरावेदनमा लिएको जिकिरतर्फ विचार गर्दा झुट्टा योग्यता, झुट्टा प्रमाणपत्र पेस गरी लाभ लिने कुरा भ्रष्टाचार निवारण ऐनअन्तर्गतका कसुर भई भ्रष्टाचार निवारण ऐनअनुसार कारवाही हुने विषय हुन्। निवेदकको नियुक्तिको वैद्यतामा कुनै व्यक्ति विशेषले नालेस गर्नु र नक्कली व्यहोराको लिखत पेस गरी लाभ प्राप्त गर्‍यो भन्ने विषय, यसमा मुद्दा चलाउनु पर्ने अधिकारी वा व्यक्ति र मुद्दाको कारवाहीको प्रक्रिया नै छुट्टाछुट्टै हुन्छ। नियुक्ति दिने क्रममा अख्तियार प्राप्त निकायले प्रचलित कानूनले तोकेको प्रक्रिया नपुर्‍याई गैरकानूनीरूपमा नियुक्त गरेमा नियुक्ति कानूनबमोजिम छ, छैन भनी रिट निवेदनको रोहमा यस अदालतले जाँच्ने हेर्ने गर्दछ । यस्ता नियुक्ति प्रक्रियाका बारेमा परेको निवेदनले कानूनले भ्रष्टाचारको कसुर हुने भनी निर्धारण गरेका झुट्टा प्रमाणपत्रको अनुसन्धान गर्ने विषयलाई प्रभाव पार्न सक्दैन। आफूले हासिल गरेको शिक्षण अध्यापन अनुमतिपत्र आधिकारिक निकायबाट जारी भएको सद्दे साँचो हो भनी प्रमाणित गर्ने दायित्व सरकारी सेवामा लाभ लिने उद्देश्यले पेस गर्ने व्यक्तिमा नै निहित हुन्छ। प्रमाणको परीक्षण गरी सद्दे वा झुट्टा के हो भनी निर्णय गर्ने विषय रिट निवेदनबाट उपचार प्रदान गर्ने विषयवस्तु हुन सक्दैन। झुट्टा प्रमाणपत्रको विषय राज्य र समाजलाई असर पार्ने गम्भिर प्रकृतिको सरकारवादी अपराध हुने हुँदा शिक्षक छनौट सम्बन्धमा अनियमितता भयो भनी पहिले निवेदन दर्ता गरेको विषयले झुट्टा अध्यापन अनुमतिपत्र पेस गरी लाभ लिएको सम्बन्धमा अनुसन्धान गरी कानूनबमोजिम मुद्दा चलाउने अधिकारलाई असर पार्छ भनी अर्थ गर्न न्यायोचित नहुने हुँदा दोहोरो मुद्दा चलाइयो भन्ने प्रतिवादीको पुनरावेदन जिकिर उचित रहेको देखिँदैन।

४. झुट्टा अनुमतिपत्र सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रले अनुसन्धान गरेको मिलेको छैन भन्ने अर्को पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा राष्ट्रिय सतर्कता केन्द्रले शिक्षक छनौट प्रक्रियासम्बन्धमा प्रारम्भिक छानबिन गर्ने क्रममा अस्थायी नि.मा.वि. शिक्षकमा नियुक्ति लिन पुनरावेदकले पेस गरेको शिक्षण अध्यापन अनुमतिपत्रको वैधतामाथि प्रश्न उठेको कारण आवश्यक कारवाहीका लागि भ्रष्टाचारको कसुरमा अनुसन्धान एवं अभियोजन गर्ने कानूनी अख्तियार प्राप्त निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा अनुसन्धानका लागि पठाएको देखिन्छ । त्यसपछि अनुसन्धान अधिकृत तोकी भ्रष्टाचारको कसुरमा

आवश्यक अनुसन्धान गरी अख्तियारकै तर्फबाट आरोपपत्र दायर भएको पाइन्छ । भ्रष्टाचारको कसुरमा जुनसुकै व्यक्ति वा निकायलाई सूचना उजुरी दिने अधिकार कानूनले प्रदान गरेको अवस्थामा नक्कली अध्यापन अनुमतिपत्रको आशङ्कामा अनुसन्धान गर्न राष्ट्रिय सतर्कता केन्द्रले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई पत्राचार गरेकोसम्म गरेको कार्यलाई अनुसन्धान गरी कारवाही चलाएको संज्ञा दिन नमिल्ने हुँदा गैरकानूनी निकायले अनुसन्धान गरेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर उपयुक्त रहेको देखिन आएन ।

५. अब विवादित अध्यापन अनुमति पत्रका आधारमा अस्थायी नियुक्ति पाएको नि.मा.वि. शिक्षक तृतीय श्रेणीको पदबाट राजीनामा दिई सकेको हुँदा सजाय हुनुपर्ने होइन भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा कानूनले आफूले हासिल नगरेको योग्यता हासिल गरेँ भनी कसैले गलत झुट्टा प्रमाणपत्र पेस गरी लाभको पद हासिल गर्छ भने त्यो भ्रष्टाचारको कसुर हुने भनी सजायसमेतको व्यवस्था गरेको देखिन्छ । कसैले झुट्टा अध्यापन अनुमतिपत्र पेस गरी लाभ हासिल गरिसकेपछि आफूबाट भएको गलत कार्य सार्वजनिक भएको कारणले सजायबाट बच्ने उद्देश्यले पहिला लाभ लिइसकेको पदलाई परित्याग गर्दैमा उसले पहिले गरेको गैरकानूनी कार्यको कसुरबाट उन्मुक्ति पाउन सक्दैन । झुट्टा अध्यापन अनुमतिपत्रका आधारमा नियुक्ति लिई लाभसमेत प्राप्त गरी कसुरबाट उम्कने उद्देश्यले पछि राजीनामा गरे पनि पहिले गरेको कसुरको दायित्व रही नै रहने हुँदा राजीनामा गरेकै आधारमा कसुरबाट उन्मुक्ति पाउनुपर्छ भन्ने पुनरावेदन जिकिरसमेत न्यायोचित रहेको पाइएन ।

६. यसप्रकार पुनरावेदक संजीवकुमार रायले झुट्टा अध्यापन अनुमति प्रमाणपत्र पेस गरी मिति २०६६।७।२७ देखि नि.मा.वि. शिक्षक तृतीय श्रेणीको अस्थायी शिक्षक पदमा नियुक्ति लिएको तथ्य प्रमाणित भएको देखिँदा तत्काल कार्यान्वयनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) नं. को कसुरमा सोहीबमोजिम कसुरदार ठहर गरी सजाय गरेको विशेष अदालत, काठमाडौंको फैसला अन्यथा भएको देखिन आएन ।

७. तसर्थ, माथि उल्लिखित आधार र कारणबाट पुनरावेदक प्रतिवादी संजीवकुमार रायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम ६ महिना कैद र रू.१०,०००।- जरिवाना हुने भनी विशेष अदालत, काठमाडौंबाट मिति २०६९।८।१३ मा भएको फैसला मिलेको हुँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इजलास अधिकृत : कपिलमणि गौतम
इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम् ।

## निर्णय नं. ९६५५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
फैसला मिति : २०७२।११।१२।४
०६८-CR-१०५१

मुद्दा : कर्तव्य ज्यान

पुनरावेदक / प्रतिवादी : रूपन्देही जिल्ला करैया गा.वि.स. वडा नं.६ घर भई हाल कारागार कार्यालय, तुलसीपुर, दाङमा थुनामा रहेका खड्कमान रानामगर

विरूद्ध

प्रत्यर्थी / वादी : होमबहादुर थापाको जाहेरीले नेपाल सरकार

- **न्यायकर्ताले इन्साफको रोहमा हेर्दा सबुत प्रमाणबाट दोषी देखिएको व्यक्तिलाई कानूनबमोजिमको सजाय गर्दा सजाय चर्को पर्ने चित्तले देखेको अवस्थामा शुद्ध विवेक (Conscience) प्रयोग गर्न दिएको कानूनसम्मत अवस्था हो । कानूनको यो सुविधा मुद्दाका पक्षले माग गरेको आधारमा दिने र माग नगरेको अवस्थामा नदिने भन्ने हुँदैन । कानूनले न्यायकर्तालाई गरेको यस प्रकारको विश्वासलाई सावधानीका साथ प्रयोग गर्नुपर्दछ । विवेक प्रयोग गर्ने प्रयाप्त आधार हुनुपर्छ । आधारबिना गरिएको विवेकले न्यायिक अराजकता ल्याउन सक्ने हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीले ६० वर्ष उमेर नाघेको वृद्ध महिलालाई आँखा फुटाल्ने, मुक्का प्रहार गर्ने अनि भीरबाट लडाएर मार्ने यी पुनरावेदक प्रतिवादीमाथि विवेक प्रयोग गर्ने आधार र अवस्था देखिन आएन । विवेक प्रयोग गर्ने अवस्था नै नभएको प्रस्तुत वारदातमा पुनरावेदक प्रतिवादीलाई अ.बं १८८ नं. बमोजिम सजाय घटाउने मिल्ने अवस्था देखिन नआउने ।**

(प्रकरण नं.४)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ताद्वय बिमला यादव र सूर्यबहादुर पाण्डे
प्रत्यर्थी / वादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.

सुरू तहमा फैसला गर्ने :
माननीय जिल्ला न्यायाधीश श्री प्रभा बस्नेत
पुनरावेदन तहमा फैसला गर्ने :
मा. मुख्य न्यायाधीश श्री हरिराम कोइराला
माननीय न्यायाधीश श्री राजकुमार वन

फैसला

**न्या.बैद्यनाथ उपाध्याय :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

गोरखा मनकामना गा.वि.स. वडा नं.४ स्थित ठाकुर पुलामीको पालेको पाखो जङ्गल पाखो सो पाखाको चिलाउनेको रूखमुनी उत्तर टाउको दक्षिण खुट्टा गरी घोप्टो अवस्थामा कन्याकुमारी तुम्सिङ थापाको मृतक लास रहेको, मृतक लासलाई उत्तानो

पारी हेर्दा अनुहार रगतले लतपतिएको, शरीरको विभिन्न स्थानमा घाउचोट, मृतकको टाउकाको दायाँतर्फ निधार थेप्चिएको, टाउको पछाडि काटेको चोट देखिएको भन्नेसमेत व्यहोराको घटनास्थल तथा लास जाँच मुचुल्का।

मेरी श्रीमती वर्ष ६० की कन्याकुमारी तुम्सिङ थापालाई मिति २०६६।८।१३ गतेका दिन गोरखा मनकामना गा.वि.स. वडा नं.४ स्थित कोप्चे वन भन्ने ठाउँमा सालको पात टिप्न गएको अवस्थामा गोरखा मनकामना दर्शन गर्न आएका रूपन्देही जिल्ला करैया गा.वि.स. वडा नं.६ बस्ने वर्ष २३ को खड्कमान रानामगरले ढुङ्गाले हानी भीरबाट लडाइँ कर्तव्य गरी मारेको हुँदा कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको होमबहादुर थापाले जिल्ला प्रहरी कार्यालयमा दायर गरेको जाहेरी दरखास्त।

मिति २०६६।८।१२ गते मेरो गाउँबाट मामाको छोरा मिनबहादुर थापाले ट्युसन पढ्ने विद्यार्थीहरूलाई गोरखा मनकामना दर्शनको लागि भ्रमण ल्याउने कार्यक्रम भएको हुँदा मसमेत सोही भ्रमण टोलीमा संलग्न भई आएको थिएँ। भोलिपल्ट बिहान आँबुखैरेनीमा बस राखी पैदल हिँडी मनकामना दर्शन गर्न प्रसादसमेत लिई मन्दिरमा आएका हौँ। मन्दिरमा भीड भएकोले आ-आफ्नो सुरमा लाइनमा बसी मन्दिरमा दर्शन गरी पसलमा गएर एक क्वाटर हर्डप्याग भन्ने रक्सी खाएको र त्यसपछि एक जना नचिनेका केटाले गाँजा खाउ भनेकाले मैले एक चिलिम गाँजा खाएको हुँ। उक्त गाँजा र रक्सीले मलाई नसा लागेपछि मेरो साथमा भएको मोबाइलसमेत हराएको र साथीहरूले समेत छाडी गइसकेकोले म फर्कनको लागि स्थानीय व्यक्तिहरूसँग बाटो सोध्दा उल्टो बाटो बताएकोले म जङ्गल तथा भीरतर्फ पुगेछु। पुनः सो ठाउँबाट फर्की मनकामना मन्दिरमा आई साधुलाई म जाने बाटो देखाई दिनु भन्दा स्थानीय व्यक्तिहरूसँग वादविवाद भई रक्सी र गाँजाको नसाले गर्दा एउटा मानिसलाई दुईवटा देख्न थालेँ। त्यसपछि म सो ठाउँबाट भागेँ। पछाडिबाट मानिसहरूले लखेटे जस्तो लाग्यो। बाटोमा आएको मोटरसाइकलले पनि मेरो पिछा गरेको जस्तो लागि त्यसलाई पनि मैले ढुङ्गाले प्रहार गर्दा निजहरूसँग मेरो केही समय वादविवाद भई निजहरूले मलाई कुटपिट गर्न आएकाले भाग्दै गर्दा ढुङ्गा पल्टिन गई जङ्गलमा पात टिपी रहेकी हाल नाम थाहा भएकी कन्याकुमारी तुम्सिङ थापालाई लाग्न गई घाइते भएकी र त्यसपछि मैले तेरै गाउँलेले गर्दा दुःख पाएको भन्दै निज महिलालाई हात मुक्काले ४/५ चोटी हानेको हुँ। त्यसपछि ती महिला छटपटाउँदै अन्दाजी २०० मिटर तल झरेकी हुन्। मैले हिर्काएको चोट पीडाबाट निजको मृत्यु भएको हो। मेरो शरीरमा भएको घाउचोट म भाग्ने क्रममा भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी खड्कमान राना मगरको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान कागज।

The most probable cause of death is asphyxia from back fall of tongue probably from fracture and displacement of mandible भन्ने व्यहोराको मृतक कन्याकुमारी तुम्सिङ थापाको पोस्टमार्टम रिपोर्ट।

मिति २०६६।८।१३ गतेका दिन गोरखा मनकामना गा.वि.स. वडा नं.४ स्थित कोप्चेवनमा पात टिप्न गएकी जाहेरवालाकी वर्ष ६० की कन्याकुमारी तुम्सिङ थापालाई एक जना अपरिचित व्यक्तिले भीरबाट लडाइँ कुटपिट गरेको कुरा सुनी थाहा पाई घटनास्थलमा जाँदा बाटोदेखि अं.२०० मिटर तल भीर पाखोमा कन्याकुमारी तुम्सिङ मगरको लास देखेका हौँ। हाल नाम थाहा भएका रूपन्देही जिल्ला करैया गा.वि.स. वडा नं.६ बस्ने वर्ष २३ को खड्कमान रानामगरले निज कन्याकुमारी तुम्सिङ थापालाई सालको पात टिपी रहेको अवस्थामा हात मुक्का तथा ढुङ्गासमेतले हानी कर्तव्य गरी मारेको र निज खड्कमान रानामगरलाई घाइते अवस्थामा देखी

नियन्त्रणमा लिन खोज्दा सो ठाउँबाट भागी गोठमा गई बसेको अवस्थामा नियन्त्रणमा लिन सफल भएका हौँ भन्नेसमेत व्यहोराको मौकामा बुझिएका जितबहादुर थापा, होमबहादुर थापा, टेकबहादुर थापा, लालबहादुर थापा, देवेन्द्र थापासमेतले गरी दिएको एकै मिलानको कागज।

मिति २०६६।८।१३ गतेका दिन हाम्रो खर्कडाँडास्थित गोठमा धान झाट्ने खेताला भएकाले निजहरूलाई खाना दिई भाँडा धुने काम गरी रहेको अवस्थामा अं.१२:३० बजेको समयमा कोप्चे भीर जङ्गलमा मानिस रोए कराएको आवाज सुनी डिलबाट हेर्दा हाल नाम थाहा भएको खड्कमान रानामगरले दिदी नाता पर्ने कन्याकुमारी तुम्सिङ थापालाई भीरबाट लडाइँ रहेको र निज कन्याकुमारी भीरबाट लडेपछि सो ठाउँमा समेत गई निज खड्कमान रानामगरले हात मुक्कासमेतले हिर्काएको देखेकी हुँ । निजको कुटपिटको कारण कन्याकुमारी तुम्सिङ थापाको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको मौकामा बुझिएकी विष्णु थापाको कागज।

प्रतिवादी खड्कमान रानामगरले मिति २०६६।८।१३ गतेका दिन गोरखा मनकामना गा.वि.स. वडा नं.४ स्थित कोप्चे भीर जङ्गलमा सालको पात टिपी रहेकी कन्याकुमारी तुम्सिङ थापालाई हात मुक्का तथा ढुङ्गासमेतले हानी कुटपिटसमेत गरी भीरबाट लडाइँ कर्तव्य गरी मारेको मिसिल संलग्न कागजातबाट पुष्टि हुन आएकोले निज प्रतिवादी खड्कमान रानामगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. को कसुर अपराधमा सोही महलको १३(३) नं. बमोजिम सजाय हुन माग दाबी लिई पेस भएको वादी नेपाल सरकारले गोरखा जिल्ला अदालतमा दायर गरेको अभियोगपत्र।

मिति २०६६।८।१२ गते मनकामना दर्शन गर्न भनी मामाको छोरा मिनबहादुर थापासँग मनकामनातर्फ गएको थिएँ । भोलिपल्ट बस आँबुखैरेनीमा राखी मनकामना मन्दिरतर्फ पैदलै गयौँ । मन्दिरमा भिड भएकोले सबैले आआफ्नो हिसाबले दर्शन गर्‍यौं । मन्दिरको दर्शन गरेपछि पसलमा गई एक क्वाटर हाडरक्सी खाई मोबाइल हराएको झोँकमा साथीहरूको साथ नलागी आफ्नै सुरमा हिँड्दै गर्दा जङ्गल र भीरतर्फ पुगेछु । त्यसपछि पुनः सो ठाउँबाट फर्की मनकामनामा आई साधुसँग बाटो देखाई दिन भन्दा निज र गाउँलेसँग वादविवाद भयो । म त्यहाँबाट भागेँ । डरैडरमा भाग्दा बाटोमा ढुङ्गा पल्टिन गई जङ्गलमा पात टिपिरहेको महिलालाई लागेको हो । ढुङ्गाले लागी लडी घाइते भएकी निज कन्याकुमारीनेर पुगी तेरै गाउँलेले गर्दा मैले दुःख पाएको भन्दै निज महिलाको दुवै आँखा फोरी आँखा निकाली शरीरमा ४।५ मुक्का हानी अन्दाजी २०० मिटर तल खसाई मारेको हुँ । जङ्गलमा पात टिप्दै गरेकी महिलालाई मार्न हुन्न भन्ने थाहा थियो । आवेसमा आई कुटपिट गरी कर्तव्य गरी मारेर गल्ती गरेँ। गरीबको छोरीलाई अनाहकमा मारेकोमा पछुतो लागेको छ । केही समय पाए २/४ लाख रूपैयाँ क्षतिपूर्तिसमेत दिन तयार छु । मौकामा भएको बयान व्यहोरा मेरै हो भन्नेसमेत व्यहोराको प्रतिवादी खड्कमान रानामगरले सुरू जिल्ला अदालतमा गरेको बयान।

मृतक मेरो हजुरआमा नाताको मानिस हुनुहुन्छ। वारदातको दिन मृतक हजुरआमा वनमा पात टिप्न भनी जङ्गल जानु भएको थियो। मनकामनाको दर्शन गर्न आएका यात्रू प्रतिवादीले ढुङ्गा मुढा गरी कर्तव्य गरी मारेका रहेछन् । सबै गाउँलेले निज प्रतिवादीलाई ढुङ्गाले हाने र प्रतिवादीले पनि ढुङ्गाले हानी रहेको देखेको हुँ । मृतकको टाउकोमा चोट थियो । प्रतिवादीलाई कानूनबमोजिम सजाय होस् भन्नेसमेत व्यहोराको वादी पक्षका साक्षी देवेन्द्र थापाले सुरू अदालतमा गरेको बकपत्र।

सुरू अदालतको आदेशानुसार प्रतिवादी खड्कमान रानामगरको स्वास्थ्य जाँच सम्बन्धमा पाटन अस्पतालका मानसिक डाक्टर कृष्ण गौतमबाट

परीक्षण गराउँदा हाल औषधी खाइरहनु नपर्ने भन्ने जानकारी भएको भन्नेसमेत व्यहोराको कारागार कार्यालय, गोरखाको मिति २०६७।२।२ र मिति २०६७।१०।७ को पत्र मिसिल सामेल रहेको पाइन्छ।

मिति २०६६।८।१३ मा भएको घटना हामीले आँखाले प्रत्यक्ष देखेका हौं। उक्त दिन दिउँसो हामीहरू गोठमा बसी भाँडा माझ्दै रहेकोमा जङ्गलको नजिकबाट रोई कराई गरेको आवाज सुनी के भएछ भनी हेर्दा प्रतिवादी खड्कमानले कन्याकुमारी तुम्सिङलाई भीरबाट गुल्टाउँदै तल लगेर बेस्सरी कुटेका थिए। उक्त कार्य देख्न नसकी हामीले गाउँलेहरूलाई हारगुहार गरी खबर गरेपछि गाउँलेहरू जाँदा कन्याकुमारीलाई मरी सकेकी रहिछन्। हेर्न डर लागेकोले घटना भएको ठाउँमा जान सकिनँ। प्रस्तुत घटना सम्बन्धमा भएको व्यहोरा यही हो भन्नेसमेत व्यहोराको घटनाको प्रत्यक्षदर्शी विष्णु थापाले गरेको बकपत्र।

घटना भएको प्रत्यक्ष आफ्नो आँखाले देख्ने विष्णु थापाले मेरो बुढीलाई जङ्गलमा पात टिप्न गएकीमा जङ्गलमा प्रतिवादीले भीरबाट गुल्टाएर मारे भन्ने मैले सुनेपछि मेरो मन खिन्न भयो। मैले मन थाम्न सकिन। आँसु थाम्न पनि सकिन। म एकदमै आत्तिएँ। बेहोस जस्तै भएँ। त्यसैले मैले किटानी जाहेरी दिएको हुँ। अरू विस्तृत कुरा जाहेरीमा उल्लेख गरेको छु। प्रतिवादीलाई अभियोग मागबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको जाहेरवाला होमबहादुर थापाले सुरू जिल्ला अदालतमा गरेको बकपत्र।

वारदातको दिनमा म मेरो गोठमा थिएँ। माथिबाट साथीहरू कराउँदै तलतिर आएकोले के कसो भएको हो भनी सोध्दा पारी वनमा मान्छेलाई पिटिरहेको छ भनेकोले म पनि उनीहरूसँगै पारी वनतिर गएँ। पारी वनमा पुग्दा निज खड्कमान रानालाई देख्यौँ। निजलाई समाउन खोज्दा निज भीरबाट हामफालेर गोठभित्र पसी हामी जाँदा हँसिया हातमा लिई बसेका थिए। के कसो भएको भनी सोध्दा उसले हामीलाई हँसियाले हानेर मार्छु भनेकोले हामी पछि हटी प्रहरीलाई खबर गरी आउँदा मृतकको मृत्यु भइसकेको थियो। मृतकलाई निज खड्कमान रानामगरले कुटपिट गरी मारेको सुनेको हुँ। मौकाको कागज व्यहोरा मैले भनेबमोजिम भएको हो भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने वादी पक्षका साक्षी लालबहादुर थापाको बकपत्र।

मिति २०६६।८।१३ गतेका दिन गोरखा मनकामना गा.वि.स. वडा नं.४ स्थित कोप्चे भीर जङ्गलमा सालको पात टिपी रहेकी कन्याकुमारी तुम्सिङ थापालाई खड्कमान रानामगरले हात मुक्का ढुङ्गासमेतले हानी कुटपिटसमेत गरी भीरबाट लडाइँ कर्तव्य गरी मारेको पुष्टि हुन आएको र निज प्रतिवादी मानसिक रोगी भन्ने पनि नदेखिएकोले निजले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. बमोजिम कसुर गरेको मिसिल संलग्न कागज प्रमाणबाट प्रमाणित हुन आएकोले निजलाई सोही ऐन, महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्छ भन्नेसमेत व्यहोराको गोरखा जिल्ला अदालतबाट मिति २०६७।१२।७ मा भएको फैसला।

गोरखा जिल्ला अदालतको फैसलामा चित्त बुझेन। प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ भन्ने उल्लेख भएको छ। प्रस्तुत मुद्दामा वादी पक्षले पेस गरेको कुनै सबुद प्रमाणबाट पनि म पुनरावेदक र मृतकबीच पूर्व चिनजान तथा रिसइवी भई मृतकलाई मैले ज्यान मार्नुपर्नेसम्मको कारण रहेको देखिँदैन। त्यसैगरी मृतकलाई मैले ज्यान मार्नको लागि कुनै षड्यन्त्र गरेको, योजना बनाएको, सोको लागि घातक हतियार लिई गएको तथा घातक हतियार प्रहार गरी ज्यान मारेको भन्ने कुरा कुनै कागज प्रमाणबाट देखिँदैन। घटना भएको भनिएको अवस्था र परिस्थितिलाई मध्यनजर गरी मलाई आरोपित कसुरमा कसुरदार ठहर गर्ने गरी भए गरिएको फैसला उल्टी बदर

गरी उक्त घटनालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. र ६ नं. को देहाय ५ अन्तर्गतको घटना ठहर गरी सोहीबमोजिम सजाय गरिपाउँ वा मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम न्यूनतम सजाय मात्र गर्ने गरी इन्साफ गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी खड्कमान रानामगरले पुनरावेदन अदातल, पोखरामा दायर गरेको पुनरावेदन पत्र।

गोरखा जिल्ला अस्पतालको पत्रमा प्रतिवादी मानसिक रोगी भएको भनी अस्वस्थताको सिफारिस गरिएको र धुलिखेल अस्पतालमा औषधी गरिएको भन्नेसमेत देखिएको अवस्थामा सुरूको फैसला फरक पर्न सक्ने हुँदा अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम पुनरावेदन सरकारी वकिल कार्यालय, पोखरालाई पेसीको जानकारी गराई नियमानुसार पेस गर्नु भनी पुनरावेदन अदालत, पोखराबाट भएको आदेश।

प्रतिवादीले रक्सी तथा गाँजा सेवन गरी होस हवासमा रही मृतकको गाउँलेले गलत बाटो देखाई दुःख दिएको भन्ने जरियाबाट मृतकलाई कुटपिट गरी मार्ने उद्देश्यले मृतकको दुवै आँखा फोरी भीरबाट खसाई दिएको देखिँदा घटना ज्यादै नै क्रूर (Heinous) देखिएकोले यस्तो तथ्यगत प्रसङ्गमा प्रतिरक्षासम्बन्धी जिकिर पुग्न सक्ने देखिँदैन। अतः सुरू गोरखा जिल्ला अदालतले प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद गर्ने गरेको मिति २०६७।१२।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पोखराबाट मिति २०६८।९।३ मा भएको फैसला।

गोरखा जिल्ला अदालत तथा पुनरावेदन अदालत, पोखरासमेतबाट मिसिल संलग्न कागज प्रमाणको मूल्याङ्कन नै नगरी घटना भएको अवस्था र परिस्थितिलाई मध्यनजर नगरी म पुनरावेदकलाई अभियोग माग दाबीबमोजिम कसुरदार ठहर गरी अधिकतम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको फैसला कानून, नजिर र न्यायका मान्य सिद्धान्तसमेत विपरीतको भएकोले उक्त फैसला उल्टी बदर गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. र ६ नं. को देहाय (५) बमोजिम वा अ.बं. १८८ नं. बमोजिम कम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी खड्कमान रानामगरले कारागार कार्यालय, काभ्रेपलाञ्चोकतर्फ यस अदालतमा दायर भएको पुनरावेदन पत्र।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा पुनरावेदनसहितको मिसिल संलग्न कागजातहरूको अध्ययन गरियो । पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री बिमला यादव र श्री सूर्यबहादुर पाण्डेले पुनरावेदक प्रतिवादीलाई सुरू तथा पुनरावेदन अदालतले गरेको सजाय चर्को भयो । पुनरावेदक प्रतिवादीले रक्सी र गाँजाको सेवनबाट आफ्नो होस गुमाई बाटोसमेत बिराई जङ्गल र भीरतर्फ गएको मिसिलबाट देखिन्छ। नसा चढेपछि प्रतिवादीले एउटा मान्छेलाई दुई वटा देख्न पुग्छन्। पछाडिबाट कसैले लखेटेको जस्तो भान हुन्छ र पुनरावेदक भाग्दै जाँदा ढुङ्गा पल्टिई जङ्गलमा पात टिपी रहेकी मृतकलाई लाग्न गई घाइते भएकी हुन्। घाइतेलाई निजकै गाउँले दुःख दिएको भनी ४/५ पटक हानेको र सो चोटले छटपटाउँदै २०० मि. तल झरी मृत्यु भएको हो। मृतक प्रतिवादीका बीच चिनजान तथा रिसइवी पनि थिएन । मृतकका गाउँलेले मृतकप्रति गरेको व्यवहारबाट र रक्सी र गाँजाको सेवनबाट प्रतिवादीले होस गुमाएको अवस्थामा वारदात हुन गएको प्रतिवादीलाई सजाय गरेको सुरू तथा पुनरावेदन अदालतको फैसला उल्टी गरी पुनरावेदकलाई भवितव्य ज्यानअन्तर्गत सजाय गरिपाउँ भनी बहस गर्नुभयो।

विद्वान् कानून व्यवसायीले गर्नुभएको बहसलाई ध्यानमा राखी प्रतिवादीलाई मुलुकी ऐन,

ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू गोरखा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको फैसला मिलेको छ, छैन ? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन मिसिल संलग्न कागजात हेरी निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा कोप्चे भन्ने वनमा सालको पात टिप्न गएकी मेरी श्रीमती कन्याकुमारी तुम्सिङ थापालाई मिति २०६६।८।१३ गते खड्कमान राना मगरले ढुङ्गाले हानी भीरबाट लडाइँ कर्तव्य गरी मारेकोले कारवाही गरिपाउँ भनी परेको जाहेरी दरखास्तको आधारमा प्रस्तुत मुद्दाको अनुसन्धान तहकिकात भएको पाइन्छ । मृतक कन्याकुमारीको लास भिरालो पाखोमा रहेको र मृतकको टाउको निधार थेप्चिएको, मुखको बायाँ भाग बाङ्गिएको, टाउको पछाडि काटेको, पिठ्युँ पछाडी छाला ददारिएको घाउ रहेको भन्नेसमेतको व्यहोराको लास जाँच प्रकृति मुचुल्काबाट देखिन्छ । प्रतिवादीले मौकामा र अदालतमा गरेको बयानमा मृतकका गाउँलेले दुःख दिएकोले भाग्ने क्रममा माथिबाट ढुङ्गा पल्टिँदा मृतकको छातीमा लाग्न गई निज पल्टिएको ठाउँमा आफूले दुःख पाएको रिसमा निज महिलाका दुवै आँखा फोरी ४/५ पटक हात मुक्काको हानेको चोटले छट्पटाउँदै गर्दा अं. २०० मि. तल खसेर मृत्यु भएको हो भनी कसुर स्वीकार गरेको पाइन्छ । प्रतिवादीको साबिती बयानलाई प्रत्यक्षदर्शी विष्णु थापाको बकपत्र, जाहेरवाला होमबहादुर थापाको किटानी जाहेरी र सोही व्यहोरा पुष्टि हुने गरी गरेको बकपत्र र लास प्रकृति मुचुल्काबाट समेत पुष्टि हुँदा प्रतिवादी खड्कमान राना मगरले मृतक कन्याकुमारी तुम्सिङ थापालाई ४।५ मुक्का हानी भीरबाट लडाइँ कर्तव्य गरी मारेको तथ्यमा विवाद देखिँदैन ।

३. अब पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको फैसला मिलेन । सजाय चर्को भयो । प्रस्तुत वारदात ज्यानसम्बन्धीको महलको ५ नं. र ६(५) नं. अन्तर्गतको भएकोले सोहीबमोजिम कमभन्दा कम सजाय गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर रहेको पाइन्छ । यस सम्बन्धमा विचार गर्दा सो महलको ५ नं. मा "ज्यान लिने इबिलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ" भनी उल्लेख भएको पाइन्छ । कुनै कार्य भवितव्यअन्तर्गत पर्नको लागि त्यस्तो कार्य मनसायरहित हुनुपर्छ, लापरवाहीका साथ त्यस्तो कार्य गरेको हुनुहुँदैन, कुनै काम कुरा गर्दा त्यसैद्वारा मानिस मर्न गएमा त्यस्तो कार्य भवितब्य ज्यानअन्तर्गत पर्दछ । तर, प्रस्तुत वारदात कर्ताले गर्न लागेको कुनै कामबाट मानिस मर्ला जस्तो नदेखिएको अवस्था भएको होइन । प्रतिवादीले कुनै अन्य काम कुरा गर्दा प्रस्तुत वारदात घटित भएको होइन । अपितु प्रतिवादीले कुटपिट गरी आँखा फुटाली दिएको र ४।५ मुक्का हानेको कारण छट्पटाउँदै भीरबाट लडी मृत्यु भएको देखिन्छ । प्रतिवादी कसुरमा साबित भई मौकामा र अदालतमा समेत बयान गरेको पाइन्छ । प्रतिवादीले मृतकको आँखासमेत निकाली सकेपछि ४।५ मुक्का हानी क्रूरताका साथ मारेको पाइन्छ । अन्य व्यक्तिको बदला लिन निर्दोष र आफ्नो दैनिकीमा रहेकी महिलामाथि क्रूरतापूर्वक गरिएको कार्य भवितव्यअन्तर्गत पर्न आएन । प्रतिवादीले सालको पात टिपिरहेकी मृतकलाई कुटपिट गरी रगतपच्छे पारी मुक्कासमेतले हानी भीरबाट लडाइँ दिएको कुरामा साबित भएको र प्रतिवादीको उक्त कार्य प्रत्यक्षदर्शी विष्णु थापाको बकपत्रबाट समेत पुष्टि भएको पाइन्छ । मृतकका गाउँलेले आफूप्रति गरेको बदला लिन मृतकलाई हानी मारेको भनी प्रतिवादीले आफ्नो बयानमा उल्लेख गरेको अवस्थामा प्रतिवादीलाई सुरू

अदालत तथा पुनरावेदन अदालतले गरेको सजाय अन्यथा भएको देखिएन।

४. पुनरावेदकले अ.बं. १८८ नं. अन्तर्गत सजाय घटाई पाउँ भन्ने पुनरावेदन जिकिरका लिएको पाइन्छ। मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. मा "… अपराध गर्दाको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहराई आफ्ना चित्तले देखेको कारणसहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नु हुन्छ । अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्न हुन्छ" भनी उल्लेख भएको पाइन्छ। यस नम्बरलाई न्यायकर्ताको विवेकमा छोडेको पाइन्छ । न्यायकर्ताले इन्साफको रोहमा हेर्दा सबुत प्रमाणबाट दोषी देखिएको व्यक्तिलाई कानूनबमोजिमको सजाय गर्दा सजाय चर्को पर्ने चित्तले देखेको अवस्थामा शुद्ध विवेक (Conscience) प्रयोग गर्न दिएको कानूनसम्मत अवस्था हो । कानूनको यो सुविधा मुद्दाका पक्षले माग गरेको आधारमा दिने र माग नगरेको अवस्थामा नदिने भन्ने हुँदैन । कानूनले न्यायकर्तालाई गरेको यस प्रकारको विश्वासलाई सावधानीका साथ प्रयोग गर्नुपर्दछ । विवेक प्रयोग गर्ने प्रयाप्त आधार हुनुपर्छ । आधारबिना गरिएको विवेकले न्यायिक अराजकता ल्याउन सक्ने हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीले ६० वर्ष उमेर नाघेको वृद्ध महिलालाई आँखा फुटाल्ने, मुक्का प्रहार गर्ने अनि भीरबाट लडाएर मार्ने यी पुनरावेदक प्रतिवादीमाथि विवेक प्रयोग गर्ने आधार र अवस्था देखिन आएन। विवेक प्रयोग गर्ने अवस्था नै नभएको प्रस्तुत वारदातमा पुनरावेदक प्रतिवादीलाई अ.बं १८८ नं. बमोजिम सजाय घटाउने मिल्ने अवस्था देखिन आएन।

५. अत: पुनरावेदक प्रतिवादी खड्गमान रानामगरले मृतक कन्याकुमारी तुम्सिङ थापालाई क्रूर तथा अमानवीय तवरले कुटपिट गरी मारेको पुष्टि भएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू गोरखा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६८।९।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । थुनामा रहेका पुनरावेदक प्रतिवादीलाई फैसलाको प्रतिलिपिसहितको जानकारी सम्बन्धित कारागारमार्फत दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृत : लोकनाथ पराजुली
इति संवत् २०७२ साल फागुन १२ गते रोज ४ शुभम्।

## निर्णय नं. ९६५६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
आदेश मिति : २०७२।१०।१४।५
०७१-WO-०५६७

मुद्दा : उत्प्रेषण / परमादेश

निवेदक : का.जि.का.म.न.पा.वडा नं. २१ मजिपाट बस्ने मैया रञ्जितकार
विरूद्ध
विपक्षी : पुनरावेदन अदालत, पाटनसमेत

- **अ.बं.१७ नं. को रोहमा पुनरावेदन अदालतले गरेको आदेश परिवर्तन गर्ने अधिकारक्षेत्र माथिल्लो अदालतले सैद्धान्तिक विचलन वा कानूनको घोर उल्लङ्घन भएको अवस्थामा बाहेक प्रयोग गर्नु उपयुक्त हुँदैन । वस्तुत: मातहत अदालतमा परेका मुद्दाको काम कारवाहीमा म्याद नाघेको वा बेरीत भएको वा कार्यविधि कानूनको त्रुटि गरी आदेश गरेको स्पष्ट देखिएमा अदालतले बदर गर्नसक्ने हो । न्यायिक मनको प्रयोग गरी गरेको आदेश बदर गर्दा कार्यान्वयनयोग्य फैसलामा पर्ने प्रभावलाई पनि अदालतले सदैव ध्यान राख्नु पर्ने हुन्छ । अदालतको अन्तिम फैसला कुनै पनि हालतमा कार्यान्वित हुनपर्दछ भन्ने कुरामा विवाद हुन नसक्ने ।**

(प्रकरण नं.६)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्यामनारायण श्रेष्ठ

विपक्षीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता कृष्णप्रसाद सापकोटा र विद्वान् अधिवक्ता तिलप्रसाद गौतम

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

**न्या.गोपाल पराजुली :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२) बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ :

विपक्षी मणिन्द्रलालले मिति २०५७।६।१३, मिति २०५७।१२।९ मा रू.५,००,०००।– (पाँच लाख), रू.५,००,०००।– (पाँच लाख) गरी रू.१०,००,०००।– (दश लाख रूपैयाँ) र मिति २०६०।१२।६ मा रू.२५,००,०००।- (पच्चिस लाख रूपैयाँ) समेत जाहेरवाला विपक्षी कृष्णप्रसाद शिवाकोटीको परिवार विदेश पठाई दिनसमेत लागेकोमा विदेश नपठाई दिएकाले कारवाही गरी पाउन विपक्षी कृष्णप्रसाद शिवाकोटीसमेतको जाहेरीले विपक्षी मणिन्द्रलाल रञ्जितकार प्रतिवादी भएको वैदेशिक रोजगार ठगी मुद्दा वैदेशिक रोजगार न्यायाधिकरणमा दायर भएको रहेछ । निजले सो मुद्दा अनुसन्धानको सिलसिलामा धादिङ जिल्ला गजुरी गा.वि.स. वडा नं. ४ (ग), कि.नं. १८५, १८८, १२४ र १२५ का जग्गा जेथा जमानत राखी तारेखमा बसेका रहेछन् । सो मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरणले मिति २०६८।८।२० मा विपक्षी मणिन्द्रलाल रञ्जितकारबाट जाहेरवालाले बिगो र हर्जनासमेत जम्मा रू.५२,२३,०००।– (बाउन्न लाख तेइस हजार रूपैयाँ) भरी पाउने ठहर्याई फैसला गरेको रहेछ । जाहेरवालाले सो बिगोमाथि उल्लिखित जेथा जमानत राखेको जग्गा, मेरो हक भोगमा आउने का.जि.का.म.न.पा. वडा नं २१, कि.नं. २१२१, ०-०-१-३ क्षेत्रफल जग्गा र सो जग्गामा बनेको घर लिलाम गरी भराई पाउन विपक्षी काठमाडौं जिल्ला अदालतमा दरखास्त दिएपश्चात् कारवाहीको क्रममा मलाई ७ दिने सूचना आएकाले अदालतमा उपस्थित भई कि.नं. २१२१ को जग्गा र घर मेरो एकलौटी हो । मणिन्द्रलाल मिति २०६०।३।२ मा अंश लिई छुट्टी भिन्न भएका मानिस हुन् । कि.नं. २१२१ को जग्गा र घरबाट लिलाम हुनुपर्ने होइन भनी निवेदन गरेकोमा सो अदालतले धादिङ जिल्ला गजुरी गा.वि.स. अन्तर्गतका ४ कित्ता जग्गामा कारवाही नचलाई कि.नं. २१२१ को घर र जग्गा मात्र लिलाम गर्न मिति २०७१।३।२३ गते सूचना प्रकाशन गरेकोले तत्काल रोक्का राखी पाउन निवेदन गरेकी थिएँ ।

मेरो निवेदनउपरको कारवाहीमा विपक्षी फैसला कार्यान्वयन अधिकारीले कि.नं. २१२१ को घर, जग्गा र जेथाबाट भराउन मिल्ने नमिल्ने

सम्बन्धमा अडबड परेको भनी इजलाससमक्ष पेस भई इजलासबाट फैसला कार्यान्वयन अधिकारीले नै निर्णय गर्ने क्षेत्राधिकार हो भनी आदेश भएपश्चात् फैसला कार्यान्वयन अधिकारीले मिति २०७१।६।१ मा सोही मेरो घर जग्गाबाट लिलाम प्रक्रिया अगाडि बढाउने भनी आदेश भयो । सो आदेशउपर गरेको मुलुकी ऐन दण्ड सजायको महलको ६१ नं. बमोजिमको निवेदनमा विपक्षी काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।७।१४ मा फैसला कार्यान्वयन अधिकारीको आदेश सदर गरेको छ । सो आदेश पनि बदर गरी पाउन अ.बं.१७ नं. बमोजिम गरेको निवेदनमा पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।९।३ मा सो घर जग्गामध्ये २ भागमध्ये १ भाग मणिन्द्रलाल रञ्जितकारको भागबाट बिगो भरी भराउसम्बन्धी कारवाही अगाडि बढाउन आदेश भएको थियो ।

पुनरावेदन अदालतको उक्त आदेश पनि सो हदसम्म मिलेको छैन । किनभने हामीहरूबीच २०६० सालमा नै अंशबन्डा भइसकेको छ । सगोलको अंशियारमध्ये मुख्यले व्यवहार चलाउन लिएको ऋण होइन । छुट्टी भिन्न भएका मणिन्द्रलालले व्यक्तिगतरूपमा गरेको कामको परिणाम स्वरूप उत्पन्न दायित्वमा अन्यको सम्पत्तिबाट भराउन मिल्दैन । अन्य सगोलका अंशियारले पनि उपभोग गरेको छ भने मात्र गोश्वारा धनबाट व्यहोर्ने हो । मुलुकी ऐन लेनदेन व्यवहारको ८ र ९ नं. ले पनि सोही कुराको प्रत्याभूति गरेको छ । *ने.का.प.* २०५७, भाद्र, पृष्ठ ४४० मा सिद्धान्त पनि प्रतिपादन भएको छ । त्यसैगरी दण्डसजायको महलको २६ नं. मा पनि ऐनबमोजिम जरिवाना कैदबापत जायजात गर्दा कसुरदारको अंशबाट मात्र पुगेसम्मको असुल गरी लिनु पर्दछ भन्नेसमेत कुराको सीमा तोकिएको छ । विवादित जग्गा मेरो श्रीमान् अमृतलालको नाममा छ । विपक्षी मणिन्द्रलाल रञ्जितकार मिति २०६०।३।२ मा आफ्नो अंश भागबापतको रकम लिई अंश छोडपत्र गरिसकेका छन् । निज श्रीमान्को मिति २०६५।२।१९ मा परलोक भइसकेको छ ।

निजको परलोकपश्चात् उक्त जग्गा र घर मेरो एकलौटी हक भोगको हो । सो जग्गामा मुलुकी ऐन अपुतालीको महलको २ र ६ नं. अनुसार सो सम्पत्तिमा मेरो एकलौटी हक लाग्छ । मेरो एकलौटी हक भोगको जग्गामा छुट्टी भिन्न नभएको र मानो जोडिएको पारित लिखतको अभावमा निजले खाए मासेको दायित्व मेरो जग्गा र घरबाट भराउन मिल्दैन । *ने.का.प.* २०५३, फाल्गुण, पृष्ठ ८०७ मा प्रकाशित सिद्धान्तले पनि छुट्टी भिन्न भएका मणिन्द्रलालको दायित्व मबाट लिन मिल्दैन । कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तअनुसार मेरो सम्पत्तिबाट बिगो असुल हुन सक्दैन । सबै प्रकारले पहिले नै छुट्टी भिन्न भइसकेका मानिसलाई अब मेरो नामको जग्गा र घरबाट आधा लिलाम गर्नुपर्दछ भन्न मिल्दैन । छुट्टी भिन्न भएपछि मानो जोडिएको छैन । मणिन्द्रलालले पहिले नै आफ्नो अंश लिइसकेका छन । पुनरावेदन अदालत, पाटनको आदेशबमोजिम आधाबाट मणिन्द्रलालको बिगो भरी भराउ गर्दा मेरो संविधान प्रदत्त स्वतन्त्रता, समानता र साम्पत्तिक हकमा आघात पुग्न जान्छ । त्यसमा पनि मुद्दामा पुर्पक्ष गर्दा जेथा जमानत राखेको जग्गाबाट असुलउपर गर्नेतर्फ कारवाही अगाडि नबढाई सो कि.नं.२१२१ को जगा र घरबाट नै असुलउपर गर्न कारवाही अगाडि बढाउने विपक्षीहरूको कार्य बद्नियतपूर्ण र दूषित छ ।

अत: मेरो एकलौटी हक भोगको जग्गाबाट छुट्टी भिन्न भएका व्यक्तिको बिगो असुलउपर गर्ने गरी भएको विपक्षी काठमाडौं जिल्ला अदालतको फैसला कार्यान्वयन अधिकारीको मिति २०७१।६।१ को आदेश सदर गर्ने सो अदालतको मिति २०७१।७।१४ मा भएको आदेश केही बदर गरी दुई भाग लगाई मणिन्द्रलालको भागबाट लिलाम हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।९।३ मा भएको आदेशले मेरो नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ र १९ प्रदत्त अधिकारमा आघात

पुगेको हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०७१।९।३ को आदेश सो हदसम्म र जग्गा रोक्का राख्ने आदेश नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी उक्त जग्गा फुकुवा गरी दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिपाऊँ । साथै काठमाडौं जिल्ला अदालतले लिलामको लागि पटकपटक सूचना प्रकाशन गरी मिति २०७१।८।११ को लिलामी कारवाही स्थगित भएको र पुनरावेदन अदालत, पाटनको मिति २०७१।९।३ को आदेशबमोजिम विपक्षीहरूले अब पुनः आधा जग्गामा लिलाम प्रक्रिया अगाडि बढाउन सक्ने सम्भावना रहेकोले प्रस्तुत रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म कि.नं. २१२१ को जग्गा र घर लिलाम नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन ।

यसमा विपक्षीहरूबाट १५ दिनभित्र लिखित जवाफ मगाउनू । अन्तरिम आदेश सम्बन्धमा दुवै पक्षको छलफल सुनी निष्कर्षमा पुग्नु उपयुक्त हुने देखिएकोले अन्तरिम आदेश सम्बन्धमा छलफलको लागि मिति २०७१।१०।२० को पेसी तोकी सोको जानकारी निवेदक तथा विपक्षीहरूलाई दिनु भन्ने व्यहोराले मिति २०७१।१०।९ मा आदेश भई अन्तरिम आदेशको छलफल नभई यस अदालतबाट मिति २०७२।२।१७ मा पूर्ण सुनुवाईको लागि पेस गर्नु भन्ने आदेश भएको देखिन्छ ।

निवेदिकाको छोरा मणिन्द्रलाल रञ्जितकारउपर दायर भएको वैदेशिक रोजगार ठगी मुद्दामा जाहेरवाला विपक्षी कृष्णप्रसाद र शोभा शिवाकोटीले निज प्रतिवादीबाट बिगो र हर्जानासमेत रू. ५२,२३,०००।– भराई लिन पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।८।२० मा फैसला भएकोले जाहेरवालाहरूले बिगो असुलीको लागि दाबीको कि.नं. २१२१ को जग्गा, घर र धादिङ जिल्ला गजुरी गा.वि.स. अन्तर्गतका जग्गा देखाई दरखास्त दिएको र प्रतिवादीले सो फैसलाउपर पुनरावेदन नगरी मुद्दा अन्तिम भएर बसेको देखियो । जाहेरवालाहरूले प्रतिवादीले रकम बुझी लिएपछि मात्र अंशको लिखत गरेको भनी लेखाई दिएको एवं जायजात मुचुल्का, पञ्चकिर्ते मूल्याङ्कन र पहिलो पटक लिलामी सूचना प्रकाशन हुँदासम्म निवेदिकाले कुनै उजुर नगरी अन्तिम अवस्थामा आएर कारवाही रोकी पाउन निवेदन दिएकोसमेतका सन्दर्भबाट ठहरेको बिगो भराउने प्रयोजनका लागि लिलामी प्रक्रिया रोक्न नमिल्ने भनी फैसला कार्यान्वयन अधिकारीबाट मिति २०७१।६।१ मा भएको आदेश मुलुकी ऐन, अ.बं.६१ नं. को रोहमा यस अदालतबाट मिति २०७१।७।१४ मा सदर भई अ.बं. १७ नं. बमोजिम पुनरावेदन अदालतबाट मिति २०७१।९।३ मा २ भागमध्ये मैया रञ्जितकारको भाग परसारी मणिन्द्रलालको भागबाट बिगो भरी भराउको कारवाही गर्नु भनी भएको आदेशले निवेदिकाको संवैधानिक र कानूनी हकमा असर नपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराले विपक्षी काठमाडौं जिल्ला अदालतको तर्फबाट पेस भएको लिखित जवाफ ।

निवेदिका र विपक्षी मणिन्द्रलाल रञ्जितकार आमा छोरा हुन् । प्रतिवादी मणिन्द्रलाल रञ्जितकारबाट हामीहरूले बिगो र हर्जनासमेत गरी रू. ५२,२३,०००।– (बाउन्न लाख तेइस हजार रूपैयाँ) भराई लिन पाउने गरी मिति २०६८।८।२० मा वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला कार्यान्वयनको क्रममा प्रतिवादीले जेथा जमानत राखेको जग्गा र निजको भाग लाग्ने जग्गासमेत देखाई काठमाडौं जिल्ला अदालतमा दरखास्त गरेको हो । निवेदिकाले उक्त कि.नं. २१२१ को जग्गा र घर आफ्नो एकलौटी हो भन्ने जिकिर गरेको भए तापनि प्रतिवादी मणिन्द्रलाल नै घरको मुख्य भई व्यवहार गरेबाट छुट्टी भिन्न भएको पुष्टि नहुने हुँदा मणिन्द्रलाल

रञ्जितकारको पिता अमृतलाल रञ्जितकारको नाममा दर्ता रहेको सो कि.नं. २१२१ को जग्गा र घरबाट बिगो भरी पाउन दरखास्त दिएको हो । उक्त बिगो तिर्नु बुझाउनु पर्ने दायित्व मुलुकी ऐन, लेनदेन व्यवहारको ८, ९ र दण्डसजायको महलको २६ नं. बमोजिम निवेदिकाले पनि बहन गर्नुपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी कृष्णप्रसाद शिवाकोटी र शोभा शिवाकोटीको तर्फबाट पेस भएको लिखित जवाफ ।

फैसला कार्यान्वयन अधिकारीबाट मिति २०७१।६।१ मा भएको आदेश सदर गर्ने काठमाडौं जिल्ला अदालतको मिति २०७१।७।१४ को आदेश मिलेको नदेखिएकोले कि.नं. २१२१ को जग्गा र घर २ भाग गरी निवेदिकाको भाग पर सारी मणिन्द्रलाल रञ्जितकारको भागबाट वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।८।२० मा भएको फैसला कार्यान्वयन गर्नु भनी यस अदालतबाट मिति २०७१।९।३ मा भएको आदेशमा कुनै त्रुटि नभएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको तर्फबाट पेस भएको लिखित जवाफ ।

विपक्षी मणिन्द्रलाल रञ्जितकारको तर्फबाट लिखित जवाफ परेको देखिएन ।

यसमा वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।८।२० मा फैसला भएको मिसिल र ऐ. मुद्दा कार्यान्वयनको सन्दर्भमा काठमाडौं जिल्ला अदालतमा चलन चलाई पाउने निवेदन परी बिगो भराउको विचाराधीन मिसिल अवलोकनार्थ साथै राखी नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७१।११।१० को आदेश ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल संलग्न रहेका सक्कल कागजातहरूको अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री श्यामनारायण श्रेष्ठले विवादित जग्गा र घर निवेदिका मैया रञ्जितकारको एकलौटी हक भोग र स्वामित्वको जग्गा हो । विपक्षी मणिन्द्रलाल रञ्जितकार निवेदिका र निवेदिकाको श्रीमान्‌बाट मिति २०६०।३।२ मा अंश भरपाई पारित गराई भिन्न बसेको अवस्थामा निजले गरेको कार्यबाट उत्पन्न बिगो र हर्जना तिर्ने बुझाउने दायित्व निवेदिकाको हुँदैन । मानो जोडिएको पारित लिखतको अभावमा २ भाग लगाउँदा मुलुकी ऐन, लेनदेन व्यवहारको ८ र ९ नं. को कानूनी व्यवस्थाको प्रतिकूल भई बदरयोग्य हुन्छ । विपक्षी कृष्णप्रसाद शिवाकोटी र शोभा शिवाकोटीले लिखित जवाफमा विपक्षी मणिन्द्रलाल रञ्जितकार घरको मुख्य भई व्यवहार गरी आएका छन् भन्ने कुरा उल्लेख गरेको भए तापनि त्यो कहीँ कतैबाट पुष्टि हुन सकेको छैन । मिति २०६०।३।२ मा पारित अंशबन्डाको लिखतबाट छुट्टी भिन्न भएपछि पुनः मानो जोडिएको लिखतको अभावमा निवेदिकाको एकलौटी हक भोगको सम्पत्तिबाट बिगो भराउने कारवाही अगाडि बढाउँदा निवेदिकाको संविधान प्रदत्त साम्पत्तिक अधिकारमा आघात पर्ने हुँदा फैसला कार्यान्वयन अधिकारीबाट मिति २०७१।६।१ मा भएको आदेश सदर गर्ने काठमाडौं जिल्ला अदालतको मिति २०७१।७।१४ को आदेश र पुनरावेदन अदालत, पाटनको मिति २०७१।९।३ मा कि.नं. २१२१ को जग्गा र घर २ भाग गरी मैया रञ्जितकारको १ भाग पर सारी फैसला कार्यान्वयन गर्नु भनी भएको आदेश सो हदसम्म बदर हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी कृष्णप्रसाद, शोभा शिवाकोटीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा र विद्वान् अधिवक्ता श्री तिलप्रसाद गौतमले निवेदिकाले कि.नं. २१२१ को जग्गा र घरबाट छुट्टी भिन्न भएका छोराले तिर्नु बुझाउनु पर्ने दायित्वमा लिलाम हुन नसक्ने भनी जिकिर लिएको भए तापनि हाम्रो पक्षले फैसलाले

ठहरेको बिगो भरी भराउको लागि काठमाडौं जिल्ला अदालतमा दरखास्त गरी जायजात मुचुल्का, पञ्चकिर्ते मूल्याङ्कन भई लिलामको चरणमा रोक्का राख्न निवेदन दिएको अवस्थामा लिलाम प्रक्रियालाई रोक्का राख्न मिल्दैन। लिलाम प्रक्रिया रोक्का राखेमा फैसला निस्प्रयोजन हुन्छ। फैसला कार्यान्वयन नभएमा पक्षले पाएको न्यायको अनुभूति सार्थक हुन सक्दैन। वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।८।२० को फैसलाउपर मणिन्द्रलालले पुनरावेदन नगरी स्वीकार गरेको देखिन्छ। मणिन्द्रलालले मिति २०६०।३।२ मा अंशबापतको रकम लिएको देखिएको भएपनि निजले सो लिखत पारित हुनुभन्दा पहिलादेखि नै जाहेरवालाहरूबाट रकम लिएको देखिन्छ। त्यस्तो अवस्थामा कि.नं. २१२१ को जग्गा र घरलाई २ भाग गरी मणिन्द्रलालको भागबाट बिगो असुलउपर गर्नु भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।९।३ मा भएको आदेशमा कुनै त्रुटि नभएको हुँदा सो आदेश सदर भई वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।८।२० को फैसला कार्यान्वयन हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तबमोजिमको बहस सुनी निवेदन मागदाबीबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा निवेदिकाको का.जि.का.म.न.पा. वडा नं. २१ अन्तर्गतको कि.नं. २१२१ को ०-०-१-३ क्षेत्रफल जग्गा र सो जग्गामा बनेको घर मेरो निर्विवाद हक भोगको हो। उक्त घर र जग्गाबाट छुट्टी भिन्न भएका व्यक्तिको दायित्वको बिगो र हर्जनासमेत असुलउपर गर्न मिल्दैन। जाहेरवाला कृष्णप्रसाद र शोभा शिवाकोटीले वैदेशिक रोजगार मुद्दामा ठहरेको बिगो असुलउपर गर्न धादिङ जिल्ला गजुरी गा.वि.स. ४(ग), कि.नं. १८५, १८८, १२४, १२५ र उक्त कि.नं. २१२१ को जग्गा र घरसमेत देखाएको अवस्थामा उल्लिखित अन्य जग्गाबाट असुलउपर गर्न कारवाही अगाडि नबढाई सोही मेरो नामको जग्गा र घरबाट छुट्टी भिन्न भएका छोराले तिर्नुपर्ने बिगोमा कारवाही अगाडि बढाउने गरी भएको जिल्ला अदालतको आदेश प्रथमतः मुलुकी ऐन, लेनदेन व्यवहारको ८, ९ र दण्डसजायको महलको २६ नं. को विपरीत छ। द्वितीयत: विपक्षी पुनरावेदन अदालत, पाटनले गरेको आदेशमा ऐ. अपुतालीको महलको २ र ६ नं. को त्रुटि छ। पुनरावेदन अदालतले मेरो एकलौटी नाममा कायम हुने जग्गा २ भाग लगाउन मिल्दैन। मणिन्द्रलालले अंश लिई सकेको हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०७१।९।३ को आदेश सो हदसम्म उत्प्रेषणको आदेशले बदर गरी पूरै जग्गा फुकुवा गरी दिनु भनी परमादेशको आदेश गरिपाउँ भन्नेसमेत व्यहोराले निवेदन दिएको देखिन्छ।

३. कृष्णप्रसाद शिवाकोटीसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी मणिन्द्रलाल रञ्जितकार भएको वैदेशिक रोजगार ठगी मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।८।२० मा प्रतिवादी मणिन्द्रलाल रञ्जितकारलाई रू.३,००,०००।– (तीन लाख रूपैयाँ) जरिवाना, जाहेरवालाहरूले फिर्ता लिएको रू.१८,०००।– (अठार हजार रूपैयाँ) कट्टा गरी बाँकी रू.३४,८२,०००।– (चौंतिस लाख बयासी हजार रूपैयाँ) र सोको ५० प्रतिशतले हुने हर्जना रू.१७,४१,०००।– (सत्र लाख एकचालीस लाख रूपैयाँ) समेत रू. ५२,२३,०००।– (बाउन्न लाख तेइस हजार रूपैयाँ) भराई पाउने ठहर्छ भन्ने व्यहोराले फैसला भएको तथ्यमा विवाद छैन। उक्त फैसलाउपर विपक्षी प्रतिवादी मणिन्द्रलालले पुनरावेदन नगरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको मिति २०६८।८।२० को फैसला अन्तिम भएर बसेको देखिन्छ।

४. अन्तिम भएर बसेको फैसला कार्यान्वयनयोग्य हुन्छ। आफूले भरी पाउने बिगो जाहेरवाला कृष्णप्रसाद शिवाकोटीसमेतले प्रतिवादी

मणिन्द्रलाल रञ्जितकारले वैदेशिक रोजगार ठगी मुद्दा अनुसन्धान क्रममा जेथा जमानत राखेको धादिङ जिल्ला गजुरी गा.वि.स. वडा नं. ४ (ग), कि.नं. १८५, १८८, १२४, १२५ का जग्गा, प्रतिवादीका बुबा अमृतलाल रञ्जितकारको नाममा कायम रहेको का.जि.का.म.न.पा. वडा नं. २१ कि.नं. २१२१ को जग्गा र सो जग्गामा बनेको घरबाट भराई पाउन विपक्षी काठमाडौं जिल्ला अदालतमा मिति २०६९।५।५ मा मुलुकी ऐन, दण्ड सजायको ४२ नं. बमोजिम दरखास्त दिएको देखिन्छ। उक्त दरखास्तको कारवाहीको क्रममा काठमाडौं जिल्ला अदालतका फैसला कार्यान्वयन अधिकारीबाट सोही मितिमा फैसला कार्यान्वयन गर्नु भनी आदेश भई जायजात मुचुल्का, पञ्चकिर्ते मूल्याङ्कन भई पहिलो पटक लिलाम सकार नभएपछि दोस्रो पटक लिलामको लागि सूचना प्रकाशन भएपश्चात् सो लिलामी सूचना रोक्का राख्न निवेदिकाले निवेदन दिएपछि फैसला कार्यान्वयन अधिकारीबाट मिति २०७१।६।१ मा निवेदिकाको श्रीमान् अमृतलालको नामको उक्त कि.नं.२१२१ को जग्गा र घरबाट ठहरेको जाहेरवालाहरूको बिगो भराउने प्रयोजनको लागि लिलामी कारवाही रोक्न मिलेन भन्नेसमेत व्यहोराले आदेश गरेको देखिन्छ।

५. उक्त आदेश बेरीतको भनी निवेदिकाले गरेको ६१ नं. को निवेदनमा काठमाडौं जिल्ला अदालतबाट सदर भएको देखिन्छ । उक्त आदेश पनि बदर गरी पाउन परेको अ.बं. १७ नं. को निवेदनमा पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।९।३ मा विवादित जग्गा प्रतिवादी मणिन्द्रलाल रञ्जितकारको बाबु अमृतलाल रञ्जितकारको नाममा रहेको र निजको मिति २०६५।२।१९ मा मृत्यु भएको देखिएको, निवेदक मैया रञ्जितकार प्रतिवादी मणिन्द्रलाल रञ्जितकारको आमा भएको देखिएको तथा वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।८।२० को फैसलाअनुसार जाहेरवाला कृष्णप्रसाद शिवाकोटीसमेतले प्रतिवादी मणिन्द्रलाल रञ्जितकारबाट बिगो भराई पाउने ठहर भएको देखिएको हुँदा निवेदन दाबीको घर जग्गाको दुई भागको एक भाग निवेदक मैया रञ्जितकारको भागबाट पनि बिगो भरी भराउ गर्ने गरी भएको काम कारवाही सो हदसम्म बेरीतको देखिन आयो । अतएव: निवेदन दाबीको कि.नं. २१२१ को घर जग्गाको दुई भागको एक भाग निवेदक मैया रञ्जितकारको भागबाट पनि कृष्णप्रसाद शिवाकोटीसमेतको बिगो भरी भराउ गर्ने गरी भएको काम कारवाही सदर गर्ने गरेको त्यस अदालतको मिति २०७१।७।१४ को आदेश सो हदसम्म बदर गरिदिएको छ । अब निवेदन दाबीको कि.नं. २१२१ को घर जग्गामध्ये दुई भागको १ भाग निवेदक मैया रञ्जितकारको भाग परसारी फैसलाअनुसार प्रतिवादी मणिन्द्रलालको भागबाट बिगो भराउसम्बन्धी कारवाही गर्नुहोला भन्ने व्यहोरा उल्लेख भएको छ।

६. सुरू अदालतले गरेको आदेश बेरीतको भए पुनरावेदन अदालतले अ.बं. १७ नं. को रोहमा उपयुक्त आदेश जारी गर्ने सक्ने तथ्यमा विवाद छैन । अ.बं.१७ नं. को रोहमा पुनरावेदन अदालतले गरेको आदेश परिवर्तन गर्ने अधिकारक्षेत्र माथिल्लो अदालतले सैद्धान्तिक विचलन वा कानूनको घोर उल्लङ्घन भएको अवस्थामा बाहेक प्रयोग गर्नु उपयुक्त हुँदैन। वस्तुत: मातहत अदालतमा परेका मुद्दाको काम कारवाहीमा म्याद नाघेको वा बेरीत भएको वा कार्यविधि कानूनको त्रुटि गरी आदेश गरेको स्पष्ट देखिएमा यस अदालतले बदर गर्नसक्ने हो। न्यायिक मनको प्रयोग गरी गरेको आदेश बदर गर्दा कार्यान्वयनयोग्य फैसलामा पर्ने प्रभावलाई पनि यस अदालतले सदैव ध्यान राख्नुपर्ने हुन्छ। अदालतको अन्तिम फैसला कुनै पनि हालतमा कार्यान्वित हुनपर्दछ भन्ने कुरामा विवाद हुन सक्दैन।

७. कि.नं. २१२१ को जग्गा अमृतलाल रञ्जितकारको नाममा भएको तथ्यमा विवाद छैन

। प्रस्तुत विवादमा निवेदिकाले मेरो एकलौटी हक भोगमा आउने जग्गा घरबाट छुट्टी भिन्न भएका छोराले बुझाउनु पर्ने बिगोमा लिलाम गर्न नमिल्ने जिकिर लिएको देखिन्छ । वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।८।२० को फैसलाउपर पुनरावेदन नपरी मुद्दा अन्तिम भएर बसेको देखिन्छ । वैदेशिक रोजगार ठगी मुद्दाका जाहेरवाला कृष्णप्रसाद र शोभा शिवाकोटीले निवेदिकाको पति अमृतलाल रञ्जितकारको नामको कि.नं. २१२१ को जग्गाबाहेक धादिङ जिल्ला गजुरी गा.वि.स. अन्तर्गतको कि.नं. १८५, १८८, १२४, १२५ का जग्गाहरू देखाई मिति २०६९।५।५ मा काठमाडौं जिल्ला अदालतमा बिगो भरी भराउको लागि दरखास्त दिएपछि प्रतिवादी मणिन्द्रलाल रञ्जितकारको नाममा जारी भएको म्याद घर दैलोमा टाँस भएकोमा मणिन्द्रलाल रञ्जितकार अदालतमा उपस्थित भएको देखिएन। फैसलाबमोजिम जाहेरवालाको बिगो भरी भराउको लागि निज विपक्षी मणिन्द्रलाल रञ्जितकार आफैँ सक्रिय हुनुपर्ने हो ।

८. विवादित जग्गाबाट जाहेरवाला विपक्षी कृष्णप्रसाद र शोभा शिवाकोटीले बिगो भरी भराउको लागि निवेदन दिएपश्चात् मिति २०७०।११।२५ मा जायजात मूल्याङ्कन र मिति २०७१।१।८ मा पञ्चकिर्ते मूल्याङ्कन भएको भन्ने कुरा प्रमाणमा आएको २०६९ सालको बिगो नं. १/२२४ को मुद्दाबाट देखिन आएको छ । सोपश्चात् मिति २०७१।२।२२ मा पहिलो पटक लिलामी हुने भनी सूचना प्रकाशित गरी घर र जग्गामा सूचना टाँस तामेल भई मिति २०७१।२।२२ मा डाक लिलाम हुँदा कसैले लिलाम नसकारेकाले मिति २०७१।३।२३ मा दोस्रो पटक डाक लिलाम हुने गरी सूचना प्रकाशन भएको देखिन्छ। त्यसरी जायजात मुचुल्का, पञ्चकिर्ते मूल्याङ्कन र पहिलो लिलामी सूचना निवेदिका बस्दै आएको विवादित जग्गा र घरमा तामेल टाँस भएको र सो दिन लिलाम हुन नसकेपछि काठमाडौं जिल्ला अदालतले मिति २०७१।३।१ मा मिति २०७१।३।२३ मा दोस्रो पटक डाक लिलाम हुने निर्णय भएपश्चात् मिति २०७१।३।२२ मा लिलाम कार्य रोक्का गरी पाउन निवेदन दिएको देखिन्छ । त्यसपछि मिति २०७१।८।११ मा पनि लिलामी कारवाही हुने गरी प्रकाशित सूचना स्थगित भएको कुरा निवेदनबाट देखिन आउँछ ।

९. उक्त निवेदन र प्रस्तुत रिट निवेदनसमेतमा निवेदिकाले छुट्टी भिन्न भएको छोराको तिर्नुपर्ने बिगोमा मेरो हकमा आउने जग्गाबाट बिगो असुलउपर हुन नसक्ने भनी उल्लेख गरेको देखिन्छ । मिसिल संलग्न रहेको अंश छोडपत्रको कागजमा निजले मिति २०६०।३।२ मा अंश छोडपत्र गरेको देखिए तापनि मणिन्द्रलालले वैदेशिक रोजगार ठगी मुद्दाका जाहेरवालामध्ये शोभा शिवाकोटीबाट सो मितिभन्दा अगावैदेखि अर्थात् मिति २०५७।६।१३ मा रू.५,००,०००।– (पाँच लाख रूपैयाँ), अर्का व्यक्ति सुनिल शिवाकोटीबाट मिति २०५७।१२।९ मा रू.५,००,०००।– (पाँच लाख रूपैयाँ) र जाहेरवाला कृष्णप्रसाद शिवाकोटीबाट मिति २०६०।१२।६ मा रू.२५,००,०००।– (पच्चीस लाख रूपैयाँ) समेत गरी रू.३५,००,०००।– (पैंतीस लाख रूपैयाँ) लिएको देखिन्छ । यसरी अंश छोडपत्र गर्नुभन्दा पहिला पनि कागज गरी शोभा शिवाकोटी र सुनिल शिवाकोटीबाट रू.१०,००,०००।– (दश लाख रूपैयाँ) र सोभन्दा पछि लिएको रू.२५,००,०००।– (पच्चीस लाख रूपैयाँ) समेत बिगो वैदेशिक रोजगार ठगी मुद्दामा बिगो कायम भई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला अन्तिम भई यथावत कायम रहेको देखिन आयो । यसरी विपक्षी मणिन्द्रलाल रञ्जितकारले निजको बुबा अमृतलालको जीवनकालमा सगोलमा रहेको समयमा लेनदेन कारोबार गरेको देखिँदा अमृतलालको नाममा कायम रहेको कि.नं. २१२१ को जग्गा र घरलाई दुई भाग लगाई दुई भागमध्ये निवेदिका मैया रञ्जितकारको भाग पर सारी विपक्षी

मणिन्द्रलाल रञ्जितकारको भागबाट मात्र वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।८।२० को फैसला कार्यान्वयन गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।९।३ मा भएको आदेश त्रुटिपूर्ण देखिन आएन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त आदेशमा सहमत छु ।
न्या.गोविन्दकुमार उपाध्याय

इजलास अधिकृत : भीमबहादुर निरौला
इति संवत् २०७२ साल माघ १४ गते रोज ५ शुभम् ।

## निर्णय नं. ९६५७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री देवेन्द्रगोपाल श्रेष्ठ
फैसला मिति : २०७२।०२।२४
०६६-MS-००१४

मुद्दाः अदालतको अवहेलना ।

पुनरावेदक/निवेदक : जनहित संरक्षण मञ्च (प्रो. पब्लिक) कातर्फबाट एवम् आफ्नो हकमासमेत काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ मदननगर, कुलेश्वर बस्ने अधिवक्ता प्रकाशमणि शर्मासमेत

विरूद्ध

विपक्षी/प्रत्यर्थी : माधवप्रसाद घिमिरे, मुख्य सचिव, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

- **अदालतको आज्ञा, आदेश वा फैसलाको अवज्ञा वा अनादर भएको छ छैन र अदालतबाट हुने न्याय सम्पादनको कार्यप्रति अविश्वास वा अनास्था हुनेसमेतका कार्य भएका छन्, छैनन् भन्ने कुराको पुष्टि यथोचित ढङ्गले हुनुपर्ने हुन्छ । अदालतको अवहेलनाको कार्य भनेको जनसाधारणमा अदालत वा अदालतले सम्पादन गर्ने कार्यप्रति अविश्वास वा अनास्था हुने वा हुनसक्ने कार्य गर्नु र अदालतको सम्मान वा गरिमामा आँच पुर्‍याउने कार्य नै हो । अवहेलनाको कार्य भइसकेपछि मात्र नभइ हुनसक्ने सम्भावनाको आधारमासमेत उक्त कार्यप्रति अदालतले दोषी करार गर्नसक्ने । अदालतको अवहेलनाको विषय अदालत आफ्नो गरिमा तथा सम्मानलाई उँचो बनाउँदै नागरिकहरूको मौलिक अधिकार, मानवअधिकार कानूनको शासन, नागरिक स्वतन्त्रताको संरक्षण गर्न न्यायपालिकालाई सक्षम बनाउने महत्त्वपूर्ण कडी पनि हो । न्यायिक गतिशीलता र न्यायिक सक्षमताका लागिसमेत यो अपरिहार्य हुन्छ । स्वभावैले अदालतको आदेश कुनै व्यक्ति वा निकायलाई दुष्पाच्य हुन सक्दछ । यद्यपी न्यायिक स्वतन्त्रता र सक्षमताका लागि यो अपरिहार्य हुन्छ । अदालतले कुनै व्यक्ति वा निकायको कार्यले यो असर पर्‍यो वा पर्न सक्छ भन्ने अनुमानका आधारमा यदि अवहेलनाजन्य**

**कार्य कसैबाट हुन्छ भने दण्डित गर्ने कार्यबाट अदालत पन्छिन नसक्ने । संविधानद्वारा न्यायपालिकालाई संवैधानिक सर्वोच्चता र कानूनको सर्वोच्चता स्थापित गर्ने महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरिएको छ। उक्त जिम्मेवारी पूरा गर्न सक्षम बनाउन पनि अदालतले आफ्नो अवहेलना भएको अवस्थामा आफैं पनि कारवाहीको उठान गरी दण्डित गर्न सक्दछ । अदालतको आदेश र फैसलाको सम्मान गर्ने कार्य असल नागरिकसमेतको संवैधानिक कर्तव्य हुने । नागरिकले संविधानद्वारा प्राप्त गरेका नागरिक स्वतन्त्रताहरूसमेत निश्चित परिधिभित्र रहेर उपभोग गर्न पाउने हो भन्ने कुरा मौलिक हकमा गरिएका यावत् व्यवस्थाहरूले उद्घोष गरेकै छ । स्वतन्त्रताको हकको आफ्नै परिधि र सिमासमेत संविधानले निर्धारण गरेको छ । त्यो सिमा र परिधिभित्र अदालतको अवहेलना नहुने गरी मात्र स्वतन्त्रताको हक प्रयोग गर्न पाउने गरी व्यवस्था गरेको छ । यस अर्थमा अदालतको फैसला र आदेशको सम्मान गर्नु प्रत्येक व्यक्ति तथा नागरिकको नागरिक कर्तव्य हुन आउँछ भने राज्यको सन्दर्भमा त्यो परिधि र सिमाभित्र रहेर नागरिक स्वतन्त्रताको उपभोग गर्न दिनु राज्यको कानून कार्यान्वयन गर्ने अधिकारी वर्गको लागिसमेत दायित्व र कर्तव्यकै विषय हुन जाने। स्वतन्त्रताको अधिकारमा Enjoy गर्दासमेत अदालतको मर्यादामा ठेस नपुग्ने गरी गर्नुपर्दछ। यदि अदालतको वास्तविकरूपमा अवहेलना भएको छ भने आफ्नो अवहेलनालाई स्वीकार गरी बस्ने अधिकारसमेत अदालतलाई हुँदैन । अदालतले आदेश दिँदै जाने र उक्त आदेश र फैसलाको उल्लङ्घन गर्ने छुटसमेत दिँदै जाने हो भने दण्डहिनता मौलाउँदै जाने र अन्ततः कानूनको शासन र संवैधानिक सर्वोच्चतासमेत खतरामा पर्न जाने ।**

(प्रकरण नं. ५)

- **कानूनको सफल कार्यान्वयन भएको अवस्थामा कानूनी राज्यको अनुभूति जनताले गर्न सक्ने तथा न्यायपूर्ण समाजको सिर्जना हुन सक्दछ । यसरी कानूनमा स्पष्टरूपमा उल्लिखित कार्यहरूको कार्यान्वयन गर्ने कार्य विपक्षी बनाइएको निकायहरूको भएकोमा सो अख्तियारीको पालना गर्नबाट पन्छिन मिल्दैन। कानूनको परिपालना गराउने जिम्मेवारी विपक्षी निकाय तथा पदाधिकारीहरूको भएको देखिएकोले अनुगमन, निरीक्षण, नियन्त्रण गर्ने कार्यलाई व्यवस्थित गर्दै सुर्तीजन्य पदार्थको उत्पादन तथा बिक्री वितरण गर्ने त्यस्ता उत्पादनकर्ताहरूको पहिचान गरी निवेदकको मागलाई सम्बोधन हुने गरी सम्बन्धित कानूनको उचित कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने।**

(प्रकरण नं. ८)

पुनरावेदक / निवेदकका तर्फबाट : वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा, अधिवक्ताहरू रमा पन्त खरेल, कविता पाँडे

विपक्षी / प्रत्यर्थीको तर्फबाट : उपन्यायाधिवक्ता उद्धवप्रसाद पुडासैनी, वरिष्ठ अधिवक्ता अनिलकुमार सिन्हा, अधिवक्ताहरू रमेशकुमार रोक्का, पुरूषोत्तम अधिकारी, हरिमाया भट्टराई, दामोदर खड्का, खडानन्द कँडेल,

राजिव आचार्य, पदम गिरी

अवलम्बित नजिर :

- *नेकाप* २०४६, अङ्क ११, नि.नं.३९९२
- *नेकाप* २०६९, अङ्क १०, नि.नं.८९०८
- *नेकाप* २०६७, अङ्क १२, नि.नं.८५३०
- *नेकाप* २०६४, अङ्क ४, पृ.५०४

सम्बद्ध कानून :

फैसला

**न्या. गोपाल पराजुली :** सर्वोच्च अदालत ऐन २०४८ को दफा ७ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार रहेको छः-

सर्वप्रथम विपक्षीहरूले सम्मानित सर्वोच्च अदालतका तपसिलका निर्णयहरूको कार्यान्वयन नगरी कानूनी शासनको उपहास गर्नुका साथै सम्मानित अदालतको मान मर्दन गरेको व्यहोरा अनुरोध गर्दछौं। सम्मानित अदालतबाट २०६२ सालको रिट नं. ३८२२ निवेदक प्रो.पब्लिकका तर्फबाट अधिवक्ता प्रकाशमणि शर्मासमेतको मुद्दामा मिति २०६३/२/३० मा "घरभित्र वा बाहिरका सार्वजनिक सेवा प्रदायक कार्यालय, निकाय, अस्पताल, शैक्षिक प्रतिष्ठान, सार्वजनिक सवारी साधन, बसपार्क, टिकट काउण्टर, सार्वजनिक उपयोगका मनोरन्जनस्थल, सार्वजनिक जमघट हुने स्थान र भवनसमेतका सार्वजनिक स्थलहरूमा धुम्रपान निषेध गर्नु, धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवनबाट हुने हानी नोक्सानीसम्बन्धमा एवम् यस्ता वस्तुको सेवन नगर्नेतर्फ जनचेतना जगाउने खालका कार्यक्रमहरू ल्याई कार्यान्वयन गर्नु र यो आदेश प्राप्त गरेको १ वर्षभित्रमा सार्वजनिक स्थलमा गरिने धुम्रपान निषेध गर्न आवश्यक कानून निर्माण गर्न पहल गर्नु" भन्ने परमादेशको आदेश भएकोमा बहुराष्ट्रिय सुर्ती कम्पनीहरूको स्वार्थ अनुकूल करिब ३ वर्ष ६ महिना बित्दासम्म पनि सुर्तीजन्य पदार्थ नियमन तथा निषेध ऐन, २०६३ स्वीकृत गरी लागू नगर्नुका साथै विभिन्न पत्र पत्रिकामा नयाँ चुरोटहरूको भ्रामक प्रचार सहितको विज्ञापन एवम् सार्वजनिकस्थलमा होर्डिङ बोर्ड राख्ने तथा पसलहरूमासमेत पर्चा पोस्टर, पम्प्लेटहरू झुण्ड्याई व्यापकरूपमा प्रचार प्रसार गर्ने कार्यलगायत संगीत साँझ एवम् खेलकुद कार्यक्रमको आयोजनाको रूपमा चुरोट कम्पनीहरूले विज्ञापनका लागि कार्यक्रमको आयोजना गरी निर्वाधरूपमा सञ्चालन गर्ने र गर्न दिएबाट तथा सार्वजनिकस्थलमा धुम्रपान गर्ने कार्यमाथी बन्देज लगाउने तथा कारवाही नगर्ने गरी विपक्षीहरूबाट प्रोत्साहित गरेबाट सम्मानित अदालतको आदेशको अवज्ञा र उल्लङ्घन भएको व्यहोरा निवेदन गर्दछौं।

त्यस्तै सम्मानित सर्वोच्च अदालतबाट धुम्रपान नगर्नेहरूको नैसर्गिक अधिकार संघबाट सूर्य नेपाल र नेपाल सरकार विरूद्ध मिति २०६३ माघ २६ गते दायर गरेको रिट नं. ०६३-WO-०७२४ मा मिति २०६६ साल कार्तिक ४ गतेका दिन सर्वोच्च अदालतबाट संवैधानिक व्यवस्था, यस अदालत (सर्वोच्च अदालत) बाट प्रतिपादित सिद्धान्त र धुम्रपान निषेध गर्ने सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिसमेतको मर्म, भावना र प्रावधानअनुरूप धुम्रपानजन्य पदार्थको व्यापारिक प्रवर्द्धन वा विज्ञापन हुन जाने गरी जुनसुकैस्वरूपका साँस्कृतिक, टेलिभिजन वा अन्य कुनै पनि व्यक्तिगत, सामूहिक वा संगठित गतिविधिहरू गर्न गराउने नमिल्ने भएकोले त्यस्तो कार्य अविलम्ब रोक्नु, रोक्न लगाउनु भनी परमादेशको आदेश भएको तथा मिति २०६३ साल फागुन ९ गते दायर गरिएको दोस्रो रिट नं. २०६३-WO-०७५२ मा "संवैधानिक प्रावधान, यस अदालतबाट भएको आदेश र धुम्रपान नियन्त्रसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिसमेतको विश्लेषणसमेतको आधार कारणबाट धुम्रपानजन्य पदार्थको प्रबर्द्धन र विज्ञापन हुने गरी कुनै पनि

खेलकुदलगायतका कार्यक्रमहरू आयोजना वा प्रायोजन गर्न नमिल्ने भन्ने आदेश भएको छ।

यसै मुद्दामा सम्मानित सर्वोच अदालतबाट "कुनै पनि सार्वजनिकस्थलमा वा सार्वजनिक कार्यक्रम वा सूचनाका माध्यमबाट कुनै धुम्रपानसम्बन्धी दुष्प्रचार वा विज्ञापन रोक्ने बृहत्तर उद्देश्यले अन्य क्षेत्रको अतिरिक्त खेलकुद कार्यक्रममा धुम्रपानजन्य पदार्थको विज्ञापन र प्रायोजन हुन नदिने गरी ३ महिनाभित्र निर्णय गरी त्यसको कार्यान्वयन र अनुगमनको अवस्थाबारे यस अदालतमाप्रतिवेदन गर्नु" भनी प्रत्यर्थी नेपाल सरकारका नाउँमा परमादेशको आदेश जारी भएको लगत्तै २०६६ पौष १ गते एक्सन किंग्स चुरोट ब्रान्डको नामबाट कान्तिपुर टेलिभिजनमा प्रत्यक्ष प्रसारण गरिने नेफ्टा केटिभी फिल्म अवार्डको प्रायोजन र प्रस्तुत तथा सूर्य लाइट्स रिदम नाइट्सको पोखरा, हेटौंडा, नारायणगढ, धरान र विराटनगरको विभिन्न होटलहरूमा प्रायोजन गराउनु र २०६६ माघ २ गते शनिबारका दिन चौधरी ग्रूपको पर्फेक्ट ब्लैण्ड्सले बजारमा ल्याएको नयाँ चुरोट जोसको प्रचार प्रसार गर्ने उद्देश्यले सहभागी नव युवायुवतीहरूलाई निःशुल्क चुरोटसमेत वितरण गरी पोखराको प्रदर्शनी केन्द्रमा जोस कन्सर्ट नेपाल टेलिभिजन २ बाट NTV 2 Promotional Musical Concert को रूपमा तीनघण्टा बढी प्रत्यक्ष प्रसारण गरी प्रायोजन र प्रस्तुत गर्नु गराउनुले सम्मानित अदालतको आदेश उल्लङ्घन गरी खुलमखुल्ला अवज्ञा र चुनौति दिँदै २०६६ पौष १ गतेका दिन दिउँसो ४ बजेदेखि राती ९ बजेसम्म गोर्खा लहरी प्रा.लि. ले एक्सन किंग्स चुरोट ब्रान्डको नामबाट कान्तिपुर टेलिभिजनमा नेफ्टा केटिभी फिल्म अवार्डको प्रत्यक्ष प्रसारण तथा सूर्य नेपालको पनि १८ डिसेम्बर अर्थात् पौष ३ गते धरानस्थित निर्वाण कन्ट्री क्लबमा र डिसेम्बर १९ अर्थात् पुस ४ गते विराटनगरस्थित होटल नमस्कारमा सूर्य नेपालको सूर्य लाइट्स चुरोट ब्राण्डबाट प्रायोजित डिजे राजु र किरण तथा हेमा श्रेष्ठबाट सूर्य लाइट्स रिदम नाइट्स कार्यक्रमहरू तथा चौधरी ग्रूपले नेपाल टेलिभिजन २ बाट प्रत्यक्ष प्रसारण गरी पोखरामा माघ २ गते शनिबार जोस कन्सर्ट प्रायोजन र प्रस्तुत गरेको छ। जसबाट कानूनी राज्यको उपहास हुनुको साथै सम्मानित अदालतको गरिमा र जनआस्थाप्रति गम्भिर आघात हुन गएको छ भने विपक्षीहरू जस्तो प्रतिष्ठित संस्थाहरूले आफ्नो संवैधानिक दायित्व र समाजप्रतिको दायित्व (Corporate Responsibility) र सम्मानित अदालतको आदेशविपरीत देशका युवाहरूलाई धुम्रपान जस्तो कुलतमा अभिप्रेरित गर्ने उद्देश्यले चुरोट कम्पनीद्वारा प्रायोजन गरिने विज्ञापनहरूमा सहकार्य गर्नु, आफ्नो जनप्रिय टेलिभिजन र पत्रिकाहरूमा चुरोटको बिक्री वितरण एवम् प्रबर्द्धनका लागि गरिने विज्ञापन सीमित आर्थिक लाभका उद्देश्यले प्रकाशन र प्रसारण गर्नु गराउनु अत्यन्त दुर्भाग्यपूर्ण एवम् खेदपूर्ण रहेको छ। त्यसैगरी विपक्षी नेपाल टेलिभिजन २ र कान्तिपुर टेलिभिजनले चुरोट कम्पनीले प्रायोजन गरेको कार्यक्रमलाई प्रत्यक्ष प्रसारण गरेका छन् भने विपक्षी पब्लिकेसन कम्पनीहरूले समय समयमा आदेशविपरीत भ्रामक सन्देशसहितको विज्ञापन प्रकाशन गरिरहनुले सम्मानित अदालतको आदेशको गम्भिर उल्लङ्घन भएको छ।

विपक्षी स्वास्थ्य मन्त्रालयले सहर र गाउँको विभिन्न ठाउँहरूमा जनस्वास्थ्यमा प्रत्यक्ष नकारात्मक असर पार्ने चुरोट र रक्सीका विज्ञापनको होर्डिङ बोर्ड पोस्टर एवम् अन्य विज्ञापनका सामग्रीहरू राख्दा त्यसलाई रोक्नेतर्फ कुनै प्रयास गरेको पाइँदैन। विपक्षी काठमाडौं महानगरपालिकाले जनस्वास्थ्यमा गम्भिर नकारात्मक असर पार्ने चुरोट र रक्सीको विज्ञापन सार्वजनिकस्थलहरूमा गर्न दिन नहुने आफ्नो नैतिक एवम् कानूनी दायित्व तथा सम्मानित सर्वोच्च अदालतको आदेशविपरीत विभिन्न आकर्षक होर्डिङ्ग बोर्डहरू राख्न दिई चुरोट व्यापारको प्रवर्द्धनमा सघाउ

पुऱ्याउने र जनस्वास्थ्यमा क्षति पुऱ्याउने कार्य गरिरहेका छन् । तसर्थ विपक्षीहरूलाई अदालतको अवहेलनामा कारवाही गरी अदालतप्रतिको जनआस्था अभिवृद्धि गर्ने आफ्नो संवैधानिक दायित्व पूरा गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदन पत्र।

यसमा निवेदकको मागबमोजिम अदालतको अवहेलनामा हदैसम्म सजाय किन हुन नपर्ने हो ? सजाय हुनु नपर्ने कुनै मनासिब आधार र कारण भए यो आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक ३ दिनभित्र आफैँ लिखित जवाफ लिई उपस्थित हुनु भनी विपक्षीहरूको नाममा म्याद जारी गर्नू।

प्रस्तुत विषय सार्वजनिक महत्त्वको हुनुका साथै जन स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने देखिन्छ । सर्वोच्च अदालतको अन्तिम आदेशको पालना गर्नु गराउनु पर्ने कानूनी राज्यको अवधारणा र सर्वोच्च अदालतको आदेश सबैले मान्नु र पालना गर्नुपर्ने संवैधानिक प्रावधानको पालना भएन भन्ने अति गम्भिर विषयसमेत गाँसिएको देखिँदा प्रत्यक्षदर्शीहरूबाट लिखित जवाफ प्राप्त भएपछि वा लिखित जवाफ पेस गर्ने अवधि नाघेपछि १० दिनभित्र अग्राधिकार दिई अन्तिम निर्णयको लागि पेस गर्नु भन्नेसमेत व्यहोराको मिति २०६६/११/१२ को यस अदालतका एक न्यायाधीशको इजलासबाट भएको आदेश।

म निवेदक कानूनको शासन (Rule of Law) प्रति पूर्णप्रतिबद्ध छु । अदालतको हरेक आदेशको पूर्णरूपमा परिपालना हुनुपर्छ भन्ने कुरामा पनि मेरो पूर्णप्रतिबद्धता रहेको छ । म एक उद्योगी व्यवसायी हुँ । वर्तमान सन्दर्भमा नेपालको नयाँ संविधान निर्माणको लागि संविधान सभाको सदस्य पदमा समेत निर्वाचित भई सोही जिम्मेवारी बहन गर्न निरन्तर क्रियाशील रहेको छु । यसप्रकार म जस्तो व्यक्तिले जानी जानी अदालतको आदेशको अवज्ञा गर्ने वा अदालतको आदेशको अवहेलनाजन्य कार्य गर्ने कुराको कल्पनासम्म पनि गर्न नसक्ने कुरा सम्मानित अदालतसमक्ष सविनय अनरोध गर्दछु । जहाँसम्म विपक्षी निवेदकहरूले आफ्नो निवेदनमा उल्लेख गरेको सम्मानित अदालतबाट भएको आदेशहरूको सन्दर्भ छ सो कुनै पनि निवेदनमा विपक्षीहरूले मलाई प्रत्यर्थी बनाएको अथवा सम्मानित अदालतबाट मलाई बुझिएको वा मेरो नाउँमा कुनै पनि प्रकारको आदेश सूचना जारी भएको भन्ने कुरा मेरो जानकारीमा रहेको छैन । सम्मानित अदालतको कुनै आदेशको प्रतिवादी वा पत्राचार वा अन्य कुनै निकायबाट त्यस्तो प्रकारको सूचना वा जानकारी मैले प्राप्त गरेको छैन । विपक्षीले आफ्नो निवेदनमा म लिखित जवाफ प्रस्तुतकर्ताको सन्दर्भमा उल्लेख गर्नु भएको २०६६ साल माघ २ गते पोखरामा जोस कन्सर्ट कार्यक्रम आयोजना गरी सम्मानित अदालतको आदेशको अवहेलना गरेको भनी दाबी लिनु भएको विषयमा उक्त कार्यक्रम मैले व्यक्तिगतरूपमा वा म अध्यक्ष रहेको चौधरी ग्रूप प्रा.लि.ले आयोजना गरेको होइन। मेरो कुनै संलग्नता सहभागिता, सरोकार एवम् जिम्मेवारी नै नरहेको कार्यक्रमबाट मैले सम्मानित अदालतको अवहेलनाजन्य कार्य गरेको भनी लिएको दाबी खारेजभागी रहेको भन्नेसमेत व्यहोराको विनोद चौधरीको तर्फबाट परेको लिखित जवाफ।

सर्वप्रथम म लिखित जवाफ प्रस्तुतकर्ता कानूनको शासन (Rule of Law)प्रति पूर्णरूपले प्रतिबद्ध रहेको छु । सम्मानित अदालत देशको स्वतन्त्र न्यायपालिकाको सर्वोच्च निकाय भएको हुँदा सम्मानित अदालतबाट भएको जस्तोसुकै फैसला, आदेशहरूको पूर्णरूपले अक्षरशः पालन गर्नु मलगायत म कार्यरत कम्पनी, संघ, संस्थाको कर्तव्य हो । सम्मानित अदालतबाट भएको आदेशहरूको पालना नगर्ने मेरो नियती नहुनुका साथै त्यस्तो अवहेलना हुने कार्य म तथा म कार्यरत संस्थाले कहिल्यै नगरेको हुँदा मलाई विपक्षी नै नबनाई दायर भएको विभिन्न मुद्दाहरूको हवाला दिएर झुठ्ठा आरोपबाट अलग फुर्सद

गरिपाऊँ। जहाँसम्म होर्डिङ्ग बोर्ड राख्ने, वाल पेन्टिङ्ग गर्ने, पोस्टर र पर्चाहरू वितरण गर्ने जस्ता कार्यहरू गरेको भन्ने सन्दर्भमा जनकपुर चुरोट कारखाना लिमिटेड नेपाल सरकारको पनि स्वामित्व भएको कम्पनी हो। त्यसैले यस कम्पनीले गर्नुपर्ने सम्पूर्ण कार्य नेपाल सरकारको नीति, नियम र निर्देशनअनुसार गर्ने गर्दछ र अदालतको आदेशको अवहेलना हुने कुनै किसिमको कार्य यस कारखानाको तर्फबाट नभएकोले झुट्ठा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको जनकपुर चुरोट कारखाना लिमिटेड जनकपुरकोतर्फबाट परेको लिखित जवाफ।

यस ललितपुर उप-महानगरपालिकाले सम्मानित अदालतको आदेश सदैव सम्मानपूर्वक कार्यान्वयन गरी आएको छ। जहाँसम्म सम्मानित अदालतको आदेश पालना नगरेको भन्ने विपक्षीहरूको भनाई छ। उक्त भनाई विलकुल झुट्ठो हो। सम्मानित अदालतको आदेशको अवहेलना गरेको छैन र गर्ने मनसायसमेत छैन। विपक्षीहरूले सम्मानित अदालतमा प्रस्तुत निवेदन गर्नुपूर्व यस उप-महानरपालिकाबाट जानकारी लिनुभएको भए यस उप-महानगरपालिकाको हकमा निवेदन गर्नुपर्ने अवस्था नै आउने थिएन। स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १४३ बमोजिम नगरपालिकाले विज्ञापनको लागि राखिने होर्डिङ्ग बोर्डहरूमा कर लगाउन पाउने कानूनी व्यवस्थाबमोजिम विगतमा चुरोट तथा मदिराका होर्डिङ्ग बोर्डहरू राख्न अनुमति दिई आएको भए तापनि सम्मानित अदालतको आदेश र चुरोट तथा मदिराको विज्ञापनको होर्डिङ्ग बोर्डहरू राख्न अनुमति नदिने र राखेकाहरूलाई हटाउने कुरामा यस उप-महानगरपालिका प्रतिबद्ध भएको कुरा सम्मानित अदालतसमक्ष अनुरोध छ। अतः विपक्षीहरूको निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको ललितपुर उप-महागरपालिकाको तर्फबाट परेको लिखित जवाफ।

विपक्षीबाट सम्मानित न्यायालयको गरिमा र जनआस्थाप्रति गम्भिर आघात पुगेको भनी सम्मानित न्यायालयसमक्ष हाम्रा विरूद्ध अवहेलनाको निवेदन दायर गर्नु भएको देखिन्छ। सुर्ती चुरोटको विज्ञापनलगायतका कार्यक्रमहरूमा मेरो व्यक्तिगत संलग्नता नभएको, अदालतको अवहेलना हुने गरी मैले कुनै काम नगरेको र ती कार्यक्रमहरू मैले व्यक्तिगतरूपमा कुनै पनि कार्यक्रम प्रायोजन नगरेको हुँदा म प्रबन्ध सन्चालक रहेको सूर्य नेपाल प्रा.लि.ले पनि सम्मानित अदालतको कुनै पनि आदेश निर्णयलाई पालना गर्न इन्कार नगरेको वा अवहेलना पनि नगरेको हुँदा विपक्षीको झुट्ठा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको सूर्य नेपाल प्रा.लि.कोतर्फबाट परेको लिखित जवाफ।

अदालतबाट भएको फैसला र आदेशको सम्मान गर्ने कार्यमा काठमाडौं महानगरपालिका सधैँ सचेत रहेको छ। जहाँसम्म कानून निर्माण गरी फैसला आदेश कार्यान्वयन गर्ने कुरा छ, त्यस विषय सरकार तथा व्यवस्थापिकासँग सम्बन्धित विषयको कुरा भएको र त्यस्तो नीतिगत कुरा यस महानगरपालिका तथा कार्यकारी अधिकृतको वशको कुरा नभएको हुँदा त्यस विषयमा सम्बन्धित निकायहरूले प्रतिरक्षा गर्ने नै हुँदा त्यस विषयमा मैले कुनै उल्लेख गर्ने कुरा भएन। अर्को कुरा यस महानगरपालिकालाई विपक्षी बनाउनुको मुख्य कारण महानगरक्षेत्रभित्र जनस्वास्थ्यमा गम्भिर नकारात्मक असर पार्ने चुरोट रक्सीको विज्ञापन सार्वजनिकस्थलहरूमा गर्न दिन नहुने कानूनी दायित्व बोकेको निकायलाई सर्वोच्च अदालतको आदेशविपरीत विभिन्न आकर्षित होर्डिङ्ग बोर्डहरू राख्न दिएको भनेको छ। यस महानगरपालिकाबाट आफ्नो स्वामित्व रहेको सार्वजनिक जग्गामा त्यस्ता सुर्तीजन्य तथा रक्सीको विज्ञापन गर्न होर्डिङ्ग बोर्डहरू राख्न त्यस्तो स्वीकृति दिने कार्य गरेको छैन। जहाँसम्म व्यक्ति विशेषले आफ्नो हकभोगको घरजग्गामा त्यस्ता विज्ञापन राख्न दिएको विषयमा

कुनै कानूनद्वारा निषेधित नगरेको अवस्थामा यस महानगरपालिकाको मात्र प्रयासले त्यस्तो कुरा एकै पटक निषेध गर्न सम्भव हुने कुरा पनि भएन। तर पनि त्यस्तो सुर्तीजन्य तथा रक्सीको विज्ञापन गर्न नदिनका लागि सो महानगरपालिका प्रयासरत रहेको छ। तसर्थ झुथा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको काठमाडौं महानगरपालिकाको तर्फबाट परेको लिखित जवाफ।

अदालतबाट भएका आदेशसमेतको सदैव पालना गर्न गराउन प्रतिबद्ध नै रहेको छु। जिल्ला प्रशासन कार्यालय तथा मेरातर्फबाट चुरोटको व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले प्रायोजित कार्यक्रममा सुरक्षा प्रदान गर्न कुनै किसिमको आदेश गरेको छैन। जहाँसम्म प्रायोजित कार्यक्रममा सुरक्षा प्रदान गर्न कुनै किसिमको आदेश गरेको छैन। जहाँसम्म २०६६ साल माघ ३ गते बजारमा ल्याएको नयाँ चुरोट जोसको प्रचार प्रसार गर्ने उद्देश्यले सहभागीहरूलाई निःशुल्क चुरोटसमेत वितरण गरी पोखराको प्रदर्शनी केन्द्रमा जोस कन्सर्ट नेपाल टेलिभिजन २ बाट ३ घण्टा भन्दा बढी प्रत्यक्ष प्रसारण गरी प्रायोजन र प्रस्तुत गरे गराएको भन्ने छ सोसम्बन्धमा जिल्ला प्रशासन कार्यालय, कास्की तथा मबाट समेत कुनै किसिमको सहमति अनुमति (मौखिक वा लिखित) बोर्ड एवम् पम्प्लेट तथा पोस्टरसमेत हटाउने कार्यका लागि सम्बन्धित निकायहरूलाई समय समयमा आदेश दिने कामसमेत गरेको हुँदा यस कार्यालय तथा मबाट अदालतको आदेश उल्लङ्घन गरी सम्मानित अदालतको अवहेलना नगरे नगराएको हुँदा विपक्षीको रिट निवेदन खारेज गरी न्याय इन्साफ पाऊँ। पक्ष नै नभएको यस कम्पनीउपर आरोप लगाउन मिल्ने प्रश्न नै उठ्दैन। तथापि पनि श्री प्रकाशमणि शर्मासमेतले उल्लिखित दुवै आदेशको प्रतिलिपि साथ राखी यस कम्पनीलाई मिति २०६६/८/२८ मा जानकारी दिई मिति २०६६/९/१ मा कान्तिपुर टेलिभिजनमा प्रायोजित गरिएको शो रोक्न अनुरोध गर्नुभएकोमा यस कम्पनीले ऐ. कार्यक्रमको इभेन्ट मेनेजर संसारा प्राइभेट लिमिटेड बानेश्वरबाट प्रमुख कार्यकारी अधिकृत श्री दिपक कोइरालालाई "यस कम्पनीको प्रायोजन हुने गरी कार्यक्रम सञ्चालन नगर्न" जानकारी गराइसकेको र सो कार्यक्रममा यस कम्पनीको तर्फबाट कसैले भाग नलिनुको साथै सो प्रायोजनबापत कम्पनीले ईभेन्ट मेनेजर वा कान्तिपर टेलिभिजनलाई एक पैसा भुक्तानीसमेत नगरिएको कुरा सम्मानित अदालतलाई सादर जानकारी गराउँदछ। झुठ्ठा आरोपबाट अलग फुर्सद गरिपाउँ भन्नेसमेत व्यहोराको गोर्खा लहरी प्राइभेट लिमिटेडको तर्फबाट परेको लिखित जवाफ।

सम्मानित अदालतबाट सार्वजनिक स्थानमा धुम्रपान नगर्ने एवम् धुम्रपानजन्य विज्ञापन नगर्ने गरी भएका आदेशहरूको अवज्ञा गर्ने कार्य मेरो कार्यालय तथा मबाट भए गरिएको छैन । यस कार्यालय तथा मबाट सम्मानित अदालतबाट भएका आदेशसमेतको सदैव पालना गर्न गराउनप्रतिबद्ध नै रहेको छु। जिल्ला प्रशासन कार्यालय तथा मेरातर्फबाट चुरोटको व्यापार प्रबर्द्धन गर्ने उद्देश्यले प्रायोजित कार्यक्रममा सुरक्षा प्रदान गर्न कुनै किसिमको आदेश गरेको छैन। जहाँसम्म २०६६ साल माघ २ गते ३ घण्टाभन्दा बढी प्रत्यक्ष प्रसारण गरी प्रायोजन र प्रस्तुत गरे गराएको भन्ने छ। सोसम्बन्धमा जिल्ला प्रशासन कार्यालय, कास्की तथा मबाट समेत कुनै किसिमको सहमति अनुमति (मौखिक वा लिखित) दिएको छैन। यस कार्यालयबाट यस जिल्लाका सहर बजारसमेतमा धुम्रपानजन्य होर्डिङ्ग बोर्ड एवम् पम्प्लेट तथा पोस्टरसमेत हटाउने कार्यका लागि सम्बन्धित निकायहरूलाई समय समयमा आदेश दिने कामसमेत गरेको हुँदा यस कार्यालय तथा मबाट अदालतको आदेश उल्लङ्घन गरी सम्मानित अदालतको अवहेलना नगरे नगराएको हुँदा विपक्षीको रिट निवेदन खारेज गरी न्याय इन्साफ पाउँ भन्नेसमेत व्यहोराको जिल्ला प्रशासन कार्यालय प्रमुख जिल्ला

अधिकारीको तर्फबाट परेको लिखित जवाफ।

विपक्षीले २०६६ पौष १ गतेको प्रसारण कार्यक्रमको सम्बन्धमा प्रश्न उठाउनु भएको छ। २०६६ पौष १ गते प्रसारण सामाग्रीले अदालतको आदेशको अवहेलना भएको छ भने सोही समयमा विपक्षीले निवेदन दिनुपर्ने थियो। सूचना तथा सञ्चार मन्त्रालयले विज्ञापन सामाग्रीको सेन्सर गर्ने व्यवस्था छ। २०५५ साल कार्तिक २९ गते नेपाल सरकारको निर्णयअनुसार टेलिभिजन र रेडियोमा सुर्तीजन्य पदार्थको विज्ञापन गर्न बन्देज लगाइएको छ। मिति २०६६ पौष १ गते संसारा प्रा.लि. ले के.टि.भी. फिल्म अवार्डको कार्यक्रम प्रायोजित गरेको कुरा लेखाको रेकर्डबाट देखिन्छ। उक्त दिन भनिएको कार्यक्रम शुद्ध नेपाली चलचित्र उद्योगसँग सम्बन्धित व्यक्तिलाई सम्मानित गर्नलाई गरिएको कार्यक्रम थियो। जसमा कान्तिपुर टेलिभिजनबाट सुर्तीजन्य पदार्थको विज्ञापन प्रसारण गरिएको थिएन। सूचना तथा सञ्चार मन्त्रालयको मिति २०५९/१/४ को इजाजतको दफा १४ (च) बमोजिम प्रसारित कार्यक्रमको रेकर्ड साधारणतया ७ दिनसम्म सुरक्षित राख्नुपर्ने र माग गरेको बखत मन्त्रालयलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ। विपक्षीले भनेको कार्यक्रमसम्बन्धमा अहिले यति विलम्ब गरी निवेदन दिनुको कुनै उचित कारण विपक्षीले दिन सक्नु भएको छैन। विपक्षीले तत्कालीन अवस्थामा मुद्दा दिएको भए तत्कालीन प्रबन्ध निर्देशकले यथोचित जवाफ दिने थियो होला। तर, विपक्षीले म लिखित जवाफकर्तालाई दुःख दिने उद्देश्यले मात्र ढिलो गरी मेरो नाम उल्लेख गरी नभएको पद अध्यक्षसमेत जोडी निवेदन दिएकोबाट विपक्षीले स्वच्छ मनले प्रस्तुत निवेदन नदिएको पुष्टि हुन्छ। यसर्थ म पदमा बहाल नभएको समयको कुरासम्बन्धमा मलाई कारवाही गर्न नमिल्ने भएकोले मेरो हकमा खारेजी भागी छ। सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकारका नाममा जारी भएका आदेशलाई कार्यान्वयन गर्ने, गराउने कार्यलाई मुख्य सचिवको हैसियतबाट मैले सँधै उच्च प्राथमिकता दिई सम्बन्धित मन्त्रालयहरूमा पठाउने र नेपाल सरकारका सचिवहरूको बैठकमा प्राथमिकतासाथ कार्यान्वयन गर्न समय समयमा सचिवहरूलाई निर्देशन दिँदै आएको व्यहोरा अनुरोध गर्दछु। साथै सुर्तीजन्य पदार्थको सम्बन्धमा पनि सम्मानित अदालतबाट विभिन्न मितिमा भएका आदेश प्राप्त भएका बखत कार्यान्वयन गर्न मुख्य सचिवको हैसियतले सम्बद्ध निकायहरूलाई लेखी पठाएको छु। प्रस्तुत निवेदनमा त्यसो नभइ केवल हचुवाको भरमा मात्रै अदालतको आदेशको अवहेलनाको दाबी लिएको अवस्था हुँदा मउपर कुनै किसिमको कारवाही हुनुपर्ने होइन। विपक्षीको निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मुख्य सचिवको तर्फबाट परेको लिखित जवाफ।

वस्तुतः मिति २०६६/१०/२ गते शनिबार पोखराको प्रदर्शनी केन्द्रमा आयोजित कार्यक्रम Bingo तयारी चाउचाउ, मनकामना केबुल कार, गुण एयरलाइन्स, किष्ट बैंक, शिखर सुज, LG Mobile, राजहंस तेल इत्यादिले प्रायोजन गरेका थिए। उक्त कार्यक्रम NTV 2 ले Station Promotion को लागि प्रसारण मात्र गरेको हो। उक्त कार्यक्रमबाट NTV 2 ले कुने पनि आय आर्जन नगरेको व्यहोरासमेत अनुरोध छ। उक्त कार्यक्रममा चुरोट तथा सुर्तीजन्य पदार्थको विज्ञापन एवम् प्रचार प्रसार भएको थिएन। त्यसकारण, हामी लिखित जवाफकर्ताहरूको सम्मानित अदालतबाट विभिन्न मितिमा भएका फैसलाहरूको उल्लङ्घन गरी सम्मानित अदालतको अवहेलना हुने गरी कुनै पनि कार्य नगरेको हुँदा विपक्षीहरूको निवेदन सर्वथा खारेज भागी रहेको प्रस्ट छ। नेपाल टेलिभिजनले स्थापना कालदेखि नै राष्ट्र र समाजप्रति सकारात्मक भूमिका खेलेको तथ्य विपक्षीहरूको निवेदन-पत्रको प्रकरण नं. (घ) मा स्वयं विपक्षीहरूले पनि स्वीकार गर्नु भएकै छ। यो संस्थान सञ्चार संस्थान ऐन, २०२८

द्वारा गठित संस्थान हुँदा उक्त ऐनले तोकेको परिधिभित्र रही सञ्चालन भइरहेको छ । यो संस्थान सार्वजनिक संस्थान त्यसमा पनि राष्ट्रको प्रमुख प्रसारण संस्था भएको हुनाले सम्मानित अदालतबाट भएका फैसला एवम् आदेशहरूको पूर्ण पालना गर्नु आफ्नो परम कर्तव्य ठान्दछ । यस संस्थानले हालसम्म सामग्री प्रसारण गर्दा सम्मानित अदालतको अनादर हुने, अनास्था पैदा गर्ने, अवहेलना हुने खालको कुनै पनि सामग्री प्रसारण नगरेको व्यहोरासमेत सविनय अनुरोध छ । तसर्थ झुट्ठा व्यहोराको विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको नेपाल टेलिभिजन संस्थान तथा ऐ.का निर्देशक जयसिंह शाहसमेतको तर्फबाट संयुक्तरूपमा परेको लिखित जवाफ ।

सम्मानित अदालतले मिति २०६३/२/३० मा गरेको फैसलामा यस्ता सुर्तीजन्य पदार्थको प्रचार प्रसारमा रोक लगाउने गरी सरकारले निर्णय गर्नुपर्ने र १ वर्षभित्रमा धुम्रपान निषेध गर्ने कानून बनाउन निर्देशन गरेको देखिन्छ । यो निर्देशनबमोजिम कानून निर्माण भएको खण्डमा वा सरकारले त्यस्ता विज्ञापन नछाप्न निर्देशन दिएको खण्डमा यो संस्थानले त्यसलाई पालना गर्ने नै छ । त्यसैले कुनै कानून, निर्णय वा अदालतको फैसलाले रोक नलगाएको विषयमा संस्थानले गरेको कार्यबाट अदालतको मानहानि भयो भन्ने विपक्षीको रिट खारेज गरिपाऊँ । यो संस्थान एउटा सरकारी प्रकाशन संस्थान हो । सरकारले गरेको निर्णय, बनाएका नीति र प्रचलित कानून, संविधान साथै सम्मानित अदालतबाट भएका निर्णयहरू यस संस्थानका लागि सधैँ स्वीकार्य र शिरोधार्य छन् । विपक्षीले निवेदनपत्रमा आरोप लगाए जस्तो सम्मानित अदालतको आदेशलाई पालना नगरी चुनौती दिएको र कानूनी राज्यको अवधारणाप्रति अनुत्तरदायी रहेको होइन । विपक्षी आफैँले निवेदनपत्रको प्रकरण नं. (घ) मा यो संस्थानले समाजप्रति पुर्‍याएको योगदानको प्रशंसा गर्नुभएको छ । संस्थान, समाज, नियम, कानून र संविधानप्रति सधैँ जवाफदेही रहेकोले सम्मानित अदालतको मानहानि गरेको छैन । त्यसैले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको गोरखापत्र संस्थानको तर्फबाट परेको लिखित जवाफ ।

सम्मानित सर्वोच्च अदालतबाट मिति २०६३/२/३० र मिति २०६६/७/४ मा भएको फैसलासमेतको प्रभावकारीरूपमा कार्यान्वयन गर्ने सन्दर्भमा धुम्रपान तथा सुर्ती सेवनलाई प्रोत्साहन गर्ने विज्ञापन र प्रायोजन नगर्न नगराउनु हुन तथा सार्वजनिक संस्थानहरूमा ध्रुम्रपान तथा सुर्ती सेवन पूर्णरूपमा रोक लगाउने व्यवस्था गर्नु गराउनु हुनुको लागि भनी विभिन्न सरकारी निकायहरू एवम् सञ्चार माध्यमहरूमा समेत पत्राचार भइसकेको व्यहोरा अनुरोध गर्दछु । जनचेतना जगाउने र स्वास्थ्य शिक्षा प्रदान गर्ने विषयमा धुम्रपान विरूद्ध कार्यक्रम सन्दर्भ पुस्तिका तयार पारी विभिन्न चरणमा कार्यक्रमहरू सञ्चालन गरिएका छन् । उक्त पुस्तिकाको चौथो संस्करण यसै लिखित जवाफसँगै संलग्न छ । यस मन्त्रालयबाट "सुर्तीजन्य पदार्थको (नियन्त्रण र नियमन) गर्ने निर्देशिका, "२०६६" को मस्यौदा तयार गरी स्वीकृतिका लागि कारवाही अघि बढिरहेको व्यहोरासमेत अनुरोध गर्न चाहन्छु । उक्त निर्देशिकाको मस्यौदा कपि संलग्न छ । सुर्तीजन्य पदार्थलाई प्रोत्साहित गर्ने कुनै कार्य मबाट भएको छैन । सम्मानित अदालतको आदेशको परिपालना भइरहेको छ । प्रत्यर्थीहरूलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेका काम कारवाहीहरूबारे बारम्बार औपचारिक तथा अनौपचारिकरूपमा जानकारी गराइएको अवस्थासमेत भएको कुरा "सुर्तीजन्य पदार्थको (नियन्त्रण र नियमन)" गर्नेसम्बन्धी सम्पूर्ण कार्य केवल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मात्र सम्पादन हुने विषय होइन भन्ने कुरा सम्मानित अदालतलाई जानकारी भएकै विषय हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कार्यक्षेत्राधिकारको ख्याल नगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको

सुर्तीजन्य पदार्थको (नियन्त्रण र नियमन) गर्ने विधेयक पारित भएको कामको जस आफू लिई लाभ हासिल गर्ने, प्रचार प्रसारमा आउने र सम्मानित अदालतलाई भ्रममा पार्ने मनसायबाट ममाथि लगाइएको आरोप निराधार भएको हुँदा रिट खारेज भागी छ । खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवका तर्फबाट परेको लिखित जवाफ।

धुम्रपानजन्य पदार्थको व्यापारिक प्रबर्द्धन वा विज्ञापन हुने जुनसुकै गतिविधिहरू गर्न वा कार्यक्रम आयोजन / प्रायोजन गर्ने गराउने कार्य अविलम्ब रोक्न रोक लगाउनु भनी सम्मानित अदालतबाट जारी भएका आदेशहरूको कार्यान्वयनसम्बन्धमा मन्त्रालयबाट भए गरिएका काम कारवाहीहरूको बारेमा जानकारी नै नलिई विपक्षी रिट निवेदकले सत्यतथ्य कुरा लुकाई सम्मानित अदालतसमक्ष अदालतको अवहेलनामा कारवाही गरिपाउँ भनी दिनुभएको रिट निवेदन प्रथम दृष्टिमा नै खारेज भागी छ । मन्त्रालयले सार्वजनिक सूचना प्रकाशन गरी सुर्तीजन्य तथा मादक पदार्थको व्यापारिक प्रवर्द्धन वा विज्ञापन हुने कुनै पनि कार्यक्रमहरू प्रसारण नगर्न नगराउन सम्बन्धित पक्षलाई जानकारी गराइएको सम्मानित अदालतको आदेशको प्रभावकारी कार्यान्वयन गर्ने गराउने सन्दर्भमा मिति २०६६/१०/२१ मा सूचना विभागमार्फत् सार्वजनिक वा निजी सञ्चार प्रतिष्ठानलाई लेखी पठाइएको र मन्त्रालयले मिति २०६६/१०/२४ मा मातहतका सबै निकायहरूमा सम्मानित अदालतको आदेश कार्यान्वयन गर्नको लागि लेखी पठाइसकेको अवस्था छ । तसर्थ झुट्ठा दाबी खारेज हुनुपर्छ भन्नेसमेत व्यहोराको सूचना तथा सञ्चार मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा तथा अधिवक्ता रमा पन्त खरेल र अधिवक्ता कविता पाँडेले विपक्षीहरूले सम्मानित सर्वोच्च अदालतका तपसिलका निर्णयहरूको कार्यान्वयन नगरी कानूनी शासनको उपहास गर्नुका साथै सम्मानित अदालतको मान मर्दन गरेको र सम्मानित अदालतबाट २०६२ सालको रिट नं. ३८२२ घरभित्र वा बाहिरका सार्वजनिक सेवा प्रदायक कार्यालय, निकाय, अस्पताल, शैक्षिक प्रतिष्ठान, सार्वजनिक सवारी साधन, बसपार्क, टिकट काउन्टर, सार्वजनिक उपयोगका मनोरन्जनस्थल, सार्वजनिक जमघट हुने स्थान र भवनसमेतका सार्वजनिक स्थलहरूमा धुम्रपान निषेध गर्नु, धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवनबाट हुने हानि नोक्सानीसम्बन्धमा एवम् यस्ता वस्तुको सेवन नगर्नेतर्फ जनचेतना जगाउने खालका कार्यक्रमहरू ल्याई कार्यान्वयन गर्नु र यो आदेश प्राप्त गरेको १ वर्ष भित्रमा सार्वजनिक स्थलमा गरिने धुम्रपान निषेध गर्न आवश्यक कानून निर्माण गर्न पहल गर्नु भन्ने परमादेशको आदेश भएकोमा बहुराष्ट्रिय सुर्ती कम्पनीहरूको स्वार्थ अनुकूल करिब ३ वर्ष ६ महिना बित्दासम्म पनि सुर्तीजन्य पदार्थ नियमन तथा निषेध ऐन, २०६३ स्वीकृत गरी लागू नगर्नुका साथै विभिन्न पत्र पत्रिकामा नयाँ चुरोटहरूको भ्रामक प्रचारसहितको विज्ञापन एवम् सार्वजनिक स्थलमा होर्डिङ बोर्ड राख्ने तथा पसलहरूमा समेत पर्चा पोस्टर, पम्प्लेटहरू झुण्ड्याई व्यापकरूपमा प्रचार प्रसार गर्ने कार्यलगायत संगीत साँझ एवम् खेलकुद कार्यक्रमको आयोजनाको रूपमा चुरोट कम्पनीहरूले विज्ञापनका लागि कार्यक्रमको आयोजना गरी निर्वाधरूपमा सञ्चालन गर्ने र गर्न दिएबाट तथा सार्वजनिक स्थलमा धुम्रपान गर्ने कार्य माथी बन्देज लगाउने तथा कारवाही नगर्ने गरी विपक्षीहरूबाट प्रोत्साहित गरेबाट सम्मानित अदालतको आदेशको अवज्ञा र उल्लङ्घन भएकोले विपक्षीहरूलाई अदालतको अवहेलना गरेमा हदैसम्मको सजाय गरिपाउँ भनी लिखित बहसनोटका साथै बहस जिकिर प्रस्तुत गर्नुभयो।

त्यसैगरी ललितपुर उप-महानगरपालिकाको तर्फबाट विद्वान् अधिवक्ता रमेश कुमार रोक्काले यस ललितपुर उप-महानगरपालिकाले सम्मानित अदालतको आदेश सदैव सम्मानपूर्वक कार्यान्वयन गरी आएको छ। स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १४३ बमोजिम नगरपालिकाले विज्ञापनको लागि राखिने होर्डिङ्ग बोर्डहरूमा कर लगाउन पाउने कानूनी व्यवस्थाबमोजिम विगतमा चुरोट तथा मदिराका होर्डिङ्ग बोर्डहरू राख्न अनुमति दिई आएको भए तापनि सम्मानित अदालतको आदेश र चुरोट तथा मदिराको विज्ञापनको होर्डिङ्ग बोर्डहरू राख्न अनुमति नदिने र राखेकाहरूलाई हटाउने कुरामा यस उप-महानगरपालिका प्रतिबद्ध भएको कुरा सम्मानित अदालतसमक्ष अनुरोध छ भनी लिखित बहसनोट पेस गर्नुका साथै बहस जिकिरसमेत प्रस्तुत गर्नुभयो।

सूर्य नेपाल प्रा. लि. का प्रबन्ध सन्चालक संजिव केशभाको तर्फबाट वरिष्ठ अधिवक्ता अनिलकुमार सिन्हाले विपक्षीबाट सम्मानित न्यायालयको गरिमा र जनआस्थाप्रति गम्भीर आघात पुगेको भनी सम्मानित न्यायालयसमक्ष हाम्रा विरूद्ध अवहेलनाको निवेदन दायर गर्नु भएको देखिन्छ । सुर्ती चुरोटको विज्ञापनलगायतका कार्यक्रमहरूमा मेरो व्यक्तिगत संलग्नता नभएको, अदालतको अवहेलना हुने गरी मैले कुनै काम नगरको र ती कार्यक्रमहरू मेरो पक्षले व्यक्तिगतरूपमा कुनै पनि कार्यक्रम प्रायोजन नगरेको हुँदा म प्रबन्ध सन्चालक रहेको सूर्य नेपाल प्रा.लि.ले पनि सम्मानित अदालतको कुनै पनि आदेश निर्णयलाई पालना गर्न इन्कार नगरेको वा अवहेलना पनि नगरेको हुँदा विपक्षीको झुठ्ठा रिट निवेदन खारेज गरिपाउँ भनी लिखित बहसनोट पेस गर्नुका साथै बहस जिकिरसमेत प्रस्तुत गर्नुभयो।

सूचना तथा सञ्चार मन्त्रालयका तत्कालीन सचिव सुशील घिमिरेको तर्फबाट अधिवक्ताद्वय पुरूषोत्तम अधिकारी तथा हरिमाया भट्टराईले धुम्रपानजन्य पदार्थको व्यापारिक प्रबर्द्धन वा विज्ञापन हुने जुनसुकै गतिविधिहरू गर्न वा कार्यक्रम आयोजन/प्रायोजन गर्ने गराउने कार्य अविलम्ब रोक्न लगाउनु भनी सम्मानित अदालतबाट जारी भएका आदेशहरूको कार्यान्वयनसम्बन्धमा यस मन्त्रालयबाट भए गरिएका काम कारवाहीहरूको बारेमा जानकारी नै नलिई विपक्षी रिट निवेदकले सत्यतथ्य कुरा लुकाई सम्मानित अदालतसमक्ष अदालतको अवहेलनामा कारवाही गरी पाउन भनी दिनुभएको रिट निवेदन प्रथम दृष्टिमा नै खारेज भागी छ । सम्मानित अदालतबाट भएको आदेश प्राप्त भएपछि सो आदेशबमोजिम गर्न गराउन यस मन्त्रालयले विभिन्न निर्णयहरू गरेको छ । यस मन्त्रालयले सार्वजनिक सूचना प्रकाशन गरी सुर्तीजन्य तथा मादक पदार्थको व्यापारिक प्रबर्द्धन वा विज्ञापन हुने कुनै पनि कार्यक्रमहरू प्रसारण नगर्न नगराउन सम्बन्धित पक्षलाई जानकारीसमेत गराइएकोले झुठा रिट निवेदन खारेज गरीपाउँ भनी लिखित बहसनोट पेस गर्नुका साथै बहस जिकिरसमेत प्रस्तुत गर्नुभयो।

काठमाडौं महानगरपालिकाका तत्कालीन कार्यकारी अधिकृत गणेश राईको तर्फबाट विद्वान् अधिवक्ता दामोदर खड्काले अदालतबाट भएको फैसला र आदेशको सम्मान गर्ने कार्यमा काठमाडौं महानगरपालिका सँधै सचेत रहेको छ । काठमाडौं महानगरपालिकाको आम्दानीको स्रोतमध्ये राम्रो राजश्व उठ्ने होर्डिङ बोर्डलाई आम्दानी मात्र नहेरी सामाजिक दायित्व हेरी पहिला मदिराजन्य र सुर्तीजन्य होर्डिङ बोर्ड नविकरण नगरिएको पछि सबै खाले होर्डिङ बोर्ड निकालिएको / निकाल्न नलगाइएको र महानगरपालिकाभित्र होर्डिङ बोर्डसमेत नभएको अवस्था छ । यस महानगरपालिकाबाट आफ्नो स्वामित्व रहेको सार्वजनिक जग्गामा त्यस्ता सुर्तीजन्य तथा रक्सीको विज्ञापन गर्न होर्डिङ्ग बोर्डहरू राख्न त्यस्तो स्वीकृति दिने कार्य गरेको छैन । जहाँसम्म व्यक्ति विशेषले आफ्नो हकभोगको घरजग्गामा त्यस्ता

विज्ञापन राख्न दिएको विषयमा हटाउँदा लुटपिट मुद्दासमेत व्यक्ति विशेषले दिने गरेको अवस्था छ। तर पनि त्यस्तो सुर्तीजन्य तथा रक्सीको विज्ञापन गर्न नदिनका लागि सो महानगरपालिका प्रयासरत रहेको छ । तसर्थ झुट्टा रिट निवेदन खारेज गरिपाउँ भनी लिखित बहसनोट पेस गर्नुका साथै बहस जिकिरसमेत प्रस्तुत गर्नुभयो।

नेपाल टेलिभिजन संस्थानका तत्कालीन महाप्रबन्धक विश्वप्रकाश मास्केसमेतको तर्फबाट अधिवक्ता खडानन्द कण्डेलले नेपाल टेलिभिजनले स्थापना कालदेखि नै राष्ट्र र समाजप्रति सकारात्मक भूमिका खेलेको तथ्य विपक्षीहरूको निवेदन-पत्रको प्रकरण नं. (घ) मा स्वयं विपक्षीहरूले पनि स्वीकार गर्नु भएकै छ। यो संस्थान सञ्चार संस्थान ऐन, २०२८ द्वारा गठित संस्थान हुँदा उक्त ऐनले तोकेको परिधिभित्र रही सञ्चालन भइरहेको छ। यो संस्थान सार्वजनिक संस्थान त्यसमा पनि राष्ट्रको प्रमुख प्रसारण संस्था भएको हुनाले सम्मानित अदालतबाट भएका फैसला एवम् आदेशहरूको पूर्ण पालना गर्नु आफ्नो परम कर्तव्य ठान्दछ । यस संस्थानले हालसम्म सामग्री प्रसारण गर्दा सम्मानित अदालतको अनादर हुने, अनास्था पैदा गर्ने, अवहेलना हुने खालको कुनै पनि सामग्री प्रसारण नगरेको हुँदा झुट्टा व्यहोराको विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भनी बहस जिकिर प्रस्तुत गर्नुभयो।

जनकपुर चुरोट कारखाना लिमिटेडका तत्कालीन निमित्त महाप्रबन्धक रामस्वार्थ यादवको तर्फबाट अधिवक्ता राजिव आचार्यले मेरो पक्ष कानूनको शासन (Rule of Law) र स्वतन्त्र न्यायपालिकाप्रति पूर्ण रूपलेप्रतिबद्ध रहेको छ । अदालतबाट भएको जस्तोसुकै फैसला, आदेशहरूको पूर्णरूपले पालना गरि आएको छ । सम्मानित अदालतबाट भएको आदेशहरूको पालना नगर्ने मेरो पक्षको नियती नहुनुका साथै त्यस्तो अवहेलना हुने कार्य कहिल्यै नगरेको हुँदा झुट्टा रिट निवेदन खारेज गरिपाउँ भनी लिखित बहसनोट पेस गर्नुका साथै बहस जिकिरसमेत प्रस्तुत गर्नुभयो।

तत्कालीन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका तर्फबाट अधिवक्ता पदम गिरीले सम्मानित सर्वोच्च अदालतबाट मिति २०६३/२/३० र मिति २०६६/७/४ मा भएको फैसलासमेतको प्रभावकारीरूपमा कार्यान्वयन गर्ने सन्दर्भमा धुम्रपान तथा सुर्ती सेवनलाई प्रोत्साहन गर्ने विज्ञापन र प्रायोजन नगर्न नगराउनु हुन तथा सार्वजनिक संस्थानहरूमा धूम्रपान तथा सुर्ती सेवन पूर्णरूपमा रोक लगाउने व्यवस्था गर्नु गराउनु हुनुको लागि भनि विभिन्न सरकारी निकायहरू एवम् सञ्चार माध्यमहरूमा समेत पत्राचार भइसकेको छ। जनचेतना जगाउने र स्वास्थ्य शिक्षा प्रदान गर्ने विषयमा धुम्रपान विरूद्ध कार्यक्रम सन्दर्भ पुस्तिका तयार पारी विभिन्न चरणमा कार्यक्रमहरू सञ्चालन गरिएका छन् । सुर्तीजन्य पदार्थको (नियन्त्रण र नियमन) गर्ने निर्देशिका, २०६७ लागू भएको छ भने सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन) ऐन, २०६८ जारी हुनु आफैँमा अदालतको आदेशको सम्मान गरेको अवस्था हो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कार्यक्षेत्राधिकारको ख्याल नगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको सुर्तीजन्य पदार्थको (नियन्त्रण र नियमन) गर्ने विधेयक पारित भएको कामको जस आफु लिई लाभ हासिल गर्ने, प्रचार प्रसारमा आउने र सम्मानित अदालतलाई भ्रममा पार्ने मनसायबाट ममाथि लगाइएको आरोप निराधार भएको हुँदा रिट खारेजभागी छ भन्नेसमेत व्यहोराको लिखित बहसनोट पेस गर्नुका साथै बहस जिकिर प्रस्तुत गर्नुभयो।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मुख्य सचिवसमेतको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट विद्वान् उप-न्यायाधिवक्ता उद्धवप्रसाद पुडासैनीले विपक्षीले २०६६ पौष १ गतेको प्रसारण कार्यक्रमको

सम्बन्धमा प्रश्न उठाउनुभएको छ । २०६६ पौष १ गते प्रसारण सामाग्रीले अदालतको आदेशको अवहेलना भएको छ भने सोही समयमा विपक्षीले निवेदन दिनुपर्ने थियो । सूचना तथा सञ्चार मन्त्रालयले विज्ञापन सामाग्रीको सेन्सर गर्ने व्यवस्था छ । २०५५ साल कार्तिक २९ गते नेपाल सरकारको निर्णय अनुसार टेलिभिजन र रेडियोमा सुर्तीजन्य पदार्थको विज्ञापन गर्न बन्देज लगाइएको छ । मिति २०६६ पौष १ गते संसारा प्रा.लि. ले के.टि.भी. फिल्म अवार्डको कार्यक्रम प्रायोजित गरेको कुरा लेखाको रेकर्डबाट देखिन्छ । उक्त दिन भनिएको कार्यक्रम शुद्ध नेपाली चलचित्र उद्योगसँग सम्बन्धित व्यक्तिलाई सम्मानित गर्नलाई गरिएको कार्यक्रम थियो । जसमा कान्तिपुर टेलिभिजनबाट सुर्तीजन्य पदार्थको विज्ञापन प्रसारण गरिएको थिएन । सूचना तथा सञ्चार मन्त्रालयको मिति २०५९/१/४ को इजाजतको दफा १४ (च) बमोजिम प्रसारित कार्यक्रमको रेकर्ड साधारणतया ७ दिनसम्म सुरक्षित राख्नुपर्ने र माग गरेको बखत मन्त्रालयलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । विपक्षीले भनेको कार्यक्रमसम्बन्धमा अहिले यति विलम्ब गरी निवेदन दिनुको कुनै उचित कारण विपक्षीले दिन सक्नुभएको छैन । विपक्षीले तत्कालीन अवस्थामा मुद्दा दिएको भए तत्कालीन प्रबन्ध निर्देशकले यथोचित जवाफ दिने थियो होला । तर, विपक्षीले म लिखित जवाफकर्तालाई दुःख दिने उद्देश्यले मात्र ढिलो गरी मेरो नाम उल्लेख गरी नभएको पद अध्यक्षसमेत जोडी निवेदन दिएकोबाट विपक्षीले स्वच्छ मनले प्रस्तुत निवेदन नदिएको पुष्टि हुन्छ । यसर्थ म पदमा बहाल नभएको समयको कुरासम्बन्धमा मलाई कारवाही गर्न नमिल्ने भएकोले मेरो हकमा खारेजीभागी छ । सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकारका नाममा जारी भएका आदेशलाई कार्यान्वयन गर्ने, गराउने कार्यलाई मुख्य सचिवको हैसियतबाट मैले सँधै उच्च प्राथमिकता दिई सम्बन्धित मन्त्रालयहरूमा पठाउने र नेपाल सरकारका सचिवहरूको बैठकमा प्राथमिकतासाथ कार्यान्वयन गर्न समय समयमा सचिवहरूलाई निर्देशन दिँदै आएको व्यहोरा अनुरोध गर्दछु । साथै सुर्तीजन्य पदार्थकोसम्बन्धमा पनि सम्मानित अदालतबाट विभिन्न मितिमा भएका आदेश प्राप्त भएका बखत कार्यान्वयन गर्न मुख्य सचिवको हैसियतले सम्बद्ध निकायहरूलाई लेखी पठाएको छु । प्रस्तुत निवेदनमा त्यसो नभइ केवल हचुवाको भरमा मात्रै अदालतको आदेशको अवहेलनाको दाबी लिएको अवस्था हुँदा मउपर कुनै किसिमको कारवाही हुनुपर्ने होइन । विपक्षीको निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको लिखित बहसनोट पेस गर्नुका साथै बहस जिकिरसमेत प्रस्तुत गर्नुभयो ।

विपक्षीहरूले यस अदालतबाट २०६२ सालको रिट नं. ३८२२ को परमादेश मुद्दामा मिति २०६३/२/२० मा आदेश हुँदा "घरभित्र वा बाहिरका सार्वजनिक सेवा प्रदायक कार्यालय, निकाय, अस्पताल, शैक्षिक प्रतिष्ठान, सार्वजनिक सवारी साधन, बसपार्क, टिकट काउन्टर, सार्वजनिक उपभोगका मनोरन्जनस्थल सार्वजनिक जमघट हुने स्थान र भवनसमेतका स्थलमा धुम्रपान निषेध गर्नु, धुम्रपानजन्य चिजवस्तुको विज्ञापन छापा, सञ्चार माध्यममा निषेध गर्न अविलम्ब निर्णय गर्नु, धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवनबाट हुने हानि नोक्सानीसम्बन्धमा एवम् यस्ता वस्तुको सेवन नगर्नेतर्फ जनचेतना जगाउने खालका कार्यक्रमहरू ल्याई कार्यान्वयन गर्नु र यो आदेश प्राप्त गरेको १ वर्षभित्रको सार्वजनिकस्थलमा गरिने धुम्रपान निषेध गर्न आवश्यक कानून निर्माण गर्न पहल गर्नु भन्ने आदेश भएको र धुम्रपान नगर्नेहरूको नैसर्गिक अधिकार संघबाट सूर्य नेपाल र नेपाल सरकार विरूद्ध दायर भएको रिट नं. ०६३-०७२४ को परमादेशको रिट निवेदनमा संवैधानिक व्यवस्था, यस अदालतबाट प्रतिपादित सिद्धान्त र धुम्रपान निषेध गर्ने सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिसमेतको

मर्म, भावना र प्रावधान अनुरूप धुम्रपानजन्य पदार्थको व्यापारिक प्रवर्द्धन वा विज्ञापन हुन जाने गरी जुनसुकै स्वरूपका सांस्कृतिक वा संगठित गतिविधिहरू अविलम्ब रोक्नु रोक्न लगाउनु भनि परमादेशको आदेश जारी भएको २०६३ को रिट नं. ७५२ को रिट निवेदनमा प्रत्यर्थी क्रिकेट एसोसियएसन नेपाल प्रा.लि. र स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपालबीच सम्पन्न त्रिपक्षीय सम्झौतामा खेलकुद कार्यक्रममा धुम्रपानजन्य पदार्थको उपभोग गरिने विषयसमेत समावेश भएको र खेलकुद कार्यक्रमको नामाकरण नै चुरोट ब्रान्डको नामबाट भएको देखिएकाले उक्त सम्झौता उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । कुनै पनि सार्वजनिक स्थलमा वा सार्वजनिक कार्यक्रम वा सूचनाका माध्यमबाट हुने धुम्रपानसम्बन्धी दुष्प्रचार नगर्न धुम्रपानजन्य पदार्थको विज्ञापन र प्रायोजन हुन नदिने गरी ३ महिनाभित्र निर्णय गरी त्यसको कार्यान्वयन र अनुगमनको अवस्थाबारे यस अदालतमा प्रतिवेदन गर्नु भनी प्रत्यर्थी नेपाल सरकारको नाममा परमादेशको आदेश जारी भएकोमा बहुराष्ट्रिय कम्पनीहरूको स्वार्थ अनुकूल करिब ३ वर्ष ६ महिना बित्दासमेत पनि सुर्तीजन्य पदार्थ नियमन तथा निषेध ऐन, २०६३ स्वीकृत गरी लागू नगर्नुका साथै विभिन्न पत्रपत्रिकामा नयाँ नया चुरोटहरूको भ्रामक प्रचारसहितको विज्ञापन एवम् सार्वजनिक स्थलमा होर्डिङ्ग बोर्ड राख्ने तथा पसलहरूमा समेत पर्चा, पोस्टर, पम्प्लेटहरू झुन्ड्याई व्यापकरूपमा प्रचार प्रसार गर्ने कार्यलगायत संगीत साँझ एवम् खेलकुद कार्यक्रमको आयोजनाको रूपमा चुरोट कम्पनीहरूले विज्ञापनका लागि कार्यक्रमको आयोजना गरी निर्वाधरूपमा सञ्चालन गर्ने र गर्न दिएबाट सार्वजनिक स्थलमा धुम्रपान गर्ने कार्यमाथि बन्देज लगाउने तथा कारवाही नगर्ने गरी विपक्षीहरूले अदालतको आदेश अवज्ञा र उल्लङ्घन गरेको हुँदा अवहेलनामा सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको मुख्य निवेदन जिकिर रहेको देखिन्छ।

विपक्षी नेपाल सरकार र मन्त्रिपरिषद् कार्यालयका मुख्य सचिवको लिखित जवाफ हेर्दा सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकारका नाममा जारी भएका आदेशलाई कार्यान्वयन गर्ने गराउने कार्यलाई मुख्य सचिवको हैसियतबाट सधैँ उच्च प्राथमिकता दिई सम्बन्धित मन्त्रालयहरूमा पठाउने र नेपाल सरकारको सचिवहरूको बैठकमा प्राथमिकतासाथ कार्यान्वयन गर्न समयसमयमा सचिवहरूलाई निर्देशन दिँदै आएको र समयसमयमा सचिवहरूलाई निर्देशन दिँदै आएको र सर्वोच्च अदालतबाट भएका आदेशहरू कार्यान्वयन गर्ने गराउने दायित्वप्रति अत्यन्त संवेदनशील र सचेत रहेको र अदालतको अवहेलना गर्ने कुनै कार्य नगरेको भन्ने व्यहोरा उल्लेख गर्दै अदालतको आदेशको सदैव सम्मान गर्ने उल्लेख गरेको देखिन्छ । त्यसैले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफबाट सार्वजनिक स्थानहरूमा धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन पूर्णरूपले रोक लगाउने व्यवस्था गर्नु गराउनु हुनका लागि भनी विभिन्न सरकारी निकायहरू एवम् सञ्चार माध्यमहरूमा समेत पत्राचार भइसकेको र जनचेतना जगाउने र स्वास्थ्य शिक्षा प्रदान गर्ने विषयमा धुम्रपान विरुद्ध कार्यक्रम सन्दर्भ पुस्तिका तयार पारी विभिन्न चरणमा कार्यक्रमहरू सञ्चालन गरिएका छन् भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ।

त्यसैगरी सूचना तथा सञ्चार मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ व्यहोरा हेर्दा २०६६ साल पौष १ गते एक्सन किंग्स चुरोट ब्रान्डको नामबाट कान्तिपुर टेलिभिजनमा प्रत्यक्ष प्रसारण गरिन लागेको नेफ्टा के.टि.भि. फिल्म अवार्ड सूर्य लाइट्सको प्रायोजनमा विभिन्न स्थानमा हुन लागेको सूर्य लाइट्स रिदम नाइट्सको विभिन्न पत्र पत्रिकामा प्रकाशित विज्ञापनसम्बन्धमा यस मन्त्रालयको ध्यानाकर्षण भई मिति २०६६/९/१ मा यस मन्त्रलायले कान्तिपुर

टेलिभिजन नेटवर्क प्रा.लि. मा समेत पत्र पठाएको अवस्था छ । अदालतको आदेशप्रति सदैव सम्मान गरिरहेको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । अन्य विपक्षीहरूको लिखित जवाफ व्यहोराबाटसमेत चुरोटलगायतका धुम्रपान जन्य पदार्थहरूको भ्रामक विज्ञापनलगायत गोरखापत्रमा विज्ञापन गर्नेलगायतको अदालतको अवहेलना हुने कुनै पनि कार्य नगरेको तथा भविष्यमा समेत कुनै किसिमको कार्य नगर्ने प्रतिबद्धता व्यक्त गरेको देखिन आएको छ।

विद्वान् कानून व्यवसायीहरूको लिखित बहसनोटसमेत अध्ययन गरी इजलाससमक्ष प्रस्तुत गर्नु भएको बहस जिकिरसमेत सुनी निर्णयतर्फ विचार गर्दा अदालतको अवहेलनासम्बन्धमा यस अदालतबाट विगतमा स्थापित नजिर सिद्धान्तहरूसमेतलाई प्रस्तुत सन्दर्भमा मध्यनजर गर्नुपर्ने हुन्छ ।

२. पुनरावेदक / निवेदक भगतकृष्ण श्रेष्ठ विरूद्ध विपक्षी / प्रत्यर्थी आनन्दभक्त राजभण्डारी भएको अदालतको मानहानि निर्णय नं. ३९९२ *ने.का.प.* २०४६ अङ्क ११ अदालतको अवहेलनासम्बन्धी निवेदन स्वभावैले विशेष प्रकृति र अवस्थाको मुद्दा मानिनु पर्ने कुरालाई नकार्न सकिन्न । यस्ता प्रकारका मुद्दाहरूको उठान अदालतप्रतिको जनविश्वास र यसको अविछिन्न निष्पक्ष न्याय सम्पादन र कार्यान्वयनसँग सम्बन्धित रही भएको हुनुपर्दछ । न्यायिक गतिशीलताका लागि यस्ता मुद्दाहरूको उठान अदालत स्वयंले पनि गर्न सक्ने हुँदा यस्ता प्रकृतिका मुद्दाहरू डिसमिस गर्न स्वभावैले नमिल्ने भन्ने सिद्धान्त स्थापित भएको पाइन्छ। त्यसैगरी निवेदक सुवास बस्न्यात विरूद्ध सुगतरत्न कंसाकारसमेत भएको *ने.का.प.* २०६९, अङ्क १० निर्णय नं. ८९०८ को अदालतको अवहेलनासम्बन्धी निवेदनमा अदालतको आदेशको ठहर खण्डमा स्पष्टरूपमा निवेदकको हित एवम् विपक्षीको दायित्वसमेत किटान गरी उल्लेख भएको वाक्यांशहरू अदालतको आदेश हुने र त्यस्तो आदेशको कार्यान्वयन हुनुपर्ने हुन्छ । त्यस्तो आदेश केवल प्रासंगिक कथन हो वास्तविक आदेश नै होइन भनी कार्यान्वयन गर्न इन्कार गर्नु गैरजिम्मेवारपूर्ण कार्य हुनुका साथै अदालतको अन्तिम आदेशको अवमूल्याङ्कनसमेत हुने हुँदा अदालतको आदेशको अवज्ञा गरेको मान्नुपर्ने हुन्छ । अदालतको आदेशमा अधिकार र दायित्व किटान गरी व्यक्त भएका शव्दावली अदालतको कार्यान्वयन हुनुपर्ने आदेश हो भन्ने कुरा सर्वसाधारण जोसुकैले पनि जान्नु र बुझ्नु पर्ने । सार्वजनिक संस्थामा रहेका पदाधिकारीले नै अदालतको आदेशको अवज्ञा गर्दा अदालतले आफ्नो आदेशको कार्यान्वयन गर्न कुनै वास्ता नगर्ने हो भने अदालतप्रतिको जनआस्थामा प्रतिकूल असर पर्ने भन्ने सिद्धान्त स्थापित भएको पाइन्छ। त्यसैगरी निवेदक मुरारीकुमार शर्मा पुष्पकमल दाहाल 'प्रचण्ड' समेत भएको निर्णय नं. ८५३० *ने.का.प.* २०६७ अङ्क १२ को अदालतको अवहेलनाको निवेदनमा लोकतान्त्रिक परिवेशमा समालोचनात्मक टिप्पणीहरूले अदालतका कमी कमजोरीहरूलाई प्रकाशित गरी अदालतलाई आफ्नो कमी कमजोरीहरू सुधार्नसमेत अभिप्रेरित गर्ने हुनाले त्यस्ता टिप्पणीहरू न्यायपालिकाको लागि सर्वथा नकारात्मक रहेको भन्न नसकिने । लोकतन्त्रलाई बलियो बनाउने एवम् न्यायपालिकाद्वारा जनताको अधिकारलाई सुरक्षित गराउने दृष्टिकोणले कसैबाट भएका समालोचनाहरूलाई अदालतले सकारात्मकरूपमा नै लिनुपर्ने भन्ने सिद्धान्त स्थापित भएको छ।

३. निवेदक सन्तोष भट्टराई वि. हिमाल मिडिया प्रा.लि. का प्रकाशक कनकमणि दिक्षितसमेतको *ने.का.प.* २०६४, अंक ४, पृष्ठ ५०६ मुद्दामा प्रतिपादित Guideline हरूलाई पनि मध्यनजर गर्नु सान्दर्भिक हुन्छ।

४. अदालतको अपहेलनासम्बन्धमा

व्यवस्थापिकाले हालसम्म कुनै कानून बनाएको देखिँदैन । के कस्तो कामले अदालतको अपहेलना हुन्छ भन्ने कुरा त्यसको परिस्थितिअनुसार अदालत आफैँले ठहर गर्ने कुरा हो । मान्य सिद्धान्तअनुसार देहायका कामहरू अदालतको अपहेलना मान्नुपर्नेः

(१) अदालतको निर्णय वा आदेशको जानाजान Willful अवज्ञा गर्ने कार्य ।

(२) अदालतसमक्ष गरेकोप्रतिज्ञाको जानाजान Willful भंग वा अवज्ञा गर्ने कार्य ।

(३) बोलेर, लेखेर वा अन्य कुनै प्रकाशनद्वारा अदालतप्रति भ्रामक हल्ला फिँजाई अनास्था पैदा गरी काण्ड मच्चाउनु अर्थात् Scandalize गर्ने कार्य ।

(४) बोलेर वा लेखेर वा अन्य कुनै प्रकाशन वा कार्यद्वारा अदालती कारवाहीमा हस्तक्षेप गर्ने कार्य ।

(५) बोलेर वा लेखेर वा अन्य प्रकाशन वा कामद्वारा अदालती कारवाहीमा हस्तक्षेप गर्ने वा न्याय प्रशासनमा अवरोध गर्ने कार्य ।

(६) अदालतमा विचाराधीन मुद्दामा टिप्पणी गरी स्वतन्त्र र निष्पक्ष न्याय सम्पादनमा हस्तक्षेप हुने काम गर्ने ।

(७) मुद्दाका, पक्षहरू, मुद्दाका साक्षीहरू तथा अदालतका कर्मचारीलाई बाधा विरोध गर्ने कार्य ।

(८) अदालतलाई विवादमा ल्याउने जुनसुकै कार्य यी अवस्था मात्र होइन, अवस्थाअनुसार विभिन्न अन्य कार्यले पनि अदालतको अपहेलना हुनसक्छ भन्ने सिद्धान्त स्थापित भएको पाइन्छ ।

५. अदालतको आज्ञा, आदेश वा फैसलाको अवज्ञा वा अनादर भएको छ छैन र अदालतबाट हुने न्याय सम्पादनको कार्यप्रति अविश्वास वा अनास्था हुनेसमेतका कार्य भएका छन्, छैनन् भन्ने कुराको पुष्टि यथोचित ढङ्गले हुनुपर्ने हुन्छ । अदालतको अवहेलनाको कार्य भनेको जनसाधारणमा अदालत वा अदालतले सम्पादन गर्ने कार्यप्रति अविश्वास वा अनास्था हुने वा हुनसक्ने कार्य गर्नु र अदालतको सम्मान वा गरिमामा आँच पुर्‍याउने कार्य नै हो । अवहेलनाको कार्य भइसकेपछि मात्र नभई हुनसक्ने सम्भावनाको आधारमा समेत उक्त कार्यप्रति अदालतले दोषी करार गर्न सक्दछ । अदालतको अवहेलनाको विषय अदालत आफ्नो गरिमा तथा सम्मानलाई उँचो बनाउँदै नागरिकहरूको मौलिक अधिकार, मानवअधिकार कानूनको शासन, नागरिक स्वतन्त्रताको संरक्षण गर्न न्यायपालिकालाई सक्षम बनाउने महत्त्वपूर्ण कडी पनि हो । न्यायिक गतिशीलता र न्यायिक सक्षमताका लागिसमेत यो अपरिहार्य हुन्छ । स्वभावैले अदालतको आदेश कुनै व्यक्ति वा निकायलाई दुष्पाच्य हुन सक्दछ । यद्यपी न्यायिक स्वतन्त्रता र सक्षमताका लागि यो अपरिहार्य हुन्छ । अदालतले कुनै व्यक्ति वा निकायको कार्यले यो असर पर्‍यो वा पर्न सक्छ भन्ने अनुमानका आधारमा यदि अवहेलनाजन्य कार्य कसैबाट हुन्छ भने दण्डित गर्ने कार्यबाट अदालत पन्छिन सक्दैन । संविधानद्वारा न्यायपालिकालाई संवैधानिक सर्वोच्चता र कानूनको सर्वोच्चता स्थापित गर्ने महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरिएको छ । उक्त जिम्मेवारी पूरा गर्न सक्षम बनाउन पनि अदालतले आफ्नो अवहेलना भएको अवस्थामा आफैँ पनि कारवाहीको उठान गरी दण्डित गर्न सक्दछ । अदालतको आदेश र फैसलाको सम्मान गर्ने कार्य असल नागरिकसमेतको संवैधानिक कर्तव्य हो । नागरिकले संविधानद्वारा प्राप्त गरेका नागरिक स्वतन्त्रताहरूसमेत निश्चित परिधिभित्र रहेर उपभोग गर्न पाउने हो भन्ने कुरा मौलिक हकमा गरिएका यावत व्यवस्थाहरूले उद्घोष गरेकै छ । स्वतन्त्रताको हकको आफ्नै परिधि र सिमासमेत संविधानले निर्धारण गरेको छ । त्यो सिमा र परिधिभित्र अदालतको अवहेलना

नहुने गरी मात्र स्वतन्त्रताको हक प्रयोग गर्न पाउने गरी व्यवस्था गरेको छ। यस अर्थमा अदालतको फैसला र आदेशको सम्मान गर्नु प्रत्येक व्यक्ति तथा नागरिकको नागरिक कर्तव्य हुन आउँछ भने राज्यको सन्दर्भमा त्यो परिधि र सिमाभित्र रहेर नागरिक स्वतन्त्रताको उपभोग गर्न दिनु राज्यको कानून कार्यान्वयन गर्ने अधिकारी वर्गको लागिसमेत दायित्व र कर्तव्यकै विषय हुन पुग्दछ । स्वतन्त्रताको अधिकारमा Enjoy गर्दासमेत अदालतको मर्यादामा ठेस नपुग्ने गरी गर्नुपर्दछ । यदि अदालतको वास्तविकरूपमा अवहेलना भएको छ भने आफ्नो अवहेलनालाई स्वीकार गरी बस्ने अधिकारसमेत अदालतलाई हुँदैन। अदालतले आदेश दिँदै जाने र उक्त आदेश र फैसलाको उल्लङ्घन गर्ने छुटसमेत दिँदै जाने हो भने दण्डहीनता मौलाउँदै जाने र अन्ततः कानूनको शासन र संवैधानिक सर्वोच्चतासमेत खतरामा पर्न जाने हुन्छ।

६. प्रस्तुत विवादका सन्दर्भमा विपक्षीहरूले अदालतको आदेशलाई सर्वथा अवज्ञा गरेको नभई यस अदालतबाट जारी भएको आदेशको कार्यान्वयन गर्नका लागि सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ जारी गरेको देखिन्छ । सो अनुसारको निर्देशिकासमेत जारी भएको देखिन्छ । अदालतको अवहेलनाको विषयलाई यान्त्रिकरूपमा एकतर्फि हिसाबले हेरेर निर्णय गर्न मिल्दैन । अदालतको आदेशानुसार भएका सकारात्मक पक्षहरूलाई पनि मूल्याङ्कन गर्नुपर्ने हुन्छ । नेपाल टेलिभिजनका तर्फबाट परेको लिखित जवाफ व्यहोराबाट सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी सन्देश तथा जनचेतनामूलक सन्देशहरू पटक पटक प्रसारण गरी आएको भन्ने उल्लेख भएको देखिँदा विपक्षीहरूले अदालतको फैसला र आदेशको पूर्णरूपमा उपेक्षा गर्ने मनसाय राखेको देखिँदैन । काठमाडौं महानगरपालिकाको तर्फबाट पेस भएकमो लिखित जवाफ व्यहोराबाटसमेत आम्दानीको स्रोतमध्ये राम्रो राजश्व उठ्ने होर्डिङ्ग बोर्डलाई आम्दानी मात्र नहेरी सामाजिक दायित्व हेरी मदिराजन्य र सुर्तीजन्य होर्डिङ्ग बोर्ड नवीकरण नगरिएको र पछि सबै खाले होर्डिङ्ग बोर्ड निकालिएको र निकाल्न लगाइएको भन्ने व्यहोरा उल्लेख भएको देखिँदा विपक्षीहरूको सो कार्य यस अदालतबाट भएको आदेशको पूर्ण उपेक्षा हो भन्न मिल्ने देखिन आएन।

७. मदिरा तथा धुम्रपानको खुल्ला विज्ञापनमा रोक लगाउनको लागि यस अदालतबाट आदेश जारी भइसकेपछि पनि पटकपटक सञ्चार माध्यमबाट विज्ञापन र प्रचार प्रसार भइरहेको भन्ने निवेदकले पेस गरेको विभिन्न प्रमाण कागजहरूबाट देखिन आएको छ । यद्यपी सञ्चार माध्यमहरूलाई नियमन गर्ने ऐन छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को प्रस्तावनालाई मध्यनजर गर्दा "विभिन्न वर्ग र क्षेत्रका जनताबीच सु-सम्बन्ध सदाचार र शिष्टाचार एवम् नैतिकता कायम राख्न ....... छापाखाना र प्रकाशनसम्बन्धमा समयानूकल कानूनी व्यवस्था गर्न यो ऐन आएको भन्ने स्पष्टरूपमा देख्न सकिन्छ। उपर्युक्त ऐनको व्यवस्थाले सञ्चार माध्यमलाई जनताबीचको सदाचार र शिष्टाचार एवम् नैतिकता कायम राख्ने गरी मात्रै प्रकाशन र प्रसारण गर्ने जिम्मेवारी तोकेको देखिँदा अदालतको सम्मान र जरिवानामा आँच आउने गरी प्रकाशन र प्रसारणको कार्य गर्न रोक लगाएकै मान्नु पर्ने हुन्छ। त्यसैगरी ऐनको दफा १४ (ङ) मा सर्वसाधारण जनताको सदाचार नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने कुरा प्रकाशन गर्नमाप्रतिबन्ध लगाएको दखिन्छ । यसरी राज्यको जिम्मेवारी राष्ट्रियस्तरका पत्रपत्रिका एवम् टेलिभिजनहरूबाट अदालतबाट परमादेशको आदेश जारी भइसकेपछि पनि विज्ञापन प्रकाशन र प्रसारण गर्ने कार्य भइरहेको देखिएकोले त्यस्तो कार्य रोक लगाउनु राज्यका कानून कार्यान्वयन अधिकारीहरूको दायित्वको विषय हो भन्ने स्वतन्त्र प्रेसलाई मर्यदित बनाउनु प्रेस जगतको समेत अहम् भूमिका रहन जान्छ । विपक्षीहरूको लिखित

जवाफबाट अदालतको आदेशको सदैव सम्मान गर्दै आएको र भावी दिनमा पनि सम्मान गर्दै जाने प्रतिबद्धता देखिइरहेको अवस्थामा तत्काल सजाय तोकिरहनु उपयुक्त देखिएन । संविधान तथा कानूनले प्रकाशन रोक लगाएको बाहेकका समाचार विज्ञापनहरू हेर्दा छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा १४ (ङ) को प्रतिकूल हो भन्ने देखिइरहेको हुँदा प्रतिवादीहरूलाई सजाय गराएर मात्र सो कार्य नरोकिने र पहिलो पटक कानूनप्रतिकूल विज्ञापनहरू प्रकाशन र प्रसारण भएको पाइएकोले विपक्षीहरूबाट यस अदालतबाट जारी भएको मिति २०६३/२/३० र मिति २०६६/७/४ मा परमादेशको रिट निवेदनमा जारी आदेशबमोजिमको कार्य हुनेछ भन्ने यस अदालतले अपेक्षा गरेको छ यस अदालतबाट भएको फैसला तथा आदेशको कार्यान्वयन गर्दै गएको र भविष्यमा समेत बाँकी कामकारवाहीहरू अगाडि बढाउँदै जाने प्रत्यर्थीहरूको दायित्वलाई समेत अदालतले अनदेखा गर्न मिल्दैन । त्यसतर्फ प्रत्यर्थीहरूले संवेदनशील भई त्यस्तो कानूनप्रतिकूलको कार्यलाई रोक लगाउने कार्यमा विपक्षीहरू प्रतिबद्ध रहेको भन्ने लिखित जवाफ व्यहोराबाट समेत देखिन आएको अवस्था रहेकाले तत्काल अवहेलनामा सजाय गरिरहनु उपयुक्त देखिएन । अदालतको अवहेलनामा सजाय गरिपाउँ भन्ने निवेदकको निवेदन खारेज हुने ठहर्छ ।

८. सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ दफा १२ को उपदफा १ मा सार्वजनिक स्थलमा धुम्रपान वा सुर्ती सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले पूरा गरे वा नगरेकोसम्बन्धमा निरीक्षण गर्ने कामसमेतको लागि नेपाल सरकारले नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई निरीक्षकको रूपमा तोक्न सक्ने व्यवस्था गरेको उपदफा २ मा निरीक्षकले वर्ष भरिमा आफुद्वारा गरिएको कामको विवरण मन्त्रालयसमक्ष पेस गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ । त्यसैगरी सुर्तीजन्य पदार्थको उत्पादन तथा बिक्री वितरणसम्बन्धमा परिच्छेद ३ मा लेबुल, ट्रेडमार्क, र्‍यापर्स तथा प्याकिङ्गसम्बन्धमा व्यवस्था गरेको छ । उत्पादकले सुर्तीजन्य पदार्थ उत्पादन तथा निकासी पैठारी गर्ने व्यक्तिले प्रत्येक वर्ष आफुले गरेको उत्पादन तथा निकासी पैठारीको विवरण मन्त्रालयसमक्ष पेस गर्नुपर्ने तथा चेतनामूलक सन्देश तथा चित्र उल्लेख गर्नुपर्ने मापदण्ड पूरा नभएको सुर्तीजन्य पदार्थ आयात गर्न नपाउने व्यवस्था गरेको पाइन्छ । त्यसैगरी सार्वजनिक सञ्चार माध्यमहरूमा विज्ञापन र प्रायोजन गर्न नपाइने, सुर्तीजन्य पदार्थप्रति आकर्षित हुने गरी बिक्री स्थल सजावट गर्न तथा त्यस्तो पदार्थको प्रदर्शन गर्न नपाउने गरी प्रतिबन्ध लगाउन सकिनेलगायतका व्यवस्था गरेको छ । उक्त व्यवस्थाहरू कानूनमा भएको अवस्थामा सोको कार्यान्वयन गर्ने दायित्व सम्बन्धित निकाय तथा पदाधिकारीहरूमा रहेकोमा विवाद छैन । कानूनको सफल कार्यान्वयन भएको अवस्थामा कानूनी राज्यको अनुभूति जनताले गर्न सक्ने तथा न्यायपूर्ण समाजको सिर्जना हुन सक्दछ । यसरी कानूनमा स्पष्टरूपमा उल्लिखित कार्यहरूको कार्यान्वयन गर्ने कार्य विपक्षी बनाइएको निकायहरूको भएकोमा सो अख्तियारीको पालना गर्नबाट पन्छिन मिल्दैन । कानूनको परिपालना गराउने जिम्मेवारी विपक्षी निकाय तथा पदाधिकारीहरूको भएको देखिएकोले अनुगमन, निरीक्षण, नियन्त्रण गर्ने कार्यलाई व्यवस्थित गर्दै सुर्तीजन्य पदार्थको उत्पादन तथा बिक्री वितरण गर्ने त्यस्ता उत्पादनकर्ताहरूको पहिचान गरी निवेदकको मागलाई सम्बोधन हुने गरी सम्बन्धित कानूनको उचित कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी गरी दिएको छ ।

९. यसप्रकारको कानूनी व्यवस्थाको विपक्षीहरूले पूर्ण पालन गरेको नदेखिएको हुँदा उल्लिखित विषयमा कानून उल्लङ्घन भएको देखिए अनुसन्धान तथा तहकिकात गरी मुद्दा दायर गर्ने

गराउने कार्यमा तदारूकता देखाउनु भनी विपक्षीहरूका नाममा निर्देशनात्मक आदेशसमेत जारी गरिदिएको छ । यसको जानकारी निवेदक तथा विपक्षीहरूलाई गराउनु । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इजलास अधिकृतः रामप्रसाद बस्याल
इति संवत् २०७२ साल जेठ २४ गते रोज १ शुभम् ।

## निर्णय नं. ९६५८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री गोविन्द कुमार उपाध्याय
आदेश मिति : २०७३।०३।२२
०७०-WO-०१४७

विषय:- उत्प्रेषण / परमादेश

रिट / निवेदक : प्यूठान जिल्ला विजुवार गाउँ विकास समिति वडा नं. ७ स्थायी घर भई हाल काठमाडौं अनामनगरस्थित सार्वजनिक सरोकार वकालत केन्द्रमा अध्यक्ष पदमा कार्यरत अधिवक्ता श्रीकृष्ण सुवेदीसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

- **स्वास्थ्यसम्बन्धी हक व्यक्तिका जीवनलगायतका अनेकौं हकहरूको प्रचलनसँग पनि सम्बन्धित हुन्छ । यसले अन्य मौलिक हकहरूमा असर र प्रभावसमेत पार्दछ । यस क्रममा राज्यले विधायिकी अधिकारको प्रयोग गरी कानूनको निर्माण, कार्यान्वयन तथा आवश्यक नियम बनाई सोको कार्यान्वयन भए नभएको सम्बन्धमा सरकारी संयन्त्रमार्फत प्रभावकारी नियमन गर्नु राज्यको कर्तव्य हुन आउँछ । यदि राज्यको तर्फबाट यस्ता कदमहरू चालिँदैनन् भने नागरिकलाई संविधानले प्रत्याभूत गरेको आधारभूत नि:शुल्क स्वास्थ्यको अधिकारको संरक्षण गर्ने दिशामा राज्य संयन्त्र उदासिन भएको मान्नुपर्ने हुन जाने ।**

(प्रकरण नं. ७)

- **निजी तथा गैरसरकारी स्वास्थ्यसम्बन्धी संस्थाको सञ्चालन, नियमन तथा व्यवस्थापन सम्बन्धमा के-कस्तो कानून बनाउने भन्ने कुरा विधायिकाको आफ्नो अन्तरनिहित अधिकार हुने भएको र राज्यले आफ्नो क्षमताअनुसार नागरिकलाई के कस्ता आधारभूत सेवा तथा सुविधा प्रदान गर्ने भन्ने कुरा कार्यकारणीको कार्य भएकोले अदालतले कानूनको व्याख्या गर्ने र कानूनमा रहेका द्विविधा हटाउने मात्र कार्य गर्दछ न कि विधायिकि वा कार्यकारणी भूमिका निर्वाह गर्ने ।**

(प्रकरण नं. ८)

रिट निवेदकका तर्फबाट :

विपक्षका तर्फबाट : उपन्यायाधिवक्ता बालकृष्ण वाग्ले

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३
- स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्डसम्बन्धी निर्देशिका, २०७०

आदेश

**न्या. दीपकराज जोशी :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) अन्तर्गत दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ:-

हामी निवेदकहरू मानव अधिकार, समानता, सीमान्तकृत वर्ग एवम् क्षेत्रका नागरिकहरूको हक अधिकार संरक्षणका साथै अन्य सार्वजनिक सरोकारका विषयहरूमा वकालत गर्दै आइरहेका छौं । जनसरोकारसँग प्रत्यक्ष सरोकार भएका विषयहरूमा सामाजिक अभियानको क्रममा हामी चेतना अभिमुखीकरणलगायत मुलुकका विभिन्न अदालतहरूमा सार्वजनिक सरोकारका विषयहरूमा निवेदन दिँदै आएका छौं । हामी निवेदकहरू व्यक्तिगतरूपमा आफैँ वा आफ्नो परिवार र नातागोताका सदस्यहरूको स्वास्थ्य प्राप्त गर्ने क्रममा विभिन्न अस्पताल तथा नर्सिङ होमहरूमा जाने क्रममा उक्त संस्थाहरूमा स्वास्थ्य सेवाका विभिन्न शिर्षकहरूमा अलग अलग दर रेट भएको पाइयो । यी संस्थाहरूलाई नियमन र अनुगमन कसरी भएको हो भन्ने सम्बन्धमा विपक्षीमध्येका नेपाल सरकार, स्वास्थ्य मन्त्रालयमा समेत सूचना माग गर्दा नदिएकोले यो निवेदन दर्ता गर्न बाध्य छौं ।

नेपालको अन्तरिम संविधान एवम् नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले हरेक व्यक्तिलाई आधारभूत स्वास्थ्यको हकको ग्यारेन्टी गरेको छ । तर नेपालमा न्यूनतम स्वास्थ्य सेवासमेत राज्यले आफ्ना नागरिकलाई प्रदान गरेको छैन । सामान्य झाडावान्ताको समेत उपचार तथा औषधि नपाई वर्षेनी सयौं नेपालीको ज्यान गइरहेको छ । अर्कोतर्फ सहरी क्षेत्रमा च्याउ उम्रे जस्तै वर्षेनी निजी अस्पताल तथा नर्सिङ होमहरू सेवामुखी उद्देश्य बोकेर नभई नाफामुखी उद्देश्य लिएर स्थापना छन् । ती स्वास्थ्य सेवाहरूबाट मनपरी शुल्क निर्धारण गरेको कुरालाई अनुगमन गर्ने निकायले प्रभावकारीरूपमा अनुगमनसमेत गरेको पाइँदैन ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६ मा वातावरण तथा स्वास्थ्यसम्बन्धी हकअन्तर्गत उपधारा (१) मा प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हक हुनेछ भन्ने तथा उपधारा (२) मा प्रत्येक नागरिकको नि:शुल्क आधारभूत स्वास्थ्य सेवा पाउने हक हुनेछ भन्ने व्यवस्था छ । त्यसैगरी मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को Article २५" र नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृति अधिकारसम्बन्धी महासन्धि, १९६६ को Article १२ मा उल्लिखित प्रावधानहरूको पालना गर्नु बाध्यकारी व्यवस्था हो ।

तसर्थ माथि उल्लिखित प्रावधानको आधारमा निजी स्वास्थ्य सेवाहरूले मानोमानी ढङ्गमा असुल गर्दै आएका शुल्कहरूको निश्चित निर्धारण गरी कानूनी दायराभित्र सञ्चालन गर्ने, तथा सरकारी अस्पतालमा नि:शुल्क र गुणस्तरीय सेवा प्रदान गर्न एवम् प्रभावकारी स्वास्थ्य क्षेत्रको रूपमा स्थापित गर्न, विपक्षीहरूको नाउँमा उत्प्रेषण, परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ । गैरसंवैधानिक एवम् कानूनविपरीत रूपमा सुरू गरिएको अनियमित शुल्क असुली र तोकिएको मूल्य भन्दा बढी हुने गरी सेवा गर्ने नाममा व्यापारिक उद्देश्यले मात्र अभिप्रेरित भएर गुणस्तरहीन सेवा प्रदान गर्ने कार्य तत्काल रोक्न

सबै विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी गरिपाऊँ। साथै प्रस्तुत मुद्दा गम्भिर सार्वजनिक चासो र सरोकारको विषय भएकोले यसलाई अग्राधिकारमा राखी न्यायिक पुर्पक्ष गरिपाउँ भन्ने यस अदालतमा परेको निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? जारी हुनु नपर्ने कुनै आधार र कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र सम्बन्धित मिसिलसाथ राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षी नं. १, २ र ३ को हकमा सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिई । विपक्षी नं. ४ र ५ को. हकमा आफैं वा कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको एकप्रति नक्कल साथै राखी सूचना पठाई लिखित जवाफ पेस भएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु।

साथै निवेदकले अन्तरिम आदेशसमेत जारी गरिपाउँ भनी माग गरेको सम्बन्धमा विचार गर्दा निवेदन मागबमोजिम अन्तरिम आदेश जारी गरिरहन परेन। मुद्दाको प्रकृति हेर्दा छिटो किनारा हुन आवश्यक देखिएकोले अग्राधिकार प्रदान गरिदिएको छ भन्ने मिति २०७०।५।३ को यस अदालतको आदेश।

प्रत्येक नागरिकहरूलाई आधारभूत स्वास्थ्य सेवा नि:शुल्करूपमा पाउने हक हुनेछ भनी स्वास्थ्य सेवालाई मौलिक हकभित्र नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ मा राखिएको छ। स्वास्थ्यसम्बन्धी हक नागरिकको मौलिक हकभित्र समावेश भएको हुँदा राज्यको स्रोत र साधनले भ्याएसम्म नि:शुल्क उपलब्ध गराउनु राज्यको दायित्वभित्र पर्दछ । रिट निवेदनमा उठाएका कुराहरूलाई अन्यथा भन्न सक्ने स्थिति छैन तथापि अस्पतालमा शुल्क निर्धारण गर्ने, त्यसबारेमा अनुगमन गर्ने आदि कार्य क्षेत्र र अधिकार यस काउन्सिलको नभएको एवम् यस काउन्सिललाई विपक्षी बनाउनु पर्नाको कुनै आधार कारणसमेत उल्लेख नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने नेपाल मेडिकल काउन्सिल बाँसबारी काठमाडौंको तर्फबाट ऐ. का रजिष्ट्रार निलमणी उपाध्यायको लिखित जवाफ।

निजी क्षेत्रका स्वास्थ्य संस्था स्थापनासम्बन्धी निजी तथा गैरसरकारी स्वास्थ्य संस्था (अस्पताल, नर्सिङ होम आदि) स्थापना, सञ्चालन नीति, मापदण्ड एवम् पूर्वाधार निर्देशिका २०६१ रहेको र हाल सोही निर्देशिकाका आधारमा निजी क्षेत्रका नर्सिङ होम र अस्पतालले स्थापना सञ्चालन व्यवस्थापन हुने गरेको छ । यस्ता निजी क्षेत्रका अस्पताल नर्सिङ होमले आफ्नो सेवा सुविधा शुल्कसम्बन्धी विवरण सार्वजनिक गर्नुपर्ने देखिन्छ। तर यससम्बन्धी स्पष्ट कानूनी व्यवस्था नभएकोले निजी क्षेत्रका स्वास्थ्य संस्था सञ्चालनमा केही समस्या रहेको पाइन्छ। निजी क्षेत्रमा रहेका स्वास्थ्य संस्थाका सम्बन्धमा निवेदकको मागबमोजिमका विषयलाई सम्बोधन हुने गरी स्वास्थ्य संस्थाको सञ्चालन तथा नियमन गर्ने सम्बन्धमा सोसम्बन्धी ऐनको विधेयक मस्यौदा तयार गर्न मन्त्रालयबाट कार्यदल गठन भई हाल उक्त विधेयकको मस्यौदा अन्तिम रूपमा छलफल भइरहेकोले सो कानून बनेपछि उक्त कानूनबमोजिम निवेदकले उठाएका मागहरू सम्बोधन हुने नै हुँदा हाल प्रस्तुत रिट जारी हुनुपर्ने अवस्था नदेखिँदा खारेज गरिपाउँ भन्ने नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट ऐ. का सचिव डा. प्रवीण मिश्रको लिखित जवाफ।

निवेदक संस्था नेपालको अन्तरिम संविधान, २०६३ मा व्यवस्थित मौलिक हक तथा अन्य कानूनी हकको सम्मान गर्दै आफ्नो विधानअनुसार क्रियाशील संस्था हो। विपक्षी निवेदकले रिट निवेदनमा उल्लेख गरेजस्तो स्वास्थ्य अधिकारबाट कसैलाई पनि बञ्चित

गराउने काम यस संस्थाबाट भएको छैन । सुपथ र सर्वसुलभ तरिकाले सम्पूर्ण नेपाली जनताले स्वास्थ्य सेवा उपभोग गर्न पाउनु पर्छ भन्ने सम्बन्धमा यस संस्था प्रयत्नशील रहेकोले लिखित जवाफ संस्थाको हकमा रिट निवेदन खारेजभागी रहेकोले खारेज गरिपाउँ भन्ने व्यहोराको नेपाल मेडिकल एसोसिएसन बागबजार, काठमाडौंका तर्फबाट अ.प्रा. ऐ. का महासचिव डा.मुक्तिराम श्रेष्ठको लिखित जवाफ ।

नेपालको अन्तरिम संविधान, २०६३ एवम् नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले नागरिकको स्वास्थ्यसम्बन्धी अधिकारलाई प्रत्याभूत गरेको तथ्यप्रति नेपाल सरकार सचेत रहँदै आफ्नो स्रोत र साधनले भ्याएसम्म नागरिकहरूको निम्ति सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको छ । जहाँसम्म निजी नर्सिङ होम तथा अस्पतालले स्वास्थ्य सेवाका विभिन्न अलग अलग शीर्षकमा दररेट राखी मनोमानी रूपमा रकम असुल गरेको भन्ने मागदाबीसम्बन्धी विषय छ तत्सम्बन्धमा निजी क्षेत्रका स्वास्थ्य संस्था स्थापना सम्बन्धी निजी तथा गैरसरकारी स्वास्थ्य संस्था (अस्पताल, नर्सिङ होम आदि) स्थापना, सञ्चालन नीति, मापदण्ड एवम् पूर्वाधार निर्देशिका २०६१ रहेको र हाल सोही निर्देशिकाको आधारमा निजी क्षेत्रका नर्सिङ होम र अस्पतालको स्थापना, सञ्चालन र व्यवस्थापन हुने गरेको छ । यस सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफबाट थप प्रस्ट हुने नै हुँदा प्रस्तुत निवेदन खारेज गरिपाउँ भन्ने नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तर्फबाट ऐ. को सचिव राजुमानसिंह मल्लको लिखित जवाफ ।

निजी क्षेत्रका स्वास्थ्य संस्था स्थापनासम्बन्धी निजी तथा गैरसरकारी स्वास्थ्य संस्था (अस्पताल, नर्सिङ होम आदि) स्थापना, सञ्चालन नीति, मापदण्ड एवम् पूर्वाधार निर्देशिका २०६१ रहेको र हाल सोही निर्देशिकाका आधारमा निजी क्षेत्रका नर्सिङ होम र अस्पतालको स्थापना सञ्चालन व्यवस्थापन हुने गरेको छ । निजी क्षेत्रमा रहेका स्वास्थ्य संस्थाका सम्बन्धमा निवेदकको मागबमोजिमका विषयलाई सम्बोधन हुने गरी स्वास्थ्य संस्थाको सञ्चालन तथा नियमन गर्न मन्त्रालयबाट ऐनको निर्माणको लागि विधेयक मस्यौदा कार्यदल गठन भई हाल उक्त विधेयकको मस्यौदा अन्तिमरूपमा छलफल भइरहेकोले सो कानून बनेपछि निवेदकले उठाएका मागहरू पूरा हुने नै हुँदा रिट जारी गर्नुपर्नेसम्मको औचित्य नरहेकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी स्वास्थ्य सेवा विभागको लिखित जवाफ ।

नियमबमोजिम दैनिक तथा साप्ताहिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत निवेदनमा पटकपटक पुकार गर्दासमेत रिट निवेदकको तर्फबाट कोही पनि कानून व्यवसायी बहसको लागि उपस्थित भएको नपाइएको र विपक्षी नेपाल सरकारको तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री बालकृष्ण वाग्लेले स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्डसम्बन्धी ऐन, २०७०, सुशासन ऐन, २०६४ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७१।९।७ मा स्वीकृत भई जारी भई सोही मिति देखि लागू भएकोले सोही निर्देशिकाबमोजिम निजी तथा गैरसरकारी स्वास्थ्य संस्था स्थापना, सञ्चालन एवम् नियमन हुने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनी आफ्नो बहस प्रस्तुत गर्नुभयो ।

सम्पूर्ण मिसिल संलग्न रिट निवेदन तथा लिखित जवाफ अध्ययन गरी विद्वान् उपन्यायाधिवक्ताको उपर्युक्त बहस सुनी रिट निवेदकको मागबमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी हुनुपर्ने हो वा होइन सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, सर्वसाधारण नागरिकहरूलाई निजी स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरूबाट कानूनले तोकेको सीमा नाघेर चर्को रूपमा शुल्क असुल गर्ने गरेकोले त्यस्ता संस्थाको प्रभावकारी अनुगमनको व्यवस्था गरी शुल्क निर्धारणमा एकरूपता कायम गर्दै त्यस्ता संस्थाहरूलाई कानूनी दायरामा सञ्चालन हुने गरी निर्देशन दिनुका अतिरिक्त संविधानमा व्यवस्था गरिएको नि:शुल्क स्वास्थ्यसम्बन्धी हकलाई प्रभावकारीरूपमा लागू गर्न सरकारी स्वास्थ्य सेवाको स्तरोन्नती तथा नि:शुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न विपक्षीहरूको नाउँमा उत्प्रेषण तथा परमादेशको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन तथा निजी क्षेत्रका स्वास्थ्य संस्था स्थापनासम्बन्धी निजी तथा गैरसरकारी स्वास्थ्य संस्था (अस्पताल, नर्सिङ होम आदि) स्थापना, सञ्चालन नीति, मापदण्ड एवम् पूर्वाधार निर्देशिका २०६१ को आधारमा निजी क्षेत्रको अस्पताल नर्सिङ होमको स्थापना सञ्चालन व्यवस्थापन हुने गरेको एवम् सार्वजनिक स्वास्थ्य संस्थाहरूले निःशुल्क र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्बन्धमा राज्यले आफ्नो क्षमताले भ्याएसम्म गर्दै जाने हुँदा औचित्यविहीन रहेको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ भएको प्रस्तुत रिट निवेदन आज यस इजलाससमक्ष पेस हुन आएको पाइयो।

३. यसमा निजी क्षेत्रका स्वास्थ्य संस्था स्थापनासम्बन्धी निजी तथा गैरसरकारी स्वास्थ्य संस्था (अस्पताल, नर्सिङ होम आदि) स्थापना, सञ्चालन नीति, मापदण्ड एवम् पूर्वाधार निर्देशिका, २०६१ जारी भएको करिब एक दशक पछाडि उक्त निर्देशिकालाई समयानुकूल परिमार्जन गर्दै गुणस्तरीय स्वास्थ्य संस्था स्थापना गर्न र सेवाको मापदण्डलाई विश्व स्वास्थ्य संगठनले स्वीकृत गरेको मापदण्डअनुरूप समयानुकूल परिमार्जन गर्न नयाँ मापदण्डको आवश्यकता महसुस गरिएअनुसार स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्डसम्बन्धी निर्देशिका, २०७०, सुशासन ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार मन्त्रिपरिषद्‌बाट मिति २०७०।०९।०७ मा स्वीकृत भई सोही मितिदेखि लागू भएको देखिन्छ। उक्त निर्देशिकाको दफा ४(१) मा स्वास्थ्य संस्थाले दफा ३ बमोजिमको स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको गुणस्तरको सुनिश्चितता गर्नुका साथै देहायमा उल्लिखित मापदण्डहरूको समेत पालना गरेको हुनुपर्नेछः-

(ट) मा "बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क प्रक्रिया तथा अवधिसमेत खुलाएको बिरामी बडापत्र (Patient Charter) अस्पतालको अग्र भागमा देखिने गरी राख्नुपर्नेछ र सोहीअनुरूप ऐनको सुनिश्चितता गर्नुपर्नेछ" भन्ने व्यवस्था रहेको पाइन्छ। यसरी अस्पतालमा लाग्ने शुल्क नै टाँस गरेर अनिवार्यरूपमा राख्नुपर्ने उक्त कानूनी व्यवस्थाअनुसार कुनै पनि स्वास्थ्य सेवा प्रदान गर्ने निकायले आफूले प्रवाह गर्ने सेवा चुस्त, छिटो छरितो, पारदर्शी एवम् जनउत्तरदायी हुनुपर्ने कुराको सुनिश्चितता गरेको देखिन्छ।

४. त्यसैगरी स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रक्रिया सम्बन्धमा ऐ. निर्देशिकाको दफा ५ मा स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निकायहरू देहायबमोजिम उल्लेख गरिएको पाइन्छः-

क. स्वास्थ्य क्लिनिक, डाइग्नोष्टिक सेन्टर, पोली क्लिनिक तथा पच्चीस शैयासम्मका अस्पतालको लागि सम्बन्धित जिल्ला स्वास्थ्य / जनस्वास्थ्य कार्यालयबाट तर डाइग्नोष्टिक सेन्टर तथा पोलि क्लिनिकहरूमा रहने प्रयोगशाला सेवाका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला वा क्षेत्रीय जनस्वास्थ्य प्रयोगशालाबाट सिफारिस प्राप्त गरेको हुनु पर्नेछ।

ख. छब्बिसदेखि पचास शैयासम्मको अस्पतालको लागि सम्बन्धित क्षेत्रीय स्वास्थ्य निर्देशनालयबाट,

ग. एकाउन्न शैयादेखि दुईसय शैयासम्मको अस्पतालको लागि स्वास्थ्य सेवा विभागबाट

घ. दुई सयभन्दा माथिको अस्पतालको लागि मन्त्रालयबाट अनुमति लिनुपर्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ। उक्त निर्देशिकाको व्यवस्थाले स्वास्थ्य सेवा तथा अस्पताल खोल्नको लागि क्षमताअनुसार अनुमति प्रदान गर्ने निकायहरू जिल्ला स्वास्थ्य वा जनस्वास्थ्य कार्यालयदेखि मन्त्रालयसम्म तोकिएको छ।

५. त्यसैगरी उक्त निर्देशिकाको दफा १३ मा गुणस्तर तथा मापदण्ड अनुगमनसम्बन्धी व्यवस्था दिएको र उक्त दफाको उपदफा (१) मा "स्वास्थ्य संस्थाले आफूले प्रदान गरेको सेवाहरूको यस निर्देशिकामा उल्लिखित मापदण्डबमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष परीक्षण (स्वः मूल्याङ्कन) गराई सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र अनुमति प्रदान गर्ने निकाय र अस्पताल रहेको जिल्ला स्वास्थ्य / जनस्वास्थ्य कार्यालयमा मन्त्रालयले तोकेबमोजिमको ढाँचामा अनिवार्य रूपमा पेस गर्नुपर्नेछ" भन्ने व्यवस्था रहेको र उपदफा (२) मा "उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र प्रतिवेदन पेस नगर्ने स्वास्थ्य संस्थालाई सो प्रतिवेदन पेस गर्न सम्बन्धित अनुमति प्रदान गर्ने निकायले निर्देशन दिन सक्ने छ" भन्ने व्यवस्थाका अतिरिक्त दफा १३ को उपदफा ३ मा अनुमति प्रदान गर्ने निकाय र मन्त्रालयले आवश्यकताअनुसार जोखिम, भौगोलिक अवस्थिति, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तीय लगानीका आधारमा नमूना छनौट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यस निर्देशिकाको मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ। त्यसैको उपदफा ४ मा सम्बन्धित निकाय वा स्वास्थ्य संस्था रहेको जिल्ला स्वास्थ्य / जनस्वास्थ्य कार्यालयले वस्तुगत आधारमा जुनसुकै बखत अनुगमन टोली खटाई आकस्मिक अनुगमन गर्न सक्नेछ भन्ने व्यवस्थाअनुसार जिल्ला स्वास्थ्य वा जनस्वास्थ्य कार्यालयले आफ्नो इलाकाको स्वास्थ्य संस्थाको अनुगमन गर्न पाउने नै व्यवस्था रहेको प्रस्ट देखिन्छ। त्यसका साथै उपदफा (५) मा यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालयले जुनसुकै निकायबाट सेवा सञ्चालन अनुमति प्राप्त गरेको अस्पताल वा स्वास्थ्य अनुमति प्राप्त गरेको अस्पताल वा स्वास्थ्य संस्था र अनुमति प्रदान गर्ने निकायको समेत अनुगमन गर्न सक्नेछ भन्ने व्यवस्थाले अनुगमन गर्ने अन्तिम जिम्मेवारी स्वास्थ्य मन्त्रालयलाई तोकिएको देखिन्छ। उपदफा (६) मा त्यसरी अनुगमन गर्दा तोकिएको गुणस्तर वा पूर्वाधार पूरा नगरी सेवा सञ्चालन गरेको पाइएमा त्यस्तो संस्थालाई तत्काल सुधारको लागि बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सकिनेछ भन्ने व्यवस्था र उपदफा (७) मा "यसरी निरीक्षण वा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, यस निर्देशिका बमोजिमको गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगर्ने र गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेस नगर्ने स्वास्थ्य संस्थालाई सम्बन्धित अनुमति प्रदान गर्ने निकायले त्यस्तो स्वास्थ्य संस्थाले प्रदान गरि आएको सेवा पूर्ण वा आंशिक रूपमा तत्काल बन्द गर्न आदेश दिन सक्नेछ" भन्ने कानूनी व्यवस्था रहेको छ। स्वास्थ्य संस्थाको अनुगमनसम्बन्धी उपर्युक्त व्यवस्थाअनुसार स्वास्थ्यसम्बन्धी संस्थाले अनुगमनमा अनुमति प्रदान गर्ने निकाय र सो निकायलाई समेत स्वास्थ्य मन्त्रालयले अनुगमन गर्ने व्यवस्था निर्देशिकामा प्रस्टरूपमा रहेको देखिन्छ।

६. त्यसका अतिरिक्त नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफ हेर्दा "निजी क्षेत्रको स्वास्थ्य संस्थाको सञ्चालन तथा नियमन गर्ने सम्बन्धमा सोसम्बन्धी ऐनको विधेयक मस्यौदा तयार गर्न मन्त्रालयबाट कार्यदल गठन भई हाल उक्त विधेयकको मस्यौदा अन्तिमरूपमा छलफल भइरहेको भन्ने उल्लेख भएको देखिँदा निजी क्षेत्रका अस्पताल नर्सिङ होम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी स्पष्ट कानूनी अभावको रिक्तता पूरा गर्ने चरणमा रहेको पाइन्छ।

७. स्वास्थ्यसम्बन्धी हक व्यक्तिका जीवनलगायतका अनेकौं हकहरूको प्रचलनसँग पनि सम्बन्धित हुन्छ। यसले अन्य मौलिक हकहरूमा असर र प्रभावसमेत पार्दछ। यस क्रममा राज्यले विधायिकी अधिकारको प्रयोग गरी कानूनको निर्माण, कार्यान्वयन तथा आवश्यक नियम बनाई सोको कार्यान्वयन भए नभएको सम्बन्धमा सरकारी संयन्त्रमार्फत प्रभावकारी नियमन गर्नु राज्यको कर्तव्य हुन आउँछ। यदि राज्यको तर्फबाट यस्ता कदमहरू चालिँदैनन् भने नागरिकलाई संविधानले प्रत्याभूत गरेको आधारभूत नि:शुल्क स्वास्थ्यको अधिकारको संरक्षण गर्ने दिशामा राज्य संयन्त्र उदासिन भएको मान्नुपर्ने हुन्छ।

८. निजी तथा गैरसरकारी स्वास्थ्यसम्बन्धी संस्थाको सञ्चालन, नियमन तथा व्यवस्थापन सम्बन्धमा के-कस्तो कानून बनाउने भन्ने कुरा विधायिकाको आफ्नो अन्तरनिहित अधिकार हुने भएको र राज्यले आफ्नो क्षमताअनुसार नागरिकलाई के कस्ता आधारभूत सेवा तथा सुविधा प्रदान गर्ने भन्ने कुरा कार्यकारणीको कार्य भएकोले अदालतले कानूनको व्याख्या गर्ने र कानूनमा रहेका द्विविधा हटाउने मात्र कार्य गर्दछ न कि विधायीकि वा कार्यकारणी भूमिका निर्वाह गर्ने हो।

९. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६(२) मा "प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हक हुनेछ भन्ने र उपधारा (२) मा प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्थाभएबमोजिम आधारभूत स्वास्थ्य सेवा नि:शुल्क रूपमा पाउने हक हुनेछ" भन्ने संवैधानिक व्यवस्थाअनुसार नागरिकको नि:शुल्क स्वास्थ्यसम्बन्धी हक मौलिक हकको रूपमा राखिएको भए तापनि उक्त हक कानूनद्वारा सुनिश्चित हुने कुरा इङ्गित गरेको प्रस्ट देखिन्छ। त्यसैगरी नेपालको संविधानको धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकअन्तर्गत उपधारा (१) मा "प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था, उपधारा (२) मा प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ भन्ने र उपधारा (३) मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भन्ने तथा उपधारा (४) मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुनेछ" भन्ने वर्तमान नपालको संविधानमा स्वास्थ्य सम्बन्धी हकलाई नागरिकको आधारभूत हकको रूपमा मान्यता प्रदान गरेको पाइन्छ।

१०. नगरिकलाई नि:शुल्क रूपमा स्वास्थ्य, शिक्षा तथा रोजगारी प्रदान गर्ने वा नगर्ने भन्ने कुरा राज्यको क्षमता र इच्छा शक्तिमा निर्भर रहने कुरा हो। राज्यको खर्च गर्ने क्षमतालाई अदालतले हस्तक्षेप जस्तो गरी यसो गर्नु वा उसो गर्नु भनेर बोल्नु राज्यको अर्को अङ्गमा हस्तक्षेप गर्नु हो, जुन शक्ति पृथकीकरणको सिद्धान्तसमेत विपरीत हुन जाने देखिन्छ।

११. कुन कामको लागि कस्तो शुल्क चर्को हो र कुन शुल्क उपयुक्त हो भन्ने कुरा सम्बन्धित ऐन, नियम वा कुनै पनि संस्थानको विनियमावली वा निर्देशिकाले निर्धारण गर्ने कुरा हो। स्वास्थ्य संस्थाको शुल्क निर्धारण गर्ने सन्दर्भमा अदालतले बोल्न मिल्ने हुँदैन। सम्बन्धित निकायलाई उपयुक्त शुल्क निर्धारण गरी सेवा प्रवाह चुस्त वा दुरूस्त भए नभएको

सम्बन्धमा अनुगमन वा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु भनी आदेश भने अदालतले दिन सक्ने नै हुँदा स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा १३ मा गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धमा व्यवस्था गरेको कुरालाई तत्परतापूर्वक कार्यान्वयन गर्न विपक्षीहरू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय , स्वास्थ्य सेवा विभाग, टेकु, नेपाल मेडिकल काउन्सिल, बाँसबारी तथा नेपाल मेडिकल एसोसिएसन, बागबजारका नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ।

१२. स्वास्थ्यसम्बन्धी हक जीवनको हकसँग सम्बन्धित छ । नेपालको अन्तरिम संविधान, २०६३ तथा वर्तमान संविधानले समेत नि:शुल्क स्वास्थ्यसम्बन्धी हकलाई मौलिक हकको रूपमा मान्यता दिएको देखिन्छ । सर्वसाधारण नागरिकले निजी तथा सार्वजनिक स्वास्थ्य संस्था वा अस्पतालबाट प्राप्त गर्ने सेवा गुणस्तरीय एवम् पारदर्शी भए वा नभएको सम्बन्धमा व्यवस्था गर्न स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्डसम्बन्धी निर्देशिका, २०७० समेत रहेको र उक्त निर्देशिकाबमोजिम निजि तथा सार्वजनिक स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवा गुणस्तरीय एवम् पारदर्शी भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन तथा निरीक्षण गर्ने गराउने अन्तिम जिम्मेवारी विपक्षी स्वास्थ्य मन्त्रालयको भएको आधारमा स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवामा समानता, एकरूपता उपयुक्त एवम् प्रभावकारी बनाउन उक्त मन्त्रालयले उपयुक्त कदम चाल्नुपर्ने देखिन्छ।

१३. तसर्थ उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतको आधारमा स्वास्थ्य संस्थाको दर्ता, नियमन तथा अनुगमन गर्ने सम्बन्धमा स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्डसम्बन्धी निर्देशिका, २०७० समेत रहेको र सोसम्बन्धी छुट्टै ऐन बन्न लागेको भन्ने लिखित जवाफ कर्ताको जवाफहरूलाई हेरी विचार गर्दा सम्बन्धित ऐनलाई यथासिघ्र नेपालको संविधानको भावनासमेतलाई मुर्तरूप प्रदान गर्ने गरी निर्माण गर्न तथा स्वास्थ्य संस्थाको सेवा प्रवाह गुणस्तरीय र पारदर्शी बनाउने सन्दर्भमा प्रभावकारी नियमन तथा अनुगमन गर्ने कार्यमा तदरूकता ल्याउन विपक्षीको नाउँमा यो निर्देशनात्मक आदेशसम्म जारी हुने गरी प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

१४. प्रस्तुत आदेशको कार्यान्वयनको लागि आदेशको प्रतिलिपिसहित महान्यायाधिवक्ताको कार्यालयमार्फत सबै विपक्षीहरूलाई लेखी पठाई सोको जानकारी फैसला कार्यान्वयन निर्देशनालयलाई दिनू। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. गोविन्दकुमार उपाध्याय

इजलास अधिकृत : शकुन्तला कार्की
इति संवत् २०७३ साल असार २२ गते रोज ४ शुभम्।

## निर्णय नं. ९६५९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
फैसला मिति : २०७३।४।१९।४

मुद्दा : कर्तव्य ज्यान

०७०-CR-१०६८

पुनरावेदक / प्रतिवादी : कैलाली जिल्ला चुहा गा.वि.स. वडा नं. ५ घर भई कारागार कार्यालय कैलालीमा थुनामा रहेको प्रेम ढकाल कामी

विरूद्ध

प्रत्यर्थी / वादी : करनबहादुर बि.क. को जाहेरीले नेपाल सरकार

०७०-CR-११९१

पुनरावेदक / वादी : करनबहादुर बि.क. को जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : कैलाली जिल्ला चुहा गा.वि.स. वडा नं. ५ घर भई कारागार कार्यालय कैलालीमा थुनामा रहको प्रेम ढकाल कामी

- **भवितव्यलाई आकस्मिक घटना वा दुर्घटनाको रूपमा लिइन्छ । यसलाई दुर्घटनाको रूपमा लिइने हुँदा भवितव्य हुनलाई घट्न पुगेको घटना घटाउनेसम्मको कुनै कारण तथा रिसइवी नभएको देखिनु पर्ने, आफूले गरेको कामबाट कुनै दुष्परिणाम आउन सक्ने अवस्था तथा सम्भावना नरहेको देखिनु पर्ने, त्यस्तो दुष्परिणामको ईच्छा तथा पूर्वज्ञानसमेत नभएको हुनुपर्ने साथै वैध काम वैध साधनको प्रयोग गरी प्रयाप्त सावधानी अपनाई गरेको पनि पुष्टि हुनुपर्दछ । उल्लिखित यी अवस्थाहरू एक अर्काको विकल्पको रूपमा रहेको नभई यी सबै अवस्थाहरूको संयोजन रहे भएको हुनुपर्दछ । यीमध्ये कुनै एउटाको अभाव भएमा त्यसलाई भवितव्य मान्न नसकिने ।**

(प्रकरण नं.६)

- **बियरको बोतल जस्तो वस्तुले संवेदनशील अंग टाउकोमा हिर्काउँदा ज्यान मर्न सक्छ भनी सामान्य सुझबुझ भएको व्यक्तिले जान्नु सोच्नु पर्ने कुरा हुन आउँछ । बियरको बोतलले टाउकोमा हिर्काउँदा ज्यान मर्न सक्ने सम्भावना रहने पनि सहज अनुमान गर्नुपर्ने विषय हो । यस्तो अवस्थामा प्रतिवादीमा भवितव्य ज्यान हुन आफूले गरेको कामबाट मानिस मर्ला भन्ने जस्तो नदेखिएको वा परिणामको पूर्व ज्ञान नभएको भनी मान्न सकिँदैन । यसमा प्रतिवादीको मृतकलाई मार्ने मनसाय स्पष्ट नदेखिए पनि मानिस मर्न सक्ने परिणामको पूर्व सम्भावनाको जानकारी भने रहेकै देखिँदा प्रस्तुत मुद्दाको वारदातलाई भवितव्यको कोटीमा राख्न सकिँदैन । यस्तो अवस्थामा प्रतिवादीमा रहेको त्यही सम्भावनाको जानकारी नै आपराधिक कार्य पछाडिको आपराधिक मनसायका रूपमा रहेको हुने ।**
- **कुनै आपराधिक कार्य ठीक बेठीक छुट्याउन सक्ने व्यक्तिले आफ्नो कामको परिणाम देख्न सक्ने अवस्थामा कुनै कार्य स्वतन्त्र तथा स्वेच्छाले गर्दछ र त्यसको परिणाम आपराधिक कार्य हुन्छ भने**

**त्यहाँ मानसिक तत्त्व विद्यमान रहेको नै मानिन्छ । नाबालक, होस ठेगाना नभएको, नशाको सुरमा रहेको, ठीकबेठीक छुट्टाउन नसक्ने अवस्थाको व्यक्तिले वा कुनै डर त्रास, दबाबमा परी कसैको आज्ञा पालन गर्न वा आफ्नो कार्यको परिणाम देख्न र पूर्व अनुमान गर्न नसक्ने व्यक्तिले गरेको आपराधिक कार्यको पछाडि आपराधिक मनसाय रहेको नमानिने अवस्था पनि यसमा विद्यमान नदेखिने ।**

(प्रकरण नं.७)

वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता चन्द्रबहादुर सापकोटा

प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता सूर्यबहादुर वली

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३(३) नं.

सुरू तहमा फैसला गर्ने :

मा.जि.न्या. श्री विष्णु सुवेदी

पुनरावेदन तहमा फैसला गर्ने :

मा.न्या. श्री रेवन्तबहादुर कुँवर

मा.न्या. श्री हिमालयराज पाठक

फैसला

**न्या.देवेन्द्र गोपाल श्रेष्ठ :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम पुनरावेदन अदालत, दिपायलको मिति २०७०।४।२१ को फैसलाउपर वादी प्रतिवादी दुवैतर्फबाट पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ :

जिल्ला कैलाली चुहा गा.वि.स. वडा नं. ५ बचैलास्थित पूर्वमा देवी थापाको रोपाइँ गरेको खेत, पश्चिममा निजकै गाई गोरू बाँध्ने गोठ, उत्तरमा ठूलो पिपलको रूख र दक्षिणमा देवी थापाको खेत यति चार किल्लाभित्र देवी थापाको घर आँगन अगाडि मिति २०६८/३/७ गते दिउँसो अ. ११ बजेको समयमा जाहेरवालाको भान्जा दिपेश ढकाल कामीलाई प्रतिवादी प्रेम ढकाल कामीले भात खाइरहेको अवस्थामा बियरको सिसा बोतलले टाउकोमा हिर्काई घाइते बनाएको र सोही घटनास्थल वरपर उक्त बियरका सिसा फुटेका टुक्राहरू फेला परेको भनिएको घटनास्थल मुचुल्का ।

मृतक दिपेश ढकाल कामीको निधारको दुवैतर्फ सेतो कपडाले पट्टी बाँधेको, बायाँ हातको पाखुरामा सेतो पट्टी बाँधेको, बायाँ हातको नाडीमा सानो काटिएको जस्तो घाउ, बायाँ गालामा सानो खोस्रिएको, घाँटीमा रातो भई रगत जस्तो रातो देखिएको र बायाँ कन्चटमा काटिएको घाउ रहेको भन्ने घटनास्थल तथा लासजाँच प्रकृति मुचुल्का ।

दिपेश ढकाल कामीलाई मिति २०६८/३/५ गते साँझ प्रतिवादी प्रेम ढकाल कामीले मृतकको घाँटी च्याप्न लाग्दा मेरी दिदी धौली बि.क. आएर बचाउँदा निजले दिदी र मृतकलाई कुटपिट गरी एम्बुलेन्स बोलाई लम्कीस्थित लालरत्न अस्पतालमा उपचार गराएका रहेछन् । ऐ. ७ गते दिदीले मृतकलाई घरमा गई लुगा कपडा बदल्न र पैसासमेत ल्याउन पठाएकोमा सो काम गरी फिर्ता हुने क्रममा रणबहादुर थापाको घरमा गई खाना खाइरहेको अवस्थामा प्रेम ढकाल कामीले एक्कासी पछाडिबाट बियरको बोत्तलले दुई पटक टाउकोमा प्रहार गरेकोमा तत्काल छरछिमेकीले बदर गोरिया अस्पतालमा सामान्य उपचार गराई थप उपचारको लागि कोहलपुर मेडिकल कलेजमा उपचार गराउँदासमेत निको नभएकोले भारतको लखनउस्थित सहर अस्पतालमा उपचारका क्रममा नै सोही चोटका कारण ऐ. १० गते साँझ अं. ६:०० बजेको समयमा

दिपेश ढकाल कामीको मृत्यु भएकोले कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको करनबहादुर बि.क. को जाहेरी दरखास्त।

मृतक दिपेश ढकाल कामीको टाउकोमा चोटका कारण मृत्यु भएको भन्ने शवपरीक्षण प्रतिवेदन रिपोर्ट।

मृतक दिपेश ढकाल कामी मेरो सहोदर भाइ हो । हामीहरूबीच मिति २०६८/३/५ गते घरायसी सामान्य वादविवाद हुँदा आमासमेत उक्त स्थानमा आई हामीहरूलाई छुट्याउँदा घाइते भएका कारण आमाको उपचारको लागि एम्बुलेन्स बोलाई लालरत्न अस्पतालमा मृतक भाइ कुरूवा बसेको थियो। आमाले मृतक भाइलाई लुगा बदली पैसा लिएर आउनु भनी पठाएकोमा मिति २०६८/३/७ गते ११ बजेको समयमा जि.कै.चुहा गा.वि.स. वडा नं. ५ स्थित रणबहादुर थापाको घरबाहिर मृतक भाइ खाना खाई रहेको देखेपछि बियरको बोतलमा पानी भरी राखेको अवस्थामा नै उक्त बोतल मैले समाती मृतक भाइको अगाडिपट्टिको टाउकोमा हिर्काएको हुँ । भाइलाई उपचारको लागि छिमेकीहरूले भारतसमेत लगी औषधी उपचार हुँदा निको नभएकोले मैले हानेकै चोटका कारण मृतक भाइको मृत्यु हुन गएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी प्रेम ढकाल कामीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान कागज।

मिति २०६८/३/५ गते राति प्रतिवादी प्रेम ढकालको श्रीमती र प्रतिवादीकै आमा धौली बि.क.बीच घरायसी विवाद भएको रहेछ। सोही राति प्रतिवादीको घरमा होहल्ला भएको सुन्दा के भयो भनी जाँदा प्रेम ढकाल कामीले आफ्नै आमालाई कुटपिट गरेको देखी मसहित गाउँघरका अन्य मानिस आई छुट्याएका हौं। निज प्रतिवादीको कुटाइबाट निजकी आमा घाइते भएकीमा एम्बुलेन्स बोलाई लालरत्न अस्पतालमा उपचारको लागि लगिएको थियो। मृतक छोरा र घाइते आमा मिति २०६८/३/७ गतेसम्म अस्पतालमै भएका कारण मृतकलाई निजकी आमाले लुगा कपडा बदल्न र पैसासमेत ल्याउन पठाएकोमा ऐ. ११ बजेको समयमा मेरो घरमा आइ आन्टी मलाई साह्रै भोक लागेको छ खाने कुरा केही भए दिनुहोस् भन्दा भात छ बस खाएर जाऊ भन्दा मृतक भात खाइरहेको अवस्थामा प्रतिवादी प्रेम ढकाल कामीले आफ्नो घरबाट हातमा बियरको बोतललाई नल्का चलाई बोतलमा पानी भरी ट्वाइलेट जान्छ भन्ने सोचेकी थिएँ। मृतकलाई दाल लिन भनी म भान्सामा गएको अवस्थामा प्रेम ढकाल कामीले सोही बियरको बोतलले हिर्काइ मृतक मेरो घरबाट बेहोस अवस्थामा भागी खेततर्फ गएको हो। प्रेम ढकाल कामीकै चोटका कारण मृतकको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको धर्मादेवी थापाले मौकामा गरेको कागज।

मिति २०६८/३/५ गते दिउँसो प्रतिवादी प्रेम ढकालको आमा र श्रीमती रिमा बि.क. बीच घरायसी विवाद भएको थियो । सोही दिन राति प्रतिवादी प्रेम ढकाल कामी बाहिरबाट घरमा आई मृतक दिपेश ढकाल कामीलाई बोलाई अब तिमीहरूको खैरेत छैन। तिमीहरूलाई मार्छु भनेको सुनी मृतक छोरालाई आफ्नो कोठा ल्याई आउँदै थियो। आउँदै गर्दाको अवस्थामा प्रतिवादीले एक्कासी मृतकको टाउको समाती घाँटी च्याप्दा मैले मृतकलाई छुट्याई भाग्न सफल भएको हो। प्रतिवादीले मसमेतलाई कुटपिट गरी घाइते बनाएकोमा मृतकले एम्बुलेन्स बोलाई लालरत्न अस्पतालमा उपचारको लागि लगेको थियो । मिति २०६८/३/७ गतेसम्म अस्पतालमै भएका कारण मृतकलाई मैले लुगा बदल्न र उपचारको लागि समूहबाट पैसा ऋण मागी ल्याउन पठाएकोमा ऐ. ११ बजेको समयमा छिमेकीको घरमा भात खाइरहेको अवस्थामा प्रतिवादी प्रेम ढकाल कामीले एक्कासी बियरको बोतलले टाउकोमा हिर्काइ घाइते बनाएकोमा सोही चोटका कारण मृतक दिपेश ढकाल कामीको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको धौली ढकाल कामीले मौकामा गरेको कागज।

मिति २०६८/३/७ गते दिउसो ११:०० बजेको समयमा जि.कै. चुहा गा.वि.स. वडा नं. ५ बचैलास्थित रणबहादुर थापाको घरमा मृतक दिपेश ढकाल कामी खाना खाइरहेको अवस्थामा प्रतिवादी प्रेम ढकाल कामीले बियरको बोतलले टाउकोमा हिर्काई घाइते बनाएको अवस्थामा मससमेतले घाइतेलाई उपचारको लागि एम्बुलेन्स बोलाइ बदर गोरिया अस्पतालमा लगेका हौं। उक्त अस्पतालमा उपचार हुन नसकी कोहलपुर मेडिकल कलेजमा पुर्‍याई त्यहाँसमेत उपचार हुन नसकी भारतको लखनउ लगी उपचारको क्रममा मिति २०६८/३/१० गते सोही चोटका कारण मृतक दिपेशको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको एकै मिलानको उमेश जैसीसमेत जना ३ ले दिएको वस्तुस्थिति मुचुल्का।

प्रतिवादी प्रेम ढकाल कामीले मृतक दिपेश ढकाल कामीसँगको पूर्व रिसइवीसमेत लिई मृतकलाई ज्यान मार्ने मनसायले बोतलमा पानी भरी पछाडिबाट टाउकोमा प्रहार गर्दा मृतक तत्काल छटपटिई उपचार गराउन बरद गोरिया अस्पताल, कोहलपुर मेडिकल कलेजसमेतमा लगिएकोमा उपचार हुन नसकी भारतको लखनउस्थित अस्पतालमा मृतक दिपेश ढकाल कामीको मृत्यु भएको तथ्य स्पष्ट खुल्न आएकोले आफ्नै भाइलाई मार्ने प्रतिवादी प्रेम ढकाल कामीले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. विपरीतको कसुर अपराध गरेको पुष्टि हुँदा निज प्रतिवादी प्रेम ढकाल कामीलाई ऐ. मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम हदैसम्मको सजाय गरी पाउन अभियोग माग दाबी लिइएको छ भन्नेसमेत व्यहोराको अभियोग पत्र।

मिति २०६८/३/५ गते बिहान आमा र मेरो श्रीमतीबीच घरायसी वादविवाद भई सामान्य झगडा भएको थियो। आमाले मेरो श्रीमतीसँग बेला बेलामा विना काममा झगडा गर्ने भएकीले २०६८/३/५ गते राति १० बजेको समयमा म आमाको कोठामा गई किन सधैँ झगडा गर्नुहुन्छ ? हामी पनि तपाईको छोराबुहारी हो भनी सम्झाउन खोज्दा मृतक भाइ पछाडिबाट आइ नल्काको हेण्डिलले मेरो टाउकोमा प्रहार गर्दा म घाइते भई भुइँमा लडेको र पुनः अर्को चोट निजले मलाई हान्न खोज्दा म भुइँबाट उठी निजको घाँटी च्यापी भित्तामा चेपेको हुँदा आमा आई छुट्याउन खोज्दा मैले आमालाई धकेल्दा आमा पलङ्गमा ठोकिन पुगी घाइते भएकी हुन्। त्यसपछि छिमेकीहरू आई झगडा छुट्याई आमा र मलाई एम्बुलेन्समा राखी लम्की स्थित लालरत्न अस्पतालमा उपचारको लागि लगेको हुँदा म उक्त राति अस्पतालमा नै बसी भोलिपल्ट घरमा आएको र आमा अस्पतालमै बेड भर्ना भएको थिइन्। मिति २०६८/३/७ गते बिहान मृतक भाइ रूपैयाँ लिन भनी अस्पतालबाट घरमा आई मेरो छिमेकी रणबहादुर थापाको घरको आँगनमा बसी खाना खाँदै रहेछ। मलाई दिसा लागेकोले बोतलमा पानी भरी कुलातिर दिसा गर्न जान लाग्दा निजलाई खाना खाइरहेको देखी किन अर्काको घरमा खाना खाँदैछस् ? झगडा भएपनि आफ्नै घरमा खाना खाएको भए भई हाल्थ्यो नि भन्दा तँलाई अझै पिटाइ पुगेको छैन भनी मृतक उठी मेरो हातको बोतल खोस्न लाग्दा मलाईसमेत रिस उठी सोही बोतलले एक चोट निजको टाउकोमा हानेको हुँ। मार्ने उद्देश्यले हानेको होइन। निजको टाउकोबाट रगत बगेको देखेपछि निजलाई पहिला बौनिया अस्पतालमा उपचार गराई त्यहाँ निको नभएपछि मेडिकल कलेज नेपालगञ्ज लगेकोमा त्यहाँबाट लखनउ रिफर गरेकाले लखनउमा लगी उपचार गराउँदा गराउँदै निजको सोही चोटका कारणले मृत्यु भएको हो। मैले मार्ने उद्देश्यले मृतकलाई हानेको नभई रिसको झोकमा हानेको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी प्रेम ढकाल कामीले अदालतमा गरेको बयान।

२०६८ साल आषाढको ५ गतेको दिनमा निजका भाइहरूबीच झगडा हुँदा दोस्रो दिन निज भाइ आफ्नो नजिकैको छिमेकीको घरमा खाना खाएको

बेलामा निजको दाइले भाइ किन अरूको घरमा खाना खाएको यति सानोतिनो मनमुटावले घरको खाना छाड्ने, यस्ता किसिमका व्यवहार गर्नु हुँदैन भनी दाइले सम्झाउँदा निजको भाइ दिपेश ढकाल एक्कासी रिसको झोंकमा आई आफ्नो दाजुसँग झगडा गरेको र सोही बेलामा आषाढको महिना धान रोप्ने कामले गर्दा कसैलाई पनि फुर्सद नभएको कारण अन्य मान्छे कोही नहुँदा निजहरूको झगडा बढ्दै जाँदा प्रेम ढकालले दिपेश ढकाललाई कुन्नी केले हाने पछि निजलाई उपचारार्थ अस्पताल लिएपछि निजको मृत्यु अस्पतालमा भएको हो। निज प्रेम ढकालले उक्त घटनामा एक्कासी आफ्नो भाइलाई प्रहार गरे पनि मार्ने उद्वेश्य बोकी उक्त घटना घटेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी छोटुलाल चौधरीले यस अदालतमा गरेको बकपत्र।

प्रेम ढकाल र मृतकको बीच मृत्यु हुनुपूर्व कुनै किसिमको झै-झगडा रिसइवी केही पनि थिएन । दुवै भाइ घरपरिवारमा मिली बस्ने एक अर्काको सहयोगी काम गर्ने गर्दथे। मैले निज प्रतिवादीले हानेको चोट पनि देख्न पाइन। बियरको बोतल कसले ल्याए थाहा भएन भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने धौली ढकाल कामीले अदालतमा गरेको बकपत्र।

प्रेम ढकाल कामी दिसा गर्न जाँदा छिमेकीको घरमा निजको भाइ दिपेश ढकाल कामी खाना खाइ रहेको थियो । सोही बेलामा प्रेम ढकाल कामीले आफ्नो भाइलाई सम्झाउँदा भाइहरूबीच पुनः भनाभन हुँदा निज दिपेश ढकाल कामीले आफ्नो दाजु प्रेम ढकालमाथि आक्रमण गर्ने क्रममा प्रेम ढकालसँग भएको बोतलले निजले आफ्नो भाइलाई रिसले हिर्काउन खोज्दा एक्कासी टाउकोमा लाग्न गई रगत बगिरहेको अवस्थामा निजलाई उपचारार्थ अस्पताल लगेकोमा अस्पतालमै मृत्यु भएको हो । निजहरूबीच रिसइवी नभई सो दिन अचानक सो घटना घट्न गएको हो। निज प्रेम ढकाल कामीले आफ्नो भाइ दिपेश ढकाललाई मार्ने उद्वेश्यले नभई एक्कासी रिसको झोकमा उक्त बोतलले हिर्काएको हो भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी खड्क जैसीले अदालतमा गरेको बकपत्र।

निज प्रेम ढकाल र मृतकबीच त्योभन्दा पहिला कुनै किसिमको रिसइवी झै-झगडा मनमुटाव थिएन। एक्कासी त्यो दिन के कति कारणले गर्दा झगडा भई निजको भाइको मृत्यु हुन गएको हो भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने मिना कुमारी भण्डारीले अदालतमा गरेको बकपत्र।

दुवै भाइबीच विवाद हुँदा तत्काल उठेको रिसले प्रेम ढकालले बियरको बोतलले हानी भाइको मृत्यु भएको हो । रिसइवी केही थिएन भन्नेसमेत व्यहोराको जाहेरवाला करन सिंह बि.क. ले अदालतमा गरेको बकपत्र।

वारदातको प्रकृतिबाट ज्यान मार्ने मनसाय, इविलागविना उसै मौकामा उठेको रिसका कारण घटना घट्न गएको, वारदातमा जोखिमी हतियार प्रयोग नभएको र निरन्तर प्रहार गरेको नभई एक पटकको प्रहारको कारणबाट मात्र निज दिपेश ढकाल कामीको मृत्यु भएको देखिँदा प्रतिवादीलाई वादी नेपाल सरकारको अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी १३(३) नं. अनुसार सयाज हुने नभई ऐ.को १४ नं. अनुसार १०(दश) वर्ष कैद सजाय हुने ठहर्छ भन्नेसमेत व्यहोराको कैलाली जिल्ला अदालतको मिति २०६९/२/८ को फैसला।

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. लाई हेर्दा “ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ” भन्ने व्यवस्था छ। प्रस्तुत घटनामा मेरो ज्यान लिने इविलाग र मनसायसमेत नभएको, निजसँग घरमा झगडा भएपनि आफ्नै घरमा खाना खानुपर्छ भनी सम्झाई बुझाई गर्न खोज्दा निज नै मप्रति झगडा गर्न आएकोले निजको हातको बोतल खोसी बोतलले हिर्काउदा निजको

टाउकोमा लागि मृत्यु भएको हो । ज्यानसम्बन्धीको ५ नं. बमोजिम भवितव्य ठहराउनु पर्नेमा सो नठहराई गरेको सुरू कैलाली जिल्ला अदालतको फैसला सो हदसम्म बदर गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी प्रेम ढकाल कामीको पुनरावेदन पत्र ।

प्रतिवादीले मृतकसँग पटकपटक झगडा गरी वारदातका बखत लुकी चोरी बोतल जस्तो जोखिमी साधन प्रयोग गरी घटना घटेकोबाट वारदातपूर्व दूषित सोचाइ (Malice aforethought) रहेको देखिन आउँछ । वारदातका बखत उस्तै शारीरिक सामर्थ्य र अवस्थाका प्रतिवादीलाई कुनै चोट नहुनु र मृतकको टाउकोमा दुईवटा चोट रहनुसमेतबाट मृतकलाई मार्ने मनसायबाट योजनाबद्धरूपमा वारदात भएको तथ्यगत र परिस्थितिजन्य प्रमाणबाट स्थापित गरी राखेकोमा प्रस्तुत वारदात आवेसप्रेरित हत्या ठहर गरी भएको फैसलामा ज्यानसम्बन्धीको महलको १३(३) र १४ नं. को व्याख्यामा त्रुटि हुँदा सो फैसला बदर गरी प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन पत्र ।

यसमा प्रेम ढकाल कामीले आफूलाई बढी सजाय भएको भनी पुनरावेदन गरेको र निजलाई कम सजाय भएको भनी नेपाल सरकारको पुनरावेदन परेकोमा प्रतिवादीको पुनरावेदनसम्बन्धमा वादी नेपाल सरकारलाई नेपाल नेपाल सरकारको पुनरावेदन सम्बन्धमा प्रतिवादीलाई जानकारी गराई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालतबाट मिति २०६९/१२/६ मा भएको आदेश ।

यसमा पुनरावेदक / प्रतिवादी प्रेम ढकाल कामीले मिति २०६८/३/७ गते बिहान मृतक भाइ अस्पतालबाट रकम लिन घरमा आई मेरो छिमेकी रणबहादुर थापाको घरको आँगनमा खाना खाँदै रहेको र मलाई दिसा लागेकोले बोतलमा पानी भरी कुलातर्फ दिसा गर्न जान लाग्दा निजलाई देखी किन अर्काको घरमा खाना खाँदैछस् आफ्नो घरमा खाना खाएको भए भई हाल्थ्यो नि भन्दा तँलाई अझै पिटाई पुगेको छैन भनी भाइ उठी मेरो हातको बोतल खोस्न लाग्दा मलाईसमेत रिस उठी सोही बोतलले एक चोट निजको टाउकोमा हानेको हुँ । मार्ने उद्देश्यले हानेको होइन भनी घटनालाई स्वीकार गरेको, प्रतिवादीको उक्त बयान कागजबाट मृतकलाई मार्ने मनसाय राखी उक्त मनसायलाई पूरा गर्नको लागि पानी भरेको बियरको बोतल लिएर मृतकको टाउकोमा हान्न गएको भन्ने नदेखिएको, जुन कुरा वस्तुस्थिति मुचुल्कामा कागज गर्ने उमेश जैशी, मिना कुरमी भण्डारी, लक्ष्मीदेवी भण्डारीले मार्ने उद्देश्यले हानेको होइन भनी लेखाई दिनुका साथै अदालतमा आई बकपत्र गरिदिएको र प्रतिवादीका साक्षी खड्क जैसी, धौली ढकाल कामी, छोटुलाल चौधरीसमेतले मार्ने उद्देश्यले नभई एक्कास रिसको झोकमा उक्त बोतलले हिर्काएको हो भनी बकपत्र गरी दिएबाट प्रतिवादी प्रेम ढकाल कामीले मृतक दिपेश ढकाल कामीलाई मार्ने उद्देश्यले तयारीसाथ बियरको बोतलमा पानी भरी मृतकलाई हिर्काएको नभई झगडा हुँदा रिसको आवेगमा मृतकको टाउकोमा हानेको भन्ने पुष्टि भएको, नेपाल सरकारको अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३(३) नं. बमोजिमको अपराध हुनको निमित्त इविलाग, ज्यान मार्ने मनसाय, उक्त मनसाय पूरा गर्नको लागि तयारी स्वरूप मृतकलाई हानेको पुष्टि हुनुपर्ने देखिन्छ प्रस्तुत मुद्दामा प्रतिवादी प्रेम ढकाल कामी र मृतक दिपेश ढकाल कामीको बीच भनाभन भई तत्काल उठेको रिसले हातमा भएको बोतलले प्रतिवादी प्रेम ढकाल कामीले मृतक दिपेश ढकाल कामीलाई एक पटक हानेको र सोही चोटको कारण मृतकको मृत्यु भएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय हुने नभई १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहर्‍याएको सुरू कैलाली जिल्ला अदालतको फैसला मनासिबै देखिने, अभियोग

दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) बमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र ज्यानसम्बन्धीको महलको ५ नं. बमोजिम भवितव्य ठहर गर्नुपर्ने भन्ने प्रतिवादी प्रेम ढकाल कामीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। तसर्थ प्रतिवादीलाई वादी नेपाल सरकारको अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार हुने नभई ऐ. को १४ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने ठहरी सुरू कैलाली जिल्ला अदालतबाट मिति २०६९/२/८ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, दिपायलको मिति २०७०/४/२१ को फैसला।

प्रस्तुत मुद्दामा घटेको घटनाका सम्बन्धमा म निवेदकले सुरू कैलाली जिल्ला अदालतसमक्ष गरेको बयानलाई अन्यथा र गलत हो भनी वादी पक्षले कुनै पनि प्रमाणले खण्डन गरेको छैन । उक्त घटनालाई आवेसप्रेरित हत्याको संज्ञा दिन मिल्दैन । मैले सम्मानित अदालतमा बयान गर्दा सत्यतथ्य विवरण खुलाएको छु । मृतकलाई अभिभावकको हैसियतले सम्झाउन खोज्दा मृतक आफैँ आवेसमा आई म चर्पी जान पानी लिएको मेरो हातको बोतल खोस्न लाग्दा अकस्मात लाग्न गएको हो। ज्यानै मार्ने उद्देश्य, कुनै रिसइवी लिई प्रहार गरेको होइन। यस्तो अवस्थामा उक्त घटना मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम आकृष्ट हुने अवस्था देखिँदैन। मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. मा "ज्यानै मार्नुपर्नेसम्मको रिसइवी अथवा कुनै पूर्व मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले कुनै मानिस मर्ला भन्ने नदेखिएको कुनै पनि काम कुरा गर्दा त्यसै कामद्वारा केही भई कुनै पनि मानिस मर्न गएमा भवितव्य गरेको ठहर्छ" भन्ने व्यवस्था भएको हुँदा प्रस्तुत वारदातमा पनि ज्यान लिने मनसाय, रिसइवी र वैमनस्यता नभई केवल अभिभावकीय जिम्मेवारी निर्वाह गर्दा घरमा नै खाना खानुपर्छ भनी सम्झाउने क्रममा सामान्य वादविवाद हुन गएको र सोही अवस्थामा नै मृतकको मृत्यु भएको हुँदा उक्त वारदात मुलकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. बमोजिम भवितव्य ठहर्नुपर्नेमा सो नठहर्‍याई सुरू कैलाली जिल्ला अदालतको फैसला सदर गर्ने श्री पुनरावेदन अदालत, दिपायलको फैसला बदर भागी छ बदर गरी न्याय पाउँ भन्ने व्यहोराको पुनरावेदक / प्रतिवादी प्रेम ढकाल कामीको पुनरावेदन पत्र।

प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. को कसुरमा सजाय हुने ठहर भएको हुँदा कर्तव्य ज्यानको वारदात सम्बन्धमा विवाद छैन। यी प्रतिवादी प्रेम ढकाल कामीले घटना वारदातपूर्व पनि मृतकसँग झगडा गरी वारदातका दिन मृतकलाई पछाडिबाट बियरको बोतलले टाउकोमा २ पटक प्रहार गरी सख्त घाइते बनाई उपचारकै क्रममा निजको मृत्यु भएको जाहेरीबाट देखिएको, मृतकको टाउकोमा २ वटा चोट रहेको र सोही चोटका कारण मृत्यु भएको शवपरीक्षण प्रतिवेदन रहेको, प्रतिवादीले बयान गर्दा वारदातपूर्व मृतक र आमा धौलीसँग अलग भिन्न भई बस्ने सम्बन्धमा विवाद हुने गरेको र वारदातका बखत मृतक अर्काको घरमा भात खाँदै गरेको देखी बियरको बोतलले टाउकोमा हानेको र सोही चोटका कारण निजको मृत्यु भएको स्वीकार गरेको अवस्था, मृतकको टाउकोमा बोतल जस्तो अत्यन्तै जोखिमी वस्तुले चोट प्रहार गरेको आपराधिक कार्यबाट आफूले गरेको उक्त कार्यको परिणामको पूर्व जानकारी (Freightless of the Consequences) प्रतिवादीलाई रहेको अवस्था देखिने, मृतकसँग पटकपटक झगडा गरी वारदातका बखत निजको टाउकोमा दुई पटक चोट प्रहार गरिएको हुँदा कर्तव्य गर्ने मनसाय लक्षितरूपमा वारदात भएको घटनाक्रमहरूले पुष्टि भई राखेको अवस्थामा वारदातलाई आवेसप्रेरित हत्याको ठहर गरी भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी प्रतिवादीलाई सुरू अभियोग माग दाबीबमोजिम सजाय

गरिपाउँ भन्नेसमेत व्यहोराको नेपाल सरकारको पुनरावेदन पत्र।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी प्रेम ढकाल कामीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सूर्यबहादुर वलीले प्रतिवादी प्रेम ढकाल कामीले ज्यानै मार्नुपर्नेसम्मको रिसइवी वा कुनै पूर्व मनसाय नभई आफ्ना भाइ मृतक दिपेश ढकाल कामीलाई अभिभावकीय जिम्मेवारी निर्वाह गर्दा घरमा नै खाना खानुपर्छ भनी सम्झाउने बुझाउने क्रममा सामान्य वादविवाद हुन गएको र सोही अवस्थामा केही गर्दा मृतकको मृत्यु भएको हुँदा उक्त वारदात मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. बमोजिम भवितव्य ठहर्नु पर्नेमा सो नठहऱ्याई सुरू कैलाली जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, दिपायलको फैसला बदर गरी न्याय पाउँ भन्नेसमेत व्यहोराको बहस गर्नुभयो।

त्यस्तै वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री चन्द्रबहादुर सापकोटाले मृतकउपर प्रतिवादी प्रेम ढकाल कामीले ज्यान मार्ने मनसायपूर्वक पछाडिबाट बियर बोतलले टाउकोमा प्रहार गरी उपचारको क्रममा ज्यान मर्न गएकोले सुरू अदालतले आवेसप्रेरित हत्या ठहर गरी गरेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, दिपायलले गरेको फैसलामा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) र १४ नं. को व्याख्यात्मक त्रुटि भई मिसिल संलग्न प्रमाणहरूको यथोचित मूल्याङ्कन नगरी मनसाय प्रेरित हत्यालाई आवेस प्रेरित ठहर गरी भएको फैसला बदर गरी प्रतिवादीलाई सुरू अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

यसरी दुवै पक्षको बहससमेत सुनी निर्णयतर्फ विचार गर्दा, मिसिल संलग्न घटनास्थल प्रकृति मुचुल्का, लासजाँच प्रकृति मुचुल्का, जाहेरी दरखास्त, घटना विवरण कागज, प्रतिवादीको बयान कागजसमेत हेर्दा मृतक दिपेश ढकाल कामीको मृत्यु प्रतिवादी प्रेम ढकाल कामीले बियरको बोतलले टाउकोमा हानेको चोटको कारणबाट भएको तथ्य स्थापित भएको छ। सोलाई प्रतिवादीले अन्यथा भन्नसमेत सकेको छैन। यस्तो अवस्थामा पुनरावेदन अदालत, दिपायलबाट भएको फैसला मिलेको छ, छैन ? तथा वादी नेपाल सरकार र प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन ? भन्ने सम्बन्धमा निर्णयमा दिनुपर्ने देखियो।

२. यसमा प्रतिवादी प्रेम ढकाल कामीले पानी भरिएको बियरको बोतलले मृतक दिपेश ढकाल कामीको टाउकोमा प्रहार गरी उपचारको क्रममा सोही चोटको कारणले मृतक दिपेश ढकाल कामीको मृत्यु भएको तथ्य स्पष्टरूपमा खुल्न आएकोले प्रतिवादी प्रेम ढकाल कामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३(३) विपरीतको अपराधमा सोही महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग माग दाबी लिइएकोमा सुरू कैलाली जिल्ला अदालतबाट ऐ. महलको १३(३) नं. बमोजिम सजाय नगरी ऐ. महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहरी फैसला भएको पाइयो। सो फैसलाउपर मेरो मार्ने मनसाय नभएको अभिभावकीयरूपमा भाइलाई सम्झाउँदा विवाद भई मैले समाती राखेको बियरको बोतल खोस्न लाग्दा तत्काल उठेको रिसले पानी भरिएको बियरको बोतलले भाइलाई टाउकोमा हिर्काउँदा उपचारको क्रममा मृत्यु भएको हो। सुरू कैलाली जिल्ला अदालतको फैसला बदर गरी भवितव्य ठहऱ्याई न्याय पाउँ भनी र प्रतिवादीले मार्ने मनसाय लिई हानेकोले प्रतिवादीलाई अभियोग दाबीअनुसार सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत, दिपायलमा पुनरावेदन परी पुनरावेदन अदालत, दिपायलबाट सुरू फैसला सदर हुने ठहऱ्याई फैसला भएको पाइन्छ। उक्त फैसलाउपर ज्यानसम्बन्धीको महलको

५ नं. बमोजिम भवितव्यमा सजाय गरिपाउँ भनी प्रतिवादीको र अभियोग दाबीअनुसार सजाय हुनुपर्ने भनी वादी नेपाल सरकारको यस अदालतमा दोहोरो पुनरावेदन परेको पाइन्छ।

३. अब यसमा पुनरावेदन अदालत, दिपायलको मिति २०७०/४/२१ को फैसला मिलेको छ छैन ? तथा वादी प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन ? भन्नेतर्फ विचार गर्दा दिपेश ढकाल कामीलाई प्रतिवादी प्रेम ढकाल कामीले खाना खाइरहेको अवस्थामा बियरको बोतलले टाउकोमा हिर्काई घाइते बनाएको र घटनास्थल वरपर उक्त बियरको बोतलको सिसा फुटेको टुक्राहरू फेला परेको भनिएको घटनास्थल प्रकृति मुचुल्का देखिन्छ । मृतक दिपेश ढकाल कामीको निधारको दुवैतर्फ सेतो पट्टी बाँधेको, हात पाखुरामा सेतो पट्टी बाँधेको, नाडीमा सानो काटेको जस्तो घाउ, बायाँ गालामा खोस्रिएको, घाँटीमा रगत जस्तो देखिएको र बायाँ कन्चटमा काटिएको घाउ रहेको भन्ने लासजाँच प्रकृति मुचुल्का देखिन्छ । मृतकको मृत्यु टाउकामा लागेको चोटको कारण भएको भन्ने शवपरीक्षण प्रतिवेदनमा उल्लेख छ । करनबहादुर बि.क. ले मिति २०६८/३/७ मा मृतक दिपेश ढकाल रणबहादुर थापाको घरमा खाना खाइरहेको अवस्थामा एक्कासी प्रेम ढकाल कामीले बियरको बोतलले पछाडिबाट टाउकोमा प्रहार गरी उपचारको क्रममा सो चोटको कारणबाट मिति २०६८/३/१० गते दिपेश ढकाल कामीको मृत्यु भएकोले कानूनबमोजिम कारबाही गरिपाउँ भनी जाहेरी दरखास्त दर्ता गराएको देखिन्छ। निजले आफ्नो जाहेरी व्यहोरालाई समर्थन गरी अदालतमा समेत बकपत्र गरेको देखिन्छ । प्रतिवादीले भाइ दिपेश ढकाल कामीले छिमेकी रणबहादुर थापाको घरमा खाना खाइरहेको अवस्था देखी किन अर्काको घरमा खाना खान्छौं, झै-झगडा भएपनि आफ्नै घरमा खाए हुन्छ भनी विवाद भई मृतकले बोतल खोस्न लाग्दा तत्कालै रीसको झोकमा पानी भरेको बियरको बोतलले भाइको अगाडिपट्टिको टाउकोमा हिर्काएको हुँ उपचारको क्रममा मैले हानेको चोटको कारण मृतक भाइको मृत्यु हुन गएको हो भनी अनुसन्धान अधिकारीसमक्ष बयान गरिदिएका र अदालतमा बयान गर्दा मैले मार्ने उद्देश्यले मृतकलाई हानेको नभई रिसको झोकमा हानेको हुँ भनी लेखाई दिएका छन्। त्यस्तै मौकामा कागज गर्ने धर्मदेवी थापा, धौली ढकाल कामी, लक्ष्मीदेवी भण्डारी, मिनाकुमारी भण्डारी र उमेश जैसीले प्रतिवादीले मृतक दिपेश ढकाल कामीलाई रिसले बियरको बोतलले टाउकोमा हिर्काएको कारण घाइते भई उपचारको क्रममा सोही चोटको कारणले मृत्यु भएको हो भन्ने लेखाई दिएका र सोही व्यहोरालाई अदालतमा बकपत्र गर्दा धौली ढकाल कामी र मिनाकुमारी भण्डारीले ज्यान मार्ने उद्देश्यले होइन, रिसको आवेसमा आई बियरको बोतलले हानेको कारण उपचारको क्रममा मृत्यु भएको हो भनी लेखाइदिएका छन्। प्रतिवादीका साक्षी खड्क जैसी र छोटुलाल चौधरीले प्रतिवादीले मृतकलाई रीसको झोकमा बियरको बोतलले हानेको र ज्यान मार्ने मनसायले हानेको होइन भनी अदालतमा बकपत्र गरेको देखिन्छ।

४. यसरी प्रस्तुत मुद्दामा जाहेरी दरखास्तको व्यहोरा, घटनास्थल प्रकृति मुचुल्का, लासजाँच मुचुल्का, शवपरीक्षण प्रतिवेदनको व्यहोरा, घटना विवरण कागज गर्नेहरूको मौकाको कागजमा उल्लिखित कुराहरू तथा प्रतिवादीका मृतक अर्काको घरमा खाना खाइरहेको अवस्थामा किन अर्काको घरमा खाना खाएको आफ्नो घरमा जाउ भन्दा मृतकले बोतल खोस्न लाग्दा प्रतिवादीलाई तत्काल रिस उठी आफूसँग बोकेको पानी भरिएको बियरको बोतलले हानी सोही चोटको कारणबाट मृतकको मृत्यु भएको कुरा स्थापित हुन जान्छ। यस तथ्य सम्बन्धमा मिसिल संलग्न प्रमाणहरूमा एकरूपतासमेत रही एकआपसमा

समर्थितसमेत रहेको पाइन्छ ।

५. अब अर्काको घरमा नखाई आफ्नै घरमा खाना खानुपर्दछ भनी अभिभावकीय जिम्मेवारी निर्वाह गर्दा सामान्य विवाद भई बियरको बोतलले हिर्काउँदा उपचारको क्रममा दिपेश ढकाल कामीको मृत्यु भई भवितव्यबाट वारदात घटना भएको हो भनी भन्ने प्रतिवादीले लिएको पुनरावेदन जिकिरतर्फ हेर्दा,

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. मा भएको "ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ" भन्ने व्यवस्था र ऐ. ६ नं. को विभिन्न प्रकारले हुने भवितव्य ज्यानमा हुने सजायसम्बन्धी व्यवस्था रहेको पाइन्छ । यी व्यवस्थाहरू हेर्दा मुख्यतः भवितव्य ज्यान हुनलाई निम्न अवस्था हुनुपर्ने देखिन आउँछ ।

१. ज्यान मार्ने कुनै इविलाग वा मनसाय नभएको हुनुपर्ने,
२. आफूले गरेको कामबाट मानिस मर्ला भन्ने जस्तो नदेखिएको वा परिणामको पूर्व ज्ञान नभएको हुनुपर्ने,
३. उपर्युक्त अवस्थामा कुनै काम गर्दा अप्रत्याशितरूपमा मानिस मर्न गएको हुनुपर्ने,
४. एउटा कामका निमित्त सावधानीसँग हातहतियार उठाएकोमा केही व्यहोराले अरूलाई लाग्न गई ज्यान मरेको हुनुपर्ने ।

६. त्यसैले भवितव्यलाई आकस्मिक घटना वा दुर्घटनाको रूपमा लिइन्छ । यसलाई दुर्घटनाको रूपमा लिइने हुँदा भवितव्य हुनलाई घट्न पुगेको घटना घटाउनेसम्मको कुनै कारण तथा रिसइवी नभएको देखिनु पर्ने, आफूले गरेको कामबाट कुनै दुष्परिणाम आउन सक्ने अवस्था तथा सम्भावना नरहेको देखिनु पर्ने, त्यस्तो दुष्परिणामको ईच्छा तथा पूर्वज्ञानसमेत नभएको हुनुपर्ने साथै वैध काम वैध साधनको प्रयोग गरी प्रयाप्त सावधानी अपनाई गरेको पनि पुष्टि हुनुपर्दछ । उल्लिखित यी अवस्थाहरू एक अर्काको विकल्पको रूपमा रहेको नभई यी सबै अवस्थाहरूको संयोजन रहे भएको हुनुपर्दछ । यीमध्ये कुनै एउटाको अभाव भएमा त्यसलाई भवितव्य मान्न सकिँदैन ।

७. प्रस्तुत वारदातमा उल्लिखित अवस्थाको अन्तर्निहितता सम्बन्धमा विचार गर्दा, मिति २०६८/३/७ गते छिमेकी रणबहादुर थापाको घरमा मृतक दिपेश ढकाल कामीले खाना खाइरहँदा प्रेम ढकाल कामीले अर्काको घरमा खाना किन खाएको झै-झगडा परेपनि आफ्नो घरमा खाए हुन्छ भनी भन्दा विवाद परी प्रेम ढकाल कामीले दिसा गर्न जान भनी समाई राखेको पानी भरेको बियरको बोतलले मृतक दिपेश ढकाल कामीलाई टाउकोमा हिर्काउँदा घाइते भई उपचारको क्रममा मृत्यु भएको देखिन्छ । सोही घटनास्थल वरपर बियरको बोतलका सिसा फुटेका टुक्राहरू फेला परेको देखिन्छ । यसरी बियरको बोतल जस्तो वस्तुले संवेदनशील अंग टाउकोमा हिर्काउँदा ज्यान मर्न सक्छ भनी सामान्य सुझबुझ भएको व्यक्तिले जान्नु सोच्नु पर्ने कुरा हुन आउँछ । बियरको बोतलले टाउकोमा हिर्काउँदा ज्यान मर्न सक्ने सम्भावना रहने पनि सहज अनुमान गर्नुपर्ने विषय हो । यस्तो अवस्थामा प्रतिवादीमा भवितव्य ज्यान हुन आफूले गरेको कामबाट मानिस मर्ला भन्ने जस्तो नदेखिएको वा परिणामको पूर्व ज्ञान नभएको भनी मान्न सकिँदैन । यसमा प्रतिवादीको मृतकलाई मार्ने मनसाय स्पष्ट नदेखिए पनि मानिस मर्न सक्ने परिणामको पूर्व सम्भावनाको जानकारी भने रहेकै देखिँदा प्रस्तुत मुद्दाको वारदातलाई भवितव्यको कोटीमा राख्न सकिँदैन । यस्तो अवस्थामा प्रतिवादीमा रहेको त्यही सम्भावनाको जानकारी नै आपराधिक कार्य पछाडिको आपराधिक मनसायका रूपमा रहेको हुन्छ । कुनै आपराधिक कार्य ठीक बेठीक छुट्याउन सक्ने व्यक्तिले आफ्नो कामको परिणाम देख्न सक्ने

अवस्थामा कुनै कार्य स्वतन्त्र तथा स्वेच्छाले गर्दछ र त्यसको परिणाम आपराधिक कार्य हुन्छ भने त्यहाँ मानसिक तत्त्व विद्यमान रहेको नै मानिन्छ । नाबालक, होस ठेगाना नभएको, नशाको सुरमा रहेको, ठीकबेठीक छुट्टाउन नसक्ने अवस्थाको व्यक्तिले वा कुनै डर त्रास, दबाबमा परी कसैको आज्ञा पालन गर्न वा आफ्नो कार्यको परिणाम देख्न र पूर्व अनुमान गर्न नसक्ने व्यक्तिले गरेको आपराधिक कार्यको पछाडि आपराधिक मनसाय रहेको नमानिने अवस्था पनि यसमा विद्यमान देखिँदैन ।

८. तसर्थ, यस वारदातलाई भवितव्यको संज्ञा दिन मिल्दैन । प्रस्तुत वारदातमा यी प्रतिवादीको मृतकलाई ज्यान मार्नेसम्मको मनसाय तथा इविलाग पहिलेदेखि नै नदेखिएको, लुकी चोरीकन पनि नहानेको, अर्काको घरमा खाना खाएकोमा रिस उठी तत्काल आफूसँग भएको बोतलले हान्दा चोट लागी सोही चोटको कारण मृत्युभएको देखिएबाट प्रस्तुत वारदात मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. ले परिभाषित गरेको आवेसप्रेरित हत्याको कोटीमा पर्न जाने हुन आउँछ । तसर्थ, भवितव्य ज्यान भएकोले ज्यानसम्बन्धीको महलको ५ नं. को कसुर कायम गरी ऐ. ६ नं. अनुसार सजाय गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

९. अब, वारदात पूर्व प्रतिवादी र मृतकबीच झै-झगडा हुने गरेकोले प्रतिवादीले मृतक दिपेश ढकाल कामीलाई बियरको बोतलले टाउकोमा प्रहार गरी मृत्यु भएकोले अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर तर्फ हेर्दा, अदालतमा उपस्थित भई जाहेरवालाले बियरको बोतलले हानी मृत्यु भएको हो र रिसइवी केही थिएन भनी बकपत्र गरेको देखिन्छ । यसै गरी प्रतिवादीले मैले मार्ने मनसायले हानेको होइन अकस्मात रिसको झोकमा बियरको बोतलले हानेको हो भनी अदालतमा गरेको बयानलाई घटना विवरण गर्ने व्यक्तिहरू धर्मदेवी थापा, मिनाकुमारी भण्डारी, धौली ढकाल कामीले समर्थन गरी अदालतमा बकपत्रसमेत गरेको देखिन्छ । यसै गरी प्रतिवादीका साक्षी छोटुलाल चौधरी र खड्क जैसीले ज्यान मार्ने मनसायपूर्वक प्रतिवादीले मृतकलाई हिर्काएको होइन । रिसइवी पनि केही थिएन । सामान्य विवादमा तत्काल उठेको रिसको झोकमा बियरको बोतलले हानेकोले ज्यान मर्न गएको हो भनी अदालतमा बकपत्र गरेको देखिएबाट यी प्रतिवादी प्रेम ढकाल कामीले मृतकलाई पूर्व रिसइवी, इविलाग नभई मार्ने मनसाय नराखी वादविवाद हुँदा तत्काल उठेको रिसको झोकमा बोतलले टाउको प्रहार गरेको देखिन्छ ।

१०. मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. ले "ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्ने सम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादिले हान्दा सोही चोट पिरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ" भन्ने व्यवस्था गरेको देखिन्छ । यसरी हेर्दा प्रतिवादीमा मार्नुपर्नेसम्मको कुनै रिसइवी, मनसाय नभएको, लुकिचोरीकन पनि नहानेको, जोखिमी हतियार पनि प्रयोग नगरेको, दिसा गर्न भनी बोतलमा पानी लिएर हिँडेको अवस्थामा मृतक भाइसँग वादविवाद भई तत्काल उठेको रिसको झोकमा हातमा भएको बोतलले टाउकोमा प्रहार गरेको र उपचारको क्रममा सोही चोटका कारण मृत्यु भएको देखिँदा वादी नेपाल सरकारको मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) को अवस्था प्रस्तुत वारदातमा आकर्षित हुन सक्ने देखिँदैन । उक्त १३(३) को अवस्था विद्यमान हुन प्रतिवादीबाट ज्यान मार्ने पूर्व नियतका साथ त्यस्तो आपराधिक कार्य हुनुपर्दछ तर प्रस्तुत मुद्दामा यी प्रतिवादीले पहिलेदेखि ज्यान मार्ने मनसाय राखेको अवस्था देखिँदैन । मार्नलाई

पूर्व तयारी गरी कुनै घातक हतियार लिएर गई सोही हतियारले प्रहार गरेको पनि देखिँदैन। त्यसैले प्रतिवादी प्रेम ढकाल कामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.को अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्दैन।

११. अतः माथि उल्लिखित विवेचित आधार र कारणबाट प्रतिवादी प्रेम ढकाल कामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३(३) नं. बमोजिमको कसुर अपराधमा ऐ. को १३(३) नं. बमोजिम सजाय हुने नभई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने ठहर्‍याई सुरू कैलाली जिल्ला अदालतको मिति २०६९/२/८ को फैसलालाई सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, दिपायलबाट मिति २०७०/४/२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी प्रेम ढकाल कामी र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृत : लोकबहादुर हमाल
इति संवत् २०७३ साल साउन १९ गते रोज ४ शुभम्।

## निर्णय नं. ९६६०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
फैसला मिति : २०७३।४।१८।३
०६९-WO-०३५०

मुद्दा : उत्प्रेषण

निवेदक : झापा जिल्ला अर्जुनधारा गा.वि.स. वडा नं. ८ स्थित दीपज्योति एजुकेसन फाउण्डेसन प्रा. लि. समेत

विरूद्ध

विपक्षी : श्रम अदालत, अनामनगर, काठमाडौंसमेत

- **नागरिकलाई कानूनद्वारा प्रदान गरिएको हक हनन् भएको अवस्थामा सोको प्रचलनको लागि कानूनद्वारा नै हदम्यादको व्यवस्था गरिएको हुन्छ । हकमा असर पर्ने पक्षले आफ्नो हक स्थापित गराउन कानूनले निर्दिष्ट गरेको म्यादभित्र उपचार खोज्नु पर्ने हुन्छ । कानूनले तोकेको म्यादभित्र उपचारको लागि दाबी लिएन भने त्यस्तो हनन् भएको हक प्रचलन गर्ने हक समाप्त हुन्छ अर्थात् हदम्याद नाघी दायर भएको मुद्दामा अदालतबाट उपचार प्राप्त हुन सक्दैन । तर रिट निवेदनबाट दिइने उपचारको लागि हद म्याद लाग्दैन। आफ्नो अतिक्रमण भएको हक प्रचलनको लागि निवेदकले उचित समयभित्र तथ्य नलुकाई सफा हातले उपचारको माग गरेको हुनुपर्छ । उचित समय भन्ने कुरा विवादको विषय,**

**निवेदकको अवस्था, आफ्नो हक हनन् हुन गएको विषयको जानकारीसमेतका कुराहरूमा निर्भर हुने गर्दछ।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू दिनानाथ पराजुली, हरिराज भट्टराई, विजय मिश्र

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता अर्जुनप्रसाद कोइराला, विद्वान् अधिवक्ताहरू भरत बिमली, अर्जुन खनाल, चेतनाथ घिमिरे

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

**न्या. केदारप्रसाद चालिसे :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य यसप्रकार छ :

यसमा उल्लिखित विपक्षीमध्येका राजकुमार बिमलीले मिति २०६७।४।१९ मा श्रम कार्यालय, मेचीसमक्ष पारिश्रमिक उपलब्ध गराई पाउँ भनी जम्मा रू ३१,२२८।– र हर्जनासमेतको माग गरी श्रम ऐन, २०४८ को दफा १०,२४ र २५(३) समेतका आधारमा हामीउपर निवेदन दिएकोमा श्रम कार्यालयले हामीहरूलाई झिकाई मिति २०६७।५।२१ र मिति २०६७।५।२८ मा विपक्षीमध्येका राजकुमार बिमली निजका बाबु भरत बिमली तथा निजकी एकाघरकी श्रीमती पुष्पा बिमलीसमेतको सोही विषयको उजुरी हुँदा निजहरूसमेतको उपस्थितिमा छलफल हुँदा सहमति हुन नसकेको व्यहोरासम्मको माइन्युट भई श्रम कार्यालयबाट विपक्षी राजकुमार बिमलीको उजुरी निवेदनका विषयमा निर्णय नहुँदै विपक्षीमध्येका राजकुमार बिमलीले मिति २०६७।६।७ मा विपक्षीमध्येका श्रम अदालत, काठमाडौंमा जागिर बहाली तलब भत्ता र हर्जनासमेत दिलाई पाउँ भन्ने निवेदन श्रम ऐन, २०४८ को दफा १०, २४ र २५(३) तथा दफा ५९ का आधारमा दायर गरेको र विपक्षी श्रम अदालत, अनामनगरले पनि उक्त निवेदनलाई मिति २०६७।६।१३ मा दर्ता गरी हामीलाई झिकाई जागिर बहाली, तलब भत्ता र हर्जनासमेत दिलाई पाउँ भन्ने निवेदनलाई विपक्षी श्रम अदालतले पुनरावेदन भनी नामाकरण गरी मागदाबी नै नभएको विषयमा मिति २०६७।१०।२० मा कानूनप्रतिकूल निर्णय गरी हामीलाई पुनरावेदनको म्यादसम्म नदिई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३, द्वारा प्रदत्त हक तथा १९ द्वारा प्रदत्त सम्पत्ति भोग गर्ने बेचबिखन गर्ने, आर्जन गर्ने हाम्रो मौलिक हकलाई गैरकानूनी तरिकाले आघात पुर्‍याइएको हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) को आधारमा सम्मानित अदालतमा प्रस्तुत रिट निवेदन लिई आएका छौं। निम्न आधार र कारणले बदर गरिपाऊँ।

यसमा विपक्षी राजकुमार बिमलीको निवेदनमा कहींकतै पनि पुनरावेदन भन्ने शब्दसम्म उल्लेख भएको छैन। विपक्षीले कसको कुन मितिको के कुन निर्णयउपरमा वा कुन निर्णय सदर वा बदरको माग गरेको हो स्पष्ट छैन। श्रम अदालतमा दायर हुने उक्त निवेदन श्रम कार्यालयमार्फत दर्ता गर्न सकिने कानूनी व्यवस्थासमेत छैन। दफा ५९ बमोजिम दर्ता भएको निवेदनको उजुरी निवेदकलाई विपक्षी अदालत आफैँले हेरफेर वा संशोधन गर्न नहुने / नसक्नेमा अदालतले फैसला गर्दा श्रम ऐन, २०४८ को दफा ६०(ग) तथा श्रम अदालत नियमावली, २०५२ को नियम २६ बमोजिम दायर हुन आएको निवेदन भनी कानूनले अधिकार प्रदान नगरेको निकायमार्फत दर्ता भएको दफा ५९ बमोजिम दर्ता नै हुन नसक्ने विषयमा दर्ता गरी त्रुटि गरिसकेको अवस्थामा दाबी नै नभएको विषयमा दाबी परिवर्तन गरिदिई मिति २०६७।१०।२०

मा भएको निर्णय श्रम ऐन, २०४८ को दफा २५, २६, ५९, ६०, ७३ मुलुकी ऐन, अ.बं. ३५ नं. प्रतिकुल भएकोले बदरभागी छन्।

यसमा सोही विषय समावेस भएका भरत बिमली र पुष्पा बिमलीका उही विषयका उजुरीहरूका सम्बन्धमा निजहरूले मिति २०६७।४।२० मा श्रम कार्यालय, मेचीसमक्ष निवेदन दिएकोमा मिति २०६८।१।१५ मा निर्णय भई सोउपर हाम्रो पुनरावेदन विपक्षी श्रम कार्यालयले ग्रहण गरी फैसला भइसकेको छ । यसरी एकै विषयका उजुरीमा निज राजकुमार बिमलीको हकमा सुरू निवेदनउपरमा श्रम कार्यालय, मेचीबाट फैसला नै नभई विपक्षी श्रम अदालत आफैँले पुनरावेदन भनी विपक्षीको सुरू निवेदन लिई मिति २०६७।१०।२० मा गरेको फैसला बदरभागी छ।

यसमा विपक्षी राजकुमार बिमलीले यस प्रा.लि. द्वारा तत्कालीन अवस्थामा सञ्चालित विद्यालयबाट निजलाई हटाएको विषयमा विपक्षी श्रम अदालतमा यदि पुनरावेदन गरेको भए निजले श्रम ऐन, २०४८ को दफा ६०(ग) बमोजिम गर्नुपर्ने हुन्छ त्यसमा पनि विपक्षीले यस प्रा.लि.द्वारा भएको निर्णय बदरतर्फ दाबी लिनु नै भएको छैन । विपक्षीले पुनरावेदन गर्दा नियमानुसार लाग्ने पुनरावेदन दस्तुर बुझाउनु पर्नेमा निजको निवेदनपत्रमा सोसम्म उल्लेख छैन। यथार्थमा निजलाई श्रम ऐन, २०४८ तथा श्रम नियमावली, २०५० बमोजिमको कानूनी प्रक्रिया अनुशरण गरी यस प्रा.लि.द्वारा तत्कालीन अवस्थामा सञ्चालित विद्यालयको शिक्षकबाट हटाएको हो । विपक्षीले अनवरतरूपमा सिर्जना गरेको विवादका कारणले विद्यालय हाल पूर्णरूपमा बन्द भइसकेको छ अब पुनः सञ्चालनमा आउने अवस्थासमेत छैन। विपक्षीले निज कार्यरत रहेको अवस्थामा अरूसरह नै पारिश्रमिक बुझेका छन् । निज आफू यस प्रा.लि.को श्रमिक नभई स्वयम् मालिक (सेयर होल्डर) हुन्। यस विवादको वास्तविक तथ्य नै नबुझी हचुवाको आधारमा कार्यान्वयन हुन नसक्ने कानूनप्रतिकूलको विपक्षीको निर्णय श्रम अदालतबाट भएको हुँदा बदरभागी छ।

विपक्षी राजकुमार बिमलीको कानूनप्रतिकूलको र दायर नै गर्न नमिल्ने निवेदनलाई विपक्षी श्रम अदालतले ग्रहण गरी श्रम अदालत आफैँले पुनरावेदन नामकरण गरी कानूनप्रतिकूल निर्णय विपक्षी श्रम अदालतबाट भएकोले उक्त त्रुटिपूर्ण फैसलाका आधारमा भएका सम्पूर्ण काम कारवाही र निर्णयहरूसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदनको अन्तिम टुङ्गो लागि किनारा नहुँदै विपक्षीहरूबाट उक्त गैरकानूनी निर्णयका आधारमा हामीउपरमा अन्य थप गैरकानूनी कार्य गर्ने तथा हामीहरूलाई उक्त गैरकानूनी निर्णय कार्यान्वयन गर्न बाध्य पार्ने सम्भावना भएकोले प्रस्तुत निवेदनको अन्तिम टुङ्गो लागि किनारा नभएसम्म विपक्षी श्रम अदालतको मिति २०६७।१०।२० को निर्णय कार्यान्वयन नगर्नु नगराउनु, उक्त निर्णयको आधारमा कुनै पनि कामकारवाही अगाडि नबढाउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदनपत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं.१ ले महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीहरूले आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी सूचना म्याद पठाई महान्यायाधिवक्ताको कार्यालयलाई बोधार्थ दिई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नू।

निवेदकले अन्तरिम आदेशको समेत माग गरेको सम्बन्धमा विचार गर्दा रिट निवेदकका विपक्षी राजकुमार बिमली निवेदक भई यिनै रिट निवेदकसमेत उपर दिएको २०६४ को W०-००३६ को उत्प्रेषणको रिट निवेदनमा राजकुमार बिमलीले आफूलाई सेयरधनी

भनी उल्लेख गरेकोसमेत देखिँदा निजलाई कर्मचारीको हैसियतले पुनर्वहालीसमेत गरेको श्रम अदालतको मिति २०६७।१०२० को फैसला कार्यान्वयन हुँदा यी रिट निवेदकलाई अपूरणीय क्षति पुग्न सक्ने देखिँदा रिट निवेदनको अन्तिम निर्णय नभएसम्म श्रम अदालतको मिति २०६७।१०।२० को फैसला कार्यान्वयन प्रक्रिया अगाडि नबढाउनु भनी विपक्षीहरूका नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) अनुसार अन्तरिम आदेश जारी गरिएको छ। भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०६९।६।११।५ को आदेश।

पुनरावेदकको मिति २०६६ माघ, फागुन महिना र आवास सेवाबापतको पारिश्रमिक कट्टी गर्ने कानूनी आधार र प्रमाण लिखित जवाफसाथ प्रत्यर्थी प्रतिष्ठानका व्यवस्थापकबाट पेस भएको स्थिति नदेखिँदा सो र अवकास भएको मिति २०६७।५।३० देखि पुनर्वहाली नभएसम्म तलब भत्तासमेत श्रम ऐन, २०४८ को दफा २५(१) बमोजिम पाउने ठहर्छ। साथै पुनरावेदकलाई बिना आधार प्रमाण कानूनी प्रक्रिया नपुर्‍याई सेवाबाट अवकास दिएको कार्य सारभूत र कार्यविधि (Substantive & Procedural ground) मा नै त्रुटिपूर्ण देखिएकोले पुनरावेदकको न्यायको लागि हुन पुगेको आर्थिक व्यय एवं दौडधुपलगायतको मानसिक तनाबसमेतलाई दृष्टिगत गरी उक्त पाउने रकमको २५ प्रतिशत थप हर्जनासमेत प्रत्यर्थी प्रतिष्ठानबाट पुनरावेदकले भुक्तानी पाउनेसमेत ठहर्छ भनी कानूनबमोजिम नै भएको यस अदालतको मिति २०६७।१०।२० को फैसला श्रम कानून र न्यायका मान्य सिद्धान्त एवं संविधानको भावनाअनुरूप रहेको र सो फैसलाबाट रिट निवेदकको कानूनी एवं संवैधानिक हकमा आघात पुगेको अवस्थासमेत नहुँदा रिट निवेदन खारेजयोग्य छ खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको श्रम अदालत, अनामनगरको यस अदालतमा परेको लिखित जवाफ।

कम्पनी ऐनको दफा ८०(२) अनुसार कम्पनीले साधारणसभा भएको ३० दिनभित्र कार्यालयमा पठाउने कागज नयाँ व्यवस्थापनले सम्प्रेषण नगरेको, कम्पनी रजिष्ट्रारको कार्यालयद्वारा सोधनी भएको पत्रको उत्तर नदिएकोले स्पष्ट पारेको छ। कथित सञ्चालकहरूलाई कानूनले हकदैया र हदम्याद प्रदान गरेको छैन । त्यस्तैगरी बिलम्बको सिद्धान्त (Principal of Lahes) तर्फ हेर्ने हो भने पनि (*ने.का.प.* २०३४ नि.नं. १०२९ पृ. ५४ ) मा असाधारण अधिकार प्रयोग गराई न्याय माग्न आउने व्यक्तिले जतिसक्यो चाँडो समयमा आफ्नो हकको संरक्षणको लागि अदालतको ढोका घच्घच्याउनु पर्ने कर्तव्य हुन्छ । समयमा अदालतमा प्रवेश नगरेकोमा अन्य व्यक्तिलाई असर पर्न जाने भएबाट त्यस्तो विलम्ब गरी आउनेलाई असाधारण अधिकारक्षेत्रको सुविधा प्रदान गर्न मिल्दैन। विलम्बको सिद्धान्तको अर्को आधार मुद्दा गर्नु परेको दिन (The day of cause of Action) लाई नै मान्ने हो भने पनि विपक्षी निवेदकले प्रकरण ३ मा अ.बं. ३५ लाई उद्धृत गर्दै पुनरावेदन अदालतको समक्ष श्री श्रम अदालतलाई गैर अड्डा भनी अदालतको अपहेलनाको लक्ष्मणरेखा पार गरेका छन्। गैर अड्डा थियो भने श्री श्रम अदालतमा मुद्दा दायर हुँदाकै बखत रिटमार्फत श्री सर्वोच्च अदालतमा प्रवेश गर्नुपर्ने थियो। श्री श्रम अदालत श्रमिकको सम्बन्धमा उच्च अदालत भएको र श्रम ऐन, २०४८ को दफा २६ बमोजिम अन्तिम निर्णय गर्ने अदालत भएकोले सोउपर पुनरावेदन नलाग्ने व्यवस्था कानूनले नै गरेको छ । निवेदनमा अ.बं. ३५ नं.उद्धृत गर्ने विपक्षीहरूले सोही अदालतमा प्रतिउत्तर खापी छलफलमा भागसमेत लिई आफ्नो केही नचलेपछि सोही तथ्यमा मुद्दाको अन्तिम किनारा भएपछि सो निर्णयउपर कानूनबमोजिम पुनरावेदन नलाग्ने व्यवस्था भएपछि फैसला कार्यान्वयनमा बाधा समस्या खडा गर्न उद्यत रही हकदैया र हदम्यादविहीन निवेदन लिई सम्मानित

अदालतमा प्रवेश गरेकोले मेरो बाँच्न पाउने नैसर्गिक अधिकारलाई कुण्ठित गर्ने गरी यो रिट निवेदन लिई आएकोले सो निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको राजकुमार बिमलीको यस अदालतमा परेको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकको तर्फबाट विद्वान् अधिवक्ता श्री दिनानाथ पराजुलीले विपक्षी राजकुमार बिमलीले श्रम कार्यालय, मेचीमा पारिश्रमिक र हर्जना दिलाई पाउँ भनी निवेदन दिएकोमा सोमा निर्णय नभई श्रम अदालतमा जागिर वहाली र तलब भत्ता र हर्जनासमेत दिलाई पाउँ भनी दिएको निवेदनलाई पुनरावेदन मानी श्रम अदालतले गरेको निर्णय कानूनविपरीत छ। विद्यालयको शिक्षकलाई श्रम कानून लागू हुने होइन यसमा शिक्षा ऐन आकर्षित हुने हो। यी विपक्षी शिक्षक मात्र नभएर सेयरधनीसमेत भएकोले सो मुद्दा पुनरावेदन अदालत, वाणिज्य इजलासबाट खारेज भइसकेको छ । श्रम ऐन, नियमावलीविपरीत दिएको निवेदनलाई ग्रहण गरी निर्णय गरेको श्रम अदालतको फैसला त्रुटिपूर्ण हुँदा रिट जारी हुनुपर्छ भन्ने र विद्वान् अधिवक्ता श्री हरिराज भट्टराईले यी विपक्षी सेयरधनी र सञ्चालक पनि हुन्। कम्पनी ऐनअन्तर्गत उपचार माग गर्नुपर्ने वा शिक्षक भएकोले शिक्षा ऐन आकर्षित हुने हो विपक्षीको हकमा श्रम ऐन लागू हुने होइन। अवकास दिने कार्य पनि शिक्षा ऐनअन्तर्गत नै दिएको हुँदा विपक्षीको हकमा श्रम ऐनअन्तर्गत कारवाही भएको मिलेको छैन रिट जारी हुनुपर्छ भन्ने र विद्वान् अधिवक्ता श्री विजय मिश्रले विपक्षीले जागिरबाट हटाएकोले अवकास बदर गरिपाउँ भन्ने दाबी नै लिएको छैन। पक्षको मागदाबी नै नहेरी श्रम अदालतले निर्णय गरेको मिलेको छैन भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो । विपक्षी राजकुमार बिमलीको तर्फबाट विद्वान् अधिवक्ता भरत बिमलीले विपक्षीले सेवाबाट हटाएकोमा श्रम अदालतमा नै पुनरावेदन लाग्ने हो। विपक्षी विद्यालय एक नाफामूलक प्रतिष्ठान भएकोले श्रम अदालतले गरेको प्रतिष्ठानको परिभाषाभित्र यो विद्यालय पर्दछ। यसमा शिक्षा ऐन तथा कम्पनी ऐन आकर्षित हुँदैन। श्रम अदालतले गरेको फैसला कार्यान्वयन गर्न श्रम कार्यलय, मेचीले मिति २०६७।१२।२१ मा गरेको पत्राचार प्राप्त भएको करिब १८ महिनापछि दायर भएको रिट निवेदन विलम्ब गरी दायर गरिएको हुँदा खारेजभागी छ भन्ने र विपक्षीकै तर्फबाट विद्वान् अधिवक्ता अर्जुन खनालले निवेदकहरूले श्रम अदालतमा परेको पुनरावेदनउपर विपक्षी झिकाउने आदेश भई लिखित जवाफसमेत लगाएका र फैसला भई सो फैसला कार्यान्वयन नगरेको कारणले विपक्षीहरूउपर अदालतको अपहेलना मुद्दा दायर गरी मिति २०६९।२।४ मा सञ्चालकहरूलाई कैद र जरिवाना हुने ठहरी फैसला भएपछि अपहेलनाको सजाय छल्न यो रिट निवेदन दिएको हुँदा विलम्ब गरी दिएको रिट निवेदन खारेज हुनुपर्छ भन्ने र विपक्षीकै तर्फबाट विद्वान् अधिवक्ता चेतनाथ घिमिरेले रिट निवेदनमा शिक्षा ऐनबारे कहीँकतै उल्लेख गरेको छैन त्यसैले यो शिक्षा ऐनअन्तर्गत निवेदनमा नलेखिएको कुरामा मौखिक जिकिर लागू हुने होइन । श्रम ऐन, २०४८ को दफा ६० बमोजिम प्रतिष्ठानले गरेको निर्णयउपर श्रम अदालतमै पुनरावेदन लाग्ने हो । श्रम अदालतले गरेको निर्णय कानूनसम्मत हुँदा रिट खारेज हुनुपर्छ भन्ने र विपक्षी श्रम अदालतको तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री अर्जुनप्रसाद कोइरालाले श्रम अदालतले विद्यालयले जागिरबाट अवकास दिएको निर्णयउपर उजुर गर्ने निकाय श्रम ऐनले श्रम अदालतलाई नै तोकेको छ । श्रम अदालतले सबुत प्रमाण बुझी गरेको निर्णय कानूनसम्मत नै हुँदा रिट निवेदन खारेजभागी छ भनी बहस प्रस्तुत गर्नुभयो।

२. निर्णयतर्फ विचार गर्दा, यसमा श्रम अदालतले विपक्षी राजकुमार बिमलीले मिति २०६७।६।७ मा विपक्षी दीपज्योती एजुकेसन फाउण्डेसन प्रा.लि. एवं सोको प्रबन्ध निर्देशक एवं

सञ्चालक तथा व्यवस्थापन समिति सदस्यसमेतका उपर जागिर बहाली, तलब भत्ता र हर्जानासमेत दिलाई पाउँ भनी दायर गरेको निवेदनको कारवाहीको क्रममा यी विपक्षी राजकुमार बिमलीलाई साबिकको पदमा पुन: बहाली पाउने, अवकास भएको मितिदेखि पुन: बहाली नभएसम्म तलब भत्तासमेत पाउने सो पाउने रकमको २५ प्रतिशत थप हर्जानासमेत पाउने भनी मिति २०६७।१०।२० मा गरेको फैसला र सो फैसलाको आधारमा भएका सम्पूर्ण काम कारवाही र निर्णयहरू उत्प्रेषणलगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरिपाउँ भनी प्रस्तुत रिट निवेदन मिति २०६९।६।७ मा दर्ता गरेको देखियो।

३. विपक्षी राजकुमार बिमलीको तर्फबाट प्रस्तुत रिट निवेदन विलम्ब गरी दर्ता भएकोले खारेज हुनुपर्छ भन्नेसमेत लिखित जवाफमा जिकिर रहेकाले सर्वप्रथम प्रस्तुत रिट निवेदनमा विलम्बको सिद्धान्त आकर्षित हुने हो होइन ? भन्ने विषयमा निर्णय गर्नुपर्ने देखिन आयो।

४. नागरिकहरूका लागि रिट क्षेत्रबाट प्रदान गरिने उपचार विशिष्ट किसिमको हुन्छ । नागरिकको मौलिक हकमा अतिक्रमण भएमा वा कानूनी हक प्रचलनको लागि उपचारको व्यवस्था नभएको वा उपचारको व्यवस्था भए पनि अपर्याप्त वा प्रभावहीन देखिएको खण्डमा रिटको माध्यमबाट उपचार प्रदान गरिन्छ।

५. नागरिकलाई कानूनद्वारा प्रदान गरिएको हक हनन् भएको अवस्थामा सोको प्रचलनको लागि कानूनद्वारा नै हदम्यादको व्यवस्था गरिएको हुन्छ । हकमा असर पर्ने पक्षले आफ्नो हक स्थापित गराउन कानूनले निर्दिष्ट गरेको म्यादभित्र उपचार खोज्नु पर्ने हुन्छ । कानूनले तोकेको म्यादभित्र उपचारको लागि दाबी लिएन भने त्यस्तो हनन् भएको हक प्रचलन गर्ने हक समाप्त हुन्छ अर्थात् हदम्याद नाघी दायर भएको मुद्दामा अदालतबाट उपचार प्राप्त हुन सक्दैन । तर रिट निवेदनबाट दिइने उपचारको लागि हद म्याद लाग्दैन। आफ्नो अतिक्रमण भएको हक प्रचलनको लागि निवेदकले उचित समयभित्र तथ्य नलुकाई सफा हातले उपचारको माग गरेको हुनुपर्छ। उचित समय भन्ने कुरा विवादको विषय, निवेदकको अवस्था, आफ्नो हक हनन् हुन गएको विषयको जानकारीसमेतका कुराहरूमा निर्भर हुने गर्दछ। प्रस्तुत रिट निवेदकहरूको सन्दर्भमा हेर्दा विपक्षी राजकुमार बिमलीलाई मिति २०६७।५।३० मा अवकास दिएपश्चात् मिति २०६७।६।७ मा विपक्षी राजकुमार बिमलीको श्रम अदालतमा निवेदन परेको देखिन्छ । निज राजकुमार बिमलीले पुन: बहालीसमेत पाउने भनी श्रम अदालतबाट मिति २०६७।१०।२० मा फैसला भएको देखिन्छ । सो फैसलासमेत बदर गरिपाउँ भनी प्रस्तुत रिट निवेदन एक वर्ष ६ महिनाभन्दा बढी समय व्यतित गरी मिति २०६९।६।७ मा दर्ता गरेको देखिन्छ । श्रम अदालतबाट विपक्षी राजकुमार बिमलीले पुन: बहालीसमेत पाउने भनी भएको उक्त मिति २०६७।१०।२० को फैसलासमेत बदर गर्न माग गरी दायर भएको प्रस्तुत रिट दायर गर्न निवेदकहरूले लगाएको समय उचित हो होइन भन्ने सम्बन्धमा हेर्दा, श्रम अदालतको उक्त मिति २०६७।१०।२० को फैसलाबमोजिम विपक्षी राजकुमार बिमलीलाई पुनः वहाली गर्नेसमेतको कार्य श्रम कार्यालय मेची अञ्चलले निवेदक दिपज्योति एजुकेसन फाउण्डेसन प्रा.लि. लाई मिति २०६७।१२।२१ मा पत्र लेखेको देखिन्छ । यी रिट निवेदकहरूले उक्त मिति २०६७।१०।२० को फैसलाअनुसार विपक्षी राजकुमार बिमलीलाई पुन: बहालीसमेतको कार्य नगरेकाले विपक्षी राजकुमार बिमलीले अदालतको अपहेलना गरेको भनी पुनः श्रम अदालतमा निवेदन दिएकोमा सो अदालतबाट प्रस्तुत रिट निवेदक दीपज्योति एजुकेशन फाउण्डेसन प्रा.लि.का प्रबन्ध निर्देशक

नरेन्द्रकुमार कार्कीसमेतलाई जनही कैद महिना १ र जरिवाना रू.२५,०००।– जरिवाना गर्ने गरी मिति २०६९।२।४ मा फैसला भएपश्चात् प्रस्तुत रिट निवेदन मिति २०६९।६।७ मा दर्ता गरेको देखिन्छ । विपक्षी राजकुमार बिमलीका हकमा श्रम अदालतबाट भएको मिति २०६७।१०।२० को फैसला रिट निवेदकहरूबाट कार्यान्वयन नभएको र सो फैसला कार्यान्वयन नगरी फैसलाको अपहेलनामा उजुर परी यी रिट निवेदक नरेन्द्रकुमार कार्कीसमेतलाई कैद र जरिवाना हुने आदेश भएपश्चात् सो आदेश निष्क्रिय गराउने र श्रम अदालतको मिति २०६७।१०।२० को फैसला र अपहेलनामा भएको सजायबाट उन्मुक्ति लिने उद्देश्यले मुद्दाको कारवाहीको परिणाम विचार गरी प्रस्तुत रिट निवेदन दायर गरेको देखियो । रिट निवेदकहरूले आफ्नो निवेदनमा अपहेलनामा आफूहरूलाई कैद जरिवाना भएको तथ्यसमेत रिट निवेदनमा उल्लेख नगरी तथ्य लुकाएको देखिन्छ । निवेदकहरू सफा हातले अदालत प्रवेश गरेकोसमेत देखिँदैन । यसरी श्रम अदालतबाट निस्केको परिणामलाई विचार गरी आफूहरू विरूद्ध भएका काम कारवाहीहरूलाई निष्क्रिय गराउने उद्देश्यबाट अदालत प्रवेश गर्ने निवेदकहरूका हकमा प्रस्तुत निवेदनबाट उपचार प्रदान गर्ने अवस्था देखिएन।

६. तसर्थ, निवेदकहरूले आफूहरूउपर भएको काम कारवाहीको परिणाम विचार गरी आफूहरूलाई लागेको समाजसमेत निष्क्रिय गराउने उद्देश्यबाट विलम्ब गरी प्रस्तुत रिट निवेदन दर्ता गरेको देखिएकोले निवेदकहरूको निवेदनमागका विषयहरूमा प्रवेश गर्नुपर्ने अवस्था रहेन। प्रस्तुत रिट निवेदन विलम्बको सिद्धान्तको आधारमा खारेज हुने ठहर्छ। प्रस्तुत रिट निवेदन खारेज हुने ठहरेकोले मिति २०६९।६।११।५ मा जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुन्छ। दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.दीपककुमार कार्की

इजलास अधिकृत : जीवनकुमार भण्डारी
इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम्।

## निर्णय नं. ९६६१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
आदेश मिति : २०७३।४।२४।२
०७२-WH-००५९

विषय: बन्दीप्रत्यक्षीकरण

निवेदक : दावा शेर्पाको छोरा सिन्धुपाल्चोक जिल्ला तातोपानी गा.वि.स. वडा नं. ३ घर भई हाल जिल्ला कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौँमा थुनामा रहेको वर्ष ४० को तेन्जीङ शेर्पा

विरूद्ध

विपक्षी : काठमाडौं जिल्ला अदालतसमेत

- **अभियुक्तको बाबुको नाम नै फरक र वतन नै फरक परिरहेको र व्यक्ति एउटै हो भन्ने आधिकारिक प्रमाण बेगर हचुवा ढंगबाट व्यक्ति एउटै हो भन्नु कानूनी राजको उपहास**

**हुन जान्छ । आधिकारिक प्रमाणबाट पुष्टि गराउन सकेमा अदालतको फैसला कार्यान्वयन गर्न सकिने हुन्छ । व्यक्तिको पहिचान (Identity) नै स्पष्ट नगरी र सो सम्बन्धमा तथ्यपूर्ण अनुसन्धान नै नगरी एउटै व्यक्ति हो भनी निष्कर्ष निकाल्नु कानूनसम्मत हुँदैन । कुनै पनि व्यक्तिउपर अभियोग दाबी गर्दा उसको व्यक्तिगत विवरण स्पष्टसँग उल्लेख गर्ने जिम्मेवारी अभियोगकर्तामा रहन्छ । अभियोगमा उल्लिखित विवरणमा अस्पष्टता भएमा स्वभावतः त्यसको Benefit of doubt प्रतिवादीमा जाने ।**

(प्रकरण नं.४)

- **स्वतन्त्रताको प्रश्न कुनै पनि लोकतान्त्रिक र सभ्य समाजको लागि महत्त्वपूर्ण सवाल हो । मानिसका आधारभूत हक अधिकारहरू हरहालतमा संरक्षण हुनुपर्छ भन्ने मान्यतालाई मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनले आत्मसात् गरेको मूलभूत सिद्धान्त हो । मानव अधिकारको विभिन्न अन्तरवस्तुमध्ये वैयक्तिक स्वतन्त्रता (Personal liberty) को विषय सर्वाधिक महत्त्वको विषय हो र यो ज्यादै संवेदनशील विषय पनि हो । नेपालको संविधान, २०७२ को धारा १७ ले समेत स्वतन्त्रताको अधिकारलाई मौलिक हकअन्तर्गत राखी कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन भनी व्यवस्थासमेत गरेको अवस्थामा नागरिकहरूको मौलिक हकहरूको संरक्षकको रूपमा रहेको यस अदालतले असाधारण अधिकारक्षेत्र ग्रहण गर्न नसक्ने कुनै अवस्था नदेखिने ।**
- **दण्ड सजायको ६१ नं. को व्यवस्था फैसला कार्यान्वयनको सिलसिलामा तहसिलदारको आदेशउपर न्यायाधीशसमक्ष उजुर गर्न सक्ने व्यवस्था हो । एउटा व्यक्तिको हकमा भएको फैसला अर्को व्यक्तिको हकमा कार्यान्वयन गरी व्यक्तिको स्वतन्त्रताको अतिक्रमण भएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन परेको अवस्था छ । यस्तो अवस्थामा सो दण्ड सजायको ६१ नं. को व्यवस्था प्रस्तुत रिट निवेदनको हकमा प्रासङ्गिक नै नदेखिने ।**

(प्रकरण नं.६)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता हरि उप्रेती, अधिवक्ता सुनिल पोख्रेल तथा राजेन्द्र सेढाइ

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्यामकुमार भट्टराई

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपालको संविधान, २०७२ को धारा १७
- मुलुकी ऐन, दण्ड सजायको महलको ६१ नं.
- प्रमाण ऐन, २०३१ को दफा १४

आदेश

**न्या.दीपककुमार कार्की :** नेपालको संविधानको धारा ४६ तथा १३३(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :

म निवेदक सिन्धुपाल्चोक जिल्ला तातोपानी गा.वि.स. वडा नं. ३ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ६ टुसालमा अस्थायी बसोबास गर्दै आएकोमा

मिति २०७३।२।११ गते बिहानको करिब १०.०० बजे टुसालस्थित मेरो घर पसलमा प्रहरी कर्मचारीहरू आई सिन्धुपाल्चोक जिल्ला तातोपानी गा.वि.स. वडा नं. १ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ६ बस्ने तेन्जिङ शेर्पाको नाममा हात्तीको दाह्रा ओसार पोसार मुद्दामा कैद वर्ष ७ हुने गरी मिति २०७३।२।६ मा काठमाडौं जिल्ला अदालतबाट जारी भएको प्रक्राउ पुर्जी देखाई पक्राउ गर्नुभयो । मैले मेरो ठेगाना ऐ.ऐ. गा.वि.स. वडा नं. ३ मा हो। पक्राउ पुर्जीमा ऐ.ऐ. वडा नं. १ उल्लेख छ। मैले हात्तीको दाह्रा ओसार पसार जस्तो गैरकानूनी कार्य गरेको छैन। तपाईंहरू अन्य व्यक्तिको नामको पक्राउ पुर्जी लिई म कहाँ आउनुभयो । मलाई पक्राउ गर्न मिल्दैन भनी अनुरोध गर्दा तपाइँ हामीसँग सजिलै जानु हुन्न भने बल प्रयोग गरी पक्राउ गर्छौं भन्दै निजहरू नै चढी आएको गाडीमा राखी काठमाडौं जिल्ला अदालतको तहसिल शाखामा उपस्थित गराए। तत्पश्चात् अदालतका कर्मचारीहरूलाई समेत मैले पुनः मेरो वतन सिन्धुपाल्चोक जिल्ला तातोपानी गा.वि.स. वडा नं. ३ हो । पक्राउ पुर्जीमा तपाईंहरूले तातोपानी गा.वि.स. वडा नं. १ उल्लेख गर्नुभएको छ । मेरो नामसँग नाम मिल्ने तेन्जिङ शेर्पाको पक्राउ पुर्जीको आधारमा पक्राउ गर्नु गैरकानूनी भएकोले फुर्सद गराइ दिनुहोस् भनी अनुरोध गर्दा कुनै सुनुवाई नभई अन्य व्यक्तिको नाममा कायम भएको कैद लगत नं. १७८४८ को कैद लगत मेरो नाममा ठेकी मिति २०७३।२।११ गते मलाई कैदी पुर्जी दिई विपक्षी ४ नं. को कार्यालयमा थुनामा राख्न पठाइयो। यसरी अदालत जस्तो स्वतन्त्र र सक्षम निकायबाट अभियोगपत्रमा उल्लिखित वडा नं. १ बाबुको नाम मिङ्मार शेर्पा रहेको तेन्जिङ शेर्पाको नामको कैद लगतको आधारमा वडा नं. ३ र बाबुको नाम दावा शेर्पा रहेको मेरो नाममा पक्राउ पुर्जी जारी गर्ने, प्रहरीद्वारा मलाई प्रक्राउ गर्ने र काठमाडौं जिल्ला अदालत तहसिल शाखाबाट कैदी पुर्जी दिई कारागारमा थुनामा राख्ने कार्य कानून र न्यायसम्मत नरहेको र उक्त गैरकानूनी थुना विरूद्ध अन्य वैकल्पिक प्रभावकारी उपचारको व्यवस्थासमेत नभएको हुँदा प्रस्तुत निवेदनपत्र लिई सम्मानित अदालतको शरणमा आएको छु।

म निवेदकको नाममा जारी भएको कैदी पुर्जीसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी बन्दीप्रत्यक्षीकरणलगायत अन्य आवश्यक र उचित आदेश विपक्षीहरूको नाममा जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्ने व्यहोराको मिति २०७३।२।१४ मा यस अदालतमा परेको निवेदन पत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएका मितिले ३ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफसहित उपस्थित हुनु भनी निवेदनपत्र र यो आदेशको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७३।२।२० को आदेश।

अधिकारप्राप्त निकाय तथा अधिकारप्राप्त अधिकारीको आदेशले कानूनबमोजिम थुनामा राखिएको हुँदा यस कार्यालयको हकमा उक्त रिट निवेदन खारेजयोग्य भएकोले खारेज गरिपाउँ भन्ने व्यहोराको विपक्षी कारागार कार्यालय, जगन्नाथदेवलको लिखित जवाफ।

प्रहरी प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सिन्धुपाल्चोक जिल्ला तातोपानी गा.वि.स. वडा नं. १ घर भई काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ६ बस्ने तेन्जिङ शेर्पासमेत भएको स.फौ.नं. ७०८ को हात्तीको दाह्रा ओसारपोसार मुद्दामा यस अदालतले ठहर गरेकोमा प्रतिवादी फरार रहेकोमा पक्राउ गरी सोही मुद्दामा प्रतिवादी रही थुनामा रहेका

अक्कलबहादुर गुभाजुले गरिदिएको सनाखत कागज र प्रतिवादी तेन्जिङ शेर्पाले सनाखत गरेको फोटोसमेत प्रतिवेदन साथै राखी प्रतिवादी तेन्जिङ शेर्पालाई यस अदालतमा दाखिल गरेकोमा निज प्रतिवादीका नाउँमा कैदी पुर्जी जारी गरी जगन्नाथदेवल काठमाडौंमा थुनामा पठाइएको हो । फैसला कार्यान्वयनका क्रममा रीतपूर्वकको पक्राउ पुर्जी तथा कैदी पुर्जी जारी गरी यस अदालतको फैसला कार्यान्वयनको कार्यबाट रिट निवेदकहरूको संविधान तथा कानून प्रदत्त मौलिक हक अधिकारमा आघात पुगेको अवस्था नहुँदा रिट खारेज गरिपाउँ भन्ने व्यहोराको विपक्षी काठमाडौं जिल्ला अदालत र काठमाडौं जिल्ला अदालतका तहसिलदारको संयुक्त लिखित जवाफ।

प्रहरी प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी तेन्जिङ शेर्पा भएको हात्तीको दाह्रा ओसारपसार मुद्दामा काठमाडौं जिल्ला अदालतको फैसलाअनुसार कैद सजाय तोकिएका जिल्ला सिन्धुपाल्चोक तातोपानी गा.वि.स. वडा नं. १ घर भई काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ६ बस्ने तेन्जिङ शेर्पाको खोजतलासको क्रममा प्राप्त हुन आएको फोटोलाई सोही मुद्दामा प्रतिवादी रही कैद सजाय भोगिरहेका अक्कलबहादुर गुभाजुले उक्त फोटोमा भएको व्यक्ति हात्तीको दाह्रा ओसारपोसार गरेको कसुरमा संलग्न तेन्जिङ शेर्पा हो भन्ने सनाखत गरेका छन्। यसरी हात्तीको दाह्रा ओसारपसार मुद्दामा फैसला भई सजाय पाएको व्यक्ति निवेदक तेन्जिङ शेर्पा नै भएको पुष्टि भएकोले उक्त मुद्दामा निजको बेरूजु सजाय असुलउपर गर्नका निमित्त पक्राउ गरिएको हो । पक्राउ परेका निवेदकलाई फोटो सनाखतको लागि देखाउँदा उक्त फोटोमा भएको व्यक्ति म नै हुँ भनी कागज गरिदिएका छन् । अतः रिट निवेदक तेन्जिङ शेर्पा र हात्तीको दाह्रा ओसारपोसार मुद्दामा सजाय पाएका तेन्जिङ शेर्पा एउटै व्यक्ति भएकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको विपक्षी नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान ब्युरोको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी यस इजलासमा पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरि उप्रेती, अधिवक्ता श्री सुनिल पोख्रेल तथा अधिवक्ता श्री राजेन्द्र सेढाइले निवेदक तेन्जिङ शेर्पालाई गैरकानूनीरूपमा थुनामा राखिएको छ । हात्तीको दाह्रा ओसारपसार मुद्दामा कैद सजाय पाएका तेन्जिङ शेर्पा र निवेदक तेन्जिङ शेर्पा फरक व्यक्ति हुन् । निजहरूको बाबुको नाम तथा ठेगाना मिल्दैन । व्यक्ति एउटै हो वा होइन भनी निर्णय गर्ने अधिकारी फैसला कार्यान्वयन अधिकारी नभएर अदालतको न्यायाधीश हो । निवेदकलाई Extra Judicial Trial बाट थुनामा राखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी मुक्त गरिनुपर्छ भनी बहस गर्नुभयो । त्यसै गरी विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले तहसिलदारले गरेको कामउपर दण्ड सजायको ६१ नं. प्रयोग गरी वैकल्पिक उपचारमा जानु पर्नेमा रिट निवेदनमार्फत आउन मिल्दैन। निवेदकले फोटो आफ्नो हो भनी सनाखतसमेत गरेको अवस्थामा हात्तीको दाह्रा ओसारपसार मुद्दामा सजाय पाएका तेन्जिङ शेर्पा र निवेदक तेन्जिङ शेर्पा फरक मानिस हुन सक्दैनन् । तसर्थ रिट निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नुभयो।

उपर्युक्त बहस जिकिर सुनी रिट निवेदनसहितको मिसिल अध्ययन गरी हेर्दा यसमा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. यसमा निर्णयतर्फ विचार गर्दा रिट निवेदकले अर्कै व्यक्तिलाई भएको सजाय आफूलाई सोही व्यक्ति भनी जबरजस्तीरूपमा थुनामा राखिएको भन्ने जिकिर लिएकोमा प्रहरी प्रतिवेदनको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सिन्धुपाल्चोक तातोपानी वडा नं. १ घर भई काठमाडौं जिल्ला का.म.न.पा. वडा

नं. ६ बस्ने तेन्जिङ शेर्पा भएको स.फौ.नं ७०८ को हात्तीको दाह्रा ओसारपसार मुद्दामा काठमाडौं जिल्ला अदालतले ठहर गरेकोमा उक्त फैसलाको कार्यान्वयन गरिएको भन्ने विपक्षीहरूको लिखित जवाफको मुख्य व्यहोरा देखिन्छ। यसरी यस मुद्दामा निर्णय गर्दा विचार गर्नुपर्ने मुख्य विषय भनेको निवेदक तेन्जिङ शेर्पा र हात्तीको दाह्रा ओसारपसार मुद्दामा काठमाडौं जिल्ला अदालतले दोषी ठहर गरेको तेन्जिङ शेर्पा एउटै व्यक्ति हुन् वा होइनन् भन्ने हो। तसर्थ प्रस्तुत मुद्दाको मुख्य प्रश्न भनेको निवेदकको पहिचान (Identity) को प्रश्न देखियो।

३. निवेदकले आफू काठमाडौं जिल्ला अदालतबाट दोषी ठहर भएको तेन्जिङ शेर्पा नभएर अर्कै तेन्जिङ शेर्पा हुँ भनी पुष्टि गर्नको लागि २०५१/१/२३ मा जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकबाट जारी भएको नागरिकता प्रमाणपत्रको प्रतिलिपिसमेत निवेदनसाथ पेस गरेका रहेछन्। व्यक्तिको पहिचानको सम्बन्धमा विवाद उठेको अवस्थामा नागरिकताको प्रमाणपत्रलाई विश्वासिलो र भरपर्दो आधारको रूपमा लिनुपर्ने हुन्छ। नागरिकता राज्यले आफ्नो नागरिकलाई प्रदान गर्ने सबैभन्दा महत्त्वपूर्ण लिखत हो जसले राज्य र नागरिकको बीचमा औपचारिक सम्बन्ध स्थापित गर्दछ। राज्य र नागरिकबीचको प्रभावकारी र अर्थपूर्ण सेतु पनि हो नागरिकता। प्रचलित कानूनअनुसार तोकिएको निकायले प्रदान गरेको नागरिकताको प्रमाणपत्रमा उल्लिखित सूचना र विवरणलाई नै आधिकारिक मानी व्यक्तिको पहिचान गर्न सकिन्छ। प्रमाण ऐन, २०३१ को दफा १४ ले नियमितरूपमा राखिएको खाता, बही, किताब वा अन्य स्रेस्तामा जनिएका कुराहरू र दफा १९ ले निस्सा वा प्रमाणपत्रलाई प्रमाणमा ग्रहण गर्न मिल्ने व्यवस्था भएकोले त्यस्तो नागरिकताको प्रमाणपत्रलाई प्रमाणमा लिन सकिने कुरामा विवाद रहेन।

४. विपक्षीहरूले रिट निवेदक तेन्जिङ शेर्पा र हात्तीको दाह्रा ओसारपसार मुद्दामा दोषी ठहर भएका तेन्जिङ शेर्पा एउटै हुन् भन्ने दाबी लिएको देखिन्छ। उक्त मुद्दामा काठमाडौं जिल्ला अदालतबाट भएको फैसला, अदालतमा दायर भएको अभियोगपत्र, अभियुक्तको बयानलगायतका मिसिलमा अभियुक्तको व्यक्तिगत विवरणको सम्बन्धमा उल्लेख हुँदा सिन्धुपाल्चोक जिल्ला तातोपानी गा.वि.स. वडा नं. १ बस्ने मिङमार शेर्पाको छोरा भन्ने उल्लेख भएको छ। त्यसैगरी जिल्ला वन कार्यालयले २०७०/१०/२९ मा जारी गरेको म्याद सूचनामा समेत मिङ्गमार शेर्पाको छोरा सिन्धुपाल्चोक जिल्ला तातोपानी गा.वि.स. वडा नं. १ बस्ने तेन्जिङ शेर्पा भन्ने नै उल्लेख भएको छ भने पक्राउ पुर्जीमा समेत सोही ठेगाना उल्लेख छ तर निवेदकले यस निवेदनसाथ यस अदालतमा पेस गरेको नागरिकताको प्रतिलिपि, राहदानी तथा सुनुवाईको क्रममा पेस भएको नागरिकताको सक्कलप्रतिमा निजको ठेगाना सिन्धुपाल्चोक जिल्ला तातोपानी गा.वि.स. वडा नं. ३ उल्लेख भएको छ। त्यसैगरी निवेदकको बाबुको नाम दावा शेर्पा रहेको छ। विपक्षीहरूले आफ्नो लिखित जवाफ तथा सरकारी वकिलले बहसको क्रममा समेत निवेदकको ठेगाना र बाबुको नाममा रहेको भिन्नताको सम्बन्धमा युक्तिसंगत खण्डन गर्न सकेको देखिँदैन। अभियुक्तको बाबुको नाम नै फरक र वतन नै फरक परिरहेको र व्यक्ति एउटै हो भन्ने आधिकारिक प्रमाणबेगर हचुवा ढंगबाट व्यक्ति एउटै हो भन्नु कानूनी राज्यको उपहास हुन जान्छ। आधिकारिक प्रमाणबाट पुष्टि गराउन सकेमा अदालतको फैसला कार्यान्वयन गर्न सकिने हुन्छ। व्यक्तिको पहिचान (Identity) नै स्पष्ट नगरी र सोसम्बन्धमा तथ्यपूर्ण अनुसन्धान नै नगरी एउटै व्यक्ति हो भनी निष्कर्ष निकाल्नु कानूनसम्मत हुँदैन। कुनै पनि व्यक्तिउपर अभियोग दाबी गर्दा उसको व्यक्तिगत विवरण स्पष्टसँग उल्लेख गर्ने जिम्मेवारी अभियोगकर्तामा रहन्छ। अभियोगमा उल्लिखित विवरणमा अस्पष्टता भएमा स्वभावतः त्यसको Benefit

of doubt प्रतिवादीमा जान्छ । यसै सन्दर्भमा कुमारी लिम्बूको जाहेरीले नेपाल सरकार वि. जसमान लिम्बू भएको कर्तव्य ज्यान मुद्दामा (ने.का.प २०६९, अंक १, नि.नं. ८७५८) यसै अदालतबाट समेत अभियोजन पक्षले आफूले अभियोग लगाएको व्यक्तिको तथ्यपरक ढंगले पहिचान गरी अभियोग लगाउनुपर्दछ । हरेक अभियुक्तको बाबुको नाम,स्पष्ट ठेगाना (वडा नं., टोल आदि) उमेर खुलाई अभियोग लगाउने अभियोजन पक्षको मूलभूत कर्तव्य हुने भनी व्याख्या भएको छ । यस अवस्थामा रिट निवेदक तेन्जिङ शेर्पा र हात्तीको दाह्रा ओसारपसार मुद्दामा दोषी ठहर भएका तेन्जिङ शेर्पा एकै मान्छे हुन् भन्ने कुरामा सहमत हुन सकिएन ।

५. विपक्षीहरूले लिखित जवाफमा सोही मुद्दामा सजाय भोगिरहेका अर्का प्रतिवादी अक्कलबहादुर गुभाजुले उक्त फोटोमा भएको व्यक्ति तेन्जिङ शेर्पाको हो र निज तेन्जिङ शेर्पा नै हात्तीको दाह्रा ओसारपसार गरेको कसुरमा संलग्न व्यक्ति हुन् भनि बयान गरेका छन् भनी उल्लेख गरेको देखियो । यस सम्बन्धमा विचार गर्दा व्यक्तिको सनाखत गर्दा अपनाउनु पर्ने प्रक्रियाको सम्बन्धमा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको दफा १७३ मा सनाखत गर्नुपर्ने मानिसलाई देख्न हेर्न नपाउने ठाउँमा राखी जुन मानिसलाई सनाखत गराउनुपर्छ सो मानिस जस्तै किसिमका उमेर वर्ष वर्ण पहिरन मिल्ने कम्तीमा चारजना नघटाई अरू मानिसहरू ल्याई यथासम्भव सबैलाई एकनास गराई साथमा उभ्याई राखी सनाखत गर्ने प्रत्येक मानिस छुट्टाछुट्टै ल्याई सनाखत गराउनुपर्छ र सो गराउँदा चिन्नेमा चिन्नेको व्यहोरा र चिन्न नसकेमा नसकेको व्यहोरा लेखी मिसिल सामेल राख्नुपर्छ भन्ने व्यवस्था रहेको छ । त्यस्तै गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १६ मा कुनै अभियुक्तको सनाखत गराउनु पर्ने भएमा प्रहरी सहायक निरिक्षकसम्मको प्रहरी कर्मचारीले प्रचलित कानूनको रीत पुर्‍याई सनाखत गर्न सक्ने व्यवस्था रहेको छ । यसरी कानूनमा नै सनाखत गर्दा अपनाउनु पर्ने रीतको सम्बन्धमा प्रस्ट व्यवस्था भएकोमा उक्त व्यवस्थाको पूर्ण पालना गर्नुपर्छ । प्रस्तुत मुद्दामा कानूनमा उल्लिखित सो प्रक्रियाअनुसार सनाखतसमेत भएको देखिँदैन । सनाखत गरेको भनिएका अक्कलबहादुर गुभाजुले उक्त सनाखत कागजमा बा.२.च. ८२०० नं को गाडी तेन्जिङ शेर्पाको स्वामित्वमा भएको उल्लेख गरेका छन् । जबकि यातायात व्यवस्था कार्यालय, एकान्तकुना, ललितपुरले पठाएको पत्र र रेकर्डअनुसार उक्त नं. को गाडी मान ब. नेपालीको नाममा दर्ता भएको देखिन्छ । स्पष्ट प्रमाणको अभाव टड्कारोरूपमा देखिइरहेको अवस्थामा कानून प्रतिकूलको अकलबहादुर गुभाजुको कागज मात्रको आधारबाट अदालतबाट सजाय पाउने गरी फैसला भएको व्यक्ति निवेदक नै हुन् भन्न मिल्दैन ।

६. विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताले निवेदकलाई कैद म्याद ठेकी पठाउने जिल्ला अदालतको तहसिलदारको निर्णयउपर चित्त नबुझे दण्ड सजायको ६१ नं. अनुसार उपचारमा जानुपर्नेमा यस अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत जान मिल्दैन भनी प्रश्न उठाउनु भएकोमा प्रस्तुत निवेदनको विषय व्यक्तिको स्वतन्त्रता (Liberty) सँग सम्बन्धित विषय हो । स्वतन्त्रताको प्रश्न कुनै पनि लोकतान्त्रिक र सभ्य समाजको लागि महत्त्वपूर्ण सवाल हो । मानिसका आधारभूत हक अधिकारहरू हरहालतमा संरक्षण हुनुपर्छ भन्ने मान्यतालाई मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनले आत्मसात् गरेको मूलभूत सिद्धान्त हो । मानव अधिकारको विभिन्न अन्तरवस्तुमध्ये वैयक्तिक स्वतन्त्रता (Personal liberty) को विषय सर्वाधिक महत्त्वको विषय हो र यो ज्यादै संवेदनशील विषय पनि हो । नेपालको संविधान को धारा १७ ले समेत स्वतन्त्रताको अधिकारलाई मौलिक हकअन्तर्गत राखी कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित

गरिने छैन भनी व्यवस्थासमेत गरेको अवस्थामा नागरिकहरूको मौलिक हकहरूको संरक्षकको रूपमा रहेको यस अदालतले असाधारण अधिकारक्षेत्र ग्रहण गर्न नसक्ने कुनै अवस्था देखिँदैन। दण्ड सजायको ६१ नं. को व्यवस्था फैसला कार्यान्वयनको सिलसिलामा तहसिलदारको आदेशउपर न्यायाधीशसमक्ष उजुर गर्न सक्ने व्यवस्था हो । एउटा व्यक्तिको हकमा भएको फैसला अर्को व्यक्तिको हकमा कार्यान्वयन गरी व्यक्तिको स्वतन्त्रताको अतिक्रमण भएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन परेको अवस्था छ। यस्तो अवस्थामा सो दण्ड सजायको ६१ नं. को व्यवस्था प्रस्तुत रिट निवेदनको हकमा प्रासङ्गिक नै देखिएन।

७. अतः माथि विवेचित आधार र कारणहरूको आधारमा थुनामा रहेका निवेदकको बाबुको नाम दावा शेर्पा तथा ठेगाना तातोपानी ३ भन्ने उल्लेख भएकोलाई विपक्षीहरूले लिखित जवाफमा युक्तिसंगत खण्डन गर्न नसकेको र अभियोग पत्रलगायत मिसिल संलग्न प्रमाणबाट समेत मिङ्गमार शेर्पाको छोरा तातोपानी गा.वि.स. वडा नं. १ भन्ने उल्लेख भएबाट निवेदक तथा जिल्ला अदालतबाट फैसला भई कैद लगत ठेकिएका तेन्जिङ शेर्पा एकै व्यक्ति हुन् भन्न सकिने अवस्था नहुँदा निवेदकलाई हात्तीको दाह्रा ओसापसार मुद्दामा कैदी पुर्जी दिई कैदमा राख्न पठाएको कार्य त्रुटिपूर्ण देखिँदा विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.अनिलकुमार सिन्हा
इजलास अधिकृत:- सन्देश श्रेष्ठ
इति संवत् २०७३ साल साउन २४ गते रोज २ शुभम्।

## निर्णय नं. ९६६२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सारदा प्रसाद घिमिरे
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
आदेश मिति : २०७३।०५।१९
०७२-WO-११५७

मुद्दा : उत्प्रेषण / परमादेश

निवेदक : जगतबहादुरको छोरा, जिल्ला दार्चुला, तपोवन गाउँ विकास समिति, वडा नं. ९ घर भई हाल कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंमा थुनामा रहेको वर्ष ३७ को साँढे भन्ने कैलाशकुमार सिंह

विरूद्ध

विपक्षी : कारागार कार्यालय, डिल्लीबजार काठमाडौंसमेत

- **एउटै व्यक्तिका हकमा फरक फरक जिल्ला अदालतबाट पृथक पृथक गरी कैदी पुर्जी जारी गरेको अवस्था देखियो । फैसला कार्यान्वयन गर्ने अभिभारा र कर्तव्य भएका जिल्ला अदालतको आपसी समन्वयको अभाव र एउटै व्यक्तिका हकमा फरक फरक अदालतबाट दुईवटा कैदी पुर्जी जारी भएको अवस्थामा कानूनले निर्धारण गरेको सजायको ठूलो हद बीस वर्षभन्दा बढी कैदमा राख्न न्यायको रोहमा उपयुक्त देखिन आउँदैन । कानूनको शासनमा जस्तोसुकै अपराधीलाई पनि कानूनबमोजिम नै सजाय गर्ने र कानूनबमोजिम नै भएको कैद दण्ड जरिवाना असुल गर्नुपर्दछ ।**

**धेरै अपराध गरेको आधार र कारणबाट कानूनले तोकेको भन्दा बढी अवधि कैदमा रहने अवस्था सिर्जना हुनु न्यायोचित नहुने।**

(प्रकरण नं. ४)

- **प्रतिवादीलाई कर्तव्य ज्यान मुद्दामा भएको सर्वस्वसहित जन्म कैदको सजायलाई वास्ता नगरी सोही अवधिभित्र सजाय ठहर भएका अन्य ज्यान मार्ने उद्योगको मुद्दामा भएको कैद जरिवानासमेत जोडी कैदमा राख्न पठाएको विपक्षीको कार्य कानूनी र न्यायोचित रहेको नदेखिने।**

(प्रकरण नं. ६)

- **ज्यान मार्ने उद्योग मुद्दामा फैसला नहुँदै कैद म्याद के कति हुने भनी नतोकेको स्थितिमा निवेदक ठूलो कसुर सर्वस्वसहित जन्म कैद ठहरिने अपराधमा पक्राउ परेको पाइन्छ। पछि गरेको ठूलो कसुरमा पक्राउ परेपछि अघि भएको सानो कसुरको फैसला भएको पाइन्छ। अघि गरेको सानो कसुरको सजाय पछि गरेको ठूलो कसुरको सजायमा समावेश हुने भन्ने उक्त कानून व्यवस्थाको भावना रहेको देखिएको हुँदा सानो कसुरको सजाय दण्ड सजायको ४१ र ८ नं. ले थप गर्न मिल्ने कानूनी व्यवस्थाको मनसाय होइन। निज प्रतिवादी ज्यान मुद्दामा पक्राउ परी थुनामा रहेकै अवस्थामा ज्यान मार्ने उद्योगको फैसला भएको र सोपश्चात् ज्यान मार्ने उद्योग मुद्दामा धरौटमा छुटेको अस्थामा ज्यान मारेको कसुर गरेकोले ज्यान मुद्दामा समेत सजाय ठहर भएकोमा ज्यान मार्ने उद्योग मुद्दामा भएको सजाय पुन: ठूलो सजायमा जोडी सजाय गर्न उक्त कानूनी व्यवस्थाले मिल्ने देखिएन। पछि गरेको ठूलो कसुरमा अघि भएका साना कसुरको सजाय स्वत: समावेश हुने।**

(प्रकरण नं. ७)

रिट निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू शेरबहादुर के.सी., नरबहादुर योगी र रामचन्द्र पौडेल

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता दशरथ पंगेनी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, दण्ड सजायको महलको ८ र ४१ नं.

आदेश

**न्या. सारदा प्रसाद घिमिरे :** नेपालको संविधानको धारा ४६ तथा १३३(२) (३) बमोजिम यसै अदालतको अधिकारक्षेत्रभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य यसप्रकार छ :-

म निवेदक मिति २०६४/११/७ गतेदेखि प्रहरी हिरासतमा रही हालसम्म निरन्तर थुनामा नै रहेको छु। उक्त मितिमा पक्राउ परिसकेपश्चात् सुरूमा हात हतियार खरखजाना मुद्दा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दायर भई मुद्दा पुर्पक्षका लागि थुनामा रहेकै अवस्थामा जिल्ला प्रशासन कार्यालय काठमाडौंको मिति २०६६/८/१६ को फैसलाले रू. १,००,०००|- (एक लाख रूपैयाँ) जरिवाना भएकोमा १ वर्ष ११ महिना ६ दिन कैदको रकम कट्टा गरी बाँकी जरिवाना मिति २०६६/१०/२८ गते दाखिला गरी थुनामुक्त हुन लाग्दा शान्ता अधिकारी जाहेरवाला भएको कर्तव्य ज्यान र जबरजस्ती चोरी मुद्दामा अनुसन्धान सुरू गरी काठमाडौं जिल्ला अदालतको मिति २०६६/१२/४ गतेको थुनछेक आदेशले पुर्पक्षका लागि थुनामा रहेको थिएँ। त्यस्तै अम्बिका

श्रेष्ठ जाहेरवाला भएको कर्तव्य ज्यान र डाँका मुद्दामा पनि कारवाही अगाडि बढाउन कारागारमार्फत निवेदन दिएकोमा मिति २०६७/१०/२५ देखि उक्त मुद्दा पनि प्रक्रिया अगाडि बढेको थियो।

मिति २०६४/११।७ गते देखि हिरासतमा रहँदै आएकोमा शान्ता अधिकारी जाहेरवाला भएको मुद्दा मिति २०६८/२/३१ गते सर्वस्वसहित जन्म कैद हुने ठहरी फैसला भएको र अम्बिका श्रेष्ठ जाहेरवाला भएको मुद्दा मिति २०६९/९/१७ मा जन्मकैद हुने ठहरी फैसला भएकोमा सोउपर पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परी शान्ता अधिकारी जाहेरवाला भएको ज्यान मुद्दामा मिति २०७१/४/२७ मा सुरू फैसला सदर हुने ठहरी फैसला भएको छ। अम्बिका श्रेष्ठ जाहेरवाला भएको ज्यान मुद्दा मिति २०७१/३/३ गते सुरू फैसला सदर भई बसेको अवस्थामा उक्त दुवै कर्तव्य ज्यान मुद्दा मिति २०७२/११/९ गते कैद हद गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट कैद पुर्जी जारी गरिएको थियो। म निवेदकविरूद्ध भक्तपुर जिल्ला अदालतमा पनि ज्यान मार्ने उद्योग मुद्दा चलेकाले उक्त मुद्दाको कैदी पुर्जी पठाउँदा ज्यान मुद्दाको कैद भुक्तान गरी ज्यान मार्ने उद्योगको बेरूजु कैद ४ वर्ष ११ महिना ७ दिन गणना गर्दा मिति २०८९/१०/१४ सम्म कैद बस्नुपर्ने गरी कैदी पुर्जी जारी भएको छ। सो कैद पनि हद गरी पाउन काठमाडौं जिल्ला अदालतसमक्ष निवेदन चढाएकोमा फैसला कार्यान्वयन अधिकारीबाट कैद हद नगर्ने गरी मिति २०७३/१/१३ मा गरेको आदेशमा चित्त नबुझी इजलाससमक्ष निवेदन चढाएको थिएँ। उक्त आदेश परिवर्तन नगरी कानूनबमोजिम गर्ने गरी मिति २०७३/१/२० मा गरेको आदेशमा मुलुकी ऐन, अदालती बन्दोबस्तको १७ नं. बमोजिम पुनरावेदन अदालत, पाटनसमक्ष निवेदन चढाएकोमा पुनरावेदन अदालत, पाटनबाट मिति २०७३/३/१० मा कानूनबमोजिम गर्नु भन्ने आदेश भएकाले सो आदेशमा समेत मेरो चित्त नबुझी अन्य वैकल्पिक र प्रभावकारी उपचारको व्यवस्था नभएबाट सम्मानित अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत आफू थुनामा रहेको कारागार कार्यालयमार्फत प्रस्तुत निवेदन चढाएको छु।

दण्ड सजायको महलको ८ नं. को आशय हेर्दा २० वटा कर्तव्य ज्यानको घटना घटाएको रहेछ भने पनि सर्वस्वसहित जन्मकैदभन्दा बढी सजाय गर्न मिल्ने देखिँदैन भने त्यसै गरी ऐ. को १० नं. ले पनि सोही कुरालाई थप स्पष्ट गरेको देखिन्छ भने (*ने.का.प.* २०४८ नि.नं. ४३८९ पृ. ६३६) मा समेत सिद्धान्त प्रतिपादन भएको देखिन्छ। ऐ. को ४१ नं.को विधायिकी मनसाय हेर्दा पनि धेरै कलमको कैद ठेक्नु परेमा पनि ठूलो हद जुन हुन्छ, सोही कलम ठेक्नुपर्ने गरी स्पष्ट व्यवस्था गरेको देखिन्छ। त्यसको प्रतिबन्धात्मक वाक्यांश हेर्दा पनि "तर फैसला भई सकेपछि भन्ने शब्दावलीबाटै कुनै मुद्दा चली फैसला भएको अवस्थामा सो फैसलाले ठहरीसकेको कैद असुल नहुँदै अन्य घटना वारदात घटाएको देखिए पछि मात्रै थप कैद गर्नुपर्छ भने हो" जुन ज्यान मार्ने उद्योग मुद्दा फैसला नभई विचाराधीनसम्म देखिन्छ र मिति २०६४/११/७ गते पक्राउ परेपछि फैसला भएको देखिन्छ। सर्वस्वसहित जन्मकैद भइसकेको अवस्थामा झिना मसिना कैद जोडिनु हुन्न भन्ने नै हो। म निवेदकउपर भक्तपुर जिल्ला अदालतमा चलेको ज्यान मार्ने उद्योग मुद्दा चल्दा चल्दैका अवस्थामा मिति २०६४/११/७ मा पक्राउ परी हिरासतमा रहिरहेकै अवस्थामा मिति २०६४/११/२० गते भक्तपुर जिल्ला अदालतबाट फैसला भएबाटै उक्त मुद्दा फैसला भइसके पछि" भन्ने शब्दावली मेरा हकमा लागू नहुने र कैद हद गर्न नमिल्ने अवस्थाको होइन छैन।

काठमाडौं जिल्ला अदालतका फैसला कार्यान्वयन अधिकारीबाट कैद हद नगर्ने गरी मिति २०७३/१/१३ गतेको आदेश र सोलाई परिवर्तन नगरी कानूनबमोजिम गर्ने गरी इजलासबाट भएको मिति २०७३/१/२० गतेको आदेश एवम् उक्त दुवै

आदेशलाई बदर नगरी कानूनबमोजिम गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०७३/३/१० का आदेशमा नेपालको संविधानको धारा १६, १७, १८, २०, ४६, मुलुकी ऐन, दण्ड सजायको ८ र १० नं. एवम् सर्वोच्च अदालतबाट *ने.का.प.* २०४८ नि.नं. ४३८९ *ने.का.प.* २०७१ नि.नं. ९२०९ मा उल्लिखित नजिर र कानूनको गम्भीर त्रुटि भएकोले त्यस्तो आदेश बदर गरी कैद हद गरी पूर्ण न्याय पाउँ भन्नेसमेत व्यहोराको साँढे भन्ने कैलाशकुमार सिंहको निवेदनपत्र।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? निवेदकको मागबमोजिमको आदेश जारी गर्नु नपर्ने कुनै आधार र कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षीहरूलाई सूचना दिई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई निवेदकले निवेदनमा उल्लेख गरेको शान्ता अधिकारीको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी धनबहादुर तामाङसमेत भएको कर्तव्य ज्यान र जबरजस्ती चोरी मुद्दा तथा अम्बिका श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी साँढे भन्ने कैलाशकुमार सिंह भएको कर्तव्य ज्यान डाँका मुद्दा काठमाडौँ जिल्ला अदालतबाट र पशुपति राईको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी किशोर सिंहसमेत भएको ज्यान मार्ने उद्योग मुद्दाको मिसिल भक्तपुर जिल्ला अदालतबाट झिकाई लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू।

रिट निवेदकलाई श्री काठमाडौँ जिल्ला अदालतको आदेशानुसार यस कारागारमा कर्तव्य ज्यानसमेत मुद्दामा थुनामा राख्न पठाइएको हुँदा निजलाई नियमअनुसार थुनामा राखिएको हो । रिट निवेदकले लिएको जिकिरअनुसार निजलाई गैरकानूनीरूपमा थुनामा नराखिएको हुँदा रिट निवेदकले झुठा व्यहोरा उल्लेख गरी यस कार्यालयसमेतलाई विपक्षी बनाई सम्मानित अदालतसमक्ष दिनुभएको उक्त रिट निवेदन बदरभागी रहेकोले खारेज गरिपाउँ भन्ने कारागार कार्यालय, डिल्लीबजारको लिखित जवाफ।

शान्ता अधिकारीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी साँढे भन्ने कैलाशकुमार सिंहसमेत भएको २०६६ सालको स.फौ.नं.१९७३ को कर्तव्य ज्यान र जबरजस्ती चोरी मुद्दामा यस अदालतबाट सर्वस्वसहित जन्म कैद र चोरीको १४(२) नं. ले १ महिना १५ दिन कैद तथा जरिवाना रू.२१७५०।– हुने, अम्बिका श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी निज भएको स.फौ.नं.१६६३ को कर्तव्य ज्यान र डाँका मुद्दामा जन्मकैद र चोरीको १४(४) नं. ले ६ वर्ष कैद तथा जरिवाना रू.७८,७५०।– हुने ठहरी फैसला भएको थियो। कैद र जरिवाना हुने कूल कैद ४८।६।१५ भएकोमा मुलुकी ऐन दण्ड सजायको १० नं. तथा ४१ नं. ले कैद हद गरी २० वर्ष कायम गरी कैदी पुर्जी जारी भएको छ।

प्रतिवादीलाई भक्तपुर जिल्ला अदालतबाट ज्यान मार्ने उद्योग मुद्दामा भएको ५ वर्ष कैदसमेत हद गरिपाउँ भनी निवेदन दिएकोमा भक्तपुर जिल्ला अदालतबाट जारी भएको ज्यान मार्ने उद्योग मुद्दामा जारी भएको कैदी पुर्जीमा प्रतिवादीलाई काठमाडौँ जिल्ला अदालतको कैदी पुर्जीबाट छुटी जाने भए ४।११।७ दिन थप गरी थुनामा राख्नु भनी कैदी पुर्जी जारी भएको छ। दण्ड सजायको ४१ नं. को कानूनी व्यवस्थाबमोजिम कैद हद गर्न मिलेन भन्नेसमेत व्यहोराको फैसला कार्यान्वयन अधिकारीबाट आदेश भएकोमा सो आदेशउपर निवेदन परी ईजलाससमक्ष पेस हुँदा भक्तपुर जिल्ला अदलतबाट जारी भएको कैदी पुर्जीबमोजिमको कैद हद गर्न मिलेन भनी फैसला कार्यान्वयन अधिकारीबाट भएको आदेश बेरीतको नदेखिँदा बदर गर्न मिलेन भनी इजलासबाट आदेश भएको देखिन्छ। सो आदेशउपर पुनरावेदन अदालत,

पाटनबाट यस अदालतको आदेश सदर हुने गरी मिति २०७३/३/१० मा आदेश भइसकेको हुँदा निवेदकको कानून प्रदत्त कुनै पनि हक अधिकारमा आघात नपरेकोले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको काठमाडौँ जिल्ला अदालतको लिखत जवाफ।

वादी पशुपति राईको जाहेरीले नेपाल सरकार प्रतिवादी किशोर सिंहसमेत भएको ज्यान मार्ने उद्योग मुद्दामा प्रतिवादी किशोर सिंहलाई पाँच वर्ष कैद हुने ठहरी फैसला भएको र निज प्रतिवादी सो मुद्दामा २०६३/१२/२९ मा नगद धरौट रू.२०,०००।– दाखिला गरी तारेखमा छुटेको उक्त मुद्दाको मिति २०६४/११/२० को फैसलासमेतबाट देखिन्छ । मिसिल संलग्न रहेको कैदी पुर्जीको प्रतिलिपिबाट काठमाडौं जिल्ला अदालतबाट मिति २०६८/२/३१ मा र २०६९/९/१७ मा भएको फैसला मिति २०६४/११/७ देखि मिति २०८४/११/६ सम्म थुनामा राख्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७२/११/१९ मा र भक्तपुर जिल्ला अदालतबाट यसै अदालतको फैसलाबमोजिम कायम रहेको बेरूजु कैदको हकमा काठमाडौं जिल्ला अदालतको कैदी पुर्जीबमोजिम कैदबाट मुक्त हुने भएको मिति २०८४/११/७ देखि ४ वर्ष ११ महिना ७ दिन गणना गर्दा मिति २०८९/१०/१४ सम्म कानूनबमोजिम सिदा खर्च खान दिई कैदमा राख्ने गरी मिति २०७२/१२/१७ मा निवेदकलाई कैदी पुर्जी दिएको देखिन आउँछ।

निवेदक प्रतिवादीमाथि उल्लेख गरिएअनुसार ज्यान मार्ने उद्योग मुद्दामा पक्राउ परी थुनछेक आदेशअनुसार धरौटीमा छुटेको अवस्थामा निजबाट गरिएको वारदातमा निजलाई पुनः कसुर गरेको ठहरी फैसला भएको देखिएको र दण्ड सजायको ४१ नं. को अन्तिममा वा फैसला भइसकेपछि कैद वा थुना कैद बसेको अवस्थामा वा थुना कैद बाट छुटेको वा भागेको अवस्थामा अर्को कसुर गरेमा सो कसुरबापत कानूनबमोजिम थप कैद ठेक्नुपर्छ" भन्ने व्यवस्था रहेको देखिएको हुँदा भक्तपुर जिल्ला अदालतबाट ज्यान मार्ने उद्योग मुद्दामा भएको फैसलाअनुसार निवेदक प्रतिवादीबाट असुल हुन बाँकी कैदमा काठमाडौं जिल्ला अदालतबाट निवेदक प्रतिवादीलाई दिएको कैदी पुर्जीअनुसार निवेदक प्रतिवादी थुनामा रहनु पर्ने कैदको अवधिमा थप कैद ठेक्नुपर्ने भएकोले फैसला कार्यान्वयन अधिकारीबाट भएको मिति २०७३/३/१३ को आदेश कायम गर्ने गरी भएको मिति २०७३/१/२० को जिल्ला न्यायाधीशको आदेश बेरीतको नदेखिएको अतः त्यहाँ अदालतको उक्त मितिको आदेश परिवर्तन गर्न परेन कानूनबमोजिम गर्नुहोला भनी मिति २०६३/३/१० आदेश भएको यस अदालतमा रहेको प्रतिवेदन रजिस्टारबाट देखिन्छ । साथै प्रस्तुत विषयको सम्बन्धमा काठमाडौं जिल्ला अदालतबाट प्राप्त हुन आउने सक्कल मिसिलबाट विस्तृत जानकारी हुने व्यहोरासमेत सादर अनुरोध गरिन्छ भन्ने पुनरावेदन अदालत, पाटनको लिखित जवाफ।

पशुपति राईको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रिट निवेदक किशोर सिंहसमेत भएको स.वा. फौ. नं. ०४१-०६४-०००४५/१४२ को ज्यान मार्ने उद्योग मुद्दा यस अदालतबाट मिति २०६४/११/२० मा फैसला हुँदा ५।०।० पाँच वर्ष कैद सजाय भएकोमा निज रिट निवेदकले कारागार कार्यालय डिल्लीबजार काठमाडौंबाट आफू साँढे भन्ने कैलाशकुमार सिंहको नामबाट कर्तव्य ज्यान मुद्दामा आरोपित भई हाल थुनामा रहेको हुँदा भक्तपुर जिल्ला अदालतमा चलेको ज्यान मार्ने उद्योमा मुद्दामा किशोर सिंह नाम राखी मुद्दा चली फैसला भएको हुँदा दुवै मुद्दाको प्रतिवादी साँढे भन्ने कैलाशकुमार सिंह र किशोर सिंह एकै व्यक्ति भएको हुँदा किशोर सिंह भन्ने कैलाश सिंहका नाउँमा कैदी पुर्जी जारी गरिपाउँ भनी निज रिट निवेदक प्रतिवादीले निवेदन दिई यस अदालतबाट निज विपक्षीसमेत भएको

कर्तव्य ज्यान मुद्दामा काठमाडौं जिल्ला अदालतको मिति २०६८/२/३१ को फैसलाबमोजिम निज मिति २०६४/११/०७ देखि कैदमा रही उक्त मुद्दाको रोहबाट मिति २०८४/११/६ सम्म कैदमा नै रहने भनी काठमाडौं जिल्ला अदालतको च.नं. ३४३१ मिति २०७२/११/९ को पत्रबाट कैदपुर्जी भएको देखिंदा यस अदालतको फैसलाबमोजिम निज विपक्षी किशोर सिंह भन्ने कैलास सिंह छुटी जाने भएमा मिति २०८४/११/०७ देखि ४ वर्ष ११ महिना ७ दिन गणना गर्दा मिति २०८९/१०/१४ सम्म कैदमा राख्न कैदीपुर्जी जारी गरिएको हो।

कानूनबमोजिम भए गरेको काम कारवाहीबाट यी रिट निवेदकको कुनैपनि हक अधिकारी हनन् नभएकोले यस अदालतसमेतलाई विपक्षी बनाई दिएको रिट जारी हुनसक्ने अवस्था विद्यमान नभएको हुँदा रिट निवेदन खारेजभागी छ। खारेज गरिपाउँ भन्ने भक्तपुर जिल्ला अदालतको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री शेरबहादुर के.सी., श्री नरबहादुर योगी र श्री रामचन्द्र पौडेलले हाम्रो पक्ष साँढे भन्ने कैलाशकुमार सिंहलाई अम्बिका श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार भएको कर्तव्य ज्यान डाँका मुद्दामा ६ वर्ष कैद र रू.७८,७५०।– जरिवाना हुने ठहरी र शान्ता अधिकारीको जाहेरीले वादी नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहरी फैसला भएका छन्। ती दुवै मुद्दामा कैद हद भइसकेको छ। पशुपति राईको जाहेरीले नेपाल सरकार वादी भएको ज्यानमार्ने उद्योग मुद्दामा ५ वर्ष कैद सजाय हुने ठहरी भएको फैसलालाई समेत कैद हद गरिपाउँ भनी काठमाडौँ जिल्ला अदालतमा निवेदन दिएकोमा फैसला कार्यान्वयन अधिकारीबाट कैद हद गर्न मिलेन भनी गरेको आदेश सदर गरेको काठमाडौँ जिल्ला अदालतको आदेशलाई सदर गरेको पुनरावेदन अदालतको आदेश मुलुकी ऐन, दण्ड सजायको ६, ८,१० र ४१ नं. विपरीत भएकोले कैद हद गर्नु भनी उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिपाउँ भन्ने बहस गर्नुभयो।

विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले निवेदक ज्यानमार्ने उद्योग मुद्दामा पुर्पक्षको निमित्त २३ दिन प्रहरी हिरासतमा बसी भक्तपुर जिल्ला अदालतको आदेशले धरौटीमा छुटेको देखिन्छ। निज निरन्तर थुनामा बसेको अवस्था पनि छैन। दण्ड सजायको ४१ नं.को अन्तिम वाक्यांशले कैद हद गर्न मिल्दैन। रिट खारेज गरिपाउँ भनी बहस गर्नुभयो।

प्रस्तुत मुद्दामा उपर्युक्त रिट निवदन जिकिर, विपक्षीहरूको लिखित जवाफ तथा बहस बुँदासमेतको मिसिल अध्ययन गरी हेर्दा निवेदन मागबमोजिम रिट जारी हुने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा शान्ता अधिकारी जाहेरवाला भएको मुद्दामा सर्वस्वसहित जन्मकैद हुने ठहरी फैसला भएको र अम्बिका श्रेष्ठ जाहेरवाला भएको मुद्दामा जन्मकैद हुने ठहरी फैसला भएकोमा सोउपर पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परी दुवै मुद्दा सुरू फैसला सदर भई बसेको अवस्थामा उक्त दुवै कर्तव्य ज्यान मुद्दा मिति कैद हद गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट कैद पुर्जी जारी गरिएको थियो। निवेदक विरूद्ध भक्तपुर जिल्ला अदालतमा पनि ज्यान मार्ने उद्योग मुद्दा चलेकाले उक्त मुद्दाको कैदी पुर्जी पठाउँदा ज्यान मुद्दाको कैद भुक्तान गरी ज्यान मार्ने उद्योगको बेरूजु कैद ४ वर्ष ११ महिना ७ दिन गणना गर्दा मिति २०८९/१०/१४ सम्म कैद बस्नुपर्ने गरी कैदी पुर्जी जारी भएको छ। सो कैद पनि हद गरी पाउन काठमाडौं जिल्ला अदालतसमक्ष निवेदन चढाएकोमा फैसला कार्यान्वयन अधिकारीबाट कैद हद नगर्ने गरी मिति २०७३/१/१३ मा गरेको आदेशमा चित्त नबुझी

इजलास समक्ष निवेदन चढाएकोमा उक्त आदेश परिवर्तन नगरी कानून बमोजिम गर्ने गरी मिति २०७३/१/२० मा गरेको आदेशमा मुलुकी ऐन, अदालती बन्दोबस्तको १७ नं. बमोजिम पुनरावेदन अदालत, पाटनसमक्ष निवेदन चढाएकोमा पुनरावेदन अदालत, पाटनबाट मिति २०७३/३/१० मा कानूनबमोजिम गर्नु भन्ने आदेश भएकाले सो आदेशमा समेत चित्त नबुझी अन्य वैकल्पिक र प्रभावकारी उपचारको व्यवस्था नभएकोले सो आदेश मुलुकी ऐन, दण्ड सजायको ६, ८, १० र ४१ नं. विपरीत भएकोले कैद हद गर्नु भनी उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिपाउँ भन्नेसमेत निवेदन जिकिर रहेको देखिन्छ।

३. मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं.मा "एकै मानिसलाई एकै वा धेरै मुद्दाको धेरै कलमको कैद ठेक्नु परेमा जुन कलममा कैदको सबभन्दा ठूलो हद छ सो हद ननाघ्ने गरी एकै वा धेरै मुद्दामा एकै वा धेरै कलममा गरी कैद ठेक्नुपर्छ। त्यसरी कैद ठेकिएकोमा कैद भुक्तान हुन नपाउँदै अर्को कलममा कैद ठेक्नु पर्ने भयो र अघि ठेकिएको जम्मा कैदभन्दा पछि ठेक्नुपर्ने कलमको हद बढी छ भने अघि कैद ठेक्दा थुनामा परेको मितिदेखि पछि ठेकिएको कलमको हद ननाँघ्ने गरी कैद ठेक्नुपर्छ। अघि ठेकिएको कैदभन्दा पछि ठेक्ने कलमको हद घटी रहेछ भने थप कैद ठेक्नु पर्दैन। फैसला, कैदी पुर्जी, कैद ठेक्ने किताबमासम्म खुलाई दिनुपर्छ र पछि ठेकिने कलमको हद घटी भए पनि अघि कैद गर्दा ठूलो कलमको हद नपुगेको रहेछ भने सो नपुग दिनसम्म पछिल्लो कलममा कैद गर्नुपर्छ। धरै कलमको कैदको हद बराबर हुन आयो भने सोमध्ये एक कलमको कैद ठेक्नुपर्छ। अरू कलमका हकमा फैसला, कैदी पुर्जी, कैद ठेक्ने किताबसम्म खुलाउनुपर्छ। तर फैसला भईसकेपछि कैद नबस्दै वा थुना कैद बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्था अर्को कसुर गरेकोमा सो कसुरबापत कानूनबमोजिम थप कैद ठेक्नुपर्छ।" भन्ने कानूनी व्यवस्था रहेको छ।

४. उल्लिखित कानूनी व्यवस्थाले फैसलाले थुना कैदबाट छुटेको अवस्थामा अर्को कसुर गरेकोमा सो कसुरबापत कानूनबमोजिम थप कैद ठेक्नु पर्छ भन्ने देखियो। कैद ठेक्दा सबै मुद्दाको विवरण कैद ठेक्ने किताबमा खुलाई सबैभन्दा ठूलो कलमको कैद र जरिवानाको मात्र कैद ठेक्नुपर्छ भनी कार्यविधिगत प्रक्रियाको बारेमा स्पष्ट पारेको पाइन्छ। मुलुकी ऐन, दण्ड सजायको ४१ नं. अनुसार निवेदक प्रतिवादीलाई सजाय भएका सबै मुद्दा पेटबोलीमा खुलाई एउटै कैदीपुर्जी विपक्षी जिल्ला अदालतहरूबाट नदिई एउटै व्यक्तिका हकमा फरक फरक जिल्ला अदालतबाट पृथक पृथक गरी कैदी पुर्जी जारी गरेको अवस्था देखियो। फैसला कार्यान्वयन गर्ने अभिभारा र कर्तव्य भएका जिल्ला अदालतको आपसी समन्वयको अभाव र एउटै व्यक्तिका हकमा फरक फरक अदालतबाट दुईवटा कैदी पुर्जी जारी भएको अवस्थामा कानूनले निर्धारण गरेको सजायको ठूलो हद बीस वर्षभन्दा बढी कैदमा राख्न न्यायको रोहमा उपयुक्त देखिन आउँदैन। कानूनको शासनमा जस्तोसुकै अपराधीलाई पनि कानूनबमोजिम नै सजाय गर्ने र कानूनबमोजिम नै भएको कैद दण्ड जरिवाना असुल गर्नुपर्दछ। धेरै अपराध गरेको आधार र कारणबाट कानूनले तोकेको भन्दा बढी अवधि कैदमा रहने अवस्था सिर्जना हुनु न्यायोचित हुँदैन।

५. दण्ड सजायको महलको ८ नं.मा "एकै जनाले धेरै पटक सर्वस्वसहित जन्मकैद वा जन्मकैद वा अरू सजाय हुने खत गरेको भए पनि कुनै खतमा सर्वस्वसहित जन्मकैद र जन्मकैदमध्ये ठूलो सजाय भएपछि सानो सजाय हुने खत वा सो सजायहरूमध्ये कुनै सजाय भएपछि अरू सानो सजाय हुने खत खापिदैन। सर्वस्वसहित जन्मकैद वा जन्मकैद हुने वा भएको कसैले म्याद गुजारी फरार भएको वा कैद थुनामा बसेको वा कैद थुनाबाट भागेको वा धरौटी जमानी तारिखमा छुटेको अवस्थामा ठूलो सजाय हुने

खत गरे सोही ठूलो सजाय गर्नुपर्छ । फेरि जन्मकैदको सजाय हुने खत गरेकोमा जन्मकैद भोगी छुट्न पाउने भएपछि चार वर्ष थपी र घटी सजाय हुने खतगरेकोमा खत अनुसार बढीमा चार वर्षसम्म थपी कैद गर्नुपर्छ ।" भन्ने कानूनी व्यवस्था रहेको छ ।

६. उक्त दण्ड सजायको ८ नं. ले पनि धरौटी जमानीमा छुटेको अवस्थामा फेरि अरू अपराध गरेकोमा फेरि जन्मकैदको सजाय हुने खत गरेकोमा अघिल्लो जन्मकैद भोगी छुट्न पाउने भएपछि ४ वर्ष थपी र घटी सजाय हुने खत गरेकोमा खतअनुसार बढीमा ४ वर्षसम्म कैद गर्नुपर्ने व्यवस्था गरेको पाइयो । कुनै अपराध गरी अदालतबाट फैसला भइसकेको स्थितिमा अपराध गरेमा पश्चातापको भावना नलिई पुन: पहिला गरेको अपराधभन्दा जघन्य कसुर गरेमा कैदबाट छुटेको बखत भएका अपराधमा पनि थपी कैद गर्नुपर्ने दण्ड सजायको ८ नं. मा कानूनी व्यवस्था रहेको छ । अपराधीलाई कैदमा राखी दण्ड दिनुको उद्देश्य निजलाई पुन अपराध गर्नबाट रोक्ने, आफूबाट भएका अपराधको पश्चाताप गराउने, आफ्नो गलत कार्य स्मरण गर्दै भावी दिनमा अपराध नगर्ने सज्जन भई सभ्य समाजमा बस्नयोग्य बनाउनु पनि हो । नेपालको प्रचलित कानूनमा सर्वस्वसहित जन्मकैद नै सबैभन्दा ठूलो सजाय हो । यस्तो सजायमा जन्म कैदबापतमा बीस वर्ष कैद र सर्वस्वबापतमा कसुरदारको अंश भागमा पर्ने सबै सम्पत्ति अदालतले रोक्का राखी फैसलाबमोजिम लिलाम गरी सरकारी कोषमा जम्मा गरिने हुँदा कैदमा रहेको व्यक्ति आर्थिक हैसियतमा शून्य स्थितिमा पुग्न जान्छ । आफू बीस वर्ष कारागारमा बस्नुपर्ने र अंश पनि गुमाउनु पर्ने हुँदा योभन्दा ठूलो सजाय अरू हुन सक्दैन । जन्म कैद नै सबैभन्दा ठूलो कैदको अवधि हुने र कानूनले त्यस अवधिलाई बीस वर्ष राखेको अवस्थामा बीस वर्षभन्दा बढी कैद कसैलाई पनि राख्न मिल्ने अवस्था हुँदैन । आफ्नो भागको सम्पत्ति नै गुमेपछि अन्य जरिवानाको सजायबापत निज कैदमा बस्न नपरोस् भन्ने उद्देश्यले कानूनले नै सर्वस्व भएपछि अरू जरिवानाको आर्थिक दण्ड असुल गरिरहन नपर्ने व्यवस्था गरेको हो । कानूनको यस मर्मलाई ध्यान नदिई निवेदक प्रतिवादीलाई कर्तव्य ज्यान मुद्दामा भएको सर्वस्वसहित जन्म कैदको सजायलाई वास्ता नगरी सोही अवधिभित्र सजाय ठहर भएका अन्य ज्यान मार्ने उद्योगको मुद्दामा भएको कैद जरिवानासमेत जोडी कैदमा राख्न पठाएको विपक्षीको कार्य कानूनी र न्यायोचित रहेको देखिएन ।

७. ज्यान मार्ने उद्योग मुद्दामा फैसला नहुँदै कैद म्याद के कति हुने भनी नतोकेको स्थितिमा निवेदक ठूलो कसुर सर्वस्वसहित जन्मकैद ठहरिने अपराधमा पक्राउ परेको पाइन्छ । पछि गरेको ठूलो कसुरमा पक्राउ परेपछि अघि भएको सानो कसुरको फैसला भएको पाइन्छ । अघि गरेको सानो कसुरको सजायपछि गरेको ठूलो कसुरको सजायमा समावेश हुने भन्ने उक्त कानून व्यवस्थाको भावना रहेको देखिएको हुँदा सानो कसुरको सजाय दण्ड सजायको ४१ र ८ नं. ले थप गर्न मिल्ने कानूनी व्यवस्थाको मनसाय होइन । निज प्रतिवादी ज्यान मुद्दामा पक्राउ परी थुनामा रहेकै अवस्थामा ज्यान मार्ने उद्योगको फैसला भएको र सोपश्चात ज्यान मार्ने उद्योग मुद्दामा धरौटमा छुटेको अवस्थामा ज्यान मारेको कसुर गरेकोले ज्यान मुद्दामा समेत सजाय ठहर भएकोमा ज्यान मार्ने उद्योग मुद्दामा भएको सजाय पुन: ठूलो सजायमा जोडी सजाय गर्न उक्त कानूनी व्यवस्थाले मिल्ने देखिएन । पछि गरेको ठूलो कसुरमा अघि भएका साना कसुरको सजाय स्वत: समावेश हुने हुन्छ । अत: सो अवस्थामा कैद सजायसमेत गर्ने गरी सुरू जिल्ला अदालतबाट भएको मिति २०७३/१/२० मा भएको आदेश सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७३/३/१० को आदेश र तत्सम्बन्धी पत्राचारहरू दण्ड सजायको ४१ नं. र ८ नं. को विपरीत देखिन आयो ।

८. मुलुकी ऐन, दण्ड सजायको महलको ४१

नं. को अन्तिम वाक्यांशमा "तर फैसला भइसकेपछि कैद नबस्दै वा थुना कैद बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्था अर्को कसुर गरेकोमा सो कसुरबापत कानूनबमोजिम थप कैद ठेक्नु पर्छ" भन्ने उल्लेख भएको देखिन्छ । दण्ड सजायको ४१ नं. को उक्त अन्तिम वाक्यांशले कसुरदार ठहरी फैसला भइसकेपछि, अर्को कसुर गरेकोमा सो कसुरबापत थप कैद ठेक्नेसम्बन्धी कानून व्यवस्था गरेको स्पष्ट छ ।

९. निवेदक मिति २०६३/१२/२८ मा ज्यान मार्ने उद्योग मुद्दामा धरौटमा छुटेको तर सो फैसला नहुँदै निजले ज्यान मारेको कसुर गरेको देखिन्छ । पछि ज्यान मुद्दामा पक्राउ परी थुनामा रहेकै अवस्थामा अघि गरेको ज्यान मार्ने उद्योग मुद्दामा कसुर ठहरी फैसला भएको पाइन्छ । ज्यान मुद्दाको फैसला र ज्यान मार्ने उद्योगको फैसला निज पुर्पक्षको लागि थुनामा रहेकै अवस्थामा भएको देखिन्छ ।

१०. धरौट जमानी तारेखमा छुटेको अवस्थामा ठूलो सजाय हुने खत गरे सोही ठूलो सजाय गर्नुपर्छ । तथा एकै जनाले धेरै पटक सर्वस्वसहित जन्म कैद वा जन्मकैद वा अरू सजाय हुने खत गरेको भए पनि ठूलो सजाय भएपछि अरू सानो खत खापिन नसक्ने भनी दण्ड सजायको ८ नं. मा भएको कानूनी व्यवस्था र दण्ड सजायको ४१ नं. को कानूनी व्यवस्था एक आपसमा परिपूरक रहेकोले एकै साथ हेरी व्याख्या गरिनु वाञ्छनीय हुन्छ ।

११. सामान्यतया ठूलो कसुरमा सजाय भएपछि सानो कसुरको सजायको खत ठूलो कसुरको सजायमा स्वतः विलन हुने भन्ने फौजदारी न्याय प्रणालीको मान्यता हो । निवेदकको हकमा दण्ड सजायको ४१ नं. को अन्तिम वाक्यांशअनुसारको अवस्था रहेको नहुँदा सो आकर्षित हुने देखिन आएन ।

१२. अघि ठेकिएको कैदभन्दा पछि ठेक्ने कलमको हद घटी रहेछ भने थप कैद ठेक्नु नपर्ने दण्ड सजायको ४१ नं. ले स्पष्ट गरेको छ । त्यस्तै धरौट तारेखमा छुटेको अवस्थामा ठूलो सजाय हुने खत गरेमा ठूलो सजाय नै गर्नुपर्ने भन्ने दण्ड सजायको ८ नं. ले स्पष्ट गरेको हुँदा निवेदकलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठूलो खतको सजाय भएकोमा ज्यान मार्ने उद्योग मुद्दामा ठहरिएको सजायको खत गाभिन सक्ने देखिँदैन ।

१३. अतः उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट निवेदकलाई कैद अवधि थप गर्ने गरी फैसला कामाडौं जिल्ला अदालतका फैसला कार्यान्वयन अधिकारीबाट भएको मिति २०७३/१/१३ को आदेश कायम गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७३/१/२० मा भएको आदेश बेरीतको नदेखिएको भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०७३/३/१९ मा भएको आदेश मुलुकी ऐन, दण्ड सजायको ८ र ४१ नं. मा भएको कानूनी व्यवस्थाको विपरीत भई त्रुटिपूर्ण देखिंदा सो आदेश तथा तत्सम्बन्धी पत्राचारहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ ।

१४. अब, सो ज्यान मार्ने उद्योग मुद्दाको फैसलाबाट रहेको बाँकी कैदको लगत ४ वर्ष ११ महिना ७ दिनको हकमा सर्वस्वसहित जन्मकैदको सजाय भुक्तान भएपछि असुल उपर गर्नु नपर्ने हुँदा सो लगतको सम्बन्धमा लगत किताबमा व्यहोरासम्म जनाई लगत ठेक्न नपर्ने हुँदा निवेदकको मागबमोजिम कैदको हद कायम गर्नु भनी भक्तपुर जिल्ला अदालतको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । सोको जानकारी विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. विश्वम्भरप्रसाद श्रेष्ठ

इजलास अधिकृतः- जगतबहादुर पौडेल
इति संवत् २०७३ साल भदौ १९ गते रोज १ शुभम् ।

## निर्णय नं. ९६६३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भर प्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
आदेश मिति : २०७३।४।२१

०७१-WO-००५७

मुद्दा:- उत्प्रेषण

निवेदक : महिला, कानून र विकास मञ्चको तर्फबाट अख्तियार प्राप्त गरी आफ्नो तर्फबाटसमेत अधिवक्ता सुषमा गौतम प्र.प.सं.६१९८ समेत

विरूद्ध

विपक्षी : श्री कार्यरथी विभाग, भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा, भद्रकाली, काठमाडौंसमेत

- **राज्यले सैनिक तालिम जस्तो शारीरिकरूपमा कष्टकर कार्यमा महिलालाई सहभागी गराउने गरी विवाहित महिलालाई भर्ना गर्ने भन्ने न्यायोचित हुने देखिँदैन । सैनिक तालिमको क्रममा गर्नुपर्ने कठोर शारीरिक अभ्यास, गह्रौँ खालको हातहतियार र गोलीगट्ठा बोक्नुपर्ने अवस्था आदिको सन्दर्भमा हेर्दा गर्भवती महिलाको गर्भमा रहेको भ्रूण Miscarriage हुनसक्ने तथा भविष्यमा प्रजनन् क्षमतामा कमजोरी आउन सक्ने भनी विपक्षीहरूले गरेको जिकिरलाई अन्यथा मान्न सकिँदैन । फेरि तालिम सकेपश्चात् वैवाहिक सम्बन्धमा गाँसिन कुनै प्रकारको बन्देज नलागेको अवस्थामा सैनिक सेवा प्रवेश गर्नको लागि अविवाहित हुनुपर्ने व्यवस्थाले महिलाको प्रजननसम्बन्धी हकको हनन् भयो भन्ने निवेदकको जिकिरसँग सहमत हुन नसकिने ।**

(प्रकरण नं. ५)

- **सेवाको प्रकृति सबै समान हुँदैनन् । सेवाको प्रकृति र आवश्यकताअनुसार सेवा प्रवेशको लागि कस्तो प्रकारको योग्यता निर्धारण गर्ने भन्ने विषय मूलतः सम्बन्धित निकायले नै निर्धारण गर्ने विषय हो । सबै प्रकृतिका सेवाहरूमा एकै प्रकारको सर्तहरू लागू गर्ने हो भने त्यसले सेवाको मौलिकता र विशिष्टता जोगिन नसक्ने ।**

(प्रकरण नं. ६)

- **सैनिक नियमावली को नियम २(ण) ले Direct combat duties भन्नाले लडाइँको समयमा अग्रभागमा गई प्रत्यक्षरूपमा लड्ने कार्यलाई जनाएको छ । यसरी Direct combat duties भन्नाले मूलतः युद्धको समयमा अग्रिम मोर्चामा सामेल हुने कार्य हो । महिलालाई Direct combat duties का कार्यहरूमा लगाउनुभन्दा अगाडि त्यस प्रकारको कार्यमा लगाउँदा महिलाको शारीरिक र मानसिक अवस्थामा पर्नसक्ने जोखिमको सम्बन्धमा विचार गर्नैपर्ने ।**

(प्रकरण नं. ९)

- **सैनिक सेवा अन्तर्गतका विभिन्न कार्यहरूलाई Direct combat duties र Combat related duties भनी वर्गीकरण गरिएको भए तापनि यी Duties हरूको बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ र यिनीहरू एकअर्काका परिपुरक हुन् । यी दुई प्रकारका Duties लाई पदसोपन**

**(Hierarchy) निर्धारण भएजस्तो गरी माथिल्लो वा तल्लो प्रकारका सेवाहरू भनी अर्थ गर्न मिल्दैन । Direct combat duties लाई भरथेग गरी हरप्रकारको सहयोग गर्न Combat related duties को पनि महत्त्वपूर्ण भूमिका हुन्छ । Direct combat duties लाई बढी सेवा, सुविधा, सहुलियत र सम्मान हुने भन्ने सैनिक ऐन तथा नियमावलीमा कुनै व्यवस्था रहेको देखिँदैन । सैनिक सेवाभित्र Combat related duties को पनि महत्त्व हुन्छ र सो सेवा गर्नेलाई कम सुविधा, सहुलियत वा सम्मान दिने गरी सैनिक ऐन तथा नियमावलीले कुनै प्रकारको भेदभाव गरेको छैन । सैनिक ऐन तथा नियमावलीको समग्र व्यवस्था हेर्दा Combat related duties मा खटिएका सैनिकको बढुवालगायतका वृत्ति विकासका अन्य पक्षहरूमा कुनै प्रकारको भेदभाव भएकोसमेत देखिदैन न त निवेदिकाले नै Diret combat duties मा सामेल हुन नपाएको कारणले वृत्ति विकासमा कुनै अवरोध भएको भनी दाबी लिन सक्नु भएको छ । सेनाभित्र रहेका हरेक कामदारको समष्टिगत प्रयास र मिहेनतबाट नै सेवा सञ्चालन हुने हुँदा सेनाभित्रको कामको आधारमा भएको वर्गिकरणलाई भेदभाव भएको मान्न सकिँदैन । सामूहिक दायित्त्व र जिम्मेवारी (Collective responsibility) बोधबाट नै सैनिक सेवा सुचारू हुन जाने ।**

(प्रकरण नं. ११)

- **नागरिकहरूको हक र मानव अधिकारको संरक्षण गर्ने अभिभावक (Gaurdian of the fundamental rights of the citizens) भएकोले यो अदालत CEDAW, ICCPR तथा संविधानले महिलालाई दिएको हक अधिकारको बारेमा सचेत र सजग छ । तर महिलाको सशक्तिकरणको नाममा महिलाको जीवन र स्वतन्त्रता नै जोखिममा पार्ने कार्य उपर्युक्त अन्तर्राष्ट्रिय दस्तावेजहरूको मनसाय होइन । सैनिक सेवाभित्र सबै कामहरू एकै प्रकृतिका नहुन सक्छन् । युद्धको समयमा अग्रीम मोर्चामा रही सैनिक कारवाहीमा सामेल हुने र अन्य व्यवस्थापकीय कार्यमा सघाउने कार्यमा पर्ने जोखिममा ठूलो अन्तर छ । यस जोखिमलाई विचार गरी उक्त जोखिमबाट सुरक्षा गर्नको लागि गरिएको यस व्यवस्थालाई महिलाविरूद्धको विभेद मान्न नमिल्ने ।**

(प्रकरण नं. १२)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू मिरा ढुंगाना र सुष्मा गौतम

विपक्षीका तर्फबाट: उपन्यायाधिवक्ता अच्युत कुइकेल, विद्वान् अधिवक्ताहरू महेन्द्रजंग शाह र सरोज रेग्मी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३
- नेपालको संविधान २०७२

आदेश

**न्या. विश्वम्भरप्रसाद श्रेष्ठ :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७(२) बमोजिम यस अदालतमा दायर भई नेपालको संविधानको धारा १३३(२) बमोजिमसमेत यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत रिट

निवेदनको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :-

रिट निवेदक संस्था महिला, कानून विकास मञ्च महिला वर्गको हकहित, महिला सशक्तीकरण, महिलाको उत्थान र विकास एवम् समान कानूनी हक अधिकार स्थापित गराउने, ती हक अधिकारको रक्षा गर्ने र समतामूलक समाजको निर्माण गर्ने उद्देश्यले स्थापना भएको संस्था हो भने हामी निवेदकहरू महिला अधिकार एवम् मानव अधिकारका लागि अनवरतरूपले आवाज उठाउँदै आइरहेको कानून व्यवसायी हौं।

नेपाली सेनाअन्तर्गतको "श्री कार्यरथी विभाग भर्ना छनौट निर्देशनालय" जङ्गी अड्डाले मिति २०७१।४।७ गते गोरखापत्रमा प्रथम पटक विभिन्न विज्ञापन नं. को सूचना प्रकाशित गरी नेपाली सेनाको स्वीकृत दरबन्दीभित्र रिक्त रहेका लेखा जम.क., अ.क.(अमलदार कर्मचारी) सैन्य तथा फलोवर्स पदहरूको समावेशी तथा खुला प्रतिस्पर्धाबाट पदपूर्ति गर्न योग्यता पुगेका ईच्छुक नेपाली नागरिकलाई दरखास्त पेस गर्न आह्वान गरेको रहेछ। उक्त सूचनाको बुँदा नं. ५ ले उम्मेदवारका आवश्यक योग्यताअन्तर्गत (क) शैक्षिक योग्यता, (ख) शारीरिक योग्यता, (ग) अन्य योग्यता गरी जम्मा ३ प्रकारका योग्यताहरू तोकेको छ। उक्त बुँदा नं. ५(ग) को खण्ड (आ) ले "सैन्य तथा फलोवर्स पदका उम्मेदवारहरू अविवाहित हुनुपर्ने (वहालवाला सैनिक व्यक्तिबाहेक) भनी अतिरिक्त योग्यतासमेत तोकेको छ। विवाहित व्यक्तिलाई सैनिक सेवा प्रवेश गर्न, दरखास्त पेस गर्न, उम्मेदवार बन्नबाट रोक्ने, वञ्चित गर्ने उक्त बुँदा नं. ५(ग) खण्ड (आ) को समग्र व्यवस्थाले वैवाहिक स्थितिका आधारमा विभेद सिर्जना गरेको छ। त्यसका अतिरिक्त सोही विज्ञापन सूचनाको बुँदा नं. १३ को खण्ड (क) देखि (ङ) सम्म उम्मेदवारका लागि विभिन्न सर्तहरू तोकी खण्ड(ङ) को लगतत्तै "नोट" अन्तर्गत (क), (ख) र (ग) भन्दै क्रमशः थप सर्तहरू तोकिएको छ। उक्त बुँदा नं. १३ को "नोट" अन्तर्गतमा "(ग) महिलाको हकमा Direct combat duties/close combat role (लडाइँको समयमा अग्रभागमा गई, प्रत्यक्षरूपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरू बाहेकका Combat related duties/combat service support (लडाइँमा प्रत्यक्ष संलग्न फौजलाई पछाडि रहेर सेवा र सहयोग पुर्याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरूमा समावेश गराइनेछ।" भनी सूचित गरिएको छ। प्रस्तुत बुँदा नं. १३ नोट (ग)को व्यवस्थाले महिलामाथि लैङ्गिक विभेद गरेको छ।

उक्त मिति २०७१।४।७ को विभेदकारी बुँदा नं. ५(ग) खण्ड (आ) र बुँदा नं. १३ नोट (ग) सँग मिल्दोजुल्दो व्यवस्था सैनिक सेवा नियमावली २०६९ को नियम ५ को उपनियम (३) र नियम ७ को उपनियम (१) को खण्ड (क) को उपखण्ड (१६) मा रहेको छ। नियम ५ को उपनियम (३) मा "यस नियमावलीबमोजिम नियुक्त साधारण सेवातर्फका महिला सैनिकलाई कम्ब्याट रिलेटेड डिउटिज्को काममा मात्र लगाइनेछ।" भनि उल्लेख गरिएको छ। नियम २ का खण्ड (ञ) अनुसार "कम्ब्याट रिलेटेड डिउटिज्" भन्नाले लडाइमा प्रत्यक्षरूपमा संलग्न नहुने तथा खण्ड (ण) मा उल्लिखित "डाइरेक्ट कम्ब्याट डिउटिज्" बाहेकका सैनिक निकायहरूले गर्ने कार्यलाई सम्झनु पर्छ।" खण्ड (ण) अनुसार "डाइरेक्ट कम्ब्याट डिउटिज्" भन्नाले देहायको निकायहरूमा कार्यरत सैनिक व्यक्तिहरूले लडाइको समयमा अग्र भागमा गई प्रत्यक्षरूपमा लड्ने कार्यलाई सम्झनुपर्छः (१) पदिक अंग तर्फका गण/गुल्महरू तथा सो सरहका निकायहरू, (२) विशेष फौज तर्फका गण / गुल्महरू तथा सो सरहका निकायहरू, (३) इन्जिनियर्स अन्तर्गतका गण

/गुल्महरू तथा सोसरहका निकायहरू (४) आर्टिलरी तर्फका गण / व्याट्रीहरू तथा सो सरहका निकायहरू, (५) हवाई सुरक्षा अंग तर्फका गण / व्याट्रीहरू तथा सो सरहका निकायहरू" भनी परिभाषित गरिएको छ। उल्लिखित नियम ५ को उपनियम (३) ले महिलालाई डाइरेक्ट कम्ब्याट डिउटिज र लडाइमा प्रत्यक्षरूपमा संलग्न हुनबाट वञ्चित गरेको स्पष्ट छ। नियम ७ को उपनियम (१) को खण्ड (क) को उपखण्ड (१६) मा "बहालवाला सैनिक व्यक्तिबाहेक अन्यको हकमा अविवाहित" हुनुपर्ने भनी नेपाली सेनाको साधारण सेवाका पदहरूमा नियुक्त हुने अधिकृत क्याडेटका लागि योग्यता तोकिएको छ। उक्त उपखण्ड (१६) को अविवाहित हुनुपर्ने भन्ने योग्यता सोही नियम ७ को उपनियम (१) को खण्ड (ख) को उपखण्ड (५) र खण्ड (ग) को उपखण्ड (५) बमोजिम क्रमशः सिपाही र फलोअर्सका लागि पनि लागू हुने देखिन्छ। यसप्रकार उक्त नियम ७ को उपनियम (१) को खण्ड (क) को उपखण्ड (१६) ले वैवाहिक स्थितिका आधारमा व्यक्तिमाथि विभेद गरेको स्पष्टै छ।

उम्मेदवार बन्नका लागि "अविवाहित हुनुपर्ने योग्यता" तोक्ने मिति २०७१।४।७ को गोरखापत्रमा प्रकाशित विज्ञापन सूचनाको बुँदा नं. ५(ग) खण्ड (आ) र सैनिक सेवा नियमावली २०६९ को नियम ७ को उपनियम (१) खण्ड (क) को उपखण्ड (१६) को व्यवस्था तथा डाइरेक्ट कम्ब्याट डिउटिज् र क्लोज कम्ब्याट रोलमा महिला सैनिकलाई काम गर्नबाट रोक लगाउने ऐजन विज्ञापन सूचनाको बुँदा नं. १३ नोट (ग) र ऐजन नियमावलीको नियम (५) को उपनियम (३) का व्यवस्थाहरू विभेदकारी भई संविधान प्रदत्त मौलिक हक, मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको विपरीत, असंवैधानिक, अमान्य र बदरभागी रहेको हुँदा संविधानको धारा १०७(१) र (२) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर घोषित गरिपाउँ भन्ने मागको समर्थनमा तल विभिन्न प्रकरणहरूमा आधार कारणहरू प्रस्तुत गरिन्छ।

सैनिक सेवामा प्रवेश गर्नका लागि "अविवाहित हुनुपर्ने" योग्यताले गर्दा विवाहित व्यक्तिमाथि विभेद भएको छ। वैवाहिक स्थितिका आधारमा कुनै पनि व्यक्तिलाई विभेद गर्न पाइँदैन। यसले प्रकारान्तमा प्रजनन् जस्तो मानिसको आधारभूत अधिकार एवम् प्राकृतिक आवश्यकता र सृष्टिको निरन्तरतालाई नै चुनौती दिन्छ। यस्तो विभेदको मार विवाहित महिला र पुरूष दुवैमा पर्ने भए तापनि महिलालाई राज्यको मूलप्रवाहमा ल्याउने सन्दर्भमा यो व्यवस्था विशेषरूपमा बाधक बन्न जान्छ। सेनामा रोजगारी पाउन अविवाहित हुनुपर्ने योग्यताले अन्तिरम संविधानको धारा १२(१) ले प्रत्याभूत गरेको सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १३(१) खण्ड (च) ले प्रत्याभूत गरेको कुनै पेसा रोजगारी गर्ने स्वतन्त्रताको हक, धारा १३(१) ले प्रत्याभूत गरेको सबै नागरिक कानूनको दृष्टिमा समान हुने, कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने र कानूनको लाभ समानरूपमा लिन पाउने समानताको हक, धारा १८ ले प्रत्याभूत गरेको रोजगारी तथा सामाजिक सुरक्षाको हक, धारा १९(१) ले प्रत्याभूत गरेको सम्पत्ति आर्जन गर्न र महिलाउपर हुने हिंसाविरूद्धको हक, धारा २१ ले प्रत्याभूत गरेको सामाजिक न्यायको हक, धारा २८ ले प्रत्याभूत गरेको गोपनियताको हक, धारा २९ ले प्रत्याभूत गरेको शोषणविरूद्धको हक, धारा ३० ले प्रत्याभूत श्रमसम्बन्धी हकसमेतका मौलिक हकउपर अनुचित बन्देज लगाएको छ। साथै मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १६, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय

अनुबन्ध १९६६ को धारा २३ लगायत अन्तर्राष्ट्रिय कानूनको समेत उल्लङ्घन भएको छ।

डाइरेक्ट कम्ब्याट डिउटिज् र क्लोज कम्ब्याट रोलमा काम गर्नबाट "महिलालाई बन्देज लगाउने" व्यवस्था अन्तरिम संविधानको धारा १२(१), (२), ३(च), धारा १३(१), (२), (३) धारा १८, धारा १९(१), धारा २०(१), धारा २१, धारा २९, धारा ३० लगायतको प्रतिकूल छ भने महिलाविरूद्ध हुने सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी महासन्धि १९७९ को धारा १ र धारा ११कोसमेत प्रतिकूल रहेको छ।

अतः माथि विभिन्न प्रकरणहरूमा उल्लेख भएबमोजिम मौलिक हकमा अनुचित बन्देज लगाउने सैनिक सेवा नियमावली २०६९ को नियम ५ को उपनियम (३) तथा ऐजन नियमावलीको नियम ७ को उपनियम (१) खण्ड (क) को उपखण्ड (१६) का व्यवस्थाहरूका हकमा संविधानको धारा १०७(१) बमोजिम र मिति २०७१।४।७ को गोरखापत्रमा प्रकाशित श्री कार्यरथी विभाग भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डाको विज्ञापन सूचनाको बुँदा नं. ५(ग) खण्ड (आ) तथा ऐजन विज्ञापन सूचनाको बुँदा नं. १३ नोट (ग) का व्यवस्थाहरूलगायत उक्त मिति २०७१।४।७ को सो विज्ञापन सूचना उत्प्रेषणको आदेशद्वारा सम्पूर्णरूपमा अमान्य र बदर घोषित गरी वैवाहिक स्थितिका आधारमा महिला र पुरूष दुवैलाई तथा महिला भएकै आधारमा महिलालाई सैनिक सेवामा प्रवेश गर्नबाट रोक नलगाउने तथा महिलालाई डाइरेक्ट कम्ब्याट डिउटिज र क्लोज कम्ब्याट रोलमा काम गर्नबाट वञ्चित नगर्ने गरी पुनः विज्ञापन सूचना प्रकाशित गरी भर्ना छनौटसम्बन्धी दरखास्त आह्वान गर्नु भनी संविधानको धारा १०७(२) बमोजिम विपक्षी श्री कार्यरथी विभाग भर्ना छनौट निर्देशनालयका नाममा परमादेशलगायत अन्य जो चाहिने उपयुक्त आदेश जारी गरिपाऊँ। साथै सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम मिति २०७१।४।७ को उक्त विज्ञापन सूचना हाललाई कार्यान्वयन नगर्नु भनी विपक्षी निर्देशनालयका नाममा तत्काल अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको यस अदालतमा मिति २०७१।४।२३ मा दायर भएको निवेदनपत्र।

यसमा वरिष्ठ अधिवक्ता सपना प्रधान मल्ल तथा अधिवक्ताद्वय ओमप्रकाश अर्याल र सुष्मा गौतमले गर्नु भएको बहस सुनियो। यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक पन्ध्र दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षीहरूलाई सूचना पठाई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि पेस गर्नू। साथै, प्रस्तुत रिट निवेदनमा उठाइएका विषयवस्तु महिला अधिकारसँगसमेत सम्बन्धित देखिनाले छिटो निरूपण हुनुपर्ने भएबाट सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३ (च५) बमोजिम अग्राधिकार प्रदान गरी दिएको छ भन्ने व्यहोराको मिति २०७१।५।०२ मा यस अदालतबाट भएको आदेश।

नेपाली सेनामा महिलाहरूलाई सेवा प्रवेशमा कुनै बन्देज लगाइएको छैन। नेपाली सेनामा महिलाको सहभागिता बढाउने उद्देश्यले राज्यका सबै संरचनालाई समावेशी बनाउने संवैधानिक व्यवस्थाको भावना र मर्मअनुसार सैनिक सेवा नियमावली, २०६९ (यसपछि नियमावली भनिएको) को नियम ५ को उपनियम (२) मा आरक्षणको व्यवस्था गरी उपनियम (१) बमोजिम खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरूको पैँतालीस प्रतिशत पदसंख्या समावेशिकरणका लागि छुट्याई सो प्रतियोगिताद्वारा पूर्ति हुने पदहरूको पैँतालीस

प्रतिशत पदसंख्या समावेशिकरणका लागि छुट्याई सो संख्यालाई शत प्रतिशत मानी आरक्षित सिटमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई महिला बीस प्रतिशत आदिवासी/जनजाती- बत्तीस प्रतिशत, मधेशी- अट्ठाईस प्रतिशत, दलित- पन्ध्र प्रतिशत पिछडिएको क्षेत्र - पाँच प्रतिशत गरी पदपूर्ति गर्नेगरी सिट सुरक्षितसमेत गरेको छ।

जहाँसम्म नियमावलीको नियम ५ को उपनियम (३) को व्यवस्था छ। तत्सम्बन्धमा नेपाली सेनाको संगठनले सम्पादन गर्नुपर्ने कार्य अर्थात् Direct Combat Duties बाहेकको Combat Related Duties अथवा Close Combat Role मा महिलाको भूमिका रहने व्यवस्थाले संविधान प्रदत्त समानताको अधिकारमाथि आघात पारेको मान्न मिल्दैन। सो व्यवस्थाले महिलाको हक र हितमाथि नकारात्मक प्रभाव पारेको नभई महिलाको संरक्षणको लागि सो व्यवस्था गरिएको हो। साथै उक्त नियमावलीको नियम ७ को उपनियम (१) को खण्ड (क) को उपखण्ड (१६) मा रहेको वहालवाला सैनिक व्यक्तिबाहेक अन्यका हकमा अविवाहित हुनुपर्ने भन्ने व्यवस्था महिलाप्रति मात्र लक्षित नभई पुरूषको हकमासमेत समान रूपले आकर्षित हुने भएको रिट निवेदनमा दाबी लिएजस्तो महिलाप्रति गरिएको विभेदकारी व्यवस्था मान्न मिल्दैन।

विशेष प्रकृतिको कामका हकमा जहाँ हरेक व्यक्तिको job related physical requirements आवश्यकता पर्दछ त्यस्तोमा निश्चित आधार, मापदण्ड र सर्त तोक्ने गरी व्यवस्था गर्न सक्ने नै हुन्छ। प्रत्यायोजित व्यवस्थापन (Delegated Legislation) अन्तर्गत जारी भएको सो नियमले संविधान र मातृ ऐनको कुनै सीमालाई नाघेको अवस्था छैन। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को उपधारा (३) को खण्ड (च) ले प्रत्येक नागरिकलाई कुनै पेसा, रोजगार, उद्योग र व्यापार गर्न प्रदान गरेको स्वतन्त्रतालाई सोही धाराको प्रतिबन्धात्मक वाक्यांशको खण्ड (५) सँग जोडेर हेर्नु पर्ने हुन्छ। संविधानले नै कुनै उद्योग, व्यापार, पेसा वा रोजगार गर्नको लागि कुनै सर्त वा योग्यता तोक्ने गरी कानून बनाउन सक्ने गरी छुट दिएको र सोही आधारमा सैनिक सेवा नियमावलीको व्यवस्था गरिएको छ। जहाँसम्म श्री कार्यरथी विभाग भर्ना छनौट निर्देशनालय जङ्गी अड्डाको मिति २०७१।४।७ को गोरखापत्रमा प्रकाशित विज्ञापन / सूचना बदर गरी वैवाहिक स्थितिका आधारमा महिला र पुरूष दुवैलाई तथा महिला भएकै आधारमा महिलालाई सैनिक सेवामा प्रवेश गर्न रोक नलगाउने तथा महिलालाई Direct combat duties/close combat role) मा काम गर्नबाट वञ्चित नगर्ने गरी पुनः विज्ञापन सूचना प्रकाशित गर्नुपर्ने विषय छ, सो कार्य कानून अनुकूल नै भएकोले पुनः विज्ञापन सूचना प्रकाशित गर्नुपर्ने अवस्था छैन अतः उपर्युक्त आधार र कारणसमेतबाट विपक्षी निवेदकको मागबमोजिम कुनै आदेश जारी हुनुपर्ने अवस्था नहुँदा विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट ऐ.को सचिव राजुमान सिंह मल्लले यस अदातलमा पेस गर्नुभएको लिखित जवाफ।

सैनिक सेवा नियमावली, २०६९ आउनुपूर्व तत्कालीन अवस्थामा नेपाली सेनाको अधिकृत क्याडेटमा नियुक्ति हुनका लागि अविवाहित हुनुपर्ने र अन्य दर्जामा विवाहित सैनिक व्यक्तिलाईसमेत नियुक्ति गर्ने व्यवस्था रहेकोमा अविवाहित व्यक्तिहरूको तुलनामा विवाहित व्यक्तिहरू तालिमको दौरानमा तालिम छोडी भाग्ने, बारम्बार गयल गर्ने, पारिवारिक समस्यालाई सदैव दर्शाइरहने आदि कारणहरूले गर्दा अविवाहित व्यक्तिहरूको तालिमप्रतिको अभिरूचि,

Effort / Efficiency लाई मध्यनजर गरी अधिकृत क्याडेटका साथै सैन्य र फलोवर्स दर्जामा नेपाली सेनामा नियुक्ति हुनको लागि अविवाहित हुनु पर्ने व्यवस्था हालको सैनिक सेवा नियमावली, २०६९ मा गरिएको हो। अविवाहित हुनुपर्ने भन्ने व्यवस्थालाई केवल नियुक्ति हुनका लागि चाहिने योग्यताको आधारमा मात्रै हेर्न मिल्ने होइन। उक्त व्यवस्था मुख्य गरी सैन्य सेवामा नियुक्ति भएपछि गैह्र सैनिक जीवनलाई सैनिक जीवनमा ढाल्नका लागि गर्नुपर्ने कठोर प्रकृतिका तालिम, तालिम अवधिमा बिदामा बस्न दिन नमिल्ने कठिनाई, गह्रौँ खालका जोखिमपूर्ण हातहतियार, गोली गट्ठाहरू बोक्नु तथा Haldiling गर्नुपर्ने जस्ता अति परिश्रम पर्ने खालका कार्यहरू तालिम अवधिमा गर्नुपर्ने भएकोले यस्तो व्यावहारिक कठिनाइहरूलाई मूल्याङ्कन गरी अधिकृत क्याडेट सैन्य र फाल्वर्स दर्जामा नेपाली सेनामा नियुक्ति हुनका लागि अविवाहित हुनुपर्ने व्यवस्था गरिएको छ।

रिट निवेदिकाले उठाउनुभएको सैनिक सेवामा प्रवेश गर्न अविवाहित हुनुपर्ने कारणले महिलालाई प्रजनन्सम्बन्धी अधिकारबाट वञ्चित गराइएको भन्ने सम्बन्धमा सैनिक सेवामा भर्ना हुनको लागि विभिन्न शारीरिक परीक्षाहरूसमेत गर्नुपर्ने भएको हुँदा उक्त भर्ना छनौटको क्रममा विवाहित महिलालाई शारीरिक परीक्षामा सरिक गराउँदा निज महिला गर्भवती भएको अवस्थामा दौड, पुस अप, सिटअप गर्दा गर्भमा रहेको भ्रूण Miscarriage हुन सक्ने तथा महिलाको स्वास्थ्यमा नै असर पर्न सक्नुका साथै विवाहित महिलालाई सैनिक सेवामा नियुक्ति गरी सैनिक तालिममा सरिक गराउँदा निज महिलाले गर्भधारण गरेको अवस्थामा हातहतियार गोलीगट्ठा जस्ता गह्रौँ प्रकृतिका सैन्य सामग्रीका साथै आफ्नो बन्दोबस्तीका सरसामानहरू बोकी ओसार पसार गर्नुपर्ने, हातहतियार गोलीगट्ठा चलाउनु पर्ने, घामपानी तातो चिसो, हावाहुरीको प्रवाह नगरी रातदिन नभनी युद्ध मैदानमा नै रहेको आभास हुने गरी कठोरभन्दा कठोर शारीरिक परिश्रम गर्नुका साथै कार्य बोझका कारण मानसिक तनावसमेत पर्न जाने हुँदा गर्भवती अवस्थामा सैनिक तालिम गराउँदा पेटमा रहेको भ्रूण र गर्भवती महिलाको जिउ ज्यानमा नै खतरा पुग्न सक्ने, भ्रूण Miscarriage हुन भएमा पछिल्ला दिनहरूमा महिलाको प्रजनन् स्वास्थ्यमा ह्रास आउन सक्ने, तालिम अवधिमा लामो बिदा छुट्टी दिँदा स्वयम् व्यक्तिको आफ्नो Carrier धक्का पुग्ने र राज्यलाई आर्थिक तथा सेवाको दृष्टिले समेत ज्यादै हानि हुने हुँदा स्वयम् महिलाको हकहितका लागि राज्यद्वारा गरिएको सकारात्मक व्यवस्थाले प्रजनन्सम्बन्धी अधिकारबाट वञ्चित गरिएको भनी केवल हचुवाको भरमा भन्न मिल्ने होइन।

त्यसैगरी रिट निवेदिकाले उठान गर्नु भएको सैनिक महिलालाई डाइरेक्ट कम्ब्याट डिउटीमा नलगाई विभेद गरिदिएको छ भन्ने सम्बन्धमा महिलालाई सैनिक सेवामा प्रवेश गर्नबाटै रोक नलगाई केवल सैनिक सेवाभित्रको मुख्य भागको रूपमा रहेको डाइरेक्ट कम्ब्याट डिउटिज्मा नलगाउने व्यवस्था गरिएको हो। सैनिक सेवा नियमावली, २०६९ को नियम २ को (ण) मा डाइरेक्ट कम्ब्याट डिउटिज्को सम्बन्धमा व्यवस्था गरिएको छ। जसअनुसार डाइरेक्ट कम्ब्याट डिउटिज्को अर्थ लडाइमा प्रत्यक्षरूपमा अग्रभागमा गई कार्य गर्ने भन्ने हुन्छ। नेपाली सेनामा कमाण्डोलगायतका केही यस्तो प्रकृतिका तालिमहरू हुन्छन् जुन तालिम बिना कम्ब्याट डिउटिज्को कार्य गर्न कुनै पनि व्यक्ति सक्षम हुँदैन र त्यस्तो खालका तालिमहरू महिला सैनिक व्यक्तिलाई गराउने हो भने पुरुषभन्दा महिलाहरू शारीरिकरूपमा केही कमजोर

हुने र त्यस्तो कठोर प्रकारका तालिमहरू महिलाहरूले गर्दा उनीहरूको प्रजनन् क्षमतामा बाँझोपन आउन सक्ने अवस्थासमेतलाई मध्यनजर गरी कम्ब्याट डिउटीमा नलगाई सपोर्टिङ डिउटीमा मात्रै लगाउने व्यवस्था गरिएको हो। यस प्रकारको व्यवस्था अमेरिका, बेलायत, भारतलगायतका धेरै राष्ट्रहरूमा समेत गरिएको छ । पुरूषको तुलनामा महिलाको Height, Weight लगायतको शारीरिक अवस्था र बनावटमा केही फरक भई शारीरिकरूपमा केही कमजोर हुने हुँदा पेसागत विशिष्टता र आवश्यकताको सिद्धान्तका आधारमा महिला सैनिक व्यक्तिहरूलाई कम्ब्याट डिउटीमा नलगाई सैनिक सेवा नियमावली, २०६९ को नियम ५ को उपनियम (३) अनुसार कम्ब्याट रिलेटेड डिउटिज्मा मात्रै लगाउने गरी राज्यद्वारा कानूनमा व्यवस्था गरिएको विषयलाई सेवामा समान अवसरबाट वञ्चित गरिएको भनी भन्न मिल्ने होइन ।अतः प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको रक्षा मन्त्रालयको तर्फबाट ऐ.का का.मु. सचिव देवेन्द्र प्रसाद सिटौलाले यस अदालतमा पेस गर्नुभएको लिखित जवाफ।

सैनिक सेवा नियमावली, २०६९ आउनुपूर्व तत्कालीन अवस्थामा नेपाली सेनाको अधिकृत क्याडेटमा नियुक्ति हुनका लागि अविवाहित हुनुपर्ने र दर्जामा विवाहित सैनिक व्यक्तिलाई समेत नियुक्ति गर्ने व्यवस्था रहेकोमा अविवाहित व्यक्तिहरूको तुलनामा विवाहित व्यक्तिहरू तालिमको दौरानमा तालिम छोडी भाग्ने, बारम्बार गयल पर्ने, पारिवारिक समस्यालाई सदैव दर्शाइरहने जस्ता कारणहरूले गर्दा अविवाहित व्यक्तिहरूको तालिमप्रतिको अभिरूचि, Effort र Efficiency लाई मध्यनजर गरी अधिकृत क्याडेट, सैन्य र फल्वर्स दर्जामा नेपाली सेनामा नियुक्ति हुनका लागि अविवाहित हुनुपर्ने व्यवस्था गरिएको हो । त्यस्तैगरी रिट निवेदिकाले उठान गर्नुभएको सैनिक महिलालाई डाइरेक्ट कम्ब्याट डिउटीमा नलगाई सेवामा समान अवसरबाट विभेद गरिएको छ भन्ने सम्बन्धमा महिलाहरूलाई सैनिक सेवामा प्रवेश गर्नबाटै रोक नलगाई केवल सैनिक सेवाभित्रको मुख्य भागको रूपमा रहेको डाइरेक्ट कम्ब्याट डिउटिज्मा नलगाउने व्यवस्था गरिएको हो। यस प्रकारको व्यवस्था अमेरिका, बेलायत, भारतलगायतका धेरै राष्ट्रहरूमा समेत गरिएको छ । पुरूषको तुलनामा महिलाको Height, Weight लगायतको शारीरिक अवस्था र बनावटमा केही फरक भई शारीरिकरूपमा केही दुर्वल हुने हुँदा पेसागत विशिष्टता र आवश्यकताको आधारमा महिला सैनिक व्यक्तिहरूलाई कम्ब्याट डिउटीमा नलगाई सैनिक सेवा नियमावली २०६९ को नियम ५ (३) अनुसार कम्ब्याट रिलेटेड डिउटिज्मा मात्रै लगाउने गरी राज्यद्वारा कानूनमा व्यवस्था गरिएको विषयलाई समान अवसरबाट वञ्चित गरिएको भनी भन्न मिल्ने होइन। रिट निवेदिकाले स्पष्टरूपमा यो यति कारणले यसरी बाझिएको छ भनि भन्नसमेत नसकी एकांकी ढंगले प्रस्तुत रिट निवेदन दायर गरेकोले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको नेपाली सेना, जङ्गी अड्डा र कार्यरथी विभाग, भर्ना छनौट निर्देशनालयको लिखित जवाफ।

नियमबमोजिम पेस हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदक विद्वान् अधिवक्ताहरू श्री मिरा ढुंगाना र श्री सुष्मा गौतमले नेपाली सेनाले मिति २०७१।४।७ मा प्रकाशित गरेको सूचनाको बुँदा नं. ५(ग)(आ) ले अविवाहित व्यक्तिलाई दरखास्त दिन नमिल्ने व्यवस्था गरेको छ भने बुँदा नं. १३(ग) ले महिलाई Direct combat duties मा रोक्ने गरी व्यवस्था गरेको छ । सोही खालको व्यवस्था सैनिक सेवा नियमावली, २०६९ को नियम ७(१)(क)(१६)

तथा नियम ५(६) ले समेत गरेको छ । यसप्रकारको व्यवस्थाले व्यक्तिको वैवाहिक अवस्था तथा लैंगिक अवस्थाको आधारमा सेवा प्रवेशमा निषेध गरेको छ। जुन नेपालको अन्तरिम संविधान २०६३ को धारा १२(१), १२(३)(च)(१८,१९,२१,३०) लगायतका धारा तथा नागरिक तथा राजनितिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR)१९६६ को धारा २३, महिलाविरूद्ध हुने सबै प्रकारको विभेद उन्मुलनसम्बन्धी महासन्धि (CEDAW) १९७९ को धारा १(११) समेत प्रतिकूल छ । अतः उत्प्रेषणको आदेशद्वारा सैनिक नियमावलीको उक्त नियम तथा सूचना बदर घोषित हुनुपर्छ भनी बहस गर्नु भयो । त्यसैगरी विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री महेन्द्रजंग शाह र श्री सरोज रेग्मीले सैनिक सेवाको बिशिष्ट प्रकृतिको आधारमा उक्त व्यवस्था भएको हो। पुरूष र महिला दुवै अविवाहित रहनु पर्ने भएकाले यस प्रकारको व्यवस्थालाई महिला विरूद्धको विभेद भन्न मिल्दैन। Direct Combat duties मा महिलालाई लगाएको अवस्थामा पेटभित्र रहेको भ्रूण Miscarriage हुन सक्ने भई महिलाको प्रजनन स्वास्थ्यमा समेत प्रतिकूल असर पर्नेलगायतका समस्यालाई मध्यनजर गरी यस प्रकारको व्यवस्था गरिएको हो । यो महिला विरूद्धको विभेद नभई महिलाको संरक्षणको लागि भएको विशेष व्यवस्था हो । रिट निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नु भयो । त्यसै गरी विपक्षीहरूकै तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिबक्ता श्री अच्युत कुइकेलले महिलाहरूलाई सैनिक सेवामा नै नलिने भनेको होइन ।प्रत्यक्ष लड्ने भिड्ने कार्यमा संलग्न हुँदा पर्नसक्ने जोखिमलाई मध्यनजर गरी महिलाकै सुरक्षाको लागि उक्त व्यवस्था भएको हो ।यस व्यवस्थाले महिलाको विरूद्ध कुनै प्रकारको विभेद गरेको छैन । रिट निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नुभयो।

उपर्युक्त बहस जिकिर सुनी निवेदनसाथ संलग्न मिसिल अध्ययन गरी हेर्दा निम्न विषयमा निर्णय गर्नुपर्ने देखियो।

(१) सैनिक व्यक्तिबाहेकका अन्य व्यक्तिको हकमा सैनिक सेवामा प्रवेश गर्न अविवाहित हुनुपर्ने व्यवस्था तथा महिलालाई Direct combat duties बाहेकका Combat related duties मा मात्र लगाउने व्यवस्था नेपालको अन्तरिम संविधान २०६३ तथा हालको नेपालको संविधानले प्रत्याभूत गरेको समानको हकको प्रतिकूल हो वा होइन?

(२) निवेदकको मागबमोजिमको रिट जारी हुनुपर्ने हो वा होइन?

२. यसमा पहिलो प्रश्नतर्फ विचार गर्दा नेपाली सेनाले मिति २०७१।४।७ मा प्रकाशित गरेको सूचनाको बुँदा नं. ५ मा विवाहित व्यक्तिलाई सैनिक सेवा प्रवेश गर्न, दरखास्त पेस गर्न तथा उम्मेदवार बन्नबाट रोक्ने व्यवस्था रहेको तथा सैनिक नियमावलीमको नियम ७(१)(क)(१६) मा बहालवाला सैनिक व्यक्तिबाहेक अन्यको हकमा अविवाहित हुनुपर्ने भन्ने व्यवस्थाको संवैधानिकतामा प्रश्न उठाउँदै खारेजीको माग लिएर यस अदालतसमक्ष निवेदन परेको रहेछ । यस सम्बन्धमा विपक्षीहरूको लिखित जवाफ हेर्दा सैनिक सेवाको विशिष्ट प्रकृति, अविवाहित व्यक्तिहरूको तालिमप्रतिको रूचि, तालिमकर्ताको Effort र Efficiency तथा विवाहित महिलाको प्रजनन स्वास्थ्यको सुरक्षालगायतका कारणहरूको आधारमा उक्त व्यवस्था गरिएको भन्ने जिकिर रहेछ।

३. निवेदकले आफ्नो निवेदनमा सैनिक सेवा प्रवेश गर्दा अविवाहित हुनुपर्ने योग्यताले विवाहित व्यक्तिमाथि विभेद हुन जाने र यसले मुख्यरूपमा

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(१) ले प्रत्याभूत गरेको समानताको हकको हनन् भई विवाहित र अविवाहित व्यक्तिको बीचमा असमान व्यवहार भएको भन्ने दाबी गर्नुभएको छ । निश्चय नै समानताको हक कुनै पनि लोकतान्त्रिक समाजको आधारभूत चरित्र हो । नेपालको संविधानको धारा १८(१) मा यसलाई प्रत्याभूत गरी सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था गरिएको छ। जुन व्यवस्था प्रस्तुत रिट निवेदन दायर गर्दा विद्यमान रहेको नेपालको अन्तरिम संविधान २०६३ को धारा १८ सँग समान छ। त्यसैगरी नेपालको संविधानको धारा १८(२) मा सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पति, भाषा वा वैचारिक आस्थाको आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था गरेको छ। नेपालको अन्तरिम संविधानको धारा १३(२) माससमेत सोही व्यवस्था गरिएको थियो। यसरी धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पति, भाषा वा वैचारिक आस्थाको आधारमा सामान्य कानूनको प्रयोगमा भेदभाव गर्न पाइँदैन। तर मनासिब बर्गीकरण (Reasonable classification) को आधारमा विशेष प्रकारको कानून बनाउन नसकिने भन्ने यस व्यवस्थाको मनसाय होइन। समानताको हक निरपेक्षरूपमा लागू हुने होइन। विषयवस्तुको विशिष्टता, गाम्भिर्यता तथा उपभोगकर्ताको अवस्थाको आधारमा यसका सिमाहरू निर्धारण हुन सक्छन् । तर यसरी सिमाहरू निर्धारण गर्दा त्यो मनासिब र न्यायोचित चाहीँ हुनै पर्छ । अतः अविवाहितलाई मात्र सैनिक सेवा प्रवेश गर्न वा दरखास्त पेस गरी उम्मेदवार बन्न पाउने गरी सैनिक नियमावली, २०६९ तथा मिति २०७१।४।७ मा प्रकाशित गरेको सूचनाले अविवाहित र विवाहित व्यक्तिबीच गरेको बर्गीकरण न्यायोचित छ वा छैन त्यसको विश्लेषण गर्नु उपयुक्त हुने देखिन्छ।

४. कुनै पनि सार्वजनिक सेवाहरू सञ्चालन गर्दा त्यस सेवामा रही सम्पादन गर्नुपर्ने कामको प्रकृति तथा जोखिमसमेतको आधारमा अलग अलग कानूनी व्यवस्था भएको हुन्छ। सैनिक सेवा एक विशिष्ट प्रकारको सेवा हो । देशको सार्वभौमसत्ता र अखण्डता अक्षुण्ण राखी बाह्य आक्रमणबाट मुलुकको रक्षा गर्ने दायित्त्व बोकेको सामरिक महत्त्वको सैनिक सेवा अन्य प्रकारको सार्वजनिक सेवाभन्दा भिन्न र संवेदनशिल प्रकृतिको सेवा हो । जसको आफ्नै मौलिक र विशिष्ट चरित्र रहेको हुन्छ। विपक्षीहरूले पेस गरेको लिखित जवाफ हेर्दा सैनिक सेवा नियमावली, २०६९ आउनु भन्दा अगाडि अधिकृत क्याडेटबाहेक अन्य दर्जामा विवाहित व्यक्तिलाई समेत नियुक्ति गर्न सकिने व्यवस्था रहेकोमा अविवाहित व्यक्तिहरूको तुलनामा विवाहित व्यक्तिहरू तालिमको दौरानमा तालिम छोडी भाग्ने, बारम्बार गयल हुने तथा पारिवारिक समस्यालाई दर्शाइरहने, महिलाहरूको हकमा कडा तालिमको दौरानमा भ्रूण Miscarriage हुन सक्नेलगायतका कारणहरूले गर्दा २०६९ सालमा उक्त व्यवस्था गर्नु परेको भन्ने उल्लेख गरेको देखिन्छ । यसरी विगतको आफ्नो अनुभवको आधारमा नेपाली सेनाले यस प्रकारको व्यवस्था गरेको पाइयो । सैनिक सेवा अन्य नागरिक सेवाभन्दा फरक प्रकृतिको सेवा हो । निजामती वा अन्य सार्वजनिक सेवामा प्रवेशको क्रममा गरिने तालिम र सैनिक सेवामा प्रवेशको क्रममा गरिने तालिममा ठूलो भिन्नता रहेको हुन्छ। अन्य प्रकृतिको सेवामा लिइने तालिममा कठोर प्रकृतिको शारीरिक अभ्यास गरिँदैन तर सैनिक सेवामा प्रवेश गरी गैर सैनिक जीवनलाई सैनिक जीवनमा ढाल्नको लागि कठोर प्रकृतिको तालिम गर्नुपर्छ। यस समयमा गह्रौँ खालको जोखिमपूर्ण हातहतियारसँग खेल्नुपर्ने तथा लामो समयसम्म घरबाहिर रहनुपर्ने

जस्ता व्यावहारिक पक्षहरूलाई पनि विचार गरिनुपर्ने हुन्छ । सैनिक सेवाको विशिष्टतालाई मध्यनजर गर्दा तालिमकर्ताको Efficiency र Effort मा कुनै प्रकारको सम्झौता हुन सक्दैन । त्यस्तै सैनिक सेवाको संवेदनशीलतालाई हेर्दा सेवाको मागअनुरूपको तालिम लिन कुनै प्रकारको कमि वा छुट हुन सक्दैन । यस सन्दर्भमा सैनिक नियमावलीले गरेको यसप्रकारको व्यवस्थालाई अन्यथा भन्न मिल्ने देखिएन ।

५. सैनिक सेवामा प्रवेश गर्नको लागि अविवाहित हुनुपर्ने व्यवस्थाले महिलाको विरूद्धमा विभेद भएको र महिलाको प्रजनन अधिकार हनन् भएको भन्नेसमेत निवेदकको जिकिर रहेको छ । यसतर्फ विचार गरी हेर्दा उक्त व्यवस्थाले केबल महिलाको हकमा मात्र अविवाहित हुनुपर्ने सर्त राखेको होइन । पुरूषको सम्बन्धमासमेत अविवाहित हुनुपर्ने व्यवस्था गरेको छ र महिला भएकै कारणले अयोग्य हुनुपर्ने अवस्था होइन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३० तथा नेपालको संविधान, २०७२ को धारा ३८ मा उल्लिखित महिलाको हकअन्तर्गत हरेक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । विश्व स्वास्थ्य संगठन (WHO) ले प्रजनन अधिकारलाई Reproductive Rights rests on the recognition of the basic rights of all couples and individuals to decide freely and responsibly the number, spacing and timing of their children and to have the information and means to do so, and the right to attain the highest standard of sexual and reproductive health. They also include the right of all to make decisions concerning reproduction free of discrimination, coercion and violence भनी परिभाषित गरेको छ । यसरी प्रजनन अधिकार भन्नाले मुख्यरूपमा व्यक्तिले आफ्नो सन्तानको संख्या, जन्मान्तरलगायतका विषयमा कुनै प्रकारको विभेद, करकाप वा हिंसाबिना निर्णय गर्न पाउने अधिकारलाई बुझिन्छ । प्रजनन अधिकार अन्तर्गत केवल गर्भधारण गर्न पाउने अधिकार मात्र पर्दैन यो सँगै सुरक्षित गर्भपतन र भ्रूणको सुरक्षा पनि जोडिएर आउँछ । महिलालाई प्रजनन अधिकारको प्रत्याभूत गर्दा महिलाको गर्भभित्र रहेको भ्रूणको सुरक्षा पनि राज्यको दायित्त्व हो । यस अवस्थामा राज्यले सैनिक तालिम जस्तो शारीरिकरूपमा कष्टकर कार्यमा महिलालाई सहभागी गराउने गरी विवाहित महिलालाई भर्ना गर्ने भन्ने न्यायोचित हुने देखिँदैन । सैनिक तालिमको क्रममा गर्नुपर्ने कठोर शारीरिक अभ्यास, गह्रौँ खालको हातहतियार र गोलीगठ्ठा बोक्नुपर्ने अवस्था आदिको सन्दर्भमा हेर्दा गर्भवती महिलाको गर्भमा रहेको भ्रूण Miscarriage हुनसक्ने तथा भविष्यमा प्रजनन क्षमतामा कमजोरी आउन सक्ने भनी विपक्षीहरूले गरेको जिकिरलाई अन्यथा मान्न सकिँदैन । फेरि तालिम सकेपश्चात् वैवाहिक सम्बन्धमा गाँसिन कुनै प्रकारको बन्देज नलागेको अवस्थामा सैनिक सेवा प्रवेश गर्नको लागि अविवाहित हुनुपर्ने व्यवस्थाले महिलाको प्रजननसम्बन्धी हकको हनन् भयो भन्ने निवेदकको जिकिरसँग सहमत हुन सकिएन ।

६. सेवाको प्रकृति सबै समान हुँदैनन् । सेवाको प्रकृति र आवश्यकताअनुसार सेवा प्रवेशको लागि कस्तो प्रकारको योग्यता निर्धारण गर्ने भन्ने विषय मूलतः सम्बन्धित निकायले नै निर्धारण गर्ने विषय हो । सबै प्रकृतिका सेवाहरूमा एकै प्रकारको सर्तहरू लागू गर्ने हो भने त्यसले सेवाको मौलिकता र विशिष्टता जोगिन सक्दैन । उदाहरणको लागि नेपालको संविधानले धारा ३४(३) अन्तर्गत प्रत्येक श्रमिकलाई कानूनबमोजिम ट्रेड युनियन खोल्ने र त्यसमा सहभागी

हुन र सामूहिक सौदाबाजी गर्न पाउने हक प्रदान गरेको छ। यसैको आधारमा निजामती सेवामा ट्रेड युनियनको अभ्यास भईराखेको पनि छ तर सैनिक तथा प्रहरी सेवामा ट्रेड युनियनको अभ्यासको कल्पना सम्म पनि गर्न सकिँदैन।

७. तसर्थ माथि विवेचित आधार कारणहरूको आधारमा सैनिक सेवाको विशिष्ट प्रकृति, सेवा प्रवेश गर्दा लिनुपर्ने कठोर किसिमको तालिम र अनुशासन, सेवाको स्तर अनुसारको तालिम पूरा हुन नसक्ने सम्भावना, गर्भवती महिलालाई तालिममा समावेश गराउँदा हुन सक्ने जोखिम, महिलालाई मात्र नभएर पुरूषको हकमा समेत अविवाहित हुनुपर्ने व्यवस्थालगायतका कारणहरूलाई दृष्टिगत गरी हेर्दा अविवाहित व्यक्तिले मात्र दरखास्त हाल्न र सेवामा प्रवेश गर्न पाउने सैनिक नियमावली, २०६९ को ७(१)(क)(१६) तथा २०७१।४।७ मा प्रकाशित गरेको सूचनाको बुँदा नं. ५ को व्यवस्थालाई समानताको हक प्रतिकूल भएको भन्न मिल्ने देखिएन।

८. महिलालाई सेनाको Direct combat duties मा नलगाई Combat related duties मा मात्र लगाउने व्यवस्थाले महिलाको समानताको हक हनन भयो वा भएन भन्ने सम्बन्धमा विचार गर्दा नेपाली सेनाले मिति २०७१।४।७ मा प्रकाशित गरेको सूचनाको बुँदा नं. १३(ग) मा महिलालाई Direct combat duties (लडाइँको समयमा अग्रभागमा गई प्रत्यक्षरूपमा लड्ने कार्य) बाहेकका Combat related duties) लडाइँमा प्रत्यक्ष संलग्न फौजलाई पछाडी रहेर सेवा र सहयोग पुर्याउने कार्य गर्ने नेपाली सेनाका निकायहरूमा समावेश गराइनेछ भन्ने व्यवस्था भएको रहेछ। त्यसैगरी सैनिक नियमावली को नियम ५(३) मा यस नियमावलीबमोजिम नियुक्त साधारण सेवातर्फका महिला सैनिकलाई कम्ब्याट रिलेटेड डिउटिज्को काममा मात्र लगाइनेछ भन्ने व्यवस्था भएको रहेछ। निवेदकले सोही व्यवस्थाको संवैधानिकता माथी प्रश्न उठाई खारेज हुनुपर्ने माग लिनुभएको छ। प्रत्यर्थीहरूको लिखित जवाफ हेर्दा महिला माथीको विभेद नभई Direct combat duties मा रहेका जोखिमको कारणले सो व्यवस्था गर्नुपरेको तथा महिला वर्गकै संरक्षण गर्ने उद्देश्यले गरिएको हुनाले यसलाई महिला विरूद्धको भेदभाव भन्न मिल्दैन भन्ने जिकिर लिनुभएको रहेछ। Direct combat duties का कार्यमा महिलालाई सहभागी गराउनु मिल्छ वा मिल्दैन भन्ने सम्बन्धमा निर्णय गर्नुभन्दा अगाडि यो कस्तो प्रकारको कार्य हो भन्ने सम्बन्धमा विचार गरिनु आवश्यक छ। सैनिक नियमावली को नियम २(ण) ले Direct combat duties भन्नाले लडाइँको समयमा अग्रभागमा गई प्रत्यक्षरूपमा लड्ने कार्यलाई जनाएको छ। यसरी Direct combat duties भन्नाले मुलतः युद्धको समयमा अग्रिम मोर्चामा सामेल हुने कार्य हो। महिलालाई Direct combat duties का कार्यहरूमा लगाउनु भन्दा अगाडि त्यस प्रकारको कार्यमा लगाउँदा महिलाको शारीरिक र मानसिक अवस्थामा पर्न सक्ने जोखिमको सम्बन्धमा विचार गर्नै पर्ने हुन्छ।

९. महिलालाई Direct combat duties मा नखटाइकन केबल Combat related duties मा खटाउने सैनिक सेवा नियमावलीको व्यवस्थालाई हेर्दा यो व्यवस्था सैनिक सेवा प्रवेशमा महिला विरूद्धको विभेदको रूपमा भन्दा पनि महिलाको संरक्षणको लागि भएको विशेष व्यवस्थाको रूपमा रहेको देखिन्छ। कुनै पनि कानूनको व्याख्या गर्दा त्यसको समग्रतामा गर्नु पर्छ। उक्त नियमावलीको नियम ५(२) को व्यवस्था हेर्दा सैनिक सेवामा महिलाको समावेशिकरण सुनिश्चित गर्नको लागि खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरूको पैँतालीस प्रतिशत पदसंख्या समावेशीकरणका लागि

छुट्याई सो संख्यालाई शत प्रतिशत मानी आरक्षित सिटमा छुट्टाछुट्टै प्रतिष्पर्धा गराई महिलालाई बीस प्रतिशत सिट सुरक्षित गरेको छ । यसरी सैनिक सेवा नियमावलीले महिलालाई सैनिक सेवामै प्रवेश गर्नमा निषेध गरेको नभई यसले त महिलालाई सैनिक सेवा आकर्षित गर्नको लागि आरक्षणको समेत व्यवस्था गरेको देखिन्छ ।

१०. सैनिक सेवाअन्तर्गतका विभिन्न कार्यहरूलाई Direct combat duties र Combat related duties भनी वर्गीकरण गरिएको भए तापनि यी Duties हरूको बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ र यिनीहरू एकअर्काका परिपुरक हुन् । यी दुई प्रकारका Duties लाई पदसोपन (Hierarchy) निर्धारण भएजस्तो गरी माथिल्लो वा तल्लो प्रकारका सेवाहरू भनी अर्थ गर्न मिल्दैन । Direct combat duties लाई भरथेग गरी हरप्रकारको सहयोग गर्न Combat related duties को पनि महत्त्वपूर्ण भुमिका हुन्छ । Direct combat duties लाई बढी सेवा, सुविधा, सहुलियत र सम्मान हुने भन्ने सैनिक ऐन तथा नियमावलीमा कुनै व्यवस्था रहेको देखिँदैन । सैनिक सेवाभित्र Combat related duties को पनि महत्त्व हुन्छ र सो सेवा गर्नेलाई कम सुविधा, सहुलियत वा सम्मान दिने गरी सैनिक ऐन तथा नियमावलीले कुनै प्रकारको भेदभाव गरेको छैन । सैनिक ऐन तथा नियमावलीको समग्र व्यवस्था हेर्दा Combat related duties मा खटिएका सैनिकको बढुवालगायतका वृत्ति विकासका अन्य पक्षहरूमा कुनै प्रकारको भेदभाव भएकोसमेत देखिँदैन न त निवेदिकाले नै Diret combat duties मा सामेल हुन नपाएको कारणले वृत्ति विकासमा कुनै अवरोध भएको भनी दाबी लिन सक्नुभएको छ । सेनाभित्र रहेका हरेक कामदारको समष्टिगत प्रयास र मिहेनतबाट नै सेवा सञ्चालन हुने हुँदा सेनाभित्रको कामको आधारमा भएको वर्गीकरणलाई भेदभाव भएको मान्न सकिँदैन । सामूहिक दायित्त्व र जिम्मेवारी (Collective responsibility) बोधबाट नै सैनिक सेवा सुचारू हुने हो ।

११. माथिल्ला प्रकरणमा उल्लेख भएजस्तै सैनिक सेवा मुलुकको सार्वभौमसत्ता र अखण्डता अक्षुण्ण राखी बाह्य आक्रमणबाट मुलुकको रक्षा गर्ने दायित्त्व बोकेको सामरिक महत्त्वको एक विशिष्ट प्रकारको सेवा हो । जुन अन्य सार्वजनिक सेवाभन्दा भिन्न छ । प्रस्तुत निवेदनको सम्बन्धमा निर्णय गर्नुभन्दा अगाडि सैनिक सेवाको संवेदनशीलता र विशिष्टतालाई समेत विचार गर्नुपर्ने हुन्छ । निवेदकले निवेदनमा CEDAW को धारा १, ICCPR को धारा २३ र UDHR को धारा १६ उल्लेख गरी ती धाराहरूको उल्लघंन भएको भनी जिकिर लिनुभएको छ । नागरिकहरूको हक र मानव अधिकारको संरक्षण गर्ने अभिभावक (Gaurdian of the fundamental rights of the citizens) भएकोले यो अदालत CEDAW, ICCPR तथा संविधानले महिलालाई दिएको हक अधिकारको बारेमा सचेत र सजग छ । तर महिलाको सशक्तीकरणको नाममा महिलाको जीवन र स्वतन्त्रता नै जोखिममा पार्ने कार्य उपर्युक्त अन्तर्राष्ट्रिय दस्तावेजहरूको मनसाय होइन। सैनिक सेवाभित्र सबै कामहरू एकै प्रकृतिका नहुन सक्छन् । युद्धको समयमा अग्रीम मोर्चामा रही सैनिक कारवाहीमा सामेल हुने र अन्य व्यवस्थापकीय कार्यमा सघाउने कार्यमा पर्ने जोखिममा ठूलो अन्तर छ । यस जोखिमलाई विचार गरी उक्त जोखिमबाट सुरक्षा गर्नको लागि गरिएको यस व्यवस्थालाई महिला विरूद्धको विभेद मान्न मिल्दैन । Direct combat duties मा नलगाउने कार्यले महिलाको कुन अधिकार कसरी हनन् भयो भन्ने कुरा प्रस्टसँग उल्लेख गर्नसमेत निवेदकले सक्नुभएको देखिँदैन । फेरि नेपालको सैनिक सेवामा

अत्याधुनिक प्रविधि तथा उपकरणहरूको प्रयोगले स्थान पाउँदै जाँदा व्यावहारिकरूपमा महिलाहरूलाई पनि Direct combat duties को लागि भर्ना गर्न अनुकूल परिस्थिति हुँदै गएमा त्यसतर्फ नीति निर्माण भई विधायिकाले उचित कदम चाल्न सक्ने अवस्था रहेकै छ।

१२. अब, निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन भन्ने प्रश्नको सम्बन्धमा विचार गर्दा माथिका प्रकरणमा गरिएको विवेचनाको आधारमा निवेदकले चुनौती दिएको सैनिक सेवामा प्रवेश गर्नको लागि गैर सैनिक व्यक्तिको हकमा अविवाहित रहनु पर्ने गरी भएको मिति २०७१।४।७ मा प्रकाशित गरेको सूचनाको बुँदा नं. ५(ग) (आ) तथा सैनिक सेवा नियमावली २०६९ को नियम ७(१)(क)१६ तथा महिलालाई Direct combat duties मा नलगाईकन Combat related duties मा मात्र लगाउने सूचनाको बुँदा नं १३ र सैनिक नियमावलीको नियम ५(३) को व्यवस्था नेपालको अन्तरिम संविधान २०६३ तथा नेपालको संविधानले प्रत्याभूत गरेको समानताको हकलगायतका हकसँग बाझिएको नदेखिदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. अनिलकुमार सिन्हा

इजलास अधिकृत:- जीवनकुमार भण्डारी, सन्देश श्रेष्ठ
इति संवत् २०७३ साल साउन २१ गते रोज ६ शुभम्।